हाम्रो चाहना : स्वच्छ, पारदर्शी, जिम्मेवार र भ्रष्टाचारमुक्त राज्य संयन्त्रको स्थापना

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

तेत्तिसौं वार्षिक प्रतिवेदन

आ.व. २०७९/२०८०

सदाचार

निष्पक्षता

निर्भीकता

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं, नेपाल
२०८०

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको
तेत्तिसौं वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०७९/८०



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं
२०८०

प्रकाशकः
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं ।

छापिएको संख्याः

सर्वाधिकारः
प्रकाशकमा निहित

मुद्रकः जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

फोन नं. :- ५२६२१८०
५२६२२४७

ई—मेल :- ujuri@ciaa.gov.np
info@ciaa.gov.np

वेबसाइट :- www.ciaa.gov.np

पत्र संख्या : मिति:- २०८०/६/१५

विषय :- <u>तेत्तिसौं वार्षिक प्रतिवेदन ।</u>

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
महाराजगन्ज, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७९/८० (२०७९ श्रावण १ गतेदेखि २०८० आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन पेस गरेका छौं ।

भवदीय,

डा. सुमित्रा श्रेष्ठ अमात्य	डा. हरि पौडेल	जय बहादुर चन्द	किशोर कुमार सिलवाल	प्रेम कुमार राई
आयुक्त	आयुक्त	आयुक्त	आयुक्त	प्रमुख आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू



प्रेम कुमार राई
प्रमुख आयुक्त



किशोर कुमार सिलवाल
आयुक्त



जय बहादुर चन्द
आयुक्त



डा. हरि पौडेल
आयुक्त



डा. सुमित्रा श्रेष्ठ अमात्य
आयुक्त

अनुक्रमणिका

परिच्छेद	शीर्षक	पृष्ठ
	प्रतिवेदनको सारांश	**क-ङ**
परिच्छेद -१	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय**	**१-२०**
	१.१ पृष्ठभूमि	१
	१.२ आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था	२
	१.३. आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू एवं आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू	४
	१.४ छानबिन तथा अनुसन्धान प्रक्रिया	६
	१.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय	११
	१.६ संस्थागत संरचना	१२
	१.७ अधिकार प्रत्यायोजन	१३
	१.८ आयोग र अन्य निकायबिचको कार्यसम्बन्ध	१४
	१.९ आयोगको संरचनागत सुदृढीकरण	१८
	१.१० बजेट व्यवस्था	२०
परिच्छेद-२	**आयोगबाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण**	**२१-३१५**
	२.१ पृष्ठभूमि	२१
	२.२ उजुरीका माध्यम	२१
	२.३ उजुरी तथा फछ्यौंट	२२
	२.४ प्रारम्भिक छानबिनबाट भएको कारबाही	३२
	२.५ विस्तृत अनुसन्धान	३४
	२.६ आयोगको बैठक र निर्णय	३५
	२.७ मुद्दा दायर/अभियोजन	३७
	२.७.१ घुस (रिसवत) सँग सम्बन्धित मुद्दाहरू	३९
	२.७.२ झुटा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेका मुद्दाहरू	५५
	२.७.३ गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेका मुद्दाहरू	५९
	२.७.४ सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेका मुद्दाहरू	७०
	२.७.५ गैरकानुनी लाभ वा हानि नोक्सानी गरी भ्रष्टाचार गरेका मुद्दाहरू	१०३
	२.७.६ राजस्व चुहावट गरी भ्रष्टाचार गरेका मुद्दाहरू	१८५

२.७.७ विविध विषयका मुद्दाहरू ----------१९६
२.८ फैसला प्राप्ति र पुनरावेदन----------२०५
२.९ कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको ----------२२५
२.१० तामेली----------२४७
२.११ मुल्तबी ----------३१२
परिच्छेद-३ भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण ३१६-३४५
३.१ पृष्ठभूमि ----------३१६
३.२ भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्था----------३१६
३.३ भ्रष्टाचारको प्रवृत्ति विश्लेषण ----------३१७
३.४ भ्रष्टाचारको पदीय/पेसागत प्रवृत्तिको विश्लेषण ----------३३०
३.५ भ्रष्टाचारको क्षेत्रगत प्रवृत्तिको विश्लेषण----------३३१
३.६ आयोगको स्थापनाकालदेखि हालसम्म अदालतमा दायर गरिएका मुद्दाहरूको प्रवृत्ति विश्लेषण ----------३३८
परिच्छेद-४ भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू.....३४६-३५५
४.१ पृष्ठभूमि ----------३४६
४.२ निरोधात्मक कार्य ----------३४६
४.३ प्रवर्द्धनात्मक कार्य ----------३५०
परिच्छेद - ५ सुझावहरू ---------- ३५६-४२७
५.१ पृष्ठभूमि----------३५६
५.२ विगतका सुझाव कार्यान्वयनको अवस्था----------३५६
५.३ भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नका लागि आयोगद्वारा दिइएका सुझावहरू ----------४०२
परिच्छेद - ६ आयोगको रणनीति र आगामी कार्यदिशा ४२८-४३४
६.१ पृष्ठभूमि----------४२८
६.२ आयोगको संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१)----------४२९
६.३ आयोगको आगामी कार्यदिशा----------४३२
उपसंहार ---------- ४३५-४३६
अनुसूचीहरू ---------- ४३७-४७४
अनुसूची १ क अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सांगठानिक ढाँचा ----------४३७
अनुसूची १ ख अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयहरूको सांगठानिक ढाँचा----------४३९

अनुसूची २ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्वीकृत दरबन्दी ---------- ४३८
अनुसूची ३ आयोगको ०७९/८० को बजेट, राजस्व र धरौटीको व्यवस्था ---------- ४४५
अनुसूची ४ क आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछर्यौटको विवरण ---------- ४४६
अनुसूची ४ ख आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछर्यौटको मन्त्रालयगत विवरण : ---------- ४४७
अनुसूची ४ ग आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा स्क्रिनिङ्ग र प्रारम्भिक छानबिनबाट फछर्यौटको मन्त्रालयगत/निकायगत विवरण : ---------- ४५१
अनुसूची ४ घ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछर्यौटको भौगोलिक आधारमा प्रदेशगत विवरण : ---------- ४५३
अनुसूची ४ ङ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछर्यौटको संघीय निकायहरूको प्रदेशगत विवरण : ---------- ४५३
अनुसूची ४ च आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछर्यौटको प्रदेश निकायहरूको प्रदेशगत विवरण : ---------- ४५४
अनुसूची ४ छ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछर्यौटको स्थानीय निकायहरूको प्रदेशगत विवरण : ---------- ४५४
अनुसूची ४ ज आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरूको तीन तहका सरकारका आधारमा प्रदेशगत विवरण : ---------- ४५५
अनुसूची ४ झ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछर्यौटको जिल्लागत विवरण : ---------- ४५६
अनुसूची ५ आयोगको प्रत्यायोजित अधिकारको प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूबाट कारबाही भएका उजुरीहरू तथा फछर्यौटको संख्यात्मक विवरण : ---------- ४५९
अनुसूची ६ विस्तृत अनुसन्धान सम्पन्न भएका उजुरीहरूको मन्त्रालयगत/निकायगत विवरण -------- ४६०
अनुसूची ७ विस्तृत अनुसन्धानबाट कारबाही भएका आयोगका निर्णयहरूको मन्त्रालयगत/निकायगत विवरण ---------- ४६२
अनुसूची ८ क आयोगका महाशाखाका आधारमा उजुरी र फछर्यौटको प्रवृत्ति ---------- ४६४
अनुसूची ८ ख आयोग मातहतका कार्यालयका आधारमा उजुरी र फछर्यौटको प्रवृत्ति ---------- ४६४
अनुसूची ८ ग भौगोलिक आधारमा प्रदेशगत उजुरीको प्रवृत्ति ---------- ४६५
अनुसूची ८ घ संघीय निकायहरूको आधारमा प्रदेशगत उजुरीको प्रवृत्ति ---------- ४६५
अनुसूची ८ ङ प्रदेशका निकायहरूको आधारमा प्रदेशगत उजुरीको प्रवृत्ति ---------- ४६६
अनुसूची ८ च स्थानीय निकायहरूको आधारमा प्रदेशगत उजुरीको प्रवृत्ति ---------- ४६६
अनुसूची ८ छ तीन तहका सरकारका प्रदेशगत उजुरीको प्रवृति ---------- ४६७
अनुसूची ९ स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट भएका कारबाहीको विवरण ---------- ४६७
अनुसूची १० विभिन्न आर्थिक वर्षमा उजुरी दर्ता र फछर्यौटको प्रवृत्ति ---------- ४६८

अनुसूची ११ विगत ५ वर्षमा कुल उजुरीको फछ्यौंटको प्रवृत्ति ----------४६८
अनुसूची १२ विशेष अदालतमा दायर भएका मुद्दाको प्रवृत्ति ----------४६९
अनुसूची १३ विशेष अदालतमा दायर भएका मुद्दाहरूमा मागदाबी लिइएको बिगो रकमको हिस्साको प्रवृत्ति ----------४६९
अनुसूची १४ विस्तृत अनुसन्धानबाट भएका कारबाहीको प्रवृत्ति ----------४७०
अनुसूची १५ विगत ५ वर्षमा सार्वजनिक सम्पत्ति हानि नोक्सानीसम्बन्धी मुद्दा र प्रतिवादीको प्रवृत्ति ----४७०
अनुसूची १६ विगत ५ वर्षमा गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाको प्रवृत्ति ----------४७१
अनुसूची १७ विगत ५ वर्षमा नक्कली शैक्षिक योग्यतासम्बन्धी मुद्दाको प्रवृत्ति ----------४७१
अनुसूची १८ विगत ५ वर्षको घुस (रिसवत) सम्बन्धी मुद्दा र प्रतिवादीको प्रवृत्ति ----------४७२
अनुसूची १९ विगत ५ वर्षको राजस्व चुहावटसम्बन्धी मुद्दा र प्रतिवादीको प्रवृत्ति ----------४७२
अनुसूची २० विगत ५ वर्षको गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दा र प्रतिवादीको प्रवृत्ति ----------४७३
अनुसूची २१ विगत १५ वर्षमा मुद्दा दायर र प्रतिवादीको प्रवृत्ति ----------४७३
अनुसूची २२ विगत १५ वर्षमा विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा कसुर स्थापितको प्रवृत्ति----------४७४
अनुसूची २३ विगत १५ वर्षमा पुनरावेदन तथा पुनरावलोकन गरिएका मुद्दाको प्रवृत्ति ----------४७४

प्रतिवेदनको सारांश

१. नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनसम्बन्धी व्यवस्था र धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसअनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान गर्न तथा अनुसन्धानबाट भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको कामकारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था छ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल मातहतका ८ वटा कार्यालयहरू क्रमशः इटहरी-सुनसरी, बर्दिवास-महोत्तरी, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बुटवल-रुपन्देही, वीरेन्द्रनगर-सुर्खेत, महेन्द्रनगर-कञ्चनपुर र बुटवल कार्यालयको सम्पर्क कार्यालय, नेपालगञ्ज-बाँकेमा रहेका छन्। आयोगबाट ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ ।

३. आयोग र मातहतका ८ वटा कार्यालयहरूमा निजामती, प्रहरी र अन्य सेवाका गरी जम्मा ९९० जना कर्मचारीहरूको दरबन्दी रहेको छ । जसअनुसार आयोगको टंगालस्थित कार्यालयका १२ वटा महाशाखाहरूमा निजामती, प्रहरी र अन्य गरी जम्मा ५१२ जना विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको छ भने आयोग मातहतका बाँकी ८ वटा कार्यालयहरूको जम्मा दरबन्दी ४७८ रहेको छ ।

४. आर्थिक वर्ष ०७९/८० मा आयोगका लागि छुट्याइएको कुल बजेटमध्ये संशोधित बजेट रु. ७१ करोड ३१ लाख ७० हजार रुपैयाँमा रु. ६४ करोड २५ लाख ५७ हजार ९ सय ९७ रुपैयाँ निकासा भई त्यत्ति नै रकम खर्च भएको छ । आयोगलाई प्राप्त बजेटमध्ये चालुमा रु. ६६ करोड १२ लाख ७२ हजार रुपैयाँ र पुँजीगतमा रु. ५ करोड १८ लाख ९८ हजार विनियोजन भएकोमा चालुतर्फ रु. ५९ करोड ८७ लाख ९९ हजार ६ सय ५ रुपैयाँ र पुँजीगततर्फ रु.४ करोड ३७ लाख ५८ हजार ३ सय ९१ रुपैयाँ खर्च भएको छ । छुट्याइएको पुँजीगत बजेटबाट भौतिक पूर्वाधार विकासतर्फ आयोगका कार्यालय भवन निर्माण, सर्भर कक्षका सामग्री खरिद, इन्जिनियरिङ ल्याब सञ्चालन र सुदृढीकरण, फर्निचर फिक्सचर्स, कार्यालय परिसर मर्मत तथा अनुसन्धान कार्यमा प्रयोग हुने उपकरण खरिद लगायतका कार्य गरिएको छ । त्यसैगरी चालुतर्फको बजेटबाट तलब भत्ता, जनशक्ति क्षमता अभिवृद्धि, प्रवर्द्धनात्मक कार्यक्रम र भ्रष्टाचार नियन्त्रणको लागि शोधकार्य प्रयोजनार्थ छात्रवृत्ति प्रदानका कार्य गरिएका छन् । प्रतिवेदन अवधिसम्म आयोगमा कुनै पनि बेरुजु रहेको छैन ।

५. उजुरीकर्ताको सहजताका लागि आयोगमा विभिन्न माध्यमहरूबाट उजुरी गर्न सकिने प्रबन्ध मिलाइएको छ । आयोगमा हटलाइन नं. १०७ र टोल फ्रि नं १६६०-०१-२२२३३ मा फोन गरेर, भाइबर नं. ९८६३३३३१९१ मा फोन गरेर वा सूचना पठाएर, ई-मेल ujuri@ciaa.gov.np,

Twitter: https://twitter.com/CIAA_Nepal र फेसबुक पेज https://www.facebook.com/NepalCIAA/ मार्फत उजुरीको सूचना पठाएर, आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन माध्यम https://ciaa.gov.np/online-complaint बाट उजुरी गरेर र हुलाकबाट (पोष्ट बक्स नं. ९९९६) उजुरीको चिठी पठाएर वा आयोगको कार्यालय, टङ्गाल र मातहतका कार्यालयहरूमा आफैं उपस्थित भएर आयोगमा उजुरी दर्ता गर्न सकिन्छ। यसका अतिरिक्त पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका भ्रष्टाचार र अनियमितितासम्बन्धी सार्वजनिक चासोका विषयहरूलाई समेत आयोगले उजुरीका रूपमा ग्रहण गर्ने गरेको छ । आयोगको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कानुन, कार्यविधि तथा आचारसंहितामा आधारित भई कार्यसम्पादन गर्ने गरिएको छ।

६. आर्थिक वर्ष २०७९/८० मा यस आयोग र आयोगका कार्यालयमा जम्मा २०,९०५ वटा उजुरीहरू दर्ता भएका छन् । आर्थिक वर्ष २०७९/८० मा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका ७,१६२ गरी जम्मा २८,०६७ उजुरीहरू रहेका छन् भने यस अवधिमा कुल उजुरीहरूमध्ये १८,७९९ अर्थात ६६.९८% उजुरीहरू फछ्यौंट भएका छन् ।

७. आर्थिक वर्ष ०७९/८० मा यस आयोग वा आयोगका कार्यालयमा दर्ता भएका उजुरीहरूका माध्यमका आधारमा सबैभन्दा बढी (६,७५१) उजुरी लिखित निवेदनबाट प्राप्त भएको देखिन्छ । त्यस्तैगरी क्रमशः इमेल, हुलाक सेवा, टेलिफोन लगायतका माध्यमहरूबाट उजुरी प्राप्त भएको देखिन्छ भने सबैभन्दा कम उजुरी एस.एम.एस.बाट ८ वटा मात्र दर्ता भएको देखिन्छ ।

८. आर्थिक वर्ष ०७९/८० मा आयोगमा दर्ता हुन आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका उजुरीहरूमा सबैभन्दा बढी उजुरीहरू अर्थात् आधाभन्दा बढी ४६.६७% उजुरी आयोगको टंगालस्थित कार्यालयमा छन् । मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको कार्यालय, बर्दिबासमा (९.०५%) रहेका छन् र सबैभन्दा कम उजुरीहरू भने आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जमा (२.८९%) तथा आयोगको कार्यालय, पोखरामा (५.१४%) रहेका छन्।

९. त्यसैगरी आर्थिक वर्ष २०७९/८० का कुल उजुरीहरूमध्ये १८,७९९ अर्थात ६६.९८% उजुरीहरू फछ्यौंट भएकोमा संख्याका आधारमा सबैभन्दा बढी ९,५०८ उजुरीहरूको फछ्यौंट आयोगको टंगालस्थित कार्यालयबाट भएका छन् । फछ्यौंट प्रतिशतका आधारमा मातहत कार्यालयहरूमध्ये आयोगको कार्यालय, इटहरीबाट ६९.१३% अर्थात १,६६४ उजुरीहरू फछ्यौंट भएका छन् । त्यसैगरी फछ्यौंट प्रतिशतकै आधारमा सबैभन्दा कम फछ्यौंट भने आयोगको कार्यालय, बर्दिबासबाट (५४.९६%) र फछ्यौंट संख्याका आधारमा आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जबाट ४९९ उजुरी फछ्यौंट भएका छन्।

१०. आयोगमा परेका संघ, प्रदेश र स्थानीय तह मातहतका सार्वजनिक निकायहरूका उजुरीहरूलाई तहगत आधारमा उजुरीको झन्डै आधा हिस्सा (५१.४२%) स्थानीय तहसम्बद्ध निकायहरूका विरुद्ध परेको देखिन्छ। त्यस्तै संघीय सरकार मातहतका निकायहरूमा यस्तो संख्या करिब ३५.६९% र प्रदेश सरकारका निकायहरूमा १२.८९% उजुरीहरू रहेको देखिन्छ ।

११. संघीय सरकार मातहतका सार्वजनिक निकायहरूका आधारमा बाग्मती प्रदेशमा रहेका संघीय कार्यालयहरू विरुद्ध सबैभन्दा बढी र त्यसपछि मधेस प्रदेश, लुम्बिनी प्रदेश र कोशी प्रदेशमा रहेका

छन् । तुलनात्मक रूपमा गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा बाँकी प्रदेशभन्दा कम उजुरी परेको देखिन्छ ।

१२. प्रदेश सरकार मातहतका सार्वजनिक निकायहरू विरुद्धका उजुरीहरूलाई प्रदेशगत आधारमा विश्लेषण गर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी (१७.२५%) र गण्डकी प्रदेशमा सबैभन्दा कम (१०.०५%) उजुरी साथै कोशी प्रदेशमा १०.८४% रहेको देखिन्छ । त्यसैगरी बागमती प्रदेश, मधेस प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा उस्तै-उस्तै हाराहारीमा उजुरीहरू रहेको देखिन्छ ।

१३. स्थानीय तह मातहतका सार्वजनिक निकायहरू विरुद्धका उजुरीहरूलाई प्रदेशगत आधारमा मधेस प्रदेशमा सबैभन्दा बढी (२८.४४%) र गण्डकी प्रदेशमा सबैभन्दा कम (८.२९%) उजुरीहरू परेको देखिन्छ । त्यसैगरी लुम्बिनी प्रदेशमा १४%, बाग्मती प्रदेशमा १३.५२%, कोशी प्रदेशमा १२.४०%, कर्णाली प्रदेशमा १२.०८% र सुदूरपश्चिम प्रदेशमा ११.२९% उजुरी रहेको देखिन्छ ।

१४. आयोगमा परेका विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित उजुरीहरू क्रमशः संघीय मामिला (स्थानीय तहसमेत), शिक्षा (स्थानीय तहसमेत), भूमि प्रशासन, वन तथा वातावरण, भौतिक पूर्वाधार, गृह प्रशासन, र स्वास्थ्य तथा जनसंख्या लगायतका क्षेत्रसँग सम्बन्धित उजुरीहरू तुलनात्मक रूपमा बढी रहेका छन् । त्यसैगरी गैरकानुनी सम्पत्ति आर्जन र नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित उजुरीहरू पनि उल्लेख्य रूपमा पर्ने गरेका छन् ।

१५. सबैभन्दा बढी उजुरी परेका क्षेत्रहरू क्रमशः संघीय मामिला (स्थानीय तहसमेत) ३५.९५%, शिक्षा (स्थानीय तहसमेत) १४.५५% र भूमि प्रशासन ६.०९% रहेका छन् । त्यस्तै, वन तथा वातावरणका ४.१४%, भौतिक पूर्वाधार तथा यातायातका ४.१०%, गृह प्रशासनका ३.५८% स्वास्थ्य तथा जनसंख्याका ३.१२%, पर्यटन, उद्योग तथा वाणिज्यका २.७१ %, ऊर्जा, जलस्रोत तथा सिंचाइका २.५८%, खानेपानी तथा सहरी विकासका २.५१%, अर्थ क्षेत्रका १.८९% र कृषि तथा पशुपक्षीका १.५२% उजुरीहरू रहेका छन् ।त्यस्तै संचार तथा सूचना प्रविधिका १.०३%, नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित ६.०२% र गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ७.१२% उजुरीहरू पर्न आएका छन् । उल्लिखित क्षेत्रहरू बाहेकका अन्य विविध विषयहरूसँग सम्बन्धित उजुरीहरू ३.०९% रहेका छन् ।

१६. आर्थिक वर्ष ०७९/८० मा प्रारम्भिक छानबिनबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा रहेका १३,०९८ उजुरीहरूमध्ये ९,५०८ अर्थात् ७२.५९% उजुरीहरू फछ्यौंट भएका छन् भने मातहत कार्यालयहरूमा समग्रमा १४,९६९ उजुरीहरूमध्ये ९,२९१ उजुरी फछ्यौंट अर्थात ६२.०७% रहेको छ । आयोग र आयोगका कार्यालयसमेतका कुल उजुरीहरू २८,०६७ मध्ये १८,७९९ उजुरीहरू फछ्यौंट भई समग्र फछ्यौंट ६६.९८% रहेको छ । फछ्यौंट हुन बाँकी रहेका ९,२६८ उजुरीहरू छानबिनका लागि आर्थिक वर्ष २०८०/८१ मा जिम्मेवारी सरेका छन् ।

१७. आर्थिक वर्ष ०७९/८० मा आयोगमा कुल ७८ पटक बैठक बसी मुद्दा दायर, लेखी पठाउने, तामेली, मुल्तबी, पुनरावेदन, पुनरावलोकनलगायतका विषयहरूमा जम्मा १२४६ वटा निर्णयहरू भएका छन्।

१८. आर्थिक वर्ष ०७९/८० मा विस्तृत अनुसन्धानको आधारमा १६२ वटा आरोपत्रहरू विशेष अदालतमा दायर गर्ने निर्णय भएका छन् । त्यसैगरी सम्बन्धित निकायलाई सुझाव दिएको र लेखी पठाइएको

संख्या क्रमशः ५८ र ५ रहेको छ भने ६५६ वटा तामेली, २७ वटा मुल्तबीमा राख्रे र २९ वटा अन्य निर्णयहरू भएका छन् ।

१९. आर्थिक वर्ष ०७९/८० मा दायर १६२ मुद्दाहरूमध्ये सबैभन्दा बढी ६४ मुद्दा गैरकानुनी लाभ हानिसम्बन्धी रहेका छन् भने त्यसपछि घुस रिसवतसम्बन्धी ३२ वटा मुद्दाहरू रहेका छन् । त्यसैगरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी २७, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी १३, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ८, राजस्व चुहावटसम्बन्धी ७ र विविध विषयका ११ वटा मुद्दाहरू रहेका छन्।

२०. आर्थिक वर्ष ०७९/८० मा विशेष अदालतबाट फैसला भई आयोगमा प्राप्त भएका फैसलाहरूमध्ये आयोग सहमत हुन नसकेका २३८ थान फैसलाउपर पुनरावेदन गर्ने निर्णय भएकोमा २३७ थान फैसलाहरू उपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ भने एउटा फैसला पछिल्लो अर्थिक वर्ष २०८०/८१ मा पुनरावेदन गरिएको छ ।

२१. आयोगमा पर्न आएका उजुरीहरूमध्ये आर्थिक वर्ष ०७९/८० मा विस्तृत अनुसन्धानपश्चात गैरकानुनी सम्पत्ति आर्जनतर्फका उजुरी ३५ र अन्य ६२१ गरी जम्मा ६५६ उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) तथा नियमावली, २०५९ को नियम १० बमोजिम तामेलीमा राखिएको छ ।

२२. आयोगमा पर्न आएका उजुरीहरूमध्ये आर्थिक वर्ष ०७९/८० मा २७ वटा उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० को उपनियम (२) बमोजिम मुल्तबीमा राखिएको छ ।

२३. आयोगले संस्थागत रणनीति (आ.व.२०७६/७७-२०८०/८१) मार्फत् उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकाससमेत चारवटा रणनीतिहरू अवलम्बन गरी कार्यसम्पादन गर्दै आइरहेको छ। उपचारात्मक रणनीति अन्तर्गत उजुरीहरूको अनुसन्धान गर्ने, दोषी देखिएमा आरोपपत्र दायर गर्ने, पुनरावेदन एवं पुनरावलोकनका कार्यहरू गर्दै आएको छ । निरोधात्मक रणनीतिमार्फत सार्वजनिक निकायलाई सुझावहरू सम्प्रेषण गर्ने, कारबाहीका लागि लेखी पठाउने, समन्वय बैठक, छलफल तथा अन्तर्क्रियाहरू गर्ने, संसदीय समितिमा छलफल तथा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन गर्ने कार्यहरू भइरहेका छन् । प्रतिवेदन अवधिमा प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत संघीय मन्त्रालय र नियामक निकायहरूसँग छुट्टा-छुट्टै समन्वय बैठक भएको छ भने आयोग र मातहतका कार्यालयहरूबाट विभिन्न जिल्ला र स्थानीय तहहरूमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएका छन् । त्यसैगरी विद्यालय तहमा विद्यार्थी, शिक्षक र अभिभावकसहित सामुदायिक शिक्षा कार्यक्रम पनि सञ्चालन भएका छन् । प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत भ्रष्टाचारविरुद्ध समुदायिक सचेतना अभिवृद्धि, सञ्चार माध्यमसँग भेटघाट तथा प्रेस विज्ञप्ति प्रकाशन, सरोकारवाला निकायबिच अनुभव साटासाट, जनचेतनामूलक जिङ्गल, र श्रव्य-दृष्य सामग्री उत्पादन र प्रसारण तथा नेपाल टेलिभिजनमार्फत सुशासन सवाल कार्यक्रम प्रसारण गर्ने कार्यले समेत निरन्तरता पाइरहेको छ । आयोगले यसबिच भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा भ्रष्टाचारका विविध आयाम, जोखिमका क्षेत्रहरूको पहिचानसम्बन्धी अध्ययन अनुसन्धान गर्दै आइरहेको छ ।

२४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ तथा भ्रष्टाचार न्यूनीकरणको निरोधात्मक रणनीतिबमोजिम आयोगले आफ्नो कामकारबाहीको सिलसिलामा जानकारीमा आएका

तथ्यहरूको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुधारका लागि सुझाव दिंदै आएको छ ।

२५. आर्थिक वर्ष २०७९/८० को ३३ औं वार्षिक प्रतिवेदनमार्फत आयोगले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका लागि विभिन्न विषय क्षेत्रगत सुझावहरू दिएको छ । यी सुझावहरू क्रमैसँग भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन, शासकीय संरचना सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन, योजना तर्जुमा र बजेट विनियोजन, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, सदाचार र नैतिक आचरण प्रवर्द्धन, सूचना प्रविधिको उपयोग, निर्वाचन प्रणाली सुधार, अनुदान वितरण, मानव पुँजी व्यवस्थापन, प्राकृतिक स्रोतको उपयोगका साथै विभिन्न विषयगत निकायहरू, प्रदेश सरकार तथा स्थानीय तहसँग सम्बन्धित रहेका छन् ।

२६. भ्रष्टाचार नियन्त्रणको कार्य बहुआयामिक, जटिल र संवेदनशील हुने हुँदा मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने आयोगका कदमहरूमा शासन प्रणालीका सबै पक्षहरूको दरिलो साथ, सहयोग र ऐक्यबद्धता आवश्यक पर्दछ। नागरिक तहबाट महसुस हुने गरी राज्यबाट प्रवाह हुने सेवा र विकास व्यवस्थापनमा प्रभावकारिता कायम हुन सके मात्र राज्य र शासन प्रणालीप्रति नागरिकको अपनत्व र भरोसा अभिवृद्धि हुन सक्दछ। तसर्थ, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा सार्वजनिक, निजी, गैरसरकारी तथा सहकारी क्षेत्र, संचार जगत, नागरिक समाज, आम-जनसमुदाय तथा सम्पूर्ण सरोकारवालाहरूसँग हातेमालो गर्दै अघि बढ्ने कार्यमा साथ र सहयोगका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ।

परिच्छेद- १
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २३८ मा संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था रहेको छ । सुशासनका आधारभूत मान्यतालाई आत्मसात् गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरूलाई अंगीकार गरी संविधानले प्रदान गरेका जिम्मेवारी पूरा गर्दै भ्रष्टाचार नियन्त्रणका लागि कार्यसम्पादन गर्ने गरेको छ। मुलुकमा सुशासन, विकास र समृद्धिको आकंक्षा पूरा गर्न नेपालको संविधानको धारा २९३ मा संवैधानिक निकायको कामकारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ । यसैगरी धारा २९४ मा आयोगले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष बुझाउने व्यवस्था छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ र ९८ को व्यवस्थाबाट स्वतन्त्र एवं स्वायत्त संवैधानिक आयोगको रूपमा २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको थियो । वर्तमान नेपालको संविधानले आयोगलाई भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भई कार्य गर्ने गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ।

आयोगको केन्द्रीय कार्यालय काठमाडौंको टंगालमा रहेको छ । आयोग मातहत स्थापना गरिएका ८ वटा कार्यालयहरू क्रमशः इटहरी-सुनसरी, बर्दिवास-महोत्तरी, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बुटवल-लुम्बिनी, वीरेन्द्रनगर-सुर्खेत, महेन्द्रनगर-कञ्चनपुर र बुटवल कार्यालयको सम्पर्क कार्यालयको रूपमा नेपालगञ्ज-बाँकेमा रहेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २१क. मा आयोगको कार्यसञ्चालनका लागि नेपाल सरकारले स्वीकृत गरेका दरबन्दीअनुसारको कर्मचारीहरू रहने व्यवस्था गरिएको छ। सो बमोजिम आयोगमा नेपाल सरकारका विशिष्ट श्रेणीका सचिव तथा निजामती, प्रहरी लगायत अन्य राष्ट्रसेवक कर्मचारीहरू कार्यरत रहेका छन्। भ्रष्टाचार नियन्त्रण गरी सुशासनमा योगदान दिन आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ एवं अन्य प्रचलित कानुनी व्यवस्था र आयोगको कामकारबाहीसम्बन्धी कार्यविधि, निर्देशिका एवं मापदण्डमा आधारित भई सदाचार, निष्पक्षता र निर्भीकताको सिद्धान्त अवलम्बन गरी कार्यसम्पादन गर्दछ । नेपालको संविधानको धारा २९४ को व्यवस्था अनुरूप आयोगले वर्षभरि सम्पादन गरिएका

कामकारबाहीहरूको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेस गर्दै आएको छ ।

१.२ आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग २१ मा आयोगको गठन, काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

१.२.१ आयोगको गठन

नेपालको संविधानको धारा २३८ मा आयोगको गठन सम्बन्धमा देहायबमोजिम व्यवस्था रहेको छः-

(१) नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ ।

(३) प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजका विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(५) उपधारा (२) बमोजिम नियुक्त प्रमुख आयुक्त तथा आयुक्तको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) लेखा, राजस्व, इन्जिनियरिङ, कानुन, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) पैतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र भएको ।

(७) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका सर्त संघीय कानुनबमोजिम हुनेछ । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका सर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(८) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१.२.२ आयोगको काम, कर्तव्य र अधिकार (धारा २३९)

(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ । तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानुनबमोजिम हुनेछ ।

१.२.३ संवैधानिक निकायको काम कारबाहीको अनुगमन

नेपालको संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्नेछ । प्रतिनिधिसभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेक अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।

१.२.४ संवैधानिक निकायको वार्षिक प्रतिवेदन

संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

(१) यस संविधानबमोजिमका संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउनेछ ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू संघीय कानुनबमोजिम हुनेछ ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्नेछ ।

१.३ आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू एवं आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू :-

१.३.१ आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू :-

आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिमका कानुनद्वारा व्यवस्थित गरिएका छन् :

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८,
- भ्रष्टाचार निवारण ऐन, २०५९,
- विशेष अदालत ऐन, २०५९,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४,
- प्रमाण ऐन, २०३१ लगायत अनुसन्धानसँग सम्बन्धित अन्य कानुनहरू,
- सम्पत्ति शुद्धीकरणा निवारण ऐन, २०६४ र नियमावली, २०७३,
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली २०७०,
- कानुन व्याख्यासम्बन्धी ऐन, २०१०,
- सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ र नियमावली २०६५,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता २०७६,
- अभियोजन मार्गदर्शन, २०७८,
- अनुसन्धानसम्बन्धी अन्य नीति, निर्देशिका एवं कार्यविधिहरू ।

१.३.२ आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियारको दुरुपयोग गरेमा कानुनबमोजिम अनुसन्धान, तहकिकात र अभियोजन गर्ने व्यवस्था रहेको छ । आयोगले आफ्नो कर्तव्य निर्वाहको क्रममा देहायका अधिकार प्रयोग गर्न पाउने कानुनी प्रावधान छ :

- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नष्ट गर्न सक्ने वा आयोगको कामकारबाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा आयोगले निजलाई प्रचलित कानुनबमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्ने ।
- कुनै कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध मिसिल वा प्रमाणको लिखत पेस गर्न आदेश दिने ।
- अख्तियार दुरुपयोगको आरोपित वा सम्बद्ध तथ्यहरूको जानकारी भएको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, बयान लिने वा आवश्यकताअनुसार बन्द सवाल जारी गर्ने ।
- बयान लिइसकेपछि खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारिखमा राख्ने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप गर्न वा नास गर्न सक्ने वा अनुसन्धान र तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई पदबाट निलम्बन गर्न नेपाल सरकार वा सम्बन्धित संस्थालाई लेखी पठाउने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति बेपत्ता हुनसक्ने मनासिव कारण भएमा वा बिगो हानि नोक्सानी भएको देखिएमा आयोगले निजसँग धरौटी वा जेथा जमानत माग्ने र नदिएमा थुनामा राख्ने ।
- आयोगले अनुसन्धानको सिलसिलामा कुनै लिखत वा अन्य कुनै वस्तु पेस गर्न वा कुनै कुराको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखी पठाएकोमा वा कुनै व्यक्तिलाई उपस्थित हुन आदेश दिएकोमा सो बमोजिम नगर्ने पदाधिकारी उपर विभागीय कारबाही चलाउन निर्देशन दिने तथा जरिवाना गर्ने वा थुनामा राख्ने ।
- प्रचलित कानुनबमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र आवश्यक देखिएका कुनै वस्तु वा कागज वा मिसिल आफ्नो कब्जामा लिने वा त्यस्तो कागज वा मिसिलको प्रतिलिपि उतार्ने ।
- भ्रष्टाचारको कसुरमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको स्वदेश वा विदेशमा कुनै बैंक वा वित्तीय संस्थामा भएको कारोबार वा खाता सञ्चालन रोक्का राख्न आदेश दिने ।
- अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिने ।
- अभियुक्तलाई आयोगको स्वीकृति बिना कुनै स्थान छोड्न नपाउने गरी वा कुनै स्थानमा जान नपाउने गरी आदेश दिने ।

- आयोगको अनुसन्धान र तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गर्नेलाई जरिवाना वा कैद वा दुवै सजाय गर्ने ।

सोही ऐनले आयोगलाई सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणाअनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। यस अनुरूप आयोगबाट निम्न कार्यहरू सम्पादित हुँदै आएका छन् :

- विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
- भ्रष्टाचारलाई नियन्त्रण गर्ने उद्देश्यले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यहरू गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने ।
- आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

१.४ छानबिन तथा अनुसन्धान प्रक्रिया

भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी, सूचना वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानबिन, अनुसन्धान तहकिकात गर्न/गराउन वा अन्य कारबाही चलाउन सक्छ । आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने भ्रष्टाचारसम्बन्धी कुनै पनि विषयमा अनुसन्धान तहकिकात गरी भ्रष्टाचार भएको देखिएमा सम्बन्धित अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गर्न सक्छ । सामान्यतया आयोगले उजुरी दर्तापश्चात् प्रारम्भिक छानबिन गर्दछ । प्रारम्भिक छानबिन गर्दा भ्रष्टाचार भएको हुनसक्ने तथ्यगत आधार देखिएमा विस्तृत अनुसन्धान गरी आवश्यक निर्णय गर्ने गरिन्छ । उजुरीको गाम्भीर्यता विचार गरी आवश्यकतानुसार सिधै विस्तृत अनुसन्धानको प्रक्रियासमेत सुरु गर्न सकिन्छ । प्राप्त हुन आएका उजुरीउपरको छानबिन गर्दा देहायको प्रक्रिया अपनाउने गरिएको छ :


क) विभिन्न माध्यमबाट प्राप्त हुन आएका उजुरीहरू सर्वप्रथम प्रमुख आयुक्तसमक्ष पेस भई तोक आदेश हुने व्यवस्था छ ।

ख) आयोगका सचिवको संयोजकत्वमा रहेको उजुरी छानबिन तथा फछ्यौंट सिफारिस समिति (Screening Committee) ले प्राप्त उजुरीहरू छानबिन गरी रायसहित आयोगसमक्ष पेस गर्दछ ।


ग) आयोगबाट निर्णय भएबमोजिम उजुरी/निवेदनहरू उपर थप आवश्यक कारबाही अगाडि बढाइन्छ ।

चित्र नं. १.१
छानबिन तथा अनुसन्धान प्रक्रिया

(क) आयोगको कार्यसम्पादन प्रणाली (फ्लो चार्ट)



(ख) कार्यालयको कार्यसम्पादन प्रणाली (फ्लो चार्ट)



१.४.१ उजुरी छानबिन तथा फछर्यौट सिफारिस समिति (Screening Committee**) को काम/कर्तव्य :**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यविधि, २०७८ अनुसार आयोग वा अन्तर्गतका कार्यालयमा प्राप्त हुने उजुरीहरूको छानबिन, व्यवस्थापन तथा फछर्यौट प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउने कार्यका लागि आयोगका सचिवको संयोजकत्वमा उजुरी छानबिन तथा फछर्यौट सिफारिस समिति गठन गरिएको छ ।

आयोगमा प्राप्त हुने उजुरीहरूलाई समितिले देहायबमोजिम वर्गीकरण गर्ने गरेको छ :-

(क) आयोगको क्षेत्राधिकार र कार्यक्षेत्रमा नपरेका उजुरी,

(ख) प्रथमः दृष्टिमै तथ्ययुक्त नदेखिएका वा गोलमटोलरूपमा लेखिएका उजुरी,

(ग) अत्यन्त सामान्य विषयमा लेखिएका उजुरी,

(घ) कुनै कारणले कारबाही गर्न सम्भव नभएका उजुरी,

(ङ) हदम्याद नाघेका उजुरी,

(च) एकपटक तामेलीमा रहिसकेको उजुरीमा नयाँ प्रमाण पेस नगरी पुनः दिएको उही विषयको उजुरी,

(छ) सम्बन्धित मन्त्रालय/निकायबाट नै कारबाही गर्न उपयुक्त देखिएका उजुरी,

(ज) आयोगबाटै कारबाहीको प्रक्रिया अघि बढाउन उपयुक्त देखिएका उजुरी,

(झ) आयोगका कार्यालयहरूबाट आयोगमा सिफारिस भई आएका उजुरीहरूको पुनः छानबिन/यकिन गरी आयोगमा निर्णयका लागि पेस गरेका उजुरी ।

समितिले वर्गीकरण गरेका उजुरीहरूको व्यवस्थापन र फछर्यौट देहायबमोजिम गर्ने गरिएको छः-

(क) प्रमुख आयुक्तबाट छानबिन/शीघ्र कारबाही गर्ने भनी तोक आदेश भएका उजुरीको हकमा स्मृतिपत्र उठाई व्यहोरा जनाई सम्बन्धित महाशाखाबाट छानबिन प्रक्रिया अगाडि बढाउने,

(ख) दर्ता भएका उजुरीहरूलाई महाशाखागतरूपमा विभाजन गरी पूर्व छानबिन (स्क्रिनिङ) का लागि सो को सफ्टकपी सम्बन्धित महाशाखामा पठाउने,

(ग) यस सम्बन्धमा सम्बन्धित महाशाखाका सहसचिवले पहिले कायम रहेका उजुरीहरू एवं सो विषयमा भएको कारबाही विवरणसमेत अध्ययन गरी तत्काल छानबिन गर्नुपर्ने वा समितिमा पेस गर्न उपयुक्त हुने देखिएका उजुरीलाई आफ्नो रायसहित पेस गर्ने,

(घ) उजुरीहरूको पूर्व छानबिन गर्दा तामेलीमा राख्नुपर्ने देखिएका उजुरीहरूको मन्त्रालय वा निकायगतरूपमा विवरण तयार गरी तामेलीमा राख्न एकमुष्ट उजुरीहरू सम्बन्धित आयुक्त र प्रमुख आयुक्तसमक्ष पेस गर्ने,

(ङ) सम्बन्धित विषय हेर्ने आयुक्त र प्रमुख आयुक्तबाट तामेलीमा राख्ने भनी निर्णय भएमा त्यस्ता उजुरी सम्बन्धित महाशाखामार्फत मुद्दा पुनरावेदन तथा बहस पैरवी महाशाखामा पठाउने,

(च) कुनै उजुरी आयोगको कार्यालयमा छानबिनका लागि लेखी पठाउने निर्णय भएमा सम्बन्धित महाशाखाको अभिलेखबाट उक्त उजुरीको लगत कट्टा गर्ने,

(छ) तामेलीमा जाने उजुरीबाहेक अन्य उजुरीहरू आवश्यक कारबाहीका लागि सम्बन्धित महाशाखामा पठाउने,

(ज) आयोगका कार्यालयहरूमा गठन गरिएका उजुरी छानबिन तथा फछ्यौट सिफारिस समितिबाट सिफारिस भई आएका उजुरीहरू अध्ययन गरी सिफारिससहित निर्णयका लागि पेस गर्ने र सो बमोजिम निर्णय कार्यान्वयनका लागि आयोगको सम्बन्धित महाशाखा वा आयोगको कार्यालयमा पठाउने,

(झ) एउटै उजुरी आयोग र आयोगका कार्यालयहरूमा समेत परेमा आयोगबाट भएको निर्णयअनुसार गर्न आयोगको कार्यालयमा पठाउने र यस्तो निर्णय कार्यालयमा प्राप्त भएपछि सोही निर्णयबमोजिम कार्यालयले कार्यान्वयन गर्ने,

(ञ) कुनै उजुरी कुनै निकायमा लेखी पठाइएकोमा आयोगको निर्णयबमोजिम अभिलेखबाट लगत कट्टा गर्ने।

१.४.२ प्रारम्भिक छानबिनको प्रक्रिया :

आयोगसमक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारीउपर प्रारम्भिक छानबिनको क्रममा कारबाही गर्नुपर्ने वा नपर्ने निक्यौंल गर्दा देहायका आधार लिने गरिएको छ :-

क) आयोगको क्षेत्राधिकारभित्रको विषय,

ख) विषयको गाम्भीर्यता,

ग) आरोपको तथ्यपरक आधार,

घ) आरोपित निकाय र पदाधिकारीहरू,

ङ) सार्वजनिक वा सरकारी सम्पत्तिको हानि नोक्सानी वा अनुचित लाभको अवस्था,

ङ) उजुरीको विषयमा कुनै अदालतमा विचाराधीन रहेको वा मुद्दा चलिरहेको अवस्था,

च) उजुरीमा उल्लिखित विषयको हदम्याद आदि ।

आयोगमा पर्न आएका उजुरीउपर प्रारम्भिक छानबिन गर्नुपर्ने देखिएमा आयोग आफैंले वा अन्य सरकारी निकाय वा संस्था वा अधिकारीमार्फत प्रारम्भिक छानबिन गर्न/गराउन सक्दछ। आयोगमा पर्न आएको उजुरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा देहायबमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले त्यस्तो उजुरी कुनै कारबाही नगरी तामेलीमा राख्न सक्दछ।

क) ऐनको हदम्याद नाघेको,

ख) आयोगको अधिकार र कार्यक्षेत्रभित्रको विषय नभएको,

ग) गोलमटोल एवं तथ्ययुक्त आधार नभएको,

घ) दुःख दिने मनसायको र

ङ) सामान्य विषय समावेश भएको ।

प्रारम्भिक छानबिनको क्रममा प्राप्त उजुरीअनुसार भ्रष्टाचार भई अख्तियारको दुरुपयोग भएको हुन सक्ने पर्याप्त आधार देखिन आएमा त्यस्ता उजुरीउपर आयोगले विस्तृत अनुसन्धान तथा तहकिकात गर्न/गराउन सक्दछ। उजुरीमा उल्लिखित विषयवस्तुको गाम्भीर्यता उजुरीको प्रकृति र प्राप्त सूचनाहरूको आधारमा प्रारम्भिक छानबिन नगरी आयोगले एकैपटक विस्तृत अनुसन्धान पनि गर्न सक्दछ।

१.४.३ विस्तृत अनुसन्धान प्रक्रिया

प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्नुपर्ने वा सिधै विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरिन्छ । अनुसन्धान अधिकृतले प्रमुख आयुक्त र सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र निर्देशनमा अनुसन्धान र तहकिकात गर्दछ । उजुरीमा आरोपित विषयहरूका बारेमा सम्बन्धित व्यक्तिहरूको बयान वा लिखित जवाफ लिने, निजविरुद्धका प्रमाणहरू संकलन, गर्ने अनुसन्धानका क्रममा आरोपित व्यक्तिलाई नियन्त्रणमा लिनुपर्ने भए नियन्त्रणमा लिने, आवश्यकताअनुसार निजबाट धरौटी वा जेथाजमानी वा हाजिर जमानी लिने कार्य गर्न सक्दछ । अनुसन्धानको कार्य पूरा भएपछि अनुसन्धान अधिकृतले प्रतिवेदन तयार गरी आयोगको बैठकमा पेस गर्नका लागि सम्बन्धित आयुक्तसमक्ष पेस गर्ने व्यवस्था रहेको छ । यसरी पेस भएको प्रतिवेदन आयोगमा पेस हुनुपूर्व सम्बन्धित आयुक्तबाट थप प्रमाण संकलन वा अनुसन्धान गर्नुपर्ने भए सो समेत गर्न लगाई आयोगमा पेस गर्नका लागि स्वीकृत हुन सक्दछ । यसरी पेस भएको प्रतिवेदन आयोगमा छलफल गरी कसुरको मात्रा, विषयको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकतासमेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा सम्बन्धित निकायलाई सुझाव दिने वा तत्कालका लागि मुल्तबीमा राख्ने वा केही कारबाही गरिरहन नपर्ने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगले गरेका विस्तृत अनुसन्धान प्रतिवेदन र निर्णयको कार्यान्वयन आयोगको सचिवमार्फत् हुने व्यवस्था रहेको छ ।

१.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय

आयोगमा प्रमुख आयुक्त र चार जना आयुक्तहरू कार्यरत रहेको अवस्था छ । आयोगमा हाल कार्यरत पदाधिकारीहरूको नामावली देहायबमोजिम रहेको छ ।

तालिका १.१

पदाधिकारीहरूको नामावली

क्र.सं.	पद	नाम	नियुक्ति मिति
१.	प्रमुख आयुक्त	प्रेम कुमार राई	२०७७।१०।२१
२.	आयुक्त	किशोर कुमार सिलवाल	२०७७।१०।२१
३.	आयुक्त	जय बहादुर चन्द	२०७७।१०।२१
४.	आयुक्त	डा. हरि पौडेल	२०७८।०३।१०
५.	आयुक्त	डा. सुमित्रा श्रेष्ठ अमात्य	२०७८।०३।१०

आयोगमा कार्यरत प्रमुख आयुक्त र आयुक्तहरू बिचको कार्यविभाजन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २२ बमोजिम प्रमुख आयुक्तले तोक्ने र निर्णय प्रक्रियाको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ बाट निर्धारण गरिएको छ । आयोगका आन्तरिक कार्यविधिहरू आयोगको बैठकबाट निर्णय गरी व्यवस्थित गरिएका छन् । आयोगमा पेस हुन आएका भ्रष्टाचारसम्बन्धी उजुरीका सम्बन्धमा आवश्यक छानबिन, अनुसन्धान र तहकिकातका लागि आयुक्तहरूका बिचमा संयुक्तरूपमा निर्णय हुने व्यवस्था छ । आयोगको महाशाखा वा अनुसन्धान

अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेस गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेस गर्न स्वीकृत भएका विषयहरू वा अन्य नीतिगत निर्णय हुनुपर्ने विषयहरूको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि विषयको गाम्भीर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकतालाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशनअनुसार कुनै पनि समयमा आयोगको बैठक बसी निर्णय हुने व्यवस्था रहेको छ । मातहत कार्यालयहरूको कामकारबाहीको अनुगमन प्रयोजनका लागि समेत प्रमुख आयुक्तबाट आयुक्तहरूबिच कार्यविभाजन गरी व्यवस्थित गरिएको छ ।

१.६ संस्थागत संरचना

नेपालको संविधानले दिएको भूमिका निर्वाह गर्नका लागि आयोगको संगठन संरचना, दरबन्दी तथा कर्मचारीको व्यवस्थापनसहितको संस्थागत संरचनाको व्यवस्था गरिएको छ । आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । मुलुकमा संघीय स्वरूप कायम भएसँगै संघीय ढाँचाअनुरूप स्थानीयस्तरमा आयोगको उपस्थिति थप सुदृढ बनाउन तथा बढ्दो उजुरीको अनुपातलाई समेत विचार गरी आयोगको संरचनामा समय समयमा पुनरावलोकन हुँदै आएकोमा पछिल्लो पटक नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१।८ को निर्णयले स्वीकृत नयाँ संगठन संरचना कार्यान्वयनमा रहेको छ । स्वीकृत नयाँ संगठन संरचनाबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, मातहत रहने गरी सात प्रदेशमा १/१ वटा कार्यालय रहेका छन् भने आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय नेपालगञ्जमा रहेको छ । त्यस्तै, नयाँ संगठन संरचनाबमोजिम आयोग र मातहतका ८ वटा कार्यालयहरूमा निजामती, प्रहरी र अन्य सेवाका गरी जम्मा ९९० जना कर्मचारीहरूको दरबन्दी रहेको छ । जसअनुसार आयोगको टंगालस्थित कार्यालयमा १२ वटा महाशाखाहरू रहेका र निजामती, प्रहरी र अन्य गरी जम्मा ५१२ जना विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको छ भने आयोगका मातहत कार्यालयहरूको जम्मा दरबन्दी ४७८ रहेको छ । आयोगको मिति २०७७।११।२८ को निर्णयानुसार देहायबमोजिम कार्यालयहरूको कार्यक्षेत्र (जिल्लाहरू) हेरफेर गरी सोहीबमोजिम कार्य सम्पादन हुँदै आएको छ।

तालिका १.२

आयोगका कार्यालय, दरबन्दी र कार्यक्षेत्र

क्र.सं.	कार्यालयहरूको नाम	दरबन्दी	कार्यक्षेत्र तोकिएका जिल्लाहरू
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं	५१२	मुलुकभर
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी	६५	१.ताप्लेजुङ २.पाँचथर ३.इलाम ४.संखुवासभा ५.तेह्रथुम ६.धनकुटा ७.भोजपुर ८. झापा ९.मोरङ १०.सुनसरी ११.सप्तरी १२.उदयपुर
३.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास	६६	१.सिराहा २.धनुषा ३.महोत्तरी ४.सर्लाही ५.खोटाङ ६.सोलुखुम्बु ७.ओखलढुंगा ८.सिन्धुली ९.रामेछाप

४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	६५	१.रौतहट २.बारा ३.पर्सा ४.मकवानपुर ५.चितवन ६.धादिङ ७.रसुवा ८.नुवाकोट ९.सिन्धुपाल्चोक १०.काभ्रेपलाञ्चोक ११.दोलखा
५.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	६३	१.गोरखा २.लमजुङ ३.तनहुँ ४.कास्की ५.मनाङ ६.मुस्ताङ ७.पर्वत ८.स्याङ्जा ९.म्याग्दी १०.बाग्लुङ
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल	५५	१.नवलपरासी (बर्दघाट सुस्तापूर्व) २.नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ३.रुपन्देही ४.कपिलवस्तु ५.पाल्पा ६.अर्घाखाँची ७.गुल्मी ८.प्युठान
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्ज	४०	१.दाङ २.बाँके ३.बर्दिया ४.रोल्पा
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	६१	१.रुकुम (पूर्व) २.रुकुम (पश्चिम) ३.डोल्पा ४.जुम्ला ५.मुगु ६.हुम्ला ७.कालिकोट ८.जाजरकोट ९.दैलेख १०.सुर्खेत ११.सल्यान
९.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर	६३	१.बाजुरा २.बझाङ ३.डोटी ४.अछाम ५.दार्चुला ६.बैतडी ७.डडेल्धुरा ८.कञ्चनपुर ९.कैलाली
	जम्मा	९९०	

आयोगको हाल विद्यमान संगठनात्मक संरचना अनुसूची-१ मा तथा कर्मचारीहरूको स्वीकृत दरबन्दी विवरण अनुसूची- २ मा उल्लेख गरिएको छ ।

द्रष्टव्य : काठमाडौं उपत्यकाभित्रका तीन जिल्लाहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाटै हेर्ने व्यवस्था मिलाइएको छ ।

१.७ अधिकार प्रत्यायोजन

नेपालको संविधानको धारा २३९ को उपधारा (५) मा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी आयोगबाट अधिकार प्रत्यायोजन हुनसक्ने व्यवस्था भएबमोजिम आयोगबाट देहायबमोजिमका हाल ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ :-

तालिका १.३

अधिकार प्रत्यायोजन गरिएका जिल्लाहरू

प्रदेश	जिल्ला	संख्या
कोशी	ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ	७
बागमती	रसुवा, दोलखा, रामेछाप	३
गण्डकी	गोरखा, लमजुङ, मनाङ, मुस्ताङ	४
लुम्बिनी	रुकुम (पूर्वी भाग), रोल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान	५

कर्णाली	जाजरकोट, कालिकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, सल्यान, रुकुम (पश्चिम भाग)	८
सुदूरपश्चिम	दार्चुला, बैतडी, बझाङ, बाजुरा, अछाम, डोटी	६
	जम्मा	**३३**

प्रत्यायोजित अधिकार प्रयोग गर्दा प्रमुख जिल्ला अधिकारीहरूले पालना गर्नुपर्ने सर्तहरू :

१. नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८, भ्रष्टाचार निवारण ऐन,२०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र अन्य प्रचलित कानुन तथा आयोगबाट निर्धारित कार्यविधिहरू पालना गर्नुपर्ने,

२. अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूका सम्बन्धमा प्रारम्भिक छानबिन गरी विस्तृत अनुसन्धान गर्न वा तामेलीमा राख्न सम्बन्धित कागजात संलग्न गरी आधार र कारणसमेत खुलाई निर्णयका लागि आयोगको सम्बन्धित कार्यालयमार्फत आयोगसमक्ष तीन महिनाभित्रमा पठाउनुपर्ने,

३. आफ्नो कार्यक्षेत्र वा क्षेत्राधिकारभित्र नपर्ने उजुरीहरू आयोगको सम्बन्धित कार्यालयमा आवश्यक कारबाहीका लागि पठाउनुपर्ने,

४. आफ्नो कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक पद धारण गरेका व्यक्ति वा निजसँग संलग्न अन्य व्यक्तिहरूलाई रङ्गेहात प्रक्राउ गर्नुपर्ने भएमा आयोग वा आयोगका सम्बन्धित कार्यालय प्रमुखलाई गोप्य रूपमा तुरुन्त खबर गरी निकासा भएअनुसार गर्नुपर्ने,

५. प्रारम्भिक छानबिनको सिलसिलामा उजुरीसँग सम्बन्धित आवश्यक कागजपत्र माग गर्न वा झिकाउन सक्ने र उजुरीसँग सम्बन्धित भौतिक चिजवस्तुहरू नियन्त्रणमा लिनुपर्ने भएमा वा आरोपित व्यक्तिसँग सोधपुछ गर्नुपर्ने भएमा आयोग वा आयोगको कार्यालय प्रमुखसँग समन्वय गरी गर्नुपर्ने,

६. आयोगले प्रारम्भिक छानबिनको क्रममा स्थलगत प्रतिवेदन वा रायप्रतिक्रिया माग गरेमा सो उपलब्ध गराउनुपर्ने,

७. प्रत्यायोजित अधिकारबमोजिम गरेका काम कारबाहीको विषयमा आयोगको सम्बन्धित कार्यालयमार्फत मासिक विवरण आयोगमा पठाउने,

(द्रष्टव्यः प्रत्यायोजित अधिकारअन्तर्गतको कुनै काम कारबाही आयोगबाटै गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीलाई तोक्न तथा आयोगमा परेको कुनै पनि उजुरी आयोगबाटै अनुसन्धान गर्न बाधा पुगेको मानिने छैन।)

१.८ आयोग र अन्य निकायबिचको कार्यसम्बन्ध

असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरूलाई अंगीकार गर्दै आएको छ । मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नका लागि संवैधानिक तथा कानुनी व्यवस्थाबमोजिम विभिन्न निकायहरूले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अन्तरसम्बन्धित भई कार्यसम्पादन गर्दै आएका छन् । भ्रष्टाचार नियन्त्रणका लागि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग निकटतम कार्यसम्बन्ध रहेका प्रमुख निकायहरूमा सर्वोच्च अदालत, विशेष अदालत, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, विशेष सरकारी वकिलको कार्यालय रहेका छन् । साथै, संघीय सरकार र प्रदेश सरकारका मन्त्रालयहरू, राष्ट्रिय किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाइ, नेपाल प्रहरीलगायतका निकायहरूसँग समेत आयोगबाट कार्यसम्पादनका सिलसिलामा पत्राचार र विवरण आदानप्रदान हुने गरेको छ ।

नेपालको संविधानमा आयोगबाट भएको अनुसन्धानबाट कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा यस्तो व्यक्ति वा सो कार्यमा संलग्न अन्य व्यक्तिउपर अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्नसक्ने व्यवस्था रहेको छ । सो व्यवस्थाबमोजिम आयोगले उजुरीउपर अनुसन्धान गरी भ्रष्टाचारजन्य कसुर भएको देखिएमा विशेष अदालतमा मुद्दा दर्ता गर्ने गर्दछ । यस सम्बन्धमा विशेष सरकारी वकिलको कार्यालयबाट बहसपैरवी हुने र आवश्यकतानुसार आयोगले सर्वोच्च अदालतमा पुनरावेदन वा पुनरावलोकनको निवेदन दर्ता गर्ने व्यवस्था रहेको छ ।

प्रतिनिधिसभाका समितिले संवैधानिक निकायको अनुगमन गर्ने संवैधानिक व्यवस्था भएअनुरूप संघीय संसद, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट आयोगका कामकारबाहीहरूको अनुगमन हुने गरेको छ । आयोगको वार्षिक प्रतिवेदनमार्फत दिइएका सुझावहरूको कार्यान्वयनका विषयमा समितिमा छलफल हुने गर्दछ । यसैगरी भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई गतिशील र प्रभावकारी बनाउन तथा सुशासन र सदाचार प्रवर्द्धनमा देखिएका समस्या समाधान गर्नका लागि समितिबाट सम्बद्ध निकायहरूसँग छलफल तथा अन्तर्क्रिया हुनुका साथै आवश्यक निर्णय/निर्देशनसमेत हुने गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्थाअनुसार राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक पद धारण गरेको व्यक्तिले हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा बुझाए/नबुझाएको विषयमा अनुगमन गरी प्रतिवेदन आयोगमा पठाउने गरेको छ । प्राप्त प्रतिवेदनमा उल्लेख भएका सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई कानुनबमोजिम आयोगबाट जरिवाना हुँदै आएको छ ।

आयोगबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भ्रष्टाचारजन्य कार्यको अनुसन्धानका सिलसिलामा नेपाल सरकारका विभिन्न निकायहरूबाट आवश्यक जानकारी तथा विवरण प्राप्त हुने गरेको छ । आयोगको मागअनुसार नेपाल सरकारका मन्त्रालयहरू, राष्ट्रिय किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंकलगायतका अभिलेख र विवरण रहने निकायहरूबाट आवश्यक विवरण आयोगलाई प्राप्त हुन्छ । त्यसैगरी आयोगमा परेको कुनै उजुरी अन्य निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगबाट आवश्यक कारबाहीका लागि सम्बन्धित निकायसमक्ष लेखी पठाउने गरिएको छ । यस्ता निकायहरूमा सम्बन्धित मन्त्रालय/विभाग/कार्यालय, विश्वविद्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरीलगायत अन्य नियामक निकायहरू रहेका छन् । भ्रष्टाचार

नियन्त्रणसँग सम्बन्धित प्रमुख सरोकारवाला निकाय, कार्यक्षेत्र तथा आयोगसँगको कार्यसम्बन्ध देहायबमोजिम रहेको छः-

तालिका १.४

भ्रष्टाचार नियन्त्रणका लागि आयोग र अन्य निकायको भूमिका तथा कार्यसम्बन्ध

संस्थाको नाम	भ्रष्टाचार नियन्त्रणमा भूमिका	कार्यसम्बन्ध
अख्तियार दुरुपयोग अनुसन्धान आयोग	सार्वजनिक पदधारण गरेका व्यक्तिले गरेको भ्रष्टाचारजन्य कार्यउपर अनुसन्धान/अभियोजन र निरोधात्मक/प्रवर्द्धनात्मक कार्य सञ्चालन ।	भ्रष्टाचार नियन्त्रणका प्रयासमा विभिन्न निकायहरूसँग समन्वय र सहकार्यका साथै सूचना, सुझाव र पृष्ठपोषण आदानप्रदान ।
सर्वोच्च अदालत	विशेष अदालतको फैसला उपर परेको पुनरावेदन र आफ्नो फैसला उपर पुनरावलोकन गरी न्याय निरुपण गर्ने ।	पेस भएका पुनरावेदन र पुनरावलोकनका निवेदनउपर सुनुवाइ गरी फैसला ।
विशेष अदालत	भ्रष्टाचारजन्य मुद्दाको न्यायिक निरुपण ।	आयोगबाट दायर भएका भ्रष्टाचारका मुद्दाहरूको सुनुवाइ गरी फैसला ।
संघीय संसद र संसदीय समिति	भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कानुन निर्माण तथा परिमार्जन। आयोगको काम कारबाहीको अनुगमन, सुझाव प्रदान ।	भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्न आयोगमा सिफारिस, राज्य व्यवस्था तथा सुशासन समिति मार्फत अनुगमन ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन कार्यको प्रमुख जिम्मेवारी बहन, यस क्षेत्रमा क्रियाशील निकायहरूबिच समन्वय ।	आयोगको कार्य वातावरणलाई अनुकूल बनाउन सहयोग र समन्वय ।
महालेखा परीक्षकको कार्यालय	सरकारी कार्यालय र सरकारी स्वामित्व भएका संस्थाहरूको लेखापरीक्षण ।	लेखापरीक्षणबाट उजागर भएका भ्रष्टाचारजन्य कार्यउपर आयोगबाट अनुसन्धान, सहकार्य ।
महान्यायाधिवक्ताको कार्यालय	नेपाल सरकारको हक, हित र सरोकार भएका मुद्दामा नेपाल सरकारको प्रतिनिधित्व ।	आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा आयोगको तर्फबाट मुद्दाको प्रतिरक्षा ।
गृह मन्त्रालय/ मातहत निकाय	मुलुकमा शान्ति सुरक्षा र सदाचार प्रवर्द्धन, नेपाल प्रहरीमार्फत किर्ते, ठगीलगायत अन्य अपराध अनुसन्धान ।	आयोगबाट ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई उजुरीको प्रारम्भिक छानबिनसम्बन्धी अधिकार प्रत्यायोजन ।
राष्ट्रिय सतर्कता केन्द्र	भ्रष्टाचार नियन्त्रणका लागि सूचना संकलन, अनुगमन, प्राविधिक परीक्षण ।	सम्पत्ति विवरण अनुगमन प्रतिवेदन आयोगमा प्रेषण र आयोगबाट सम्पत्ति विवरण भरी नबुझाउने उपर कानुनबमोजिम जरिवाना ।

संस्थाको नाम	भ्रष्टाचार नियन्त्रणमा भूमिका	कार्यसम्बन्ध
सार्वजनिक खरिद अनुगमन कार्यालय	सार्वजनिक खरिद कार्यको अनुगमन र नियमन ।	सार्वजनिक खरिदमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग र सहकार्य ।
राष्ट्रिय अनुसन्धान विभाग	आर्थिक एवं वित्तीय अपराधलगायतका अपराधसँग सम्बन्धित सूचना ।	आर्थिक एवं वित्तीय अपराधलगायतका अपराधसँग सम्बन्धित सूचना आदानप्रदान एवं सहकार्य ।
राष्ट्रिय किताबखाना	निजामती, शिक्षक र प्रहरी कर्मचारीहरूको विवरण र अभिलेख राख्ने ।	निजामती, शिक्षक र प्रहरी कर्मचारीहरूको व्यक्तिगत विवरण र अभिलेखको सूचना आदानप्रदान ।
राजस्व अनुसन्धान विभाग	राजस्व चुहावट, विदेशी विनिमय अपचलनको अनुसन्धान, राजस्व प्रशासन सुधार ।	राजस्व चुहावटसम्बन्धी सूचना तथा विवरण आदानप्रदान, सहकार्य ।
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग	सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा अनुसन्धान र समन्वय ।	गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी सूचना तथा विवरण आदानप्रदान, सहकार्य ।
नेपाल राष्ट्र बैंक / वित्तीय जानकारी इकाइ	वित्तीय कारोबारको नियमन र वित्तीय सुशासन कायम, वित्तीय अपराध नियन्त्रण । शंकास्पद वित्तीय कारोबारको विवरण संकलन, विश्लेषण र अनुसन्धान निकायमा प्रेषण ।	शंकास्पद वित्तीय कारोबारको विवरण आयोगमा प्रेषण तथा अनुसन्धानमा समन्वय, भ्रष्टाचार नियन्त्रणमा सहयोग ।
वाणिज्य विभाग, उद्योग विभाग	चोरी पैठारी तथा तस्करी एवं गुणस्तर नियन्त्रण ।	राजस्व हिनामिना एवं छली नियन्त्रणमा सहयोग ।
नेपाल उद्योग वाणिज्य महासंघ, च्याम्बर अफ कमर्स	निजी क्षेत्रबाट हुनसक्ने भ्रष्टाचार नियन्त्रण, सूचना प्रवाह, समन्वय र प्रवर्द्धन गर्ने ।	आयोगको कार्यक्षेत्र बाहिर रहेको निजी क्षेत्रमा स्वच्छ अभ्यास प्रवर्द्धन र पालना ।
ट्रान्सपरेन्सी इन्टरनेसनल	भ्रष्टाचार नियन्त्रण/सदाचार प्रवर्द्धनसम्बन्धी गतिविधि सञ्चालन, जनचेतना अभिवृद्धि ।	भ्रष्टाचार नियन्त्रणका लागि आपसी सहकार्य तथा सूचना आदानप्रदान ।
संयुक्त राष्ट्रसंघीय निकाय	भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) लगायत अन्तर्राष्ट्रिय असल अभ्यासहरू कार्यान्वयनमा सहयोग/समन्वय ।	भ्रष्टाचार नियन्त्रणका लागि सहयोग तथा क्षमता अभिवृद्धि ।
गैरसरकारी तथा समुदायमा आधारित संस्था	सुशासन, भ्रष्टाचार नियन्त्रण र विधिको शासनका लागि जनचेतना तथा नागरिक परिचालन ।	भ्रष्टाचारका विरुद्ध जनचेतनामूलक कार्यक्रम, गोष्ठी, जनस्तरमा सक्रियता अभिवृद्धि गर्न आयोगसँग सहकार्य र समन्वय ।

संस्थाको नाम	भ्रष्टाचार नियन्त्रणमा भूमिका	कार्यसम्बन्ध
आम सञ्चारमाध्यम	सूचना तथा जानकारी आम नागरिकसम्म पुऱ्याउने ।	भ्रष्टाचार नियन्त्रणका लागि नागरिक सचेतना अभिवृद्धि ।
नियामक निकायहरू	सार्वजनिक निकायबाट सम्पादन भएका कार्यहरूको अनुगमन, निरीक्षण र प्रतिवेदन माग गर्ने ।	सार्वजनिक निकायहरूबाट प्रदान गरिने सेवाको गुणस्तरीयता तथा सुशासन प्रवर्द्धन।
नागरिक निगरानी संस्था	भ्रष्टाचार नियन्त्रणका लागि निगरानी गर्ने।	सुशासन स्थापनाका लागि सचेतना कार्यक्रमहरू सञ्चालन ।

१.९ आयोगको संस्थागत सुदृढीकरण

आयोगको संस्थागत पाँचवर्षे रणनीतिक योजना (२०७६/७७-२०८०/८१) अनुरूपको एक महत्वपूर्ण रणनीति संस्थागत सुदृढीकरणमा भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता र मनोबल अभिवृद्धि, परिस्कृत कार्यपद्धतिको अवलम्बन तथा कार्यवातावरण सुधार गर्ने गरी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। आयोगले कार्यालय भवन, इन्जिनियरिङ र फरेन्सिक ल्याब, कार्यकक्षहरूको पूर्वाधार विकास, कर्मचारीहरूको क्षमता विकास, कार्यप्रक्रियामा सुधार, संचार, ज्ञान, सीप र प्रविधि हस्तान्तरणलगायतका विषयमा जोड दिएको छ। कानुनी सुधारतर्फ आयोगको कार्यसम्पादनसँग सम्बन्धित कानुन र कार्यविधि परिमार्जनका लागि पहलकदमी लिइएको छ। आयोगको कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउन तथा अभिलेख प्रणालीमा सुधार गर्न आयोग र मातहतका कार्यालयहरूमा सञ्चालनमा रहेको स्वचालित कार्यालय सञ्चालन प्रणाली (Office Automation System) मा निरन्तर सुधार गर्दै यसको विस्तार गर्ने र प्रणालीलाई थप परिष्कृत बनाई सञ्चालनमा ल्याइएको छ। आयोगमा खटिई आउने नवआगन्तुक अनुसन्धान अधिकृतहरूलाई अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्ने गरिएको छ। आयोगमा उपलब्ध स्रोतसाधनहरूको कुशल र मितव्ययीरूपमा उपयोग गर्दै संस्थागत सुदृढीकरणका कार्यक्रमहरू सञ्चालन गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा आयोगको संस्थागत सुदृढीकरण कार्यक्रमतर्फका कार्यहरूको विवरणहरू देहायबमोजिम रहेका छन् :-

क. आयोगको भौतिक पूर्वाधार विकास

आर्थिक वर्ष २०७९/८० मा आयोगको भौतिक संरचना सुधारका कार्यहरू नियमित रूपमा गरिँदै आइएको छ । आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन भवन निर्माण तथा मर्मत सम्भारका कार्य गरिएको छ । इन्जिनियरिङ ल्याब, डिजिटल उपकरण, सूचना प्रविधि तथा अन्य प्रविधिको उपयोग बढाइएको छ। अनुसन्धान तथा कार्यालय व्यवस्थापनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी कार्यप्रणालीमा सुधार ल्याउने रणनीतिअनुरूप विभिन्न अनुसन्धानसम्बन्धी विद्युतीय उपकरणहरूको प्रयोगलाई क्रमैसँग विस्तार गरिएको छ ।

ख. आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकास

संविधान तथा कानुनले आयोगलाई तोकेको कार्यहरू अन्तर्गत हुने छानबिन, अनुसन्धान तथा अभियोजनका कार्यहरू प्रभावकारीरूपमा सम्पादन गर्न विशिष्टीकृत ज्ञान, सीप र क्षमता

आवश्यक पर्ने हुँदा कर्मचारीको क्षमता र मनोबल अभिवृद्धि गर्न आवश्यक रहेको छ। अनुसन्धान र अभियोजन प्रक्रियालाई वस्तुगत, प्रामाणिक र वैज्ञानिक बनाउने निरन्तर प्रयासअन्तर्गत आयोगबाट कर्मचारीहरूको लागि स्वदेश र विदेशमा विभिन्न विषयमा तालिमहरू सञ्चालन गरिएको छ।

तालिका १.५

आर्थिक वर्ष २०७९/८० मा आयोगका कर्मचारी सहभागी भएका तालिम तथा प्रशिक्षण कार्यक्रमहरू

क्र.सं.	तालिमका नामहरू/विषयहरू	सञ्चालन अवधि	सहभागी संख्या
१.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	०५-१० भदौ २०७९	२८
२.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	२ -९ आसोज २०७९	३१
३.	महाशाखा प्रमुख तथा कार्यालय प्रमुखसँग मुचुल्का लेखन तथा नीतिगत निर्णयसम्बन्धी अन्तरक्रिया कार्यक्रम	२३ आसोज २०७९	४०
४.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	०३ - १० पुस २०७९	३०
५.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	१ - ५ माघ २०७९	२३
४.	सहायक कर्मचारीका लागि तालिम	३१ चैत्र - ०१ वैशाख २०८०	३३
५.	कार्यालय सहयोगीका लागि तालिम	०२-०४ जेठ २०८०	३८
६.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	१०-१५ असार २०८०	३२
७.	मासिक प्रतिवेदन तयारी तालिम	१८-१९ असार २०८०	२७
८.	शुक्रबारे विशिष्टीकृत तालिम	विभिन्न मितिमा ५ पटक	२९०
जम्मा :			**५७२**

तालिका १.६

आर्थिक वर्ष २०७९/८० मा आयोगका पदाधिकारी र कर्मचारीहरू अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट सञ्चालित सम्मेलन, तालिम, प्रशिक्षण तथा कार्यक्रममा सहभागी

Program	Organizer	Date	No. of Participants
Anti-Corruption Trainings in Thailand and South Korea	UNODC & Country Chapter	Different Dates	३
Anti-Corruption Online Training	Malaysian Anti-corruption Academy	Different Dates	५
Anti-Money Laundering Training	ITEC, India	Different Dates	६
जम्मा			१४

१.१० बजेट व्यवस्था

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारजन्य कार्यको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यमा विशिष्टीकृत संस्थाको रूपमा संलग्न रहँदै आएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यका लागि यसले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यसमेत गर्दै आएको छ । यसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था नेपाल सरकारबाट हुँदै आएको छ । आर्थिक वर्ष ०७९/८० मा आयोगका लागि छुट्याइएको कुल बजेट रु. ७१ करोड ३१ लाख ७० हजार रुपैयाँमा रु. ६४ करोड २५ लाख ५७ हजार ९ सय ९७ रुपैयाँ निकासा भई त्यत्ति नै रकम खर्च भएको छ । आयोगलाई प्राप्त बजेटमध्ये चालुमा रु. ६६ करोड १२ लाख ७२ हजार रुपैयाँ र पुँजीगतमा रु. ५ करोड १८ लाख ९८ हजार विनियोजन भएकोमा चालुतर्फ रु. ५९ करोड ८७ लाख ९९ हजार ६ सय ५ रुपैयाँ र पुँजीगततर्फ रु.४ करोड ३७ लाख ५८ हजार ३ सय ९१ रुपैयाँ खर्च भएको छ । छुट्याइएको पुँजीगत बजेटबाट भौतिक पूर्वाधार विकासतर्फ आयोगका कार्यालय भवन निर्माण, सर्भर कक्षका सामग्री खरिद, इन्जिनियरिङ ल्याब सञ्चालन र सुदृढीकरण, फर्निचर फिक्सचर्स, कार्यालय परिसर मर्मत तथा सौन्दर्यकरण तथा अनुसन्धान कार्यमा प्रयोग हुने उपकरण खरिदलगायतका कार्य गरिएको छ । त्यसैगरी चालुतर्फको बजेटबाट तलब भत्ता, जनशक्ति क्षमता अभिवृद्धि, प्रवर्द्धनात्मक कार्यक्रम र भ्रष्टाचार नियन्त्रणका लागि शोधकार्य प्रयोजनार्थ छात्रवृत्ति प्रदानका कार्य गरिएका छन् । प्रतिवेदन अवधिसम्म आयोगमा कुनै पनि बेरुजु रहेको छैन । आयोगको बजेट विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद-२
आयोगबाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण

२.१ पृष्ठभूमि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक निकायको भ्रष्टाचारजन्य गतिविधिसम्बन्धी सूचना तथा जानकारीलाई उजुरीको रूपमा दर्ता गरी छानबिन तथा अनुसन्धान कार्य अगाडि बढाउने गर्दछ । उजुरीकर्ताको सहजताका लागि आयोगमा विभिन्न माध्यमहरूबाट उजुरी गर्न सकिने प्रबन्ध मिलाइएको छ । आयोगमा हटलाइन नं. १०७ मा र टोल फ्रि नं १६६०-०१-२२२३३ मा फोन गरेर, भाइबर नं. ९८६३३३३१९१ मा फोन वा सूचना पठाएर, ई-मेल ujuri@ciaa.gov.np र आयोगको फेसबुक पेज (/NepalCIAA) मार्फत उजुरीको सूचना पठाएर, आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन माध्यमबाट उजुरी गरेर, हुलाकबाट उजुरीको चिठी पठाएर वा आयोगको टंगाल कार्यालय र मातहतका कार्यालयहरूमा आफैं उपस्थित भएर उजुरी दर्ता गर्न सकिन्छ। यसका अतिरिक्त पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका भ्रष्टाचार र आर्थिक अनियमितितासम्बन्धी सार्वजनिक चासोका विषयहरूलाई समेत आयोगले उजुरीका रूपमा ग्रहण गर्ने गरेको छ । आयोगको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कानुन, कार्यविधि तथा आचारसंहितामा आधारित भई कार्यसम्पादन गर्ने गरिन्छ। आयोगको निर्णयअनुसार आर्थिक वर्ष २०७९।८० का उजुरीउपर आयोगबाट भएका छानबिन, अनुसन्धान, अभियोजन, मुद्दा दायर, पुनरावेदन तथा पुनरावलोकनसम्बन्धी भएका आयोगका निर्णयहरूको तथ्यगत र विश्लेषणात्मक विवरण यस खण्डमा प्रस्तुत गरिएको छ।

२.२ उजुरीका माध्यम

आर्थिक वर्ष २०७९/८० मा यस आयोग र आयोगका कार्यालयमा जम्मा २०,९०५ वटा उजुरी दर्ता भएका छन् । यसरी दर्ता भएका उजुरीहरूका माध्यमका आधारमा उजुरीको संख्या तलको तालिका र पाइचार्टमा प्रस्तुत गरिएको छ । जसअनुसार सबैभन्दा बढी (६,७५१) उजुरी लिखित निवेदनबाट भएको देखिन्छ भने त्यस्तैगरी क्रमशः इमेल, वेबसाइट, हुलाक सेवा, टेलिफोनलगायतका माध्यमहरूबाट उजुरी प्राप्त भएको देखिन्छ । सबैभन्दा कम उजुरी एस.एम.एस.बाट ८ वटा मात्र दर्ता भएको देखिन्छ ।

तालिका २.१

आयोग र आयोगका कार्यालयमा दर्ता भएका उजुरीका माध्यमका आधारमा उजुरीहरूको विवरण


क्र.सं.	उजुरीको माध्यम	उजुरी संख्या	क्र.सं.	उजुरीको स्रोत	उजुरी संख्या
१.	लिखित निवेदन	६७५१	६.	समाचारपत्र	३५४
२.	ईमेल	४६३३	७.	भाइबर	१२८
३.	वेबसाइट	४०६९	८.	फेसबुक	१०८

४.	हुलाक सेवा	३३८५	९.	एस.एम.एस.	८
५.	टेलिफोन	१२३२	१०.	अन्य स्रोत	२३७
कुल उजुरी संख्या २०९०५					

उजुरी प्राप्त हुने माध्यमहरूको प्रतिशतका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी उजुरी लिखित निवेदनबाट करिब एक तिहाइ अर्थात् ३२.२९% दर्ता भएको देखिन्छ। त्यस्तै लिखित निवेदनसहित इमेल, वेबसाइट, हुलाक सेवा लगायतका चार वटा माध्यमहरूबाट मात्रै ९०.११% उजुरी आएको देखिन्छ । यसरी हेर्दा उजुरी दर्ता गर्ने माध्यम तुलनात्मक रूपमा टेलिफोन, फेसबुक, भाइबर, एस.एम.एस.हरूभन्दा, लिखित निवेदन, इमेल, हुलाक सेवा र वेबसाइटमार्फत उजुरीकर्तालाई उजुरी गर्न सहज भएको बुझ्न सकिन्छ।

चित्र २.१

आयोग र आयोगका कार्यालयमा दर्ता भएका उजुरीका माध्यमका आधारमा उजुरीको प्रवृत्ति



२.३ उजुरी तथा फछ्यौंट

आर्थिक वर्ष ०७९।८० मा आयोग र मातहत कार्यालयमा दर्ता हुन आएका २०,९०५ उजुरी तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका ७,१६२ गरी जम्मा २८,०६७ उजुरीहरू रहेका छन् । यस अवधिमा कुल १८,७९९ उजुरी फछ्यौंट भएका छन् । कुल उजुरी र फछ्यौंटको विवरण देहायको तालिका तथा Multiple Bar-Diagram मा प्रस्तुत गरिएको छ । जसअनुसार सबैभन्दा बढी उजुरी ४६.६७% अर्थात् करिब आधा उजुरी आयोगको टंगालस्थित कार्यालयमा छन् । मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरी आयोगको कार्यालय, बर्दिबासमा (९.०५%) रहेको छ भने सबैभन्दा कम उजुरी आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जमा (२.८९%) रहेको छ ।


तालिका २.२
आयोगको टंगाल र मातहत कार्यालयमा रहेका उजुरी र फछर्यौटको विवरण

कार्यालय	उजुरीको संख्या		कुल उजुरी संख्या	फछर्यौट संख्या		कुल फछर्यौट भएको संख्या	कार्यालय को उजुरी प्रतिशत	कार्यालय को उजुरी फछर्यौट प्रतिशत
	आ.व. २०७८/७९ बाट जिम्मेवारी सरेको	आ.व. ०७९।८० मा दर्ता भएका		गत आ.व. को जिम्मेवारी सरेको मध्येबाट	चालु आ.व. को जम्मा उजुरीबाट			
अ.दु.अ.आयोग, टंगाल	२७९१	१०३०७	१३०९८	१४७१	८०३७	९५०८	४६.६७	७२.५९
आयोगको कार्यालय, इटहरी	९४४	१४६३	२४०७	६६८	९९६	१६६४	८.५८	६९.१३
आयोगको कार्यालय, बर्दिबास	९१५	१६२६	२५४१	५३४	८६२	१३९६	९.०५	५४.९४
आयोगको कार्यालय, हेटौंडा	४६८	१७२८	२१९६	२९२	१०२४	१३१६	७.८२	५९.९३
आयोगको कार्यालय, पोखरा	४१२	१०३०	१४४२	२६८	७१०	९७८	५.१४	६७.८२
आयोगको कार्यालय, बुटबल	१९६	१३२७	१५२३	१९५	८५६	१०५१	५.४३	६९.०१
आयोगको सम्पर्क कार्यालय, नेपालगंज	२२४	५८८	८१२	१२०	३७९	४९९	२.८९	६१.४५
आयोगको कार्यालय, सुर्खेत	५३५	१५६१	२०९६	२६६	८८६	११५२	७.४७	५४.९६
आयोगको कार्यालय, कञ्चनपुर	६७७	१२७५	१९५२	३७२	८६३	१२३५	६.९५	६३.२७
कुल जम्मा	**७१६२**	**२०९०५**	**२८०६७**	**४१८६**	**१४६१३**	**१८७९९**	**१००**	**६६.९८**

त्यसैगरी फछर्यौटतर्फ, आयोग र आयोगका कार्यालयहरूका फछर्यौट संख्याका आधारमा सबैभन्दा बढी ९,५०८ उजुरीहरूको फछर्यौट आयोगको टंगालस्थित कार्यालयबाट भएका छन् । फछर्यौट प्रतिशतका साथै फछर्यौट संख्याका आधारमा समेत मातहत कार्यालयहरूमध्ये आयोगको कार्यालय, इटहरीबाट ६९.१३% अर्थात १,६६४ उजुरी फछर्यौट भएका छन् । त्यसैगरी फछर्यौट प्रतिशतकै आधारमा सबैभन्दा कम फछर्यौट भने आयोगको कार्यालय, बर्दिवासबाट (५४.९४%) र फछर्यौट संख्याका आधारमा आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्जबाट सबैभन्दा कम ४९९ उजुरी फछर्यौट भएका छन्।

चित्र २.२

आयोग र आयोगका कार्यालयहरूका उजुरी र फछ्यौंटको स्थिति



तीनै तहका सरकारका सम्पूर्ण उजुरीहरूलाई भौगोलिक क्षेत्रका आधारमा विश्लेषण गर्दा बागमती प्रदेशमा रहेका विभिन्न सार्वजनिक निकायहरूका उजुरी सबैभन्दा बढी तथा सुदूरपश्चिम प्रदेशका त्यस्ता निकायहरू विरुद्ध सबैभन्दा कम उजुरीहरू परेको देखिन्छ। यससम्बन्धी विवरण तालिका २.३ तथा चित्र २.३ को पाइचार्टमा देखाइएको छ।


तालिका २.३

भौगोलिक आधारमा प्रदेशगत उजुरीको विवरण

प्रदेश	आ.व. २०७८/७९ बाट जिम्मेवारी सरेको उजुरी संख्या	आ.व. २०७९।८० मा दर्ता भएका उजुरी संख्या	जम्मा उजुरी संख्या	प्रतिशत
कोशी	९२४	१८९३	२८१७	११.०२
मधेस	१८१४	४०१५	५८२९	२२.८१
बागमती	१४४७	५३६०	६८०७	२६.६४
गण्डकी	५३५	१४८३	२०१८	७.९०
लुम्बिनी	५९४	२६६४	३२५८	१२.७५
कर्णाली	५९६	१८१८	२४१४	९.४५
सुदूरपश्चिम	७४९	१६६४	२४१३	९.४४
प्रदेश जम्मा	६६५९	१८८९७	२५५५६	१००
अन्य (गैरकानुनी सम्पत्ति, विश्वविद्यालय आदि)	५०३	२००८	२५११	
कुल जम्मा	**७१६२**	**२०९०५**	**२८०६७**	

चित्र २.३

प्रदेशगत उजुरीको प्रवृत्ति



संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरूमा अलग-अलग रूपमा प्रदेशगत उजुरीलाई विश्लेषण गर्दा प्रत्येक प्रदेशमा स्थानीय तहका निकायविरुद्ध बढी उजुरी परेको देखिन्छ तथापि बागमती प्रदेशमा भने संघीय सरकारका निकायविरुद्ध सबैभन्दा बढी अर्थात औसत उजुरी (१,३०३) भन्दा तेब्बर बढी उजुरी परेका छन् । त्यसपछि क्रमशः संघीय र प्रदेश सरकारका निकायहरू विरुद्ध कम उजुरी परेका छन् यद्यपि कर्णाली र सुदूरपश्चिम प्रदेशमा संघीय निकायका भन्दा प्रदेश सरकारका निकायविरुद्ध बढी उजुरी परेको देखिन्छ । यसरी हेर्दा बागमती प्रदेशमा संघीय निकाय/कार्यालयका उजुरी बढी देखिन्छन् भने अन्य प्रदेशमा स्थानीय तह सम्बन्धित उजुरी सबैभन्दा बढी रहेको देखिन्छ ।

तालिका २.४

संघीय, प्रदेश र स्थानीय तहका प्रदेशगत उजुरीको विवरण

प्रदेश	संघ	प्रदेश	स्थानीय तह	कुल जम्मा	प्रतिशत
कोशी	८३०	३५७	१६३०	२८१७	११.०२
मधेस	१५६८	५२३	३७३८	५८२९	२२.८१
बागमती	४४८१	५४९	१७७७	६८०७	२६.६४
गण्डकी	५९७	३३१	१०९०	२०१८	७.९०
लुम्बिनी	९२९	४८१	१८४८	३२५८	१२.७५
कर्णाली	३४३	४८४	१५८७	२४१४	९.४५
सुदूरपश्चिम	३७३	५६८	१४७२	२४१३	९.४४
प्रदेशगत जम्मा	**९१२१**	**३२९३**	**१३१४२**	**२५५५६**	**१००**
औसत उजुरी	**१३०३**	**४७०**	**१८७७**	**३६५१**	
प्रतिशत	३५.६९	१२.८९	५१.४२	१००	
अन्य (गैरकानुनी सम्पत्ति, विश्वविद्यालय आदि)	२५११			२५१४१	
कुल जम्मा	**११६३२**	**३२९३**	**१३१४२**	**२८०६७**	


संघीय सरकारतर्फका उजुरीको विश्लेषण गर्दा औसत उजुरी १,३०३ रहेको देखिन्छ । बागमती र मधेश प्रदेश बाहेक अन्य प्रदेशमा औसतभन्दा कम उजुरी परेको तालिकाबाट देखिन्छ । उजुरीको आधारमा बागमती प्रदेशका निकायहरू विरुद्ध सबैभन्दा बढी ४,४८१ उजुरी तथा कर्णाली प्रदेशका निकायहरू विरुद्ध सबैभन्दा कम उजुरी ३४३ उजुरी परेको देखिन्छ ।

प्रदेश सरकारतर्फका उजुरीको विश्लेषणबाट औसत उजुरी ४७० रहेको देखिन्छ । कोशी र गण्डकी प्रदेश बाहेक अन्य प्रदेशमा औसतभन्दा बढी उजुरी परेको देखिन्छ । उजुरीको आधारमा सुदूरपश्चिम प्रदेशका निकायहरू विरुद्ध सबैभन्दा बढी ५६८ उजुरी तथा गण्डकी प्रदेशका निकायहरू विरुद्ध सबैभन्दा कम उजुरी ३३१ उजुरी परेको देखिन्छ ।

त्यसैगरी, स्थानीय तहतर्फका उजुरीको विश्लेषणबाट औसत उजुरी १,८७७ रहेको देखिन्छ । मधेस प्रदेशका स्थानीय तहहरू विरुद्ध सबैभन्दा बढी अर्थात औसत उजुरी (१,८७७) भन्दा दोब्बर र गण्डकी प्रदेशका स्थानीय तहहरूको विरुद्ध सबैभन्दा कम उजुरी (१,०९०) जुन औसतभन्दा कम उजुरी परेको देखिन्छ । यससम्बन्धी विवरण तालिका २.४ तथा चित्र २.४(क) र (ख) मा देखाइएको छ।

चित्र २.४ (क)


तीन तहका सरकारका प्रदेशगत उजुरीको प्रवृत्ति



आयोगमा परेका संघ, प्रदेश र स्थानीय तह मातहतका सार्वजनिक निकायहरूका उजुरीहरूलाई तहगत आधारमा विश्लेषण गर्दा उजुरीको आधाभन्दा बढी हिस्सा (५१.४२%) स्थानीय तहसम्बद्ध निकायहरूका विरुद्ध परेको देखिन्छ। त्यस्तै संघीय सरकारमातहतका निकायहरूमा ३५.६९ प्रतिशत र प्रदेश सरकारका निकायहरूमा १२.८९ प्रतिशत उजुरी रहेको देखिन्छ ।

चित्र २.४(ख)

तीन तहका सरकारका उजुरीको प्रवृत्ति




संघीय सरकार मातहतका सार्वजनिक निकायहरूका उजुरीको विश्लेषण गर्दा बागमती प्रदेशमा रहेका संघीय कार्यालयहरू विरुद्ध सबैभन्दा बढी अर्थात् करिब आधा उजुरी परेको देखिन्छ । त्यसपछि मधेस प्रदेश, लुम्बिनी प्रदेश, कोशी प्रदेशमा क्रमशः उजुरीको संख्या घट्दो क्रममा रहेका छन् । तुलनात्मक रूपमा गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा कम उजुरी परेको देखिन्छ । यससम्बन्धी विवरण तालिका २.५ तथा चित्र २.५ मा देखाइएको छ।

तालिका २.५

संघीय सरकारका प्रदेशगत उजुरीको विवरण

प्रदेश	आ.व. २०७८/७९ बाट जिम्मेवारी सरेको उजुरी संख्या	आ.व. २०७९।८० मा दर्ता भएका उजुरी संख्या	जम्मा उजुरी संख्या	प्रतिशत
कोशी	२९८	५३२	८३०	९.१०
मधेस	६४२	९२६	१५६८	१७.१९
बागमती	१०४०	३४४१	४४८१	४९.१३
गण्डकी	१९९	३९८	५९७	६.५५
लुम्बिनी	२४८	६८१	९२९	१०.१९
कर्णाली	१६८	१७५	३४३	३.७६
सुदूरपश्चिम	१११	२६२	३७३	४.०९
प्रदेशगत जम्मा	२७०६	६४१५	९१२१	१००
अन्य (गैरकानुनी सम्पत्ति, विश्वविद्यालय)	५०३	२००८	२५११	
कुल जम्मा	**३२०९**	**८४२३**	**११६३२**	

चित्र २.५
प्रदेशगत उजुरीको प्रवृत्ति




प्रदेश सरकार मातहतका सार्वजनिक निकायहरू विरुद्धका उजुरीहरूलाई प्रदेशगत आधारमा विश्लेषण गर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी (१७.२५%) र गण्डकी प्रदेशमा सबैभन्दा कम (१०.०५%) उजुरी देखिन्छ । बागमती प्रदेश, मधेस प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा उस्तै-उस्तै हाराहारीमा उजुरीहरू रहेको देखिन्छ । यससम्बन्धी विवरण तालिका २.६ तथा चित्र २.६ मा देखाइएको छ।

तालिका २.६
प्रदेश सरकारका प्रदेशगत उजुरीको विवरण

प्रदेश	आ.व. २०७८/७९ बाट जिम्मेवारी सरेको उजुरी संख्या	आ.व. २०७९।८० मा दर्ता भएका उजुरी संख्या	जम्मा उजुरी संख्या	प्रतिशत
कोशी	१४९	२०८	३५७	१०.८४
मधेस	१५६	३६७	५२३	१५.८८
बागमती	७२	४७७	५४९	१६.६७
गण्डकी	८४	२४७	३३१	१०.०५
लुम्बिनी	८४	३९७	४८१	१४.६१
कर्णाली	१३५	३४९	४८४	१४.७०
सुदूरपश्चिम	२४५	३२३	५६८	१७.२५
प्रदेशगत जम्मा	**९२५**	**२३६८**	**३२९३**	**१००**

चित्र २.६
प्रदेशगत उजुरीको प्रवृत्ति




स्थानीय तह मातहतका सार्वजनिक निकायहरू विरुद्धका उजुरीहरूलाई प्रदेशगत आधारमा विश्लेषण गर्दा मधेस प्रदेशमा सबैभन्दा बढी (२८.४४%) र गण्डकी प्रदेशमा सबैभन्दा कम (८.२९%) उजुरीहरू परेको देखिन्छ । अन्य प्रदेशहरूमा भने उस्तै-उस्तै हाराहारीमा उजुरीहरू रहेको देखिन्छ । यससम्बन्धी विवरण तालिका २.७ तथा चित्र २.७ मा देखाइएको छ।

तालिका २.७
स्थानीय तहका प्रदेशगत उजुरीको विवरण

प्रदेश	आ.व. २०७८/७९ बाट जिम्मेवारी सरेको उजुरी संख्या	आ.व. २०७९।८० मा दर्ता भएका उजुरी संख्या	जम्मा उजुरी संख्या	प्रतिशत
कोशी	४७७	११५३	१६३०	१२.४०
मधेस	१०१६	२७२२	३७३८	२८.४४
बागमती	३३५	१४४२	१७७७	१३.५२
गण्डकी	२५२	८३८	१०९०	८.२९
लुम्बिनी	२६२	१५८६	१८४८	१४.०६
कर्णाली	२९३	१२९४	१५८७	१२.०८
सुदूरपश्चिम	३९३	१०७९	१४७२	११.२०
प्रदेशगत जम्मा	**३०२८**	**१०११४**	**१३१४२**	**१००**

चित्र २.७

प्रदेशगत उजुरीको प्रवृत्ति



आयोगमा परेका विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित उजुरीको विश्लेषण गर्दा क्रमशः संघीय मामिला (स्थानीय तहसमेत), शिक्षा (स्थानीय तहसमेत), भूमि प्रशासन, वन तथा वातावरण, भौतिक पूर्वाधार, गृह प्रशासन र स्वास्थ्य तथा जनसंख्या लगायतका क्षेत्रसँग सम्बन्धित उजुरीहरू तुलनात्मक रूपमा बढी रहेका छन् । गैरकानुनी सम्पत्ति आर्जन र नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित उजुरीहरू पनि उल्लेख्य रूपमा परेको अवस्था छ । तालिका २.८ र चित्र २.८(क) र (ख) मा आर्थिक वर्ष ०७९/८० का विभिन्न क्षेत्रहरूसम्बद्ध उजुरीहरूको संख्यात्मक विवरण प्रस्तुत गरिएको छ।

तालिका २.८

क्षेत्रगत उजुरीको विवरण


क्र.सं.	उजुरीको क्षेत्र	आ.व. २०७८/७९ बाट जिम्मेवारी सरेको उजुरी संख्या	आ.व. २०७९।८० मा दर्ता भएका उजुरी संख्या	जम्मा संख्या	प्रतिशत
१.	संघीय मामिला (स्थानीय तहसमेत)	२४९३	७५९७	१००९०	३५.९५
२.	शिक्षा (स्थानीय तहसमेत)	८१३	३२७०	४०८३	१४.५५
३.	भूमि प्रशासन	५५५	११५५	१७१०	६.०९
४.	वन तथा वातावरण	२७७	८८६	११६३	४.१४
५.	भौतिक पूर्वाधार तथा यातायात	३४०	८११	११५१	४.१०
६.	गृह प्रशासन	५९	९४६	१००५	३.५८
७.	स्वास्थ्य तथा जनसंख्या	१६२	७१४	८७६	३.१२
८.	पर्यटन, उद्योग तथा वाणिज्य	१७२	५८८	७६०	२.७१
९.	ऊर्जा, जलस्रोत तथा सिंचाइ	२३३	४९०	७२३	२.५८
१०.	खानेपानी तथा शहरी विकास	२६०	४४४	७०४	२.५१
११.	अर्थ	९३	४३७	५३०	१.८९
१२.	कृषि तथा पशुपन्छी	१५७	२७०	४२७	१.५२

१३.	संचार तथा सूचना प्रविधि	६७	२२३	२९०	१.०३
१४.	नक्कली शैक्षिक प्रमाणपत्र	९०२	७८८	१६९०	६.०२
१५.	गैरकानुनी सम्पत्ति आर्जन	४६४	१५३५	१९९९	७.१२
१६.	अन्य क्षेत्र	११५	७५१	८६६	३.०९
जम्मा		**७१६२**	**२०९०५**	**२८०६७**	**१००

माथिको तालिकाबाट सबैभन्दा बढी ३५.९५% अर्थात एक तिहाई भन्दा बढी उजुरी संघीय मामिला (स्थानीय तह) सम्बन्धित रहेका छन् । त्यसैगरी विद्यालय सम्बन्धित उजुरी शिक्षा (स्थानीय तह) का १४.५५% रहेका छन्, यसरी हेर्दा आधाभन्दा बढी स्थानीय तहसम्बद्ध उजुरी रहेको देखिन्छ । त्यस्तै, भूमि प्रशासन ६.०९% वन तथा वातावरणका ४.१४%, भौतिक पूर्वाधार तथा यातायातका ४.१०%, गृह प्रशासनका ३.५८%, स्वास्थ्य तथा जनसंख्याका ३.१२%, तथा पर्यटन,उद्योग तथा वाणिज्यका २.७१%, ऊर्जा, जलस्रोत तथा सिंचाइका २.५८%, खानेपानी तथा सहरी विकासका २.५१%, अर्थ तथा राजस्व क्षेत्रसँग सम्बन्धित १.८९% उजुरीहरू रहेका छन् ।त्यस्तै, कृषि तथा पशुपक्षीका १.५२%, संचार तथा सूचना प्रविधिका १.०३%, गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ७.१२% र नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित ६.०२% उजुरीहरू पर्न आएका छन् । अन्य विविध विषयहरूसँग सम्बन्धित उजुरीहरू ३.०९% रहेका छन्।

चित्र २.८ (क)


आर्थिक वर्ष ०७९/८० मा उजुरी परेका क्षेत्रहरूको स्थिति



विगत ६ आर्थिक वर्षमा आयोगमा परेका उजुरीहरूको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा बढी उजुरी पर्ने क्षेत्रहरूमा संघीय मामिला (स्थानीय तह), शिक्षा (स्थानीय तह) र भूमि प्रशासन रहेका छन्। संघीय शासन व्यवस्थापछिको पहिलो स्थानीय तह निर्वाचनपश्चात आर्थिक वर्ष २०७४/७५ मा लगभग शिक्षा र संघीय मामिला (स्थानीय तह समेत) का उजुरीहरू बराबरीझै देखिए पनि त्यसपछाडिका पाँच आर्थिक वर्षहरूमा संघीय मामिला (स्थानीय तह) र शिक्षा (स्थानीय तह)तर्फका उजुरीहरूको अन्तर क्रमशः बढ्दो देखिन्छ । शिक्षा (स्थानीय तह) तर्फ र भूमि प्रशासनतर्फ विगत ६ वर्षमा करिब समान अन्तरमा उजुरीहरू परेको देखिन्छ।

चित्र २.८ (ख)

विगत ६ वर्षमा बढी उजुरी परेका क्षेत्रहरूको प्रवृत्ति



२.४ स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट भएको कारबाही

आयोगमा दर्ता हुन आएका उजुरीहरूका सम्बन्धमा तोकिएबमोजिम स्क्रिनिङ, प्रारम्भिक र विस्तृत गरी छानबिन/अनुसन्धानको प्रक्रिया अगाडि बढाउँदै आइरहेको अवस्था छ । उजुरीहरूलाई स्क्रिनिङ तथा प्रारम्भिक छानबिनपश्चात आयोगको निर्णयअनुसार उजुरीमाथि विस्तृत अनुसन्धान गर्ने, तामेलीमा राख्ने वा सम्बन्धित निकायमा लेखी पठाउनेलगायतका कार्यहरू गरिन्छ । प्रारम्भिक छानबिनबाट भ्रष्टाचार भएको हुन सक्ने सम्भावना देखिन आएमा आयोगबाट अनुसन्धान अधिकृत तोकी विस्तृत अनुसन्धानको प्रक्रिया अगाडि बढाइन्छ । आर्थिक वर्ष ०७९।८० मा स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्यौंट भएका उजुरीहरूको संख्यात्मक विवरण तालिका २.९ र चित्र २.९ मा प्रस्तुत गरिएको छ।

तालिका २.९

स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्यौंट भएका उजुरीको विवरण


कार्यालय	कुल उजुरीको संख्या	फछ्यौंट गरिएका उजुरीको संख्या					बाँकी उजुरीको संख्या
		विस्तृत अनुसन्धानमा गएको	तामेली	सुझावसहित तामेली	अन्य कारबाही	कुल फछ्यौंट संख्या	
अ.दु.अ.आयोग, टंगाल	१३०९८	४४०	३३२२	७४	५६७२	९५०८	३५९०
आयोगको कार्यालय, इटहरी	२४०७	१५५	८७३	१४	६२२	१६६४	७४३
आयोगको कार्यालय, बर्दिबास	२५४१	१०७	७८४	१५	४९०	१३९६	११४५
आयोगको कार्यालय, हेटौंडा	२१९६	१११	६१३	०	५९२	१३१६	८८०
आयोगको कार्यालय, पोखरा	१४४२	७४	४२३	२३	४५८	९७८	४६४
आयोगको कार्यालय, बुटवल	१५२३	४६	५२८	२	४७५	१०५१	४७२
आयोगको सम्पर्क कार्यालय, नेपालगंज	८१२	४९	२०६	९	२३५	४९९	३१३
आयोगको कार्यालय सुर्खेत	२०९६	८८	४२९	५	६३०	११५२	९४४
आयोगको कार्यालय, कञ्चनपुर	१९५२	६३	६९१	१०	४७१	१२३५	७१७
जम्मा	**२८०६७**	**११३३**	**७८६९**	**१५२**	**९६४५**	**१८७९९**	**९२६८**

स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट भएको उजुरी फछ्यौंटको तथ्याङ्क हेर्दा आर्थिक वर्ष ०७९।८० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा रहेका १३,०९८ उजुरीहरूमध्ये ९,५०८ अर्थात् ७२.५९% उजुरीहरू फछ्यौंट भएका छन् भने मातहत कार्यालयहरूमा समग्रमा १४,९६९ उजुरीहरूमध्ये ९,२९१ उजुरी फछ्यौंट ६२.०७% रहेको छ । आयोग र मातहत कार्यालयसमेतका कुल उजुरीहरू २८,०६७ मध्ये १८,७९९ उजुरीहरू फछ्यौंट भई समग्र फछ्यौंट ६६.९८% रहेको छ । फछ्यौंट हुन बाँकी रहेका ९,२६८ उजुरीहरू छानबिनका लागि आर्थिक वर्ष २०८०/८१ मा जिम्मेवारी सरेका छन् ।

आयोगमा कुल दर्ता र फछ्यौंट भएका उजुरीहरूको निकायगत/जिल्लागत/प्रदेशगत लगायतका विवरण अनुसूची-४ मा र आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता भएका उजुरीसम्बन्धी विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ ।

चित्र २.९

प्रारम्भिक छानबिनबाट फछ्यौंट उजुरीको प्रतिशत



आर्थिक वर्ष ०७९।८० मा स्क्रिनिङ र प्रारम्भिक छानबिनबाट फछ्यौंट भएका कुल १८,७९९ उजुरीमध्ये ४२% उजुरी तामेलीमा गएका छन् भने ५१% उजुरी उपर अन्य कारबाही भएका छन् । त्यसैगरी १% उजुरी सम्बन्धित निकायमा सुझाव दिई तामेलीमा राखिएका छन् भने ६% उजुरी विस्तृत अनुसन्धानको लागि अगाडि बढाइएको छ ।

उजुरी दर्ता, फछ्यौंट तथा बाँकी उजुरीको संख्यात्मक विवरणसम्बन्धी विगत पाँच वर्षको तथ्याङ्कको तुलनात्मक तालिका २.१० र चित्र २.१० मा प्रस्तुत गरिएको छ।


तालिका २.१०

विगत ५ आर्थिक वर्षमा उजुरी दर्ता, फछ्यौंट र बाँकी उजुरीको विवरण

आर्थिक वर्ष	उजुरी	फछ्यौंट	बाँकी उजुरी
२०७५/७६	२४०८५	१५५२७	८५५८
२०७६/७७	२५१५२	१६९५२	८२००
२०७७/७८	२२६२५	१४५३२	८०९३
२०७८/७९	२४३३१	१७१६९	७१६२
२०७९/८०	**२८०६७**	**१८७९९**	**९२६८**

चित्र २.१०

विगत ५ आर्थिक वर्षमा उजुरी दर्ता, फछर्यौट र बाँकी उजुरीको प्रवृत्ति



विगतका आर्थिक वर्षहरूमा प्राप्त उजुरी र फछर्यौट भएका उजुरीको अनुपात क्रमशः वृद्धि भइरहेको सन्दर्भमा आ.व. २०७७/७८ मा विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारीको कारण उजुरी र फछर्यौट संख्या कम भए तापनि त्यसपछिका आर्थिक वर्षमा उजुरी र फछर्यौट संख्या क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । विगत आर्थिक वर्षको अवस्था हेर्दा प्रत्येक आर्थिक वर्षमा जिम्मेवारी सरेका उजुरीहरूको संख्या घट्दै गएको देखिन्छ । तथापि प्रतिवेदन वर्षमा उजुरी फछर्यौट संख्या बढे तापनि कुल उजुरीको संख्या नै बढेको कारणबाट जिम्मेवारी सरेका उजुरीको संख्या अन्य आर्थिक वर्षभन्दा बढी रहेको देखिन्छ ।

२.५ विस्तृत अनुसन्धान

विगत आर्थिक वर्षबाट जिम्मेवारी सरेका र प्रतिवेदन अवधिमा थप भएका गरी जम्मा ८७८ वटा फाइलहरूको विस्तृत अनुसन्धान सम्पन्न भई आयोगसमक्ष पेस भई निर्णय भएको देखिन्छ । उक्त फाइलहरूमध्ये केही विस्तृत अनुसन्धानतर्फका फाइलहरूमा एकभन्दा बढी निर्णय हुने हुँदा जम्मा ९३७ वटा निर्णय भई थप कारबाही अगाडि बढाइएको छ । आर्थिक वर्ष ०७९/८० मा विस्तृत अनुसन्धानबाट भएको कारबाही विवरण निम्नानुसार रहेको छ :


तालिका २.११

विस्तृत अनुसन्धानबाट भएको कारबाहीको विवरण

क्र.सं.	विवरण	कारबाही संख्या
१.	मुद्दा दायर	१६२
२.	सुझाव	५८
३.	लेखी पठाएको	५
४.	तामेली	६५६
५.	मुल्तबी	२७
६.	अन्य	२९
जम्मा		**९३७**

चित्र २.११

विस्तृत अनुसन्धानबाट भएको कारबाही



आर्थिक वर्ष ०७९/८० मा विस्तृत अनुसन्धान सम्पन्न भई आयोगबाट १६२ वटा आरोपपत्रहरू दायर गर्ने निर्णय भई विशेष अदालतमा दायर भएका छन्। त्यसैगरी सम्बन्धित निकायलाई सुझाव दिएको र लेखी पठाइएको संख्या क्रमशः ५८ र ५ रहेको छ भने ६५६ वटा तामेली जाने, २७ वटा मुल्तबी राख्ने र २९ वटा अन्य निर्णयहरू भएका छन्। अनुसन्धान सम्पन्न भएका उजुरीहरूको निकायगत विवरण अनुसूची-६ मा र विस्तृत अनुसन्धानबाट कारबाही भएका निर्णयहरूको विषयगत संख्यात्मक विवरण अनुसूची-७ मा प्रस्तुत गरिएको छ ।

२.६ आयोगको बैठक र निर्णय

आयोगमा परेका उजुरीउपर विस्तृत अनुसन्धान गर्न तोकिएका अनुसन्धान अधिकृतहरूले तयार गरेको अनुसन्धान प्रतिवेदनलगायत अन्य विषयहरू समेत आयोगको बैठकमा पेस भई छलफलपश्चात निर्णय हुन्छ । आर्थिक वर्ष ०७९।८० मा आयोगको कुल ७८ वटा बैठक बसी विभिन्न विषयहरूमा जम्मा १,२४६ वटा निर्णयहरू भएका थिए। आयोगको बैठकबाट भएका १,२४६ वटा निर्णयहरूसम्बन्धी विवरण तालिका २.१२ मा प्रस्तुत गरिएको छ।

तालिका २.१२

आयोगका निर्णयहरूको विवरण

क्र.सं.	निर्णयको विवरण	निर्णय संख्या
१.	तामेलीमा राख्ने	५९७
२.	सुझावसहितको तामेली	६३

३.	मुद्दा दायर गर्ने	१६२
४.	मुल्तबीमा राख्ने	२७
५.	पुनरावेदन गर्ने	२३८
६.	पुनरावेदन नगर्ने	७२
७.	पुनरावलोकन नगर्ने	५८
८.	विविध	२९
जम्मा		**१,२४६**

आयोगको बैठकबाट भएका जम्मा १२४६ वटा निर्णयहरूमध्ये तामेली ५९७, सुझावसहित तामेली ६३ रहेका छन् । मुद्दा दायर गर्ने १६२, मुल्तबी राख्ने २७, पुनरावेदन गर्ने २३८, पुनरावेदन नगर्ने ७२, पुनरावलोकन नगर्ने ५८ र विविध निर्णय संख्या २९ वटा रहेका छन् । यससम्बन्धी विवरण तलको चित्र २.१२ मा देखाइएको छ ।

चित्र २.१२

आयोगको बैठकबाट भएका निर्णयहरूको चित्र



आर्थिक वर्ष ०७९।८० मा आयोगको बैठकबाट निर्णय भएअनुरूप मुद्दा दायर गरिएको, पुनरावेदन गरिएको, सुझाव दिइएको, आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, तामेली र मुल्तबी राखिएको विवरण यसपछिका खण्डहरूमा क्रमैसँग प्रस्तुत गरिएको छ ।

२.७ मुद्दा दायर/अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेको व्यक्तिउपर भ्रष्टाचारको आरोपसम्बन्धी कारबाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण तथा प्रमाण देखिएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानुनबमोजिम मुद्दा चलाउन अनुसन्धान अधिकृत वा नेपाल सरकारको कुनै अधिकारीलाई आदेश दिन सक्ने व्यवस्था रहेको छ। सो अनुरूप आर्थिक वर्ष ०७९।८० मा १६२ वटा मुद्दाहरू विशेष अदालतमा दायर भएका छन् । विस्तृत अनुसन्धानबाट मुद्दा दायर गर्ने निर्णय भएका उजुरीहरू घुस/रिसवत, शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानुनी लाभ हानि, गैरकानुनी सम्पत्ति आर्जन, राजस्व रकम हिनामिनालगायतका विषयसँग सम्बन्धित रहेका छन् । मुद्दाहरूको विषयगत विवरण, प्रतिवादी बनाइएका व्यक्तिहरूको लैङ्गिक र प्राकृतिक व्यक्तिको विवरण तथा कुल बिगो मागदाबीसम्बन्धी विवरण तालिका नं. २.१३ र चित्र नं.२.१३ मा प्रस्तुत गरिएको छ।


तालिका २.१३

आ.व. ०७९/८० को मुद्दासम्बन्धी दायरको विवरण

क्र.सं.	विषय	मुद्दा (संख्या)	प्रतिवादी (संख्या)				कुल बिगो मागदाबी (रु.)
			पुरुष	महिला	संस्था	जम्मा	
१.	गैरकानुनी लाभ वा हानि	६४	३६३	७६	३	४४२	८९६९६६०४२.९५
२.	घुस (रिसवत)	३२	४१	५	०	४६	५५६३८६०
३.	सार्वजनिक सम्पत्ति हानि नोक्सानी	२७	११४	३७	१	१५२	४८३२२८१०९.४३
४.	गैरकानुनी सम्पत्ति आर्जन	१३	१७	१३	०	३०	२२९२४५९५०.४८
५.	झुटा/नक्कली शैक्षिक प्रमाणपत्र	८	६	२	०	८	०
६.	राजस्व चुहावट/हिनामिना	७	४४	३	२	४९	१३०२१२६७१.३१
७.	विविध	११	३७	२	०	३९	०
जम्मा		**१६२**	**६२२**	**१३८**	**६**	**७६६**	**१७४५२१६६३४.१७**

चित्र २.१३

विषयगत आधारमा मुद्दा दायरको स्थिति



आयोगको तर्फबाट विशेष अदालतमा दायर गरिएका १६२ मुद्दाहरूमध्ये सबैभन्दा बढी ६४ थान मुद्दा गैरकानुनी लाभ हानिसम्बन्धी रहेका छन् भने त्यसपछि घुस रिसवतसम्बन्धी ३२ थान मुद्दा रहेका छन् । त्यसैगरी, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी २७, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी १३, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ८, राजस्व चुहावटसम्बन्धी ७ र विविध विषयका ११ थान रहेका छन्। विशेष अदालतमा दायर गरिएका १६२ थान मुद्दामा ६२२ जना पुरुष, १३८ जना महिला र ६ वटा संस्थालाई समेत प्रतिवादी बनाई कुल ७६६ जनाविरुद्ध जम्मा रू. १,७४,५२,१६,६३४.१७ बिगो मागदाबी लिइएको छ ।

२.७.१ घुस (रिसवत) सँग सम्बन्धित मुद्दाहरू

आ.व.२०७९।८० मा तपसिलबमोजिमका कार्यालय र पदमा कार्यरत राष्ट्रसेवकले घुस (रिसवत) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको र राष्ट्रसेवक तथा अन्य व्यक्तिहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) वा उपदफा (३) बमोजिमको कसुर गरेको अनुसन्धानबाट पुष्टि हुन आएकाले निजहरूउपर तपसिलबमोजिमको बिगो कायम गरी बिगोबमोजिम दफा ३ को उपदफा (१) अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपत्र दायर गरिएको छ।

तालिका २.१४

घुस (रिसवत) सँग सम्बन्धित मुद्दाहरू

क्र.सं.	उजुरीको व्यहोरा	अनुसन्धानबाट पुष्टि भएको व्यहोरा	आयोगको निर्णय मिति/ आरोपपत्र दायर मिति	प्रतिवादी संख्या	प्रतिवादीको नाम, पद र कार्यालय	भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम	
						कसुर/सजाय मागदाबी	बिगो रु.
१	रोल्पाको गंगादेव गाउँपालिकामा प्राविधिक शाखा प्रमुखको रूपमा कार्यरत इन्जिनियर नवीन डाँगीले मोटरबाटो निर्माण योजनामा सेवाग्राहीसँग रु. ५०,०००।- घुस रिसवत लिएको भन्नेसमेत ।	प्रतिवादीले निवेदकहरूसँग घुस/रिसवतबापत रु. ५०,०००।- सेवाग्राहीबाट लिएको तथा निजबाट स्रोत नखुलेको रू ३,५६,५००।- समेत बरामद भएको।	२०७९/०४/०९ २०७९/०४/१२	१	नवीन डाँगी, इन्जिनियर, गंगादेव गाउँपालिका, रोल्पा ।	दफा ३ (१)/ दफा ३ (१) को खण्ड (घ)	४,०६,५००।-
२	जिल्ला कैलाली, मोहन्याल गाउँपालिकाका अधिकृत छैठौं तहका	सामानको बिल भुक्तानी गर्नका निम्ति सेवाग्राहीसँग घुस/रिसवत	२०७९/०४/१९ २०७९/०४/२९	१	दीपेन्द्र बुढाक्षेत्री, अधिकृत छैठौं,	दफा ३ (१)/ दफा	४४,०००।-

	दीपेन्द्र बुढाक्षेत्रीले रकम भुक्तानी दिने क्रममा सेवाग्राहीसँग रु. ३०,०००।— घुस/रिसवत मागेको भन्नेसमेत।	माग गरी रु.१४,०००।— बैंक खातामा ट्रान्सफर गर्न लगाएको र रु. ३०,०००।— निजको साथबाट बरामद भएको ।			मोहन्याल गाउँपालिका, कैलाली ।	३ (१) को देहाय (ख)	
३	कम्प्युटर बिलिङको सफ्टवेयर स्वीकृतिको लागि सेवाग्राहीसँग रु. ३०,०००।- घुस रिसवत लिएको भन्नेसमेत ।	कम्प्युटर बिलिङको सफ्टवेयर स्वीकृतिका लागि सेवाग्राहीसँग लिएको घुस रिसवत साथबाट बरामद भएको।	२०७९/०५/२०, २०७९/०५/२७	१	बिन्दु श्रेष्ठ प्रधान, कम्प्युटर अधिकृत, आन्तरिक राजस्व कार्यालय, महाराजगंज काठमाडौं ।	दफा ३/ दफा ३ (१), दफा ३ (१) को देहाय (ख)	३०,०००।-
४	खानेपानीको धारा जडान गर्नका लागि घुस/रिसवत लिएको भन्नेसमेत ।	प्रतिवादीको साथबाट घुस/रिसवत बरामद भएको ।	२०७९/०५/२३, २०७९/०५/२९	१	गणेशबहादुर खुलाल, सिनियर प्लम्बर, काठमाडौं उपत्यका खानेपानी लिमिटेड ।	दफा ३ (१)/ दफा ३ (१) को खण्ड (क)	५०००।-
५	म्याग्दी जिल्लाको पुनहिलमा प्याराग्लाइडिङ सञ्चालन गर्न अनुमतिपत्र (लाइसेन्स) लिनका लागि	म्याग्दी जिल्लाको पुनहिलमा प्याराग्लाइडिङ सञ्चालन गर्न अनुमतिपत्र लिने क्रममा	२०७९/०५/३० २०७९/०६/०२	२	प्रमोद नेपाल, उपसचिव, संस्कृति, पर्यटन	दफा ३ (१)/ दफा ३ (१), दफा	६,००,०००।-

	घुस/रिसवत माग गरेको भन्नेसमेत ।	रु.६,००,०००।- घुस/रिसवत लिई प्रतिवादी सवार रहेको सवारी साधनबाट बरामद भएको ।			तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं ।	३ (१) को देहाय (ङ)	
					हरिभक्त श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, बि.बि. एयरवेज प्रा.लि.।	दफा ५ (१)/ दफा २२	
६	यातायात व्यवस्था कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा भाडाको मिनी बसको बिलबुक, जाँचपास र रुटपर्मिट नवीकरण गर्नका लागि घुस रिसवत लिई भ्रष्टाचार गरेको भन्नेसमेत।	प्रतिवादी दीपक बमको साथबाट रु.३,०००।—बरामद भएको ।	२०७९/०६/०९ २०७९/०६/३०	२	दीपक बम, मेकानिकल इन्जिनियर, यातायात व्यवस्था कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।	दफा ३(१)/ दफा ३ (१) को खण्ड (क)	३,०००।-
					नीरकबहादुर शाही, बिचौलिया ।	दफा ३ (२) दफा ३ (१) को खण्ड (क)	१०,३६०।-

७	भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंका कार्यालय सहयोगी (पाँचौं तह) ले निवेदकसँग मोही लगत कट्टा गर्ने निर्णय प्रक्रियामा सहयोग गरेको बहाना बनाई घुस/रिसवत माग गरेको भन्नेसमेत ।	प्रतिवादीले निवेदकसँग घुस/रिसवतबापत लिएको रु. ५,०००।- रकम बरामद भएको । साथै, खानतलासी गर्ने क्रममा बरामद भएको रकम रु.३,१८,६००।- मध्ये रु.२,६१,०००।- को स्रोत तथा प्रयोजन पुष्टि गर्न नसक्दा सो रकम समेत सेवाग्राहीहरूबाट घुस/रिसवतबापत लिएको देखिएको ।	२०७९/०७/२३ २०७९/०७/२४	१	होमनाथ खतिवडा, कार्यालय सहयोगी (पाँचौं स्तर), भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार ।	दफा ३ (१)/दफा ३(१) को खण्ड (घ)	२,६६,०००।-
८	कम्प्युटर अपरेटर संजयप्रसाद यादवले रोक्का रहेको जग्गा फुकुवा गर्न सहजीकरण गरिदिने भनी निवेदकसँग घुस/रिसवत माग गरेको भन्नेसमेत ।	प्रतिवादीको साथबाट बरामद भएको रु.६०००।- र मिति २०७९।०६।३१ गते समेत रु.५०००।— लिएको गरी जम्मा रु.११,०००।- घुस/रिसवत लिई भ्रष्टाचारजन्य कार्य गरेको ।	२०७९/०८/०८ २०७९/०९/२२	१	संजयप्रसाद यादव, कम्प्युटर अपरेटर, जिल्ला प्रशासन कार्यालय, पर्सा ।	दफा ३ (१)/ दफा ३ (१) को देहाय (क)	११,०००।-

९	इन्छिनगाउँ लिफ्ट खानेपानी आयोजनाको काम उपभोक्ता समितिमार्फत भएकोमा भुक्तानीका लागि बार्गेनिङ गरी रु.२८,००,०००।- घुस रिसवत लिएको र स्रोत नखुलेको रु.९,३०,००० गरी जम्मा रु.३७,३०,०००।- सहित नियन्त्रणमा लिएको भन्नेसमेत।	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, रामेछापका इन्जिनियर प्रतिवादी नवराज सत्याल र प्लम्बर बखतबहादुर थापाको साथबाट रु. २८,००,०००।- बरामद भएको।	२०७९/०८/१९, २०७९/०८/२६	२	नवराज सत्याल, इन्जिनियर, खानेपानी तथा सरसफाइ डिभिजन नं. ४, मन्थली, रामेछाप।	दफा ३ (१) को देहाय (छ)/दफा ३	२८,००,०००।-
					बखतबहादुर थापा, प्लम्बर, खानेपानी तथा सरसफाइ डिभिजन नं. ४, मन्थली, रामेछाप ।	दफा ३ (१) को देहाय (छ)/दफा ३	२८,००,०००।-
१०	सीमा प्रहरी चौकी, लग्मा, जटही, धनुषाका प्रहरी नायब निरीक्षक देवकीलाल चौधरीले सेवाग्राहीसँग घुस/रिसवत लिएको भन्नेसमेत ।	प्रतिवादीको साथवाट रु. ९,०००।— बरामद भएको।	२०७९/०८/२६, २०७९/०९/०३	१	देवकीलाल चौधरी, प्रहरी नायब निरीक्षक, सीमा प्रहरी चौकी, लग्मा जटही, धनुषा ।	दफा ३ (१) ऐ. ऐनको दफा ३ (१) को देहाय (क) र दफा ३	९०००।-

११	भारतको ठुटीबारीबाट महेशपुर भन्सार हुँदै सामग्रीहरू ल्याउने क्रममा सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा बेस क्याम्प, सेमरी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) का सशस्त्र प्रहरी मुख्तार देवानले घुस लिएको भन्नेसमेत।	प्रतिवादीको साथवाट सेवाग्राहीसँग लिएको रु.७,०००।—वरामद भएको ।	२०७९/१०/१६, २०७९/१०/०४	१	मुख्तार देवान, प्रहरी जवान, सुरक्षा बेस क्याम्प, सेमरी, नवलपरासी ।	दफा ३ (१) को खण्ड (क)	७,०००।-
१२	मालपोत कार्यालय, ताप्लेजुङ्गका तत्कालीन मालपोत अधिकृत लेखा पनेरु महतले उजुरीकर्ताको नाममा रहेको जग्गा अंश छुट्याई दाखिल खारेज गरिदिने प्रयोजनका लागि घुस/रिसवत लिएको व्यहोराको सम्मानित विशेष अदालतमा दर्ता भएको मुद्दामा सरकारी साक्षीका रूपमा पेस भएकी भावना महतले प्रतिकूल बकपत्र गरेको भन्नेसमेत ।	विशेष अदालतमा दर्ता भएको घुस रिसवत मुद्दामा घुसबापतको रकम दिने निवेदिकालाई सरकारी साक्षीको रूपमा पेस गरिएकोमा निजले विशेष अदालतमा सरकारी साक्षीको विपरीत प्रतिकूल बकपत्र गरेको।	२०७९/१०/१६, २०७९/१०/१८	१	भावना महत, मतियार ।	दफा ३, (१) र दफा ३, (१) को (घ)/ दफा २२	७५,०००।-
१३	आयोगबाट शुरु विशेष अदालतमा दायर भएको मुद्दामा सरकारी साक्षीका रूपमा पेस गरिएको बद्री	विशेष अदालतमा दायर भएको मुद्दामा सरकारी साक्षीका रूपमा पेस गरिएका साक्षीहरूले सरकारी	२०७९/११/०४, २०७९/११/०५	३	रत्नप्रसाद आचार्य, अध्यक्ष, कोइरालाटार	दफा ३ (३)/दफा ३ (१), दफा ३	८५,०००।-

	आचार्य भन्ने समुन्द्र आचार्य, चिरञ्जिवी आचार्य र रत्नप्रसाद आचार्यले प्रतिकूल बकपत्र गरेको भन्नेसमेत।	साक्षीको विपरीत प्रतिकूल बकपत्र गरेको पुष्टि हुन आएको ।			सिंचाइ जलउपभोक्ता समिति	(१) (ग)	
					चिरञ्जिवी आचार्य, अध्यक्ष तथा बद्री आचार्य भन्ने समुद्र आचार्य, सचिव इन्द्रावती बगर करिडोर आयोजनाको कोइरालाटार धुसेनिफाँट तथा बस्ती संरक्षण उपभोक्ता समिति ।	दफा ३ (३)/दफा ३ (१), दफा ३ (१) (ख)	२९,०००।-
					बद्री आचार्य भन्ने समुन्द्र आचार्य, सचिव	दफा ३ (३)/दफा ३ (१), दफा ३ (१) (ख)	२९,०००।-

१४	जिल्ला सप्तरी शम्भुनाथ नगरपालिका वडा नं. ७ भगवतपुरमा रहेको बुद्धिलाल विद्या मुनर नमुना विद्यालयको सभा हल निर्माण कार्यका लागि बिल बनाई दिने भनी सेवाग्राहीसँग रु. १,४०,०००।- घुस रिसवत लिएको भन्नेसमेत ।	प्रतिवादीको साथबाट सेवाग्राहीले उजुरीमा उल्लेखित रकम बरामद भएको ।	२०७९/११/१२, २०७९/११/१७	२	जितेन्द्रप्रसाद गुप्ता, नगरप्रमुख, शम्भुनाथ नगरपालिका ।	दफा ३ (१)/ दफा ३(१) (घ)	१,४०,०००।-
					रामचन्द्र साह, इन्जिनियर, शम्भुनाथ नगरपालिका ।	दफा ३ (१)/दफा३ (१) (घ)	१,४०,०००।-
१५	प्रतिवादी शिवनारायण यादव भएको घुस रिसवत मुद्दामा सरकारी साक्षीको रूपमा पेस भएका साक्षीले शुरु विशेष अदालतसमक्ष गरेको सरकारी साक्षीको विपरीत प्रतिकुल वकपत्र गरेको भन्ने समेत ।	प्रतिवादीले सरकारी साक्षीको रूपमा शुरु विशेष अदालतसमक्ष प्रतिकूल बकपत्र गरेको ।	२०७९/११/१८, २०७९/११/२६	१	बेचन यादव मगरदैता, सञ्चालक, बाबा कृष्णाराम पशु फार्म ।	दफा ३ (१) (क)/दफा ३	२१,०००।-
१६	वैदेशिक रोजगार विभाग, बुद्धनगर काठमाडौंको अनुसन्धान तथा मुद्दा शाखाका नायब सुब्बा पदमा कार्यरत प्रमोद पाण्डेले वैदेशिक रोजगार कसुरको मुद्दा मिलापत्र भएपश्चात रोक्का भएको बैंक सुचारु गर्नका	निज प्रतिवादीको साथबाट रु. ३०,०००।- बरामद भएको।	२०७९/११/१८, २०७९/१२/०८	१	प्रमोद पाण्डे, नायब सुब्बा, वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाडौं ।	दफा ३ (१) (ख)/दफा ३ (१)	३०,०००।-

	लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्नेसमेत ।						
१७	खाँडादेवी बेभरेज प्रा.लि. दर्ता गरी व्यवसाय सञ्चालन गर्न अनुज्ञापनपत्र दिने प्रयोजनको लगि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौंमा कार्यरत खाद्य अनुसन्धान अधिकृतले सेवाग्राहीसँग घुस/रिसवत माग गरी लिएको भन्नेसमेत ।	प्रतिवादीका साथबाट खाँडादेवी बेभरेज प्रा.लि.बाट खानेपानीको जार तथा मिनरल वाटर भरी बिक्री वितरणसमेत गर्ने प्रयोजनको लागि अनुज्ञापत्र दिन सेवाग्राहीसँग लिएको घुस/रिसवत रकम रु.१५०,०००।—बरामद भएको।	२०७९/११/३०, २०८०/०१/१५	१	योगेन्द्र ढुंगेल, खाद्य अनुसन्धान अधिकृत, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौं ।	दफा ३ (१) (घ)	१,५०,०००।-
१८	सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा बेस क्याम्प, बिष्णुपुरा, रुपन्देहीका सशस्त्र प्रहरी सहायक हवल्दार नगेन्द्र सेनले सेवाग्राहीसँग ट्याक्ट्ररमा माटो ओसारपसार गर्ने क्रममा घुस/रिसवत माग गरिरहेको भन्नेसमेत।	प्रतिवादीले सेवाग्राहीसँग सडक निर्माण गर्ने क्रममा माटो ओसारपसार गर्दा सहजीकरण गरिदिने भनी लिएको रु.२०,०००।— बरामद भएको।	२०७९/१२/२४, २०८०/०१/०३	१	नगेन्द्र सेन, सशस्त्र प्रहरी सहायक हवल्दार, सशस्त्र प्रहरी बल नेपाल ।	दफा ३ (१)/दफा ३ (१) (क)	२०,०००।-
१९	भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीका नायब सुब्बा रामकृष्ण पण्डित र भू-सेवाकेन्द्र, जलेश्वर, महोत्तरीका लेखापढी	प्रतिवादीले दाखिल खारेज गरी जग्गाधनी पुर्जासमेत दिलाई दिने प्रयोजनका लागि सेवाग्राहीसँग लिई लेखापढी व्यवसायीलाई राख	२०७९/१२/२७, २०८०/०१/०७	२	रामकृष्ण पण्डित, नायब सुब्बा, भूमिसुधार तथा मालपोत कार्यालय	दफा ३ (१)	९,०००।-

	व्यवसायी शुभाषचन्द्र लाल कर्णले जग्गा नामसारी गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्नेसमेत।	दिएको रु. ९०००।— बरामद भएको।			जलेश्वर ।		
					शुभाषचन्द्र लाल कर्ण, लेखापढी व्यवसायी, भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर ।	दफा ३ (१), दफा २२	९,०००।-
२०	पोखरा महानगरपालिका वडा नं. २८, वडा कार्यालयमा सव-इन्जिनियर पदमा कार्यरत प्रविन वि.क.ले सेवाग्राहीसँग जग्गाको ग्रेड मिलाई बाटो बनाइदिन र जग्गा मूल्यवान पार्न भनी निवेदकसँग रु.१५,०००।- घुस/रिसवत माग गरी लिएको भन्नेसमेत।	प्रतिवादीले सेवाग्राहीबाट लिएको रु.१५०००।— बरामद भएको।	२०८०/०१/०७, २०८०/०१/२५	१	प्रविन बि.क., सब-इन्जिनियर, पोखरा महानगरपालिका, वडा नं. २८, वडा कार्यालय ।	दफा ३ (१)/दफा ३ (१) को (क)	१५,०००।-
२१	ललितपुर महानगरपालिकाको शिक्षा शाखामा कार्यरत सातौं अधिकृत शेषकान्त पौडेलले सरुवा सहजीकरण गरिदिएबापत सेवाग्राहीसँग रु. एक लाख घुस/रिसवत लिएको भन्नेसमेत।	प्रतिवादीको साथवाट सरुवा गर्न सहजीकरण गरी दिएबापत निवेदकले दिएको रू. एक लाख घुस/रिसवत बरामद भएको।	२०८०/०१/१४, २०८०/०१/२०	१	शेषकान्त पौडेल, अधिकृत सातौं, ललितपुर महानगरपालिका, ललितपुर ।	दफा ३ (१)/दफा ३ (१) (ग)	१,००,०००।-

२२	जनकपुरधाम उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष अर्जुनकुमार चौधरी र वडा सचिव माधवकुमार रायले जग्गा दर्ता कायम गर्ने सर्जमिन मुचुल्काको रोहबरमा दस्तखत गर्न सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्नेसमेत ।	प्रतिवादीवाट जग्गा दर्ता नामसारी गर्ने प्रक्रियामा सर्जमिन मुचुल्काको रोहबरमा सहीछाप गर्नका लागि सेवाग्राहीसँग लिएको रु.५०,०००।— बरामद भएको।	२०८०/०१/२८, २०८०/०२/१२	२	अर्जुनकुमार चौधरी, वडा अध्यक्ष, जनकपुर उप-महानगरपालिका।	दफा ३ (१)/दफा ३ (१) देहाय (ख)	५०,०००।-
					माधवकुमार राय, वडा सचिव, जनकपुर उप-महानगरपालिका।	दफा ३ (१)/दफा ३ (१) देहाय (ख)	५०,०००।-
२३	बर्जु गाउँपालिकाका इन्जिनियर अजयकुमार मेहतालेघर नक्सा पासका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्नेसमेत।	प्रतिवादीले सेवाग्राहीसँगबाट लिएको रु.२०,०००।— बरामद हुन आएको ।	२०८०/०१/२८, २०८०/०२/१०	१	अजयकुमार मेहता, इन्जिनियर, बर्जु गाउँपालिका, सुनसरी ।	दफा ३ (१)/दफा ३ (१) को देहाय (क)	२०,०००।-
२४	शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत अनन्तपाणि मरासिनी र सोही गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष भीमबहादुर यादवले उत्खनन गरी घाटगद्दीमा रहेको नदीजन्य पदार्थको बिक्री	प्रतिवादीहरूले अर्का प्रतिवादी बिनोद भरलाई घुस/रिसवतवापत लिन लगाएको रकम रु.५०,०००।- बरामद भएको।	२०८०/०२/०८, २०८०/०३/११	३	अनन्तपाणि मरासिनी, प्रमुख प्रशासकीय अधिकृत, शुद्धोधन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,	दफा ३ (१) (ख), दफा ३ (१)/दफा ३	५०,०००।-

	आदेशको म्याद थप तथा बिक्री आदेश दिने प्रयोजनका लागि सेवाग्राहीसँग रु.५०,०००।— घुस/रिसवत माग गरेको भन्नेसमेत।				रुपन्देही ।		
					भीमबहादुर यादव, वडाध्यक्ष, शुद्धोधन गाउँपालिका, ७ नं. वडा कार्यालय, रुपन्देही ।	दफा ३ (१) (ख), दफा ३ (१)/दफा ३	५०,०००।-
					बिनोद भर, बिचौलिया शुद्धोधन गाउँपालिका, रुपन्देही ।	दफा ३ (१), दफा ३ (१) (ख) दफा २२/दफा ३	५०,०००।-
२५	इलाका प्रहरी कार्यालय, मिर्चैया, सिरहाको मुद्दा शाखामा कार्यरत प्रहरी सहायक निरीक्षक सचिनकुमार भदैसवारले जाहेरी दर्ता गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने।	प्रतिवादीले सेवाग्राहीसँग लिएको रु.९,०००।— बरामद भएको।	२०८०/०२/१८, २०८०/०३/०५	१	सचिनकुमार भदैसवार, तत्कालीन प्रहरी सहायक निरीक्षक, इलाका प्रहरी कार्यालय, मिर्चैया, सिरहा ।	दफा ३ (१) (क)	९,०००।-

२६	उद्योग विभाग, औद्योगिक सम्पत्ति शाखा त्रिपुरेश्वरमा कार्यरत शाखा अधिकृत कुमारी तारा घिमिरे र कार्यालय सहयोगी दीपा थापाले कम्पनीको ट्रेडमार्क दिन सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने।	प्रतिवादीले कार्यालय सहयोगीमार्फत सेवाग्राहीसँगको मिलेमतोमा लिएको रु.१२,०००।- बरामद भएको।	२०८०/०२/१८, २०८०/०३/११	२	कुमारी तारा घिमिरे, शाखा अधिकृत, उद्योग विभाग, त्रिपुरेश्वर।	दफा ३ (१)	१२,०००।-
					दीपा थापा, कार्यालय सहयोगी, उद्योग विभाग, त्रिपुरेश्वर।	दफा ३ (१)	१२,०००।-
२७	मालपोत कार्यालय, बारामा कार्यरत खरिदार रामविश्वास साह र कलैया उपमहानगरपालिकाका गौरीशंकर कुमार कुशवाहाले जग्गा रजिष्ट्रेसन पास गर्नका लागि सेवाग्राहीसँग रु.१५,०००।— घुस/रिसवत माग गरिरहेको भन्नेसमेत।	प्रतिवादीले गौरीशंकर कुमार कुशवाहमार्फत लिएको रकम रू १५,०००।— बरामद भएको ।	२०८०/०२/१८, २०८०/०२/२९	२	रामविश्वास साह, खरिदार, भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बारा ।	दफा ३ (१)	१५,०००।-
					गौरीशंकर कुमार कुशवाह, मतियार, भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बारा ।	दफा २२/दफा ३ (१), दफा २२	१५,०००।-

२८	जिल्ला काठमाडौं, नापी कार्यालय, मनमैंजुका नापी सर्भेक्षक रमेश उपरकोटी र लेखापढी व्यवसायी अविशेक कार्कीले जग्गाको कित्ताकाट गरी राजीनामा पास गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरेको ।	प्रतिवादीले लेखापढी व्यवसायीमार्फत सेवाग्राहीसँग लिएको रु.१,७५,०००।— बरामद भएको।	२०८०/०२/२२, २०८०/०३/१७	२	रमेश उपरकोटी, नापी सर्भेक्षक, नापी कार्यालय, मनमैंजु ।	दफा ३ (१)	१,७५,०००।-
					अविशेक कार्की, लेखापढी व्यवसायी, नापी कार्यालय, मनमैंजु ।	दफा ३ (२)/दफा ३ (१) (घ), दफा ३ (१)	१,७५,०००।-
२९	जिल्ला प्रहरी कार्यालय, महोत्तरी, जलेश्वरका प्रहरी नायब निरीक्षक (लेखापाल) विनोद विष्टले नेपाल पुलिस स्कुल बेलचौतारा, तनहुँको भवन निर्माणको म्याद थप तथा भुक्तानी प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीबाट घुस/रिसवत माग गरी लिएको ।	प्रतिवादीको साथबाट रु.२,००,०००।— बरामद भएको ।	२०८०/०३/१३, २०८०/०३/२०	१	विनोद विष्ट, प्रहरी नायब निरीक्षक, जिल्ला प्रहरी कार्यालय, महोत्तरी ।	दफा ३ (१) (घ)	२,००,०००।-
३०	राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाडौंमा कार्यरत मेडिकल ल्याब टेक्नोलोजिस्ट लेखनाथ भट्टराईले	प्रतिवादीले सेवाग्राहीबाट लिएको रु.५०,०००।— बरामद भएको।	२०८०/०३/१८, २०८०/०३/२१	१	लेखनाथ भट्टराई, मेडिकल ल्याब टेक्नोलोजिस्ट,	दफा ३ (१)/ दफा ३ (१) को	५०,०००।-

	ल्याब दर्ता प्रक्रिया अगाडि बढाउन सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग रु. १,००,०००।- घुस/रिसवतबापतको रकम माग गरेको ।				राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाडौं ।	देहाय (ख)	
३१	जिल्ला सप्तरी अग्निसाइर कृष्णासवरन गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष सब्दुल मियाँले श्री हिरावती आधारभूत विद्यालयको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत निर्माणाधीन ४ कोठे भवनको अन्तिम भुक्तानी अगाडि बढाउन आवश्यक सिफारिसका लागि रु.२,२५,०००।- को बार्गेनिङ गरी रु.१,५०,०००।- घुस/रिसवत माग गरेको भन्नेसमेत ।	प्रतिवादी वडा अध्यक्षले सहजकर्तामार्फत लिएको रू.५०,०००।— बरामद हुन आएको ।	२०८०/०३/१८, २०८०/०३/२१	१	सबदुल मियाँ, वडाध्यक्ष, ५ नं. वडा कार्यालय ।	दफा ३(१)/दफा ३(१) को देहाय (ख)	५०,०००।-
३२	जिल्ला धनुषा, नगराइन नगरपालिका वडा नं. २ मा पूर्वाधार कार्यालय धनुषाबाट विनियोजित बजेटबाट	प्रतिवादी अमृत नारायण मिश्रको साथबाट सेवाग्राहीमार्फत लिएको रु.७०,०००।— बरामद हुन	२०८०/०३/१९, २०८०/०३/२२	२	बुलन यादव, वडा अध्यक्ष, नगराइन नगरपालिका, २ नं.	दफा ३(१)/ दफा ३(१) (ग)	७०,०००।-

	निर्माण भएको सडकको कार्य सम्पन्न भएको सिफारिस गरिदिएबापत सोही वडाका वडा अध्यक्ष बुलन यादवले रु.७०,०००।- वडा सचिवलाई दिनुहोस् भनी घुस/रिसवत माग गरेको भन्नेसमेत ।	आएको ।			वडा कार्यालय ।		
					अमृत नारायण मिश्र, वडा सचिव, नगराइन नगरपालिका, २ नं. वडा कार्यालय ।	दफा ३(१)/ दफा ३(१) (ग)	७०,०००।-

२.७.२ झुटा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेका मुद्दाहरू

निम्नलिखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत कर्मचारीहरूले अनुचित लाभ लिने उद्देश्यले सुरु नियुक्ति र बढुवाका लागि पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरूका सम्बन्धमा आ.व.२०७९।८० मा अनुसन्धान हुँदा झुटा प्रमाणपत्र पेस गरेको तथ्य प्रमाणित हुन आई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा परिभाषित कसुर गरेको देखिएकाले निजहरूलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा व्यवस्थित हदैसम्मको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपत्र दायर गरिएको छ। सि.न. ५ का मथुरा चौधरीको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) का साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८/३५ तथा दफा ३६ बमोजिम आरोपत्र दायर गरिएको छ ।

तालिका २.१५

झुटा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेका मुद्दाहरू

क्र.सं.	उजुरीको व्यहोरा	अनुसन्धानबाट पुष्टि भएको व्यहोरा	आयोगको निर्णय मिति/ आरोपपत्र दायर मिति	प्रतिवादी संख्या	प्रतिवादीको नाम, पद र कार्यालय	भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम	
						कसुर/सजाय मागदाबी	बिगो रु.
१	तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिभिजन नं. २, ओखलढुङ्गाका सवइन्जिनियरको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली	Diploma in Civil Engineering का प्रमाणपत्रहरू, लब्धांकपत्र, चारित्रिक प्रमाणपत्र र ट्रान्सक्रिप्ट नक्कली बनाई तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिभिजन नं. २, ओखलढुङ्गामा पेस गरी २०७६ भाद्रदेखि २०७७ असार मसान्तसम्म राष्ट्रसेवकको रूपमा	२०७९/०४/१९, २०७९/०४/२५	१	श्री रामबाबु यादव, सवइन्जिनियर तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिभिजन नं. २,	दफा १६ (१)/ दफा १६	

	भएको भन्नेसमेत ।	बहाल भई लाभ र सुविधा लिएको।			ओखलढुङ्गा ।		
२	ने.रा. कन्या प्रा.वि., भेडिहरवा, पर्साका शिक्षक उर्मिला देवीको म्याट्रिक सर्टिफिकेट तहको शैक्षिक प्रमाणपत्र नक्कली रहेको र सोही प्रमाणपत्रका आधारमा शिक्षक पदमा करार नियुक्ति भई सरकारी लाभ लिएको भन्नेसमेत ।	प्रतिवादीले भारत बिहार विद्यालय परीक्षा समिति, पटनाबाट जारी भएको भनी झुटा विवरणको HS नक्कली लब्धांकपत्र तथा प्रव्रजन प्रमाणपत्र र तत्कालीन जिल्ला शिक्षा कार्यालय, पर्साबाट जारी भएको भनी झुटा अस्थायी अध्यापन अनुमतिपत्र पेस गरी शिक्षक पदमा नियुक्ति लिई मिति २०६६।११।०२ गतेदेखि २०६७।०३।२५ गतेसम्स उक्त विद्यालयमा हाजिर गरी अध्यापनसमेत गरेको।	२०७९/०५/०६, २०७९/०५/३१	१	उर्मिला देवी, शिक्षक, ने.रा. कन्या प्रा.वि., भेडिहरवा ।	दफा १६ (१)/ दफा १६	
३	दार्मा गाउँपालिकामा कार्यरत तत्कालीन करार सवइन्जिनियर विष्णु रोकायको सवइन्जिनियरसम्बन्धी सम्पूर्ण मार्कसिटहरू नक्कली भएको भन्नेसमेत।	प्रतिवादीले शौक्षिक योग्यताको झुटा (नक्कली) प्रमाणपत्र पेस गरी सरकारी लाभ र सुविधा लिएको।	२०७९/०५/२०, २०७९/०५/२९	१	विष्णु रोकाय, सवइन्जिनियर, जिल्ला सल्यान, दार्मा गाउँपालिका ।	दफा १६ (१)/दफा १६	
४	धनगढी उप-महानगरपालिका वडा नं. ९, स्थित श्री शिव	प्रतिवादीले Board of Secondary Education, Delhi बाट जारी भएको सन् २०१० मा एउटै तहका दुई ओटा माध्यमिक शिक्षा (कक्षा १०)	२०७९/०५/२७, २०७९/०६/०७	१	गीता सोडारी, प्राथमिक तृतीय राहत शिक्षक, श्री	दफा १६ (१)/दफा १६	

	निम्नमाध्यमिक विद्यालय देवरिया कैलालीमा कार्यरत प्राथमिक तहमा कार्यरत राहत शिक्षक गीता सोडारीको प्रमाणपत्र नक्कली भएको भन्नेसमेत ।	उत्तीर्ण सरहका शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली बनाई आफ्नो योग्यता ढाँटी झुटा प्रमाणपत्र पेस गरी शिक्षक पदमा कार्यरत रहेको।			शिव माध्यमिक विद्यालय देवहरिया, कैलाली ।		
५	राष्ट्रिय उच्च माध्यमिक विद्यालय खैलाड, कैलालीका शिक्षक मथुरा चौधरीले पेस गरेको बी.एड.को शैक्षिक प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत ।	प्रतिवादीले स्नातक तहको नक्कली Transcript, Provisional Certificate, Character Certificate हरू पेस गरी माध्यमिक तहको स्थायी शिक्षक पदमा नियुक्त भई कार्य गरेको ।	२०७९/०७/२४, २०७९/०८/१८	१	मथुरा चौधरी राष्ट्रिय उच्च माध्यमिक विद्यालय खैलाड, कैलाली ।	दफा १६(१), अ.दु.अ.आयोग ऐन, २०४८ दफा १८/ दफा ३५ र दफा ३६	
११८	०७७-CR-००४२	२०७९।०२।११	२०७९।०५।३०	२०७९।०६।०७	उमेश महतोचौहान	१	०७९-CR-०६३०
११९	०७६-CR-०१६१	२०७९।०१।१२	२०७९।०५।३०	२०७९।०६।०७	जटाशंकरप्रसाद कलवार	१	०७९-CR-०६१५
१२०	०७६-CR-०२८५	२०७९।०२।१०	२०७९।०६।०९	२०७९।०६।२६	बटुकृष्ण अधिकारी, शुभासप्रसाद श्रेष्ठ, देवीबहादुर थापा, वसन्तकुमार सुवेदी, दिनेशकुमार वानिया, मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता र राहुलकुमार गुप्ता	८	०७९-CR-०६१७
१२१	०७५-CR-००७३	२०७९।०१।२५	२०७९।०६।०९	२०७९।०६।३१	भानु जोशी, मनोज श्रेष्ठ, राजेशकुमार यादव, नवराज के.सी., प्रेमबहादुर चुवाई, हरिबहादुर खड्का, दिपेन्द्रबहादुर विष्ट, कार्मातेन्जिङ तामाङ्ग, गोविन्द गैरे, कृष्णदेब यादव, सुमित रौनियार र हरिनारायण प्रसाद रौनियार	१२	०७९-CR-०६२१
१२२	०७५-CR-०३२५	२०७९।०१।२५	२०७९।०७।१७	२०७९।०७।२१	संजीवकुमार कर्ण, नरहरिप्रसाद घिमिरे, लक्ष्मणप्रसाद पौडेल, पुर्णचन्द्र वस्ती, तिलकराजन चौलागाई, गणेशप्रसाद उपाध्याय, सरोज अधिकारी, इन्द्रहरि पौडेल, भागिरथ आचार्य, रविता श्रेष्ठ, गुरुदल गौतम, बालराम पोखरेल र प्रविण कुवर	१३	०७९-CR-०६६७
१२३	०७६-CR-०४११	२०७९।०३।०९	२०७९।०७।२४	२०७९।०७।२८	सिताराम घिमिरे	१	०७९-CR-०७५५

१२४	०७७-CR-००१०	२०७९।०३।०९	२०७९।०७।२४	२०७९।०७।२९	सिद्धराज जोशी	१	०७९-CR-०७८२
१२५	०७६-CR-०२२०	२०७९।०२।१९	२०७९।०७।२४	२०७९।०७।२९	जयनेपाल थापा	१	०७९-CR-०७८३
१२६	०७६-CR-०१०८	२०७९।०३।१०	२०७९।०७।२४	२०७९।०७।२९	नेत्रप्रसाद लामिछाने र देवीप्रसाद गौतम	२	०७९-CR-०७८५
१२७	०७७-CR-००७१	२०७९।०३।३०	२०७९।०७।२४	२०७९।०७।२९	सुरेन्द्र अधिकारी	१	०७९-CR-०७९०
१२८	०७७-CR-००२३	२०७९।०३।१६	२०७९।०७।२४	२०७९।०७।२९	कृष्णहरि वाग्ले	१	०७९-CR-०७८६
१२९	०७६-CR-००३४२	२०७९।०२।१९	२०७९।०७।२४	२०७९।०७।२९	चित्रबहादुर के.सी. र कमलप्रसाद पौडेल	२	०७९-CR-०७८७
१३०	०७६-CR-०२८३	२०७९।०३।०३	२०७९।०७।२१	२०७९।०७।२९	प्रकाश तिवारी	१	०७९-CR-०७८८
१३१	०७६-CR-०१८४	२०७९।०३।२४	२०७९।०७।२१	२०७९।०७।२९	नारायणराज मिश्र र भाइकाजी गौतम	२	०७९-CR-०७८४
१३२	०७६-CR-०११२	२०७९।०३।१०	२०७९।०७।२१	२०७९।०७।२९	लोकराज जोशी	१	०७९-CR-०७८९
१३३	०७५-CR-०१३१	२०७९।०३।०७	२०७९।०७।२४	२०७९।०८।०१	प्रदिपकुमार ठाकुर र राजकुमार ठाकुर	२	०७९-CR-०७९९
१३४	०७७-CR-००३१	२०७९।०२।२०	२०७९।०७।२४	२०७९।०८।०१	बिजय राना र अनिलकुमार झा	२	०७९-CR-०७९८
१३५	०७५-CR-००८१	२०७९।०२।१३	२०७९।०७।२१	२०७९।०८।०१	सुरेशठाकुर हजाम, अनिता ठाकुर, सन्तोष ठाकुर हजाम, बलराम उपाध्याय र मिनाक्षी सिन्हा	५	०७९-CR-०७९७
१३६	०७७-CR-०११८	२०७९।०३।०९	२०७९।०७।२८	२०७९।०८।०६	रमेश ढकाल	१	०७९-CR-०८०१
१३७	०७७-CR-००१७	२०७९।०२।०६	२०७९।०७।२८	२०७९।०८।०६	कृष्णप्रसाद जैसी र किशोरकुमार मोक्तान	२	०७९-CR-०८०२
१३८	०७६-CR-०४२२	२०७९।०३।०९	२०७९।०८।०८	२०७९।०८।१६	खेमराज चौधरी	१	०७९-CR-०८३१
१३९	०७७-CR-००४०	२०७९।०२।२५	२०७९।०८।१४	२०७९।०८।१९	शिबशंकर महतो	१	०७९-CR-०८४४
१४०	०७७-CR-०००९	२०७९।०३।१०	२०७९।०८।१४	२०७९।०८।१९	हुकुमबहादुर ओली	१	०७९-CR-०८५०
१४१	०७७-CR-००८२	२०७९।०३।३०	२०७९।०८।१४	२०७९।०८।१९	हरिचन्दन ठाकुर र अरुणकुमार यादव	१	०७९-CR-०८४९
१४२	०७५-CR-०२३१	२०७९।०२।२७	२०७९।०८।१४	२०७९।०८।२५	लालु गिरी, रामबहादुर दाहाल, माधवप्रसाद खनाल, राजुप्रसाद श्रेष्ठ र छविलाल ढकाल	५	०७९-CR-०८६३
१४३	०७४-CR-००५०	२०७९।०४।०९	२०७९।०८।१४	२०७९।०८।२५	भगवान भट्टराई र गणेशकुमार पोखरेल	२	०७९-CR-०८८४

१४४	०७५-CR-०३५५	२०७९।०५।१९	२०७९।०८।१९	२०७९।०८।२७	मनोजकुमार वि.क., सनद खतिवडा, गंगाबहादुर घिमिरे, लिलाबहादुर घिमिरे र दिपेन्द्रराज पाण्डे	५	०७९-CR-०८७९
१४५	०७७-CR-००४५	२०७९।०३।०९	२०७९।०८।१९	२०७९।०८।२७	राजेशबहादुर दुलाल र लुद्रबहादुर के.सी.	२	०७९-CR-०८७६
१४६	०७६-CR-०११५	२०७९।०२।०६	२०७९।०८।१९	२०७९।०८।२७	छेदिलालसाह सोनार	१	०७९-CR-०८७७
१४७	०७६-CR-००३८	२०७९।०२।०४	२०७९।०८।१९	२०७९।०८।२७	हरिप्रसाद चौधरी, विशेश्वरप्रसाद साहु, आनन्दलाल प्रसाद साह, कमलप्रसाद सिटौला र टेकप्रसाद ओझा	५	०७९-CR-०८७५
१४८	०७६-CR-०१०१	२०७९।०३।१०	२०७९।०८।१९	२०७९।०८।२७	रामऔतार चौधरी र रामप्रसाद राना	२	०७९-CR-०८७८
१४९	०७६-CR-०१५३	२०७९।०२।१३	२०७९।०८।१९	२०७९।०८।२७	सन्दिप पौडेल र विक्रम बस्नेत	२	०७९-CR-०८७६
१५०	०७५-CR-०३४५	२०७९।०२।१७	२०७९।०८।१९	२०७९।०८।२७	लालकुमार झा , पवन कुमार महतो र गेहुप्रसाद डगौरा	३	
१५१	०७५-CR-०१३९	२०७९।०३।०७	२०७९।०८।२६	२०७९।०९।०३	घनश्याम दुवे, शौकातअलि खाँ, बलराम श्रेष्ठ , धनेशचन्द्रगु रुङ र अन्जनी बानीयाँ	५	०७९-CR-०८९७
१५२	०७६-CR-०२३८	२०७९।०४।३०	२०७९।०८।२६	२०७९।०९।०३	राजकुमार गोइत, विश्वनाथप्रसाद यादव, हरि मण्डल, भागवत यादव, कृष्णकुमार यादव र वीरेन्द्रकुमार मण्डल	६	०७९-CR-०८९८
१५३	०७५-CR-०२७१	२०७९।०५।२०	२०७९।०९।०४	२०७९।०९।०७	गोविन्दराज ओझा, गोपाल सेटी र राजा थारु	३	०७९-CR-०९३१
१५४	०७४-CR-००६२	२०७९।०७।०८	२०७९।०९।०४	२०७९।०९।०७	केदार शर्मा, केशवराज जोशी, विरेन्द्रसिंह वडाल, डण्डीराज पाण्डे र नविनकुमार दुबे	५	०७९-CR-०९३२
१५५	०७६-CR-०३१	२०७९।०४।२३	२०७९।०९।०४	२०७९।०९।०७	दधिराम गुरागाई, मनोज घिमिरे, कृष्णकुमार नेपाल, रामप्रसाद भट्टराई राजेन्द्र धिमाल, पुष्कर प्रसाद,रत्नदेवी लिम्बु र गोविन्द कोइराला	८	०७९-CR-०९३३
१५६	०७६-CR-०३२१	२०७९।०५।१६	२०७९।०८।२९	२०७९।०९।०७	डोमा शेर्पा	१	

१५७	०७५-CR-०३१०	२०७९।०५।०६	२०७९।०९।०४	२०७९।०९।१८	भरत सिंहऐर, केशव नाथ कट्टेल, राजेशकुमार के.सी. र मन्जु ताराशाक्य ताम्राकार	४	०७९-CR-०९५३
१५८	०७६-CR-०३७५	२०७९।०३।०९	२०७९।०९।०७	२०७९।०९।१९	सन्तमाया श्रेष्ठ	१	०७९-CR-०९७७
१५९	०७६-CR-०२०५	२०७९।०२।०५	२०७९।०९।०७	२०७९।०९।१९	मनिषकुमार महतो, हरिशंकर शर्मा र भीमप्रसाद आचार्य	३	०७९-CR-०९७३
१६०	०७६-CR-००७६	२०७९।०२।०५	२०७९।०९।०७	२०७९।०९।१९	भरतप्रसाद उपाध्याय, राधिका देवी शर्मा	२	०७९-CR-०९७६
१६१	०७६-CR-०२०९	२०७९।०५।२९	२०७९।०९।०७	२०७९।०९।१९	नरेन्द्रबहादुर भाट, नरवहादुर वोहरा, मिनबहादुर वोहरा, मधुरीदेवी वोहरा र तेजबहादुर वोहरा	५	०७९-CR-०९७५
१६२	०७६-CR-००४८	२०७९।०२।०५	२०७९।०९।०७	२०७९।०९।१९	हरीशंकर शर्मा, भीमप्रसाद आचार्य र रघुनाथ रेग्मी	३	०७९-CR-०९७४
१६३	०७७-CR-००७९	२०७९।०३।३१	२०७९।०९।०७	२०७९।०९।१९	धनेश्वर प्रसाई, सुरेशप्रसाद नेपाल र सुदर्शन न्यौपाने	३	०७९-CR-०९७८
१६४	०७६-CR-०००६	२०७९।०२।२७	२०७९।०९।१८	२०७९।०९।२१	दिवजंग शाही	१	०७९-CR-०९९३
१६५	०७५-CR-०१९५	२०७९।०२।२७	२०७९।०९।१८	२०७९।०९।२१	लालु गिरी	१	०७९-CR-०९९१
१६६	०७७-CR-००६२	२०७९।०३।०२	२०७९।०९।१८	२०७९।०९।२१	सिकन्दरप्रसाद कानु	१	०७९-CR-०९९२
१६७	०७६-CR-०४१४	२०७९।०३।०९	२०७९।०९।१८	२०७९।०९।२२	विश्वनाथ कुर्मी	१	०७९-CR-१०००
१६८	०७६-CR-०३३५	२०७९।०३।३०	२०७९।०९।१८	२०७९।०९।२२	रामअशिष यादव	१	०७९-CR-०९९५
१६९	०७६-CR-०१७९	२०७९।०३।३१	२०७९।०९।१८	२०७९।०९।२२	उमेशकुमार साह		०७९-CR-०९९६
१७०	०७८-CR-	२०७९।०३।३०	२०७९।०९।१८	२०७९।०९।२२	अजरुदिन राईन	१	०७९-CR-१००१
१७१	०७६-CR-००११	२०७९।०२।२५	२०७९।०९।१८	२०७९।०९।२२	प्रा.डा.राजकुमार रौनियार र डा. रामहरी रौनियार	२	०७९-CR-१००३
१७२	०७७-CR-००५१	२०७९।०३।३०	२०७९।०९।१८	२०७९।०९।२२	समिर भन्ने धन बहादुर तामाङ र रामानन्द चौधरी	२	०७९-CR-०९९७
१७३	०७६-CR-०३९२	२०७९।०६।२५	२०७९।०९।१८	२०७९।०९।२२	विस्नाकुमारी साउँद	१	०७९-CR-१००२
१७४	०७७-CR-०००६	२०७९।०३।३१	२०७९।०९।१८	२०७९।०९।२२	रामविश्वास राय यादव	१	०७९-CR-०९९८

१७५	०७६-CR-०२२७	२०७९।०३।०३	२०७९।०९।१८	२०७९।०९।२२	सरोजकुमार यादव	१	०७९-CR-०९९९
१७६	०७७-CR-००४६	२०७९।०४।१२	२०७९।०९।२१	२०७९।०९।२८	पर्वत पौडेल	१	०७९-CR-१०२०
१७७	०७६-CR-०२०१	२०७९।०२।१८	२०७९।०९।२१	२०७९।०९।२८	सुशील बुढाथोकी र ज्ञानबहादुर कार्की	२	०७९-CR-१०२१
१७८	०७७-CR-०१२०	२०७९।०३।३०	२०७९।०९।२१	२०७९।०९।२८	शोभिता साह	१	०७९-CR-१०२२
१७९	०७६-CR-०२७३	२०७९।०३।१०	२०७९।०९।२१	२०७९।०९।२८	रामनरेश पासवान	१	०७९-CR-१०१९
१८०	०७५-CR-०३११	२०७९।०३।०२	२०७९।१०।०५	२०७९।१०।११	टिकाराम कामी	१	०७९-CR-१०६९
१८१	०७६-CR-०१४९	२०७९।०५।२८	२०७९।१०।०५	२०७९।१०।११	नविन्चन्द्र झा, दिलचन्द्र राई र खगेन्द्र बस्नेत	३	०७९-CR-१०६७
१८२	०७६-CR-०४२९	२०७९।०२।१९	२०७९।१०।०५	२०७९।१०।११	रामविश्वास मुखिया र निरणुन पासवान (दुसात)	२	०७९-CR-१०६८
१८३	०७५-CR-०३५३	२०७९।०४।१८	२०७९।१०।०५	२०७९।१०।१३	प्रकाशमान जैशी, याम बहादुर घर्तिमगर, गोकर्णप्रसाद उपाध्याय र अशोकप्रसाद तिवारी	४	०७९-CR-१०७३
१८४	०७७-CR-००९६	२०७९।०३।०९	२०७९।१०।०५	२०७९।१०।१३	पुजा कार्की र अजुनप्रसाद सापकोटा	२	०७९-CR-१०७२
१८५	०७६-CR-०१६२	२०७९।०५।२२	२०७९।१०।०५	२०७९।१०।१३	देवराज ढकाल, लक्ष्मी श्रेष्ठ र दीपकप्रसाद ज्ञवाली	३	०७९-CR-१०७०
१८६	०७६-CR-००२९	२०७९।०२।३१	२०७९।१०।०५	२०७९।१०।१३	किशोर यादव र माधबप्रसाद यादव	२	०७९-CR-१०६१
१८७	०७७-CR-००८१	२०७९।०३।२४	२०७९।१०।१६	२०७९।१०।२२	कर्णबहादुर बुढाथोकी	१	०७९-CR-१११०
१८८	०७६-CR-०३००	२०७९।०२।०३	२०७९।१०।१६	२०७९।१०।२२	बलबहादुर कठायत	१	०७९-CR-१११९
१८९	०७७-CR-००१६	२०७९।०३।२३	२०७९।१०।१६	२०७९।१०।२२	विश्वनाथप्रसाद लोध र महेन्द्रप्रसाद यादव	२	०७९-CR-१११३
१९०	०७७-CR-००९७	२०७९।०३।२३	२०७९।१०।१६	२०७९।१०।२२	मनोजकुमार खनाल र बद्रिप्रसाद बडाल	२	०७९-CR-१११२

१९१	०७५-CR-०११५	२०७९।०२।३०	२०७९।१०।१९	२०७९।१०।२४	गंगाधर पौडेल, धर्मराज रोकाय, नारायणप्रसाद पोखरेल, उमेशमान जोशी, आशिष महर्जन, पुष्पाकला राई, जीतबहादुर मगर, निरजकुमार मानन्धर, पुण्यप्रसाद खरेल, राजनप्रसाद लम्साल र प्रकाशविक्रम मिश्र	११	०७९-CR-११२१
१९२	०७६-CR-०२५२	२०७९।०८।१६	२०७९।११।१२	२०७९।११।१५	नारायण चौधरी र जयप्रसाद रेग्मी	२	०७९-CR-११९५
१९३	०७६-CR-०१७२	२०७९।०३।२०	२०७९।११।१२	२०७९।११।२३	दिनेश अर्याल, जीवनाथ पोखरेल, संजीवकुमार साह,राजकुमार यादव, मोहनप्रसाद यादव, सुरेशलाल श्रेष्ठ र गोपाल श्रेष्ठ	७	०७९-CR-१२२३
१९४	०७६-CR-०२३७	२०७९।०५।२७	२०७९।११।१२	२०७९।११।२३	दिपिका रेग्मी, प्रेमहरी ढुंगेल, गोपाल गिरी, सलिल रेग्मी,महेश्वर मरहठ्ठा, तारानाथ पाण्डे, रमेशराज विष्ट र प्रकाश घतानी	८	०७९-CR-१२२२
१९५	०७६-CR-०४०२	२०७९।०४।१९	२०७९।११।१२	२०७९।११।२३	पुर्णबहादुर तामाङ, विष्णुदयाल चौधरी, अवधेश राय, सोनाम तामाङ र राजकुमार गुरुङ्	५	०७९-CR-१२२४
१९६	०७५-CR-०२९७	२०७९।०५।१९	२०७९।११।१२	२०७९।११।२३	खगेन्द्रखवास भुजेल र निर्मल वाग्ले	२	०७९-CR-१२२५
१९७	०७७-CR-००८०	२०७९।०७।२४	२०७९।११।१८	२०७९।११।२६	सरवनकुमार बस्नेत	१	०७९-CR-१२५२
१९८	०७७-CR-०१२७	२०७९।०७।२४	२०७९।११।१८	२०७९।११।२६	ताराकुमारी श्रेष्ठ, अनिस जोशी र राम खड्का	३	०७९-CR-१२५३
१९९	०७५-CR-०३२७	२०७९।०५।१०	२०७९।११।२६	२०७९।११।२९	बद्री भण्डारी	१	०७९-CR-१२६५
२००	०७७-CR-००१५	२०७९।०३।०३	२०७९।११।२६	२०७९।११।२९	गजेन्द्रप्रसाद जयसवाल	१	०७९-CR-१२६७
२०१	०७६-CR-०३६१	२०७९।०४।१२	२०७९।११।२६	२०७९।११।२९	चेतनाथ भारती	१	०७९-CR-१२६४
२०२	०७६-CR-०२०६	२०७९।०३।२८	२०७९।११।२६	२०७९।११।२९	मेघनाथ रेग्मी	१	०७९-CR-१२६६

२०३	०७६-CR-०१२९	२०७९।०३।१३	२०७९।१२।०९	२०७९।१२।१०	कमल प्र.पराजुली, मनहरी बराल, तोरण पराजुली, दिनेश के.एम., भोज प्रकाश न्यौपाने, रोशन गौतम, पदम प्रसाद बजगाई, शैलेन्द्र ढकाल, मनोजकुमार पोखरेल, चक्रबहादुर श्रेष्ठ, जगदिशचन्द्र नेपाली, विजय सापकोटा र बिरसिङ्ग भण्डारी	१३	०७९-CR-१३३९
२०४	०७५-CR-०१०७	२०७९।०२।१६	२०७९।१२।०६	२०७९।१२।१२	सुरेन्द्रबहादुर थापा	१	०७९-CR-१३४२
२०५	०७५-CR-०१०५	२०७९।०७।१५	२०७९।१२।०९	२०७९।१२।१७	विनोदकुमार सिंह, गितादेवी सिंह, अनुपकुमार सिंह र अचलकुमार सिंह	४	०७९-CR-१३७३
२०६	०७६-CR-०१२७	२०७९।०९।१२	२०७९।१२।१३	२०७९।१२।१९	कादिर बाबु देवान	१	०७९-CR-१३७६
२०७	०७५-CR-०१३७	२०७९।०७।१७	२०७९।१२।०६	२०७९।१२।१९	केशवप्रसाद नेउपाने, राजेन्द्रप्रसाद फुयाल, अग्नि घिमिरे, डिल्लिराम कोइराला, जयचन्द्रराज खड्का, लक्ष्मणप्रसाद भट्टराई, विजयभक्त श्रेष्ठ, कैदराज लिम्बु र चन्द्रप्रसाद खनाल	९	०७९-CR-१४३१
२०८	०७५-CR-०१२३	२०७९।०३।०५	२०७९।१२।०९	२०७९।१२।२१	विक्रम पाण्डे, युवराज क्षेत्री भनिने युव बहादुर क्षेत्री, उद्धवराज चौलागाई, हेमनिधी शर्मा, अरुणकुमार चौधरी, दिलिपबहादुर कार्की, सरोजचन्द्र पण्डीत, सुर्यदेवथापा क्षेत्री, योगेन्द्र मिश्र, श्यामबहादुर कार्की, सुशिलचन्द्र देवकोटा, कृष्ण प्र.सुवेदी, प्रेमराज घिमिरे, विरसिंह धामी, प्रकाशबहादुर कार्की, मिनराज ढकाल, रविनाथबाबु श्रेष्ठ, आशिषचन्द्र खनाल, कमलप्रसाद रेग्मी, सर्वदेव प्रसाद र रमेश बस्नेत	२१	०७९-CR-१३९६

२०९	०७६-CR-०१७६	२०७९।०७।२२	२०७९।१२।०६	२०७९।१२।२२	कमलप्रसाद दाहाल, तेजनारायण चौधरी, हिरा कटुवाल र जानुका आलेमगर	४	०७९-CR-१४०४
२१०	०७६-CR-०१२६	२०७९।०९।१२	२०७९।१२।२०	२०७९।१२।२४	मनोजकुमार झा	१	०७९-CR-१४२६
२११	०७५-CR-०२०४	२०७९।०८।२७	२०८०।०१।०७	२०८०।०१।१३	टिकाराम रेग्मी र छविराम शर्मा	२	०७९-CR-१५४२
२१२	०७६-CR-०३६२	२०७९।०५।१५	२०८०।०१।११	२०८०।०१।१४	डा. बलराम थापा र रेवतीरमण निरौला	२	०७९-CR-१५४५
२१३	०७६-CR-०१८०	२०७९।०९।०१	२०८०।०१।११	२०८०।०१।१४	कृष्णबहादुर बस्नेत र नविनकुमार गौली	२	०७९-CR-१५४४
२१४	०७६-CR-०१८१	२०७९।०९।०१	२०८०।०१।११	२०८०।०१।१४	कृष्णबहादुर बस्नेत, नविनकुमार गौली, सविता गौली बस्नेत, शकुन्तला गौली र सुलभ गौली	५	०७९-CR-१५४३
२१५	०७५-CR-०१३१६	२०७९।०८।२६	२०८०।०१।१४	२०८०।०१।१९	अखिलेन्द्रकुमार यादव,जवाहरलाल झा र जयचन्द्रप्रसाद जयसवाल	३	०७९-CR-१५७२
२१६	०७८-CR-००२६६	२०७९।०९।१७	२०८०।०१।११	२०८०।०१।२०	दुर्गाप्रसाद पोखरेल, खेमप्रसाद काफ्ले र राजेश पोखरेल	३	०७९-CR-१५७४
२१७	०७५-CR-०२२२	२०७९।०९।२८	२०८०।०१।१४	२०८०।०१।२१	राजनारायण पाठक र लम्बोदरकुमार न्यौपाने	२	०७९-CR-१५८३
२१८	०७५-CR-०३४८	२०७९।०६।०४	२०८०।०२।०८	२०८०।०२।१२	चैतन्यप्रसाद शर्मा, चिन्तामणी पोखरेल, गोविन्द ढकाल र ताराप्रकाश पौडेल	४	०७९-CR-१६९८
२१९	०७७-CR-००३९	२०७९।०३।०३	२०८०।०१।२१	२०८०।०२।१२	शिवचन्द्रकेवट सहनी	१	०७९-CR-१७०८
२२०	०७६-CR-००७१	२०७९।०१।२२	२०८०।०१।२८	२०८०।०२।१२	अविनाश कुँवर	१	०७९-CR-१७००

२२१	०७६-CR-०१५६	२०७९।०९।२६	२०८०।०१।२८	२०८०।०२।१२	आनन्दकेशरी पोखरेल, बासुदेव पोखरेल, मुरारी मिश्र, नवराज थापा, राममणी पोखरेल, इश्वरराज रेग्मी, शम्भु प्रसाद थपलिया, धर्मराज ढुंगाना, बाबुलाल रेग्मी, चक्र बहादुर श्रेष्ठ, पदमप्रसाद पोखरेल, बासुदेव तिवारी, भरतकुमार थापा, सिताराम खनाल, भविन्द्र कार्की, बच्चु प्रसाद पोखरेल, स्थानेश्वर ढुंगाना, कमल कुमार खत्री, मदन गिरी, प्रेमराज निरौला, राधाकृष्ण पोखरेल, सत्यबहादुर भण्डारी, शिवप्रसाद चापागाई, उमाकान्त जोशी, सुर्य बज्राचार्य, संजिव न्यौपाने, कविता खडका, रन्जु सेन पाण्डे, बाबुकृष्ण महत, बद्रीप्रसाद दाहाल, कोषबहादुर थापा, माधवप्रसाद कोइराला,मणिराम कोइराला, प्रतिभा न्यौपाने क्षेत्री, रघुनाथ के.सी., रामप्रसाद भट्टराई, तिर्थराज जैशी र तुलसा श्रेष्ठ (अधिकारी)	३८	०७९-CR-१६९७
२२२	०७८-CR-००७१	२०७९।०६।०४	२०८०।०१।२८	२०८०।०२।१२	केशवप्रसाद घिमिरे, राजेश्वर न्यौपाने, टेकनाथ ढकाल,परशुराम कोइराला र बच्चुराम पाण्डे	५	०७९-CR-१६९९
२२३	०७६-CR-०१५९	२०७९।०७।१७	२०८०।०२।०८	२०८०।०२।१७	दुर्गा पौडेल,चन्द्रदेव ठाकुर, गजेन्द्रप्रसाद कुर्मी र ममताकुमारी गुप्ता	४	०७९-CR-१७२१
२२४	०७६-CR-०१५८	२०७९।११।१७	२०८०।०२।०८	२०८०।२०।१७	दुर्गादत्त पौडेल, सदन कुमारकर्ण, चन्द्रदेव ठाकुर, शेष अब्बास, सवरुन खातुन र आरिफ हुसेन	६	०७९-CR-१७२२

२२५	०७६-CR-०२७७	२०७९।१२।०६	२०८०।०२।०८	२०८०।०२।१७	कैलाश थापा, निरन्जन पाखिन, सुरेन्द्रबहादुर तितजु, लिलबहादुर पाण्डे,दलबहादुर श्रेष्ठ र बाबुलाल जोशी	६	०७९-CR-१७२३
२२६	०७६-CR-०३३७	२०७९।०७।१६	२०८०।०२।०८	२०८०।०२।१७	मोतिप्रसाद न्यौपाने, देवराज भुषाल र राम कुमारी के.सी. भन्ने रामकला के.सी.	३	०७९-CR-१७२४
२२७	०७५-CR-०३४४	२०७९।१०।२५	२०८०।०२।०४	२०८०।०२।१७	दलबहादुर सिंह ठकुरी	१	०७९-CR-१७२५
२२८	०७६-CR-००२५	२०७९।१०।२४	२०८०।०२।१८	२०८०।०२।२३	विष्णुकुमार राई, शंभुप्रसाद शर्मा भन्ने शम्भु प्रसाद शर्मा र अरुणकुमार रन्जितकार	३	०७९-CR-१७५५
२२९	०७४-CR-०२१३	२०७९।१०।१९	२०८०।०१।२८	२०८०।०२।२४	भोजराज पोखरेल, सुन्दरकुमार कार्की, उमेशकुमार पोखरेल, दिव्यराज घिमिरे, रामबाबुप्रसाद अर्याल, प्रमोद भट्टराई, लक्ष्मणप्रसाद खतिवडा, चेतनाथ ढकाल, तिर्खाराम अर्याल, शिवराम पुडासैनी, राजेन्द्र बस्नेत, होमबहादुर विष्ट, राजु थापा, काजिलाल श्रेष्ठ, हरिभक्त श्रेष्ठ, भाईलाल श्रेष्ठ, टिकानारायण श्रेष्ठ, मोहनमाया श्रेष्ठ, हरिनारायण श्रेष्ठ, हरिलाल श्रेष्ठ, चेतबहादुर मिजार, श्रीकृष्ण नगरकोटी, पुरुषोतम थापा श्रेष्ठ, घनश्याम कार्की, प्रेमबहादुर कार्की, रामहरी ढकाल, रामबाबु ढकाल, रामेश्वर ढकाल, धर्म महर्जन, श्यामबहादुर मिजार, काजिलाल श्रेष्ठ, भरत कारजित, मदनबहादुर थापा, श्यामसुन्दर दाहाल, विश्वनाथ लामिछाने, कृष्ण प्रसाद लामिछाने,	५७	०७९-CR-१७६७

					रामप्रसाद लामिछाने, उमादेवी गुरुवाचार्य, उज्ज्वल थापा श्रेष्ठ, लिलाकुमारी रेग्मी धिताल, दुर्गालाल श्रेष्ठ, धुर्वराम श्रेष्ठ, मोतिराम श्रेष्ठ, रामगोपाल डँगोल, धनबहादुर महर्जन, रामकृष्ण डँगोल, नरबहादुर दोचे, गम्बिर बहादुर चौकीदार दोचे, शान्ति वैध, रामकृष्ण श्रेष्ठ, बहत्तमगोपाल श्रेष्ठ, नारायणीदेवी श्रेष्ठ, प्रेमबहादुर के.सी., श्रीधर देवकोटा, सुशिलाराम दामु, रामकेशरी श्रेष्ठ र भाइलाल श्रेष्ठ		
२३०	०७८-CR-००३६	२०७९।०९।२१	२०८०।०२।२५	२०८०।०२।३२	नेत्रबहादुर भण्डारी, विष्णुप्रसाद पोखरेल, दुर्गाप्रसाद पाण्डे, पुष्करदिप बुढा, विनित जोशी, जोशी विजहाउस प्रा.ली. , नेपाल इन्भायरमेन्टल एण्ड साइन्टिफिक सर्भिसेज प्रा.लि., सलिल देवकोटा, सुनिल बाबुखत्री, महेन्द्रकुमार ढुागा, भोलानाथ चौधरी र मनोज आचार्य	५	०७९-CR-१८०९
२३१	०७७-CR-०१२४	२०७९।१०।२५	२०८०।०२।३२	२०८०।०३।०६	शिवबहादुर गुरुङ, गंगाबहादुर घले, सुजन अंगाई र अमरबहादुर गुरुङ	४	०७९-CR-१८३९
२३२	०७६-CR-०१४५	२०७९।१२।२३	२०८०।०२।३२	२०८०।०३।०६	चिरन्जिवी थापा र गोमा कट्टेल थापा	२	०७९-CR-१८४०
२३३	०७७-CR-००४८	२०७९।०९।०१	२०८०।०२।३२	२०८०।०३।०७	सत्यजीवकुमार सिंह, टुनालाल कर्ण, शीतल रिमाल, सुचना तिमल्सिना, घनश्याम झा र ललितनारायण झा	६	०७९-CR-१८४९
२३४	०७६-CR-०१२१	२०७९।०९।२५	२०८०।०३।०७	२०८०।०३।१०	सत्यदेवठाकुर भन्ने सत्यदेव प्र. हजाम र जितेन्द्रकुमार मिश्र	२	०७९-CR-१८६२

२३५	०७८-CR-००७८	२०७९।१०।२६	२०८०।०३।०७	२०८०।०३।२२	गणेशदत्त ओझा, नवल सिंरावल, न्युवडिमालिका निर्माण सेवा, मकरबहादुर शाह, पुजादेवीबुढा मगर, देविदत्त उपाध्याय,नविनपुन मगर, खरप्रसाद अधिकारी, देविलाल हौजाली मगर, नन्दराम गिरी, विशालकुमार पहराई, टेकबहादुर बोगटी, टिकाराम भण्डारी, राधिका दमाई र तारा शर्मा	१५	०७९-CR-१९९६
२३६	०७६-CR-०२३९	२०७९।१०।२४	२०८०।०३।०७	२०८०।०३।२२	कहरसिंह नेपाली	१ ※	०७९-CR-१९९५
२३७	०७५-CR-०१६८	२०७९।११।२५	२०८०।०३।११	२०८०।०३।२२	बद्रिप्रसाद न्यौपाने, प्रमोद मेहता, कुञ्जनविहारी प्रसाद चौधरी, हरि न्यौपाने, मोहनराज शर्मा मदनकुमारलाल कर्ण, रविन्द्रकुमार यादव भन्ने रविन्द्र कुमार, टेकबहादुर गुरुङ, रविन्द्र गुरुङ, रत्न गाहामगर, बलबहादुर स्वार, मदनप्रसाद रिमाल, प्रेमसिंह धामी र जगदेव चौधरी	१४ ※	०७९-CR-१९९४

नोटः ※ चिन्हले आंशिक दाबी पुगेका मुद्दाहरूलाई जनाउँछ।

(पुनरावेदनसम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिन्छ ।)

२.९ कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको

सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा अनुसन्धानपश्चात् आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने कानुनी व्यवस्था भएअनुरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७९/८० मा आयोगबाट निर्णय भई लेखी पठाइएका सुझावहरू तपसिलबमोजिम रहेका छन् :

तपसिल

क्र. सं.	सुझाव पठाइएको निकाय	सुझावको विवरण
१.	• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	जिल्ला, दोलखा माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माणमा प्रयोग भएको फलामे छड, कार्बन तथा सल्फरको गुणस्तर सम्बन्धमा राष्ट्रिय गौरवका आयोजनाहरूमा छडको रासायनिक परीक्षण नगरी आवश्यक गुणस्तरको पूर्णरूपमा यकिन गर्न नसकिने हुँदा आयोजनाहरूमा निर्धारित गुणस्तरको आवश्यकताअनुरूप रासायनिकलगायत पूर्ण परीक्षण गर्न लगाउनुपर्ने भन्ने नेपाल गुणस्तर तथा नापतौल विभागको प्राप्त रायलाई समेत आधार मानी नेपाल गुणस्तर तथा नापतौल विभागको प्रयोगशालामा छडको रासायनिक परीक्षण हुने व्यवस्था गरी अब आइन्दा यस्ता राष्ट्रिय गौरवका आयोजनाहरूको आयोजनास्थलमा रासायानिक परीक्षण गर्न असमर्थ भए पनि नेपाल सरकारको आधिकारिक निकायमा परीक्षण गर्न सक्ने व्यवस्था मिलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७९/१०/०५ को निर्णयानुसार लेखी पठाइएको ।
२.	• गृह मन्त्रालय	जिल्ला बारा, प्रसौनी गाउँपालिका ५ का रामलाल साह तेलीका छोरा वर्ष ६५ का जोगेन्द्र साह तेलीको नागरिकताको प्रमाणपत्र सच्याउने कार्यमा जोगेन्द्र साह तेलीको संलग्नता हुन सक्ने अवस्था देखिएकाले उक्त विषयमा थप अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७९/०४/१२ को निर्णयानुसार लेखी पठाइएको।
३.	• संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	• एयर एसिया एक्सको बक्यौता रकम असुलउपर कार्यको लागि जो-जे गर्नुपर्ने गर्न गराउनको लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं र नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप काठमाडौंलाई आयोगको मिति २०७९/०४/२३ को निर्णयानुसार सुझाव लेखी पठाइएको । • बौद्धनाथ क्षेत्र विकास समितिले स्तुपा पुनर्निर्माणको क्रममा पुरातत्व विभागसँग पर्याप्त समन्वय नगरेको, समितिको आफ्नै गठन आदेश, २०५३, आर्थिक कार्यविधि नियमावली २०६२, प्रचलित सार्वजनिक खरिद नियमावली २०६४ विपरीत पुनर्निर्माणको कार्य गरेको देखिएको हुँदा बौद्धनाथ क्षेत्र विकास समिति जस्तै प्रकृतिका समितिहरूबाट धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको निर्माण, जिर्णोद्धार तथा

		पुनर्निर्माण गर्दा अनिवार्य रूपमा प्रचलित कानुनी व्यवस्थाअनुरूप गर्ने गराउनेतर्फ आवश्यक व्यवस्था गर्न आयोगको मिति २०७९/११/१८ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
४.	• अर्थ मन्त्रालय • संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०४।१० को निर्णयबाट ५ वर्षपश्चात् हिमचुली आरोहणको रोयल्टी सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्न सकिने हुँदा कानुन संशोधन नभएकै अवस्थामा पनि हिमचुली आरोहणको रोयल्टी सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्न उपयुक्त हुने हुँदा सो कार्यान्वयनका लागि नीतिगत व्यवस्था गर्न आयोगको मिति २०७९/११/१८ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
५.	• नापी विभाग, मिनभवन	काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ८ साबिक भिमढुंगा गा.वि.स. वडा नं. ६ ख कि.नं. २१ क्षेत्रफल ६ रोपनी ३ आना जग्गामा कुनै पनि बाटो नभएकोमा उल्लेखित जग्गामा कच्ची बाटो भएको भन्ने प्रतिवादी रञ्जित घिमिरेको गलत प्रतिवेदनबाट सरकारी हानि नोक्सानी नभए तापनि आयोगको काम कारबाही भने प्रभावित भएकाले गलत स्थलगत प्रतिवेदन दिने नापी कार्यालय, कलंकीका तत्कालीन सर्भेक्षक रञ्जित घिमिरेलाई प्रचलित कानुनबमोजिम कारबाहीका लागि आयोगको मिति २०७९/०४/२३ को निर्णयानुसार लेखी पठाइएको ।
६.	• नापी विभाग, मिनभवन • भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल	जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ४ स्थित धुम्बाराही, रिङरोड नजिकैको सरकारी जग्गाको क्षेत्रफल हाल नयाँ नापीमा साबिक बमोजिम कम भएको र उक्त सरकारी जग्गाको सिमानाका व्यक्ति विशेषका जग्गाहरू साबिक क्षेत्रफलभन्दा बढी कायम भई हालसाबिक भएको देखिएको हुँदा उक्त सरकारी जग्गाको क्षेत्रफल व्यक्ति विशेषको नाममा घुसे नघुसेको सम्बन्धमा छानबिन गरी व्यक्तिको जग्गामा घुसेको भए साबिकबमोजिम नै कायम गर्न गराउन नापी विभाग, मिनभवन, काठमाडौंलाई र उक्त सरकारी जग्गाको नेपाल सरकारको नाममा श्रेस्तासमेत भूमिसुधार तथा मालपोत कार्यालयबाट कायम गर्न गराउन आयोगको मिति २०७९/०९/०४ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
७.	• प्रहरी प्रधान कार्यालय, नक्साल	सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. ७ स्थायी घर भएका सुबान तामाङको A, B र F वर्ग उल्लेख भएको ०६-१८६२९५ नम्बरको सवारी चालक अनुमतिपत्र र यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, ललितपुरको पत्रहरू नक्कली बनाई किर्ते गरेको उल्लेखित विषयमा अनुसन्धान गर्न सवारी ज्यान मुद्दाको अनुसन्धान प्रतिवेदनसाथ उल्लेखित सवारी चालक अनुमतिपत्र खुलाई पठाइएको भन्ने व्यहोराको पत्र र अन्य सम्बद्ध कागजातहरूको प्रतिलिपिसमेत संलग्न राखी आयोगको मिति २०७९/०५/०९ को निर्णयानुसार लेखी पठाइएको ।
८.	• जिल्ला प्रहरी कार्यालय, बाँके, नेपालगञ्ज	जिल्ला बाँके नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २० स्थित सिट नं. ३५-१२९३ कि.नं. १८ क्षेत्रफल ३९० वर्गमिटरको हेमबहादुर रावतको

		जग्गामा कुनै बाटो नभए तापनि वडा कार्यालयले घर नभएको र पिच रोड भएको भनी राजस्व रसिदसमेत नकाटी गलत सिफारिस गरेको भन्ने उजुरीका सम्बन्धमा घरबाटो सिफारिस गर्दा नेपालगञ्ज उपमहानगरपालिका २० नं. वडा कार्यालयमा गलत ट्रेस नक्साको फोटोकपी पेस गरी गराई सिफारिस लिए दिएको सम्बन्धमा अनुसन्धान गर्न आयोगको मिति २०८०/०२/२९ को निर्णयानुसार लेखी पठाइएको ।
९.	• जिल्ला समन्वय समिति, धादिङ • गल्छी गाउँपालिकाको कार्यालय, गल्छी, धादिङ	जिल्ला धादिङ, साबिक बैरेनी गा.वि.स.को साधारण रजिष्टरमा राखिएको अभिलेख अनुसार बैरेनी गा.वि.स. को विगत आ.व. २०५७/०५८ देखि बक्यौता बाँकी विवरण अनुसार कुल रु.३१,३७,३९२।- असुली हुनुपर्ने मध्ये रु.१४,४८,०११।- असुली भई असुली हुन बाँकी रहेको वक्यौता रकम रु.१६,८९,३८१।- तदरुकताका साथ यथाशीघ्र असुल गर्न आयोगको मिति २०७९/०६/२७ को निर्णयानुसार लेखी पठाइएको।
१०.	• जिल्ला प्रशासन कार्यालय, बाँके • नेपालगञ्ज उपमहानगरपालिका	साबिक वासुदेवपुर गा.वि.स. हाल नेपालगञ्ज उ.म.न.पा. वडा नं. १९ स्थित साबिक वासुदेवपुर ४ क कि.नं. ९७ को अन्दाजी ०-५-० सरकारी जमिन, उक्त पोखरीलगायत सरकारी जग्गा संरक्षण गर्न र अतिक्रमण भएकोमा अतिक्रमण हटाउन आयोगको मिति २०७९/०६/२७ को निर्णयानुसार लेखी पठाइएको ।
११.	• वन तथा वातावरण मन्त्रालय • सबै प्रदेश सरकार	जिल्ला जाजरकोट, छेडागाड नगरपालिका वडा नं. १२ स्थित चामेपातल सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भई काम गरेका भिमबहादुर रोकायसमेत विरुद्धको उजुरीको सम्बन्धमा आयोगको मिति २०७९/०६/३१ को निर्णयानुसार देहायका सुझाव लेखी पठाइएको : (क) सामुदायिक वनको रूपमा डिभिजन वन कार्यालयहरूमा दर्ता भई गठन भएका सामुदायिक वन उपभोक्ता समूहका आर्थिक क्रियाकलापहरू व्यवस्थित गर्न सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को अक्षरशः परिपालना गर्ने गराउने । (ख) उपभोक्ता समूहको कोष व्यवस्थित गराउन वन ऐन, २०७६ को दफा २२ (१) मा व्यवस्था भएअनुसार कार्य योजना बनाई खर्च गर्ने प्रबन्ध मिलाउने । (ग) वन नियमावली, २०७९ को नियम ४३ (५) मा रहेको डिभिजन वन अधिकृत वा निजले खटाएको कर्मचारीले सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्ने व्यवस्थाको कार्यान्वयन गर्ने गराउने । (घ) सवडिभिजन वन कार्यालयहरूबाट प्रत्येक सामुदायिक वन उपभोक्ता समूहहरूको नियमित अनुगमन गर्ने र समूहलाई प्राविधिक सहयोग पुऱ्याई श्रेस्ता तथा अभिलेख व्यवस्थापन गर्ने गराउने । (ङ) सामुदायिक वनबाट हुने खोटो संकलन एवं काठ दाउरा आदिका सम्बन्धमा खोटो संकलन (कार्यविधि) निर्देशिका २०६४,

		सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१ लगायत प्रचलित ऐन कानुन एवं निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।
१२.	• वन तथा वातावरण मन्त्रालय • सबै प्रदेश सरकारहरू	सामुदायिक वन उपभोक्ता समूहहरूको आर्थिक क्रियाकलापलाई व्यवस्थित पार्न सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को अक्षरशः परिपालना गर्न गराउन, उपभोक्ता समूहको कोष व्यवस्थित गराउन वन ऐन, २०७६ को दफा २२(१) मा व्यवस्था भएअनुसार कार्ययोजना बनाई खर्च गर्ने प्रबन्ध मिलाउन, वन नियमावली, २०७९ को नियम ४३ (५) मा रहेको डिभिजन वन अधिकृत वा निजले खटाएको कर्मचारीले सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्ने व्यवस्थाको कार्यान्वयन गर्न गराउन र सवडिभिजन वन कार्यालयहरूबाट प्रत्येक सामुदायिक वन उपभोक्ता समूहहरूको नियमित अनुगमन गर्ने र समूहलाई प्राविधिक सहयोग पुऱ्याई श्रेस्ता तथा अभिलेख व्यवस्थापन गर्ने गराउने कार्यलाई प्रभावकारी बनाउन आयोगको मिति २०७९/०६/३१ को निर्णयानुसार लेखी पठाइएको ।
१३.	• सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौं	• संघीय संसद भवन निर्माण कार्यको लागि बोलपत्र स्वीकृत गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा व्यवस्था गरेको निर्माण कार्यको बोलपत्रको विशेष मूल्यांकन नै नगरी समग्रमा कम कबोल गर्ने बोलपत्रदाता श्री Tundi-SHEC JV ले पेस गरेको बोलपत्र स्वीकृत गर्नका लागि सहरी विकास तथा भवन निर्माण विभागलाई सिफारिस गरेको सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ उपदफा २ (क) को प्रयोजनार्थ आवश्यक कारबाहीका लागि आयोगको मिति २०७९/०७/०३ को निर्णयानुसार लेखी पठाइएको । • सार्वजनिक निकायले सार्वजनिक निर्माण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माणसम्बन्धी कार्यको स्पेसिफिकेसनसहित प्रत्येक आइटमको परिमाण खुलाई बोलपत्र गर्नुपर्नेमा प्रस्तुत उजुरीको विषयमा Radiation Block Renovation निर्माण कार्यमा बोलपत्र नगरेको, आकस्मिक रूपमा गर्नुपर्ने निर्माण कार्य भएमा पनि सोसम्बन्धी निर्णय गरी वार्ताद्वारा गर्नु/गराउनुपर्नेमा सो नगरेको र निर्माणसम्बन्धी सबै आइटम पहिलाको दररेटबमोजिम भए नभएको यकिनसमेत नगरिएको र निर्माण कार्य गर्दा गराउँदा अनिवार्य रूपमा राख्नुपर्ने कार्यसम्पादन जमानतसमेत नराखिएको देखिएकाले यस प्रकारको सार्वजनिक निर्माण कार्य गर्दा गराउँदा उल्लेखित कानुनी व्यवस्था अनिवार्य पालना गर्न/गराउन मिति २०७९/०९/२८ को आयोगको निर्णयानुसार सुझाव लेखी पठाइएको ।

		• सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७९/०३/२४, प.सं. ०७८-७९, च.नं. १४५५ को पत्रबमोजिम उल्लिखित बोलपत्र मूल्यांकनको आधार तय गर्दा Construction Experience in Key Activities को Requirement ले गर्दा प्रतिस्पर्धा संकुचित हुन सक्ने अवस्था किटानीका साथ उल्लेख गरेको देखिएकोले सो सम्बन्धमा आवश्यक कारबाही हुन आयोगको मिति २०७९/०९/२८ को निर्णयानुसार लेखी पठाइएको । • सुदुरपश्चिम प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बैतडीलाई आर्थिक वर्ष २०७६/०७७ मा तत्कालीन प्रदेश सचिवले सिमेन्ट आधारभूत खरिद कार्यविधिविपरीत खरिद गर्न लगाई भण्डारण गरी राज्य स्रोतको दुरुपयोग गरेको र हाल सो सिलिका सिमेन्ट सेट भई काम नलाग्ने अवस्थामा पुगेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिस्पर्धालाई संकुचन हुन नदिन टेण्डर प्रक्रियामा सहभागी हुनका लागि कानुनले तोकिदिएका अन्य कागजातहरूको अतिरिक्त "कम्पनीहरूले कम्पनी दर्ता गर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेञ्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि" समेत अनिवार्य रूपमा संलग्न गराउने व्यवस्थाका लागि टेण्डर प्रक्रियामा सम्बद्ध ऐन, कानुन, कार्यविधिमा समावेश गरी कानुनी व्यवस्था गर्न आयोगको मिति २०७९/११/१२ को निर्णयानुसार सुझाव लेखी पठाइएको । • बेनी अस्पताल, म्याग्दीबाट उक्त अस्पतालमा सञ्चालित NIPRO डायलाईसिस (Dialysis) मेशिनबाट डायलाईसिस सेवा प्रदान गर्नका लागि आह्वान भएको ठेक्का नं. १०/०७८/०७९ को शिलबन्दी दरभाउपत्रको सूचनाअनुसार स्वास्थ्य सामग्री खरिद गर्ने कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुकूल नदेखिएकाले सोको छानबिन गरी संलग्न कर्मचारीहरूलाई प्रचलित कानुनबमोजिम जे-जे कदम उठाउनुपर्ने हो सोअनुसार गर्न गराउन आयोगको मिति २०७९/०६/२७ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
१४.	• जिल्ला प्रशासन कार्यालय, तनहुँ • भिमाद नगरपालिका, तनहुँ • मंगलोदय मा.वि. विद्यालय, तनहुँ	जिल्ला तनहुँ, भिमाद नगरपालिका वडा नं. ८ स्थित मंगलोदय मा.वि. को नाममा रहेको जग्गा विद्यालयको हित एवं विद्यालयको प्रयोजनका लागि उपयोग गर्ने, भोगचलनमा ल्याउने र प्रचलित कानुनविपरीत सो जग्गाको हक हस्तान्तरण नगर्ने व्यवस्था मिलाउने र सरकारी एवं सार्वजनिक जग्गाको संरक्षणसमेत गर्ने गराउने कार्यका लागि आयोगको मिति २०७९/०७/२१ को निर्णयानुसार लेखी पठाइएको ।
१५.	• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	एकै स्थान विशेषमा विभिन्न तह/निकायबाट निर्माण कार्यसम्बन्धी योजना तथा कार्यक्रम छनौट एवं बजेट बिनियोजन हुने गरेको अवस्था देखिन्छ । त्यस्ता कार्यक्रमको अनुगमन मूल्यांकनमा समेत दोहोरो नपर्ने

	• सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय • वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश • डिभिजन वन कार्यालय, अर्घाखाँची • सन्धिखर्क नगरपालिका	गरी विकास निर्माणका योजना तथा कार्यक्रम छनौट एवं बजेट विनियोजन हुँदा सम्बन्धित बहुपक्षीय सरोकारवालाहरूबिच आपसी समन्वय तथा सहकार्य गर्ने व्यवस्था सुनिश्चित गरी कार्यक्रम तथा खर्चमा दोहोरोपना नहुने व्यवस्था मिलाउन आयोगको मिति २०७९/०७/२४ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
१६.	• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत • सबै प्रदेश सरकार • सबै स्थानीय तहहरू	• जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. ३ स्थित सरुन्चौर-काउले पदमार्ग निर्माण सम्पन्न भए पनि उल्लिखित होमस्टेहरू हाल सञ्चालनमा नरहेको देखिएको हुँदा योजनामा खर्च भएको रकमको सदुपयोग भएको नदेखिएकाले यस्ता प्रकारको योजनाहरूमा अनुदान दिँदा दिगो रूपमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने क्षेत्रहरू छनौट गरेर मात्र योजनाहरूमा रकम विनियोजन गर्न गराउन आयोगको मिति २०७९/१०/२३ को निर्णयानुसार सुझाव लेखी पठाइएको। • नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १४ बमोजिम निषेधित कार्य भएको भए अनुगमन गरी आवश्यक कारबाही गर्न तथा घाटगद्दि (डम्पिङ) गरिएको नदीजन्य पदार्थ कानुनबमोजिम व्यवस्थित गर्न आयोगको मिति २०७९/१२/२४ को निर्णयानुसार लेखी पठाइएको ।
१७.	• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, • ईशनाथ नगरपालिका, रौतहट	स्थानीय तहहरूबाट एउटै ठेकेदारसँग सम्झौता भई सम्पादन हुने विभिन्न योजनाहरूमा भेरिएसन आदेश हुँदा सम्झौताअनुसार प्रत्येक योजनाको लागि छुट्टाछुट्टै भेरिएसन आदेश स्वीकृत नगरी विभिन्न योजनाहरूको एकमुष्ठरूपमा भेरिएसन आदेश गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतको प्रचलित कानुनको प्रतिकूल रही बदनियतपूर्ण कार्यसमेत हुन सक्ने भएको हुँदा सो सन्दर्भमा भेरिएसन आदेश स्वीकृत गर्दा प्रचलित कानुनको परिपालना गर्ने गराउने गरी प्रत्येक योजनाको लागि छुट्टाछुट्टै भेरिएसन आदेश स्वीकृत गर्न गराउन व्यवस्था हुनको लागि आवश्यक कदम उठाउन आयोगको मिति २०८०/०२/०८ को निर्णयानुसार लेखी पठाइएको ।
१८.	• अन्य (सुदुरपश्चिम प्रदेश)	डिभिजन वन कार्यालय, धनगढी, कैलालीलाई सामुदायिक वन उपभोक्ता समूहहरूले पारदर्शी ढंगबाट आय-व्ययको अभिलेख राखे-नराखेको, काठदाउरा संकलन गर्दा मनोमानी ढंगबाट बिना प्रतिस्पर्धा कुनै एक फर्म/सप्लायर्सलाई मात्र अवसर दिएको बारे अनुगमन गर्न तथा नियम संगत तवरबाट काम कारबाही गर्न गराउन आयोगको मिति २०७९/०७/२८ को निर्णयानुसार लेखी पठाइएको ।

१९.	• खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग	प्राविधिक सहायक बिपिनकुमार ठाकुरले कार्यालयबाट नियमानुसार सेवा प्रवाहको क्रममा लिएको परीक्षण दस्तुर (राजस्व नगदी रसिद) वापतको रकमको भरपाई सम्बन्धित सेवाग्राहीलाई सोही बखत नै दिने नगरेको एवं कतिपय अवस्थामा सेवाग्राहीहरूसँग अग्रिम रकम बुझी पछि मात्र भरपाई/नगदी रसिद दिने गरेको खुल्न आएको हुँदा अब उप्रान्त कार्यालयबाट सेवा प्रवाहको क्रममा सेवाग्राहीहरूसँग लिइने परीक्षण दस्तुरका सम्बन्धमा जुन दिन सेवा प्रवाह गरी राजस्व दस्तुर लिइएको हो सोही बखतमा नै सोको भरपाई दिने व्यवस्था हुन आयोगको मिति २०७९/०७/२८ को निर्णयानुसार लेखी पठाइएको।
२०.	• कालीगण्डकी गाउँपालिका, स्याङजा	अनुदान वितरणसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुनसँग नबाझिने गरी मापदण्ड/निर्देशिका तर्जुमा गरी सोहीअनुसार अनुदान कार्यक्रम कार्यान्वयन गर्न आयोगको मिति २०७९/०७/२८ को निर्णयानुसार लेखी पठाइएको ।
२१.	• भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	पुल निर्माणका क्रममा देखा परेको non-sinking of well up to design depth समस्या समाधानका लागि सडक विभागबाट पुलको Revised Design नै स्वीकृत हुन धेरै लामो समय लाग्न गएको कारण पटकपटक म्याद थप हुन गई पुल निर्माण समयमा नै सम्पन्न हुन नसकेको देखिँदा अब उप्रान्त पुल निर्माण सुरु गर्नु अगावै माटो परीक्षण तथा सर्भेक्षण गरी Design Verification पश्चात् मात्र निर्माण सुरु गर्न र Design Revise गर्नुपर्ने अवस्था सिर्जना भएको अवस्थामा Revised Design समेत निर्धारित समयमा नै तयार र स्वीकृत गर्न गराउन आवश्यक जो-जे गर्नुपर्ने हो सोको व्यवस्था मिलाउन आयोगको मिति २०७९/०८/०८ को निर्णयानुसार लेखी पठाइएको।
२२.	• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	उपभोक्ता समितिमार्फत निर्माण कार्य सञ्चालन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (५) बमोजिम सम्झौता रकमको एक तिहाई नबढ्ने गरी मात्र पेश्की रकम उपलब्ध गराउन तथा Electricity Wiring Works, Sanitary Works, Transportation Cost, Machinery Tools खरिद र Channel Gate (Fitting सहित) लगायतका आइटमहरूको कार्य गर्दा जिल्ला दररेटलाई आधार लिई उपयुक्त दर विश्लेषण नर्म्स प्रयोग गरी एकाई दररेट निर्धारण गरी कार्य गर्न/गराउनु हुन आयोगको मिति २०७९/०८/१९ को निर्णयानुसार सुझाव लेखी पठाइएको।
२३.	• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	• जिल्ला मकवानपुर, मकवानपुरगढी गा.पा.-४ हाल वडा नं. ६ घोप्टेबेसीमा सञ्चालनमा रहेको कालीदेवी आधारभूत विद्यालयको भवन निर्माण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को परिपालना नभएको देखिएकाले स्थानीय निकायहरूले विद्यालयलगायत अन्य सार्वजनिक निर्माण कार्यमा उल्लेखित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्ण परीपालना गर्न गराउन आयोगको मिति

		२०७९/०८/२६ को निर्णयानुसार लेखी पठाइएको । • जिल्ला महोत्तरी, रामगोपालपुर नगरपालिका वडा नं. १ मा शिक्षातर्फको रकममध्ये श्री उ.मा.वि. र मदरसा एनुन ओलुमको भवन निर्माण सम्बन्धमा अनुसन्धान भई सार्वजनिक निर्माण कार्य सञ्चालन गर्नुपर्ने योजनास्थलको वस्तुस्थिति अध्ययन गरी संवेदनशील भई लागत इस्टिमेट, डिजाइन, ड्रइङ स्वीकृत गराई स्वीकृत लागत इस्टिमेट, डिजाइन, ड्रइङअनुसार नै निर्माण कार्य गर्न/गराउन एवं स्वीकृत लागत इस्टिमेटमा समावेश नभएका निर्माण कार्य गर्न/गराउन परेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५, दफा ५ (क) र दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भएको व्यवस्था बमोजिम गर्न/गराउन आयोगको मिति २०७९/०९/१८ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
२४.	• तिलोत्तमा नगरपालिका रूपन्देही	जिल्ला रूपन्देही तिलोत्तमा नगरपालिका (न.पा.) वडा नं. ९ स्थित गौतमबुद्ध आदर्श शिशु सदन प्राथमिक विद्यालयका भुवनसिंह राना र रुपाकुमारी शाहीको जिम्मामा रहेको रकम निजहरूले सोही विद्यालयमा तिर्नुपर्ने देखिएको हुँदा सो रकम निजहरूबाट कानुनबमोजिम असुलउपर गरी लिन साथै विद्यालयको भौतिक निर्माणसम्बन्धी कार्य गर्दा, आय-व्ययलगायतको अभिलेख राख्दा सतर्कता अपनाएको नपाइएकाले अब उप्रान्त विद्यालयबाट तत्कालीन आर्थिक कार्यविधि ऐन, नियमलगायतका कानुनहरूको पालना गर्न गराउन आयोगको मिति २०७९/०९/०७ को निर्णयानुसार लेखी पठाइएको ।
२५.	• बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक	अनुगमनको कमीले लामो समय मापदण्डविपरीत उक्त उद्योग सञ्चालनमा रहेको देखिएकाले बनेपा नगरपालिकालाई अब आइन्दा मापदण्डविपरीतका खानी उद्योगहरू सञ्चालन नगर्न नगराउन, प्रचलित ऐन/नियम/कानुनबमोजिम उठाउनुपर्ने कर/राजस्व/रोयल्टी/दस्तुर तोकिएको समयमै उठाउन तथा नगरपालिका क्षेत्रभित्र सञ्चालित खानी उद्योगहरूले खानी उत्खनन् अनुमतिपत्रमा उल्लेखित सर्त पालना गरे नगरेको अनुगमन गरी सर्त पालना नगरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गर्न आयोगको मिति २०७९/०९/२८ को निर्णयानुसार लेखी पठाइएको ।
२६.	• यातायात व्यवस्था विभाग	• ड्राइभिङ लाइसेन्स रजिष्ट्रेसन सिस्टम (DLRS) र इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स भेहिकल रजिष्ट्रेसन सिस्टम (EDLVRS) प्रणालीमा आवश्यक कारबाही गरी एक यातायात व्यवस्था कार्यालयबाट अञ्चलीकरण भएर अन्यत्र कार्यालयमा अभिलेखीकरण भई इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स भेहिकल रजिष्ट्रेसन सिस्टम (EDLVRS) मा प्रविष्ट भएका सवारी चालक अनुमतिपत्रहरूको हकमा दोहोरो अभिलेख कायम हुन नदिन आयोगको मिति २०७९/१०/०५ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

२७.	• सूचना तथा सञ्चार मन्त्रालयमार्फत नेपाल टेलिकम, केन्द्रीय कार्यालय, काठमाडौं	सार्वजनिक निकायले वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्णरूपमा परिपालना गर्न गराउन आयोगको मिति २०७९/०८/२६ को निर्णयानुसार लेखी पठाइएको।
२८.	• भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	• का.म.न.पा. वडा नं. १४ सिट नं. ११४३-२३ कि.नं. २३७ नेपाल सरकार जनिएको बल्खु खोलाको जग्गाको हालसम्म पनि जग्गाधनी दर्ता श्रेस्ता कायम भएको नदेखिएको भनी लेखी आएकाले प्रचलित कानुनबमोजिम कि.नं. २३७ को हकमा कानुनबमोजिमको दर्ता श्रेस्ता तयार गरी मन्त्रालयमार्फत मालपोत कार्यालय, कलंकीमा श्रेस्ता राख्ने व्यवस्था मिलाउन आयोगको मिति २०७९/१०/२३ को निर्णयानुसार सुझाव लेखी पठाइएको । • जिल्ला रूपन्देही, साबिक करहिया गा.वि.स. वडा नं. ९ ख मालपोत कार्यालयतर्फको श्रेस्तामा एउटै जग्गा व्यक्ति र नेपाल सरकारको दोहोरो श्रेस्ता रहेको देखिएकाले दोहोरो श्रेस्ता सम्बन्धमा जे-जो गर्नुपर्ने हो कानुनबमोजिम गर्न गराउन साथै मालपोत र नापी कार्यालयबाट सम्पादन हुने प्रत्येक दिनको कार्यहरूको कार्यालयमा राख्नुपर्ने अभिलेखहरूको दुरुस्तै अभिलेख हरदिन कायम गर्ने गराउने व्यवस्था हुन मिति २०७९/१२/२७ को आयोगको निर्णयानुसार लेखी पठाइएको । • जिल्ला सिराहा, कर्जन्हा नगरपालिका, वडा नं. ३ मा रहेको रामजानकी मन्दिरले उपभोग गर्दै आइरहेको नेपाल सरकारको नाममा रहेको पोखरी भएको जग्गामा भएको अतिक्रमण हटाई संरक्षण गर्न आयोगको मिति २०८०/०१/०७ को निर्णयानुसार सुझाव लेखी पठाइएको। • जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. १८ को कित्ता नं. १३२२ को ट्रायल चेकबाट बढ हुन गएको क्षेत्रफल १५-५-२-२ जग्गा नेपाल सरकारको नाममा ल्याउने सम्बन्धमा पुनरावेदन अदालत, पोखराबाट मिति २०५७/०५/१४ मा भएको फैसलाबमोजिम कित्ता फोड गरी नेपाल सरकारको नाममा जग्गाधनी दर्ता श्रेस्तासमेत तयार गरी सोको जानकारी पठाउन आयोगको मिति २०८०/०१/२४ को निर्णयानुसार सुझाव लेखी पठाइएको । • जिल्ला काभ्रे, बनेपा नगरपालिका वडा नं. १३ स्थित चक्रज्योति मा.वि.को नाममा रहेको कि.नं. १२७ को जग्गाको दोहोरो दर्ता श्रेस्ताको सम्बन्धमा कानुनबमोजिम जे-जो बुझ्नुपर्ने हो बुझी आवश्यक कारबाही गर्न साथै दाताले दान दिएको जग्गा हिनामिना हानि नोक्सानी नहुने गरी दातालगायत सम्बन्धित सबै पक्षसँग समन्वय गरी आवश्यक कानुनी प्रक्रिया अपनाउनुपर्ने भए अपनाई दाताले दान दिएको जग्गा पूर्णरूपमा विद्यालयको स्वामित्वमा ल्याउने प्रबन्ध गर्न आयोगको मिति २०८०/०२/०८ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

२९.	• खजुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँके	जिल्ला बाँके, साबिकको रनियापुर गा.वि.स. बाँकेका तत्कालीन कार्यालय प्रमुख र लेखा प्रमुखले लेखापरीक्षणका बखत सो कागजातहरू पेस नगरेकाले उक्त बेरुजु जनिन गएको देखिएको साथै बेरुजुको लगत राख्ने, फछ्यौंट गराउने र नियमित गर्ने गराउने मुख्य जिम्मेवार निकायसमेत सम्बन्धित कार्यालय र जिम्मेवार पदाधिकारीहरू नै हुने हुँदा लेखापरीक्षणबाट देखिएको बेरुजु रकम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७" अनुसार आवश्यक काम कारबाही पूरा गर्न/गराउन आयोगको मिति २०७९/१०/२६ को निर्णयानुसार लेखी पठाइएको ।
३०.	• शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश, सुर्खेत	दैलेख जिल्ला, दुल्लू नगरपालिका, वडा नं. ११ तोरायाँस्थित श्री भानु माध्यमिक विद्यालयको निर्माणाधीन ६ कोठे २ तले भवनको संरचना निर्माण निर्देशनालयबाट स्वीकृत भएको Drawing अनुरूप नभएको एवं उक्त संरचना Structurally Unsafe समेत रहेको हुँदा गुणस्तरीय एवं संरचनागतरूपमा सुरक्षित हुने तवरले उक्त विद्यालयको ६ कोठे २ तले भवन निर्माणको लागि उपयुक्त कदम उठाउन आयोगको मिति २०७९/११/१२ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
३१.	• सबै प्रदेश सरकारका वन तथा वातावरण मन्त्रालयहरू • डिभिजन वन कार्यालय पहलमानपुर, कैलाली	कैलाली जिल्ला साबिक भजनी त्रिशक्ति न.पा. ४ र ७ हाल भजनी न.पा. १ र ३ स्थित श्री महुन्याल सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को पूर्ण रूपमा परिपालना एवं वन नियमावली, २०७९ को नियम ४३ (५) मा रहेको डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्ने व्यवस्थाअनुरूप नियमित जाँचबुझ गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०७९/११/१५ को निर्णयानुसार सुझाव लेखी पठाइएको।
३२.	• जिल्ला प्रशासन कार्यालय, सर्लाही तथा बरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बरहथवा, सर्लाही	सर्लाही जिल्ला हाल बरहथवा न.पा. साबिक हजारिया गा.वि.स. वडा नं. ७ कित्ता नं. १३० (हाल कि.नं. ३२८) र कि.नं. २१४ को नेपाल सरकारको नाममा श्रेस्ता कायम भइसकेको जग्गा अतिक्रमित भइरहेको र संरक्षणसमेत नभएको देखिएकोले उपरोक्त प्रकृतिका अतिक्रमित जग्गाको अभिलेखांकन गरी भौतिकरूपमा नै छुट्याई संरक्षण र संवर्धन गर्नका लागि आयोगको मिति २०७९/११/२६ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
३३.	• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं र राष्ट्रिय किताबखाना (निजामती) हरिहर भवन, ललितपुर	जिल्ला कपिलवस्तु, यशोधरा गाउँपालिका सोमडिह हेल्थ पोष्टका सि.अ.हे.व. पदमा कार्यरत वीरेन्द्रकुमार मिश्रले योग्यता नपुग्दै अ.हे.व. पदमा सो संस्थामा नोकरी गरेको तथा नियम कानुनविपरीत अन्य पदमा समेत बढुवा भई कार्य गरी सरकारी पदको दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत् निकायलाई कर्मचारीहरूको अभिलेख दुरुस्त हालतमा राख्ने/राख्न लगाउन मिति २०७९/११/३० को आयोगको निर्णयानुसार सुझाव लेखी पठाइएको ।

३४.	• गोदावरी नगरपालिका, ललितपुर	जिल्ला ललितपुर, गोदावरी नगरपालिका डी.एस. रिसाइक्लर्स प्रा.लि. बिच बजार तथा आवासीय क्षेत्रको फोहरमैला व्यवस्थापन आयोजनाको सम्झौता सम्बन्धमा अनुसन्धान हुँदा फोहोरमैला व्यवस्थापन आयोजना सञ्चालन गर्दा विगतमा नेपाल सरकारबाट सो आयोजना सम्बन्धमा भएका निर्णय एवं सम्झौतालाई समेत ध्यानमा राखी सजगता र सचेतता अपनाई कानुनसम्मत ढंगले आयोजना सञ्चालन गर्न गराउन मिति २०७९/१२/९ को आयोगको निर्णयानुसार सुझाव लेखी पठाइएको।
३५.	• नेपाल कानुन व्यवसायी परिषद्, ज्वागल	नेपाल ब्लान्केट एण्ड उलन मिल्स प्रा.लि., हेटौंडाको जग्गा किर्ते गरी विभिन्न व्यक्तिको नाममा दर्ता गर्दा कानुनी सल्लाहकार भनी नाम खुलाइएका बद्रिप्रसाद पौडेलउपर मकवानपुर जिल्ला अदालतमा "सरकारी लिखत छाप दस्तखत किर्ते" मुद्दा चलेको देखिँदा निजउपर कानुनबमोजिम सतर्कता अपनाई जो-जे गर्नुपर्ने हो गर्न गराउन मिति २०७९/१२/१३ को आयोगको निर्णयानुसार सुझाव लेखी पठाइएको ।
३६.	• राष्ट्रिय अनुसन्धान विभाग सिंहदरबार	राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, खोटाङका तत्कालीन प्रमुख हिराबाबु भट्टराईसमेतले मिति २०७८ साल श्रावणदेखि २०७८ साल पुषसम्मको नक्कली घरभाडा सम्झौता तथा घरभाडा लिएको कागजात तयार गरी रकम हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान प्रतिवेदन पेस भएकोमा सेफ हाउस सञ्चालनको घरभाडा खर्च रकम बैंकिङ प्रणालीमार्फत मात्र भुक्तानी गर्ने व्यवस्था गर्न मिति २०७९/१२/३० को आयोगको निर्णयानुसार सुझाव लेखी पठाइएको ।
३७.	• श्री भारती भवन माध्यमिक विद्यालय, पोखरा महानगरपालिका-१९, पुरनचौर	पोखरा महानगरपालिका वडा नं. १९ पुरुन्चौरस्थित श्री भारती भवन माध्यमिक विद्यालयले आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई घैरेनीघाटबाट अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण गरेको भन्ने सम्बन्धमा अनुसन्धान प्रतिवेदन पेस भएकोमा आफ्नो क्षेत्राधिकार बाहिर गई कुनै काम कारबाही नगर्नु, जम्मा भएको उपरोक्त रकम शिक्षा नियमावली, २०५९ को नियम १६९ बमोजिम विद्यालयको विशेष खाता सञ्चालन गरी जम्मा गर्नु र त्यसरी सङ्कलित रकम विद्यालयको हितको निम्ति प्रयोग गरी सोको विवरण विद्यालयको लेखापरीक्षण प्रतिवेदनमार्फत आयोगमा समेत जानकारी गराउनु भनी आयोगको मिति २०७९/१२/२४ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
३८.	• नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय • वन तथा वातावरण मन्त्रालय	वातावरण संरक्षण ऐन, २०५३ प्रारम्भ हुनु अगाडिदेखि खानी उत्खनन् कार्यको अनुमति प्राप्त गरी उत्खनन् गरिरहे पनि खानी क्षेत्रको वातावरणीय अध्ययन नगरेको अवस्थामा खनिज उद्योगबाट वातावरणमा पर्न जाने प्रतिकूल असरलाई न्यूनीकरण गरेको यकिन गर्न कठिन हुने हुँदा वातावरण संरक्षण ऐन, २०७६ को पालना हुने गरी खनिज उत्खनन् कार्य सञ्चालन गर्न गराउन आयोगको मिति २०७९/१२/२७ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
३९.	• श्री मालपोत कार्यालय	जिल्ला धादिङ साबिक केवलपुर गाउँ विकास समिति वडा नं. ३ (घ)

	धादिङ	साबिक नापीको फिल्डबुकमा कित्ता नं. १० सम्म मात्र कायम भएकोमा पछि कित्ता नं. ११ र १२ थप गरी विभिन्न व्यक्तिको नाममा कायम गरेको भन्ने सम्बन्धमा जिल्ला धादिङ, साबिक केवलपुर गाउँ विकास समिति वडा नं. ३ (घ) को कित्ता नं. ११, १२ र यी कित्ताबाट कित्ताकाट भई कायम सम्पूर्ण कित्ताहरू यस आयोगको अन्य व्यहोरा र अन्य निकायबाट भएको रोक्का रहेछन् भने सो रोक्का यथावत रहने गरी जग्गा फुकुवा गर्न आयोगको मिति २०७९/१२/२७ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
४०.	• श्री राजस्व अनुसन्धान विभाग हरिहर भवन ललितपुर	करदाता सेवा कार्यालय जलेश्वर PAN ३०१२४१७५९ मा दर्ता रही Active देखिएका फर्मको आ.व. २०७५/०७६ को सम्पूर्ण कारोबारको छानबिन गर्न गराउन आयोगको मिति २०९०/०१/०७ को निर्णयानुसार लेखी पठाइएको ।
४१.	• बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र श्री महेन्द्र माध्यमिक विद्यालय, बेलबारी, मोरङ	जिल्ला मोरङ, बेलबारी नगरपालिका वडा नं. १० स्थित श्री महेन्द्र माध्यमिक विद्यालयमा दिवा खाजा कार्यक्रमका लागि प्राप्त रकम निजी स्रोतका शिक्षक तथा बाल विकास सहजकर्ताहरूको तलब भत्तामा खर्च गरेको देखिएकाले नगरपालिकाभित्रका विद्यालयमा जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही शीर्षकमा खर्च गरी आर्थिक अनुशासन कायम गर्न गर्न/गराउन आयोगको मिति २०८०/०१/१४ को निर्णयानुसार लेखी पठाइएको ।
४२.	• मालपोत कार्यालय, डिल्लीबजार	काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० नयाँ बानेश्वर कि.नं. ५८ को जग्गा क्षेत्रफल ०-५-१-२ मध्ये जग्गा क्षेत्रफल ०-२-१-० सरकारी/सार्वजनिक जग्गा घुसी/घुसाई घर निर्माणसमेत भएको भन्ने सम्बन्धमा हाल जग्गा रोक्का राखी सम्बन्धित/सरोकारवाला व्यक्ति/निकाय तथा जो जहाँ बुझ्नुपर्ने हो बुझी उक्त जग्गा सरकारी, सार्वजनिकअन्तर्गत पर्ने/नपर्ने सम्बन्धमा कानुनबमोजिम निर्णय तथा आवश्यक कदम उठाउन आयोगको मिति २०८०/०१/२८ को निर्णयानुसार लेखी पठाइएको ।
४३.	• मालपोत कार्यालय, चावहिल	जिल्ला काठमाडौं, साबिक धापासी वडा नं. ८ सिट नं. १०२-०९५-०३, कित्ता नम्बरहरू ७३, ७४ र २४३ जग्गामा सरकारी/सार्वजनिक जग्गा घुसेको सम्बन्धमा हाल उक्त जग्गा रोक्का राखी सम्बन्धित/सरोकारवाला व्यक्ति/निकाय तथा जो जहाँ बुझ्नुपर्ने हो बुझी उक्त जग्गा सरकारी, सार्वजनिक अन्तर्गत पर्ने/नपर्ने सम्बन्धमा कानुनबमोजिम निर्णय तथा आवश्यक कदम उठाउन आयोगको मिति २०८०/०१/२८ को निर्णयानुसार लेखी पठाइएको ।
४४.	• सुदुरपश्चिम सरकार, प्रदेश सामाजिक विकास मन्त्रालय	कार्यक्रम तथा बजेट तर्जुमा गर्दा सोको कार्यान्वयन सक्षम निकायबाट गर्ने गराउने र कार्यान्वयन इकाईको कार्य प्रकृति, विज्ञता र क्षमतालाई ध्यान दिन आयोगको मिति २०८०/०२/०८ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
४५.	• बुढानीलकण्ठ	काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिकामा भवन निर्माणका लागि

	नगरपालिका, काठमाडौं	इजाजत प्राप्त नगरी सरकारी जग्गासमेत मिची घर निर्माण कार्य गरेको भन्ने सम्बन्धमा अनुसन्धान प्रतिवेदन पेस भएकोमा सो नगरपालिकाको वडा नं. २, नक्सा सिट नं. १०२-०८२९-२३ का कि.नं. ३०, ३४, २९ र ३१ को सरकारी/सार्वजनिक जग्गा छुट्याई, उक्त सरकारी/सार्वजनिक जग्गाको संरक्षणको उचित प्रबन्ध गरेर मात्र प्रचलित ऐन/कानुन र मापदण्डबमोजिम नक्सापास इजाजतको कारबाही गर्न र सोको जानकारी आयोगलाई समेत गराउन आयोगको मिति २०८०/०२/२५ गतेको निर्णयानुसार लेखी पठाइएको ।
४६.	• जनकपुरधाम उपमहानगरपालिका • जिल्ला प्रशासन कार्यालय धनुषा • गुठी संस्थान, शाखा कार्यालय, जनकपुरधाम • श्री जानकी माध्यमिक विद्यालय जनकपुरधाम	जिल्ला धनुषा, जनकपुर उपमहानगरपालिका वडा नं. ९ सिट नं. १३५५-०७ कि.नं. १०१ को जग्गामा कानुनतः मोहीको हैसियत प्राप्त नगरी सोही हैसियतमा घर पर्खालसमेत निर्माण गरी निर्मलादेवी साहले गरेको अतिक्रमण हटाउनेलगायत उक्त जग्गाको उचित संरक्षणका लागि प्रचलित कानुनबमोजिम गरिनुपर्ने अन्य आवश्यक कार्य गर्न आयोगको मिति २०८०/०२/२९ को निर्णयानुसार लेखी पठाइएको ।
४७.	• कटहरिया नगरपालिका, रौतहट	जिल्ला रौतहट, कटहरिया नगरपालिकामा संकलन भएको राजस्व रकम, ठेक्कापट्टामार्फत उठेको रकम सरकारी खातामा दाखिला नगरी आफूखुसी खर्च गरी ठुलो मात्रामा आर्थिक अनियमितता तथा सरकारी बजेटसमेतको फर्जी बिल भरपाई बनाई कागजीरूपमा विकास निर्माणको काम गरेर करोडौं रकम हिनामिना गरेको भन्ने सम्बन्धमा नगरपालिकाले अबदेखि खर्च पारदर्शी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा रहेको व्यवस्थाबमोजिम आन्तरिक नियन्त्रण प्रणालीको अनुसरण गर्न/गर्न लगाउन आयोगको मिति २०८०/०३/०४ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।
४८.	• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय • त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर	जिल्ला धनुषा, जनकपुरधामस्थित श्री धनुषा साइन्स क्याम्पसले तत्कालीन उच्च माध्यमिक शिक्षा नियमावलीबमोजिम सञ्चालक समिति गठन नगरेको विषयमा र छानबिन समितिको शिक्षक ओमप्रसाद बराललगायतले ठोस आधार प्रमाण बिना रामस्वरूप रामसागर बहुमुखी क्याम्पसका शिक्षकहरूले त्रि.वि.वि. को नियमानुसार नै कार्य गरेकोले कुनै कारबाही गर्न नपर्ने भनी त्रिभुवन विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासम्बन्धी नियमविपरीत प्रतिवेदन दिएको सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्न आयोगको मिति २०८०/०३/०७ को निर्णयानुसार लेखी पठाइएको।
४९.	• मालपोत कार्यालय, हरिवन, सर्लाही	झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको विस्तृत योजना प्रतिवेदन तयारी, भवन निर्माण, जग्गा खरिदलगायतमा अनियमितता गरेको भन्ने सम्बन्धमा सरकारी रकमबाट झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, सर्लाहीको नाममा खरिद गरेको जग्गा बेचबिखन वा अन्य

		किसिमले हक हस्तान्तरण वा हिनामिना हुन सक्ने देखिएकोले आयोगबाट अर्को आदेश वा व्यवस्था नभएसम्मको लागि उल्लिखित जग्गा रोक्का राखी आयोगलाई जानकारी गराउन आयोगको मिति २०८०/०३/१३ को निर्णयानुसार लेखी पठाइएको ।
५०.	• मालपोत कार्यालय, धनुषा	जिल्ला धनुषा साबिक महुवा गा.वि.स. वडा नं. ७ हाल जनकपुरधाम उपमहानगरपालिका वडा नं. १८ को कित्ता नं. २३२ को जग्गा हाल रोक्का राखी सम्बन्धित/सरोकारवाला व्यक्ति/निकाय तथा जो जहाँ बुझ्नपर्ने हो बुझी उक्त जग्गा सरकारी, सार्वजनिक अन्तर्गत पर्ने/नपर्ने सम्बन्धमा कानुनबमोजिम आवश्यक कदम उठाउन आयोगको मिति २०८०/०३/१३ को निर्णयानुसार लेखी पठाइएको ।
५१.	• भानु उच्च मा.वि., दोधरा, चाँदनी, कञ्चनपुर	जिल्ला कञ्चनपुर, दोधारा चाँदनीस्थित भानु उच्च मा.वि. ले तत्कालीन जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरबाट अनुदान प्राप्त रकम रु.३१,००,०००।- बाट तत्कालीन शिक्षा विभागले तय गरेको प्राविधिक तथा व्यवसायिक धारतर्फको शैक्षिक उद्देश्य प्राप्त हुने गरी प्रयोगात्मक सामग्री व्यवस्थापन र खरिद कार्य सम्पन्न गर्नुपर्नेमा रु.७,५९,७२३।४५ रकम हालसम्म पनि विद्यालयको खातामा बाँकी नै रहेको देखिन आएकाले उक्त बाँकी रहेको रकम नेपाल सरकारको बेरुजु खातामा दाखिला गर्न मिति २०७९/०४/२३ को आयोगको निर्णयानुसार लेखी पठाइएको ।

२.९.१ रोक्का/फुकुवासम्बन्धी निर्णयहरू

क्र. सं.	निर्णयको विवरण
१	जिल्ला रौतहट, फतुवा विजयपुर नगरपालिका वडा नं. ६ पैटभरुवाका मंगर राउत यादवले मिति २०२१/१०/२६ मा रामजानकी मठको लागि भनी सन्तपुर दोस्तिया ३ ख कि.नं. १५५, १५९, १७१, १३७ को क्षेत्रफल ३ बिघा १५ कट्ठा जग्गा दान गरी सोही मितिदेखि नै रामजानकी मठ गुठी कायम भएकोमा २०७१ सालमा आएर स्थानीय नागेन्द्रराय यादवले तत्कालीन गा.वि.स. सचिव सत्यनारायण कानूलाई आर्थिक प्रलोभनमा पारी गुठी जग्गालाई रैतानी गराई आफ्नो नाममा नामसारी गरी लालपुर्जा बनाई उक्त जग्गा कित्ताकाट गरी बिक्री गरिरहेको भन्ने व्यहोराको उजुरी आयोगमा दर्ता भएको । उक्त जग्गाहरू मालपोत कार्यालय, रौतहट, गौरबाट निज नागेन्द्रराय यादवले मिति २०७५/०५/२२ गते कित्ता नं. ६४१ जयमंगल महतोलाई बिक्री गरेको र मिति २०७५/०३/२६ गते कित्ता नं. ३८१, ३८३ र ३७९ संजयप्रसाद साहलाई बिक्री गरेको देखिएकोमा यसरी उक्त जग्गाहरू बिक्री हुँदा खरिद गर्ने मानिसहरू ठगीमा पर्न सक्ने एवं अनुसन्धान कार्यसमेत प्रभावित हुने भएको हुँदा उल्लेखित कि.नं. का जग्गाहरू अनुसन्धान कार्य सम्पन्न नभएसम्मका लागि आयोगको मिति २०७९/०६/३१ गतेको निर्णयानुसार सम्बन्धित मालपोत र नापी कार्यालयलाई रोक्का राख्नका लागि लेखी पठाइएको।

२	निवेदक प्रमोदकुमार चौधरीको सप्तरी जिल्ला बोरिया गा.वि.स. वडा नं. ३ कित्ता नं. १५० क्षेत्रफल ०-१४-१२ (चौध कट्ठा बार धुर) दर्ता श्रेस्ता कायम रहेको जग्गा फुकुवा गरी पाउँ भन्ने व्यहोराको निवेदन आयोगमा दर्ता भएको । मिति २०६१/११/२८ को पत्रले वादी नेपाल सरकार र प्रतिवादी प्रमोदकुमार चौधरीसमेत भएको अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको (०९३-०६३-०००२९) मुद्दामा अनुसन्धानको क्रममा उल्लिखित जग्गा रोक्का राखिएकोमा उक्त मुद्दा श्री विशेष अदालत, काठमाडौंमा दायर भई मिति २०६४/१२/११ गते फैसला भई निज प्रतिवादी प्रमोद चौधरीलाई रु.५,०००।- जरिवाना ठहर हुने भएकोमा सो फैसलाउपर श्री सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा श्री विशेष अदालतबाट भएको फैसला सदर हुने ठहर भई अन्तिम टुंगो लागिसकेको हुँदा उक्त फैसलाबमोजिम ठहर भएको जरिवानासमेत निज प्रतिवादीले बुझाई मुद्दा फर-फारक भएको । उक्त जग्गा सरकारी, सार्वजनिक, गुठी र हदबन्दीभित्र पर्दैन भन्ने स्थलगत सर्जिमिन मुचुल्कासमेतबाट देखिएको हुँदा उक्त जग्गा फुकुवाको लागि आयोगद्वारा मिति २०७९/१०/०५ सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइएको ।
३	जिल्ला सिराहा साबिक बेलहा गा.वि.स. वडा नं. ९ स्थित तत्कालीन श्री ५ को सरकारको नामको कि.नं. १८२ (क्षेत्रफल १-१७-१२.५) को जग्गा व्यक्तिको नाममा दर्ता भएको हुँदा सो जग्गा रोक्का राख्न मिति २०७५/०३/०६ मा आयोगमा उजुरी प्राप्त भएको । उल्लिखित उजुरीका सम्बन्धमा हालसम्मको अनुसन्धानका क्रममा मालपोत कार्यालय सिराहाबाट प्राप्त जग्गाधनी श्रेस्ता पूर्जाहरू लगायतका विवरण र नापी कार्यालय, सिराहाबाट प्राप्त विवरणसमेतका आधारमा हेर्दा उक्त जग्गा मिति २०४९/०९/२८ मा महालक्ष्मी कर्णको नाममा, मिति २०५१/०४/१८ मा तत्कालीन श्री ५ को सरकारको नाममा र छुट जग्गा दर्ता समितिको मिति २०६७/०५/०४ को निर्णयबमोजिम किरण दाससमेत पाँचजना व्यक्तिको नाममा गरी तेहरो जग्गा धनी श्रेस्ता कायम गर्ने कार्य भए गरेको देखिएको । उक्त विषय आयोगमा अनुसन्धानकै क्रममा रहेकोले सो जग्गा विभिन्न कित्ताहरूमा कित्ताकाट भई हक हस्तान्तरण हुँदै हाल ज-जसको नाममा कायम भएको छ त्यो सबै जग्गा कुनै पनि तवरबाट हक हस्तान्तरण नहुने गरी रोक्का राख्न आयोगको मिति २०७९/०४/२६ निर्णयानुसार सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइएको ।
४	जिल्ला काठमाडौं तत्कालीन धापासी गा.वि.स. वडा नं. ८ (ख) कि.नं. ३४, १०२, १०३, १९४ जग्गामध्ये कि.नं. १०२, १०३, १९४ पहिले नै बिक्री गरिसकेको र बाँकी कि.नं. ३४ पनि मोहीको भाग छुट्याई कि.नं. ११३२ आफूहरूको नाउँमा संयुक्त दर्ता रहेको निवेदकहरू नानीमैया बुढाथोकी, राजनकुमार बास्तोला, राधिका ठकुरी, छुनुमैया पाठक (हक खाने राजु पाठक) समेत ४ जनाले संयुक्तरूपमा बकसपत्रबाट प्राप्त गरेको र उक्त कि.नं. ११३२ (साबिक कि.नं. ३४) को क्षे.फ. २-१-२-० जग्गा यस आयोगसमेतबाट रोक्का रहेकाले फुकुवा गरी पाउँ भनी मिति २०७८/७/३० मा संयुक्त निवेदन दिएको । प्रस्तुत निवेदनको हकमा साबिक कि.नं को जग्गा यस आयोगबाट रोक्का नरही जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट रोक्का रहेकाले सोही व्यहोरा जनाई तामेलीमा राखिएको भए तापनि आयोगको मिति २०६४/११/०९ निर्णय अध्ययन गर्दा उक्त जग्गा यस आयोगबाट मुलुकी ऐन अपुतालीको महलको १७ नं. बमोजिम नेपाल सरकारको नाममा कायम गर्ने गरी निर्णय भएको देखिई सो निर्णयउपर पुनरावेदन सुनेको विशेष अदालत, काठमाडौंको फैसलाले पनि उक्त जग्गा फुकुवा गर्नुपर्ने अवस्था नदेखिएकोले जग्गा फुकुवा नहुने निर्णय गरी उक्त जग्गाहरू

	विभिन्न व्यक्तिहरूको नाममा कायम भएको भन्ने व्यहोरा खुली आएको हुँदा सो विषयमा अनुसन्धान गर्ने गरी आयोगबाट मिति २०७९/०५/०२ मा निर्णय गरिएको ।
५	जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं. १३ सिट नं. १३१४-१३ कि.नं. ३५ समेत मठका महन्तको नाममा रहेको मठको नाममा कायम हुने जग्गा भूमिसुधार तथा मालपोत कार्यालयका कर्मचारीहरूको मिलेमतोमा र.नं. ९६४५ मिति २०७५/०९/२५ समेतको लिखतबाट व्यक्तिको नाममा पारित गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको उजुरी मिति २०७६/०३/२९ मा दर्ता भएको । अनुसन्धानका क्रममा संकलित कागजातबाट जग्गाधनीको नाम महन्त रामभजन दास उल्लेख भएकोमा जिल्ला धनुषा साबिक पिडारी गा.वि.स. वडा नं. ७ कि.नं. १५३, १७२, २५६, ऐ.ऐ. वडा नं. ८ (क) कि.नं. १३४, ऐ.ऐ. वडा नं. ९ (क) कि.नं. १४, ऐ.ऐ. वडा नं. ६ कि.नं. ७, १६, ६३ र ७७ जग्गाहरू भिडी हाल नयाँ नापीमा कायम जग्गाहरू महन्त रामभजन दासले बेचबिखन गरेको देखिएको । महन्तले गुठीको जग्गा आफ्नो नाममा कायम गरी बेचबिखन गर्न पाउने प्रावधान नदेखिएको हुँदा उल्लिखित जग्गाहरूको थप हक हस्तान्तरण हुन सक्ने देखिएकोले अनुसन्धान कार्य सम्पन्न नभएसम्म रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयलाई आयोगको मिति २०८०/०१/०७ निर्णयानुसार लेखी पठाइएको।
६	जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २५ बस्ने कान्छी शाक्यसमेतले रूपन्देही जिल्ला अदालतबाट प्राप्त दा.खा. पुर्जीबमोजिमको जग्गा आफ्नो नाउँमा नामसारी गर्न मालपोत कार्यालयमा जाँदा यस आयोगको मिति २०७३/०४/२३ को पत्रबाट उक्त कि.नं. का जग्गाहरू रोक्का रहेको देखिएकाले फैसलाबमोजिम प्राप्त उक्त जग्गा फुकुवा गराई पाउँ भन्नेसमेत व्यहोराको आयोगमा निवेदन दर्ता भएको । उल्लेखित जग्गाको हक कायम सम्बन्धमा रूपन्देही जिल्ला अदालत, उच्च अदालत, तुलसीपुर, बुटवल इजलास र सर्वोच्च अदालतसमेतबाट तह तह फैसला भई हक कायमतर्फ फैसला अन्तिम भई रूपन्देही जिल्ला अदालतबाट मालपोत कार्यालयलाई नामसारी गरिदिन लेखी पठाएको । मालपोत कार्यालय, रूपन्देहीबाट उक्त जग्गाको हदबन्दीसम्बन्धी निर्णय भएपश्चात यस आयोगको मिति २०७३/०४/३२ को पत्रबाट रोक्का रहेको जग्गा फुकुवा कारबाही गर्ने निर्णय भएबमोजिम मैनहिया गा.वि.स. १ क स्थित कि.नं. १, १०, १७, ५७ लगायतका जग्गाहरू अन्य निकाय तथा कारणले रोक्का राखुपर्ने अवस्थामा बाहेक फुकुवा गर्न सम्बन्धित मालपोत कार्यालयलाई आयोगद्वारा मिति २०७९/०४/०५ गते लेखी पठाइएको।
७	बुटवल उपमहानगरपालिका वडा नं. ५ (हाल वडा नं. ३) स्थित कित्ता नं. ७६ को २९२.९० वर्ग मिटर जग्गा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५/०८/०१ को पत्र बमोजिम रोक्का रहेको भन्ने जानकारी पाएकोले उक्त जग्गा के कति कारणले रोक्का रहेको भन्नेसमेत जानकारी पाउन र उक्त जग्गा फुकुवा गराइ पाउँ भनी मिति २०७६/०६/०२ मा बुटवल उपमहानगरपालिका-३, रूपन्देहीका अमृतप्रसाद शेरचनले यस आयोगमा निवेदन दर्ता गरेको । प्रस्तुत विषयमा जग्गाधनी अमृतप्रसाद शेरचनको नाममा रहेको उक्त जग्गा हाल निज जग्गाधनी अमृतप्रसाद शेरचनको हकभोगमा रहेको र जग्गाको श्रोत साबिक कि.नं. ५४१ ज.व. ०-०-१० अमृतप्रसाद तुलाचनबाट मिति २०३५/०४/२९ मा खरिद गरी लिएको उक्त जग्गा सरकारी, सार्वजनिक, गुठीसमेतको नरहेको भन्ने स्थानीय तह बुटवल उपमहानगरपालिका रूपन्देही तथा मालपोत कार्यालय,

	बुटवल, रूपन्देहीको सर्जमिनसमेतबाट खुली आएको । यद्यपि उल्लिखित जग्गा सर्वाजनिक वा सरकारी वा पर्ति के हो भनी आयोगबाट निर्णय भएको हालसम्म नदेखिएको । पछि उक्त जग्गा पर्ति, सार्वजनिक वा सरकारी जग्गा ठहरे वा पर्ति, सार्वजनिक वा सरकारी जग्गा घुसेको भन्ने खुली आएका बखत कानुनबमोजिम हुने हुँदा निज जग्गाधनी अमृतप्रसाद शेरचनको नाममा रहेको उक्त जग्गा अन्य कारणले रोक्का राख्नुपर्ने अवस्थामा बाहेक फुकुवा गरिदिन आयोगद्वारा मिति २०७९/०६/१३ सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइएको ।
८	जिल्ला धनुषा, जनकपुर न.पा. वडा नं. ११ का सदस्य दीपेन्द्रकुमार साहले नियमविपरीत लिएको पारिश्रमिक तथा सुविधा रकमभन्दा बढी हुने गरी नियमले नपाउने खर्च लिई गरेको अनियमितता सम्बन्धमा छानबिन हुँदा विन्देश्वरीदेवी साहु व्याहुत सुडीका नाममा दर्ता कायम भएको जिल्ला धनुषा, मिथिलेश्वर निकास वडा नं. ६ को कि.नं. ३७४ क्षे.फ. ०-८-१४-० र ऐ.ऐ. वडा नं. ७ क कि.नं. २५६ क्षे.फ. ०-४-०-० भएको जग्गाहरू आयोगबाट निजको धरौटीबापतको जेथा जमानत राखेकोमा यस आयोगमा निज निवेदक दीपेन्द्रकुमार साहले धरौटीमा राखेको जग्गाहरू फुकुवा गरी पाउँ भनी यस आयोगमा मिति २०७८/०६/११ मा निवेदन दर्ता गरेको । आयोगको मिति २०६०/८/३ मा लेखेको पत्रबाट उक्त जग्गाहरू रोक्का रहेको देखिएको । निज दीपेन्द्रकुमार साहले जनकपुरधाम उपमहानगरपालिकाको नाममा जम्मा गर्नुपर्ने रकम रु.४४,६००।– (रसिद नं. ०००९५४१) मिति २०७५/११/१७ गते जम्मा गरिएको रसिदसमेत पेस गरेको विषय उपमहानगरपालिकाले आयोग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाएको पत्रबाट र बैंक भौचरबाट देखिएकोले जग्गाधनी विन्देश्वरीदेवी साहु व्याहुत सुडीका नाममा दर्ता कायम भएको उक्त कि.नं. का जग्गा अन्य मुद्दा र कारणले रोक्का राख्नुपर्ने भएकोमा बाहेक फुकुवाको लागि आयोगद्वारा मिति २०७९/०६/२७ सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइएको ।
९	जिल्ला धनुषा, जनकपुरधाम उ.न.पा. वडा नं. १२ बस्ने विश्वनाथ महतो कोइरीसमेत मिति २०६०/१०/०९ मा भ्रष्टाचार मुद्दामा अनुसन्धानको क्रममा निजकी श्रीमती शिवरती महतो र छोरा शिवशंकर महतोका नाममा रहेको वडा नं. १२ कि.नं. ९२ क्षेत्रफल ०-०-१४-० जग्गा आयोगले रोक्का राखेको हुँदा निवेदक शिवशंकर महतोले उल्लेखित जग्गा फुकुवा गरी पाउँ भन्ने व्यहोराको निवेदन यस आयोगमा दर्ता गरेको । जनकपुर नगरपालिकाका तत्कालीन वडा सदस्य श्री विश्वनाथ महतोको नाममा असुलउपर गर्नुपर्ने रु.४४,६००।- निवेदकले जनकपुर नगरपालिकाको नेपाल राष्ट्र बैंक, जनकपुरधाममा रहेको खाता नं. ३४०००२ मा मिति २०६८/१२/०७ गते रकम जम्मा गरेको बैंक भौचर पेस गरेको। उक्त विषय जनकपुरधाम उपमहानगरपालिकाको मिति २०७९/०३/१६ गतेको पत्रसमेतबाट लेखी आएको र बैंक भौचरको प्रतिलिपिसमेत प्राप्त भएको । आयोगको मिति २०६०/१०/०९ को पत्रबाट रोक्का रहेको देखिएको उक्त कि.नं. का जग्गा अन्य निकायबाट रोक्का रहेकोमा र अन्य मुद्दा र कारणले रोक्का राख्नुपर्ने भएमा बाहेक फुकुवाको लागि आयोगको मिति २०६९/०३/१४ को निर्णयानुसार फुकुवा गरिदिन लेखी पठाइएको देखिएकाले सोही अनुसार गर्न गराउन आयोगको मिति मिति २०७९/०८/१४ निर्णयानुसार सम्बन्धित मालपोत कार्यालयलाई पुनः लेखी पठाइएको ।
१०	प्रतिवादी देवीप्रसाद वारकोटी निवेदकसमेतको विरुद्ध श्री विशेष अदालत, काठमाडौंमा मुद्दा नं. ०७४-

	CR-००३७ रहेको गैरकानुनी सम्पत्ति आर्जन मुद्दा दायर भई मिति २०७९/०३/१० गते सो मुद्दा विशेष अदालतबाट फैसला हुँदा सफाई हुने ठहरी फैसला भएकोमा आरोपपत्र दायर हुँदा निवेदकलगायत परिवारका सदस्यहरूको नाममा रहेको चल-अचल सम्पत्तिहरू रोक्का राखिएकोमा आयोगबाट रोक्का राखिएका घर-जग्गा, बैंक खाता, सवारी साधन तथा शेयरलगायतका सम्पत्तिहरू फुकुवा गरी पाउँ भनी आयोगमा निवेदन दर्ता भएको । साथै यो मुद्दाको सम्बन्धमा आयोगबाट मिति २०७९/७/८ मा निज प्रतिवादीहरूउपर सर्वोच्च अदालतमा पुनरावेदनपत्र दर्ता नगर्ने निर्णय भएको देखिएको । उल्लिखित व्यहोराको आधारमा निज निवेदकले फुकुवा माग गरेको सम्पत्तिहरू अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक रोक्का राखिएका सम्पत्तिहरू फुकुवा गरिदिनका लागि आयोगद्वारा मिति २०७९/०९/२५ सम्बन्धित कार्यालयमा लेखी पठाइएको ।
११	निवेदक प्रदिपकुमार यादवको मिति २०७९/१२/०८ को निवेदन, यस आयोगको मिति २०७८/१/२० को निर्णय तथा सोही निर्णयको आधारमा रामनारायण यादवको विराटनगर ११ (ख) कि.नं. ७९४ क्षेत्रफल ०-१-८.५ को जग्गा यस आयोगको मिति २०७८/१/२० गतेको बैठकबाट फुकुवा गर्ने निर्णय भई यस आयोगको मिति २०७८/०४/२१ को पत्रानुसार पत्राचार गरिएको । पत्राचार गर्दा जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. ११ (ख) कि.नं. ७९४ क्षेत्रफल ०-१-८.५ हुनुपर्नेमा जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. १८ महादेवा गा.पा. वडा नं. १ कि.नं. ७९४ क्षेत्रफल ०-१-८.५ भएको कारण जग्गा फुकुवा हुन नसकेको देखिएको । अतः आयोगको मिति २०७८/०१/२० को निर्णयको व्यहोरा सच्याई पुनः सम्बन्धित मालपोत कार्यालयलाई आयोगद्वारा मिति २०८०/०१/०७ लेखी पठाइएको ।
१२	मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं. ५ बस्ने वर्ष ७१ को नारदप्रसाद भट्टराईको नाउँमा दर्ता रहेको मोरङ जिल्ला साबिक कन्चवाडी गा.वि.स. वडा नं. ८ को कि.नं. १५४९ को क्षेत्रफल ०-१-४$^{१/४}$ जग्गा र सो जग्गामा बनेको घरसमेत आयोगबाट रोक्का रहेकाले उक्त जग्गा फुकुवा गरी पाउँ भनी यस आयोगमा निवेदन दर्ता भएको । वादी नेपाल सरकार प्रतिवादी नारदप्रसाद भट्टराईसमेत रहेको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको (९३-०६३-०००२१) मुद्दामा अनुसन्धानको क्रममा उक्त जग्गा आयोगको मिति २०६१/१२/१० गतेको पत्रबाट मालपोत कार्यालय मोरङले रोक्का राखेको देखिएको । निज निवेदकको उक्त मुद्दा श्री सर्वोच्च अदालतबाट समेत अन्तिम भई प्रतिवादी नारदप्रसाद भट्टराईसमेतलाई रु.५०००।- जरिवाना भई उक्त जरिवानासमेत असुलउपर भइसकेको मिसिल संलग्न कागजातहरू समेतबाट देखिएको तथा उक्त मुद्दामा यस आयोगको मिति २०७४/०९/२० को निर्णयबाट समेत पुनरावोलकन नगर्ने गरी निर्णय भएको देखिएको । उल्लिखित आधार कारणबाट उक्त मुद्दाको अन्तिम टुंगो लागिसकेको देखिएको हुँदा अन्य मुद्दा र कारणले उक्त जग्गा रोक्का राख्नुपर्ने भएमा बाहेक उक्त जग्गा र सो जग्गामा बनेको पक्की घरसमेत फुकुवा गर्न आयोगद्वारा मिति २०८०/०१/१४ मा सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइएको।
१३	निवेदक रश्मी गुजरालले सिन्धुली जिल्ला टाँडी गा.वि.स. वडा नं. २ कित्ता नं. १९ को क्षेत्रफल २७४९.८९ वर्गमिटर जग्गा फुकुवाको लागि मिति २०७९/४/१७ मा निवेदन दर्ता गरेको । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६१/२/४ को निर्णयानुसार तत्कालीन जनकपुर नगरपालिकाका नगर परिषद्का सदस्य निज गुजरालले अनियमित तरिकाले भुक्तानी लिएको रकम

	असुली गर्ने प्रयोजनका लागि उक्त जग्गा रोक्का रहेको देखिएको । जनकपुर उपमहानगरपालिको २०७९/१२/३ को पत्रबाट निज रश्मी गुजराललेे भुक्तानी लिएको रकम रु.३३,६००।- जनकपुर उपमहानगरको खातामा रकम जम्मा गरिसकेको जानकारी प्राप्त भएको । मालपोत कार्यालय, सिन्धुलीबाट मिति २०७९/५/१५ को पत्रबाट रोक्का रहेको उल्लिखित जग्गा र सरकारी, सार्वजनिक र गुठीको जग्गासमेत नपर्ने जवाफ प्राप्त भएकाले अन्य प्रयोजनले रोक्का राख्नुपर्ने भएमा बाहेक आयोगको मिति २०८०/०३/०४ को निर्णयानुसार रोक्का रहेको जग्गा फुकुवा गर्न सम्बन्धित निकायमा लेखी पठाइएको ।
१४	श्यामप्रसाद शर्मासमेत उपर मिलेमतोमा अवैधरूपमा काठ कटान गरेको मुद्दासँग सम्बन्धित अनुसन्धानको क्रममा मिति २०७०/०८/२० मा आयोगबाट निज शर्माको श्रीमती ममता शर्माको नाममा नबिल बैंकमा रहेको बैंक लकर रोक्काको लागि पत्राचार भई रोक्का रहेकोमा फुकुवाको लागि आयोगमा निवेदन दर्ता भएको । उक्त मुद्दामा निज प्रतिवादीसमेतले २०७९/०९/१९ गतेको सर्वोच्च अदालतको फैसलाले सफाई पाएको देखिएको र आयोगबाट मिति २०८०/०२/२९ मा पुनरावलोकन नगर्ने निर्णय भएको देखिएको । साथै निजउपर गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्ने व्यहोराको मिति २०७०/०८/१७ मा दर्ता भएको उजुरीसमेतमा छानबिन भई आयोगको मिति २०७५/०३/३१ को निर्णयानुसार तामेलीमा राख्ने निर्णय भएको देखिँदा अन्य कारणबाट रोक्का राख्नुपर्ने भएमा बाहेक निजको श्रीमतीको नाममा रहेको नविल बैंक, गठ्ठाघर शाखामा रहेको लकर रोक्का फुकुवाको लागि आयोगको मिति २०८०/०३/२१ लेखी पठाइएको ।
१५	भगवतीप्रसाद अग्रवालको नाममा दर्ता रहेको जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ७ हाल वडा नं. १३ कि.नं. १०८६ को क्षेत्रफल ०-१-१० र सोमा निर्मित कारखाना भवनसमेत र ऐ.ऐ. कि.नं. १११७ को क्षेत्रफल ०-०-६ र सोमा बनेको कारखानासमेत रोक्का रहेको हुँदा उक्त जग्गा फुकुवा गरी पाउँ भन्ने व्यहोराको निवेदन निज अग्रवालले यस आयोगमा दर्ता गरेको । आयोगको मिति २०८०/०२/२९ गते श्री भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङलाई उक्त जग्गाको सन्दर्भमा जानकारी लिने प्रयोजनको लागि पत्राचार गरेकोमा उल्लिखित जग्गा निज अग्रवालकै नाममा रहेको र सो जग्गा सरकारी सार्वजनिक, गुठी र हदबन्दीभित्र पर्दैन, फुकुवा गरीदिए केही फरक पर्दैन भनी सर्जमिन मुचुल्काबाट देखिएको विषय मिति २०८०/०३/१० गते सम्बन्धित मालपोत कार्यालयले आयोगलाई खुलाई पठाएको । आयोगको मिति २०६९/१२/२ गतेको पत्रबाट मालपोत कार्यालय मोरङ, विराटनगरले रोक्का राखेको मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिएको र उक्त उजुरीको अन्तिम टुंगो लागिसकेको हुँदा अन्य मुद्दा र कारणले उक्त कित्ता नं. का जग्गा रोक्का राख्नुपर्ने भएमा बाहेक आयोगको मिति २०८०/०३/२१ गतेको पत्रबाट रोक्का रहेको उक्त कि.नं. का जग्गा फुकुवा गर्न सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाइएको।

२.९.२ अन्य निर्णयहरू

क्र.सं.	निर्णयको विवरण
१.	जिल्ला डडेल्धुरा, परशुराम नगरपालिका वडा नं. ८ को वडा सदस्य पदमा वादी नेपाल सरकारविरुद्ध प्रतिवादी विजयराज पौडेलसमेत भएको भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका राजेन्द्रबहादुर ठगुन्ना निर्वाचित भएकाले कैद सजाय पाएको व्यक्तिलाई कुनै पनि कामकाज नगर्नु नगराउनु भनी आदेश गरी पाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा तत्कालीन सिद्धनाथ सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिका सचिव राजेन्द्रबहादुर ठगुन्नाको हकमा निजविरुद्धको सम्मानित अदालतमा मुद्दा अन्तिम किनारा नभएसम्म स्वतः निलम्बनमा रहने भन्ने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ मा प्रस्ट व्यवस्था रहेको हुँदा सो बमोजिम कार्यान्वयन गर्न गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं, निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं र सम्बन्धित स्थानीय तह (परशुराम नगरपालिका) मा लेखी पठाउने भनी २०७९/५/२० मा निर्णय भएको।
२.	पोखरा शान्ति वन वाटिकास्थित १७ रोपनी जग्गा सरकारले २०३१।३२ सालमा रु.१,६५,०००।—मुआब्जा दिई अधिग्रहण गरेकोमा सो सम्बन्धी कागजातहरू नष्ट गरी तत्कालीन जग्गा धनी उजेली कार्कीको मृत्युपश्चात निजका छोरा हरिबहादुर कार्कीले दर्ता प्रमाणपुर्जा बनाउँदा वन विज्ञान अध्ययन संस्थानसमेतको मौनता र संलग्नता रहेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा मिति २०४५/०२/१८ को मालपोत कार्यालय, कास्कीको निर्णयको सम्बन्धमा सरकारी सार्वजनिक हुने वा व्यक्तिको नामसारी गर्न मिल्ने हो भन्ने सम्बन्धमा सम्बन्धित सबैलाई सुनुवाइको मौका दिई जो जे बुझ्नुपर्ने हो बुझी जग्गाको प्रकृति के कस्तो हो भन्ने समेत हेरी पुनः निर्णय गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ को दफा २५(ख) बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा प्रस्तुत निर्णयको प्रतिलिपिसहित सम्बन्धित कागजातहरूको प्रतिलिपिसमेत राखी सुझाव लेखी पठाउने भनी २०७९/०७/०३ मा निर्णय भएको।
३.	विशेष अदालत, बबरमहल, काठमाडौंको च.नं. ५००९ मिति २०७९/११/११ मुद्दा (०७९-CR-००६८) को पत्रबाट लेखी आएबमोजिम रोक्का बैंक खाता फुकुवा गर्ने/नगर्ने सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, कालिकोटमा रहेको प्रतिवादी दिपकराज देवकोटाको नाउँमा रहेको खाता नं. ४४५००१०००००१९१००१० यस आयोगको प.सं. ०७८/७९ च.नं. १ मिति २०७८/४/३ को पत्रबाट बैंक खाता रोक्का राखिएकोमा रोक्का रहेको बैंक खाता अन्य निकाय/प्रयोजनबाट रोक्का राखिरहनुपर्ने नभएमा फुकुवा गरिदिनुहुन भनी राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, कालिकोटलाई लेखी पठाउने भनी २०७९।११।२६ मा निर्णय भएको ।
४.	वादी नेपाल सरकार प्रतिवादी प्रमोद नेपालसमेत भएको घुस रिसवत लिई भ्रष्टाचारसम्बन्धी मुद्दा दर्ता नं. ०७९-CR-००३० कायम गरी दर्ता भएकोमा आयोगको बैठकमा छलफल गरी उक्त मुद्दाको थुनछेक आदेशमा संशोधन गरी पाउन सम्मानित अदालतबाट थुनछेक आदेश हुँदा "माग भएको धरौटी प्रतिवादीले अनुसन्धानको क्रममा आयोगसमक्ष दाखिल गरिसकेको भन्ने आरोपपत्रमा उल्लेख भएको देखिँदा उल्लिखित आयोगमा रहेको धरौटी रकमलाई झिकाई धरौटीमा जम्मा गरी प्रतिवादीलाई तारिखमा राख्" भनी आदेश भएकोमा निज प्रतिवादीले यस आयोगमा धरौटीमा राखेको

	रकम जफत गरी पाउन यस आयोगबाट मागदाबी लिइएको भन्ने व्यहोरासमेत उल्लेख गरी आदेश संशोधन गरी पाउन विशेष अदालत ऐन, २०५९ को दफा १२ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १८ र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६९ बमोजिम विशेष सरकारी वकिल कार्यालयमार्फत विशेष अदालतलाई अनुरोध गर्न पत्राचार गर्ने मिति २०७९/१२/३० मा निर्णय भएको ।
५.	राष्ट्रिय सतर्कता केन्द्रको च.नं. ११०००००००४२ मिति २०८०/०१/१० को पत्रबाट प्राप्त "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०७८/०७९) बमोजिम सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्बन्धमा संघीय कर्मचारीहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी बैंक भौचरसहित आयोगमा पठाउन सम्बन्धित आयोग/मन्त्रालय/सचिवालय/केन्द्रीय निकायहरूमा लेखी पठाउने, प्रदेशस्तरका कर्मचारीको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी बैंक भौचरसहित आयोगमा पठाउन सम्बन्धित प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयहरूलाई लेखी पठाउने र स्थानीयस्तरका कर्मचारीको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी बैंक भौचरसहित आयोगमा पठाउन सम्बन्धित स्थानीय तहहरूमा लेखी पठाउने मिति २०८०/०२/०४ मा निर्णय भएको।
६.	सार्वजनिक पद धारण गरेका व्यक्तिको शैक्षिक योग्यताको प्रमाणपत्रसम्बन्धी उजुरीको छानबिन तथा अनुसन्धान प्रक्रियालाई छिटो, छरितो एवं प्रभावकारी बनाउन र यसै सन्दर्भमा आयोगबाट मिति २०७२ साल आश्विन २० र २०७९ साल मंसिर १४ गते भएका नीतिगत निर्णयहरूलाई समेत एकीकृत र परिमार्जन गरी अनुसन्धान कार्यमा एकरूपता कायम गर्न शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन तथा अनुसन्धान कार्यनीति, २०८० स्वीकृत गर्ने मिति २०८०/०२/३२ मा निर्णय भएको।
७.	जिल्ला रुपन्देही, शुद्धोदन गाउँपालिकाका तत्कालीन प्रशासकीय अधिकृत अनन्तपाणि मरासिनी, वडा नं. ७ का तत्कालीन वडा अध्यक्ष भीमबहादुर यादव र वडा नं. ७ कै बिचौलिया विनोद भर तोकिएको तारेखमा उपस्थित नभई तारेख गुजारी बसी नियमानुसारको तारेख थामी थमाउने म्यादसमेत गुजारी बसेको हुँदा निज प्रतिवादीहरूले आयोगमा राखेको जनही रु.५०,०००।— ले हुन आउने जम्मा रु.१५०,०००।- धरौटी रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ र दफा ३५घ, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३० को उपदफा (३), मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ उपदफा (१) एवं फौजदारी कसुरको अनुसन्धानसम्बन्धी नियमावली, २०७५ को नियम २१ को उपनियम (५) समेतको कानुनी

	व्यवस्थासमेत बमोजिम उक्त धरौट रकम जफत हुने हुँदा सो रकम राजस्वमा आम्दानी बाँधी सदर स्याहा गर्न मिति २०८०/०३/०४ मा निर्णय भएको।
८.	आयोगका पूर्वप्रमुख आयुक्त श्री मधुसूदनप्रसाद गोर्खालीको निधनमा दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवार तथा आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्ने गरी मिति २०८०/०३/०७ मा निर्णय भएको।
९.	प्रतिवादीहरू जिल्ला काठमाडौं, उद्योग विभाग (औद्योगिक सम्पत्ति शाखा) को शाखा अधिकृत कुमारी तारा घिमिरे र कार्यालय सहयोगी दीपा थापालाई आयोगमा उपस्थित हुन तारेख तोकी दिइएकोमा प्रतिवादी कुमारी तारा घिमिरे तारेख थामी थमाउने म्यादसमेत गुजारी बसेको हुँदा निज प्रतिवादीले यस आयोगमा धरौटी बापत राखेको रकम रु.१२,०००।— कानुनी व्यवस्था बमोजिम उक्त धरौटी रकम जफत हुने हुँदा सो रकम राजस्वमा आम्दानी बाँधी सदर स्याहा गर्न मिति २०८०/०३/०७ मा निर्णय भएको।

२.१० तामेली

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. ०७९/८० मा विस्तृत अनुसन्धानपश्चात गैरकानुनी सम्पत्ति आर्जनतर्फका उजुरी र अन्य देहायबमोजिमका गरी जम्मा ६५६ उजुरीहरू अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणका आधारमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर हुन सक्ने नदेखिएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) तथा नियमावली, २०५९ को नियम १० बमोजिम तामेलीमा राखिएको छ ।

क्र.सं.	उजुरीको व्यहोरा	निर्णय मिति
१.	खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले काठमाडौंदेखि हुम्ला, सिमिकोटसम्म र काठमाडौंदेखि यल्बांग, हुम्लासम्म दुवै सेक्टरको स्थलमार्गबाट ढुवानी सेवा खरिद गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७९-०४-०२
२.	देउराली जनता र फ्लोरेन्स नाम गरेका नर्सिङ कलेजहरू बुटवल, रूपन्देहीमा एउटै संस्थाले सञ्चालन गर्दै आएको, ती कलेजहरूले विद्यार्थीहरूलाई अँध्यारो कोठा तथा चुहिने टिनका छानामुनि राखी पढाउने गरिएको भन्नेसमेत।	२०७९-०४-०२
३.	काठमाडौं प्रदर्शनी मार्गस्थित भूकुटीमण्डपभित्र भाडामा दिएको भन्दा बाहेकको करिब तीन रोपनी क्षेत्रमा फैलिएको जग्गामा बिना प्रतिस्पर्धा टहरो बनाई राखिएका पसलहरू छानबिनमा तानिने डरका कारण हटाउन लागिएको र पसलहरूले समाज कल्याण परिषद्लाई भाडा नतिरेको भन्नेसमेत।	२०७९-०४-०२
४.	जिल्ला कपिलवस्तु, विजयनगर गाउँपालिकाका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतसमेतको मिलेमतोमा आर्थिक वर्ष २०७४/०७५ मा सञ्चालित आयोजनाहरूमा ऐन नियमविपरीत बिल भरपाई मिलाई चर्को मूल्यमा गुणस्तरहीन काम गरेको भन्नेसमेत।	२०७९-०४-०२
५.	भूमिसुधार कार्यालय, सप्तरीमा कार्यरत कर्मचारी बसु मण्डलले नागरिकता प्रमाणपत्रको मिति दुईपटक सच्याएको र नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र बढुवा प्रयोजनको लागि पेस गरेको भन्नेसमेत।	२०७९-०४-०५
६.	जिल्ला सोलुखुम्बू, सोलुदूधकुण्ड न.पा. वडा नं. ५ मा तत्कालीन जि.वि.स.बाट पुल निर्माण भएकोमा उक्त पुलको पहुँचमार्ग निर्माण सम्भव नभएको भनी उक्त पुलको स्टिल/फलामलगायतका सामान अर्को पुलमा सारेको देखिएकाले सो पुल निर्माण कार्य उपयोगविहीन भई सरकारी हानि नोक्सानी भएको भन्नेसमेत।	२०७९-०४-०४
७.	कृषि विकास बैंक शाखा कार्यालय कल्याणपुर, सप्तरीका तत्कालीन कर्मचारीहरूले प्रियन्का होटल सुरुङ्गा- ६ सप्तरीका प्रो. सुजानकुमारी साह र शम्भुनाथ न.पा. ४ सप्तरीका श्री कौशिलादेवी रामलाई कर्जा प्रवाह गर्दा थप रकम लिएको भन्नेसमेत ।	२०७९-०४-०५
८.	जिल्ला बारा साबिक बेलदारी गा.वि.स. वडा नं. ६ हाल पचरौता नगरपालिका वडा नं. ५ को कि.नं. १२३ को ज. वि. ०-१४-१०, फिल्ड बुकमा नेपाल सरकारको नाममा रहेको जग्गालाई रघुनाथ बैठा धोबीले मालपोत कार्यालय बाराका कर्मचारीहरूसमेतको मिलेमतोमा किर्ते गरी नामसारी गराई बिक्री वितरण गरेको भन्नेसमेत।	२०७९-०४-०५

९.	जिल्ला सुर्खेत साबिक कुनाथरी गा.वि.स. स्थित आमपानी सामुदायिक वन उपभोक्ता समितिले आ.व. २०७२/०७३ मा समूहमा काठ दाउरा बिक्री वितरण गरेबापत समूहको खातामा नियमानुसार जम्मा भएको रकम किर्ते बिल भरपाई कागजात मिलाई समितिका पदाधिकारीहरूले आर्थिक हिनामिना तथा दुरुपयोग गरेको भन्नेसमेत ।	२०७९-०४-०५
१०.	जिल्ला पाँचथर, हिलिहाङ गाउँपालिका वडा नं. ७ स्थित यलम्बर मन्दिर छाना निर्माण योजनामा अनियमितता गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७९-०४-०५
११.	पोखरा म.न.पा.- १६ का वडाध्यक्ष, उपभोक्ता समिति र ठेकदारसमेतले महेन्द्रगुफादेखि चमेरेगुफा क्षेत्रमा निर्माण भइरहेको योजनामा अनियमितता भएको भन्नेसमेत।	२०७९-०४-०५
१२.	जिल्ला सर्लाही, बसबरिया गाउँपालिका, ६ नं. वडा कार्यालयको अधुरो भवन निर्माण गर्दा कमसल निर्माण सामग्री प्रयोग गरेको भन्नेसमेत।	२०७९-०४-०५
१३.	प्रदेश नं. २ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेशसभा सचिवालय, धनुषा र पूर्वाधार विकास कार्यालय, रौतहटको आ.व. २०७५।०७६ मा "जातीय विभेद तथा छुवाछुतविरुद्ध जनचेतना कार्यक्रम गर्ने" कार्यका लागि विनियोजित रकममा अनियमितता गरेको भन्नेसमेत।	२०७९-०४-०९
१४.	जिल्ला कपिलवस्तु, महाराजगन्ज नगरपालिका वडा नं. १० हर्दौनामा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गर्दा विराट स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिका अध्यक्ष ओमप्रकाश बनियाँसमेतले सम्झौताविपरीत काम गरी सरकारी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९-०४-०९
१५.	जिल्ला सल्यान, बागचौर नगरपालिका वडा नं ४ स्थित पेदिखोला बजार तथा सरस्वती माध्यमिक विद्यालयलाई लक्षित खानेपानी योजनामा उपभोक्ता समितिका अध्यक्षलगायत निर्माण समितिका पदाधिकारीहरूले स्थानीयलाई खानेपानीबाट वञ्चित गरी भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको भन्नेसमेत।	२०७९-०४-०९
१६.	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी, भक्तपुरको नक्कली परिचयपत्र छाप तथा भ्रमण आदेश बनाई सरकारी कागजातपत्र तथा ओहोदाको दुरुपयोग गरेको भन्नेसमेत।	२०७९-०४-०९
१७.	जिल्ला अछाम, बान्निगढी जयगढ गाउँपालिकाअन्तर्गत १५ शैयाको अस्पताल निर्माण गराउने भनी टेण्डर आह्वान गरेकोमा उक्त टेण्डर सूचनाअनुसार BOQ मा नभएको ५०,००० लिटर ट्याङ्की निर्माण गरेको specification माग गरी टेण्डरबाट बन्चित गरेको भन्नेसमेत।	२०७९-०४-०९
१८.	जिल्ला रौतहट, फतुवा विजयपुर नगरपालिका वडा नं. ३ स्थित अडुवा खोलादेखि रुपौलिया जोड्ने सडक निर्माण कार्य गर्दा फर्जी कागजातहरू तयार गरी भुक्तानी लिए दिएको भन्नेसमेत ।	२०७९-०४-०९
१९.	स्वास्थ्य सेवा विभाग, टेकू, काठमाडौंका कर्मचारीको मिलेमतोमा TD vaccine खरिदका लागि तयार पारिएको Specification मा द्विविधापूर्ण भएको भन्नेसमेत ।	२०७९-०४-०९
२०.	यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरका कार्यालय प्रमुख तेजनारायण यादवसमेतबाट सवारी चालक	२०७९-०४-०९

	अनुमतिपत्र पाउन सर्वसाधारणले दुःख पाउने गरेको र कार्यालय प्रमुखले सुजुकी मोटर ड्राइभिङसँग मिलेर रकम उठाउने गरेको भन्नेसमेत ।	
२१.	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय, कञ्चनपुरले तटबन्ध निर्माण ठेकेदारलाई ग्राभेल उपलब्ध गराउँदा प्रचलित वन नियमावलीअनुसार राजस्व दाखिला गराई उपलब्ध गराउनुपर्नेमा कम दरमा उपलब्ध गराएबाट न्यून राजस्व दाखिला हुन गएको भन्नेसमेत ।	२०७९-०४-०९
२२.	जिल्ला बाँके, राप्ती सोनारी गाउँपालिकालको वडा नं. ८ बालापुरस्थित पक्की बाटो निर्माणको स्थलगत निरीक्षण गर्दा निर्माणमा प्रयोग भएको bitumen specification अनुसार भए तापनि बाटोको विभिन्न चेनेजमा surface बाट aggregate उप्किन थाली सडक गुणस्तरहीन भएको भन्नेसमेत।	२०७९-०४-०९
२३.	जिल्ला कास्की, अन्नपूर्ण गाउँपालिका वडा नं. ६ लुम्ले पुरानो घडेरीदेखि ढाक्रेसम्म पुग्ने ढलान गरी बनाएको मोटर बाटो गुणस्तरहीन बनाएकोले बिग्रिसकेको तथा पुनः थप बाटो बनाउन बिना प्रतिस्पर्धा पुरानै ठेकेदारलाई दिएको भन्नेसमेत।	२०७९-०४-०९
२४.	जिल्ला सुनसरी, योजना नं. ११, काली मन्दिर हुँदै पूर्व शारदा मा.वि. सम्म जोड्ने बाटो कालोपत्रे तथा योजना नं. १२, वडा नं. १ र २ को सिमाना अर्जुन मेहताको घरदेखि दक्षिण पशुपति प्रा.वि. हुँदै अकाहा बजार जोड्ने बाटो कालोपत्रे गर्ने कार्यमा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०४-०९
२५.	जिल्ला धनकुटा, धनकुटा नगरपालिका एभोकाडो पार्क निर्माण कार्यसँग सम्बन्धित योजनाहरूको निर्माण कार्यको खरिद प्रक्रियामा नियमविपरीत तीनवटा कोटेसन माग गरी आफ्नो नजिकको व्यक्तिद्वारा काम गराई उक्त काम गराएबापत कमिसनसमेत लिई व्यक्तिगत स्वार्थ पूरा गर्ने उद्देश्यले नियमविपरीत काम गरी आपसी मिलेमतोमा सरकारी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-१२
२६.	जिल्ला कैलाली, साबिक मसुरिया गा.वि.स. हाल गौरीगंगा नगरपालिका वडा नं. ५, अण्डैयामा अवस्थित श्री जनजागृति निम्नमाध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक मोतीसिंह विश्वकर्माले राजीनामापश्चात पनि विभिन्न निर्णयमा सहभागी भई तलब भत्ता खाएको भन्नेसमेत ।	२०७९-०४-१२
२७.	जिल्ला धनुषा, पूर्वाधार विकास कार्यालय, धनुषाको आर्थिक वर्ष २०७५/०७६ मा सञ्चालित पूर्वाधार विकास कार्यालय, धनुषाको भवनको दोस्रो तल्ला रंगरोगनको कार्य गर्दा वास्तविक कामभन्दा बढी मूल्यांकन गरी गलत प्रतिवेदन सिफारिस गरी अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०४-१२
२८.	जिल्ला भक्तपुर, गुठी संस्थानका उपप्रशासक अच्युतानन्द पोखरेलले गुठी शाखा, भक्तपुरमा प्रमुख हुँदा राजगुठीको लगतमा दर्ता नभएको गोरखा दरबारमा पर्वमामुली चलाई खाने मूल पुरोहितले भक्तपुर गुठीको १०० रोपनी जग्गा गुठीको लगतमा दर्ता गरेको भन्नेसमेत ।	२०७९-०४-१२
२९.	जिल्ला पर्सा, राजविराज भन्सार कार्यालयका प्रमुख अभिषेक कण्ठसमेतको मिलेमतोमा आ.व. २०७५/०७६ को राजस्व रकम बैंक दाखिला नगरी हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-१२

३०.	जिल्ला म्यागदी, साबिकको राखु पिप्ले गा.वि.स. वडा नं. ९ मा संचालित श्री ज्ञानोदय मा.वि., मौवाफाँटका प्रधानाध्यापक निलकण्ठ सुवेदीले विद्यालयमा आर्थिक अनियमितता गर्नुका साथै विद्यालयको रिक्त शिक्षक तथा परिचर पदमा आफ्नो छोरी तथा सालीलाई मात्र दरखास्त दिने अवसर दिई नियुक्ति गरेको भन्नेसमेत ।	२०७९-०४-१२
३१.	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालमा कार्यरत Lecturer (सातौं तह) पदका अविनास झाले सरकारी अस्पतालबाट तलब भत्ता लिई एकै समयमा अन्यत्र कामकाज गरेको भन्नेसमेत ।	२०७९-०४-१२
३२.	जिल्ला डडेल्धुरा, परशुराम नगरपालिका, वडा नं. १० स्थित शिवशक्ति सामुदायिक संस्थाका अध्यक्षले आर्थिक वर्ष २०७०-७१ मा लिफ्ट सिंचाइको काम नै नगरी गरिबी निवारण कोषबाट विनियोजित रकम अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०४-१२
३३.	कुलेखानी जलविद्युत-३ आयोजनाका कार्यालय प्रमुखसमेतको मिलेमतोमा आयोजनामा प्रयोग हुने निर्माण सामग्रीहरू कमसल खालको प्रयोग गरेको, फर्जी बिल भरपाईसमेत बनाएको तथा खोलाबाट निर्माण कार्यको लागि झिकिएको गिट्टीहरू आयोजना प्रमुखको मिलेमतोमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०४-१२
३४.	जिल्ला बारा, प्रसौनी गाउँपालिका ५ का रामलाल साह तेलीका छोरा वर्ष ६५ का जोगेन्द्र साह तेलीको नागरिकताको प्रमाणपत्रमा जन्म मिति सच्याई विगत ५ वर्षदेखि वृद्धभत्ता लिइरहेकाले कारबाही गरी पाउँ भन्नेसमेत.	२०७९-०४-१२
३५.	जिल्ला बैतडी, पाटन नगरपालिका वडा नं. ९ स्थित सिगास सामुदायिक वनका अध्यक्ष रामशरण भट्ट, सचिव हिरा भट्ट, कोषाध्यक्ष चन्द्रदेव भट्टलगायत सहायक वन अधिकृत चन्द्रनारायण शाहसमेतको मिलेमोतोमा यस वनको खाताबाट रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-१२
३६.	जिल्ला रौतहट, दुर्गा भगवती युवा समाज नेपालबाट अपाङ्ग व्यक्तिहरूका लागि संचालित कार्यक्रममा बास्तविक सहभागीको खर्चभन्दा बढी भुक्तानी भएको भन्नेसमेत ।	२०७९-०४-१२
३७.	साबिक जिल्ला विकास समितिको कार्यालय, कालिकोटबाट सञ्चालन भएका कार्यक्रमहरू; द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम, कर्णाली रोजगार कार्यक्रम, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम र दलित वर्ग उत्थान कार्यक्रमको बजेटमा आर्थिक अनियमितता भएको भन्नेसमेत।	२०७९-०४-१६
३८.	नवलपरासी (बर्दघाट सुस्ता पूर्व) स्थित मध्यबिन्दु नगरपालिका र विनयी त्रिवेणी गाउँपालिकासमेतको मिलेमतोमा अवैध रूपमा विभिन्न खोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गरेको भन्नेसमेत।	२०७९-०४-१६
३९.	नेपाल मेडिकल काउन्सिलको मिलोमतोमा लुम्बिनी मेडिकल कलेज, पाल्पा र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरले MBBS भर्नातर्फ काउन्सिलले तोकेको मापदण्ड पूरा नगरी विद्यार्थी भर्नाको लागि अनुमति लिई अनियमितता गरेको भन्नेसमेत।	२०७९-०४-१६
४०.	राँके-पंचमी-रवि जाने बाटोमा कम गुणस्तरको ग्राभेल गरेको भन्नेसमेत ।	२०७९-०४-१६

४१.	जिल्ला रुपन्देही, कोटहीमाई गाउँपालिका वडा नं. २, पकडीस्थित श्री पकडी आधारभूत विद्यालयका प्रधानाध्यापक नागेन्द्रप्रसाद मिश्रले उक्त विद्यालयमा कार्यरत शिक्षक रामु मुराबसमेतको कर्मचारी संचय कोष र नागरिक लगानी कोषको रकम २०७१ सालदेखि जम्मा नगरी हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-१६
४२.	जिल्ला जाजरकोट, कार्की गाउँ वडा नं. ३ को मनाघाट भन्ने स्थानमा पशु संकलन केन्द्रको भवन निर्माण गर्दा नापी किताबअनुसार नभएको भन्नेसमेत।	२०७९-०४-१९
४३.	जिल्ला चितवन, भरतपुर महानगरपालिका वडा नं. ७ स्थित प्रेमबस्ती माध्यमिक विद्यालयका निमित्त प्रधानाध्यापक नवराज पौडेलले शिक्षक विद्यार्थीहरूको असहमति हुँदाहुँदै कुनै बैठक र निर्णय नगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिलनबाबु श्रेष्ठसँगको मिलोमतोमा विद्यालयको कम्पाण्डभित्रको रुख कानुनी प्रक्रिया पुरा नगरी काटी नष्ट गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेको भन्नेसमेत ।	२०७९-०४-१९
४४.	जिल्ला हुम्ला, सर्केगाड गाउँपालिका वडा नं. १ साबिक जैर गाउँ विकास समिति, हुम्लाको कर्णाली रोजगार कार्यक्रमअन्तर्गत जैर-वाग्रे घोडेटो बाटो निर्माणको रकमबाट जैर गाउँ विकास समितिका खरिदार उमान धामीले रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-१९
४५.	जिल्ला नुवाकोट, विदुर नगरपालिका वडा नं. ३ स्थित रण भुवनेश्वरी क्याम्पसका क्याम्पस प्रमुख, केशवराम तिमिल्सिनासमेतले किर्ते गरी पूर्जा बनाई विश्वविद्यालय अनुदान आयोगबाट २०७० मा पच्चिस लाख र २०७२ मा पन्ध्र लाख भवन निर्माणमा निकाली भवन कुनै पनि ठाउँमा नबनाएको, किर्ते कागजातले फरफारक गरेको पाइएको भन्नेसमेत ।	२०७९-०४-१९
४६.	तत्कालीन जिल्ला विकास समितिको कार्यालय, बाराबाट आर्थिक वर्ष २०६५/०६६ सालमा राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन गर्दा प्राप्त रकम राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५ अनुसार खर्च नभएको र खरिद प्रक्रिया सम्बन्धमा सार्वजनिक ऐन तथा नियमावलीबमोजिम नभएको भन्नेसमेत ।	२०७९-०४-१९
४७.	जिल्ला कैलाली, घोडाघोडी नगरपालिका वडा नं. ३ स्थित समैजी आधारभूत विद्यालयका शिक्षक हुलिराम चौधरीले नागरिकता प्रमाणपत्र बदनियतपूर्वक सच्याई प्रतिलिपी निकाली स्थायी शिक्षकको नियुक्ति लिएको भन्नेसमेत ।	२०७९-०४-१९
४८.	जिल्ला रूपन्देही, श्री पिपरहवा माध्यमिक विद्यालय, बोद्यवारमा प्रा.वि. तहमा कार्यरत शिक्षक ललिताकुमारी उपाध्यायको शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन गर्ने भन्नेसमेत।	२०७९-०४-१९
४९.	जिल्ला अर्घाखाँची साबिक जुकेना गा.वि.स. हाल शितगंगा नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष कमलप्रसाद पौडेलसमेतले व्यवसायिक तरकारी खेती चेतनामूलक कार्यक्रम, सिमलका रुख खेलमैदान निर्माण, साजको रुख प्रतिक्षालय निर्माण योजनासमेतको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९-०४-२३
५०.	नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गतको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालयले विमानस्थल सेवा शुल्क नियमावलीअनुसार	२०७९-०४-२३

	विमानहरूको उडान, अवतरण, पार्किङलगायतमा सम्बन्धित विमान कम्पनीबाट नियमितरूपमा असुल गर्नुपर्ने रकम तोकिएको समय सीमाभित्र असुल नगरी वक्यौता रहेको र सोको हर्जनासमेत असुल नगरी करौडौं रकम असुल गर्न बाँकी रहँदै एयर एसियाको विमानलाई फिर्ता जान स्वीकृत दिएको भन्नेसमेत ।	
५१.	चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. ५ मा रहेको श्री भिमोदय नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक हरिप्रसाद कडेलले BSC तहको सर्टिफिकेट किर्ते पेस गरी थप अध्ययन गरेको र त्यही सर्टिफिकेटलाई आधार मानेर PHD गरेको भनी TU बाट equvalent नगरी डाक्टर लेख्ने गरेको र सोही आधारमा विभिन्न कलेजहरूमा अध्यापन गराउने गरेको भन्नेसमेत ।	२०७९-०४-२३
५२.	सडक विभागअन्तर्गतको सहिदमार्ग सडक योजना, लिबाङ, रोल्पाको झार्ने खोला पुल (Contract No: SMRP/३३७३२०४/२०७२/७३-०११) सम्झौताबमोजिमको समयमा कार्य सम्पन्न गर्न नसकेको भन्नेसमेत ।	२०७९-०४-२३
५३.	जिल्ला सिराहा बरियारपट्टी गा.पा. वडा नं. ३ स्थित अधुरो सडक निर्माणका लागि विश्वनाथ मण्डलको घरदेखि राजु साहको घरसम्म आर.सी.सी. ढलान, राजु साहको घरदेखि पतासी यादवको घरसम्म र राजकुमार यादवको घरदेखि गुदर यादवको घरसम्म पी.सी.सी. ढलान कार्यमा इस्टिमेटअनुसार काम नगरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-२३
५४.	जिल्ला कञ्चनपुर, दोधारा चाँदनीस्थित भानु उच्च मा.वि. ले कम्प्युटर खरिदसम्बन्धी शिक्षा मन्त्रालयको तोकिएको मापदण्डअनुसार कम्प्युटर खरिद नगरी गुणस्तरहीन कम्प्युटर खरिद गरी बिल भरपाईसमेत नक्कली बनाएको, कम्प्युटरलगायतका सामान खरिद तथा मर्मतसम्भार गर्दा प्रचलित सार्वजनिक खरिद ऐन नियमविपरीत सोझै खरिद गरी आर्थिक रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०७९-०४-२३
५५.	जिल्ला कालिकोट, महावै गाउँपालिकामा विभिन्न शीर्षकमा आएको रकममा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०४-२३
५६.	काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ८ साबिक भिमढुंगा गा.वि.स. वडा नं. ६ ख कि.नं. २१ क्षेत्रफल ६ रोपनी ३ आना जग्गा बिक्री गर्न आवश्यक घर बाटो सिफारिस दिँदा वडा अध्यक्षले कच्ची मोटरबाटो भएको सिफारिस दिनुपर्नेमा उक्त जग्गामा घर र बाटो नभएको सिफारिस दिई अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०४-२३
५७.	जिल्ला दैलेख, आठबीस नगरपालिकाबाट चिनेजिउलादेखि फुलेनीचौर तोलीजैसी जोड्ने सडक मर्मत सम्झौतापत्रअनुसार नभएको भन्नेसमेत।	२०७९-०४-२६
५८.	जिल्ला कञ्चनपुर, बेलौरी नगरपालिका वडा नम्बर ९ रतनपुरमा प्रदेश सरकारको बजेट तथा जिल्ला जनस्वास्थ्य कार्यालय, महेन्द्रनगर कञ्चनपुर तथा वडा कार्यालयको प्रत्यक्ष निगरानीमा उपभोक्ता समितिमार्फत निर्माण भइरहेको प्रसुति केन्द्रमा श्री त्रिभुवन माध्यमिक विद्यालय, रतनपुरको स्वामित्वमा रहेको जमिन विद्यालयको सहमति नै नलिई शिक्षा ऐन नियमावलीविपरीत मनोमानी ढंगले भवन निर्माण कार्य भइरहेको र निर्माणका लागि उपभोक्ता समिति गठन भएको	२०७९-०४-२६

	तर उपभोक्ता समितिबाट नियमविपरीत ठेक्का लिने अनुमति नै नभएको व्यक्तिलाई निर्माण ठेक्का दिइएको भन्नेसमेत ।	
५९.	जिल्ला दाङ, राजपुर गाउँपालिकाको जनज्योति मा.वि. मा सञ्चालित पर्खाल सुधार निर्माण र भवन मर्मत योजनाअन्तर्गत यथार्थमा निर्माण भएको कामभन्दा बढी भुक्तानी भएको भन्नेसमेत।	२०७९-०४-२६
६०.	नेपाल विद्युत प्राधिकरण, दोलखा वितरण केन्द्रसमेतले मिति २०७२/०३/०२ (तद्अनुसार जून १७, २०१५) मा आह्वान गरेको बोलपत्रहरू Tender No. DDC/०७१/०७२/Line-०१, line-०२, Line-०३, Line-०४ र Tender No. SDDLEP/०७१/०७२/ Line-०१ मा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०४-२६
६१.	जिल्ला चितवन, भरतपुर महानगरपालिका वडा नं. १ स्थित नारायणी नदी किनारमा बिना प्रतिस्पर्धा बाटिका पथ निर्माण कार्य गर्न लगाएको, रेट महँगो गरी कार्य गरेको, डी.पी.आर. बिना नै काम गरेको भन्नेसमेत ।	२०७९-०४-२६
६२.	जिल्ला स्वास्थ्य कार्यालय, धादिङअन्तर्गत झर्लाङ स्वास्थ्य चौकीको भवन मर्मतमा आएको रु. १२ लाख रकम टालटुल गरी ठेकेदार र कर्मचारीको मिलोमतोमा हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-२६
६३.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनाअन्तर्गतको १४ वटा ठेक्का कार्यमध्ये खनार-इटहरी सडक खण्डको उजुरी सम्बन्धमा सुनसरीले रानीदेखि धरानसम्मको सडक निर्माण गर्दा सडक किनारको नालाभित्र रहेको माटो, ढुङ्गा, इँटा सफा नगरेको, नालाभित्र प्लाष्टर नगरेको, रेलिङ पोष्टहरू चर्किएको, स्पेसिफिकेसनबमोजिमको निर्माण सामग्री प्रयोग नगरेको, सिमेन्टलगायतका निर्माण सामग्रीको गुणस्तर कमसल रहेको, Sub Base र Base को Material प्रयोग गर्दा Over Size को प्रयोग गरेको, Filling गरी compaction गर्दा १५/१५ से.मि.मा गर्नुपर्नेमा २/३ मिटरको उचाईमा गरेको, Asphalt concrete को Compaction Density नपुगेको, Drain को Concrete गुणस्तरहीन रहेको, हिलोमा PCC ढलान गरेको भन्नेसमेत ।	२०७९-०४-३०
६४.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनाअन्तर्गतको १४ वटा ठेक्का कार्यमध्ये जुटमिल-खनार सडक खण्डको उजुरी सम्बन्धमा सुनसरीले रानीदेखि धरानसम्मको सडक निर्माण गर्दा सडक किनारको नालाभित्र रहेको माटो, ढुङ्गा, इँटा सफा नगरेको, नालाभित्र प्लाष्टर नगरेको, रेलिङ पोष्टहरू चर्किएको, स्पेसिफिकेसनबमोजिमको निर्माण सामग्री प्रयोग नगरेको, सिमेन्टलगायतका निर्माण सामग्रीको गुणस्तर कमसल रहेको, Sub Base र Base को Material प्रयोग गर्दा Over Size को प्रयोग गरेको, Filling गरी compaction गर्दा १५/१५ से.मि.मा गर्नुपर्नेमा २/३ मिटरको उचाईमा गरेको, Asphalt concrete को Compaction Density नपुगेको, Drain को Concrete गुणस्तरहीन रहेको, हिलोमा PCC ढलान गरेको भन्नेसमेत ।	२०७९-०४-३०
६५.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनाअन्तर्गतको १४ वटा ठेक्का कार्यमध्ये टंकी-बासवारी सडक खण्डको उजुरी सम्बन्धमा सुनसरीले रानीदेखि धरानसम्मको सडक निर्माण गर्दा सडक किनारको नालाभित्र रहेको माटो, ढुङ्गा,	२०७९-०४-३०

	इँटा सफा नगरेको, नालाभित्र प्लाष्टर नगरेको, रेलिङ पोष्टहरू चर्किएको, स्पेसिफिकेसनबमोजिमको निर्माण सामग्री प्रयोग नगरेको, सिमेन्टलगायतका निर्माण सामग्रीको गुणस्तर कमसल रहेको, Sub Base र Base को Material प्रयोग गर्दा Over Size को प्रयोग गरेको, Filling गरी compaction गर्दा १५/१५ से.मि.मा गर्नुपर्नेमा २/३ मिटरको उचाईमा गरेको, Asphalt concrete को Compaction Density नपुगेको, Drain को Concrete गुणस्तरहीन रहेको, हिलोमा PCC ढलान गरेको भन्नेसमेत ।	
६६.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनाअन्तर्गतको १४ वटा ठेक्का कार्यमध्ये **डि.डि.सि.-टंकी** सडक खण्डको उजुरी सम्बन्धमा सुनसरीले रानीदेखि धरानसम्मको सडक निर्माण गर्दा सडक किनारको नालाभित्र रहेको माटो, ढुङ्गा, इँटा सफा नगरेको, नालाभित्र प्लाष्टर नगरेको, रेलिङ पोष्टहरू चर्किएको, स्पेसिफिकेसनबमोजिमको निर्माण सामग्री प्रयोग नगरेको, सिमेन्टलगायतका निर्माण सामग्रीको गुणस्तर कमसल रहेको, Sub Base र Base को Material प्रयोग गर्दा Over Size को प्रयोग गरेको, Filling गरी compaction गर्दा १५/१५ से.मि.मा गर्नुपर्नेमा २/३ मिटरको उचाईमा गरेको, Asphalt concrete को Compaction Density नपुगेको, Drain को Concrete गुणस्तरहीन रहेको, हिलोमा PCC ढलान गरेको भन्नेसमेत ।	२०७९-०४-३०
६७.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनाअन्तर्गतको १४ वटा ठेक्का कार्यमध्ये एयरपोर्ट गेट-डि.डि.सि. सडक खण्डको उजुरी सम्बन्धमा सुनसरीले रानीदेखि धरानसम्मको सडक निर्माण गर्दा सडक किनारको नालाभित्र रहेको माटो, ढुङ्गा, इँटा सफा नगरेको, नालाभित्र प्लाष्टर नगरेको, रेलिङ पोष्टहरू चर्किएको, स्पेसिफिकेसनबमोजिमको निर्माण सामग्री प्रयोग नगरेको, सिमेन्टलगायतका निर्माण सामग्रीको गुणस्तर कमसल रहेको, Sub Base र Base को Material प्रयोग गर्दा Over Size को प्रयोग गरेको, Filling गरी compaction गर्दा १५/१५ से.मि.मा गर्नुपर्नेमा २/३ मिटरको उचाईमा गरेको, Asphalt concrete को Compaction Density नपुगेको, Drain को Concrete गुणस्तरहीन रहेको, हिलोमा PCC ढलान गरेको भन्नेसमेत ।	२०७९-०४-३०
६८.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनाअन्तर्गतको १४ वटा ठेक्का कार्यमध्ये बरगाछी-एयरपोर्ट गेट सडक खण्डको उजुरी सम्बन्धमा सुनसरीले रानीदेखि धरानसम्मको सडक निर्माण गर्दा सडक किनारको नालाभित्र रहेको माटो, ढुङ्गा, इँटा सफा नगरेको, नालाभित्र प्लाष्टर नगरेको, रेलिङ पोष्टहरू चर्किएको, स्पेसिफिकेसनबमोजिमको निर्माण सामग्री प्रयोग नगरेको, सिमेन्टलगायतका निर्माण सामग्रीको गुणस्तर कमसल रहेको, Sub Base र Base को Material प्रयोग गर्दा Over Size को प्रयोग गरेको, Filling गरी compaction गर्दा १५/१५ से.मि.मा गर्नुपर्नेमा २/३ मिटरको उचाईमा गरेको, Asphalt concrete को Compaction Density नपुगेको, Drain को Concrete गुणस्तरहीन रहेको, हिलोमा PCC ढलान गरेको भन्नेसमेत ।	२०७९-०४-३०
६९.	जिल्ला सल्यान साबिक कोर्वाङझिम्पे गा.वि.स. वडा नं. ८ हाल छत्रेश्वरी गा.पा.	२०७९-०४-३०

	वडा नं. ४ खर्सुबासमा अवस्थित श्री जनप्रेम आधारभूत विद्यालयमा विगत ३ वर्षदेखि सामाजिक लेखापरीक्षण नभएको, विद्यालयका तत्कालीन प्रधानाध्यापक नेबबहादुर वलीले शिक्षक तथा कर्मचारीको तलब रकम हिनामिना गरेको भन्नेसमेत ।	
७०.	सुदुरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयमा मुख्यमन्त्री कप खेलकुद आयोजना गर्दा व्यापक अनियमितता गरी रकम खर्च गरेको, सार्वजनिक खरिद ऐन नियमविपरीत बिना प्रतिस्पर्धा वस्तुहरूको खरिद गरिएको र जथाभावी रूपमा सार्वजनिक बजेटबाट पोशाक एवं कपडाहरू वितरण गरिएको तथा मनलाग्दी रूपमा कार्यालय समयमा काम गरेबापत मन्त्रालयका कर्मचारीहरूले दोहोरो पर्ने गरी भत्ता खाएको भन्नेसमेत ।	२०७९-०४-३०
७१.	जिल्ला चितवन, भरतपुर महानगरपलिकामा कोभिड-१९ संक्रमणको उपचारमा विभिन्न भूमिकामा खटिएको कर्मचारीहरूमध्ये खटिइएका भन्दा नखटिइएकालाई बढी रकम बाँडिएको भन्नेसमेत।	२०७९-०४-३०
७२.	जिल्ला पर्सा, वीरगञ्जको सम्झना होटल पछाडि ज.वि. २-६-० जग्गा बिना सिफारिस अन्दाजीको भरमा तिरो रसिद र राजस्व रसिद नबुझाई रु. ७,००,००,०००।- अंक थैली राखी पारित गरेको सोको मूल्यांकन रु. तेह्र करोड पचास लाखको ४ प्रतिशतको दरले र सो थैली अंकको लाग्ने लाभकर २.५ प्रतिशतको दरले असुल गरी उक्त लिखत पारित गर्नुपर्नेमा उक्त बमोजिम काम नगरी मालपोत हाकिम प्रकाश पोखरेल, शाखा अधिकृत अवक्तिप्रसाद बोगटी, पियन कृष्णप्रसाद अधिकारीको मिलीभगत भई अचेत अवस्थामा रही उपचार गराइरहेका ना.सु. किरणप्रसाद उपाध्यायको हस्ताक्षर गराई राजस्व रकम बाँडेर खाई हजम गरी राजस्व हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-३०
७३.	कारागार कार्यालय, नख्खुका कैदीबन्दीका लागि वितरण गर्न खरिद गरिएका सामग्रीमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०४-३०
७४.	जिल्ला दैलेख, आठबिस नगरपालिका, वडा नं. ८ मा सञ्चालित श्री लालीगुँरास आधारभूत विद्यालयमा आई.सी.टी. सामग्री विद्यालयमा प्राप्त भइसकेको भनी बिल तयार गरी विद्यालयको जिन्सी खातामा चढाई दाखिला प्रतिवेदन तयार गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिससमेत बनाई विद्यालयका प्रधानाध्यापकले आठबिस नगरपालिकामा भुक्तानीको लागि निवेदन पेस गरेको भन्नेसमेत ।	२०७९-०४-३०
७५.	जिल्ला सुर्खेत, लेकबेशी नगरपालिका, वडा नं ५ मा संचालित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा लेखापालसमेतको मिलेमतोमा विद्यालयको कम्प्युटर खरिद, फर्निचर निर्माण, परीक्षा शुल्क तथा छात्रवृत्तिको रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०४-३०
७६.	नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय, नेपालगञ्जका सहायक प्राविधिक अधिकृत तेजनारायण भगतले आर्थिक वर्ष २०७३/०७४ मा ३४० लिटर, आर्थिक वर्ष २०७४/०७५ मा २५०० लिटर र आर्थिक वर्ष २०७५/०७६ मा २५४.०५ लिटर गरी जम्मा ३३६४.०५ लिटर डिजेल जेनेरेटर लगबुक र जिन्सी माग	२०७९-०४-३०

	फाराममा फरक पारी बढी खपत भएको देखाई प्रचलित बजार मूल्यभन्दा रु.३,१९,५८४।७५ बराबर कम्पनीको राजस्वमा हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत ।	
७७.	जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँचीका प्राविधिकहरूले जिल्ला विकास समिति मातहतका ४२ गा.वि.स.हरूमा सञ्चालन हुने योजनाहरूको प्राविधिक कार्य गरेबापत प्रत्येक गाउँ विकास समितिबाट रकम लिने गरेको भन्नेसमेत ।	२०७९-०५-०२
७८.	जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिकाबाट बल्ब खरिद गर्दा तथा ADB को ऋण सहयोगमा सञ्चालित आयोजनाबाट प्राप्त रकम बैंकमा राखी प्राप्त ब्याज सबै कर्मचारी खातामा ट्रान्सफर गरी मेयर, उपमेयर र कर्मचारीहरूको मिलीभगतमा रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-०२
७९.	जिल्ला तनहुँ बन्दीपुर गाउँपालिकाले आवश्यक कागजात तथा प्रक्रिया पूरा नगरिकन नमुना ग्रीड एण्ड क्रसर प्रा.लि. लाई क्रसर सञ्चालनको लागि अनुमति दिएको भन्नेसमेत ।	२०७९-०५-०२
८०.	जिल्ला संखुवासभा, सभापोखरी गाँउपालिकाका वडा नं. ५ का वडा अध्यक्ष यमबहादुर सुब्बासमेतले नेपाल सरकारबाट सञ्चालित स्वरोजगार कार्यक्रमअन्तर्गत बेरोजगार युवाहरूलाई काम गर्ने अवसर प्रदान नगरी आफैले नक्कली बेरोजगार युवाहरू खडा गरी प्राइम कमर्सियल बैंकबाट ४ लाख रकम निकाली अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०५-०६
८१.	जिल्ला सिराहा, श्री जनता मा.वि., गोलबजार-८ चोहर्वामा कार्यरत प्र.अ. ब्रम्दहेवप्रसाद सिंह र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको मिलेमतोमा ८ कोठे भवन निर्माणको क्रममा प्राप्त बजेट रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-०६
८२.	जिल्ला शिक्षा कार्यालय, नवलपरासीका प्राविधिक र प्रधानाध्यापकहरू मिली विभिन्न विद्यालयहरूलाई शौचालय निर्माणका लागि धेरै वर्षदेखि निरन्तर रूपमा अनुदान रकम खातामा निकासा दिँदै, पुरानो शौचालय पेन्ट गरी, बिल भरपाई किर्ते गरी पेस गरेर ठुलो रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-०६
८३.	जिल्ला कास्की, मादी गाउँपालिका वडा नं. ५ स्थित श्री चण्डिका आधारभूत विद्यालयको तारजाली शौचालय निर्माण योजनामा प्राविधिक इष्टिमेटसहित तोकिएको काम नगरी मिलेमतोमा उपभोक्ता समितिमार्फत नक्कली बिल भरपाई पेस गरी, दररेट उच्च गरी सरकारी रकम दुरूपयोग गरिएको र मापदण्ड पूरा नगरी सम्पन्न भयो भनी कागजी काम गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-०६
८४.	जिल्ला सिराहा, अर्नमा गाउँपालिकामा २ वर्षमा सम्पन्न गर्नुपर्ने योजना निर्माण कमला हर्दिनाथ सिंचाइ आयोजनाले समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७९-०५-०६
८५.	सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. ७ स्थायी घर भएका सुबान तामाङको लागि नक्कली सवारीचालक अनुमतिपत्र तयार गर्ने कार्यमा इलाका प्रहरी कार्यालय मेलम्ची सिन्धुपाल्चोकका प्रहरी निरीक्षक महेन्द्र दर्नालसमेत संलग्न भई अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०५-०९
८६.	जिल्ला भक्तपुर, मध्यपुर थिमी नगरपालिका वडा नं. ६ स्थित श्री जनक	२०७९-०५-०९

	सिद्धिकाली माध्यमिक विद्यालयका प्रधानाध्यापक बालमुकुन्द श्रेष्ठसमेतले श्री आदर्श माध्यमिक विद्यालय सानोठिमीका प्राथमिक तहका शिक्षक रविन बस्नेतलाई काजमा ल्याई सुरुका दिनमा हाजिर गराएर घरमै बस्न लगाई तलब भत्ता बाँडीचुडी खाएको भन्नेसमेत ।	
८७.	जिल्ला स्याङ्जा, गल्याङ नगरपालिका, वडा नं. ३, वि.पी. स्मृति प्रतिष्ठानको भवन निर्माणमा फर्जी बिल पेस गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-०९
८८.	जिल्ला बारा, जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष विनोदप्रसाद यादवले राधेश्याम चौधारीको कि.नं. ३४१ लगायतका मूल सडकमा जोडिएका जग्गालाई बाटो नभएको भनी सिफारिस गरी राजस्व हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-०९
८९.	जिल्ला कैलाली, भजनी नगरपालिका वडा नं. ९ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापकसमेतले चारकोठे विद्यालय भवन निर्माणको रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-०९
९०.	जिल्ला कैलाली, भजनी नगरपालिका, वडा नं. ४ मा सञ्चालित कालिका निम्नमाध्यामिक विद्यालयका पूर्वप्रधानाध्यापकको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको, विद्यालयको जग्गा बिक्री गरेको तथा विद्यालयको लेखापरीक्षण नगरेको भन्नेसमेत ।	२०७९-०५-०९
९१.	जिल्ला सुनसरी, ग्रामिण उद्यम तथा विप्रेषण आयोजनामा कार्यरत नायब सुब्बा लोमश आचार्यले रमाना भएको कार्यालयमा हाजिरी नै नभई दोहोरो तलब भत्ता भुक्तानी लिएको भन्नेसमेत ।	२०७९-०५-०९
९२.	जिल्ला कञ्चनपुर, कृष्णपुर नगरपालिका, वडा नं. १ मा सडक कालोपत्रे इष्टिमेटअनुसार नबनाउँदा गुणस्तरीय नभएको भन्नेसमेत ।	२०७९-०५-०९
९३.	जिल्ला बागलुङ, काठेखोला-४, तंग्राममा मसानघाट, पाहुनाघर, शौचालय, खेलमैदानलगायतका विभिन्न योजनाहरूमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०५-१३
९४.	जिल्ला रौतहट, चन्द्रपुर नगरपालिका वडा नं. ९ स्थित डुमरियाबाट पूर्वतर्फ नहर जाने सडक कालोपत्रे गर्ने कार्यमा हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-१३
९५.	जिल्ला सिरहास्थित पूर्वी नहर प्रणालीमा कमला हर्दिनाथ सिंचाइ आयोजनाको ठेक्का समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत ।	२०७९-०५-१३
९६.	जिल्ला कालिकोट, रास्कोट नगरपालिका, वडा नं. १, तामाकोटस्थित जनज्योति आधारभूत विद्यालयमा दुईकोठे भवन निर्माण सम्पन्न प्रतिवेदनअनुसार नभएको भन्नेसमेत।	२०७९-०५-१३
९७.	कोभिड महामारीको दोस्रो लहरको समयमा यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुनाका कार्यालय प्रमुखले मातहतका स्थायी तथा करारका कर्मचारीलाई क्षेत्राधिकारभन्दा बाहिरको User प्रदान गरी रकम असुली गरेर बिचौलियासमेतको मिलेमतोमा Expire भएको सवारी चालक अनुमतिपत्रलाई मिति थप गरी नवीकरण गर्ने कार्य गरेको भन्नेसमेत ।	२०७९-०५-१३
९८.	जिल्ला नवलपरासी, साबिक देवगाउँ गा.वि.स. वडा नं. ५ हाल रामग्राम नगरपालिका वडा नं. १७ स्थित श्री जनता निम्नमाध्यमिक विद्यालय (हाल	२०७९-०५-१६

	मा.वि.) देवगाउँका प्र.अ. विश्वराज शर्मा दवाडी र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मदारी चौधरीसमेतको मिलेमतोमा विद्यालयको आर्थिक, शैक्षिक र भौतिक निर्माणमा भ्रष्टाचार गरेको भन्नेसमेत ।	
९९.	जिल्ला स्याङ्जा, हरिनास गाउँपालिका वडा नं. १ स्थित श्री आधारभूत माध्यमिक विद्यालयमा गणित विषय अध्यापन गराउनको लागि शिक्षण सहयोग अनुदान कार्यक्रमअन्तर्गत दिपेन्द्र पोखेललाई नियुक्ति गरिएको भनी हरिनास गाउँपालिकाबाट आ.व. २०७५/०७६ र आ.व. २०७७/०७८ मा गरी जम्मा रु.७,९७,८८०।- विद्यालयको खातामा जम्मा गरेको तर सो विद्यालयको प्र.अ. ले शिक्षक नियुक्ति नगरेको भन्नेसमेत ।	२०७९-०५-१६
१००.	सडक विभागअन्तर्गत भैरहवा-लुम्बिनी-तौलिहवासम्मको ४२ कि.मी. सडक स्तरोन्नति गर्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग गरेको भन्नेसमेत ।	२०७९-०५-१६
१०१.	जिल्ला डोटी, पूर्वीचौकी गाउँपालिकाले रिङरोडको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न भएको सम्झौताबमोजिमको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण बिना नै परामर्शदातालाई भुक्तानी दिएको भन्नेसमेत ।	२०७९-०५-१६
१०२.	जिल्ला मकवानपुर, बागमती गाउँपालिका वडा नं. ५ भोर्लेनीस्थित श्री गीता आधारभूत विद्यालयको नवनिर्मित भवन तथा विद्यालयको आर्थिक तथा भौतिक शीर्षकको रकम विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति मिली हिनामिना गरेको भन्नेसमेत।	२०७९-०५-२०
१०३.	जिल्ला बर्दिया, बढैयाताल गा.पा. स्थित भगवती मा.वि. को विद्यालय व्यवस्थापन समितिले विद्यालयको जग्गा नियमविपरीत माछा पालनको लागि ठेक्का दिएको भन्नेसमेत ।	२०७९-०५-२०
१०४.	जिल्ला जाजरकोट, छेडागाड नगरपालिकास्थित जनसरोकार प्रा.वि. का शिक्षक शान्तबहादुर सिंह सोही जिल्लाको लेवा स्थित पशुपति आधारभूत विद्यालयमा निजको सरुवा भएकोमा २ वर्षदेखि कुनै पनि विद्यालयमा हाजिरी नभई तलब भत्ता बुझ्दै आएको भन्नेसमेत ।	२०७९-०५-२०
१०५.	खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका तत्कालीन उपमहानिर्देशक उपेन्द्र रायले सरकारी साधन श्रोत र बजेट रकमको दुरूपयोग गरेको भन्नेसमेत ।	२०७९-०५-२०
१०६.	जिल्ला मकवानपुर, थाहा नगरपालिकाअन्तर्गतको वडा नं. ३ लामाचौर-दम्की सडक, वडा नं. ४ किटेनी-चौकी सडक, किटेनी-बसपार्क सडक, किटेनी-कालीदेवी-वविकाल सडक निर्माणको विकास बजेटमा जनप्रतिनिधि र उपभोक्ता समितिको मिलेमतोमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०५-२०
१०७.	नेपाल गुणस्तर तथा नापतौल विभागले HDPE पाइपको Hydraulic Test नगरी नेपाल गुणस्तर NS प्रदान गरेको भन्नेसमेत।	२०७९-०५-२०
१०८.	जिल्ला सिन्धुपाल्चोक, इन्द्रावती गाउँपालिकास्थित जलेश्वर आधारभूत विद्यालयमा भुकम्पपछि विद्यालयको भवन निर्माण तथा शौचालय निर्माणको बजेट, छात्रवृत्ति, मसलन्द, दिवा खाजालगायत शीर्षकमा प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-२०
१०९.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरका	२०७९-०५-२३

	तत्कालीन सचिव डा. रामचन्द्र कंडेलसमेतको मिलेमतोमा हारमोनियम, ढोलक, मादल, झ्यालीलगायतका भजन कीर्तन सामग्रीहरू खरिदमा अनियमितता भएको भन्नेसमेत ।	
११०.	काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १९ साबिक सरस्वती गा.वि.स. वडा नं. ९(ख) कित्ता नं. ३२ को क्षेत्रफल ५-८-३-०, ऐ.ऐ. कित्ता नं. ४२ को क्षेत्रफल १-१३-०-० र ऐ.ऐ. कि.नं. २०० को क्षेत्रफल १-२-२-० जग्गा निवेदकका पिता गौरीनारायण कसाईका नाममा नामसारी गरिसकेको जग्गा विपक्षी सिताराम शाही र हरिकृष्ण शाहीले काठमाडौं महनगरपालिकाका तत्कालीन पञ्जिकाधिकारी मुक्तिनाथ दवाडीको मिलेमतोमा उक्त जग्गा खाने नियतले विभिन्न किसिमका फर्जी कागजात तयार गरेको भन्नेसमेत ।	२०७९-०५-२३
१११.	दैलेख जिल्ला, चामुण्डा विन्द्रासैनी नगरपालिका वडा नं. ७ स्थित गौजाटार-विशाल बजार सडक निर्माणका लागि कर्णाली प्रदेश सरकारबाट आ.व. २०७६।०७७ मा रु. ४० लाख रकम विनियोजन भएकोमा पहिले नै निर्माण भएको खौकाटे बाँकी सडक र स्याक्टीबाट पाल्तडा विशाल बजार जाने सडकलाई मर्मत गरी रकमको दुरूपयोग गरे गराएको भन्नेसमेत ।	२०७९-०५-२३
११२.	जिल्ला सिरहा, सिरहा नगरपालिका वडा नं. ९ का वडाध्यक्ष हरिदेव यादवले नक्कली रसिदको प्रयोग गरी राजस्व असुल गरी हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-२३
११३.	दैलेख जिल्ला, नौमुले गाउँपालिकाको कार्यालयले लागत अनुमान स्वीकृत नगरी डकुमेन्ट्री र पार्श्वचित्र निर्माण गरेको भन्नेसमेत ।	२०७९-०५-२३
११४.	जिल्ला रौतहट, हाल गरुडा नगरपालिकामा गाभिएका तत्कालीन मलाही गाउँ विकास समितिका सचिव प्रेमशंकर बर्मा र तत्कालीन बसबिट्टी गाउँ विकास समिति जिंगडियाका सचिव नन्दकिशोर चौधरीसमेतले फर्जी कागजात बनाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सोको नियमावली, २०५६ नियम २१६ को उपनियम (६) विपरीत कर्मचारीहरू नियुक्ति गरी नेपाल सरकार तथा नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत ।	२०७९-०५-२३
११५.	जिल्ला सिरहा कर्जन्हा न.पा.-८ मा पोखरीघाट निर्माण योजनामा उपभोक्ता समितिको निर्णय नगराई घाट निर्माणको रकम झिकी हिनामिना गरेको तथा योजनाको उद्देश्यअनुरूप काम नभएको भन्ने समेत ।	२०७९-०५-२३
११६.	जिल्ला हुम्ला, साबिक रोडीकोट गा.वि.स. सचिव जयबहादुर शाहीले आ.व. २०७१/०७२ मा वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता वितरण नगरेको तथा निजले सोही आ.व. कै कर्णाली रोजगारको रकमअन्तर्गत रिङरोड निर्माण नगरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-२३
११७.	जिल्ला प्रहरी कार्यालय, डोल्पाका लेखा प्रमुख दलबहादुर बुढा समेतले आ.व. २०७७।७८ को श्रावण महिनाको प्रहरी कर्मचारीहरूको संचय कोषको रकम संचय कोषमा जम्मा नगरी हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-२३
११८.	रानी विराटनगर इटहरी धरान सडक योजनाअन्तर्गतको १४ वटा ठेक्का कार्यमध्ये बरगाछी-डि.डि.सी. सडक खण्डको उजुरी सम्बन्धमा सुनसरीले रानीदेखि धरानसम्मको सडक निर्माण गर्दा सडक किनारको नालाभित्र रहेको माटो, ढुंगा, इँटा	२०७९-०५-२३

	सफा नगरेको, नालाभित्र प्लाष्टर नगरेको, रेलिङ पोष्टहरू चर्किएको, स्पेसिफिकेसनबमोजिमको निर्माण सामग्री प्रयोग नगरेको, सिमेन्टलगायतका निर्माण सामग्रीको गुणस्तर कमसल रहेको, Sub Base र Base को Material प्रयोग गर्दा Over Size को प्रयोग गरेको, Filling गरी compaction गर्दा १५/१५ से.मि.मा गर्नुपर्नेमा २/३ मिटरको उचाईमा गरेको, Asphalt concrete को Compaction Density नपुगेको, Drain को Concrete गुणस्तरहीन रहेको, हिलोमा PCC ढलान गरेको भन्नेसमेत ।	
११९.	जिल्ला रुकुमपश्चिम, त्रिवेणी गाउँपालिका वडा नं. ९ स्थित श्री हिमालय जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक अमर सिं खड्कासमेतले विद्यालयको नाममा रहेको जग्गा खरिद गरेको भनी स्थानीय लिलबहादुर रानालाई भुक्तानी दिएको भरपाई बनाई रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-२७
१२०.	जिल्ला कास्की, पोखरा महानगरपालिकाको मुक्तिनाथ विकास बैंक चिप्लेढुंगा पोखरामा रहेको खाता नं. ०२०१०२००१७६५५६०००००१ मा रु. तीस लाख क्लियरिङको लागि पठाएको माछापुच्छ्रे बैंक लिमिटेडको चेक नं. २०३५६२६१ बाट महानगरपालिकाको खातामा रु.३,००००।- मात्र जम्मा भई राजस्व हिनामिना भएको भन्नेसमेत ।	२०७९-०५-२७
१२१.	स्वास्थ्य सेवा विभाग, टेकू, काठमाडौंले सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत आपूर्तिकर्तासँगको सम्झौताको म्याद थप गरेको तथा एउटै कार्यमा पटकपटक कोटेशनबाट खरिद गरेको भन्नेसमेत	२०७९-०५-२७
१२२.	जाजरकोट जिल्लास्थित चुली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष वीरवल राना र सचिव थुमान रानाले उपभोक्ता समितिको साधारणसभा, बैठक, सार्वजनिक लेखापरीक्षण नगरेको र बंगलामुखी रोजिन एण्ड टर्पेन्टाइन इन्डष्ट्रिजबाट वार्षिक रूपमा प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०५-२७
१२३.	जिल्ला रामेछाप, रामेछाप नगरपालिकामा विभिन्न आयोजनामा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०५-२७
१२४.	जिल्ला दाङ, गढवा गाउँपालिका वडा नं. ४ स्थित सालझुण्डी सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष शालिकराम यादवसमेतले उपभोक्ता समितिमा रहेको रकम हिनामिना गरेको र करिब ३५० क्यू.फि. सालको काठ भ्रष्टाचार गरी बरबुझारथ नगरेको भन्नेसमेत ।	२०७९-०५-२७
१२५.	स्याङ्जा जिल्ला गल्याङ न.पा. का प्रमुख भुपराज अधिकारीले आफ्नो निजी गाडी न.पा.को कार्यालयको प्रयोगमा ल्याई मासिक ९० हजार भाडा स्वरूप न.पा.बाट रकम लिने गरेको भन्नेसमेत ।	२०७९-०५-३०
१२६.	रौतहट जिल्ला, दुर्गा भगवती गाउँपालिकाले आ.व. २०७५/०७६ मा महारानी मन्दिरदेखि ढोड महराको घरसम्म पी.सी.सी. ढलान कार्यमा गुणस्तरहीन काम गरी भुक्तानी गरेको भन्नेसमेत ।	२०७९-०५-३०
१२७.	जिल्ला काठमाडौं, त्रिचन्द्र बहुमुखी क्याम्पसका उप-प्राध्यापक राजेन्द्रकुमार पण्डितले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) को आयोजना कार्यान्वयन निर्देशनालयमा Social Safeguard Expert को रूपमा कार्य गरी	२०७९-०५-३०

	निजले एउटै कार्यालय समयमा दोहोरो सुविधा लिएको भन्नेसमेत।	
१२८.	बारा जिल्ला, साबिक बेनौली गा.वि.स. वडा नं. ५ र वडा नं. ६ का विभिन्न कित्ता नं. भएका सार्वजनिक जग्गा मालपोत कार्यालय, बारासमेतको मिलेमतोमा गणेशभक्त मानन्धरको नाममा दर्ता गरेको भन्नेसमेत ।	२०७९-०५-३०
१२९.	जिल्ला पर्सा, धोबिनी गाउँपालिका, वडा नं. ३ को वडा सचिव राजेन्द्रप्रसाद नुनिया, कार्यालय सहयोगी ध्रुब साह कानु र सामाजिक परिचालक सुदीप चौहानले आ. व. २०७३/०७४ को सम्पूर्ण खाताको रकम बजेट हिनामिना गरेको भन्नेसमेत।	२०७९-०५-३०
१३०.	जिल्ला महोत्तरी, खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय, जलेश्वरले आयात अयोग्य भनेको चिनी भन्सार जाँचपास हुनु लगत्तै राजस्व अनुसन्धान टोलीले उक्त चिनी नियन्त्रणमा लिएको तर त्यसको ३ महिनापछि गुणस्तर फेरिनुले चिनीमा चलखेल भएको प्रष्ट भएको भन्नेसमेत।	२०७९-०५-३०
१३१.	जिल्ला सुनसरी, देवानगञ्ज गाउँपालिका वडा नं. ७ यादव टोलमा दुईवटा मन्दिर मर्मतसम्भार गर्न १ नम्बर प्रदेश सरकारबाट विनियोजित रकम उपभोक्ता समितिका अध्यक्ष महेश्वरप्रसाद यादव र श्यामनारायण यादवले रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९-०५-३०
१३२.	जिल्ला चितवन, रत्ननगर नगरपालिका वडा नं. १२ साबिक पञ्चकन्या गा.वि.स. वडा नं. ७(क) कि.नं. ३७२ र २७५ को २९ मिटर मोहडा भएको जमिनलाई ५ मिटर बढाई फाइल नक्सा प्रमाणित गरी सार्वजनिक बाटोको जग्गा मिची घर बनाई भाडा प्रयोजनका लागि दिएको भन्नेसमेत ।	२०७९-०५-३०
१३३.	जिल्ला सर्लाही, चन्द्रनगर गाउँपालिकाको अध्यक्ष महेन्द्र महतो, प्रमुख प्रशासकीय अधिकृत अशोक शाह र गा.पा. अध्यक्षका सल्लाहकार रामकैलाश शाहले गा.पा.को वडा नं. ६ र ७ को सीमा क्षेत्रस्थित नाडीमन तालमा माछा मार्ने प्रयोजनको लागि दुलार मुखियालाई ५ वर्षका लागि २०७४ सालदेखि रु.६ करोड १९ लाखमा लिजमा दिई निजहरूको मिलोमतोमा २ पटकको किस्तामा रु.९४ लाख रकम मिनाहा गरी गैरकानुनी रूपमा कमिसन लिएको भन्नेसमेत।	२०७९-०६-०४
१३४.	जिल्ला मकवानपुर, थाहा नगरपालिका वडा नं. १२ स्थित गैरीगाउँ खोलामा तारजाली र बाँध नबाँधी किर्ते कागज बनाई रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०६-०४
१३५.	तारागाउँ विकास समितिले गैरकानुनी रूपमा कर्मचारी नियुक्ति गरेको तथा पदाधिकारीहरूले दोहोरो तलब भत्ता लिएको भन्नेसमेत।	२०७९-०६-०४
१३६.	जिल्ला धादिङ, छत्रेदेउराली गा.वि.स. वडा नं. १ क को कि.नं. ९७ को क्षे.फ. ११२-०-३ को जग्गाधनी महलमा रुद्रदेव कडेल र मोहीको महलमा बुद्धिबल तामाङ रहेको जग्गाको मोही हकको विषयका सन्दर्भमा धुनीवेशी नगरपालिका वडा नं. ३. को कार्यालयले जग्गाको मोही लगतकट्टा विषयमा गरेको सिफारिससमेतको आधारमा मालपोत कार्यालय, धादिङले मोही लगत कट्टा गरी जग्गाधनीको एकलौटी स्वामित्व कायम गराएको भन्नेसमेत।	२०७९-०६-०४
१३७.	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, क्षेत्रीय कार्यालय, भरतपुरमा आ.व. २०६५।०६६ को अन्तिम मौज्दात जिन्सी निरीक्षण प्रतिवेदन म.ले.प. ४९	२०७९-०६-०४

	मा कायम भएको मौज्दात नै आ.व. २०६६।०६७ को सुरु मौज्दात कायम गर्नुपर्नेमा उक्त रकम नदेखाई कम रकम देखाएकोले हिसाब हिनामिना भएको हुन सक्ने देखिएको भन्नेसमेत।	
१३८.	संखुवासभा जिल्ला विकास समितिअन्तर्गत दुर्गम क्षेत्र विकास समितिमा कार्यरत लेखा अधिकृत अर्जुन सापकोटाले गा.वि.स. को लेखापरीक्षण गर्दा रजिष्टर लेखापरीक्षकहरू मोदनाथ अमगाई, रामभक्त डंगोल, अच्युत ढकाल र डिल्लीराम शर्मासमेत ४ जनाको फर्महरूको प्रयोग गरेर किर्ते हस्ताक्षरसमेत गरी लेखापरीक्षण गरेको भन्नेसमेत।	२०७९-०६-०४
१३९.	जिल्ला कञ्चनपुर, साबिक महेन्द्रनगर वडा नं. २ ज कि.नं. १८९ को नाला कायम भएको जग्गा व्यक्तिको नाममा दर्ता भएको भन्नेसमेत ।	२०७९-०६-०४
१४०.	खानेपानी मन्त्रालयका तत्कालीन सि.डि.ई. प्रेमकृष्ण श्रेष्ठले दोहोरो सुविधा लिई भ्रष्टाचारजन्य कसुर गरेको भन्नेसमेत।	२०७९-०६-०४
१४१.	जिल्ला सप्तरी, रूपनी गाउँपालिका वडा नं. ३ स्थित हर्दिया कटैया खानेपानी उपभोक्ता समूहले आ.व. २०७४/०७५ मा ट्युबेल जडानको लागि निकासा भएको रकम Estimate भन्दा कम मूल्य र कम परिमाणको सामान लगाई मनखुसी खर्च गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०७९-०६-०९
१४२.	जिल्ला बाँके, नरैनापुर गाउँपालिकाको रंगशालाको पर्खाल निर्माणमा विनियोजित रकम सो प्रयोजनमा खर्च नगरी हिनामिना गरेको भन्नेसमेत।	२०७९-०६-०९
१४३.	जिल्ला सिरहा, कल्याणपुर नगरपालिकाको वडा नं. १२ को मुसहरी टोल नथुनिया साहको खेतदेखि सिरहा मिर्चैया खण्डको संसारी थानसम्मको सडकमा माटो तथा ग्राभेल निर्माणको लागि छुट्याइएको रकम इष्टिमेटअनुसार कार्य नगरी व्यापक हिनामिना गरेको भन्नेसमेत।	२०७९-०६-०९
१४४.	दुग्ध वितरण आयोजना ढल्केबर, धनुषाका तत्कालीन कार्यालय प्रमुख योगेन्द्र साहले निजको कार्यक्षेत्रमा दुग्ध पदार्थ वितरण कार्य गर्दा दैनिक असुल भएको रकम राजस्व खातामा दाखिला नगरी आफ्नो खल्तीमा राखेको भन्नेसमेत ।	२०७९-०६-०९
१४५.	जिल्ला पर्सा, वीरगञ्ज म.न.पा. वडा नं. ११ श्रीपुरमा धर्मशाला निर्माण गर्दा आवश्यकभन्दा कम निर्माण सामग्री प्रयोग गरी अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-०९
१४६.	जिल्ला मुगु, छायाँनाथ रारा नगरपालिका वडा नं. ६ मा तत्कालीन खानेपानी तथा सरसफाई सवडिभिजन कार्यालय, मुगुबाट सञ्चालन भएको खानेपानी आयोजनामा काम नै नगरी सम्पूर्ण रकम निकासा लिई हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०६-०९
१४७.	जिल्ला पर्सा, बहुदरमाई नगरपालिकास्थित तत्कालीन श्री नेपाल राष्ट्रिय निम्नमाध्यमिक विद्यालय (हाल प्राथमिक विद्यालय) फुलकौल, पर्साका तत्कालीन प्रधानाध्यापक हिरालालप्रसाद तेलीसमेतको मिलेमतोमा अनियमितता र भ्रष्टाचार भन्नेसमेत ।	२०७९-०६-०९
१४८.	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका परियोजना निर्देशक डा. नरहरिप्रसाद घिमिरे र लेखाका उपसचिव गणेशप्रसाद चालिसेको मिलेमतोमा परियोजनाको वार्षिक समीक्षा गोष्ठीमा उपस्थित कर्मचारीहरूलाई कुनै किसिमको	२०७९-०६-०९

	भक्ता उपलब्ध नगराई होटलको खाजा खर्च मात्रै उपलब्ध गराएको भन्नेसमेत ।	
१४९.	जिल्ला तनहुँ, भानु नगरपालिकास्थित श्री सरस्वती सदन माध्यमिक विद्यालयमा पक्की शौचालय निर्माण कार्य गर्दा सवइन्जिनियर सुरेन्द्र अधिकारी उपर घुस रिसवत मुद्दा दायर भएकोमा निवेदक जिल्ला तनहुँ, रिसिङ गाउँपालिका घर भएका उक्त विद्यालयका प्रधानाध्यापक बाबुराम रानाभाटले निवेदन तथा अनुसन्धानको सिलसिलामा गरेको बयान कागजको व्यहोरालाई अन्यथा हुने गरी प्रतिकूल बकपत्र गरेको भन्नेसमेत।	२०७९-०६-०९
१५०.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सरकारको मातहत रहेको पशुपन्छी विकास निर्देशनालयले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम र स्थानीय सामुदायिक कुखुरापालनको लागि दरखास्त आह्वान भएकोमा शक्तिको दुरूपयोग गरेर यथार्थ कृषकलाई सूचीमा नसमेटिएको भन्नेसमेत।	२०७९-०६-१३
१५१.	जिल्ला कपिलवस्तु वाणगंगा नगरपालिका वडा नं. १० स्थित श्री कामता माध्यमिक विद्यालयका प्रधानाध्यापकसमेतको मिलेमतोमा जिल्ला शिक्षा कार्यालयबाट भवन निर्माणका लागि प्राप्त भएको रकम अनियमितता भएको भन्नेसमेत ।	२०७९-०६-१३
१५२.	राष्ट्रिय वाणिज्य बैंक र एन.आइ.डि.सि. बाट सहवित्तीय र एकल कर्जा लगानी भएको पशुपति एग्रोकेम नेपाल प्रा.लि., पर्साले कर्जा चुक्ता नगरेको कारण दुबै संस्थाको लेना साँवा र ब्याज असुल गराई पाउनको लागि ऋण असुली न्यायाधीकरणमा मुद्दा दर्ता भएकोमा न्यायाधीकरणबाट वादी राष्ट्रिय वाणिज्य बैंक र एन.आइ.डि.सि.लाई भराई दिनुपर्ने फैसला भए पनि न्यायाधीकरणबाट भएको फैसलाबमोजिम धितोबाट सबै लेना रकम असुल उपर हुनसक्ने अवस्था हुँदाहुँदै रिसवत लेनदेन गरी न्यायाधीकरणको फैसलाबमोजिम असुल गर्नुपर्ने भन्दा घटी रकम असुल गरी सरकारी स्वामित्वको बैंकलाई हानि पुऱ्याउने गरी धितोबापतका सम्पत्तिहरू फुकुवा गरिएको भन्नेसमेत ।	२०७९-०६-१३
१५३.	जिल्ला रूपन्देही, साबिक टिकुलीगढ गा.वि.स., वडा नं. ९ ग कित्ता नं. १२० क्षेत्रफल ज.वि. ०-१५-२ को जग्गामध्ये विभिन्न मितिमा कित्ताकाट हुँदै बाँकी रहेको कित्ता नं. ६५३ ज.वि. ०-११-१३ हुनु पर्नेमा नक्सामा क्षेत्रफल घटी भएकोले ट्रायल चेकबाट ज.वि. ०-१०-१ कायम गरी जग्गाधनी दर्ता श्रेस्ता कायम भएको, कित्ता नं. १२० मध्येको बाँकी कित्ता नं. ६५३ को एक पटक ट्रायल चेक भइसकेकोमा सोही कित्ता मध्येको बाँकी कित्ता नं. १०७३ को टायलचेक गर्दा नापी विभागको सहमति लिनुपर्नेमा नलिई गैरकानुनी रूपमा सरकारी जग्गा र सँधियारको जग्गा घुसाई फायल नक्सा बनाई गैरकानुनी ट्रायल चेक गरी क्षेत्रफल बढाएकोले उल्लेखित कार्यमा संलग्न कर्मचारीहरू तथा जग्गाधनीहरूलाई कारबाही गर्ने भन्नेसमेत।	२०७९-०६-१३
१५४.	जिल्ला भक्तपुर साबिक कटुञ्जे गा.वि.स. वडा नं. ६ मा रहेको गणेशमानसिंह स्मृति बाटिका तथा प्रतिमा स्थापना संरक्षण समितिले १७५ रोपनी जग्गा निजी स्वार्थका लागि निजी व्यक्तिलाई ३९ वर्षका लागि लिजमा दिने निर्णय गरी अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-१३

१५५.	जिल्ला धनकुटा साबिक अर्खौले जितपुर गा.वि.स. वडा नं. १ (हाल महालक्ष्मी न.पा. ७) को कि.नं. ११ क्षे.फ. १९-१०-२ को सरकारी जग्गा गैरकानुनी ढंगले व्यक्तिको नाममा दर्ता गरेको भन्नेसमेत ।	२०७९-०६-१३
१५६.	अपर कर्णाली जलविद्युत आयोजनाको हकमा विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र संशोधन गरी क्षमता वृद्धि गर्दा थप भएको मेगावाटको राजस्व जम्मा नगरेको भन्नेसमेत ।	२०७९-०६-१३
१५७.	जिल्ला रसुवा, गोल्जुङमा स्वास्थ्य चौकी भवन निर्माण कार्य समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत ।	२०७९-०६-१३
१५८.	जिल्ला भक्तपुर, साबिक बालकोट गा.वि.स. वडा नं. १ को कि.नं. ३२, ३३, क्षे.फ. ११-०-०-० र हनुमन्ते खोलासमेत मध्यपुरतर्फ गएको र उक्त जग्गा बालकोट गा.वि.स.ले तारबार घेरेर राखेकोमा भू-माफियाको र नगरपालिकाको मिलेमतोमा उक्त ठाउँमा मध्यपुर १५ बाट पुरानो खोलामा परेको जग्गाहरू हालसाबिक कित्ताकाट गरी बिक्री वितरण भएको र घरसमेत बनेको भन्नेसमेत ।	२०७९-०६-१३
१५९.	जिल्ला रौतहट, पूर्वाधार विकास कार्यालयले सर्लाही जिल्लाको धनकौल गाउँपालिका वडा नं. १ अन्तर्गतको रैकलटोल रघुनाथ महतोको घरदेखि मूल सडकसम्म सडक सुधार तथा पक्की ढलान गर्ने कार्यको लागि सम्झौता भएबमोजिमको रकममा सम्पन्न नभएको र लागत इस्टिमेटअनुसार कार्य नभएको भन्नेसमेत ।	२०७९-०६-१३
१६०.	जनकपुरधाम ८, बद्रि झाको घरदेखि आनन्द मिश्रको घरसम्म नाला र सडक ढलान कार्यमा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-१३
१६१.	जिल्ला दोलखा, शैलुङ गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारीहरूले स्थानीय भत्ता, महंगी भत्ता, बैठक र भ्रमण भत्तामा रु.३० लाख रकम खर्च गरेको भन्नेसमेत ।	२०७९-०६-२७
१६२.	जिल्ला डोटी, के.आई. सिंह गाउँपालिका, वडा नं. ६ स्थित श्री छत्रेश्वर माध्यमिक विद्यालयको ६ कोठे भवन निर्माण कार्यको लागि जिल्ला शिक्षा कार्यालय, डोटीबाट प्राप्त बजेट र कम्प्युटर खरिदको लागि खेलकुद मन्त्रालयबाट प्राप्त बजेटमा अनियमितता गरेको भन्नेसमेत।	२०७९-०६-२७
१६३.	जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले एक्सरे मेसिन खरिद गर्दा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-२७
१६४.	दैलेख जिल्ला, गुराँस गाउँपालिका वडा नं. ०८ स्थित कालिका माध्यमिक विद्यालयका प्रधानाध्यापक सुरेश रोकायले शिक्षा विकास तथा समन्वय इकाई दैलेखबाट पुस्तकालय निर्माणको लागि प्राप्त रकम हिनामिना गरेको साथै गाउँपालिकावाट प्राप्त अनुदान दरबन्दीमा शिक्षा ऐन, नियमविपरीत शिक्षक नियुक्ति गरेको भन्नेसमेत ।	२०७९-०६-२७
१६५.	जिल्ला बारा, साबिक इटियाही गा.वि.स. स्थित श्री ५ महेन्द्र निम्नमाध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विजयकुमार यादव तथा प्रधानाध्यापक गणेश महतो कोइरीले पर्खाल तथा शौचालय निर्माणको रकम	२०७९-०६-२७

	हिनामिना गरेको साथै विद्यालयका शिक्षकको सञ्चित विदा स्वीकृत गरी तलब भत्ता भुक्तानी गरेको भन्नेसमेत ।	
१६६.	जिल्ला धादिङ, बैरेनी गा.वि.स. वडा नं. ७ वस्ने इन्द्रनीय सामुदायिक वनको अध्यक्ष रामशरण अधिकारी, वडा नं. ९ का निवर्तमान गा.वि.स. अध्यक्ष कृष्णहरि श्रेष्ठ, तत्कालीन गा.वि.स. सचिव हरिलाला दुलालसमेतले २०५७ सालदेखि हालसम्म बालुवा झिक्न लगाई सार्वजनिक सम्पत्ति नष्ट गरी सरकार र गा.वि.स.लाई तिर्नुपर्ने कर नतिरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०७९-०६-२७
१६७.	जिल्ला बाँके, साबिक बासुदेवपुर गाउँ विकास समिति हाल नेपालगञ्ज उपमहानगरपालिका, वडा नं. १९ स्थित साबिक बासुदेवपुर-४ (क) कित्ता नं. ९७ को अन्दाजी क्षेत्रफल ०-५-५ बिगाहा सरकारी जमिन व्यक्तिहरूको नाममा दर्ता श्रेस्ता कायम गरी जग्गाधनी प्रमाणपुर्जा लिइसकेको भन्नेसमेत ।	२०७९-०६-२७
१६८.	जिल्ला जनस्वास्थ्य कार्यालय, रूपन्देहीमा आ.व. २०६७।०६८ देखि २०६९।०७० सम्म विभिन्न खरिद तथा नियुक्ति प्रक्रियामा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-२७
१६९.	जिल्ला म्याग्दी, बेनी अस्पतालले स्वास्थ्य सामग्री खरिदमा अनियमितता गरेको भन्नेसमेत।	२०७९-०६-२७
१७०.	जिल्ला रौतहट यमुनामाई गाउँपालिका वडा नं. १ स्थित सडक नाला निर्माण कार्यमा बढी रकम भुक्तानी गरी सरकारी रकम अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-२७
१७१.	जिल्ला जाजरकोट, छेडागाड नगरपालिका वडा नं. १२ स्थित चामेपातल सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भीमबहादुर रोकायसमेतले आफ्नो कार्यकालमा वन कर्मचारीको मिलेमतोमा खोटो संकलन गरेको, वन समूहमा प्राप्त रकम विद्यालयहरूलाई उपलब्ध गराएको तथा लेखापरीक्षण नगराएको भन्नेसमेत ।	२०७९-०६-३१
१७२.	जिल्ला वनस्पति कार्यालय, जुम्लाका तत्कालीन कार्यालय प्रमुख हेमराज पौडेलले आ.व. २०७०।०७१ मा तत्कालीन जिल्ला विकास समिति, जुम्लाबाट जडिबुटीसम्बन्धी तालिम सञ्चालन गर्नका लागि पेश्की लिएको तर कार्यक्रम सञ्चालन नगरी नक्कली कागजात तयार गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०६-३१
१७३.	जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट तिब्बतियन नागरिकलाई नायब सुब्बा टिका पोखरेलले नागरिकता प्रमाणपत्र र राहदानी जारी गरेको भन्नेसमेत ।	२०७९-०६-३१
१७४.	नवलपरासी (पूर्व) जिल्लाको सडक विभाग, सडक डिभिजन बुटवलअन्तर्गत रजहर फारम बारकोल सडकमा पर्ने बगाहा पुल निर्माण कार्यमा अनियमिता भएको भन्नेसमेत ।	२०७९-०६-३१
१७५.	जिल्ला सिन्धुली, साबिक भिमस्थान गा.वि.स. वडा नं. ६ अन्तर्गतमा लालिगुराँस सामुदायिक वन उपभोक्ता समितिमा रहेका पदाधिकारीहरू (अध्यक्ष ज्ञानबाहादुर माझी, कोषाध्यक्ष चन्द्रलाल श्रेष्ठ र सचिव चित्रबहादुर बस्नेत) समेतको मिलेमतोमा काठदाउरा आफ्ना मनखुसी बिक्री गरी सो रकम खर्च गरेको नक्कली बिल भरपाईहरू बनाई रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०६-३१
१७६.	संखुवासभा र अरुण नदीको लम्सुवाघाट पुल निर्माण कार्यमा ढिलाई गरी नेपाल	२०७९-०६-३१

	सरकारलाई हानि नोक्सानी गरेको, प्रचलित ऐन नियम तथा सम्झौताका सर्तबमोजिम समयमा गुणस्तरयुक्त निर्माण कार्य सम्पन्न गर्न नसकेको भन्नेसमेत।	
१७७.	जिल्ला धनुषा, जनकपुर अञ्चल अस्पतालले औषधी खरिद गर्दा आर्थिक वर्ष २०७२/०७३ को खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयनसम्बन्धी निर्देशिका पालना नगरेको भन्नेसमेत ।	२०७९-०६-३१
१७८.	जिल्ला कपिलवस्तु, कृष्णनगर नगरपालिका, वडा नं. ६ मा सडक निर्माण कार्यमा आफू निकटका व्यक्तिहरूलाई उपभोक्ता समितिमा राखी सम्झौताअनुसार कार्य नगरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०६-३१
१७९.	जिल्ला सल्यान, बागचौर नगरपालिकाले नगरपालिकाको भवन निर्माणमा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-३१
१८०.	झापा जिल्लामा रहेका सामुदायिक विद्यालयहरूमा अस्थायी, करार, राहत तथा पि.सि.एफ. कोटामा नियमविपरीत शिक्षक नियुक्ति तथा सरुवा गरी अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०६-३१
१८१.	सर्लाहीस्थित हरकठवा पुल निर्माण कार्य ठेक्का सम्झौताअनुसार नगरेको भन्नेसमेत ।	२०७९-०७-०३
१८२.	जिल्ला रौतहट साबिक गौर गा.वि.स. वडा नं. ७ कित्ता नं. १३९, १४०, १६३ र ८०३ का जग्गाहरू सरकारी सम्पत्ति सरह भई गौर राइस आयल एण्ड फ्लोर मिल्स नेपाल लिमिटेडको नाममा दर्ता कायम भएकोमा सोही जग्गाहरू केही भू-माफियाहरूले मिल्स हत्याउने दुष्प्रयास गरी सम्बन्धित निकाय र पदाधिकारीलाई किन्दै कर्मचारीसँग मिलेमतो गरी बेवारिसे अवस्थाको सम्पत्ति हत्याउने प्रयासमा हकवाला बिरलै जीवित रहेको, हकवालाले खासै वास्ता नराखेको, उत्तराधिकारीलाई जानकारीसमेत नरहेको अवस्थामा कानुनविपरीत काल्पनिक व्यक्तिहरू कृतिम मालिक बन्ने प्रयास भइरहेकोले संलग्न दोषीलाई कारबाही होस् भन्नेसमेत ।	२०७९-०७-०३
१८३.	सहरी विकास तथा भवन निर्माण विभागले संघीय संसद भवन निर्माण कार्यको लागि बोलपत्र स्वीकृत गर्दा बोलपत्रदातासँग मिलेमतो गरी अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-०३
१८४.	काठमाडौं उपत्यका खानेपानी लिमिटेडअन्तर्गतका इलेक्ट्रोमेकानिकल शाखासमेतले डिप बोरिङसमेतको कार्यमा E-bidding छल्न रु. ६० लाखभन्दा कमको टुक्रा पारी ठेक्का आह्वान गरेको, सिमित बोलपत्रदाताहरूले मात्र भाग लिई सबै ठेक्काहरूमा स्वीकृत लागत अनुमानकै हाराहारीमा बोलपत्र दाखिला भएको भन्नेसमेत ।	२०७९-०७-०३
१८५.	गौरीशंकर संरक्षण क्षेत्र, प्रधान कार्यालय, सिंगटी, दोलखाका प्रमुख सत्यनारायण शाहले भोटेकोशी पावर कम्पनी प्रा.लि. सँग अवैध सम्झौता गरी नदीजन्य पदार्थको न्यूनतम मूल्यांकन गरेर अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-०३
१८६.	पाटन संयुक्त क्याम्पस, पाटन ढोका, ललितपुरको विज्ञान भवनतर्फको पाटन ढोकामा जोडिएको जमिन क्याम्पसका तत्कालीन प्रमुख योगेन्द्रप्रसाद शाह र तत्कालीन सहायक क्याम्पस प्रमुख डा. लक्ष्मण सिंह कुँवरको मिलेमतोमा कोही	२०७९-०७-०३

	स्थानीय व्यक्तिहरूको अनुचित प्रलोभनमा परी स्थानीय गुठीको नाममा क्याम्पसको करौडौं मूल्यको जमिन स्थानीय व्यक्तिहरूलाई हस्तान्तरण गरेको भन्नेसमेत ।	
१८७.	जिल्ला सिरहा, साबिक अयोध्यानगर गाउँ विकास समिति वडा नं. ३ को कित्ता नं. ६५ को ०-७-५ बिगाहा जग्गा कित्ताकाट गरी कित्ता नं. ३९९ को ०-३-१२ बिगाहा जग्गा सडकमा र बाँकी कित्ता नं. ४०० को ०-३-१३ बिगाहा जग्गा सुर्यनाथ महतोको नाउँमा रहेकोमा मालपोत कार्यालय, नापी कार्यालय, लहान र धनगढीमाई न.पा. वडा नं. ७ का कर्मचारीको मिलेमतोमा किर्ते गरी विन्देश्वरप्रसाद सिंहको नाममा लालपुर्जा बनाई वितरण गरेको भन्नेसमेत ।	२०७९-०७-०३
१८८.	जिल्ला चितवन, रापी नगरपालिका, भण्डारा चितवनको स्वास्थ्य शाखामार्फत कोभिड महामारी सुरु भए यता भरतपुर १० मा रहेको महेश मेडिसिनसँगको मिलोमतोमा स्वस्थ्य सामग्री खरिदमा चरम भ्रष्टाचार भएको भन्नेसमेत ।	२०७९-०७-०३
१८९.	रेडियो नेपालका तह ८ का मुख्य सम्वाददाता प्रमोदकुमार सिंहले नेपाल प्रेस इन्स्टिच्युटबाट तालिम लिएको भनी किर्ते प्रमाणपत्र पेस गरी बढुवा पाएको भन्नेसमेत ।	२०७९-०७-३०
१९०.	जिल्ला कैलाली टिकापुर नगरपालिका वडा नं. ७ बैदेहीको कालोपत्रे सडक कमजोर निर्माण सामग्री प्रयोग गरी कम लागतमा मापदण्डविपरीत तवरले निर्माण गरेको भन्नेसमेत ।	२०७९-०७-०३
१९१.	जिल्ला सिरहा, सिरहा नगरपालिका वडा नं. १२ स्थित श्री सारश्वरनाथ माध्यमिक विद्यालय सिरहामा कार्यरत शिक्षिका सरिताकुमारी झाले दुईवटा सरकारी निकायबाट तलब भत्ता बुझेको भन्नेसमेत ।	२०७९-०७-१७
१९२.	जिल्ला रौतहट फतुवा विजयपुर नगरपालिका वडा नं. ६ बर्गिनियादेखि टेङ्ग्राहासम्मको जम्मा १ किलोमिटर लम्बाई र ६ मिटर चौडाईको सडक विस्तार तथा माटो राखी ग्राभेल गर्ने कार्यको लागि नगरपालिकाबाट निकासा भएको रकम उपभोक्ता समितिको अध्यक्षसमेतले निकासा भएको रकमको कम काम गरी बाँकी रकम अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-१७
१९३.	नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले नेपाल विद्युत प्राधिकरण आर्थिक विनियमावलीको विनियमविपरीत १४४ वटा मिडियालाई लाखौं रुपैयाँ बाडेको भन्नेसमेत ।	२०७९-०७-१७
१९४.	खानेपानी सिंचाइ तथा उर्जा विकास कार्यालय, मुगुमा कार्यरत नायब सुब्बा हरिश्चन्द्र नेपालीले कार्यालयमा काम नगरी नक्कली बिल भरपाई बनाई आर्थिक अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-१७
१९५.	डिभिजन वन कार्यालय, सुनसरी र भोक्राहा नरसिंह गाउँपालिकाका पदाधिकारीसमेतको मिलेमतोमा भोक्राहा नरसिंह गाउँपालिका वडा नं. २ स्थित अकाहा बजारदेखि बबनी खोलासम्म जाने बाटोमा पर्ने ठाकुरटोलको ऐलानी जग्गामा रहेको सिमल जातका रुखहरू कटान गरेको भन्नेसमेत ।	२०७९-०७-१७
१९६.	श्री जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट श्री प्रा.वि. हथिऔललाई विभिन्न शीर्षकमा पठाएको रकम श्री प्रा.वि. हथिऔल, बलरा नगरपालिका, सर्लाहीले	२०७९-०७-१७

	अनियमितता गरेको भन्नेसमेत।	
१९७.	जिल्ला सुर्खेत, लेकवेंशी नगरपालिका वडा नं. २ लेखगाउँ सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण गर्न वडा कार्यालयबाट विनियोजित रकमबाट निशुल्क जग्गामा भवन निर्माण गर्ने निर्णय भएको तर नगरपालिका मेयरसँगको मिलोमतोमा विनियोजित रकमबाट अर्कै ठाउँमा भवन खडा गरी रकमको दुरूपयोग गरेको भन्नेसमेत ।	२०७९-०७-१७
१९८.	जिल्ला सप्तरी, तिरुहुत गाउँपालिका, वडा नं. ३ अन्तर्गत ईदगाहा भवनको निर्माण योजनामा नगरेको कामको भुक्तानी गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०७-१७
१९९.	जिल्ला कैलाली, मोहन्याल गाउँपालिकास्थित सुनपाल सामुदायिक वन उपभोक्ता समिति, बेताल सामुदायिक वन उपभोक्ता समिति, जनज्योति सामुदायिक वन उपभोक्ता समिति र सरस्वती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षहरू समेतले विधान तथा कार्ययोजनाविपरीत रुख कटान गरेको तथा बिक्रीबाट प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०७-२१
२००.	जिल्ला पर्सा, गढी भगवती आधारभूत विद्यालय, प्रसौनी, पर्सामा प्रा.शि. तृतीय श्रेणीमा कोही-कसैलाई जानकारी नै नगराई गोप्य तवरले शिक्षिका संगीताकुमारी रौनियार र चन्द्रिका महतोलाई नियुक्ति तथा सरुवा गरेको देखाई तलब भत्ता निकासा गरी लाखौंलाख भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०७९-०७-२१
२०१.	जिल्ला डडेलधुरा, अमरगढी न.पा. वडा नं. ८, ९, १० र ११ स्थित डकले-रोखलागाउँ-सल्लाघारी सडक योजनाको निर्माण कार्यमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतसमेतका कर्मचारीहरूले अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-२१
२०२.	जिल्ला तनहुँ, भिमाद नगरपालिका वडा नं. ८ स्थित मंगलोदय मा.वि. को स्वामित्वमा रहेको जग्गा व्यक्ति विशेषलाई बिक्री गरेको भन्नेसमेत।	२०७९-०७-२१
२०३.	जिल्ला महोत्तरी, लोहारपट्टी नगरपालिका वडा नं. ६ को सत्यनारायण सहनीको घरदेखि पूर्व मदरसासम्म सडक ढलानको लागि निकासा भएको रकम प्रमुख प्रशासकीय अधिकृत राजुप्रसाद न्यौपानेसमेतले नियमविपरीत निर्माण कार्य गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०७-२१
२०४.	जिल्ला पर्वत, महाशिला गाउँपालिका वडा नं. ५ अन्तर्गतको सांस्कृतिक महत्व बोकेको विशाल महाशिलामा १०८ फिटको अर्धनारेश्वरको मूर्ति कुँद्ने कार्यको लागि विनियोजित रकम अनियमितता भएको भन्नेसमेत।	२०७९-०७-२१
२०५.	जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. २, पाडस्थित श्री गणेश प्रा.वि. का शिक्षक नारायणप्रसाद रेग्मीले नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा जागिर खाइरहेको भन्नेसमेत ।	२०७९-०७-२१
२०६.	जिल्ला काठमाडौं, शंकपार्क-हाँडीगाउँ-ज्ञानेश्वर सडक खण्डमा स्पेसिफिकेसनबमोजिम काम नभएको भन्नेसमेत ।	२०७९-०७-२१
२०७.	जिल्ला बर्दिया, मधुवन नगरपालिकाको परिसरमा उद्यान निर्माण तथा नेपाल राष्ट्रिय नमूना माध्यमिक विद्यालय, ढोढरीमा दोस्रो मेयर कप तथा ११ औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालगायतका काममा अनियमितता भएको	२०७९-०७-२४

	भन्नेसमेत ।	
२०८.	जिल्ला डडेल्धुरा, परशुराम नगरपालिकाअन्तर्गत जोगबुढा परीगाउँ हुँदै सादनी जाने सडकमा इष्टिमेटअनुसारको काम नगरी सरकारी रकम हानि नोक्सानी गरेको भन्नेसमेत ।	२०७९-०७-२४
२०९.	जिल्ला बारा, हरपुर, बलुवास्थित नेपाल राष्ट्रिय नि.मा.वि. (हाल मा.वि.) मा जिल्ला शिक्षा कार्यालय बाराबाट अनुदानमा निर्माण गरिएको भवन अधुरो, गुणस्तरहीन र मापदण्डविपरीत बनाई भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०७९-०७-२४
२१०.	जिल्ला पर्सा, बहुदरमाई नगरपालिका, वडा नं. ९ को वडा कार्यालय भवनमाथि तला थपी महिला तथा बालबालिका सामुदायिक भवन निर्माणमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०७-२४
२११.	जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३ स्थित कि.नं. ११ को नेपाल सरकारको नाममा सार्वजनिक जग्गा सुजितचरण श्रेष्ठसमेतले व्यक्ति विशेषको नाममा दर्ता कायम गर्न प्रयास गरेको र जग्गा कब्जा गरी गैरकानुनी रूपमा पर्खाल निर्माण गरेको भन्नेसमेत ।	२०७९-०७-२४
२१२.	जिल्ला अर्घाखाँची, सन्धिखर्क नगरपालिका र जिल्ला वन कार्यालय अर्घाखाँचीबाट सन्धिखर्क नगरपालिकाको नरपानीमा सहिद उद्यान निर्माण गर्ने क्रममा एकै स्थानमा दुई निकायबाट बजेट विनियोजन भएको तथा डिभिजन वन कार्यालय अर्घाखाँचीबाट निर्माण भएको भनिएको फेन्सी गेट निर्माणसम्बन्धी काममा दोहोरो मूल्यांकन भएको भन्नेसमेत ।	२०७९-०७-२४
२१३.	जिल्ला महोत्तरी, जलेश्वर सिमरदही छोटकाधिरापुर रामजानकी पथ हुँदै मझौरा विष्णुपुर गोबरौरा बमौली रामजानकी पथसम्म माटो पुर्ने तथा ग्राभेलिङ गर्ने कार्यमा उपभोक्ता समितिले अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-२४
२१४.	जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका वडा नं. १ मा रहेको रा. वि. म. क्याम्पसको प्राङ्गणमा माटो पुर्ने कार्यमा उपभोक्ता समितिले अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-२४
२१५.	जिल्ला, रुकुम पश्चिम चौरजहारी नगरपालिकाका मेयर विशाल शर्माले जग्गा खरिद गर्दा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०७-२४
२१६.	जिल्ला पर्सा, श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, घोडदौहा, पिपराका शिक्षक महम्मद मुस्तफा अन्सारीको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद भएको भन्नेसमेत ।	२०७९-०७-२४
२१७.	जिल्ला दार्चुला, दुहुँ गाउँपालिका, वडा नं. १ स्थित हरियाली तरकारी ब्लकका संयोजक रामसिंह महरसमेतले कृषि ज्ञान केन्द्र बैतडीबाट सञ्चालित योजनामा रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०७-२४
२१८.	स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका तत्कालीन उप-महानिर्देशक पवनकुमार श्रेष्ठले सडक बनाउनुको साटो भ्रष्टाचार गरी बजेटको दुरूपयोग गरी अवैध रूपमा करोडौ रकम आर्जन गरेको भन्नेसमेत ।	२०७९-०७-२८
२१९.	जिल्ला कपिलवस्तु, कपिलवस्तु नगरपालिका वडा नं. १२ सौरहास्थित श्री कालिका जन माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षसमेतको	२०७९-०७-२८

	मिलेमतोमा भवन निर्माणको कार्यमा अनियमितता गरेको भन्नेसमेत ।	
२२०.	जिल्ला कैलाली, पशुपति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष गोविन्दबहादुर रावलसमेतले विभिन्न शीर्षकमा रकम हिनामिना भन्नेसमेत ।	२०७९-०७-२८
२२१.	जिल्ला महोत्तरी, खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय जलेश्वरका निमित्त कार्यालय प्रमुख नायब सुब्बा विपिनकुमार ठाकुरले कामको सिलसिलामा सेवाग्राहीसँग घुस/रिसवत लिने गरेको भन्नेसमेत।	२०७९-०७-२८
२२२.	जिल्ला स्याङ्जा, कालीगण्डकी गाउँपालिकाले किसानहरूको लागि आंशिक अनुदानमा Mini-tiller वितरण गर्न भनी सप्लायर्सहरूबाट मूल्यसूची माग गरेको तर मूल्यसूचीमा कम मूल्य भएकोबाट खरिद नगरी प्रति टिलर रु.२०,०००।- मूल्यमा खरिद गरी वितरण गरेको भन्नेसमेत ।	२०७९-०७-२८
२२३.	यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र चावहिल, काठमाडौंले चार पाङ्ग्रे सवारी साधनको सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाका लागि आवश्यक पर्ने परीक्षास्थल र सवारी साधन उपलब्ध गराएबापत परीक्षार्थीसँग दस्तुर तथा घुस/रिसवत लिई टेन्डर प्रक्रिया नपुऱ्याई एउटै ड्राईभिङ सेन्टरलाई ट्रायल सेन्टर तोकेको भन्नेसमेत ।	२०७९-०७-२८
२२४.	पशुपति क्षेत्र विकास कोषमा प्लिजिङ लाइट जडान कार्यमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०७-२८
२२५.	जिल्ला रूपन्देही साबिक वसन्तपुर गा.वि.स. वडा नं. १ क को कि.नं. ५८१ को ज.वि. ०-०-१११।४ जग्गा संगीता तेलीले भिखी तेलीबाट थैली रु.१,३१,०००।- राखी मालपोत कार्यालयसमेतलाई झुक्याई भैरहवा परासी सडकमा पर्ने जग्गालाई घरबाटो छैन भनी लिखत पारित गराई राजस्व रकम छली गरेको र ऐ.ऐ. कि.नं. ५७९ को ज.वि. ०-०-१०१।४ जग्गा भिखी तेलीले मुघुनी तेलीबाट थैली रु.१,२०,०००।— राखी परासी पक्की सडक मोहडामा पर्ने जग्गालाई न्यूनतम मूल्यांकनभन्दा कम रकम राखी लिखत पारित गरी राजस्व छली गरेको भन्नेसमेत ।	२०७९-०८-०८
२२६.	जिल्ला बाँके, जानकी गाउँपालिकामा बाटो घाटो र गनापुर स्वास्थ्य चौकी निर्माणमा अनियमितता गरेकोले निर्माण भएको १ वर्ष नपुग्दै भवन जीर्ण भएको, कोरोनाको सामान, नियमित औषधी तथा बेलभार स्वास्थ्य चौकीको सुगरको औषधी खरिदमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०८-०८
२२७.	नेपाल टेलिकम दुरसञ्चार कार्यालय, बाजुरामा कार्यरत बरिष्ठ सहायक मानबहादुर रोकायासमेतले विगत २०७५ सालदेखि हालसम्म बाजुरा कार्यालयबाट मासिक खर्चको बिल पेस गर्दा नक्कली बिल बनाई भुक्तानी लिने गरेको भन्नेसमेत ।	२०७९-०८-०८
२२८.	जिल्ला दार्चुला, साबिक सितोला गा.वि.स. हाल अपी हिमाल गाउँपालिका विरकाङ जलविद्युत आयोजनाको अध्यक्ष धनसिंह बुढाथोकीले सितोला गा.वि.स. को २०७३ सालको रु.१०,००,०००।- आयोजना स्थलमा कुनै काम नगरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०८-०८
२२९.	जिल्ला नुवाकोट साबिक तुप्चे गा.वि.स. वडा नं. ४ हाल विदुर नगरपालिका वडा नं. ७, चनौटे बस्ने भवनाथको नाति धर्मदत्तको छोरा शिवप्रसाद अधिकारीले	२०७९-०८-०८

	जिल्ला नुवाकोट साबिक तुप्चे गा.वि.स. वडा नं. ४ कि.नं. १००४ वन जंगलक्षेत्रले चर्चेको जंगल दर्ता गरी आफ्नो नाममा बनाएको भन्नेसमेत।	
२३०.	तत्कालीन जिल्ला विकास समिति, अछामका स्थानीय विकास अधिकारी विष्णुप्रसाद कोइरालाले करार सेवामा नियुक्त गरिएका ग्रामीण पहुँच कार्यक्रमअन्तर्गतका कार्यक्रम अधिकृत मेघबहादुर साउदको नामको किर्ते दस्तखत गरी निजको नामको तलब भत्ता आफैंले बुझी लिएको भन्नेसमेत।	२०७९-०८-०८
२३१.	सडक विभाग, सडक डिभिजन, बुटवलअन्तर्गत रूपन्देही जिल्ला, मणीग्राम-मोतिपुर सडकमा पर्ने तिनाउ नदी पुल निर्माणमा अनियमितता तथा विभिन्न बहानामा निर्माण कार्यमा ढिलाई गरेको भन्नेसमेत।	२०७९-०८-०८
२३२.	जिल्ला रूपन्देही, मायादेवी गाउँपालिका वडा नं. ८ स्थित लालीगुराँस पथमा ३४९ मिटर बाटो कालोपत्रे गर्नको लागि बजेट विनियोजन भई उक्त कार्य गर्नको लागि सम्झौता भएको भए पनि ठेकेदार कम्पनीले म्यादभित्र ३० प्रतिशत काममात्र गरेको भन्नेसमेत।	२०७९-०८-०८
२३३.	जिल्ला रामेछाप, दोरम्बा गा.पा. वडा नं. ३ मा वडा सचिव अविनास कर्णले आ.व. २०७५।७६ को पहिलो र दोस्रो चौमासिक र त्यसपछिको सचिव राहुल कर्णले आ.व. २०७५।०७६ को तेस्रो चौमासिक र आ.व. २०७६।०७७ को पहिलो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा ८ जना पहिले नै मृत्यु भएका, ४०।४५ जना दोहोरो नाम परेका र बाँकी समयमा रकम बुझ्न नआउने व्यक्तिहरू गरी अन्दाजी ७५।८० जना समाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको नाममा गलत लगत बनाई भत्ता रकम निकासा गरी हिनामिना गरेको भन्नेसमेत।	२०७९-०८-१४
२३४.	जिल्ला सिन्धुपाल्चोक, बलेफी गाउँपालिकाले निकासी गर्ने गिट्टी, बालुवा, रोडा, ढुंगामा निकासी कर र सडक मर्मत शुल्क असुल गर्दा बिल/बिजकको पहिलो प्रति मात्र जारी गरी दोस्रो र तेस्रो प्रति खाली राखी राजस्व छली गरेको भन्नेसमेत।	२०७९-०८-१४
२३५.	जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. ५ र ६ स्थित झाप्रे बगर ज्ञादी सडकको स्तरोन्नतिको लागि रिजाल कन्स्ट्रक्सनलाई निर्माणको जिम्मा दिनुका साथै सोही नगरपालिकाको बाँके चौतारी पिपलटाँडी ठुलीपोखरीसम्मको पी.सी.सी. ढलान गर्न एवं स्तरोन्नति समेत गर्नका लागि मेयरको आफन्तलाई बिना टेण्डर रु १० लाख रकम दिई काम लगाएको भन्नेसमेत।	२०७९-०८-१४
२३६.	जिल्ला सर्लाही, श्री दुर्गा सरस्वती माध्यमिक विद्यालय, किसनपुरले प्रशासकीय सहायक कर्मचारी लालबाबु रायलाई आफूखुशी तरिकाले नियुक्ति गरेको, पुराना पाठ्यपुस्तक वितरण गरी रकम हिनामिना गरेको र काल्पनिक छात्राको नाम राखी साइकल वितरण गरेको भन्नेसमेत।	२०७९-०८-१४
२३७.	जिल्ला सुर्खेत, चौकुने गाउँपालिका वडा नं. १० स्थित कुमालादेखि तोश्रा र कुमालादेखि केवडीसम्मको सडक निर्माणबापतको रकम इस्टिमेटअनुसार काम नगरी सडक निर्माण नगरी सडक निर्माण समितिका अध्यक्षसमेतले रकम अनियमितता गरेको भन्नेसमेत।	२०७९-०८-१४

२३८.	जिल्ला म्याग्दी, रघुगंगा गाउँपालिका वडा नं. ०५ स्थित महेन्द्र माध्यमिक विद्यालयका प्र.अ. यमबहादुर शेरपुंजाले विद्यालयको विभिन्न शीर्षकको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९-०८-१४
२३९.	जिल्ला बर्दिया, बाँसगढी नगरपालिका वडा नं. १० स्थित गणेश शक्ति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रोमई थारुले समूहको निर्णय बिना लेटरप्याड र छापको दुरूपयोग गरेको भन्नेसमेत।	२०७९-०८-१४
२४०.	जिल्ला काभ्रेपलाञ्चोक, जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) बाट विद्यालयमा २ कोठे भवन निर्माण गर्दा निर्माणस्थल ठिक ठाउँमा नभएको र गुणस्तरहीन सामग्री प्रयोग गरेको भन्नेसमेत।	२०७९-०८-१४
२४१.	मालपोत कार्यालय, तनहुँबाट तनहुँ जिल्ला साबिक खैरेनीटार (उदेनढुंगा) को लिखत पारित गर्दा कर्मचारीको मिलेमतोमा स्थानीय निकायबाट राजमार्गसँग जोडिएको भनी सिफारिस भए तापनि बाटो नभएको भनी रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकर छली अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०८-१४
२४२.	जिल्ला रुकुम (पश्चिम), बाँफिकोट गाउँपालिकामा गाउँपालिका भवन निर्माणमा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०८-१९
२४३.	जिल्ला काठमाडौं, कमलपोखरीस्थित गुठी पोखरीको ४८ रोपनी जग्गामध्ये ०-६-०-२ रोपनी जग्गा कि.नं. ८६ मा घुसाई भूमिसुधार कार्यालय काठमाडौंका तत्कालीन भूमिसुधार अधिकारी चन्द्रप्रकाश गिरीले पचासौं लाख लेनदेन गरेको भन्नेसमेत ।	२०७९-०८-१९
२४४.	जिल्ला सप्तरी, छिन्नमस्ता गाउँपालिकाअन्तर्गत धर्मराज मन्दिर तथा विभिन्न सडक आयोजनाहरू निर्माणमा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०८-१९
२४५.	जिल्ला डडेल्धुरा, परशुराम नगरपालिका वडा नं. ३ थपलामा निर्माण गरेको खानेपानी योजना गुणस्तरहीन भएको भन्नेसमेत ।	२०७९-०८-१९
२४६.	जिल्ला मुगु, खत्याड गाउँपालिकाको कार्यालयका सामाजिक परिचालक भक्तबहादुर रोकायाले वडा नं. ५ का जेष्ठ नागरिक, अपांग र एकल महिला तथा ५ वर्षभन्दा मुनिका बालबालिकाले पाउने सामाजिक सुरक्षा भत्ता रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०८-१९
२४७.	जिल्ला दैलेख, ठाटीकाँध गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष रूपलाल विश्वकर्मासमेतले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले बाख्राको खोर सुधार, बाख्रा वितरण गर्ने तथा रोजगारी सिर्जना गर्ने भनी निज रूपलाल विश्वकर्मा अध्यक्ष रहेको सनातन एकता कृषि सहकारी संस्थालाई दिएको अनुदान रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०८-१९
२४८.	जिल्ला चितवन, राप्ती नगरपालिका वडा नं. ४ को वडा कार्यालय भवन निर्माणमा विनियोजित बजेटमा व्यापक हिनामिना र दुरूपयोग भएको भन्नेसमेत ।	२०७९-०८-१९
२४९.	जिल्ला सर्लाही, साबिक महिनाथपुर गा.वि.स. हाल धनकौल गाउँपालिका वडा नं. ४ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा मृत्यु भइसकेका व्यक्तिहरूको समेत खर्च लेखी अनियमितता गरेको भन्नेसमेत।	२०७९-०८-१९

२५०.	जिल्ला बझाङ, बुङ्गल नगरपालिका वडा नं. ५ मा प्रसुति गृह निर्माणको लागि विनियोजित रकम हिनामिना भएको भन्नेसमेत ।	२०७९-०८-१९
२५१.	जिल्ला पर्सा, नाला-३ (घले खोला) पुल निर्माण कार्य योजना सम्झौताअनुसार नगरेको भन्नेसमेत ।	२०७९-०८-१९
२५२.	जिल्ला पर्सा, नाला-२ (घट्टे खोला) पुल निर्माण कार्य योजना सम्झौताअनुसार नगरेको भन्नेसमेत ।	२०७९-०८-१९
२५३.	जिल्ला पर्सा, नाला-१ (बिरे खोला) पुल निर्माण कार्य योजना सम्झौताअनुसार नगरेको भन्नेसमेत ।	२०७९-०८-१९
२५४.	जिल्ला रौतहट, गा.वि.स. प्रेमपुर गोनाही वडा नं. ७ कि.नं. ३१३ को ०-१-१५ जग्गा देवाही गोनाही न.पा.-८ रौतहटका हरिराम राउतले मालपोत कार्यालयको कर्मचारीसमेतको मिलेमतोमा श्रेस्तामा उल्लेखित क्षेत्रफलमा सच्याई ०-१०-१५ बनाई सोही जग्गा कृषि विकास बैंक, गरुडा रौतहटमा धितो राखी कर्जा लिई सरकारी रकम ठगी गर्ने मनसायले सरकारी कागजात सच्याउने, विवरण थपघट गरेको भन्नेसमेत।	२०७९-०८-२६
२५५.	जिल्ला रूपन्देही, देवदह नगरपालिका-१२, ढोलबजवाको सिक्टहन माध्यमिक विद्यालय रूपन्देहीका तत्कालीन नि.मा.वि राहत शिक्षक विन्दु वि.क. को निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्रको प्रमाणपत्र नक्कली/झुटा रहेको भन्नेसमेत ।	२०७९-०८-२६
२५६.	जिल्ला बारा, बारागढी गाउँपालिकाको भौतिक पूर्वाधार योजनाअन्तर्गत निर्मित ने.रा.मा.वि. को पर्खाल २ महिनामै चर्किएर भत्किने अवस्थामा रहेको, गाउँपालिका अध्यक्षसमेतको मिलेमतोमा कम गुणस्तरको निर्माण सामग्रीको प्रयोग गरी अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०८-२६
२५७.	जिल्ला कञ्चनपुर, शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालयमा कार्यरत सिनियर गेम स्काउट मोहनदेव भट्टका शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली भएको भन्नेसमेत ।	२०७९-०८-२६
२५८.	हेटौडा उपमहानगरपालिकाले आफ्ना पाँचौ, छैटौं र सातौं तहका राजस्व, लेखा, र प्रशासनका ५/६ जना कर्मचारीलाई जबरजस्ती मेयरले बोर्डबाट सबल प्रमोसन गरेर क्रमशः सातौं, आठौं र नवौं तहमा गैरकानुनी बढुवा गरी दुई तह माथिल्लो तहमा बढुवा भएको पदको तलब भत्ता माग गर्दै प्रमुख प्रशासकीय अधिकृतलाई दैनिक दवाब र धर्ना दिइरहेको भन्नेसमेत ।	२०७९-०८-२६
२५९.	जिल्ला महोत्तरी, गणिनाथ मन्दिर निर्माणमा भ्यालुएसनको सि.नं. ३ मा फ्लोरिङको २ चोटी चढाई बढी भुक्तानी गरेको र सि.नं. ५ र ६ मा फिल्डअनुसारको काम नगरी भुक्तानी दिएको भन्नेसमेत ।	२०७९-०८-२६
२६०.	जिल्ला कैलाली, घोडाघोडी बहुमुखी क्याम्पस सुखड, कैलालीमा कार्यरत शिक्षक चन्द्रलाल शर्माले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत ।	२०७९-०८-२६
२६१.	जिल्ला रौतहट, चन्द्रपुर नगरपालिका, वडा नं. ३, निवासी स्वर्गीय हरिप्रसाद सापकोटाको मृत्यु भएको ४ वर्षपश्चात मात्र मृत्यु दर्ता गरी जेष्ठ नागरिक भत्ता	२०७९-०८-२६

	अपचलन गरेको भन्नेसमेत ।	
२६२.	प्र.ना.म.नि. लोकेशचन्द्र सिंह र प्र.उ.इ. रामकुमार चौधरीले प्रहरी प्रधान कार्यालयमा निर्माण गरेको अडिटोरियम हल निर्माण गर्दा कमजोर सामग्रीहरूको प्रयोग गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०८-२६
२६३.	जिल्ला काठमाडौं साबिक नगर वडा नं. २७ सिट नं. १०२-११०४-०८ कि.नं. ११७९ क्षेत्रफल ०-०-२-० सरकारी घरजग्गा रहेकोमा उक्त जग्गामा काठमाडौं महानगरपालिकाबाट नक्सा पास गराइसकेको हुँदा उक्त नक्सा पास प्रमाणपत्र बदर गरी सरकारी सार्वजनिक जग्गाको संरक्षण गरी पाउँ भन्नेसमेत ।	२०७९-०८-२६
२६४.	जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १० थाउसेखोलादेखि वडा नं. १० जाने सडक (थाउसेखोलादेखि वितलब सडक खण्ड) मा गुणस्तरहीन सामान प्रयोग गरी ग्राभेलिङ गरेको भन्नेसमेत ।	२०७९-०८-२६
२६५.	जिल्ला उदयपुर रौतामाई गा.पा.बाट भेडा चरिचराउको लागि प्रति चरण क्षेत्र गाउँसभाबाट पारित गरिएको र सो दररेट फेरबदल गाउँसभाबाट मात्र हुने व्यवस्था रहेकोमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत योगेन्द्रराज गुरुङले आफूखुसी सम्बन्धित पक्षसँग प्रलोभनमा परी मिलोमतो गरी आर्थिक लाभ लिई राजस्व छली गरेको भन्नेसमेत ।	२०७९-०८-२६
२६६.	तत्कालीन नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय नेपालगञ्ज, बाँके मातहतका कार्यालयहरू नेपालगञ्ज, सुर्खेत, तुलसीपुर र घोराहीले अस्वभाविक रूपमा इन्धन खपत मापदण्ड निर्धारण गरी बढी खपत देखाई अनियमितता गरेको भन्नेसमेत।	२०७९-०८-२६
२६७.	धनुषा जिल्ला, बसहिया गा.वि.स. हाल जनकपुर वडा नं. ८ कि.नं. ३६३ ऐ. वडा नं ५ कि.नं १४ लगायतका जग्गा नेपाल चर्खा प्रचारक गान्धी-तुलसी स्मारक महागुठीका नाममा दर्ता कायम रहेकोमा दाताले दानपत्र गरेको जग्गा वास्तविक मूल्यभन्दा १० गुणा कममा बिक्री गर्न लागेको तथा मालपोत कार्यालय धनुषाका कर्मचारीहरूसँग मिलेमतो गरी हरिहरपुर गा.वि.स.का जग्गा बिक्री गर्न लागेको भन्नेसमेत ।	२०७९-०८-२६
२६८.	जिल्ला मकवानपुर, मकवानपुरगढी गा.पा.-४ हाल वडा नं. ६ घोप्टेबेसीमा सञ्चालनमा रहेको कालीदेवी आधारभूत विद्यालयको भवन निर्माण गर्दा अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०८-२६
२६९.	जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ४ स्थित रामजानकी मन्दिरदेखि राम नरेशप्रसादको घरसम्मको सडक ढलान कार्यमा रकम हिनामिना भएको भन्नेसमेत ।	२०७९-०८-२६
२७०.	पूर्वाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकायका तत्कालीन डिन शुभनारायण पाठकले नयाँ इन्जिनियरिङ कलेजको सम्बन्धन दिलाइदिने भनी घुस लिएको भन्नेसमेत ।	२०७९-०८-२६
२७१.	जिल्ला सुनसरी, धरान उपमहानगरपालिका वडा नं. १६ स्थित श्री सुस्त मनस्थिति बाल कल्याण विद्यालयकी तत्कालीन प्र.अ. शिला श्रेष्ठले बढी तलब भत्ता लिई सरकारी रकम हिनामिना भन्नेसमेत ।	२०७९-०८-२९

२७२.	जिल्ला पर्सा, धोबिनी गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि कृषक फुलबारी महिला उत्थान कृषि सहकारी संस्था लि., धोबिनी गाउँपालिका-०३, पर्साले सम्झौताबमोजिमको कुनै पनि कार्यक्रम गरेको नदेखिएको भन्नेसमेत ।	२०७९-०८-२९
२७३.	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. ४, झापाले स्वीकृत वार्षिक कार्यक्रमअनुसार विभिन्न खानेपानी योजनाहरूको लागि आवश्यक पाइप फिटिङ्स र बोरिङको पाइप फिटिङ्सको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) विपरीत सीमित प्रतिस्पर्धा र मिलेमतो गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७९-०८-२९
२७४.	जिल्ला खोटाङ, दुर्छिम मा.वि. का तत्कालीन प्र.अ. विष्णुकुमार राईसमेतले विभिन्न शीर्षकमा रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०८-२९
२७५.	जिल्ला धनुषा, वटेश्वर गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गरी सकेपश्चात अन्तिम बिल भुक्तानीको लागि बिल पेस गर्दा गाउँपालिका अध्यक्ष डम्बरबहादुर राउत क्षेत्रीसमेतले घुस/रिसवत माग गरेको भन्नेसमेत।	२०७९-०८-२९
२७६.	जिल्ला पर्सा, नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा दरबन्दीभन्दा बढी कर्मचारीहरू रहेको, करारमा कर्मचारीहरू नियुक्ति गर्दा नियमविपरीत गरेको र भुक्तानी हुँदा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०८-२९
२७७.	जिल्ला कञ्चनपुर, वेदकोट नगरपालिका वडा नं. ६ मा रहेको गणेश सामुदायिक वन समूहमा धनीदत्त अवस्थीसमेतले अध्यक्ष पदमा रहँदा अनियमितता भएको रकम हालसम्म समूहको खातामा जम्मा नगरेको भन्नेसमेत ।	२०७९-०८-२९
२७८.	जिल्ला तनहुँ, भानु न.पा. वडा नं. ०४ स्थित शान्ति आधारभूत विद्यालयमा ४ कोठे ट्रस बिल्डिङ निर्माणमा प्र.अ. र प्राविधिकको मिलेमतोमा विनियोजित रकम हिनामिना गरी इष्टिमेटअनुसारको काम नभएको भन्नेसमेत ।	२०७९-०८-२९
२७९.	जिल्ला जुम्ला, श्री साना जलविद्युत आयोजना उपभोक्ता समितिको अध्यक्षसमेतले जथाभावी ग्राहकबाट शुल्क उठाई रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०९-०४
२८०.	बारा जिल्ला, देवताल गाउँपालिका, वडा नं. १ बडकी फुलबरियामा कलधारा जडान तथा मर्मत कार्यमा अनियमितता भएको भन्नेसमेत ।	२०७९-०९-०४
२८१.	बारा जिल्लाको वीरगञ्ज-बरियारपुर-अरुवा सडकअन्तर्गत जमुनी पुल निर्माण कार्य ठेक्का सम्झौताअनुसार नगरेको भन्नेसमेत ।	२०७९-०९-०४
२८२.	काठमाडौं महानगरपालिका वडा नं. ४ स्थित धुम्बाराही रिङरोड नजिकैको सार्वजनिक जग्गा मोहन विष्ट र रवित विष्टले आफ्नो जग्गामा घुसाई हालसाबिक गरेको भन्नेसमेत।	२०७९-०९-०४
२८३.	जिल्ला रूपन्देही, लुम्बिनी सांस्कृतिक नगरपालिकाले निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत अमारीदेखि सिवलवासम्म बाटो स्तरोन्नति गर्ने कार्यको लागि बिनियोजन रकमबाट सम्झौताअनुसारको काम नगरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०९-०४
२८४.	जिल्ला बैतडी, डिलासैनी गाउँपालिकाले गाउँपालिकाको स्थायी केन्द्र कायम गर्न सम्भाव्यता अध्ययन गर्ने कार्यमा आर्थिक अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०९-०४

२८५.	सामाजिक विकास मन्त्रालय, कैलालीले कामै नलाग्ने ट्रकलाई एम्बुलेन्स बनाएर वितरण गरी तीन करोडभन्दा बढी अनियमितता गरेको भन्नेसमेत।	२०७९-०९-०४
२८६.	जिल्ला सर्लाही, हरिपूर्वा न.पा. वडा नं. ९ स्थित रामजानकी मा.वि.को दक्षिणपट्टिको नयाँ कम्पाउण्ड वाल निर्माण कार्यमा रकम हिनामिना भएको भन्नेसमेत ।	२०७९-०९-०४
२८७.	साबिक जिल्ला विकास समितिको कार्यालय, दार्चुलामा ना.सु. पदमा कार्यरत राजेन्द्रबहादुर सिंहले भारतबाट एस.एल.सी.को नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र ल्याई पेस गरी बढुवा भएको भन्नेसमेत।	२०७९-०९-०४
२८८.	जिल्ला रूपन्देही तिलोत्तमा नगरपालिका (न.पा.) वडा नं. ९ स्थित गौतमबुद्ध प्राथमिक विद्यालय (प्रा.वि.) का तत्कालीन प्रधानाध्यापक (प्र.अ.) रमेश खरेलसमेतले रमाना भई गएपछि पनि आफ्नो हस्ताक्षर प्रयोग गरी विद्यालयको खाताबाट रकम झिकेको भन्नेसमेत ।	२०७९-०९-०७
२८९.	जिल्ला सिरहा, हनुमाननगर (प्र.म.) वडा नं. ६ का नारायणप्रसाद उपाध्यायको नाममा एकासगोलमा रहेको साबिक जम्दह गा.वि.स. अन्तर्गत वडा नं. २ र ३ का पाँच कित्ता जग्गाहरू २०२६ सालदेखि अमानती रोक्का रहेकोमा मालपोत कार्यालय, सिरहा र मालपोत कार्यालय, लहानका कर्मचारीहरूसमेतको मिलेमतोमा उक्त जग्गा फुकुवा गरिएको भन्नेसमेत ।	२०७९-०९-०७
२९०.	जिल्ला सिराहा, गोलबजार नगरपालिका वडा नं. ८ स्थित श्री जनता नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक ब्रम्हदेव प्रसाद सिंहले विद्यार्थीहरूको संख्या बढी देखाई छात्रवृत्ति रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७९-०९-०७
२९१.	नेपाल संस्कृत विश्वविद्यालय, दाङअन्तर्गतको शारदा विद्यापीठ, महेन्द्रनगर, कञ्चनपुरमा असिष्टेन्ट पदमा कार्यरत निर्मला भण्डारीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको भन्नेसमेत।	२०७९-०९-०७
२९२.	जिल्ला रामेछाप, स्थानापति माध्यमिक विद्यालय, मन्थलीका प्र.अ. रामबाबु गिरीले कृषक समूह गठन गरी प्राप्त अनुदान रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९-०९-१८
२९३.	जिल्ला सुर्खेत, भेरीगंगा नगरपालिका वडा नं. २ मा रहेको सामुदायिक माध्यमिक विद्यालय, मोहटी लेखपराजुलमा शिक्षक पहलबहादुर के.सी., शिक्षक शुक्रबहादुर अधिकारी र तत्कालीन प्रधानाध्यापक लक्ष्मण वि.क. समेतको संलग्नतामा छात्रवृत्तिको रकम र पाठ्यपुस्तक खरिदको लागि प्राप्त रकम हिनामिना भएको भन्नेसमेत।	२०७९-०९-१८
२९४.	जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं. १३, मा रहेको श्री धत्ताटोल प्राथमिक विद्यालय, पिडारी, जनकपुरधामको प्रधानाध्यापक रेखाकुमारी रायले सोही विद्यालयमा रिक्त रहेको राहत कोटा आवश्यकता नरहेको भनी जिल्ला समन्वय समिति, धनुषाबाट समेत सो अनुदान कोटालाई कटौती गर्दै आइरहेकोमा शिक्षा नियमावलीविपरीत आफ्नो श्रीमान् जगदिश रायलाई नियुक्त गरी अनियमित रूपमा तलब निकासा गर्दै आएको भन्नेसमेत।	२०७९-०९-१८
२९५.	जिल्ला महोत्तरी, रामगोपालपुर नगरपालिका वडा नं. १ मा शिक्षातर्फको रकममध्ये श्री उ.मा.वि. र मदरसा एनुन ओलुमको भवन निर्माणमा अनियमितता	२०७९-०९-१८

	गरेको भन्नेसमेत ।	
२९६.	बुटवल पावर कम्पनी लि. का पदाधिकारीहरूले ऐन कानुनको उल्लंघन गरी आफुखुसी ठेक्का व्यवस्था गरी आयोजना निर्माण र मर्मतका नाममा रकम हिनामिना गरी सम्पूर्ण खर्चको हिसाब किताब दुरुस्त नरहेको तथा श्रम स्वीकृति नलिई विदेशी व्यक्तिलाई काममा लगाएको भन्नेसमेत।	२०७९-०९-१८
२९७.	जिल्ला सिरहा, भगवानपुर गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष अमरलाल यादवसमेतले विभिन्न निर्माणसम्बन्धी योजनाको लागि विनियोजित रकममा अनिमियतता गरेको भन्नेसमेत ।	२०७९-०९-१८
२९८.	जिल्ला अर्घाखाँची, मालारानी गाउँपालिकामा अवस्थित श्री कालिका नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा निजी श्रोतको नाममा जथाभावी शिक्षकहरू भर्ना गरी विद्यालयमा प्राप्त अनुदान रकम हिनामिना गरेको र विद्यालयमा प्राप्त पि.सि.एफ. स्यालरी र पि.सि.एफ. ननस्यालरीको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९-०९-१८
२९९.	जिल्ला बर्दिया, बारबर्दिया नगरपालिका वडा नं. ६ जयनगरस्थित श्री अंशुवर्मा उच्च माध्यमिक विद्यालयको हाताभित्र निर्माण भएको २२ वटा सटरहरू सोही उच्च मा.वि.का प्र.अ. र सञ्चालक समितिको मिलोमतोमा सार्वजनिक सूचना प्रकाशन नगरी बजार मूल्यभन्दा कम भाडामा सटरहरू दिएको भन्नेसमेत।	२०७९-०९-१८
३००.	जिल्ला गोरखा साबिक सिम्जुङ गा.वि.स. हाल अजिरकोट गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री जंगबहादुर गुरुङ र साबिक गा.वि.स. सचिव हाल सिम्जुङ स्वास्थ्य चौकीका प्रमुख वलराम पोखरेलको मिलेमतोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा मृत्यु भइसकेका व्यक्तिहरूको नाममा औँठाछाप लगाई सामाजिक सुरक्षा भत्ता रकममा भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७९-०९-२१
३०१.	जिल्ला सुनसरी, गढी गाउँपालिका वडा नं. २ मा सञ्चालित श्री सरस्वती माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेतले विभिन्न व्यक्तिहरूसँग रकम उठाई दुरूपयोग गरेको भन्नेसमेत ।	२०७९-०९-२१
३०२.	जिल्ला सुर्खेत, भेरीगंगा नगरपालिका वडा नं. १२ मा रहेको शारदा माध्यमिक विद्यालयमा भवन निर्माण, छात्रवृत्ति वितरण, पुस्तक खरिद, बेरुजु फछ्यौंटलगायतमा प्रधानाध्यापक जीवलाल गौतमलगायतले ठुलो आर्थिक भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७९-०९-२१
३०३.	जिल्ला पर्सा, पकाहाँ मैनपुर गाउँपालिकाको वडा नं. ३ मा गोदाम घर निर्माण गर्दा र सोही वडाको अधुरो वडा कार्यालय भवन निर्माण गर्दा नभएको कामको मूल्यांकन गरी भुक्तानी दिएको भन्नेसमेत ।	२०७९-०९-२१
३०४.	जिल्ला डडेलधुरा, नवदुर्गा गाउँपालिकाले शिक्षा नियमावली र निर्देशिकाविपरीत कुनै प्रक्रिया नपुऱ्याई तलब भत्ता खाने गरी स्वयंसेवक शिक्षक नियुक्त गरेको भन्नेसमेत ।	२०७९-०९-२१
३०५.	जिल्ला सिराहा, गोलबजार न.पा.-१० स्थित घुर्मी-देउरालीघाट झोलुङ्गे पुलको आर.सी.सी. कार्य लागत अनुमानअनुसार नगरेको तथा कमसल सामग्रीहरूको प्रयोग गरी सरकारी रकम हानि नोक्सानी गरेको भन्नेसमेत।	२०७९-०९-२१

३०६.	जिल्ला धादिङ, गल्छी गाउँपालिकाले वडा नं ६ कार्यालयको लागि वि.सं. २०७६ साल असोज महिनामा वडा कार्यालयसँगै जोडिएको र कुनै सडकले नछोएको अत्यन्त कम मूल्य पर्ने जग्गा नेपाल सरकारको प्रचलित कानुनविपरीत खरिद गरेको र उक्त जग्गा खरिद गर्दा अस्वाभाविक मूल्यांकन गरेको भन्नेसमेत ।	२०७९-०९-२१
३०७.	जिल्ला हुम्ला, चंखेली गाउँपालिका साबिक दार्मा गा.वि.स. वडा नं. १ निवासी प्यारीलाल शाहीले हुम्ला जिल्ला निर्वाचन क्षेत्र नं. १ को सांसद विकास कोषको आ.व. २०७३/०७४ को रकम हुम्ला जिल्ला मिमी गा.वि.स. वडा नं. ८ माठावाडाका जनताहरूले ५ वर्ष पहिले विश्वखाद्य कार्यक्रम लागू भएको समयमा गरेको घेराबारको फोटो खिची उक्त घेराबारको नाम कालापानी फर्म घेराबार राखी अनियमितता गरेको भन्नेसमेत।	२०७९-०९-२१
३०८.	जिल्ला महोत्तरी, मनरा सिस्वा नगरपालिका वडा नं. १० स्थित मधवा विद्यालय मर्मत कार्यमा सि.डि.ई. रविन्द्र पंजियार, सि.डि.ई. राकेश मिश्र, इन्जिनियर सरोजकुमार बछार, लेखा अधिकृत अमरदीप महतो, उपभोक्ता समितिका अध्यक्ष रामा झा र उपभोक्ता समितिका सचिव राजेशकुमार राउटले वास्तविक माटो पुरेको चौरको क्षेत्रफलभन्दा नापी किताबमा बढी परिमाण देखाई रकम अनियमितता गरेको भन्नेसमेत ।	२०७९-०९-२१
३०९.	जिल्ला बारा, फेटा गाउँपालिका वडा नं. ०२ भरबलियास्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयको विद्यालय भवन निर्माणको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९-०९-२१
३१०.	जिल्ला जाजरकोट, छेडागाड न.पा. वडा नं. १२ काँडामा विनियोजित बजेटबाट स्वास्थ्य सेवा खोप केन्द्रको भवन निर्माणका लागि एक ठाउँमा जग्गा खरिद गरी अर्कै ठाउँ (ऐलानी जग्गा) मा भवन निर्माण गरेको र उक्त भवनसमेत इष्टिमेटअनुसार निर्माण नगरी सम्बन्धित वडाका वडा अध्यक्ष र भवन निर्माण समितिको मिलेमतोमा रकम हिनामिना गरी भवन अलपत्र पारेको भन्नेसमेत।	२०७९-०९-२१
३११.	जिल्ला बारा, परवानीपुर गा.पा., वडा नं. ५ का वडा अध्यक्ष रामेश्वरप्रसाद कलवारले जिल्ला बारा साबिक बहुअरी गा.वि.स. वडा नं. ४ को कि. नं. ४४ ज.वि. ०-४-० को जग्गाको मालपोत कार्यालय, बारामा घरजग्गा सिफारिस गर्दा आर्थिक लेनदेन गरी कच्ची बाटोसँग जोडिएको जग्गामा राज्यलाई हानि नोक्सानी हुने गरी बाटोसँग नजोडिएको, खेतीयोग्य जग्गा रहेको भनी गलत सिफारिस गरेको भन्नेसमेत ।	२०७९-०९-२५
३१२.	नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत बंगुर तथा कुखुरा अनुसन्धान कार्यक्रम, खुमलटार ललितपुरमा वार्षिक कार्यक्रमअनुसारको ओभरहेड ट्याङ्क र ल्याब भवन निर्माण प्रक्रिया प्रचलित कानुनबमोजिम नभएको र सो कार्य गुणस्तरहीन भई अनियमितता भएको भन्नेसमेत ।	२०७९-०९-२५
३१३.	जिल्ला बारा, डुमरवानास्थित हलखोरिया साझेदारी वन व्यवस्थापन समितिका संयोजक रविन्द्र सिंहलगायतका समितिका पदाधिकारी र कर्मचारीसमेतले काठ दुरूपयोग तथा साझेदारी वन समूहको रकम गोलघर निर्माण गर्न भनी पेश्की	२०७९-०९-२५

५१८.	जिल्ला संखुवासभा, भोटखोला गाउँपालिका वडा नं. ४ सिम्बुङ गाउँटोलमा निर्माण भएको मेन्डुङ गुम्बा निर्माण गर्ने क्रममा गुम्बा निर्माण समितिले रकम हिनामिना गरेको भन्नेसमेत।	२०८०-०१-२१
५१९.	जिल्ला मोरङ, बुढीगंगा गाउँपालिका वडा नं. ५ मा रहेको दुहवी तेतरिया राजधार चन्द्रागिरी सडक कालोपत्रे र यसैसँग जोडिएको सडकको कालोपत्रे गर्न भनी योजना विनियोजन भई ठेक्का लगाएकोमा ठेकेदारले इस्टिमेटअनुसार कार्य नगरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०८०-०१-२१
५२०.	जिल्ला काठमाडौं, नेपाल पुनर्बीमा कम्पनी, थापाथलीमा स्थायी कर्मचारीको कार्यसम्पादन मूल्यांकन अस्थायी र करार सेवाका कर्मचारीबाट गराएको भन्नेसमेत।	२०८०-०१-२१
५२१.	जिल्ला कास्की, पोखरा म.न.पा. वडा नं. १८ को कि.नं. ५९,६०,६१ र ६३ को सार्वजनिक जग्गा रत्नकुमार शाहसमेतले व्यक्तिको नाममा दर्ता गराएको भन्नेसमेत ।	२०८०-०१-२१
५२२.	जिल्ला मकवानपुर, मकवानपुरगढी गाउँपालिकासमेतले पूर्वाधार तथा सेवा शुल्कलगायतमा गैरकानुनी रूपमा ठेक्का लगाएको भन्नेसमेत ।	२०८०-०१-२१
५२३.	जिल्ला सर्लाही, कविलासी नगरपालिका वडा नं. ६ को विभिन्न सडक निर्माण तथा ग्राभेल कार्यमा बजेट दुरूपयोग गरेको भन्नेसमेत ।	२०८०-०१-२१
५२४.	जिल्ला काठमाडौं, साबिक डाँडापौवा रामकोट-६, खरिटारमा रहेको कित्ता नं. ३९३ को सार्वजनिक जग्गा प्लटिङ गरी बेचबिखन गरेको भन्नेसमेत ।	२०८०-०१-२१
५२५.	पर्सा जिल्ला, वीरगञ्ज चिनी कारखानास्थित सिद्धार्थ मा.वि. मा कार्यरत नि.मा.वि. शिक्षक किरण शर्माले विहारबाट खरिद गरी ल्याएको नक्कली शैक्षिक प्रमाणपत्रको आधारमा जागिर खाइरहेको भन्नेसमेत ।	२०८०-०१-२१
५२६.	जिल्ला कास्की, तत्कालीन पोखरा उपत्यका नगर विकास समितिका अध्यक्ष विष्णुप्रसाद बास्तोलासमेतले विभिन्न निकायहरूलाई नियमविपरीत सहयोग रकम बाँडफाँड गरेको भन्नेसमेत ।	२०८०-०१-२१
५२७.	भोजपुर जिल्ला, रामप्रसाद राई गाउँपालिकामा बैकुण्ठे-मानेभञ्ज्याङ खानेपानी योजनामा रु.१७ लाख रकम निकासा गरी रु.३ लाख बराबरको मात्र काम गरी अन्य रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०१-२८

५२८.	समाज कल्याण परिषद्को स्वामित्वमा काठमाडौं महानगरपालिका वडा नं. २८ स्थित इच्छुमती तरकारी बजार रहेको जग्गालाई बिना प्रतिस्पर्धा भाडामा दिएको भन्नेसमेत ।	२०८०-०१-२८
५२९.	जिल्ला मकवानपुर, हेटौडा उपमहानगरपालिका, वडा नं. ७ स्थित श्री बाल जागृति युवा वर्ष माध्यमिक विद्यालयका प्रधानाध्यापक अर्जुनप्रसाद चौलागाईसमेतले आर्थिक वर्ष २०७३/०७४ मा पुस्तकालय व्यवस्थापनतर्फ निकासा भएको रु. ६,५०,०००।- र विद्यालयको RCC २ तल्ले ४ कोठे भवन निर्माणमा विनियोजित रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०१-२८
५३०.	जिल्ला बारा, साबिक भवानीपुर गा.वि.स. वडा नं. २ को जयनारायण प्रसादको नाममा रहेको कि.नं. ४६१ को जग्गा क्षेत्रफल ०-७-० को चलनचल्तीमा बाटो भएको जग्गाको घरबाटो सिफारिस दिंदा जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ५ का वडा अध्यक्ष मोहितलाल चौधरीले उक्त जग्गामा बाटोसँग नजोडिएको खेतीयोग्य जमिन भएको भनी सरकारी राजस्व छल्ने उद्देश्यले गलत घरबाटो सिफारिस गरेको हुँदा आवश्यक कारबाही गरी पाउँ भन्नेसमेत ।	२०८०-०१-२८
५३१.	जिल्ला सप्तरी, साबिक कविलास गा.वि.स. वडा नं. १, २, ३, ४, ७, ९ मा विद्युतीकरण गर्नका लागि आ.व. २०६६/०६७ मा छुट्याइएको रकमबाट उपभोक्ता समितिले मिलेमतोमा १०० KVA को ट्रान्सफर्मर मात्र खरिद गरी २०० KVA को ट्रान्सफर्मरको नक्कली बिल पेस गरी सरकारी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०१-२८
५३२.	जिल्ला बारा, सिमरा उपमहानगरपालिका वडा नं. ५ का वडा अध्यक्ष मोहित चौधरीले जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ५ स्थित जग्गाधनी सञ्जयकुमार शाहको नाममा रहेको कि.नं. ३८३ ज.वि. १-०-० क्षेत्रफलको जग्गा र जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ५ स्थित रिनादेवी चौधरीको नाममा रहेको कि.नं. २४४ ज.वि. ०-५-० क्षेत्रफलको बाटोसँग जोडिएको जग्गालाई बाटोसँग नजोडिएको भनी गलत घरबाटो सिफारिस गरी राजस्व हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०१-२८
५३३.	जिल्ला सिराहा, साबिक पिपरा-५ हाल औरही गाउँपालिका-३ स्थित पिपरा टोलमा रहेको कमला नहरको पूर्व किनारामा माटो दिन प्रदेश नं. २ बाट रू.२५ लाख विनियोजन भएकोमा निर्माण समितिको मिलेमतोमा कमला सिंचाइले बनाएको पुरानो सडकमा जे.सी.बी. ले किनाराको खेतबाट अलिअलि माटो लिई सडक निर्माण गरेको तथा रू. ५ लाख बराबरको मात्र काम गरी नक्कली बिल भरपाई बनाई रू. २० लाख रकम भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०८०-०१-२८
५३४.	नेपाल विद्युत प्राधिकरणको Consulting Services for Detailed Design of new Office Building for Soil, Rock and Concrete Laboratory-NEA (EOI: NEA/CS/QCBS-०२-०७५/७६) र Consulting Services for Detailed Design of New Office Building at Lainchaur (EOI: NEA/CS/QCBS-०१-०७५/७६) मा केही फर्म मात्र पास हुने गरी EOI को Criteria बनाएको भन्नेसमेत ।	२०८०-०१-२८
५३५.	जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३१ स्थित जग्गामा सुशिला श्रेष्ठले मापदण्डविपरीत बाटोतर्फ जग्गा नछोडी घर निर्माणका लागि	२०८०-०२-०४

	मिलेमतोमा नक्सा पास गरिदिएको भन्नेसमेत ।	
५३६.	जिल्ला सर्लाही, बलरा नगरपालिका वडा नं. ७ स्थित महारानीस्थानदेखि नवलकिशोर सिंहको घर जाने बाटोमा नाला निर्माण तथा सडक ढलान योजनामा अनियमितता भएको भन्नेसमेत ।	२०८०-०२-०४
५३७.	जिल्ला धनुषा, हंसपुर नगरपालिकाका नगर प्रमुखसमेतको मिलेमतोमा नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा कमिसनका लागि भवन निर्माण गरी करिब ६३ लाखको बजेट ल्याएर उपभोक्ता समितिहरूले रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-०४
५३८.	तनहुँ जिल्ला, आबुखैरेनी गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत दुर्गा थापासमेतले आ.व. २०७३/०७४ मा कानुनविपरीत सामाजिक सुरक्षा भत्ताको पेश्की लिई अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-०४
५३९.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनामा इटहरीले रानीदेखि धरानसम्मको सडकको बरगाछी- डि.डि.सी. नाली निर्माण कार्य तोकिएको मापदण्ड एवं लागत इस्टिमेटअनुरूप भए गरेको नदेखिएको भन्नेसमेत ।	२०८०-०२-०४
५४०.	जिल्ला सप्तरी, बलान बिहुल गाउँपालिकाका तत्कालीन उपाध्यक्ष रुबी गुप्ताले आ.व. २०७५।०७६ मा सञ्चालित विभिन्न योजनाहरूको कार्य गर्न आफ्ना नजिकका नातेदारलाई उपभोक्ता समिति बनाई आफ्नै बसमा राखी आफैं किर्ते कागज तयार गरी विभिन्न योजनाहरूको रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-०८
५४१.	जिल्ला काभ्रे, बनेपा नगरपालिका वडा नं. १३ स्थित चक्रज्योति मा.वि. को नाममा रहेको कि.नं. १२७ को जग्गा किर्ते गरी व्यक्तिको नाममा नामसारी गरेको भन्नेसमेत ।	२०८०-०२-०८
५४२.	जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २० मा रहेको चिल्ड्रेन पार्क निर्माणमा (आ.व. २०७४/०७५) अनियमितता भएको भन्नेसमेत ।	२०८०-०२-०८
५४३.	रौतहट जिल्लास्थित इशनाथ नगरपालिकाले आ.व. २०७५/०७६ मा सञ्चालन गरेको वडा नं. ४ मा सडक पी.सी.सी.का योजनाहरू ४ वटा रहेकोमा योजना सम्पन्न नगरी करिब ५० लाख रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-०८
५४४.	जिल्ला अछाम, मंगलसेन नगरपालिका वडा नं. ४ कैलाश खोलामा शवगृह निर्माण गर्नका लागि सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजित बजेटमा उपभोक्ता समितिका अध्यक्ष मदन बोहोरा र कोषाध्यक्ष जंगबहादुर धामीले माटो मिसिएको बालुवा र कम गुणस्तरको सिमेन्ट प्रयोग गरी इस्टिमेटअनुसार नगरी किर्ते बिल भरपाई बनाएर सम्पूर्ण रकम निकासा गरी हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-०८
५४५.	काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ७ सिट नं. १०२-१०२७-२१ कि.नं. १९९ को जग्गावाला भीमबहादुर कार्कीलगायत दायाँबायाँका जग्गाहरूले आयोगबाट रोक्का रहेको ऐ.ऐ. वडाको कि.नं. ३३५ को जग्गामा समेत नापी तथा मालपोत कार्यालय, चावहिलका कर्मचारीहरूको मिलेमतोमा हालसाबिक गराई सरकारी सार्वजनिक जग्गासमेतमा घर टहरा बनाएर भाडा उठाई खाएको भन्नेसमेत ।	२०८०-०२-०८

५४६.	कास्की जिल्लाको पुरुन्चौरमा निर्माणाधीन भवनका विभिन्न कार्यहरूमध्ये Sill Band, Lintel Band को कार्य नापी किताबअनुरूप नदेखिएकोमा समेत उक्त कार्यको भुक्तानी भएको देखिएको, प्रयोग गरिएको Machine Made Brick हरूमा केही स्थानमा Efflorescent लगायत Black Spotted Color देखिएको तथापि सोको Lab Report उपलब्ध नभएकोले Verify गर्न नसकिएको भन्नेसमेत ।	२०८०-०२-१८
५४७.	नेपाल टेलिकम मध्यपश्चिम क्षेत्रीय निर्देशनालय, नेपालगञ्जको सवारी साधन मर्मत गर्दा बढी दरमा र फर्निचर खरिद तथा सुरक्षा गार्ड नियुक्तिमा अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५४८.	जिल्ला बारा, हाल सुवर्ण गाउँपालिकास्थित त्रिवेणीघाट झोलुंगे पुल निर्माण समितिले पेश्की रकम लिई काम नगरेको र प्राप्त बजेट दुरूपयोग गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५४९.	भक्तपुरस्थित इजी वे ट्रायल सेन्टर राधेराधेमा सञ्चालित सवारी चालक अनुमतीपत्रको प्रयोगात्मक परीक्षामा बिचौलियासँगको मिलेमतोमा परीक्षाको नतिजा हेरफेर गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५५०.	जिल्ला सोलुखुम्बू, लिखू पिके गाउँपालिकाका राजेन्द्र बस्नेतले लिखू खबर साप्ताहिकसँग पालिकाको सूचना तथा सन्देशहरू प्रचार गर्ने भनी सम्झौता भएकोमा कुनै सूचना/सन्देश प्रकाशन वा प्रसारण नै नगरी रकम भुक्तानी दिएको भन्नेसमेत ।	२०८०-०२-१८
५५१.	जिल्ला मोरङ, केराबारी गाउँपालिका वडा नं. ९ को कार्यालय भवन निर्माणमा गुणस्तरहीन काम गरेको र प्रमुख प्रशासकीय अधिकृत र अध्यक्षको मिलेमतोमा कमिसन खाई रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५५२.	सिम्रौनगढ नगरपालिका बाराबाट हे.पो./बर्थिङ सेन्टरका लागि सम्झौताभन्दा बढी दररेटमा औषधी खरिद गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५५३.	जिल्ला संखुवासभा, चैनपुर नगरपालिकाका नगरप्रमुख भरतकुमार खत्रीले ठेकेदार महेशचन्द्र गौतमसँग मिलेमतो गरी विभिन्न योजना सञ्चालनका क्रममा अनियमितता गरी राजस्व हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५५४.	इनरुवा अस्पताल सुनसरीका (कर्मचारी संकेत नं. १५२८१५) का ध्रुब घिमिरेले बिना प्रमाणपत्र डार्करूम असिस्टेन्ट सहायक चौथोबाट रेडियोग्राफर निरीक्षक सुपरभाइजर छैठौं पदमा नियुक्ति लिएको भन्नेसमेत ।	२०८०-०२-१८
५५५.	जिल्ला जाजरकोट, छेडागाड नगरपालिका वडा नं. ९ मा प्रदेश सरकारबाट विनियोजित ४२ लाख रकम रेलकोटदेखि झिंग्रासम्मको सडक निर्माण कार्यमा मेसिन प्रयोग गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५५६.	जिल्ला बारा, सिम्रौनगढ नगरपालिकाले अनावश्यक रूपमा सोझै ग्यास सिलिण्डर र चुल्हो खरिद गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०८०-०२-१८
५५७.	जिल्ला बारा परवानीपुर नगरपालिका लालबकैया नदी नियन्त्रण आयोजनाको ठेक्का समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत ।	२०८०-०२-१८
५५८.	जिल्ला सर्लाही, हरिपुर नगरपालिका वडा नं. ३ को वडा कार्यालयदेखि दक्षिणतर्फको मूल सडक जाने बाटोको नाला निर्माणको रकम हिनामिना गरेको	२०८०-०२-१८

	भन्नेसमेत ।	
५५९.	जिल्ला सोलुखुम्बू, लिखुपिके गाउँपालिका वडा नं. १ का तत्कालीन वडा अध्यक्ष डवाङ ल्हाक्पा शेर्पाले सामाजिक सुरक्षा भत्ता आफूखुसी निकासा गरी अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६०.	जिल्ला पर्सा, साबिक जानकीटोला गा.वि.स. समेतका ५ वटा गा.वि.स. को जिम्मेवारी सम्हालेका तत्कालीन गा.वि.स. सचिव उमेशप्रसाद यादव राउतले शक्ति केन्द्रको आड लिएर राज्यकोषको रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६१.	जिल्ला कालिकोट, सान्नी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले आ.व. २०७५।०७६ को मेसिनरी औजार खरिद शीर्षकमा टेन्डर प्रक्रिया र खरिद ऐनविपरीत आन्तरिक मिलेमतोमा डोजर खरिद गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६२.	जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), सरावल गाउँपालिका वडा नं. ३ स्थित महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षसमेतले आ.व. २०७६/०७७ मा विद्यालयको ४ कोठे भवन निर्माणका लागि परियोजनाबाट प्राप्त रकममा अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६३.	जिल्ला सर्लाही, बलरा नगरपालिका वडा नं. ११ छनौताका वडा अध्यक्ष योगेश्वरप्रसाद सिंहले उमेशप्रसाद सिंहको घरदेखि दक्षिणपट्टि पूर्वदेखि पश्चिमतिर जाने सडक ढलान आ.व. २०७५/०७६ मा काम सम्पन्न भई भुक्तानीसमेत लिइसकेकोमा आ.व. २०७६/०७७ मा फेरि सोही योजना राखी भुक्तानी लिन खोजेको भन्नेसमेत ।	२०८०-०२-२५
५६४.	जिल्ला मकवानपुर, राक्सिराङ गाउँपालिका वडा नं. ९ खैराङमा प्रदेश नं. ३ को पर्यटन उद्योग, वन तथा वातावरण मन्त्रालयबाट लालीगुराँस पार्क निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६५.	जिल्ला कपिलवस्तु, बुद्धभूमि न.पा. वडा नं. ९ गबदहवास्थित बुद्ध यशोधरा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीसमेतले वार्षिक आयव्यय नदेखाई अपारदर्शी ढंगले आर्थिक हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६६.	जिल्ला डडेलधुरा, आलिताल गाउँपालिकाको भालुखोला-खहरेखोला रोकथाममा उपभोक्ता समितिले विभिन्न मितिमा ११ जना व्यक्तिहरूको १८४ दिनको दोहोरो डोर हाजिरी बढी देखाई रकम भुक्तानी दिई अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६७.	जिल्ला धनुषा, जनकपुर उपनगरपालिका वडा नं. १७ स्थित महुवा गाउँदेखि ओसरा हनुमान मन्दिरसम्मको सडक मर्मत गर्दा अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६८.	जिल्ला झापा, कन्काई नगरपालिका वडा नं. ८, प्रदेश नं. १ सरकारबाट पार्क निर्माणका लागि विनियोजन भएको रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५६९.	जिल्ला पर्सा, साबिक बहुअर्वाभाठ्ठा गा.वि.स. का सचिव सुरेशप्रसाद चौरासियाले आ.व. २०६९/७० मा लागत इस्टिमेट, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन नै नभएको कार्यको बिल भरपाई बिना खर्च गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५७०.	जिल्ला सुनसरी, बराहक्षेत्र नगरपालिका वडा नं. १ स्थित श्री पञ्चकन्या आधारभूत विद्यालयको आ.व. २०७२।७३ मा २ कोठे भवन निर्माण कार्य पूरा	२०८०-०२-२५

	नगरी रकम हिनामिना गरेको भन्नेसमेत ।	
५७१.	जिल्ला सिराहा, मिर्चैया न.पा. वडा नं. ९ स्थित रामजानकी मन्दिर निर्माण सौन्दर्यीकरण योजना कार्यमा गलत मूल्यांकन गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५७२.	जिल्ला कास्की, पञ्चकोशी आधारभूत विद्यालय कास्कीका प्र.अ. मातृकाप्रसाद पराजुलीले विद्यालयको विभिन्न रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५७३.	जिल्ला काठमाडौं, बुढानीलकण्ठ नगरपालिका वडा नं. २ मा के.सी.एल. हाउजिङले भवनहरू निर्माण गर्दा इजाजत प्राप्त नगरी सरकारी जग्गासमेत मिची घर निर्माण कार्य गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५७४.	जिल्ला बारा, जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. ८ स्थित कित्ता नं. ४०३ को जग्गाको कारोबारका लागि मालपोत कार्यालय, सिमरामा घरबाटो सिफारिस गर्ने क्रममा सोही वडाका प्रतिनिधिले फरक-फरक कारोबारका लागि एउटै जग्गालाई फरक-फरक व्यहोराको सिफारिस गरी राजस्व असुलीमा ठगी गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५७५.	जिल्ला सप्तरी, साविक अर्नाहा गा.वि.स. वडा नं. २ (ख) हाल शम्भुनाथ नगरपालिका वडा नं. १२ कि.नं. ५२२, ७७४, ७७५ को ट्रायल चेक गरी पठाइदिने भन्ने पत्रबमोजिम नापी कार्यालय सप्तरी राजविराजको च.नं. ३०, मिति २०७९।०५।०६ को पत्रबाट ट्रायल चेक गरी पठाएकोमा उक्त ट्रायल चेक जग्गा नापजाँच तथा नक्सा श्रेस्ता अद्यावधिकसम्बन्धी निर्देशिका, २०७२ को विपरीत रहेको भन्नेसमेत ।	२०८०-०२-२५
५७६.	जिल्ला दैलेख, श्री मालिका मा.वि., ठिमुरे, तोलीजैसीको छात्रा शौचालय निर्माणमा नापी किताबबमोजिम निर्माण कार्य नगरी रकम खर्च गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५७७.	जिल्ला रोल्पा, रोल्पा नगरपालिका वडा नं. १ स्थित तारा माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेतले कमसल सामग्री प्रयोग गरी गुणस्तरहीन विद्यालय भवन निर्माण गरेको भन्नेसमेत ।	२०८०-०२-२५
५७८.	जिल्ला काठमाडौं, राष्ट्रिय ट्रमा सेन्टरमा विभिन्न स्वास्थ्य सामग्री खरिद र कर्मचारी नियुक्तिमा अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५७९.	जिल्ला नवलपरासी (ब.सु.प.), कारागार कार्यालयका कार्यालय प्रमुखसमेतले कारागारभित्रका कैदीहरूसँग नाइके छुटसमेत पठाउनको लागि सिफारिस गर्दा रकम लिने गरेको तथा कैदीबन्दीहरूको जाडो र गर्मीको कपडाबापतको रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५८०.	जिल्ला प्राविधिक कार्यालय कपिलवस्तुले बुङ्डि भृकुटी मा.वि. देखि टिकरसम्म जाने सडक निर्माण गर्दा बढी भुक्तानी गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५८१.	जिल्ला कपिलवस्तु, बाणगंगा नगरपालिका वडा नं. १, ३, ४ र ५ कार्यक्षेत्र भएको श्रींगीघाट सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षसमेतका पदाधिकारी तथा ठेकेदारको मिलेमतोमा काठ दाउरा चोरी निकासी गरी गराई तस्करीमा संलग्न भएको भन्नेसमेत ।	२०८०-०२-२९

५८२.	जिल्ला तनहुँ, शहीद गंगा माध्यमिक विद्यालय ऋषिङ्ग २ तनहुँमा विद्यालयको भवन निर्माणलगायत विभिन्न शीर्षकमा अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५८३.	जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २६, ठमेलस्थित केशरमहलमा अवस्थित केशर क्याफेको भाडा स्वप्न बगैंचा विकास समितिले कानुनमा भाडा मिनाहा तथा छुट गर्ने प्रावधान नहुँदा नहुँदै भाडा मिनाहा दिई अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५८४.	जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व), कावासोती नगरपालिकासमेतले केरुंगे खोलाबाट अवैध रूपमा नदीजन्य पदार्थको चोरी निकासी गरी राजस्वसमेत हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५८५.	जिल्ला कास्की, पोखरा महानगरपालिकासमेतले नयाँ प्रशासनिक भवन निर्माण कार्यलाई समयमा नै अगाडि नबढाउँदा मोबिलाइजेसन पेश्कीको दुरूपयोग भएको भन्नेसमेत ।	२०८०-०२-२९
५८६.	जिल्ला सर्लाही, साबिक गौरीशंकर गा.वि.स. सोकनाहा बजारको जग्गा श्री जनता मा.वि., बल्वा सोकनाहाको अधीनमा रही भोगचलन गर्दै आएकोमा विद्यालयको भोकचलनमा रहेको बजारको जग्गा विद्यालय मातहतबाट हटाई व्यक्तिगत सम्पति सरह ठेक्कापट्टा लगाएको भन्नेसमेत।	२०८०-०२-२९
५८७.	जिल्ला सिन्धुली, दुधौली-१२, मा आ.व. ०७६/७७ मा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५८८.	जिल्ला धनुषा, जनकपुरधाम उपमहानगरपालिका वडा नं. ९, साकेतनगर गुठी संस्थानअन्तर्गतको श्री मणि पर्वताधीश साकेत बिहारीमार्फत श्री जानकी माध्यमिक विद्यालयको नाउँमा रहेको जग्गा मिलेमतोमा मोटो रकम लिई विद्यालयको जग्गा व्यक्तिगत घर बनाउन दिने गरी बिक्री गर्न लागेको भन्नेसमेत ।	२०८०-०२-२९
५८९.	जिल्ला बाँके, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २० स्थित सिट नं. ३५-१२९३ कि.नं. १८ क्षेत्रफल ३९० वर्गमिटरको हेमबहादुर रावतको जग्गामा कुनै बाटो नभए तापनि वडा कार्यालयले घर नभएको र पिच रोड भएको भनी राजस्व रसिदसमेत नकाटी गलत सिफारिस गरेको भन्नेसमेत ।	२०८०-०२-२९
५९०.	नेपाल विद्युत प्राधिकरणका सञ्चालक डा. कृष्णप्रसाद दुलालको संयोजकत्वमा विज्ञ प्राविधिकको गठित उपसमितिले गरेको गुणस्तरसम्बन्धी छानबिनमा थाइल्याण्ड, चिनलगायतका मुलुकबाट आयात गरिएका ट्रान्सफर्मरहरू (ठेक्का नं. SHPRED/OMD/TR-०१/०६६/०६७) मापदण्डविपरीत भएकोले आर्थिक अनियमितता भएको भन्नेसमेत ।	२०८०-०२-२९
५९१.	जिल्ला मकवानपुर, हेटौंडा उपमहानगरपालिकाले हेटौंडा नगरक्षेत्रमा मापदण्ड नपुगेको क्रसर उद्योगहरूसँग आर्थिक चलखेल गरी ढुंगा, गिट्टी तथा बालुवा प्रशोधनको नाममा धमाधम उद्योगहरू दर्ता गरेको, उपमहानगरपालिकाका राजस्व शाखाका अधिकृत ध्रुवबहादुर भुजेलले क्रसर उद्योगसँग मिलेमतो गरी क्रसर उद्योग दर्ता गराएको, सम्बन्धित ठाउँका जग्गाधनीसँग सहमति नलिएको, एक ठाउँको जग्गा देखाएर अन्यत्र नै उद्योग दर्ता गराएको, भएको स्टकभन्दा	२०८०/०२/३२

	बढी स्टक मूल्यांकन गरी बढी रसिद प्याड व्यवसायीलाई नै वितरण गरी कर छली गरी मोटो रकम चलखेल गरेको, वडा नं. १९ का वडा अध्यक्षले कार्यालयको लेटरप्याड र छापको दुरूपयोग गरी व्यापारीको नाममा रसिद प्याड उपलब्ध गराउन कार्यालयलाई सिफारिस गरेको भन्नेसमेत ।	
५९२.	प्रदेश वन निर्देशनालय, जनकपुरधाम, धनुषाको आ.व. २०७५/०७६ मा सञ्चालित योजनामध्ये जिल्ला सिराहा, कल्याणपुर नगरपालिका वडा नं. ११ स्थित दुर्गा मन्दिर निर्माणमा अन्तिम नापी किताब/कार्य सम्पन्न प्रतिवेदनमा भुक्तानीको लागि बढी रकम सिफारिस गरेको भन्नेसमेत।	२०८०/०२/३२
५९३.	जिल्ला सिराहा, सखुवानन्कारकट्टी गाउँपालिकास्थित श्री माध्यमिक विद्यालय महादेवा पोर्ताहाका तत्कालीन प्र.अ. रमेशकुमार यादवसमेतले आर्थिक पारदर्शिता कायम नगरेको सामाजिक लेखापरीक्षण नगराएको, छात्रवृत्ति रकम र अन्य रकमहरू दुरूपयोग गरेको भन्नेसमेत।	२०८०/०२/३२
५९४.	जिल्ला धादिङ, आयुर्वेद स्वास्थ्य केन्द्रअन्तर्गत आयुर्वेद औषधालयमा कविराज पदमा कार्यरत नारायणप्रसाद पौडेल सरकारी कर्मचारी हुँदाहुँदै धौलागिरी हिमाल पोलिक्लिनिक प्रा.लि. को सञ्चालकसमेतको भूमिकामा रही PCR जाँच गर्ने अनुमति नलिई रु.२५००।- को बिल बनाई पीसीआर जाँच गरेको भन्नेसमेत।	२०८०/०२/३२
५९५.	कास्की जिल्ला, रुपा गा.पा. ६, मैदानमा सञ्चालित रुपाकोट रिसोर्ट निर्माणका क्रममा करिब २७ रोपनी सार्वजनिक जग्गा अतिक्रमण गरेको पाइएपश्चात् दायर भएको मुद्दामा फैसला भएको २ वर्ष पुग्दासमेत उक्त जग्गा फिर्ता गर्न रिसोर्ट सञ्चालकले अटेर गरेको र स्थानीय प्रशासनले समेत जग्गा फिर्ता गराउन कुनै पहल नगरेकोले अबिलम्ब छानबिन गरी पाउँ भन्नेसमेत।	२०८०/०२/३२
५९६.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, बुटवलबाट आ.व. २०७५/०७६ मा प्रदेशअन्तर्गतका विभिन्न जिल्लाहरूमा कृषि विकास कार्यक्रमको पशुपंक्षी तथा मत्स्यपालनतर्फ किसानलाई उपलब्ध गराएको अनुदान रकममा अनियमितता गरेको भन्नेसमेत।	२०८०/०२/३२
५९७.	जिल्ला सुर्खेत, भेरीगंगा नगरपालिका वडा नं. ५ स्थित उज्ज्वल सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले विधान कार्ययोजनाविपरीत अवैध रूपमा काठ कटान गरी समूहका उपभोक्ताहरूलाई वितरण नगरी कृत्रिम उपभोक्ताहरूको नाम संकलन गरी समूह बाहिरका पदाधिकारीहरूको मिलेमतोमा सालका रुखहरू गैरकानुनी रूपमा कटान गरेको हुँदा छानबिन गरी पाउँ भन्नेसमेत।	२०८०/०२/३२
५९८.	जिल्ला रौतहट, कटहरिया नगरपालिकाका मेयर सियाराम कुश्वाहा र कार्यकारी प्रमुख रामप्रकाश साह दुबै जना मिली नगरपालिकामा संकलन भएको राजस्व रकम र ठेक्कापट्टामार्फत उठेको रकम सरकारी खातामा दाखिला नगरी सो रकम आफूखुसी खर्च गरी ठूलो मात्रामा आर्थिक अनियमितता गरेको भन्नेसमेत।	२०८०-०३-०४
५९९.	जिल्ला दैलेख, भैरवी गाउँपालिकासमेतले मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत साङ्गखोला भैरव आ.वि. टिमुर सेन चामुण्डा सडक निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०८०-०३-०४

६००.	जिल्ला मोरङ, मालपोत कार्यालय तथा नापी कार्यालय, रंगेलीका कर्मचारीहरूको मिलोमतोमा दीपक निरौलाबाट खरिद गरी लिएको देखाई जग्गाधनी प्रमाण पुर्जा दिई सरकारी खोलाको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरेको भन्नेसमेत।	२०८०-०३-०४
६०१.	जिल्ला अर्घाखाँची, शितगंगा नगरपालिका वडा नं. १३ का अध्यक्षसमेतले पदको दुरूपयोग गरी किर्ते कागजात बनाई आर्थिक लाभ लिएको भन्नेसमेत।	२०८०-०३-०४
६०२.	काठमाडौं, चोभारमा अवस्थित ५ क कि.नं. ३१ र ३२ को हाल अर्कै कित्ता बनाएको, १९० कित्तालाई ४२४ बनाएको र अर्को ६ घ को कि.नं. २६ लाई दुई कित्ता बनाएको भन्नेसमेत।	२०८०-०३-०४
६०३.	जिल्ला मकवानपुर, बागमती प्रदेश, लोक सेवा आयोग कार्यालयबाट सञ्चालित परीक्षामा आरोपितहरू दीपेन्द्रप्रसाद बस्ताकोटी र अभयकुमार यादवले "पदीय मर्यादाविपरीत आर्थिक लेनदेन गरी अरूको नामबाट परीक्षा दिएको" भन्नेसमेत।	२०८०-०३-०४
६०४.	जिल्ला धादिङ, बेनीघाट रोराङ गाउँपालिका, वडा नं. ८ मा पर्ने नोहक गुफासँग सम्बन्धित ३ वटा शीर्षकमा बजेट विनियोजन भएकोमा गुफा व्यवस्थापनसम्बन्धी कुनै पनि कार्य नगरी रकम भुक्तानी भएको देखिएको भन्नेसमेत।	२०८०-०२-०४
६०५.	जिल्ला धनुषा, धनौजी गाउँपालिका वडा नं. ३ स्थित समसान घाट निर्माणमा अनियमितता भएको भन्नेसमेत।	२०८०-०३-०७
६०६.	जिल्ला धनुषा, जनकपुरधामस्थित श्री रामस्वरूप रामसागर बहुमुखी क्याम्पसका शिक्षक रामस्वार्थ राय, रामचन्द्र यादव, विनोदकुमार साह र ब्रम्हदेव यादवले बिना अनुमति धनुषा साइन्स क्याम्पसमा समेत अध्यापन गरी दोहोरो सुविधा लिई भ्रष्टाचारजन्य कसूर गरेको भन्नेसमेत।	२०८०-०३-०७
६०७.	जिल्ला दाङ, दंगीशरण गाउँपालिका वडा नं. ३ स्थित हेकुल्ली स्वास्थ्य चौकी प्रमुखसमेतको मिलेमतोमा २०७५ सालदेखि सञ्चालनमा आएको एम्बुलेन्सको आम्दानी र ल्याब सञ्चालनको हिसाबसमेत चौकी इन्चार्ज टेकबहादुर खत्रीले हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०३-१३
६०८.	जिल्ला बारा, सिम्रौनगढ नगरपालिकाले जेनेरेटर खरिदका लागि लागत अनुमानित रु.१०,००,०००।- स्वीकृत गरी नगरपालिकाबाट रकम रु.९,०४,०००।- र उपभोक्ता समितिबाट रु.९६,०००।- लागत व्यहोर्ने गरी सम्झौता भएकोमा जेनेरेटर खरिद गर्दा बढी रकम भुक्तानी गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०८०-०३-१३
६०९.	जिल्ला बारा, सिम्रौनगढ नगरपालिकाले वृद्धवृद्धाहरूको लागि राहत वितरण प्रयोजनार्थ उपभोक्ता समितिसँग सम्झौता भई ६११ थान कम्बल रू.११,१९,४६१।- मा खरिद गरी उक्त कम्बल वितरण नगरेको तथा उपभोक्ताको जनसहभागिताबापतको अंशसमेत कट्टा नगरी नगरपालिकाबाट भुक्तानी भएको भन्नेसमेत ।	२०८०-०३-१३
६१०.	जिल्ला नवलपरासी (ब.सु.प.), बर्दघाट नगरपालिका वडा नं. २ को कित्ता नं. १३१० अन्तर्गत तिमिल्सिना ट्रेडर्स प्रा.लि. को नाममा सर्वोच्च अदालतबाट फैसला भएको राष्ट्रिय आवास कम्पनीको जग्गामा बर्दघाट नगरपालिकाबाट	२०८०-०३-१३

	आइसोलेसन भवन निर्माणका लागि बजेट विनियोजन गरी सरकारी रकम दुरूपयोग गरेको भन्नेसमेत ।	
६११.	जिल्ला धनुषा, सबैला नगरपालिका वडा नं. २ स्थित श्री रामप्रसाद मा.वि. को भवन निर्माणमा नगरपालिकाबाट विनियोजित रकममा अनियमितता भएको भन्नेसमेत ।	२०८०-०३-१३
६१२.	जिल्ला सुर्खेत, बराहताल गाउँपालिका वडा नं. ८ स्थित जनकल्याण सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूसँग मिली अवैध रूपमा वन फडानी गरी अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०३-१३
६१३.	जिल्ला सुनसरी, कोशी गाउँपालिका वडा नं. २ का वडा अध्यक्षले जनता आवास कार्यक्रममा भ्रष्टाचार गरेको तथा आ.व. २०७७/०७८ र २०७८/०७९ सालमा बिजुलीको पोल मर्मत र मसलन्द सामानको खरिदमा कागजको भरमा रु. २० लाख हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०३-१३
६१४.	सामाजिक विकास कार्यालय, जाजरकोटद्वारा आ.व. २०७६।०७७ मा सञ्चालित ६ कोठे (दुईतले) विद्यालय भवनको निर्माण सम्झौताअनुरूप नबनाई दोहोरो रकम भुक्तानी लिएको भन्नेसमेत ।	२०८०-०३-२१
६१५.	जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. ६ का वडा अध्यक्ष हरिशचन्द्र सहनीसमेतले वडा नं. ६ को कि.नं. २३८ मा कालोपत्रे बाटो भएकोमा ग्राभेल भनी झुटो सिफारिस गरेको भन्नेसमेत ।	२०८०-०३-२१
६१६.	जिल्ला मुगु, सोरु गाउँपालिका वडा नं. ५ मा आ.व. २०७५/०७६ मा डिभिजन वन कार्यालय, मुगुबाट तटबन्ध निर्माणका लागि उपभोक्ता समितिसँग रु.१०,००,०००।- मा सम्झौता गरी प्राविधिक इस्टिमेटअनुसार ६० जाली ग्याबिन भर्ने कार्य गर्नुपर्नेमा १० जाली भरी अन्य जाली अरु योजनाको देखाई रकम हिनामिना गरेको भन्नेसमेत ।	२०८०-०३-२१
६१७.	जिल्ला कालिकोट, खाँडाचक्र नगरपालिकाको कर्मचारी अविराज शाहीले आफ्नो निकटका मान्छे र आफ्नो श्रीमती प्रगति ठकुरीलाई बिना विज्ञापन नियुक्ति दिएको एवं कार्यालयमा हाजिर नगरी फर्जी हाजिरको आधारमा तलब खुवाएको भन्नेसमेत ।	२०८०-०३-२१
६१८.	जिल्ला नवलपरासी (ब.सु.प.), रामग्राम नगरपालिका वडा नं. १७ देवगाउँस्थित जनता माध्यमिक विद्यालयका प्रधानाध्यापकले नगरपालिकाबाट आएको रङरोगनबापत २ लाख रकम मजदुरलाई नदिई आफै खाएको, कोभिड १९ को रकम रु. २ लाख १० हजार हिनामिना गरेको, आई.सी.टी. कम्प्यूटरको ६ लाख रकम हिनामिना गरेको र नयाँ शौचालय निर्माणका लागि छुट्याइएको रु.७,००,०००।— को नक्कली बिल भरपाई पेस गरी खाएको भन्नेसमेत	२०८०-०३-२१
६१९.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले, मधेश प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका, २०७५ को समेत विपरीत हुने गरी विभिन्न सत्ताइस वटा सहकारी संस्थालाई नियमविपरीत रु.१०,८३,७५०।०० बढी भुक्तानी दिएको भन्नेसमेत ।	२०८०-०३-२१
६२०.	जिल्ला सुनसरी, कोशी गाउँपालिका वडा नं. १ स्थित रहेको सहकारी संस्था	२०८०-०३-२१

	लौकहीलाई आ.व. २०७५/०७६ मा सुनसरी क्षेत्र नं. ४ को प्रदेश (क) को संसदीय कोषको रु. १० लाख रकम कृषकहरूलाई मल र बिउ सुविधाका लागि दिएकोमा आफूखुसी परिवर्तन गरी सहकारी संस्थाको पछाडिपट्टिको खाल्डो पुरी एउटा कम्प्युटर किनी बाँकी रकम भ्रष्टाचार गरेको भन्नेसमेत ।	
६२१.	जिल्ला सप्तरी, सुरुंगा नगरपालिका, को विद्युतीकरण कार्यक्रममा नक्कली बिल भरपाई पेस गरी अनियमितता गरेको भन्नेसमेत ।	२०८०-०३-२१

तपसिल बमोजिमका राष्ट्रसेवक कर्मचारीहरूले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सार्वजनिक पद धारण गरेको अवधिभित्रको आम्दानीका बैध स्रोतबाट प्रात रकमको अनुपातमा निजहरूले आर्जन गरेको चलअचल सम्पत्ति तथा अन्य खर्चहरू कम भएको खुल्न आएकाले पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानुनबमोजिम कारबाहीहरू हुने नै हुँदा हाल देहायका कर्मचारी/पदाधिकारीविरुद्धका ३५ वटा उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) बमोजिम तामेलीमा राखिएको छ ।

स्रोत नखुलेको सम्पत्ति आर्जन सम्बन्धमा अनुसन्धानपश्चात तामेलीमा राखिएका फाइलहरू

क्र.सं.	उजुरीको व्यहोरा	निर्णय मिति
१	नेपाल प्रहरीका प्रहरी उपरीक्षक बिमल बस्नेतले सार्वजनिक पदमा रहँदा पदको दुरुपयोग गरी गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०४-०९
२	आन्तरिक राजस्व कार्यालय, भक्तपुरका कर अधिकृत नवराज भट्टराईले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको र निज नवराज भट्टराईको बैंक खातामा अस्वभाविकरूपमा ठूलो रकम मौज्दात रहेको भन्नेसमेत।	२०७९-०४-१२
३	जिल्ला जाजरकोट, जुनीचाँदे गाउँपालिकाका तत्कालीन अध्यक्ष कृष्णबहादुर के.सी.ले सार्वजनिक पदमा रहँदा पदको दुरुपयोग गरी गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०४-१९
४	आन्तरिक राजस्व कार्यालय, बुटवलका तत्कालीन प्रमुख कर अधिकृत तथा हाल आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जमा प्रमुख कर अधिकृत पदमा कार्यरत शरदचन्द्र पौडेलले सार्वजनिक पदको दुरुपयोग गरी स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०४-२३
५	दुग्ध विकास संस्थान, काठमाडौंका नरेशकुमार जोशीले गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०४-२३
६	नेपाल सरकारका सिनियर डिभिजनल इन्जिनियर मनिषकुमार अर्यालले पदको दुरुपयोग गरी गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०५-०६
७	जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, भोजपुरका सि.डि.ई. मोहनबाबु यादवले निज पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको हुँदा आवश्यक कारबाही गरी पाउँ भन्नेसमेत ।	२०७९-०५-०९
८	कर्णाली प्रदेश, डिभिजन वन कार्यालय, सुर्खेतका प्रमुख भक्तबहादुर लामाले गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०५-१३

९	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सुनसरीका सि.डि.ई. राजेशप्रसाद सिंहले पदमा बहाल रहँदा गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०५-१३
१०	नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक श्यामबहादुर खत्रीले पदीय दुरुपयोग गरी त्रिभुवन विमानस्थलमा सुन तस्करसँग मिलेर तस्करी गराई करोडौं रकम कमाएको, उक्त आयबाट विभिन्न बैंक वित्तीय संस्था, व्यापारिक फर्मलगायतका कम्पनीमा शेयर लगानी गरेको, जग्गा प्लटिङ गरी करोडौं रकम आर्जन गरेको हुँदा निजले गैरकानुनीरूपमा आर्जन गरेको सम्पत्तिको छानबिन गरी पाउँ भन्नेसमेत।	२०७९-०५-१३
११	जिल्ला काठमाडौं, थारु आयोगमा नि. सचिवको रूपमा कार्यरत सहसचिव कृष्णकान्त उपाध्याय र निजकी श्रीमती, हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सहसचिवको रूपमा कार्यरत चन्द्रकला पौडेलले पदमा बहाल रहँदा गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०५-१६
१२	राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख अनुसन्धान अधिकृत बद्रीनारायण फैंजूले गैरकानुनी सम्पत्ति आर्जन गरेकाले अनुसन्धान गरी कारबाही गरी पाऊँ भन्नेसमेत ।	२०७९-०५-२७
१३	जिल्ला पर्वत, साबिक बाजुङ गा.वि.स. हाल मोदी गाउँपालिका वडा नं. ०५ बस्ने पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गण्डकी प्रदेशमा कार्यरत अविनाश कुँवरले पदमा बहाल रहँदा गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०७-२१
१४	संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलामका सि.डि.ई. (रा.प. द्वितीय) सुरतलाल चौधरीले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, पर्याप्त जग्गा जमिन जोडेको, घर बनाएको, बैंक तथा सहकारीहरूमा खाता खोलेर नगद जम्मा गरेको भन्नेसमेत ।	२०७९-०७-२१
१५	अन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरमा प्रमुख कर अधिकृत पदमा कार्यरत डिल्लीराम पौड्यालले सेवा अवधिमा स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०८-२६
१६	जिल्ला कञ्चनपुर, साबिक महेन्द्रनगर न.पा. वडा नं. १८ हाल भीमदत्त वडा नं. १८ स्थायी वतन भई हाल काठमाडौं बस्ने प्रेमदत्त मिश्रले महेन्द्रनगर नगर विकास समितिमा अमिनको रूपमा कार्यरत रहँदा गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०९-०४
१७	जिल्ला बाँके, राजस्व अनुसन्धान मध्य तथा सुदूरपश्चिमाञ्चल कार्यालय, कोहलपुरमा कार्यरत शिवप्रसाद भण्डारीले उद्योगी, व्यापारीसँग मिलोमतो गरी अवैध ढंगबाट सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०७९-१०-१९
१८	नेपाल खानेपानी संस्थानका महाप्रबन्धक इश्वरप्रसादले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०९-२१
१९	यातायात व्यवस्था कार्यालय साना/ठूला सवारी बागमती, ललितपुरका कम्प्युटर अधिकृत विष्णुप्रसादले गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०७९-०९-२१

२०	पाल्हिनन्दन गाउँपालिकाको कार्यालय नवलपरासीका प्रमुख इन्जिनियर उमेशप्रसाद शर्माले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०७९-०९-२५
२१	यातायात व्यवस्था कार्यालय, कैलाली, धनगढीमा कार्यरत छैटौं तहका अधिकृत जयराज कारिगरले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-०९-२८
२२	नेपाल टेलिकमका प्राविधिक अधिकृत मातृकाप्रसाद शिवाकोटीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-१०-०५
२३	वादी नेपाल सरकार र प्रतिवादी कृष्णबहादुर बस्नेतसमेत भएको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षीको रूपमा पेस गरिएका शम्भुप्रसाद फुयाल र नवीनकुमार थापाले विशेष अदालतमा उपस्थित भई प्रतिकूल बकपत्र गरेको भन्नेसमेत।	२०७९-१०-२३
२४	काठमाडौं महानगरपालिकाका तत्कालीन इन्जिनियर उत्तरकुमार रेग्मीले गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-११-१२
२५	जिल्ला रूपन्देही, तिलोत्तमा न.पा. वडा नं. १ बस्ने हाल अवकाश प्राप्त सहसचिव बालकृष्ण पन्थीले गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-१२-०६
२६	आन्तरिक राजस्व कार्यालय, दमक, झापामा कार्यरत प्रमुख कर अधिकृत लबकुमार अधिकारीले गैरकानुनीरूपमा आर्जन गरेको रकम विभिन्न सहकारीमा राखेको भन्नेसमेत ।	२०७९-१२-१३
२७	भूमिसुधार तथा मालपोत कार्यालय, सिराहामा मालपोत अधिकृतको रूपमा कार्यरत (हाल अवकाश प्राप्त) रामबाबु मण्डलले सेवा अवधिमा स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०७९-१२-२४
२८	जिल्ला बाँके, नेपालगञ्ज भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार अधिकृत जनार्दन आचार्यले गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०८०-०१-११
२९	जिल्ला महोत्तरी, जलेश्वर भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत केशवकुमार भण्डारीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०८०-०१-१४
३०	जिल्ला भक्तपुर, उच्च माध्यमिक शिक्षा परिषद्का तत्कालीन उपाध्यक्ष हेमकुमार मिश्रले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०८०-०१-१४
३१	तत्कालीन भन्सारका कर्मचारी ईश्वरकुमार कार्कीले पदीय दुरुपयोग गरी गैरकानुनीरूपमा सम्पत्ति आर्जन गरी अस्वाभाविक उच्च जीवनयापन गरिरहेको भन्नेसमेत ।	२०८०-०१-२८
३२	आन्तरिक राजस्व कार्यालय, बानेश्वरमा प्रमुख कर अधिकृतको रूपमा कार्यरत देवानन्द काफ्लेले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०८०-०१-२८
३३	जिल्ला सुनसरी, श्री भादगाउँ सिनुवारी माध्यमिक विद्यालय, सुनसरीमा कार्यरत शिक्षक जितेन्द्रकुमार साहले सेवा अवधिमा स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत ।	२०८०-०२-०४

३४	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सुपरिटेन्डेन्ट इन्जिनियर (सु.ई.) ललिजन खनालले स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०८०-०२-१८
३५	काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाडौंका तत्कालीन निर्देशक (सहसचिव) तिरेशप्रसाद खत्रीले स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०८०-०३-२१

२.११ मुल्तबी

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. २०७९।८० मा देहायका **२७** वटा उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० को उपनियम (२) बमोजिम मुल्तबीमा राखिएको छ ।

मुल्तबीमा राखिएका फाइलहरू

क्र. सं.	उजुरीको व्यहोरा	निर्णय मिति
१	जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. १(ङ) बेलहियामा रहेको बेलहिया माध्यमिक विद्यालयको भोगचलनमा रहेको कित्ता नं. ३११ को १२ कठ्ठा ४ धुर क्षेत्रफलको सरकारी सार्वजानिक प्रकृतिको जग्गा मालपोत कार्यालय, भैरहवा रुपन्देहीका कर्मचारीहरू तथा भू-माफियाहरूको मिलेमतोमा सोही नगरपालिका वडा नं. ९ बस्ने विजयकुमार जैसवाल र गंगोत्रीदेवी जैसवालबाट खरिद गरेको देखाई जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ३ बस्ने ज्ञानिश्वरी श्रेष्ठको नाममा रजिष्ट्रेसन पास गराएको भन्नेसमेत।	२०७९।०४।१६
२	दि हिमालयन जनरल सर्भिसेज कम्पनीलाई ऋणी बनाई लिइएको दिइएको कर्जा ऋणी व्यक्तिगत धनजमानी भएका प्रभात कुमार प्रधानले कर्जा नबुझाई न्यायाधीकरणमा समेत मुद्दा गरी फैसला आदेश भएको काठमाडौं जिल्ला साबिक गोंगबु गा.वि.स. वडा नं.-४ ग कि.नं. ५८५ क्षेत्रफल ०-४-१-० जग्गाधनी रमा ढकाल र कि.नं. ५८६ क्षेत्रफल ०-४-१-० जग्गाधनी कृष्णप्रसाद पाण्डे भएको जग्गा बहुमूल्य भएको हुँदा सो जग्गा नेपाल बैंक लि. केन्द्रीय कार्यालयले सकार गरी हालसाबिक गरेमा बैंकको ऋण असुलउपर हुने हुँदा सोही अनुसार गरी पाउँ भन्नेसमेत ।	२०७९।०५।०६
३	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालका अ.हे.व. दीपक मुडभरीसमेतले एम.डी.को परीक्षा उत्तीर्ण गराइदिने भनी परीक्षार्थी डा. मनोजकुमार साहसँग रु.६० लाख लिई भ्रष्टाचार गरेको भन्नेसमेत ।	२०७९।०७।३०
४	जिल्ला काठमाडौं, कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौंका पदाधिकारीहरूले जी.टु.जी. प्रकियाबाट खरिद गरेको मलमा अनियमितता	२०७९।०७।०३

	गरेको भन्नेसमेत ।	
५	जिल्ला बारा, जितपुर सिमरा-४ कि.नं. ५९ को ज.बि. ६-८-० को मसानघाट भएको जग्गा प्रोपर्टी म्यानेजमेन्टले कित्ताकाट गरी बिक्री गरेको, उक्त जग्गा नेपाल सरकारको ऐलानी स्रेस्ता बदर गरी रामचन्द्र गौतमले आफ्नो नाममा कायम गरी जग्गा माफिया तथा होटल व्यवसायी इच्छाबहादुर वाग्ले र उनी सञ्चालक रहेको प्रोपर्टी म्यानेजमेन्ट कम्पनीको नामबाट प्लटिङ गरी बेचबिखन गरी बेचेको भन्नेसमेत।	२०७९।०७।१७
६	नेपाल क्रिकेट संघले भारतीय संस्था सेभेन थ्री स्पोर्टसलाई गैरकानुनी रूपमा बिना प्रतिस्पर्धा टि-२० क्रिकेट लिग सञ्चालन गर्न दिएको भन्नेसमेत ।	२०७९।०७।२१
७	त्रिभुवन राजमार्ग (काठमाडौं-रक्सौल) र पृथ्वी राजमार्ग (नौबीसे-पोखरा) को सडक सीमाभित्र पर्ने जग्गाहरू व्यक्ति विशेषको नाममा कायम गरेको भन्नेसमेत ।	२०७९।०७।२४
८	जिल्ला कास्की, पोखरा महानगरपालिका वडा नं. १७ महतगौडास्थित सदा शिवजी शिद्धेश्वर हरिहर मन्दिरको नाममा रहेको १५६ रोपनी जग्गामध्ये क्षेत्रफल ३६-१४-१-० जग्गा क्षेत्रबहादुर रानाभाटले किर्ते गरी आफ्नो नाममा लगेकोमा मन्त्रिपरिषद्को बैठकबाट मन्दिरकै नाममा फिर्ता गराउने निर्णय भए तापनि निज क्षेत्रबहादुर रानाभाटले हालसम्म फिर्ता नगरेको भन्नेसमेत ।	२०७९।०७।२८
९	जिल्ला सुनसरी, धरान उपमहानगरपालिका वडा नं. ११ बस्ने जीवन श्रेष्ठको नाममा कायम भएको जिल्ला सुनसरी साबिक गा.वि.स. सिँगिया वडा नं. ६ङ कि.नं. २५७ को जग्गा रोक्का भएको अवस्थामा रजिष्ट्रेसन पास गरिएको भन्नेसमेत ।	२०७९।०८।०८
१०	सार्वजनिक खरिद पुनरावलोकन समितिका पदाधिकारीहरूले पक्ष र विपक्षसँग मोलतोल गरी आर्थिक लाभको आधारमा मुद्दा फिर्ता गर्न लगाई नेपाल सरकारको धरौटी खातामा जम्मा गरेको रकमसमेत निवेदकलाई फिर्ता गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत।	२०७९।०८।१४
११	जिल्ला बारा, साबिक इनर्वामाल गा.वि.स. र अमृतगञ्ज गा.वि.स.का तत्कालीन गा.वि.स. सचिव जयपत प्रसाद यादवले उक्त गा.वि.स.को रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।०८।१४
१२	नेपाल बैंक लि. धरान शाखा कार्यालयमा कार्यरत कर्मचारीहरू लक्ष्मण पौड्याल, लेखनाथ भुषाल र होमबहादुर भट्टराईसमेतले सुन धितोमा कर्जा लगानी गर्दा थोरै परिणामको सुनलाई धेरै मूल्यांकन गरी बीसौं करोड भ्रष्टाचार	२०७९।०८।१९

	गरी बैंक डुबाउने खेलमा लागेको भन्नेसमेत ।	
१३	जिल्ला कास्की, पोखरा महानगरपालिकाबाट ठेक्का लगाइएको ढापघाटसमेतको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खननसम्बन्धी ठेक्कामा अनियमितता गरिएको भन्नेसमेत ।	२०७९।०८।१९
१४	खानेपानी मन्त्रालयअन्तर्गतका विभिन्न जिल्लाका कार्यालयहरूले झुटा तथा नक्कली बिजक जारी गर्ने फर्महरूसँग मिलेमतो गरी झुटा बिल बिजकको आधारमा सामान खरिद गरी भुक्तानी गरेको भन्नेसमेत ।	२०७९।०९।२८
१५	जिल्ला काठमाडौं , जिल्ला वन कार्यालय, हात्तीसारको पत्रसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी संजीव भारीसमेत भएको संगठित अपराध मुद्दाका प्रतिवादीबाट घुस रिसवत लिएको भन्नेसमेत।	२०७९।१०।१६
१६	जिल्ला बाँके साबिक बागेश्वरी गा.वि.स. वडा नं. ३ कि.नं. १४६, १४८ र १४९ जग्गा बिघा १०-०-० र कि.नं. १५०, १५१ र १५२ जग्गा बिघा ७-२-१२ नेपाल पुनर्वास कम्पनी बाँकेबाट अनियमित तवरले वितरण भएको भन्नेसमेत ।	२०७९।११।२६
१७	नेपाल बैंक लिमिटेडले साहनी समूहको ९९ रोपनी जग्गा दृष्टिबन्धक राखेकोमा मुद्दा विचाराधीन रहेको अवस्थामा सोमध्ये ५४ रोपनी जग्गा गैरकानुनी लिलाम प्रक्रिया अपनाई सञ्चालक समिति तथा तत्कालीन कर्मचारीलाई फाइदा पुग्ने कार्य गरेको भन्नेसमेत ।	२०७९।१२।०९
१८	जिल्ला भक्तपुर, चाँगुनारायण न.पा. वडा नं. ८ साबिक सुडाल गा.वि.स. वडा नं. ४ स्थित कि.नं. २५१ र २५२ को सार्वजनिक जग्गा कानुनविपरीत विभिन्न व्यक्तिहरूको नाममा दर्ता भएको भन्नेसमेत ।	२०७९।१२।१३
१९	जिल्ला दाङ, तुलसीपुर नगर विकास समितिले वितरण गरेको जग्गालाई तत्कालीन नगर विकास समितिको प्लानिङमा बाटो भनी कायम गरेको साथै विभिन्न व्यक्तिको मिलेमतोमा किर्ते जालसाज गरी सार्वजनिक जग्गा मासी खाई व्यक्तिगत लाभ लिएको भन्नेसमेत ।	२०७९।१२।१३
२०	पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौंमा भारत सरकारको सहयोगमा निर्माण भएको धर्मशालालाई होटलको रूपमा सञ्चालन गरेको भन्नेसमेत।	२०७९।१२।२४
२१	जिल्ला लमजुङ, डुम्रे बेंसीसहर सडक मर्मत गर्दा न्यून गुणस्तरको कार्य भएको र समयमा मर्मत कार्य सम्पन्न नभएको भन्नेसमेत ।	२०७९।१२।२७
२२	जिल्ला सिराहा, सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति सिराहाबाट	२०८०।०१।२१

	सुकुम्बासीहरूको नाममा जग्गा वितरण भएको विषय शङ्कास्पद रहेको भन्नेसमेत।	
२३	जिल्ला मोरङ, नेपाल विद्युत प्राधिकरण विराटनगर वितरण केन्द्रले ११ हजार बिजुलीको पोल खरिद टेन्डरमा एक करोडभन्दा बढी बिड गर्ने कम्पनीलाई ठेक्का दिने तयारी गर्दै आशय पत्र सार्वजनिक भएको भन्नेसमेत।	२०८०।०१।२१
२४	यातायात व्यवस्था कार्यालय, तुलसीपुर, दाङमा कार्यालय सहयोगी पदमा करारमा कार्यरत कृष्णप्रसाद खनालसमेतले कार्यालयको छाप र ब्लुबुक अनधिकृतरूपमा प्रयोग गरी भारतीय नम्बर प्लेट भएको मोटरसाइकललाई नेपाली नम्बर प्लेट राखी ब्लुबुक तयार गरी दिएको भन्नेसमेत ।	२०८०।०२।०८
२५	जिल्ला दैलेख, महाबु गाउँपालिका वडा नं. १ स्थित चिसापानी सामुदायिक वनका पदाधिकारीहरूले बिना इजाजत जथाभावी रूख काटेको भन्नेसमेत ।	२०८०।०२।१८
२६	जिल्ला धनुषा, साबिक कुर्था गा.वि.स. वडा नं. ८ हाल जनकपुरधाम उपमहानगरपालिका वडा नं. २१ को कि.नं. ५३ को क्षे.फ. ३-१५-५-० को जग्गा बिना आधार प्रमाण व्यक्तिको नाममा दर्ता गरी गराई विद्यालयको जग्गासमेत अतिक्रमण गरे गराएको भन्नेसमेत।	२०८०।०३।०४
२७	काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १ दरबारमार्गमा रहेको कित्ता नं. १०४, १०५, १०६, १०७, १०८ र १०९ कित्ता जग्गाहरू साबिकमा सुर समशेर जबरा र साहन शाहका नाममा रहेकोमा भूमिसम्बन्धी ऐन, २०२१ आएपछि हदबन्दीमा परी रोक्का रहेकोमा तत्कालीन भूमिसुधार अधिकारीको मिलेमतोमा फुकुवा गरेको भन्नेसमेत ।	२०८०।०३।१३

परिच्छेद- ३
भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण

३.१ पृष्ठभूमि

भ्रष्टाचार तथा अनियमितता सम्बन्धमा परेका उजुरीहरूको विश्लेषण, छानबिन तथा अनुसन्धानबाट देखिएका तथ्यहरू तथा बेला बेलामा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा गरेका अध्ययन तथा अनुसन्धानहरूका आधारमा आयोगले भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण गर्ने गरेको छ । आयोगले गरेका कामकारबाहीको आधारमा भ्रष्टाचारजन्य प्रवृत्ति केलाउँदा सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनी लाभ वा हानि, घुस/रिसवत लिने दिने, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने जस्ता भ्रष्टाचारजन्य कार्यहरू अधिकरूपमा हुने गरेको देखिन्छ । झुटा विवरण पेस गरी सरकारी नियुक्ति, बढुवा तथा लाभ लिने, राजस्व चुहावट/हिनामिना गर्ने, गैरकानुनी रूपमा सरकारी/सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, सार्वजनिक खरिद तथा निर्माणका काम बदनियतपूर्वक गरी व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुऱ्याउने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनीयता भंग गर्ने, परिणाम फेरबदल गर्नेजस्ता प्रवृत्तिहरू रहेका छन्।

३.२ भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्था

भ्रष्टाचार निवारण ऐन, २०५९ ले 'भ्रष्टाचार' भन्नाले सो ऐनको परिच्छेद २ अन्तर्गत सजाय हुने कसुर सम्झनु पर्छ भनी परिभाषित गरेको छ । तालिका ३.१ मा उक्त परिच्छेदको दफा ३ देखि दफा २४ सम्मका भ्रष्टाचारसम्बन्धी विभिन्न कसुर र सजायका व्यवस्थाहरूलाई उल्लेख गरिएको छ ।

तालिका ३.१

भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्था

क्र.सं.	भ्रष्टाचारजन्य कसुर/सजाय	दफा	क्र.सं.	भ्रष्टाचारजन्य कसुर/सजाय	दफा
१.	रिसवत लिने/दिने	३	१२.	गैरकानुनी व्यापार व्यवसाय गर्ने	१४
२.	बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने	४	१३.	नपाएको ओहदा पाएँ भन्ने	१५
३.	दान, दातव्य, उपहार वा चन्दा लिने	५	१४.	झुटा विवरण दिने	१६
४.	कमिसन लिने	६	१५.	सार्वजनिक सम्पत्ति हानि नोक्सानी गर्ने	१७
५.	राजस्व चुहावट गर्ने	७	१६.	गैरकानुनी दबाब दिने	१८
६.	गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने	८	१७.	गलत प्रतिवेदन दिने	१९
७.	गलत लिखत तयार गर्ने	९	१८.	गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने	२०
८.	गलत अनुवाद गर्ने	१०	१९.	उद्योग गर्नेलाई हुने सजाय	२१
९.	सरकारी कागजात सच्याउने	११	२०.	मतियारलाई सजाय	२२
१०.	सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने	१२	२१.	संगठित संस्थाबाट भएको कसुरमा मुख्य भई काम गर्नेले कसुर गरेको मानिने	२३


११.	प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने	१३	२२.	थप सजाय	२४

३.३ भ्रष्टाचारको प्रवृत्ति विश्लेषण

आयोगबाट उजुरीको अनुसन्धान तहकिकातपछि विशेष अदालतमा दायर गरिएका विगत पाँच वर्षका मुद्दाहरूको संख्यात्मक विवरण चित्र ३.१ मा प्रस्तुत गरिएको छ । आयोगबाट आर्थिक वर्ष ०७५/७६ देखि आर्थिक वर्ष ०७९/८० सम्म क्रमशः ३५१, ४४१, ११४, १३१ र १६२ वटा भ्रष्टाचारसम्बन्धी आरोपपत्रहरू विशेष अदालतमा दायर भएका छन् ।

चित्र ३.१

विगत पाँच वर्षमा मुद्दा दर्ताको प्रवृत्ति



तालिका ३.२ मा आर्थिक वर्ष ०७९/८० मा आयोगले दायर गरेका मुद्दाहरूको बिगो रकमका आधारमा गरिएको वर्गीकृत संख्यात्मक विवरण प्रस्तुत गरिएको छ । आर्थिक वर्ष ०७९/८० मा दायर भएका १६२ वटा मुद्दाहरूमध्ये १९ वटामा बिगो रकम मागदाबी गरिएको छैन । शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र र विविध गरी उन्नाइस वटा मुद्दामा मात्र बिगो रकम मागदाबी गरिएको छैन। रु. १ लाखदेखि ५ लाखसम्मको बिगो रकम माग गरिएका मुद्दाहरू सबैभन्दा बढी ३९ वटा रहेका छन् भने रु. १० हजारभन्दा कम बिगो मागदाबी गरिएका मुद्दाहरूको संख्या सबैभन्दा कम जम्मा ५ वटा रहेको छ । त्यस्तै, २३ वटा मुद्दामा १ करोडभन्दा बढी बिगो मागदाबी गरिएको छ, जुन त्यसभन्दा अघिल्लो आर्थिक वर्षमा भन्दा ८ वटाले बढी हो । आयोगले आर्थिक वर्ष ०७९/८० मा दायर गरेका मुद्दाहरूमा जम्मा रु. १,७४,५२,१६,६३४.१७ बिगो मागदाबी लिइएको छ ।

तालिका ३.२


बिगो रकमका आधारमा मुद्दाहरूको वर्गीकृत संख्या

क्र. सं.	मुद्दाको किसिम	बिगो रकम								जम्मा
		बिगो रकम नभएको	१०००० भन्दा कम	१० हजार देखि १ लाख भन्दा कम	१ लाख देखि ५ लाख भन्दा कम	५ लाख देखि १० लाख भन्दा कम	१० लाख देखि ५० लाख भन्दा कम	५० लाख देखि १ करोड भन्दा कम	१ करोड भन्दा बढी	
१	घुस (रिसवत)	०	५	१७	८	१	१	०	०	३२
२	झुटा/नक्कली	८	०	०	०	०	०	०	०	८

	शैक्षिक प्रमाणपत्र									
३	सार्वजनिक सम्पत्ति हानि नोक्सानी	०	०	१	७	५	५	३	६	२७
४	गैरकानुनी लाभ वा हानी	०	०	३	२४	१२	१८	४	३	६४
५	गैरकानुनी सम्पत्ति आर्जन	०	०	०	०	०	०	२	११	१३
६	राजस्व चुहावट/हिनामिना	०	०	०	०	०	३	१	३	७
७	विविध	११	०	०	०	०	०	०	०	११
मुद्दाको संख्या		१९	५	२१	३९	१८	२७	१०	२३	१६२

चित्र ३.२

बिगो रकमका आधारमा मुद्दाहरूको प्रवृत्ति



आयोगमा पर्ने उजुरीहरूको संख्या, आयोगको अनुसन्धान र अभियोजनबाट देखिएका तथ्य, आयोग तथा विभिन्न निकायहरूबाट गरिने भ्रष्टाचारसम्बन्धी सर्वेक्षणहरूका नतिजा, आम सञ्चारमाध्यमहरूमा आइरहने भ्रष्टाचार एवं अनियमितताका समाचारहरू, ट्रान्स्परेन्सी इन्टरनेसनल जस्ता संस्थाले उल्लेख गरेका भ्रष्टाचारसम्बन्धी सूचकाङ्कमा नेपालको स्थानजस्ता कारणहरूले भ्रष्टाचार नियन्त्रणमा आयोगका चुनौतीहरूलाई उजागर गरेका छन्।

भ्रष्टाचारका कारणहरू बहुआयामिक हुने र यसको असरसमेत समाजका धेरै क्षेत्रमा पर्ने हुँदा यसको नियन्त्रण गर्न आयोगलाई सबै निकायको सहकार्य र सहयोग आवश्यक पर्दछ। आयोगले गर्ने अनुसन्धान तहकिकात र अभियोजनको काम भ्रष्टाचारजन्य कार्य भइसकेपछि मात्र हुने हुँदा नेपाल सरकारका सम्बन्धित क्षेत्रगत र नियामक निकायहरूबाट भ्रष्टाचार हुनै नदिनेतर्फ आवश्यक नीतिगत, पद्धतिगत, प्रविधिगत र प्रवृत्तिगत सुधारका फलदायी प्रयास हुन सक्दा मात्र भ्रष्टाचारजन्य कार्यमा कमी हुन सक्दछ।

भ्रष्टाचारजन्य कार्यहरूका सम्बन्धमा आर्थिक वर्ष ०७९/८० मा आयोगबाट भएका अनुसन्धान र तत्पश्चात् विशेष अदालतमा दायर गरिएका मुद्दाहरूको विश्लेषण गर्दा विगतका वर्षहरूमा देखिएका धेरै भ्रष्टाचारजन्य प्रवृत्तिहरूमध्ये सार्वजनिक सम्पत्तिको हानि नोक्सानीको मुद्दाको संख्या थोरै

घटेको र गैरकानुनी लाभ वा हानितर्फको मुद्दाको संख्या करिब २ गुणाले बढेको देखिन्छ । गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, झुटा विवरण दिने, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्नेजस्ता विगत वर्षहरूमा देखिएका भ्रष्टाचारका प्रवृत्तिहरूको पुनरावृत्ति यस वर्षसमेत देखिएको छ।

सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने प्रवृत्तिले गर्दा सार्वजनिक सम्पत्तिको अतिक्रमण भएको छ । सार्वजनिक खरिद र निर्माणका क्रममा कानुनद्वारा निर्धारण गरिएको खरिद प्रक्रिया उल्लंघन गर्ने, सम्झौताबमोजिमको गुणस्तरको काम नगर्ने, पूर्वानुमान गर्न सकिने आकस्मिक अवस्थामा समेत पूर्वतयारी नगरी आकस्मिक अवस्था सिर्जना भएपछि मात्र खरिद गर्नेलगायतका प्रवृत्तिहरूमा कमी आएको देखिँदैन । सार्वजनिक लाभको पद हासिल गर्नका लागि शैक्षिक योग्यता वा अन्य कागजातका नक्कली प्रमाणपत्र पेस गर्ने र अन्य झुटा विवरण दिने प्रवृत्तिसमेत विद्यमान रहेको देखिन्छ । सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्ने भ्रष्टाचार सबैभन्दा बढी आर्थिक लेनदेनसँग जोडिएको देखिएकाले सरकारी कोषमा राजस्व संकलन गर्ने र खर्च गर्ने दुबै अवस्थामा भ्रष्टाचार हुने प्रवृत्ति विद्यमान छ । यसका साथै सार्वजनिक सेवा प्रवाहका क्रममा सेवाग्राहीसँग रिसवत लिने प्रवृत्तिसमेत व्यापक रहेको देखिन्छ ।

यसरी संघ, प्रदेश र स्थानीय तहका सरकारी आम्दानी, खर्च, सार्वजनिक सम्पत्ति, सार्वजनिक खरिद, निर्माण र सार्वजनिक सेवाप्रवाहका विविध क्षेत्रमा विभिन्न रूप, रंग, शैली र प्रवृत्तिका भ्रष्टाचारजन्य कार्यहरू हुने गरेको देखिन्छ।

३.३.१ गैरकानुनी लाभ वा हानि पुऱ्याउने प्रवृत्ति

सार्वजनिक जग्गा, सार्वजनिक निर्माण/खरिद, सार्वजनिक व्ययलगायतका विषयमा आर्थिक वर्ष ०७९/८० मा आफूलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याउने कार्य गरी भएका भ्रष्टाचारका ६४ वटा आरोपपत्रमा जम्मा ४४२ जनालाई प्रतिवादी कायम गरिएको छ । गैरकानुनी लाभ वा हानीको मुद्दा संख्या ३० ले बढेको देखिन्छ ।

तालिका ३.३

गैरकानुनी लाभ हानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण


क्र. सं.	पद/श्रेणी	प्रतिवादीको संख्या													
		स्थानीय	भूमि तथा सहकारी	कृषि तथा पशुपंक्षी विकास	भौतिक पूर्वाधार	मुख्यमन्त्री कार्यालय	युवा तथा खेलकुद	वन वातावरण	संस्कृति तथा पर्यटन	सङ्घीय मामिला	सञ्चार तथा सूचना प्रविधि	सिंचाई	स्वास्थ्य	अन्य	कुल जम्मा
१	सहसचिव वा सो सरह					१					१				२
२	उपसचिव वा सो सरह	१६	३	१	२	२	१	१	१		१	२			३०
३	शाखा अधिकृत वा सो सरह	५८	१०	६	३	३		३			४	३	१		९१

४	नायब सुब्बा वा सो सरह	३६	७	११	२	१		२	२	२		१	१		६५
५	खरिदार वा सो सरह	४	३	१	१	२		२							१३
६	सहायक कर्मचारी	१													१
७	मतियार/बिचौलिया/अन्य													६२	६२
८	निर्वाचित/मनोनीत													१७८	१७८
कुल जम्मा		११५	२३	१९	८	९	१	८	३	२	६	६	२	२४०	४४२

गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दाका प्रतिवादीहरूमा सबैभन्दा धेरै निर्वाचित/मनोनीत व्यक्तिहरूको संख्या उल्लेख्य रूपमा बढी १७८ पुगेको छ । ६२ जना मतियार/बिचौलिया/अन्यविरुद्ध पनि यससम्बन्धी मुद्दा दायर भएको देखिन्छ। यससम्बन्धी विवरण तालिका ३.३, चित्र ३.३ (क) र (ख) मा प्रस्तुत गरिएको छ ।


चित्र ३.३ (क)

गैरकानुनी लाभ हानि मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृत्ति



चित्र ३.३ (ख)

गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



३.३.२ घुस रिसवत लिने दिने प्रवृत्ति

राजनीतिक र प्रशासनिक नेतृत्वको सक्षमता, सेवा प्रवाह गर्ने कर्मचारीको सेवाग्राहीप्रतिको व्यवहार, कार्यकुशलता र जिम्मेवारी बोधले राज्य संयन्त्र र सार्वजनिक सेवाप्रतिको जनताको विश्वास अभिवृद्धिमा सहयोग गर्दछ । कानुनले तोकेको निश्चित प्रक्रिया पूरा गरेपछि कार्यालयबाट नियमानुसार पाउनुपर्ने सेवामा समेत केही कर्मचारीहरूले सेवाग्राहीसँग घुस (रिसवत) लिएको भन्ने उजुरीउपर अनुसन्धान हुँदा उजुरीको व्यहोरा सप्रमाण पुष्टि हुन आएका उजुरीउपर आयोगबाट विशेष अदालतमा मुद्दा दायर गरिएका छन् ।

आर्थिक वर्ष ०७९/८० मा आयोगबाट दायर गरिएका घुस रिसवतका ३२ वटा मुद्दाहरूमा विभिन्न क्षेत्रमा कार्यरत २९ जना राष्ट्रसेवक कर्मचारीका साथै ५ जना निर्वाचित/मनोनीत पदाधिकारी र १२ जना बिचौलिया, मतियार, घुस दिने व्यक्ति तथा अन्य गरी जम्मा ४६ जनालाई प्रतिवादी कायम गरिएको छ । घुस रिसवत लिनेमा सबैभन्दा बढी १३ जना प्रशासनतर्फका कर्मचारी रहेका छन् । पदगत रूपमा सबैभन्दा बढी १३ जना शाखा अधिकृत वा सो सरहका कर्मचारी रहेका छन् । घुस रिसवतको बिगो रकम हेर्दा रु. १० हजारदेखि रु. १ लाखसम्म बिगो भएका जम्मा १७ वटा, १ लाखदेखि ५ लाखसम्मका ८ वटा, ५ लाखदेखि माथि ५० लाखसम्म जम्मा २ वटा मुद्दा दायर भएका छन् ।

रंगेहात कारबाहीसहित घुस रिसवतका अनुसन्धान र अभियोजनसम्बन्धी विस्तृत विवरण तालिका नं. ३.४ र चित्र नं. ३.४ (क) र (ख) मा प्रस्तुत गरिएको छ।


तालिका ३.४

आर्थिक वर्ष ०७९।८० मा घुस रिसवतसम्बन्धी मुद्दाका प्रतिवादीको पदगत/पेसागत विवरण

क्र.सं.	पद/श्रेणी	प्रतिवादीको संख्या						
		प्रशासन	प्राविधिक	प्रहरी	सशस्त्र	निर्वाचित मनोनीत	मतियार/ बिचौलिया अन्य	कुल जम्मा
१	उपसचिव वा सो सरह		१					१
२	शाखा अधिकृत वा सो सरह	६	७					१३
३	नायब सुब्बा वा सो सरह	४	३	२				९
४	खरिदार वा सो सरह	१	१	१	१			४
५	सहायक कर्मचारी	२						२
६	मतियार/बिचौलिया/ अन्य						१२	१२
७	निर्वाचित/मनोनीत					५		५
कुल जम्मा		१३	१२	३	१	५	१२	४६


चित्र ३.४ (क)

आर्थिक वर्ष ०७९।८० मा घुस रिसवत मुद्दाका प्रतिवादीको क्षेत्रगत प्रवृत्ति



चित्र ३.४ (ख)

आर्थिक वर्ष ०७९।८० मा घुस रिसवत मुद्दाका प्रतिवादीको पदगत प्रवृत्ति



उल्लिखित विवरणहरूबाट सानोदेखि ठूलो रकमसम्म घुस रिसवत लिने प्रवृत्ति रहेको देखिन्छ। सबैभन्दा बढी प्रशासन सेवाका कर्मचारी प्रतिवादी बनाई मुद्दा दायर भएको देखिन्छ। साथै शाखा अधिकृत वा सो सरहका कर्मचारीलाई सबैभन्दा बढी प्रतिवादी बनाई मुद्दा दायर भएको देखिन्छ ।

३.३.३ सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने प्रवृत्ति

सार्वजनिक साधनस्रोत तथा सम्पत्ति लापरबाही वा बदनियतपूर्ण ढंगबाट हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको विषयमा आर्थिक वर्ष ०७९/८० मा आयोगमा परेका उजुरीमध्ये अनुसन्धान तहकिकातपश्चात् १५२ जनालाई प्रतिवादी बनाई २७ वटा मुद्दा दायर गरिएका छन् । यी २७ वटा मुद्दामा सबैभन्दा बढी मतियार/बिचौलिया/अन्य गरी ७६ जनालाई प्रतिवादी बनाइएको छ । बढी प्रतिवादीको संख्या हेर्दा अन्य वर्गमा ९५ जना र स्थानीय तहका पदाधिकारी वा कर्मचारी २८ जना रहेका छन् । यससम्बन्धी विवरण तालिका ३.५ मा प्रस्तुत गरिएको छ।


तालिका ३.५

सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र. सं.	पद/श्रेणी	प्रतिवादीको संख्या											
		स्थानीय	भूमि तथा सहकारी	कृषि	खानेपानी	स्वास्थ्य	गृह	भौतिक पूर्वाधार	न्याय कानुन	शिक्षा	संस्कृति, पर्यटन	अन्य	कुल जम्मा
१	सहसचिव वा सो सरह						१	१	१	२			५
२	उपसचिव वा सो सरह	५	१	१	१			२		१	१		१२
३	शाखा अधिकृत वा सो सरह	७	२	३	१					४			१७
४	नायब सुब्बा वा सो सरह	१०	२		१				१	१			१५
५	खरिदार वा सो सरह	६	१										७
६	सहायक कर्मचारी								१				१
७	मतियार/बिचौलिया /अन्य											७६	७६
८	निर्वाचित/मनोनीत											१९	१९
कुल जम्मा		२८	६	४	३	०	१	३	३	८	१	९५	१५२

चित्र ३.५ (क)


सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृत्ति



यसरी सरकारी कोषको संरक्षण गर्ने दायित्व भएका अधिकृत र सहायकस्तरका कर्मचारीहरूबाटै लापरबाही वा बदनियत गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने प्रवृत्ति देखिनुका साथै विगतका वर्षमा भन्दा यस वर्ष मतियार/बिचौलिया/अन्यसमेतको मिलेमतो बढेको देखिएबाट राजस्व चुहावट नियन्त्रणका लागि सार्वजनिक निकाय बाहिर रहेर भूमिका खेल्ने व्यक्तिहरूमा समेत निगरानी, अनुगमन र सजगता बढाउनुपर्ने देखिन्छ ।

चित्र ३.५ (ख)

सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



३.३.४ गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने प्रवृत्ति

सार्वजनिक पदमा बहाल भएपछि राष्ट्रसेवकले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ मा रहेको छ । यसरी पेस गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएमा वा सार्वजनिक पद धारण गरेको पदाधिकारीले अस्वाभाविक रूपमा उच्च जीवनयापन गरेमा त्यस्ता व्यक्तिले आफ्नो सम्पत्तिको वैधानिक स्रोत खुलाउनुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले कानुन र आचरणविपरीतका विभिन्न काम गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको भनी आयोगमा उजुरीहरू पर्ने गरेका छन् । आ. व. २०७९/८० मा कतिपय उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक पदमा रहँदा विभिन्न किसिमले अनुचित लाभ लिई चलअचल सम्पत्ति आर्जन गरेको कारणले सम्बन्धित कर्मचारी/पदाधिकारीले सम्पत्तिको वैधानिक स्रोत पुष्टि गर्न नसकेको पाइएको हुँदा विशेष अदालतमा १३ वटा मुद्दा दायर गरिएको छ । यससम्बन्धी विवरण तालिका ३.६ र चित्र नं. ३.६ (क) र (ख) मा प्रस्तुत गरिएको छ।

तालिका ३.६


गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र. सं.	पद/श्रेणी	प्रतिवादीको संख्या											
		स्थानीय	अर्थ	ऊर्जा	वाणिज्य तथा आपूर्ति	भौतिक पूर्वाधार	यातायात	वन वातावरण	संस्कृति तथा पर्यटन	सञ्चार तथा सूचना प्रविधि	सिंचाइ	अन्य	कुल जम्मा
१	सहसचिव वा सो सरह										१		१
२	उपसचिव वा सो सरह	१					१						२
३	शाखा अधिकृत वा सो सरह	१	१	१	१	१		१					६
४	नायब सुब्बा वा सो सरह		१							१			२

५	निर्वाचित/मनोनीत	१							१				२
६	मतियार											१७	१७
कुल जम्मा		३	२	१	१	१	१	१	१	१	१	१७	३०

चित्र ३.६ (क)


गैरकानुनी सम्पत्ति आर्जन मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत अवस्था



आर्थिक वर्ष ०७९/८० मा गैरकानुनी सम्पत्ति आर्जनतर्फ दायर गरिएका १३ वटा मुद्दाका प्रतिवादीहरूमा मतियार १७ जना गरी कुल ३० जना रहेका छन् ।

चित्र ३.६ (ख)

गैरकानुनी सम्पत्ति आर्जन मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



३.३.५ झुटा विवरण (शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र, झुटा अध्यापन अनुमतिपत्र) पेस गर्ने प्रवृत्ति

शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रका आधारमा सेवा प्रवेश हुँदा योग्य व्यक्तिको छनौटमा यसले असर पार्दछ भने शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रको आधारमा पदोन्नति हुँदा योग्य र सक्षम कर्मचारीको मनोबल र कार्यालयको कार्यसम्पादनमा नकारात्मक असर पर्दछ। सार्वजनिक सेवामा प्रवेश गर्ने वा पदोन्नति हुने उद्देश्यले शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, झुटा अध्यापन अनुमतिपत्र/नागरिकता/नियुक्तिपत्रजस्ता कागजातहरू पेस गर्ने जस्ता कसुरमा आयोगबाट मुद्दा दायर भएका छन् ।

आर्थिक वर्ष ०७९/८० मा शैक्षिक योग्यतालगायत झुटा विवरणसम्बन्धी उजुरीहरू उपर अनुसन्धान तहकिकात गरी आयोगबाट ८ वटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन् ।

तालिका ३.७


शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र.सं.	पद/श्रेणी	प्रतिवादीको संख्या		
		प्राविधिक (इन्जिनियरिङ)	शिक्षक	कुल जम्मा
१.	उपसचिव वा सो सरह		१	१
२.	शाखा अधिकृत वा सो सरह		१	१
३.	नायब सुब्बा वा सो सरह	३	१	४
४.	खरिदार वा सो सरह		२	२
	कुल जम्मा	३	५	८

आयोगबाट उजुरीको अनुसन्धान गरी अदालतमा दायर गरिएका शैक्षिक योग्यताको झुटा प्रमाणपत्रसम्बन्धी ८ वटा मुद्दाहरूमा रहेका ८ जना प्रतिवादीहरूमा शिक्षक ५ जना र प्राविधिक (इन्जिनियरिङ) ३ जना रहेका छन्।

चित्र ३.७ (क)


नक्कली शैक्षिक प्रमाणपत्र मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृति



पदका आधारमा शैक्षिक योग्यताको झुटा प्रमाणपत्रसम्बन्धी ८ वटा मुद्दाहरूमा रहेका प्रतिवादीमध्ये सबैभन्दा बढी नायब सुब्बा वा सो सरहका ४ जना, त्यसैगरी, खरिदार वा सो सरहका २ जना र उपसचिव वा सो सरह र शाखा अधिकृत सो सरहका १/१ जना गरी जम्मा ८ जना प्रतिवादी बनाइएको छ ।

चित्र ३.७ (ख)

नक्कली शैक्षिक प्रमाणपत्र मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



शिक्षक, निजामतीलगायत अन्य सरकारी सेवा र संस्थाका कर्मचारीलगायतले भर्ना र पदोन्नतिका लागि पेस गर्ने उल्लिखित शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरूको आधिकारिकताबारे समयमै यकिन गरेर मात्र कर्मचारी भर्ना र बढुवा गर्ने पद्धतिको अवलम्बन हुनसकेमा यसबाट योग्यता प्रणाली र कार्यसम्पादनस्तरमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ ।

३.३.६ राजस्व चुहावट गर्ने प्रवृत्ति

राज्यको आम्दानीको परिमाणमा अधिकतम वृद्धि हुने गरी राजस्व संकलन तथा असुलीको जिम्मेवारी पाएका कर्मचारी/पदाधिकारीबाट नै राजस्व असुलीका कार्यमा चरम लापरबाही गरी अनुचित कर छुट र राजस्वबापत उठेको रकम हिनामिना, न्यून कर निर्धारण, कर परीक्षणमा गडबडी जस्ता कार्यहरू भए गरेको भनी यस आयोगमा दर्ता हुन आएका विभिन्न उजुरीहरूमध्ये आर्थिक वर्ष ०७९/८० मा अनुसन्धान पूरा भएका राजस्व चुहावटसम्बन्धी ७ वटा मुद्दा विशेष अदालतमा दर्ता भएका छन्।

तालिका ३.८


आर्थिक वर्ष ०७९/८० मा राजस्व हिनामिनासम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र.सं.	पद/श्रेणी/बर्ग	प्रतिवादीको संख्या				
		स्थानीय	भूमि तथा सहकारी	निर्वाचित/ मनोनीत	अन्य	कुल जम्मा
१	उपसचिव वा सो सरह	६				६
२	शाखा अधिकृत वा सो सरह	८	२			१०
३	नायब सुब्बा वा सो सरह	३	४			७
४	निर्वाचित/मनोनीत			५		५
५	मतियार/बिचौलिया/अन्य				२१	२१
कुल जम्मा		१७	६	५	२१	४९

यी ७ मुद्दाहरूमध्ये सबैभन्दा बढी स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाअध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, लेखाप्रमुख, प्रशासनलगायत निर्माण सेवा व्यवसायी र संस्था तथा मालपोततर्फका प्रमुख मालपोत अधिकृत, लेखा प्रमुख र प्रशासनलगायतका कर्मचारी गरी जम्मा ४९ जना प्रतिवादी रहेका छन् । सबैभन्दा बढी २१ जना प्रतिवादी निजी क्षेत्रका व्यवसायी, कम्पनी र विचौलिया रहेका छन् भने कर्मचारीको तर्फबाट अधिकृतस्तरका १० जना कर्मचारीलाई प्रतिवादी बनाइएको छ ।त्यसैगरी, स्थानीय तहका ५ जना उच्च पदका जनप्रतिनिधिलाई समेत प्रतिवादी कायम गरिएका छन् । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने राजस्व हिनामिनाको मामिलामा राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र र स्थानीय जनप्रतिनिधि सबैको लगभग समान किसिमको संलग्नता रहेको देखिन्छ ।


चित्र ३.८ (क)

राजस्व चुहावट मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृत्ति



चित्र ३.८ (ख)

राजस्व चुहावट मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



राज्य सञ्चालन गर्न अत्यावश्यक र अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको राजस्व संकलन गर्ने संवेदनशील जिम्मेवारी बहन गर्ने व्यक्तिहरूबाट नै उठाउनुपर्ने राजस्व नउठाउने, उठाउनुपर्ने भन्दा कम राजस्व उठाउने, विभिन्न बहानामा छुट दिने, सरकारी कोषमा राजस्व जम्मा नगरी हिनामिना गर्ने गरेको देखिन्छ ।

३.३.७ गलत लिखत वा प्रतिवेदन दिने, कागजात वा परीक्षाको परिणाम सच्याउने प्रवृत्ति

गलत लिखत तयार गर्ने, गलत प्रतिवेदन दिने, सरकारी कागजात सच्याउने, नोक्सान गर्ने वा लुकाउने, परीक्षाको परिणाम फेरबदल गर्ने जस्ता कार्य राष्ट्रसेवकबाट भएमा यस्ता कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार भ्रष्टाचारजन्य कसुर मानिन्छ। यद्यपि लापरबाही वा बदनियत राखी कार्यसम्पादनका सिलसिलामा यस किसिमका कार्य गर्ने प्रवृत्ति सार्वजनिक क्षेत्रमा विद्यमान छन् ।

तालिका ३.९

गलत लिखत/प्रतिवेदन, कागजात सच्याउने लगायतका मुद्दाका प्रतिवादीको पदगत/पेसागत विवरण


क्र.सं.	पद/श्रेणी	प्रतिवादीको संख्या						
		स्थानीय	भूमि तथा सहकारी	मुख्यमन्त्री कार्यालय	यातायात	शिक्षा	अन्य	कुल जम्मा
१	विशिष्ट श्रेणी					१		१
२	सहसचिव वा सो सरह					२		२
३	उपसचिव वा सो सरह	१	१	२		२		६
४	शाखा अधिकृत वा सो सरह	१	५	१	१			८
५	नायब सुब्बा वा सो सरह	२	५		१			८
६	खरिदार वा सो सरह		२	१	१			४
७	मतियार/बिचौलिया/अन्य						१०	१०
कुल जम्मा		४	१३	४	३	५	१०	३९

आर्थिक वर्ष ०७९/८० मा गलत लिखत तयार गरेको, गलत प्रतिवेदन मुद्दामा प्रतिकुल बकपत्र गरेको, परिक्षाको परिणाम फेरबदल गरेको, क्षेत्रफल कानुनविपरीत कित्ताकाट गरेको एवं नक्सा परिवर्तन गरेको, नपाएको ओहदा पाएँ भनेको, संस्थाको जग्गा व्यक्तिको नाममा श्रेस्ता कायम गरेको लगायतका कसुरमा आयोगबाट विशेष अदालतमा ११ वटा मुद्दामा ३९ जना प्रतिवादी कायम भएका छन्।

गलत लिखत /प्रतिवेदन दिने, कागजात सच्याउने लगायतका मुद्दाका ३९ जना प्रतिवादीमध्ये सबैभन्दा बढी भूमि व्यवस्था तथा सहकारी क्षेत्रका १३ जना प्रतिवादी छन् ।त्यसैगरी, शिक्षा, स्थानीय, मुख्यमन्त्री कार्यालय, यातायातलगायतका क्षेत्रहरू रहेका छन् ।

चित्र ३.९ (क)

गलत लिखत /प्रतिवेदन दिने, कागजात सच्याउनेलगायतका मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृति




११ वटा मुद्दाका सबैभन्दा बढी शाखा अधिकृत वा सो सरह/नायब सुब्बा सो सरहका ८/८ जना, उपसचिव वा सो सरहका ६ जना, खरिदार वा सो सरहका ४ जना, सहसचिव वा सो सरहका २

जना र एक जना विशिष्ट श्रेणीका कर्मचारीसहित १० जना मतियार/बिचौलिया गरी जम्मा ३९ जना प्रतिवादी रहेका छन् ।

चित्र ३.९ (ख)

गलत लिखत/प्रतिवेदन दिने, कागजात सच्याउने लगायतका मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



मानिसको सुरक्षा तथा जीउधनसँग जोडिएका संवेदनशील विषय र योग्यता प्रणाली कायम राख्ने विषयमा समेत राष्ट्रसेवक कर्मचारीले नैतिकता र सदाचार कायम गर्न नसकेको देखिएबाट उल्लिखित निकायका आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्ने तथा सदाचार प्रवर्द्धनमा ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

३.३.८ नीतिगत भ्रष्टाचार गर्ने प्रवृत्ति

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिकरूपमा गरेको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारबाही नगर्ने प्रावधान रहेको छ । उच्चपदस्थ पदाधिकारीहरूले मन्त्रालयबाट गर्न सकिने प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी विषयलाई समेत निर्णयका लागि मन्त्रिपरिषद्मा पुऱ्याई कानुनको भावनाविपरीत कार्य गर्ने गरेको देखिन आएको छ । अतः मन्त्रिपरिषद् वा अन्य निकायका निर्णयहरूलाई नीतिगत निर्णय हो या होइन भन्ने कुरा स्पष्ट पार्न निर्णयको वर्गीकरण र व्याख्या सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

३.४ भ्रष्टाचारको पदीय/पेसागत प्रवृत्तिको विश्लेषण

आयोगबाट आर्थिक वर्ष २०७९/८० मा विशेष अदालतमा मुद्दा दायर भएका १६२ आरोपपत्रहरूमा कुल ७६६ प्रतिवादीहरू रहेका छन्। जसमध्ये सबैभन्दा बढी मुद्दा अधिकृतस्तर र दोस्रो बढी निर्वाचित वा मनोनीत व्यक्तिविरुद्ध दायर भएको देखिन्छ । यससम्बन्धी विवरण तालिका ३.१० र चित्र ३.१० मा प्रस्तुत गरिएको छ।


तालिका ३.१०

आर्थिक वर्ष ०७९/८० मा दायर भएका विभिन्न किसिमका मुद्दाअन्तर्गत प्रतिवादीको पद/श्रेणीगत संख्या

क्र.सं.	मुद्दाको किसिम	मुद्दा संख्या	प्रतिवादीको पदगत विवरण											
			विशिष्ट कर्मचारी	अधिकृतस्तर कर्मचारी				सहायक /सहयोगी कर्मचारी				निर्वाचित / मनोनीत	मतियार / बिचौलिया /अन्य	जम्मा
				स.स.	उ.स.	शा.अ.	जम्मा	ना.सु.	खरिदार	स.क.	जम्मा			
१	घुस (रिसवत)	३२			१	१३	१४	९	४	२	१५	५	१२	४६
२	झुठ्ठा/नक्कली शैक्षिक प्रमाणपत्र	८			१	१	२	४	२		६			८
३	सार्वजनिक सम्पत्ति हानी नोक्सानी	२७		५	१२	१७	३४	१५	७	१	२३	१९	७६	१५२
४	गैरकानुनी लाभ वा हानी	६४		२	३०	९१	१२३	६५	१३	१	७९	१७८	६२	४४२
५	गैरकानुनी सम्पत्ति आर्जन	१३		१	२	६	९	२			२	२	१७	३०
६	राजश्व चुहावट/हिनामिना	७			६	१०	१६	७			७	५	२१	४९
७	विविध	११	१	२	६	८	१६	८	४		१२		१०	३९
कूल जम्मा		१६२	१	१०	५८	१४६	२१४	११०	३०	४	१४४	२०९	१९८	७६६

चित्र ३.१०

आर्थिक वर्ष २०७९।८० मा दायर मुद्दाका किसिमका आधारमा प्रतिवादीहरूको पदगत विवरण



३.५ भ्रष्टाचारको क्षेत्रगत प्रवृत्ति विश्लेषण

संघीयताको कार्यान्वयनपश्चात आयोगको यो प्रतिवेदन अवधिसम्म भ्रष्टाचारविरुद्ध आयोगका कुल उजुरीहरूमध्ये स्थानीय तहका विभिन्न विषय क्षेत्रसँग सम्बन्धित उजुरीहरू नै धेरै पर्ने गरेको तथ्याङ्कबाट देखिन्छ । स्थानीय तहको शिक्षा क्षेत्रसमेतका उजुरीहरूको संख्यासहित अघिल्लो आर्थिक वर्ष २०७८/७९ बाट जिम्मेवारी सरेर आएका तथा प्रतिवेदन अवधिमा आयोगमा परेका कुल उजुरीहरूमध्ये आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहको मात्र ५१.५% उजुरीहरू परेको देखिन्छ।

यसैगरी क्रमैसँग भूमि प्रशासन, वन तथा वातावरण, भौतिक पूर्वाधार तथा यातायात, गृह प्रशासन, स्वास्थ्य तथा जनसंख्या, पर्यटन, उद्योग तथा वाणिज्य, ऊर्जा, जलस्रोत तथा सिंचाइ, खानेपानी तथा सहरी विकासजस्ता क्षेत्रसँग सम्बन्धित विषयमा पनि बढी उजुरी परेको देखिन्छ। अर्थ, कृषि तथा पशुपन्छी, सञ्चार तथा सूचना प्रविधिलगायत अन्य क्षेत्रहरूमा समेत भ्रष्टाचार र अनियमितता भएको

भनी बढी उजुरीहरू पर्ने गरेका छन् । समग्रमा विगत केही वर्षयता आयोगमा परेका उजुरीहरूको विश्लेषण, छानबिन, अनुसन्धान र अभियोजनको परिणामसमेतका आधारमा भ्रष्टाचारका क्षेत्रगत प्रवृत्ति देहायबमोजिम रहेका छन्:-

३.५.१ स्थानीय तह

- योजना छनौट, सिफारिस, घरबाटो सिफारिस, अनुदान वितरण, पञ्जीकरणलगायतमा घुस रिसवत माग गर्ने,
- गैरकानुनीरूपमा अनावश्यक सल्लाहकार नियुक्ति गर्ने,
- क्षमता बिना जटिल प्रकृतिका निर्माण उपभोक्ता समितिमार्फत गर्ने गराउने, उपभोक्ता समितिले जिम्मा लिएको कार्य अन्य ठेकेदारमार्फत गराउने,
- स्वार्थको द्वन्द्व प्रष्ट देखिने गरी पहुँच र आस्थाका आधारमा योजना छनौट, करारमा कर्मचारी भर्ना, अनुदान वितरण, बजेट विनियोजन, विभिन्न सिफारिस गर्ने गराउने,
- क्षेत्राधिकारभन्दा बाहिरको विषयमा कर लगाउने, किर्ते कागजात पेस गरी भुक्तानी लिने,
- दोहोरो प्रकृतिका योजना/कार्यक्रम स्वीकृत गर्ने, सञ्चालन गर्ने र दोहोरो भुक्तानी दिने,
- तोकिएको कामै नगरी नक्कली भरपाई र किर्ते कागज बनाई सरकारी रकम भुक्तानी लिने,
- योजना, कार्यक्रम सञ्चालनको मापदण्ड, कार्यविधि, नियम निर्देशिका नबनाउने, हिनामिना गर्ने तथा कार्यक्रमसमेत अधुरै छाड्ने,
- पेश्की लिने, फछ्यौंट नगर्ने, लेखापालन नगर्ने, लेखापरीक्षण नगराउने, असुलउपर समेत नगराउने,
- परामर्श शीर्षकमा अनियमित खर्च गर्ने, पटक-पटक एउटै विषयमा DPR तयार पार्ने, DPR बमोजिम संरचना निर्माण नगर्ने, एउटै व्यक्ति/फर्मबाट पटक-पटक ड्रइङ, डिजाइन बनाउन लगाई प्रतिवेदन लिने र भुक्तानी दिने,
- पुल, भवनजस्ता सार्वजनिक संरचनाहरूको नियमानुसार अनुगमन, मूल्यांकन नगर्ने, कार्य सम्पन्न प्रतिवेदन र निरीक्षणबिना तथा यथार्थ प्राविधिक नापजाँच नदेखाई गलत प्राविधिक परीक्षण प्रतिवेदन बनाई बढी भुक्तानी दिने/लिने गरेको,
- सामाजिक सुरक्षा भत्ता वितरणमा पूर्ण रूपमा बैंकिङ प्रणालीको उपयोग नगरी सहयोगको नाममा सामाजिक सुरक्षा भत्ताको दुरुपयोग गर्ने,
- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को आय ठेक्का, राजस्व संकलन तथा सोको उपयोगमा वातावरणीय पक्षलाई बेवास्ता गर्ने, दोहोरो रसिद प्रयोग, जथाभावी उत्खनन् गरी राजस्व हिनामिना गर्ने, अवैधानिकरूपमा क्रसर उद्योगहरूको दर्ता तथा सञ्चालन गरी स्थानीय तहको मिलेमतोमा नदीजन्य पदार्थको दोहन तथा रकम हिनामिना गर्ने, अपारदर्शीरूपमा मिलेमतोमा ठेक्का पार्ने, आफूअनुकूल पक्षलाई ठेक्का दिने, नगर सभाको निर्णयबाट आय ठेक्काको राजस्व तथा मूल्य अभिवृद्धि करमा छुट दिने,
- उच्चतम् दररेटमा सवारी साधन भाडामा लिने र सवारी साधनको दुरुपयोग गर्ने ।

३.५.२ शिक्षा

- प्रश्नपत्रहरूको गोपनीयता भंग गर्ने, प्राप्ताङ्क फेरबदल गर्ने, नतिजा फेरबदल गरी लाभ लिने,
- शिक्षकहरू कार्यालय समयमै हाजिर नहुने, उपस्थित नभएको दिनको हाजिर गर्ने।

- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको मिलेमतोमा प्रतिस्पर्धा संकुचन गरी खरिद तथा निर्माण कार्य गर्ने, प्रगति बिना भुक्तानी लिने दिने, भौतिक निर्माण सम्पन्न नगरी रकम हिनामिना गर्ने,
- विद्यालयमा दिवा खाजा वितरण नगर्ने, रकम दुरुपयोग गर्ने, विद्यार्थीहरूबाट अनधिकृत शुल्क उठाउने, पाठ्यपुस्तक खरिद नगर्ने तथा छात्रवृत्तिमा अनियमितता गरी रकम दुरुपयोग गर्ने,
- शिक्षक र कर्मचारीहरूलाई समयमै तलब भत्ता वितरण नगर्ने, संचयकोष तथा नागरिक लगानी कोषबापतको रकमसमेत हिनामिना गर्ने,
- नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र र झुटा अध्यापन अनुमतिपत्र पेस गरी सेवा सुविधा लिने, नक्कली विद्यार्थी संख्या र नक्कली बिल भरपाई देखाई विभिन्न शीर्षकमा भुक्तानी लिने, बिना प्रतिस्पर्धा करार शिक्षक/कर्मचारी नियुक्ति गर्ने,
- पूर्वस्वीकृति नलिई शिक्षक/प्राध्यापकले अन्य शैक्षिक संस्थामा कामकाज गर्ने,
- पालिकाहरूबाट मापदण्ड नै पूरा नभएका शिक्षण संस्थाहरूलाई सम्बन्धन वा स्वीकृति दिने, अनुगमन नगर्ने तथा कारबाहीसमेत नगर्ने।

३.५.३ भूमि व्यवस्था

- सार्वजनिक र गुठीका जग्गाहरू गैरकानुनी रूपमा व्यक्ति विशेषको नाममा दर्ता गर्ने,
- सरकारी, पर्ती, जंगल, बुट्यान, गुठी आदिका जग्गाहरू व्यक्ति वा निजी कम्पनीका नाममा दर्ता गरी गराई बेचबिखन गर्ने,
- सरकारले मुआब्जा दिई अधिग्रहण गरी लिएको सरकारी जग्गा व्यक्तिको नाममा दर्ता र बेचबिखन गर्ने,
- कित्ताकाट र हालसाबिक गर्दा सरकारी जग्गा व्यक्तिको जग्गामा घुसाउने तथा बिक्री वितरण गर्ने,
- सरकारी/सार्वजनिक जग्गाको नक्कली जग्गाधनी प्रमाणपुर्जा बनाई सरकारी जग्गा हडप्ने,
- दर्ता स्रेस्ताको कागजात हेरफेर गरी विवरण सच्याई नक्कली जग्गाधनी कायम गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिको नाममा दर्ता गर्ने,
- नापी कार्यालयमार्फत जग्गाको ब्लुप्रिन्ट र नक्सा ट्रेस उपलब्ध गराउँदा घुस/रिसवत माग गर्ने,
- जग्गा प्रशासनको सामान्य कार्यका लागि समेत बिचौलियामार्फत आउनै पर्ने बाध्यता सिर्जना गरी सिधै घुस/रिसवत लिने,
- स्थानीय तहबाट कागजात परीक्षण नगरी घर/बाटो चारकिल्ला प्रमाणित गरी राजस्व चुहावट गर्ने,
- जग्गाको मूल्यांकन गर्दा हुनुपर्ने वास्तविकभन्दा कम थैली कायम गरी पुँजीगत लाभकर र रजिष्ट्रेसन शुल्क निर्धारण गर्ने, राजस्व रकम नक्कली रसिदबाट उठाई प्रचलित कानुनबमोजिम दाखिला नगरी हिनामिना गर्ने,
- मोठ भिडान नगरी अदालतबाट रोक्का रहेको जग्गा पास गर्ने, रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने,

- सहकारी संस्थाको अनुरोधमा व्यक्तिगत जग्गाको दृष्टि बन्धक गराई मिलेमतोमा जग्गा नामसारी गरी अनधिकृत लाभ लिने, कार्यविधि पालना नगरी अंशियारको हकमा असर पर्ने गरी सिफारिस गर्ने र नामसारीसमेत गरिदिने,
- बिना स्वीकृति सार्वजनिक जग्गा कुनै व्यक्ति/संस्था वा निकायले भाडामा लगाई रकम उठाउने एवं उठेको रकम राजस्वमा दाखिला नगरी हिनामिना गर्ने,
- गुठी, प्रतिष्ठान, आदिको नाममा सरकारी जग्गा भोगचलन गर्ने, सरकारी कोषबाट नै बजेट खर्च गरी सार्वजनिक निर्माण कार्य गरी व्यक्तिगत उपयोग गर्ने ।

३.५.४ गृह प्रशासन

- मिलेमतो वा अनियमितता गरी गैर नेपालीलाई नेपाली नागरिकता प्रदान गर्ने,
- तस्करहरूसँग मिलेमतो गरी सीमा नाकामा भन्सार छली अवैध रूपमा सामान ओसारपसार गर्ने गराउने,
- प्रहरी, व्यापारी र तस्करहरूसँगको मिलेमतोमा रकम असुल्ने,
- सवारी चालक अनुमतिपत्रको परीक्षा र प्रयोगात्मक परीक्षा पास गराइदिने बहानामा घुस रिसवत लिने,
- सडक दुर्घटनामा घुस रिसवत लिई नक्कली चालक खडा गरी गलत अनुसन्धान प्रतिवेदन तयार पार्ने,
- यात्रा अनुमति दिन नहुने व्यक्तिहरूलाई घुस रिसवत लिई यात्रा अनुमति प्रदान गर्ने,
- मिलेमतोमा धेरै र अस्वभाविकरुपमा सोझै खरिद गर्ने, एउटै व्यक्ति/संस्था/फर्मसँगबाट पटक-पटक खरिद गर्ने, सार्वजनिक खरिद कानुनको पालना नगरी खरिद कार्यमा अनियमितता गर्ने,
- नक्कली कागजात तयार पारी सरकारी रकम हिनामिना गर्ने,
- व्यापार व्यवसाय, प्राकृतिक स्रोतको उत्खनन् र ओसारपसार लगायतका विषयमा सहजीकरण गर्ने नाममा घुस रिसवत लिई अनियमितता गर्ने ।

३.५.५ स्वास्थ्य

- ठूलो रकमको औषधी र उपचारजन्य यन्त्र उपकरणको सोझै खरिद गर्ने, आवश्यकताको पहिचान र पूर्वतयारी नगरी आपतकालीन अवस्था सिर्जना गराई खरिद गर्ने,
- कागजीरूपमा मात्र स्टोर दाखिला देखाई ठूलो परिमाणमा खरिद गरेको भनी भुक्तानी लिने र अनियमितता गर्ने,
- नक्कली प्रवर्द्धनात्मक कार्यक्रमको बिल भरपाईको आधारमा भुक्तानी दिने/लिने, त्यसैगरी नक्कली सेवाग्राहीहरूको अभिलेख खडा गरी रकम हिनामिना गर्ने, मेडिकल प्रतिनिधिको उक्साहट र मिलेमतोमा औषधी सिफारिस गर्ने,
- सार्वजनिक पद धारण गरेका स्वास्थ्यकर्मीहरूले सरकारी संस्थामा समय नदिई निजी स्वास्थ्य संस्थाहरूमा कार्य गर्ने र अनुचित लाभ लिने,
- निःशुल्क वितरण गर्ने भनी राज्यबाट उपलब्ध औषधीहरू समेत निजी क्लिनिकमार्फत बिक्री गर्ने/गराउने,
- मौजुदा अनुगमन मूल्यांकन मापदण्ड पालना नगर्ने तथा सम्बन्धित निकायले नियमित/प्रभावकारी अनुगमन नगर्ने,

- खरिद प्रक्रियामा मिलेमतो गरी कुनै एक कम्पनी/फर्म वा व्यक्तिलाई मात्र लाभ मिल्ने गरी स्पेसिफिकेसन बनाउने,
- अत्यावश्यक भनी खरिद गरिएका बहुमूल्य यन्त्र उपकरणहरू खरिदपश्चात जडान/प्रयोग नगर्ने,
- गैरकानुनी लाभ लिई मापदण्ड नपुगेको स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिने ।

३.५.६ वन

- बदनियतपूर्वक वनका काठ कटान गरी ओसारपसार गर्ने,
- वन सम्पदाको विनाश/चोरी निकासीमा संलग्नलाई सहयोग पुऱ्याई अनुचित लाभ लिने तथा अनियमित रूपमा कटान गरेका काठको झुटा लगत तयार गरी स्वीकृत गर्ने गराउने,
- प्रचलित वन ऐन नियमावलीबमोजिम सामुदायिक वन उपभोक्ता समूहको कोषको परिचालन नगरी रकम हिनामिना गर्ने,
- सुनियोजित कार्ययोजना तयार पारी ठूलो र अनावश्यक परिमाणमा वन कटान गर्ने,
- स्थानीय तहबाट कानुनविपरीत सामुदायिक वनबाट आय आर्जनबापतको कर उठाउने,
- वनपैदावारको काठको लगत जाँच, छुटपुर्जी, वन कटान र छटान तथा वन उपभोक्ता समूहको विधान र कार्ययोजना दर्ता सिफारिस गर्दासमेत घुस रिसवत माग गर्ने,
- मल, फल र विरुवा उत्पादन, वितरणलगायतका कार्यक्रमहरूको झुटा बिल/भरपाई बनाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने।

३.५.७ अर्थ, राजस्व

- सरकारलाई तिर्नुपर्ने कर छल्ने तथा व्यावसायिक कारोबारको फरक-फरक लेखा राखी राजस्व छली गर्ने गराउने,
- व्यापारी, कर्मचारी र सुरक्षाकर्मीको मिलेमतोमा आयातित सामानको नक्कली प्रज्ञापनपत्र तयार पारी प्रयोग गर्ने, गुणस्तर, परिमाण र मूल्य फरक पारी भन्सार जाँचपास गर्ने, न्यून विजकीकरण जस्ता कार्य गरी राजस्व छली गर्ने,
- गैरमौज्दातको नक्कली भौचर र बैंक विवरण तयार पारी नक्कली सहीछाप प्रयोग गरी रकम हिनामिना गर्ने, मूल्य अभिवृद्धि करको नक्कली बिल बनाई भ्रष्टाचार गर्ने,
- मिलेमतोमा सरकारी बैंकहरूबाट प्रवाह भएको ऋण फरफारक गर्दा ब्याज मिनाहा गर्ने,
- धितोको गलत मूल्यांकन गरी बदनियतपूर्वक प्रतिवेदन तयार गरी अनियमित तवरले कर्जा प्रवाह गर्ने तथा कर्जा प्रवाहसम्बन्धी तोकिएका मापदण्डहरू नअपनाउने,
- सीमित वर्ग र समूहलाई फाइदा पुग्ने गरी कर सहुलियत/छुट दिने तथा करयोग्य कारोबारलाई करको दायरामा समावेश नगरी राजस्व चुहावट गर्ने,
- अशिक्षित/गरिब तथा सरोकार नराख्ने व्यक्तिको नाममा व्यवसाय दर्ता र सञ्चालन गरी कारोबार गर्ने,
- भन्सार ऐन नियम पालना नगरी तोकिएको भन्दा बढी वा कम परिमाणमा मालवस्तु ल्याउने, मिलेमतोमा भन्सार जाँचपास गर्ने गराउने र सरकारलाई हानी पुऱ्याउने,
- राज्य कोषमा दाखिला गर्नुपर्ने राजस्वसमेत समयभित्र बैंकमा दाखिला नगर्ने ।

३.५.८ सार्वजनिक खरिद तथा निर्माण

- प्रतिस्पर्धाविपरीत कानुनद्वारा निर्धारित सर्त र मापदण्ड मिचेर खरिद तथा निर्माण कार्य गराई, नगराई वा कम गराई झुटा प्रतिवेदन पेस गरी गराई भुक्तानी लिने दिने,
- सार्वजनिक खरिद ऐनले तोकेका मापदण्डको परिपालना नगरी निर्माण कार्य गर्ने,
- नक्कली र आधारहीन लगत इस्टिमेट बनाउने, झुटो अनुगमन प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन बनाउने,
- असम्बन्धित कर्मचारीले दरभाउपत्र र बोलपत्र स्वीकृत गर्ने,
- लागत अनुमानभन्दा बढी कबोल गर्ने दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने,
- समयमै गर्नुपर्ने पूर्वतयारी नगरी वर्षको अन्त्यतिर सोझै मालसामान खरिद गर्ने,
- नियतवस अस्वभाविक भेरिएसन गरी गराई योजना, कार्यक्रम वा परियोजनाको लागत र समय बढाउने,
- वार्षिक खरिद गुरुयोजना, सूचीकरणलगायतका कार्य नगरी अनियमित खरिद तथा निर्माण गर्ने, मितव्ययीताको मापदण्ड पालना नगरी खर्च गर्ने, अनावश्यक श्रोतान्तर, रकमान्तर गर्ने तथा अबण्डा र विविध खर्च शीर्षकमा बजेट राखी खर्च गरी सरकारी कोषको दुरुपयोग गर्ने,
- जिन्सी मालसामानको अभिलेख दुरुस्त नराख्ने, खरिदअनुसार स्टोर दाखिला नगर्ने तथा झुटा खरिद दाखिला देखाई जिन्सी दाखिला प्रतिवेदन तयार पार्ने र अनियमितता गर्ने,
- आवश्यकताभन्दा बढी परामर्शको नाममा पूर्वसम्भाव्यता र सम्भाव्यता अध्ययनलगायतका कार्यहरू गरी गराई गैरभुक्तानी दिने लिने, सम्भाव्यताको आधारमा खरिद तथा निर्माण नगर्ने तथा सो क्रमलाई निरन्तरता दिई सरकारी कोषको हिनामिना गर्ने,
- निश्चित ठेकेदारलाई लक्षित गरी बोलपत्र कागजात बनाई ठेक्कामा मिलेमतो गर्ने,
- योजना/कार्यक्रम टुक्र्याई प्रतिस्पर्धा सीमित गरी कोटेसनमा खरिद गर्ने ।

३.५.९ श्रम तथा वैदेशिक रोजगार

- विदेशस्थित उद्योग र श्रमिकसम्बन्धी नक्कली कागजात तयार पार्ने, कामदारको आवश्यकता, योग्यता तथा तलब भत्तासम्बन्धी नक्कली कागजात तयार गर्ने, सोझा नेपाली श्रमिकलाई झुटो प्रलोभनमा पारी करार सम्झौता गरी गराई रकम असुल गर्ने,
- अनलाइन प्रविधिको श्रम स्वीकृतिका लागि सहजीकरण गर्ने नाममा घुस रिसवत माग गर्ने,
- राहदानी बनाउन फाराम भर्न, जैविक विवरण दर्ता गर्न तथा राहदानी वितरण गर्न मिलेमतोमा प्रणालीको दुरुपयोग गरी रकम असुल गर्ने,
- कानुन र रित नपुगेका म्यानपावर व्यवसायीहरूको संस्था नवीकरण गर्दा व्यवसायीसँगको मिलेमतोमा रकम लेनदेन गरी नेपाल सरकारलाई हानि पुऱ्याउने,
- श्रम सम्झौता भएका मुलुकमा श्रमिक पठाउँदा वैदेशिक रोजगार व्यवसायीहरूसँगको मिलेमतोमा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूसँग वास्तविक लागतभन्दा बढी रकम उठाउने,
- विमानस्थल र अध्यागमनमा कर्मचारी, प्रहरी र बिचौलियाले मिलेमतो गरी सेवाग्राहीलाई अनावश्यक दुख हैरानी दिई सहजीकरणको नाममा घुस रिसवत लिने दिने,
- झुटो अनुगमनको नाममा व्यवसायीहरूबाट रकम असुल गर्ने,

- श्रम सहचारी तथा काउन्सिलरले मोटो रकम असुल गरी अनुकूलका म्यानपावर एजेन्सीहरूलाई मागपत्र पठाउने,
- विदेशस्थित नेपाली दुतावासका कर्मचारीहरूको मिलेमतोमा श्रमिकको मागपत्र प्रमाणित गर्ने, राहत तथा उद्दारका नाममा अनियमित रकम असुल गर्ने र सोको दुरुपयोग गर्ने ।

३.५.१० कृषि/पशु

- कृषि मल खरिद, भण्डारण, ढुवानी र वितरणमा अनियमितता गरी भ्रष्टाचार गर्ने,
- कृषि बीउ बिजन, यन्त्र उपकरण, विरुवा, पशुपन्छी वितरणमा कार्यविधि, मापदण्डको पालना नगर्ने,
- कृषि अनुदान र पशु स्वास्थ्य तथा पशु सेवा प्रवर्द्धनको नाममा नक्कली लगत, झुटो वितरण प्रतिवेदन र भरपाई तयार पारी सरकारी रकमको हिनामिना गर्ने,
- कृषि उत्पादनको वितरण व्यवस्था नगरी बिचौलियासँगको मिलेमतोमा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गर्ने, कालोबजारी गरी मूल्यवृद्धिमार्फत कर्मचारी र बिचौलियाले लाभ लिने,
- नक्कली अनुदानग्राहीको विवरण, लगत र भरपाईको आधारमा नक्कली कृषकले अनुदान लिने गरेको तथा वास्तविक कृषक मर्कामा परेको,
- प्रतिस्पर्धा सीमित पारी सार्वजनिक खरिद तथा निर्माण कार्य गरेको,
- एकै व्यक्तिका फरक नामका फर्मलाई अनुदानको नाममा पटक-पटक भुक्तानी दिई मोलाहिजा गरी रकम कलमको दुरुपयोग गर्ने,
- क्षतिपूर्ति, राहत तथा अनुदान वितरणमा सार्वजनिक कोषको हिनामिना गर्ने उद्देश्यले किसानहरूको नक्कली विवरण तयार पार्ने,
- मौजुदा जनशक्तिमार्फत सञ्चालन गर्न सकिने काममा परामर्श सेवामार्फत कार्य गराउने,
- स्थानीय तहमा स्वीकृत बजेटअनुरूपका कार्यक्रम सञ्चालन गर्दा कार्यविधि र मापदण्ड नबनाई कार्यपालिकाबाट अपारदर्शी रूपमा निर्णय गराई अनुदान वितरण गर्ने ।

३.५.११ विविध (ऊर्जा, यातायात, समाज कल्याण आदि)

- न्यून गुणस्तरका ट्रान्सफर्मर जडान गरी अनुचित लाभ लिने,
- ऐन नियमविपरीत मिलेमतोमा अनियमित र असान्दर्भिक खरिद गर्ने तथा विद्युतीकरण गर्दा अतिरिक्त रकम लिने,
- सवारी चालक अनुमतिपत्रको नेपालीकरण गर्दा गलत लिखत तयार गर्ने,
- सवारी दर्ता गर्दा कागजात सच्याई किर्ते गरी राजस्व हिनामिना र चुहावट गर्ने,
- सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण र अनुपस्थित भएका परीक्षार्थीहरूलाई पास गराउने, मौजुदा प्रमाण नष्ट गर्ने तथा अनुचित लाभ लिने,
- गैरसरकारी संस्थाहरूलाई स्वीकृति दिए पनि अनुगमन नगर्ने, मिलेमतोमा गलत प्रतिवेदन तयार पारी अनुचित लाभ लिने,
- नियमानुसार पाउनेभन्दा बढी सेवा सुविधा लिने,
- नक्कली बिल भरपाई पेस गरी दैनिक तथा भ्रमण भत्ताबापतको रकम लिई सरकारी कोषको हिनामिना गर्ने आदि ।

३.६ आयोगको स्थापनाकालदेखि हालसम्म अदालतमा दायर गरिएका मुद्दाहरूको प्रवृत्ति विश्लेषण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो स्थापनाकालदेखि नै प्राप्त उजुरीहरूउपर अनुसन्धान र तहकिकात गरी अदालतसमक्ष मुद्दा दायर गर्ने काम गर्दै आइरहेको छ । स्थापनादेखिको ३२ वर्षमा आयोगमा परेका उजुरीको संख्या, अनुसन्धान तहकिकात गरी फछ्यौंट गरिएका उजुरीको संख्या र अदालतमा दायर गरिएका आरोपपत्रहरूको संख्या देहायबमोजिम रहेको छ ।

३.६.१. आर्थिक वर्ष ०४८।४९ देखि ०५६।५७ सम्म

विक्रम संवत् २०४७ सालमा आयोगको स्थापना भएदेखि आर्थिक वर्ष २०५६।५७ सम्मको अवधिमा आयोगबाट सीमित संख्यामा आरोपपत्रहरू अदालतमा दायर भएका छन् । यस अवधिमा सबैभन्दा कम आरोपपत्र आर्थिक वर्ष ०४८।४९ र ०५१।५२ मा एक-एक वटा मात्र दर्ता भएका थिए भने आर्थिक वर्ष ०५३।५४ मा सबैभन्दा बढी (११ वटा) आरोपपत्रहरू दायर भएका थिए । यस अवधिमा आयोगमा दायर भएका उजुरीहरूको संख्यामा समेत न्यूनता देखिन्छ । आर्थिक वर्ष २०५४।५५ मा सबैभन्दा बढी १६०६ वटा उजुरीहरू रहेको भए पनि अधिकांश आर्थिक वर्षहरूमा करिब एक हजारको हाराहारीमा उजुरीहरू रहेको देखिन्छ । तालिका ३.११ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्यौंट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ३.११

आर्थिक वर्ष २०४७।४८ देखि २०५६।५७ सम्मको उजुरी दर्ता, फछ्यौंट र मुद्दा दर्ताको संख्या

क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर	क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर
१.	२०४७/४८	५६४	-	-	२.	२०४८/४९	१०६९	५८१	१
३.	२०४९/५०	१०५०	६१८	५	४.	२०५०/५१	१०२०	५२६	७
५.	२०५१/५२	१००३	६३६	१	६.	२०५२/५३	१०८५	७११	२
७.	२०५३/५४	१५०१	७५०	११	८.	२०५४/५५	१६०६	९२०	७
९.	२०५५/५६	१३१३	८६१	१०	१०.	२०५६/५७	८५९	४९८	५

३.६.२. आर्थिक वर्ष २०५७।५८ देखि २०६३।६४ सम्म

आर्थिक वर्ष २०५७।५८ देखि आर्थिक वर्ष २०६३।६४ को अवधिमा मुलुकमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी महत्त्वपूर्ण कानुनी र संस्थागत सुधारका कार्य भएका थिए । विक्रम संवत् २०५९ साल असार ५ गते भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुनुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दोस्रो संशोधन सोही वर्षको साउन ३० गते लागू भई भ्रष्टाचारविरुद्ध प्रभावकारी कानुनी व्यवस्था भएको थियो । साथै विशेष अदालत ऐन, २०५९ को व्यवस्थाबमोजिम मिति २०५९ साल भाद्र ६ गते विशेष अदालत स्थापना भई भ्रष्टाचारसम्बन्धी मुद्दाहरूको न्याय निरुपणसम्बन्धी कार्य विशेष अदालतबाट हुने व्यवस्थाको सुरुवात भएको पाइन्छ । उल्लिखित सुधारसमेतका कारणले आर्थिक वर्ष २०५९।६० देखि आयोगबाट विशेष अदालतमा दायर गरिएका आरोपपत्रहरूको संख्यामा बढोत्तरी भएको देखिन्छ । आर्थिक वर्ष २०५७।५८ देखि आर्थिक वर्ष २०६३।६४ को अवधिमा आरोपपत्रहरूको दर्ताको संख्यालाई

हेर्दा आर्थिक वर्ष २०५९।६० मा सबैभन्दा बढी १४७ वटा आरोपपत्रहरू दर्ता भएका छन् भने आर्थिक वर्ष २०५७।५८ मा सबैभन्दा कम २६ वटा आरोपपत्रहरू दर्ता भएको पाइन्छ । तालिका ३.१२ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्यौंट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ।

तालिका ३.१२

आर्थिक वर्ष २०५७।५८ देखि २०६३।६४ सम्मको उजुरी दर्ता, फछ्यौंट र मुद्दा दर्ताको संख्या

क्र. सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर	क्र. सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर
१.	२०५७/५८	१२६१	६९८	२६	२.	२०५८/५९	२५२२	२०१५	४१
३.	२०५९/६०	३९६६	२४८१	१४७	४.	२०६०/६१	३७३२	३१८८	१०५
५.	२०६१/६२	४७५९	३७०९	११३	६.	२०६२/६३	४३२४	३३५३	११४
७.	२०६३/६४	३५६४	२९७६	११५					

भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि आर्थिक वर्ष २०५९।६० देखि शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आरोपपत्रसमेत दर्ता हुन थालेको पाइन्छ र यस अवधिमा दायर भएका मुद्दाहरूमध्ये हरेक आर्थिक वर्षमा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी मुद्दा सबैभन्दा बढी संख्यामा रहेका छन्। आर्थिक वर्षहरू २०५९।६० र २०६०।६१ मा भने गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाहरू पनि उल्लेख्य संख्यामा रहेको देखिन्छ। यस अवधिमा दर्ता भएका विविध विषयका आरोपपत्रहरू अन्तर्गत राहदानी, सवारीसाधन दर्ता, भूमि प्रशासन, बैंक कर्जा हिनामिनासम्बन्धी मुद्दाहरू समेत रहेका छन् । आयोग स्थापना भएपछि पहिलो पटक आर्थिक वर्ष २०६०।६१ मा घुस/रिसवतसम्बन्धी आरोपपत्र दर्ता भएको देखिन्छ । तालिका ३.१३ मा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि आर्थिक वर्ष २०६३।६४ सम्मका विभिन्न विषयका मुद्दाहरूको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ३.१३

आर्थिक वर्ष २०५९।६० देखि २०६३।६४ सम्मका विभिन्न विषयका मुद्दाको संख्या

क्र. सं.	वर्ष	गैरकानुनी सम्पत्ति आर्जन	नक्कली शैक्षिक प्रमाणपत्र	राजस्व हिनामिना / चुहावट	घुस/ रिसवत	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी	गैरकानुनी लाभ वा हानी	विविध	जम्मा मुद्दा दायर
१.	२०५९/६०	२८	८१	०	०	०	१८	२०	१४७
२.	२०६०/६१	१६	४७	०	४	०	०	३८	१०५
३.	२०६१/६२	८	८५	२	१	०	७	१०	११३
४.	२०६२/६३	९	६९	५	५	८	९	९	११४
५.	२०६३/६४	०	९३	९	३	१	०	९	११५

३.६.३. आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्म

यस अवधिमा सबैभन्दा कम २७ मुद्दा आर्थिक वर्ष २०६६।६७ मा दर्ता भएका छन् । त्यस्तै, सबैभन्दा बढी १११ मुद्दा आर्थिक वर्ष २०६८।६९ मा दर्ता भएका छन् । सबैभन्दा बढी उजुरी भने आर्थिक वर्ष २०६९।७० मा परेको देखिन्छ । तालिका ३.१४ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछर्यौंट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ३.१४

आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्मको उजुरी दर्ता, फछर्यौंट र मुद्दा दर्ताको संख्या

क्र. सं.	वर्ष	उजुरी दर्ता	फछर्यौंट	मुद्दा दायर	क्र. सं.	वर्ष	उजुरी दर्ता	फछर्यौंट	मुद्दा दायर
१.	२०६४/६५	२७३२	२१३५	६५	२.	२०६५/६६	४१४९	३३०३	५०
३.	२०६६/६७	४२९५	३०६७	२७	४.	२०६७/६८	६१४५	३९०४	६७
५.	२०६८/६९	८८३९	५४६६	१११	६.	२०६९/७०	११२९८	६६७२	९३

यस अवधिमा दर्ता भएका आरोपपत्रहरूमा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी मुद्दा उल्लेख्य संख्यामा रहेका छन् । त्यसैगरी घुस रिसवतसम्बन्धी तथा गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दाहरूको संख्या पनि क्रमिकरूपमा बढ्दै गएको देखिन्छ । तालिका ३.१५ मा यस अवधिमा आयोगबाट दायर भएका मुद्दाहरूको विषयगत संख्या प्रस्तुत गरिएको छ ।

तालिका ३.१५

आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्मका विभिन्न विषयका मुद्दाको संख्या

क्र. सं.	वर्ष	गैरकानुनी सम्पत्ति आर्जन	नक्कली शैक्षिक प्रमाणपत्र	राजस्व हिनामिना / चुहावट	घुस/ रिसवत	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी	गैरकानुनी लाभ वा हानी	विविध	जम्मा मुद्दा दायर
१.	२०६४/६५	१	५४	०	२	१	५	२	६५
२.	२०६५/६६	२	३६	०	२	२	८	०	५०
३.	२०६६/६७	०	१९	०	२	०	५	१	२७
४.	२०६७/६८	०	४६	०	९	२	९	१	६७
५.	२०६८/६९	०	८६	०	१०	०	११	४	१११
६.	२०६९/७०	०	७०	१	७	३	७	५	९३

३.६.४. आर्थिक वर्ष २०७०।७१ देखि २०७९।८० सम्म

आर्थिक वर्ष २०७०।७१ देखि आर्थिक वर्ष २०७९।८० को अवधिमा आयोगमा दर्ता भएका उजुरी, उजुरी फछर्यौंट तथा आरोपपत्र दायर संख्यामा उतारचढाव देखिए तापनि कोभिड-१९ पश्चातका विगत ३ वर्षमा उक्त संख्या निरन्तर वृद्धि भएको छ । तालिका ३.१६ मा आर्थिक वर्ष २०७०।७१ देखि २०७९।८० को अवधिमा आयोगमा परेका उजुरी, उजुरी फछर्यौंट तथा मुद्दा दायरको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ३.१६

आर्थिक वर्ष २०७०।७१ देखि २०७९।८० सम्मको उजुरी दर्ता, फछ्यौंट र मुद्दा दर्ताको संख्या

क्र. सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर	क्र. सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर
१.	२०७०/७१	२२६०२	१२८९२	१६८	२.	२०७१/७२	३१२१३	२१६४८	३०३
३.	२०७२/७३	२४६९१	१६६९४	१४४	४.	२०७३/७४	१९५८०	११८६१	१५४
५.	२०७४/७५	१९४८८	१२४००	१९४	६.	२०७५/७६	२४०८५	१५५२७	३५१
७.	२०७६/७७	२५१५२	१६९५२	४४१	८.	२०७७ /७८	२२६२५	१४५३२	११३
९.	२०७८/७९	२४३३१	१७१६९	१३१	१०.	**२०७९ /८०**	**२८०६७**	**१८७९९**	**१६२**

कोभिड-१९ पश्चातका विगत ३ वर्षमा मुद्दाहरूको संख्या निरन्तर वृद्धि भइरहेको छ। त्यस्तै, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानुनी लाभ वा हानि तथा गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाहरूको संख्यामा समेत वृद्धि भएको छ । तालिका ३.१७ मा यस अवधिमा आयोगबाट दायर भएका मुद्दाहरूको विषयगत संख्या प्रस्तुत गरिएको छ ।

तालिका ३.१७

आर्थिक वर्ष २०७०।७१ देखि २०७९।८० सम्मका विभिन्न विषयका मुद्दाको संख्या

क्र. सं.	आर्थिक वर्ष	गैरकानुनी लाभ वा हानी	घुस/ रिसवत	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी	गैरकानुनी सम्पत्ति आर्जन	नक्कली शैक्षिक प्रमाणपत्र	राजस्व हिनामिना / चुहावट	विविध	जम्मा मुद्दा दायर
१.	२०७०/७१	३९	२१	१०	२	८०	२	१४	१६८
२.	२०७१/७२	१८	६८	१०५	२	९६	४	१०	३०३
३.	२०७२/७३	११	४६	२३	७	५२	२	३	१४४
४.	२०७३/७४	११	६४	१८	११	४०	४	६	१५४
५.	२०७४/७५	८	९७	१३	४	६४	५	३	१९४
६.	२०७५/७६	३३	१४७	३९	१२	८८	१०	२२	३५१
७.	२०७६/७७	३६	२०५	७५	१८	८५	१२	१०	४४१
८.	२०७७/७८	११	७०	२०	३	३	३	३	११३
९.	२०७८/७९	३४	३२	३५	७	६	५	१२	१३१
१०.	**२०७९/८०**	**६४**	**३२**	**२७**	**१३**	**८**	**७**	**११**	**१६२**

३.६.५ आयोगको स्थापनादेखि हालसम्मको मुद्दा दर्ताको समग्र अवस्था


स्थापनाकालदेखि हालसम्म ३३ वर्षको अवधिमा आयोगले जम्मा ३,२८५ वटा मुद्दाहरू अदालतमा दायर गरेको छ । जसअनुसार औसतमा प्रति वर्ष १०० आरोपपत्रहरू अदालतमा दर्ता भएका छन् । आयोगबाट हालसम्म अदालतमा दर्ता भएका आरोपपत्रहरूमध्ये विषयगत रूपमा हेर्दा सबैभन्दा बढी १,२०७ वटा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आरोपपत्रहरू रहेका छन् भने त्यसपछि घुस रिसवतसम्बन्धी ८२७ वटा आरोपपत्रहरू रहेका छन् । गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाको संख्या भने १४३ वटा रहेको छ । यससम्बन्धी विवरण तालिका ३.१८ तथा चित्र नं. ३.११ मा प्रस्तुत गरिएको छ।

तालिका ३.१८

आयोग स्थापनादेखि हालसम्मको उजुरी दर्ता, फछर्यौट र मुद्दा दर्ताको संख्या

क्र. सं.	आर्थिक वर्ष	उजुरी दर्ता	फछर्यौट	मुद्दा दायर	क्र. सं.	आर्थिक वर्ष	उजुरी दर्ता	फछर्यौट	मुद्दा दायर
१.	२०४७/४८	५६४	-	-	२.	२०४८/४९	१०६९	५८१	१
३.	२०४९/५०	१०५०	६१८	५	४.	२०५०/५१	१०२०	५२६	७
५.	२०५१/५२	१००३	६३६	१	६.	२०५२/५३	१०८५	७११	२
७.	२०५३/५४	१५०१	७५०	११	८.	२०५४/५५	१६०६	९२०	७
९.	२०५५/५६	१३१३	८६१	१०	१०.	२०५६/५७	८५९	४९८	५
११.	२०५७/५८	१२६१	६९८	२६	१२.	२०५८/५९	२५२२	२०१५	४१
१३.	२०५९/६०	३९६६	२४८१	१४७	१४.	२०६०/६१	३७३२	३१८८	१०५
१५.	२०६१/६२	४७५९	३७०९	११३	१६.	२०६२/६३	४३२४	३३५३	११४
१७.	२०६३/६४	३५६४	२९७६	११५	१८.	२०६४/६५	२७३२	२१३५	६५
१९.	२०६५/६६	४१४९	३३०३	५०	२०.	२०६६/६७	४२९५	३०६७	२७
२१.	२०६७/६८	६१४५	३९०४	६७	२२.	२०६८/६९	८८३९	५४६६	१११
२३.	२०६९/७०	११२९८	६६७२	९३	२४.	२०७०/७१	२२६०२	१२८९२	१६८
२५.	२०७१/७२	३१२१३	२१६४८	३०३	२६.	२०७२/७३	२४६९१	१६६९४	१४४
२७.	२०७३/७४	१९५८०	११८६१	१५४	२८.	२०७४/७५	१९४८८	१२४००	१९४
२९.	२०७५।७६	२४०८५	१५५२७	३५१	३०.	२०७६/७७	२५१५२	१६९५२	४४१
३१.	२०७७/७८	२२६२५	१४५३२	११३	३२.	२०७८/७९	२४३३१	१७१६९	१३१
३३.	**२०७९/८०**	**२८०६७**	**१८७९९**	**१६२**					

चित्र नं. ३.११



३.६.६ अदालतबाट फैसला भएका मुद्दाहरूमा कसुर स्थापित भएको दर

आयोगको तर्फबाट दर्ता भएका आरोपपत्रहरू उपर अदालतबाट फैसला हुँदा पूर्ण वा आंशिक रूपमा आयोगको मागदाबी बमोजिमको फैसला प्राप्त भएका आधारमा हरेक आर्थिक वर्षमा कसुर कायम भएको दर पचास प्रतिशतभन्दा बढी रहँदै आएकोमा सर्वोच्च अदालतबाट स्टिङ अपरेसनका सन्दर्भमा भएको फैसलाका कारण आ. व. २०७९/८० मा भने ऐतिहासिक रूपमा निकै कम ३३.४३ प्रतिशत मात्र कसुर कायम भएको छ भने आ. व. २०७८/७९ मा दोस्रो कम ३८.५१ प्रतिशत कसुर कायम भएको थियो । सबैभन्दा बढी आर्थिक वर्ष २०६१।६२ मा ९१.५ प्रतिशत मुद्दा सफलता दर रहेको थियो ।

तालिका ३.१९

विशेष अदालतबाट प्राप्त फैसलामा कसुर कायम भएको दर

क्र.सं.	आर्थिक वर्ष	फैसला प्राप्त संख्या	कसुर कायम भएको संख्या	कसुर कायम भएको प्रतिशत	क्र. सं.	आर्थिक वर्ष	फैसला प्राप्त संख्या	कसुर कायम भएको संख्या	कसुर कायम भएको प्रतिशत
१.	२०५९/६०	५५	४७	८५.४५	२.	२०६०/६१	१२९	१०९	८४
३.	२०६१/६२	१०६	९७	९१.५	४.	२०६२/६३	१०९	८९	८१.६५
५.	२०६३/६४	१७१	१४०	८१.८७	६.	२०६४/६५	१२७	९५	७४.८
७.	२०६५/६६	९२	६२	६७.४	८.	२०६६/६७	१०४	५५	५२.९
९.	२०६७/६८	५९	३७	६२.७१	१०.	२०६८/६९	५९	५२	८८.१४
११.	२०६९/७०	९५	७६	८०	१२.	२०७०/७१	९८	७४	८०
१३.	२०७१/७२	१०८	८८	८१.५	१४.	२०७२/७३	२७९	१६७	६०
१५.	२०७३/७४	१६०	११७	७३.१३	१६.	२०७४/७५	१७४	११८	६७.८२
१७.	२०७५/७६	२०४	१८०	८८.२४	१८.	२०७६/७७	१९७	१६७	८४.८
१९.	२०७७/७८	११३	८१	७१.६८	२०.	२०७८/७९	१४८	५७	३८.५१
२१.	**२०७९/८०**	**३४१**	**११४**	**३३.४३**					


३.६.७ पुनरावेदन/पुनरावलोकनको प्रवृत्ति

आयोगले दायर गरेका आरोपपत्रहरूमा अदालतबाट भएका फैसलामा चित्त नबुझेको अवस्थामा आयोगले पुनरावेदन गर्दै आएको छ। साथै, पुनरावेदनपश्चात भएको फैसलामा पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएमा आयोगले पुनरावलोकनसमेत गर्दै आएको छ। देहायको तथ्यांकले केही आर्थिक वर्षहरूमा बाहेक आयोगबाट उल्लेख्य संख्यामा पुनरावेदनको निवेदन दर्ता भएको देखाउँछ । यससम्बन्धी विवरण तालिका ३.२० र चित्र ३.१२ मा प्रस्तुत गरिएको छ।

तालिका ३.२०
पुनरावेदन र पुनरावलोकनको संख्या

क्र.सं.	आ.व.	पुनरावेदन गरिएको संख्या	पुनरावलोकन गरिएको संख्या	क्र.सं.	आ.व.	पुनरावेदन गरिएको संख्या	पुनरावलोकन गरिएको संख्या
१.	२०५३/५४	६	०	२.	२०५४/५५	५	०
३.	२०५५/५६	९	०	४.	२०५६/५७	१२	०
५.	२०५७/५८	१३	०	६.	२०५८/५९	१९	०
७.	२०५९/६०	४	२	८.	२०६०/६१	१३	०
९.	२०६१/६२	२९	१	१०.	२०६२/६३	३०	१
११.	२०६३/६४	१७	०	१२.	२०६४/६५	३०	०
१३.	२०६५/६६	२३	१	१४.	२०६६/६७	३५	१
१५.	२०६७/६८	४०	२	१६.	२०६८/६९	१८	०
१७.	२०६९/७०	२५	०	१८.	२०७०/७१	१९	०
१९.	२०७१/७२	२०	०	२०.	२०७२/७३	१२३	२
२१.	२०७३/७४	५२	०	२२.	२०७४/७५	६८	०
२३.	२०७५/७६	८३	०	२४.	२०७६/७७	२०	२
२५.	२०७७/७८	५८	०	२६.	२०७८/७९	५७	०
२७.	**२०७९/८०**	**२३७**	**०**				

चित्र ३.१२
पुनरावेदन र पुनरावलोकनको प्रवृत्ति



यसरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी, आयोगबाट भएको अनुसन्धान, अनुसन्धानपश्चात् विशेष अदालतमा दायर गरिएका मुद्दाहरू र आयोगबाट गरिएका अध्ययन, अनुसन्धान तथा विश्लेषणबाट सार्वजनिक क्षेत्रमा भ्रष्टाचारजन्य प्रवृत्ति दोहोरिइरहेको देखिएको छ । अर्कोतर्फ भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्ने सन्दर्भमा समय समयमा आयोगको तर्फबाट नेपाल सरकार र विभिन्न सार्वजनिक निकायहरूलाई दिइएका सुझावहरूको कार्यान्वयनसमेत प्रभावकारी हुन सकेको देखिँदैन । उल्लिखित भ्रष्टाचारजन्य प्रवृत्तिहरूको विश्लेषणसमेतका आधारमा राज्यका सबै अंगहरू सम्बन्धित नियामक निकाय, पदाधिकारी, कर्मचारी, सञ्चार जगत, नागरिक समाज, आम नागरिक तथा अन्य सरोकारवाला व्यक्ति र निकायसमेतबाट मुलुकमा सुशासन कायम गर्नका लागि प्रभावकारी समन्वय, सहकार्य, साथ र समर्थन हुन आवश्यक देखिन्छ ।

परिच्छेद- ४
भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू

४.१ पृष्ठभूमि

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि आयोगले पाँचवर्षे (आ.व.२०७६।७७-२०८०।८१) संस्थागत रणनीतिहरू अन्तर्गत उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकास रणनीति अवलम्बन गर्दै आइरहेको छ। आयोगले विभिन्न अध्ययन अनुसन्धानमार्फत भ्रष्टाचार हुन सक्ने सम्भाव्य जोखिमका क्षेत्रहरूको पहिचान गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्य गर्दै आइरहेको छ।भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धन गर्न आयोगले निरोधात्मक रणनीतिमार्फत विभिन्न सार्वजनिक निकायलाई सुझावहरू सम्प्रेषण गर्ने, कारबाहीका लागि लेखी पठाउने, समन्वय बैठक, संसदीय समितिमा छलफल तथा अन्तर्क्रियाहरू गर्ने, भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन गर्ने जस्ता निरोधात्मक कार्यहरू गर्ने गरेको छ।

प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत भ्रष्टाचारविरुद्ध सामुदायिक सचेतना अभिवृद्धि गर्ने, सञ्चार माध्यमसँग भेटघाट तथा प्रेस विज्ञप्ति जारी गर्ने, सरोकारवाला निकायहरूबिच असल सञ्चार र अनुभव साटासाटमा सहकार्य एवं सहयोग आदानप्रदान गर्ने कार्यलाई आयोगले निरन्तरता दिएको छ। आयोगले भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनको क्षेत्रमा विभिन्न किसिमका तालिम प्रदान गर्ने, गोष्ठी तथा अन्तर्किया कार्यक्रमहरू सञ्चालन गर्ने, भ्रष्टाचारविरुद्ध बहस पैरवी गर्ने, रेडियो टेलिभिजन तथा एफ.एम. र पत्रपत्रिका तथा अनलाइन मिडियामा सन्देशमूलक सूचनाहरू एवं श्रव्य-दृष्य सामग्रीहरू प्रकाशन तथा प्रसारण गर्ने जस्ता कार्यहरू समेत गर्दै आइरहेको छ।

भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनका लागि दिइने सामुदायिक शिक्षा कार्यक्रमले विद्यार्थी, शिक्षक, अभिभावक, पदाधिकारीलगायतलाई सभ्य समाज निर्माणमा सामुदायको महत्वबारे सु-सूचित गर्दै आइरहेको छ भने भ्रष्टाचार नियन्त्रणमा आयोगले गर्दै आएको निरोधात्मक र प्रचारात्मक कार्यक्रमहरू बारे जानकारी प्रदान गरेको छ। भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धन गर्ने कार्य आयोगको एक महत्त्वपूर्ण कार्य भए पनि भ्रष्टाचारको स्वरूप र यसको प्रवृत्ति समयको क्रमसँगै बदलिँदै गएको सन्दर्भमा यसको नियन्त्रण चुनौतीपूर्ण देखिएकाले सबै सरकारी तथा गैरसरकारी निकाय एवं नागरिक समाजको समन्वयात्मक प्रयास हुन आवश्यक देखिएको छ।

४.२. निरोधात्मक कार्यक्रम

४.२.१. भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी सुझाव सम्प्रेषण

आयोगले नेपाल सरकारलाई भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनका लागि मौजुदा अवस्थाको समीक्षा, मूल्यांकन र कार्यानुभवबाट आगामी दिशा र रणनीति तय गर्नका लागि विभिन्न समयमा विविध सुझावहरू दिँदै आइरहेको छ। आयोगले नेपाल सरकारलाई सुझाव दिने सन्दर्भमा आयोगमा दर्ता हुने उजुरीका विषय, आयोगको अनुसन्धान, अभियोजन र तहकिकातको क्षेत्रगत अनुभव, अन्य निकायको कार्यक्रम, शोध तथा प्रकाशनसम्बद्ध निकायहरूको आयोगसँग हुने अन्तरक्रिया तथा विभिन्न

समयमा आयोगले आयोजना गर्ने छलफल, समीक्षा तथा अन्तरक्रिया कार्यक्रमहरू समेतको अनुभवबाट यस्ता विविध क्षेत्रगत समस्याहरूको पहिचान गरी समाधानका लागि सुझावहरू दिँदै आइरहेको छ। यसरी आयोगबाट दिइएका सुझावहरू यथोचित समयमै कार्यान्वयन गरेमात्र पनि भ्रष्टाचार नियन्त्रण गरी सुशासन संस्कृति अभिवृद्धि गर्न सकिन्छ ।

४.२.२ समन्वय बैठक, छलफल तथा अन्तर्क्रिया

(क) संसदीय समितिबाट अनुगमन, छलफल तथा अन्तरक्रिया

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नेपाल सरकार, संघीय संसदका विभिन्न समितिहरूमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी छलफल कार्यक्रमहरू आयोजना हुँदै आएका छन् । आयोगले सम्पादन गरेका काम, अंगीकार गरेको रणनीति तथा हासिल गरेको प्रगतिका आधारमा आयोगका चुनौतीहरू तथा भावी कार्यदिशाका सम्बन्धमा समेत बैठकमा छलफल हुने गरेको एवं संसदीय समितिहरूको बैठकमा आयोगले आफ्नो क्रियाकलापको प्रस्तुतीकरण र छलफलसमेत गर्ने गरेको छ।

यसै क्रममा २०८० असार १ गते प्रतिनिधि सभाअन्तर्गत दिगो विकास तथा सुशासन समितिसँग भएको बैठकमा आयोगसम्बन्धी संसद्मा विचाराधीन अवस्थामा रहेको विधेयक अगाडि बढाउने विषयमा छलफल भएको थियो भने आयोगबाट भएका कामकारबाही समेटिएको प्रगति विवरण आयोगको तर्फबाट प्रस्तुत भएको थियो ।

त्यसैगरी २०८० असार ३ गते राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार समिति र आयोगका सबै पदाधिकारीहरूबिच आयोगबाट भएको कामकारबाही, प्रमुख सवाल तथा समस्या, आयोगका सिफारिस कार्यान्वयनको अवस्था, भावी कार्य योजना, समितिसँग आयोगको अपेक्षा तथा सहकार्यका क्षेत्रका सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

यस्ता छलफल कार्यक्रमहरूमार्फत नेपाल सरकारले लिएको विकाससम्बन्धी लक्ष्य पूरा गर्ने विषयमा भ्रष्टाचार हुन नदिई सदाचार संस्कृति आत्मसात गर्दै सुशासन प्रवर्द्धन गर्न सम्बन्धित सबै सरोकारवाला निकायको साथ, सहयोग र समन्वयका लागि आयोगको आग्रह रहेको छ।

(ख) समन्वय बैठक तथा छलफल

- आयोगले वन तथा भू-संरक्षण विभाग, खानी तथा भू-गर्भ विभागबिच तत् तत् निकायहरूसँग सम्बन्धित उजुरीको विषयमा नेपालमा सञ्चालित क्रसर उद्योगहरूको नियमन र राजस्वमा दुवै निकायबाट दाबी गरी आएको र क्रसर उद्योग र खानी उद्योगलाई खानी र वन दुवै क्षेत्रमा नराखी वन क्षेत्रमा नियमन गर्नुपर्ने वा नपर्ने सम्बन्धमा छलफल भएको छ।
- आयोगद्वारा राष्ट्रिय सतर्कता केन्द्रले समयमै सम्पत्ति विवरण बुझाएको नबुझाएकोसम्बन्धी प्रतिवेदन पेस गरेकोमा धन्यवाद दिँदै प्रतिवेदनमा उल्लिखित विवरणअनुसार समयमा सम्पत्ति विवरण पेस नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिबाट कानुनबमोजिम असुल उपर गर्ने कार्य कार्यान्वयन गर्ने जानकारी केन्द्रलाई गराइएको थियो। सम्पत्ति विवरणको वास्तविक तथ्यांक लिने कार्य चुनौतीपूर्ण रहेकाले विवरण संकलनका लागि राष्ट्रिय सतर्कता केन्द्रले राष्ट्रिय किताबखानासँग समन्वय गरेर सम्पत्ति विवरण संकलन गर्न विद्युतीय रूपमा सञ्चालीकरण र एकीकरण गर्ने सफ्टवेरको व्यवस्था गर्नुपर्ने, राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक निकायहरूमा अनुगमन बढाउनुपर्ने, प्राविधिक परीक्षणबाट देखिएको कैफियतमा सुधार भए/नभएको अनुगमन गर्ने र अनुगमन गर्दा कैफियत देखिएकोमा नसच्चाइएको

पाइएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुसन्धानका लागि लेखी पठाउने, एवं सम्पत्ति विवरण भर्नका लागि प्रवर्द्धनात्मक कार्य गर्नुपर्ने कुरामा जोड दिइएको थियो।

- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, सूचना तथा प्रसारण विभागका महानिर्देशक सहितको टोलीसँग उक्त मन्त्रालयसँग सम्बन्धित उजुरीको सम्बन्धमा छलफल भएको छ ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल टेलिभिजन, नेपाल टेलिकम, निजामती अस्पताल लगायतका संस्थाहरूसँग तत्तत् निकायसँग सम्बन्धित उजुरीको विषय र सम्बन्धित निकायसँग माग गर्ने आवश्यकीय कागजातहरू पठाउने सन्दर्भमा बिलम्व हुने गरी पठाइने विषयमा विभिन्न समयमा छलफल र अन्तर्क्रिया सम्पन्न भएको छ।
- ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, विद्युत विकास विभाग लगायतका ऊर्जा क्षेत्रका सरोकारवाला पदाधिकारीहरूसँग ऊर्जा क्षेत्रका विविध विषयमा छलफल गरिएको छ ।
- भेरी बबई बहुउद्देश्यीय डाइभर्सन, मानखोला आयोजनाको विषयमा ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (जलस्रोत तथा सिंचाइ), जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक र सम्बन्धित आयोजनाका निर्देशकसँग छलफल गरिएको छ ।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव, भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशक, नापी विभागका महानिर्देशक, काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक जिल्लाका भूमिसुधार तथा मालपोत कार्यालयहरू र नापी कार्यालयका कार्यालय प्रमुखहरूसँग जग्गाहरूको दोहोरो लगत कट्टा, सुरु नापीका बखत फिल्डबुकमा सरकारी/सार्वजनिक जनिएका जग्गाहरू पछि विभिन्न मितिमा व्यक्ति विशेषको नाममा स्रेस्ता कायम भएको, खोला (धोबीखोला, हनुमन्ते, बागमती, विष्णुमती) किनारका जग्गाहरू हालसाबिक गर्दा व्यक्ति विशेषको नाममा दर्ता भएको, रावल आयोगले सार्वजनिक जग्गा भनी प्रमाण जुटाएका जग्गाहरू साबिकबमोजिम सरकारको नाममा नै कानुनबमोजिम कायम गराउने, मालपोत तथा नापी कार्यालयसँग सम्बन्धित सरकारी कागजातहरूमा सम्बन्धित कर्मचारीको नाम, थर, पद, मिति, दस्तखतजस्ता विषयहरू स्पष्ट लेख्ने, मिसिल र कागजातहरूको बुझबुझारथको व्यवस्था र हदबन्दीभन्दा बढीको जग्गाको विषयमा छलफल भएको छ।
- भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक, निर्देशक, काठमाडौं उपत्यकाका मालपोत कार्यालयका प्रमुखहरूसँग आयोगमा उजुरी परेका शंकित व्यक्तिहरूको जग्गाको लिखत, लालपुर्जालगायतका सरकारी कागजातहरू आयोगले शीघ्र रूपमा प्राप्त गर्ने विषय र जग्गाको किनबेच/खरिदबिक्री र यथार्थ मूल्यको थैली राख्ने विषयमा छलफल भएको छ।
- यातायात व्यवस्था विभागका निमित्त महानिर्देशक तथा उपत्यकास्थित यातायात व्यवस्था कार्यालयका प्रमुखहरूसँग आयोगबाट माग भएका विवरणहरू कसरी छिटो प्राप्त गर्न सकिन्छ भन्ने विषय र व्यक्तिको नामबाट सरकारी साधनको खोजी कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल तथा अन्तर्क्रिया भएको छ।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत यातायात व्यवस्था विभागका महानिर्देशक, श्रम, रोजगार तथा यातायात मन्त्रालय, बाग्मती प्रदेशका सचिवसँग उक्त मन्त्रालय र

निकायसम्बद्ध उजुरीको प्रकृति, विद्यमान समस्या र समाधानका उपायहरूको सम्बन्धमा समय-समयमा छलफल गरिएको छ ।

- आयोगमा उजुरीको रूपमा दर्ता हुने जनगुनासा सम्बोधन गर्ने सन्दर्भमा मिति २०७९ साल साउन २४, २५ र २९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सचिव र विभागीय प्रमुखहरूका बिच अन्तर्क्रिया कार्यक्रम भएको र सो कार्यक्रममा सम्बन्धित मन्त्रालयहरू र विभागहरूबाट भइरहेको सेवा प्रवाहको अवस्था, समस्या तथा चुनौतीहरू एवं समाधानका उपायहरूको विषयमा छलफल भएको छ । आयोगले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि रचनात्मक प्रयासका लागि उक्त अन्तरक्रिया कार्यक्रममार्फत २८ बुँदे सुझाव दिएको थियो । आयोगले यस्तै प्रकृतिका प्रवर्द्धनात्मक र निरोधात्मक कार्यमा सहयोग पुग्ने गरी विभिन्न मन्त्रालय, प्रदेश वा निकायगत रूपमा समय समयमा गरिएका समन्वयात्मक एवं अन्तर्क्रियात्मक बैठकहरूमार्फत तत् तत् निकायमा भ्रष्टाचार नियन्त्रणका लागि सजगता वा पूर्वसावधानी अपनाउन सुझावहरू प्रदान गरिएको तथा यसबाट अपेक्षित र परिणाममुखी सार्वजनिक सेवा प्रवाह र भ्रष्टाचाररहित विकास निर्माण भई अपेक्षित नतिजा हासिल हुने विश्वास गरिएको छ ।

(ग) अनुगमन बैठक

आयोगबाट समय समयमा भएका छलफल, अन्तरक्रिया, कार्यक्रम तथा बहसमार्फत संविधानतः निर्दिष्ट जिम्मेवारी पूरा गर्ने सन्दर्भमा विभिन्न निकायहरूलाई दिएका सुझावहरू तथा आयोगमा परेका उजुरीको सत्यतथ्य छानबिनका क्रममा आयोगका निर्णयहरू कार्यान्वयनको सन्दर्भमा आयोगले सम्बद्ध निकाय, क्षेत्र तथा व्यक्तिहरूसँग सो सम्बन्धमा विभिन्न चरणमा विभिन्न तरिकाले अनुगमनसमेत गर्ने गरेको छ। आयोगद्वारा सञ्चार तथा सूचना प्रविधि एवं पत्राचारको माध्यमद्वारा सरोकारवाला निकाय र व्यक्तिसँग सम्बन्धित विषयहरूको अवस्थाको प्रगति र जानकारी लिने कार्य भएका छन् ।

४.२.३ भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाको गठन

सदाचार संस्कृतिमा जनसहभागिता बढाई वाञ्छित लक्ष्य हासिल गर्न र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न जनस्तरबाटै भ्रष्टाचारविरोधी अभियानको थालनी गर्ने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७५/१०/११ मा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थासम्बन्धी अवधारणापत्र स्वीकृत भई आर्थिक वर्ष ०७५/७६ मा परीक्षणको रूपमा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन गरी भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनको क्षेत्रमा जनताको तहसम्म सहकार्य प्रारम्भ गर्ने कार्यको थालनी भएको थियो।

भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्थालाई प्रदान गरिने रकममा एकरूपता, सरलता, पारदर्शिता र प्रभावकारिता कायम गर्न आवश्यक भएकाले आयोगले भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थालाई प्रदान गरिने रकमसम्बन्धी मापदण्ड, २०७९ आयोगको मिति २०७९/१०/१५ को निर्णयले संशोधन भई कार्यान्वनमा आएको छ।

भ्रष्टाचारविरुद्धका निगरानी संस्थाहरू प्रभावकारिताको आधारमा तथा स्थानीय नागरिक समाजको सक्रियतामा गठन गर्ने अवधारणा अगाडि बढाइएकोमा उक्त अवधारणाबमोजिम हालसम्म कैलाली, कञ्चनपुर, बैतडी, सुर्खेत, दैलेख, रुकुम-पश्चिम, रुपन्देही, गुल्मी, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), कास्की, पर्वत, स्याङ्जा, बाग्लुङ, चितवन,

मकवानपुर, धादिङ, रौतहट, सुनसरी, मोरङ र इलाम गरी कुल २१ वटा जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाहरू गठन भएका छन्। नागरिक निगरानी संस्थाहरूमार्फत विभिन्न जनचेतनामूलक कार्यक्रम र बहस/पैरवी जस्ता कार्यहरूमार्फत भ्रष्टाचारविरुद्ध सामाजिक जागरण उजागर हुने अपेक्षा आयोगले लिएको छ।

आयोगसँग सम्बद्ध नागरिक निगरानी संस्थाको संख्या र जिल्लाहरू

क्र. सं.	आयोगका कार्यालयहरू	जिल्लाको नामावली	**संख्या**	कैफियत
१	इटहरी	सुनसरी, मोरङ र इलाम ।	३	
२	हेटौंडा	धादिङ, चितवन, मकवानपुर र रौतहट ।	४	
३	पोखरा	कास्की, पर्वत, स्याङ्जा र बाग्लुङ ।	४	
४	बुटबल	रुपन्देही, गुल्मी, कपिलवस्तु र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ।	४	
५	सुर्खेत	सुर्खेत, दैलेख र रुकुम-पश्चिम ।	३	
६	कंचनपुर	कैलाली, कंचनपुर र बैतडी ।	३	कैलाली र बैतडी जिल्लामा तदर्थ समिति मात्र गठन भएको।
		जम्मा	**२१**	

४.३ प्रवर्द्धनात्मक कार्यक्रम

४.३.१ समुदायिक शिक्षा कार्यक्रम

आयोगले आर्थिक वर्ष ०६४/६५ देखि नै सामुदायिक शिक्षा कार्यक्रममार्फत भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउने कार्यलाई निरन्तरता दिंदै आएको छ। विद्यालयस्तरमा अध्ययन गर्ने विद्यार्थी एवं शिक्षकलाई लक्षित गर्दै आयोग मातहतका कार्यालयहरूबाट यो कार्यक्रम सञ्चालन हुँदै आएको छ। विद्यार्थीहरू भविष्यमा सबै क्षेत्रमा नेतृत्व गर्ने ठाउँमा पुग्न सक्ने हुनाले त्यस्ता वर्गलाई भ्रष्टाचारविरुद्ध उभ्याउन सकियो भने वर्तमानमा मात्र नभई भोलि गएर सदाचारी र भ्रष्टाचारविरोधी नागरिक र नेतृत्व निर्माण गर्न सहज हुने कुरामा विश्वस्त भएर नै यस प्रकारका कार्यक्रमहरूलाई भ्रष्टाचारविरुद्धको रणनीतिको रूपमा आयोगले अवलम्बन गरेको हो । व्यक्तिमा सदाचारिता, इमान्दारिता, कर्तव्यनिष्ठता, मूल्यमान्यता तथा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्नु नै यस कार्यक्रमको मुख्य उद्देश्य हो। आर्थिक वर्ष २०७९/८० मा सञ्चालन गरिएका कार्यक्रमहरूको विवरण देहायबमोजिम रहेको छः-

तालिका ४.१

आर्थिक वर्ष २०७९/८० मा सञ्चालित सामुदायिक शिक्षा कार्यक्रमसम्बन्धी विवरण

क्र.सं.	कार्यालय	सञ्चालन स्थान	कार्यक्रम संख्या	सहभागी संख्या
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी	पाँचथर, तेह्रथुम, सुनसरी, सप्तरी, मोरङ, झापा, संखुवासभा, धनकुटा।	१२	१,३३८
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास	महोत्तरी, रामेछाप ।	३	३४५

३.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	मकवानपुर, बारा, पर्सा, रौतहट र चितवन ।	६	५७५
४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	पर्वत, मुस्ताङ र कास्की ।	३	२७६
५.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटबल	प्युठान, पाल्पा, कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, नवलपरासी (ब.सु.पूर्व), नवलपरासी (ब.सु.प.) ।	७	६८९
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, नेपालगञ्ज	बाँके ।	१	८३
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	सुर्खेत, रुकुम पश्चिम, रुकुम पूर्व, डोल्पा र कालिकोट ।	२५	१,९६०
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर	कञ्चनपुर, बझाङ, अछाम, डोटी, कैलाली र बैतडी ।	९	७९६
	जम्मा		**६६**	**६,०६२**

तालिका ४.२

विगत पाँच (५) वर्षमा सञ्चालन भएका समुदायिक शिक्षा कार्यक्रमहरूको विवरण

क्र.सं.	आ.व.	कार्यक्रम संख्या	सहभागी संख्या
१.	२०७५।७६ सम्म	५५६	६९,६६७
२.	२०७६।७७	३२	२,९७६
३.	२०७७।७८	२५	२,१७०
४.	२०७८।७९	४१	४,२६०
५.	२०७९।८०	६६	६,०६२
	जम्मा	**७२०**	**८५,१३५**

४.३.२ अन्तर्क्रिया कार्यक्रम

आयोग र मातहतका आठ वटा कार्यालयहरूले आ-आफ्नो क्षेत्रमा रहेका स्थानीय तहहरूमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धन विषयमा विभिन्न अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। यस्ता कार्यक्रमहरूमा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, जिल्लास्तरका सरकारी कार्यालय तथा संस्थानका कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज, उपभोक्ता समितिका पदाधिकारी, पत्रकारलगायतको सहभागिता हुने गरेको छ।

अन्तरक्रिया कार्यक्रमको उद्देश्य स्थानीय तहबाट प्रवाह हुने सेवासुविधाहरू गुणस्तरीय र सुलभ तवरमा जनताले पाउनुपर्ने, विकास निर्माणको काममा स्थानीय जनताको सहभागितालाई बढावा दिनुपर्ने, स्थानीय तहमा रहेको भ्रष्टाचार र अनियमितताको अवस्था बुझ्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्दै सुशासन प्रवर्द्धन गर्ने र जनतालाई भ्रष्टाचारविरुद्ध आफैं सक्रिय भएर आयोगको कामकारबाहीमा सहयोग गर्ने भन्ने नै हो।

आर्थिक वर्ष २०७९/८० मा सञ्चालन भएका देहायबमोजिमका अन्तरक्रिया कार्यक्रमहरूमा आयोगका पदाधिकारीहरूको सहभागिता रहेको थियोः-

तालिका ४.३

आयोगका पदाधिकारी सहभागी अन्तरक्रिया तथा अनुगमन कार्यक्रमको विवरण

क्र.सं.	स्थान	मिति	आयोगबाट सहभागी पदाधिकारी
१.	हेटौंडा	२०७९।०५।२९ देखि २०७९।०६।०२	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
२.	बुटवल	२०७९।०६।२७	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
३.	कैलाली	२०७९।०९।१२ देखि १५ सम्म	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
४.	दार्चुला	२०७९।०९।१६	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
५.	बैतडी	२०७९।०९।१७	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
६.	बाँके	२०७९।०९।१८	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
७.	कास्की	२०७९।११।२२	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
८.	महोत्तरी	२०८०।०२।०३	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
९.	कैलाली	२०८०।०२।१४	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
१०.	इटहरी	२०८०।०३।१५	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
११.	कास्की	२०८०।०३।२७	माननीय आयुक्त श्री किशोर कुमार सिलवाल
१२.	कैलाली	२०७९।०७।०४	माननीय आयुक्त श्री जय बहादुर चन्द
१३.	भोजपुर	२०७९।०९।१४	माननीय आयुक्त श्री जय बहादुर चन्द
१४.	इटहरी	२०७९।०९।१५	माननीय आयुक्त श्री जय बहादुर चन्द
१५.	मकवानपुर	२०७९।१०।१५	माननीय आयुक्त श्री जय बहादुर चन्द
१६.	नुवाकोट	२०७९।१०।१८	माननीय आयुक्त श्री जय बहादुर चन्द
१७.	रसुवा	२०७९।१०।१९	माननीय आयुक्त श्री जय बहादुर चन्द
१८.	कास्की	२०७९।११।२५ देखि २८ सम्म	माननीय आयुक्त श्री जय बहादुर चन्द
१९.	रुपन्देही	२०८०।०१।२५ देखि ३० सम्म	माननीय आयुक्त श्री जय बहादुर चन्द
२०.	कञ्चनपुर	२०८०।०२।३०	माननीय आयुक्त श्री जय बहादुर चन्द
२१.	कास्की	२०८०।०३।२४ देखि २६ सम्म	माननीय आयुक्त श्री जय बहादुर चन्द
२२.	महोत्तरी	२०८०।०३।२७	माननीय आयुक्त श्री जय बहादुर चन्द
२३.	बुटवल	२०७९।१०।३ देखि ६ सम्म	माननीय आयुक्त डा. हरि पौडेल
२४.	प्युठान	२०७९।१०।०५	माननीय आयुक्त डा. हरि पौडेल
२५.	महोत्तरी	२०७९।११।१३ देखि १५ सम्म	माननीय आयुक्त डा. हरि पौडेल
२६.	इटहरी	२०७९।१२।१०	माननीय आयुक्त डा. हरि पौडेल
२७.	सुर्खेत, बाँके	२०८०।०३।१५ र १६ गते	माननीय आयुक्त डा. हरि पौडेल
२८.	कञ्चनपुर	२०८०।०३।२५	माननीय आयुक्त डा. हरि पौडेल
२९.	पोखरा	२०७९।०५।१७	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य
३०.	इटहरी	२०७९।०६।२८	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य
३१.	रामेछाप	२०७९।०९।१२	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य
३२.	सर्लाही	२०७९।०९।१३	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य
३३.	सुर्खेत	२०७९।११।१६ देखि १७ सम्म	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य
३४.	कैलाली	२०७९।१२।२८	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य

३५.	कास्की	२०८०।०१।२५	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य
३६.	मकवानपुर	२०८०।०२।१७ देखि १९ सम्म	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य
३७.	रुपन्देही	२०८०।०३।२० देखि २४ सम्म	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य

आयोग मातहतका कार्यालयहरूले सञ्चालन गरेका अन्तर्क्रिया कार्यक्रमहरूको विवरण

तालिका ४.४

आ.व. २०७९/८० मा सञ्चालित अन्तरक्रिया कार्यक्रमको विवरण

क्र.सं.	कार्यालय	सञ्चालन भएका जिल्ला	कार्यक्रम संख्या	सहभागी संख्या
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी	झापा, सप्तरी, सुनसरी, मोरङ, धनकुटा, इलाम र संखुवासभा ।	१२	१०५२
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास	सिराहा, धनुषा र महोत्तरी ।	६	६५८
३.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	मकवानपुर, पर्सा, चितवन, रौतहट, नुवाकोट र रसुवा ।	७	५८०
४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	कास्की र तनहुँ ।	७	७९३
५.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल	रुपन्देही, पाल्पा, नवलपरासी (ब.सू.प.),कपिलवस्तु र नवलपरासी (ब.सू.पू.) ।	२६	२१३७
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, नेपालगञ्ज	बाँके, बर्दिया, दाङ र रोल्पा ।	८	७११
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	सुर्खेत, जुम्ला, कालिकोट, डोल्पा र दैलेख ।	७	३८२
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर	कैलाली, अछाम, डडेलधुरा, बझाङ, कञ्चनपुर, बैतडी दार्चुला, डोटी र बाजुरा ।	३७	३,५८९
	जम्मा	**जिल्ला ४१**	**११०**	**९,९०२**

तालिका ४.५

विगत पाँच (५) वर्षदेखि सञ्चालित अन्तर्क्रिया कार्यक्रमको विवरण

क्र.सं.	आ.व.	कार्यक्रम संख्या	**सहभागी संख्या**
१.	२०७५।७६ सम्म	४४१	४१,८५२
२.	२०७६।७७ सम्म	४१	५,५२७
३.	२०७७।७८ सम्म	४३	२,९३४
४.	२०७८।७९ सम्म	४६	४,६०१
५.	२०७९।८० सम्म	११०	९,९०२
जम्मा		६८१	६४,८१६

४.३.३ सञ्चार माध्यममार्फत प्रवर्द्धनात्मक कार्य

भ्रष्टाचारविरुद्ध जनचेतना बढाउन आयोगले सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोग गर्नुका साथै सूचना तथा जानकारीमूलक विविध सामग्रीहरूको प्रकाशन तथा प्रसारणसमेत गर्दै आएको छ। आयोगले वेबपेज, इमेल, फेसबुक, टोलफ्री टेलिफोन, हट लाइन नं. १०७ मार्फत आयोगमा उजुरी दिन र आयोगका गतिविधिहरूको जानकारी प्राप्त गर्न सकिने व्यवस्था गरेको छ। भ्रष्टाचारविरुद्धका जानकरी एवं सूचनामूलक सामग्रीहरू, बुलेटिन, ब्रोसियर, स्मारिका, वार्षिक प्रतिवेदन र प्रेस विज्ञप्तिहरूमार्फत सरोकारवालाहरूलाई नियमित रूपमा सम्प्रेषण गर्ने गरिएको छ। आयोग र नेपाल टेलिभिजनसँगको सहकार्यमा आ.व. २०७५/७६ देखि नै सुशासन सवाल विषयक साप्ताहिक टेलिभिजन कार्यक्रम हरेक मंगलबार साँझ ७:२५ बजे र सोको भोलिपल्ट बिहान पुनः प्रसारण हुँदै आएको छ। आर्थिक वर्ष २०७९।८० को अवधिमा ५२ भाग प्रसारण भएको छ। नेपाल टेलिभिजनबाट "सुशासन सवाल कार्यक्रम" आयोग र नेपाल टेलिभिजनको सहकार्यमा प्रसारण हुने उक्त कार्यक्रमले भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाका सम्बन्धमा नागरिकको भूमिका र कर्तव्यका बारेमा जानकारी दिने गरेको छ। भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने सञ्चार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई समेत आयोगले पुरस्कृत र सम्मान गर्ने गरेको छ । साथै आयोगले भ्रष्टाचारविरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूलाई उल्लास र विशेष महत्वका साथ मनाउँदै आइरहेको छ। यस्ता कार्यक्रमहरू आयोगको फेसबुक पेज र युट्युब च्यानलबाट समेत प्रत्यक्ष प्रसारण हुँदै आएको छ। रेडियो, टेलिभिजनमार्फत सूचना/जिंगल प्रसारण, पत्रपत्रिकामार्फत सूचना प्रकाशन, सेवाग्राहीको बढी चाप हुने कार्यालयहरूमा उजुरी गर्ने विवरणसहितको फ्लेक्स ब्यानर राख्ने र भ्रष्टाचार निवारणसम्बन्धी होर्डिङ बोर्डहरू राख्ने कार्यहरू नियमित रूपमा हुँदै आएका छन्।

४.३.४ वार्षिक प्रतिवेदन पेस

यस आयोगको बत्तिसौं वार्षिक प्रतिवेदन (आ.व. २०७८/०७९) सम्माननीय राष्ट्रपतिसमक्ष बुझाउने कार्यक्रम मिति २०७९/०६/०५ गते माननीय प्रमुख आयुक्त, माननीय आयुक्तहरू, आयोगका सचिव, महाशाखा प्रमुखहरू र कर्मचारीहरू समेतको सहभागितामा सम्पन्न भएको छ ।

४.३.५ पत्रकार भेटघाट कार्यक्रम

आयोगको बत्तिसौं वार्षिक प्रतिवेदन मिति २०७९/०६/०५ गते सम्माननीय राष्ट्रपतिसमक्ष बुझाइसकेपछि सोही दिन उक्त प्रतिवेदनबमोजिम आयोगले वर्षभरिमा गरेका कार्यहरूका बारेमा विभिन्न सञ्चारकर्मीहरू समेतको उपस्थितिमा प्रवक्ता-पत्रकार भेटघाट कार्यक्रम आयोगको सभाहलमा सम्पन्न भएको छ । यसका अतिरिक्त आवश्यकताअनुसार पत्रकार भेटघाट हुँदै आएको छ ।

४.३.६ सार्वजनिक नियामक निकायहरूसँगको अन्तरक्रिया कार्यक्रम

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा सार्वजनिक नियामक निकायहरूसँगको अन्तरक्रिया कार्यक्रममा नियामक निकायहरूको प्रभावकारिता र सुदृढीकरण, आपसी समन्वय र सहकार्य तथा अनुसन्धानसम्बन्धी ज्ञान, सीप नवीन कार्य शैलीको विवेचना विषयक १ कार्य दिने अन्तरक्रिया कार्यक्रम मिति २०७९/०५/१५ गते सम्पन्न भयो।

४.३.७ भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस कार्यक्रम

'UNCAC at 20: Uniting the World Against Corruption' भन्ने आदर्श पदावली साथ भ्रष्टाचारविरुद्धको २० औं अन्तर्राष्ट्रिय दिवस- *डिसेम्बर ९*, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका

माननीय प्रमुख आयुक्त प्रेम कुमार राईको अध्यक्षतामा मिति २०७९/०८/२३ गते आयोगको सभाहलमा सम्पन्न भएको छ ।

४.३.८ आयोग मातहतका कार्यालयहरू बिच अन्तर-कार्यालय अवलोकन भ्रमण कार्यक्रम

आयोग मातहतका कार्यालयहरू बिच अन्तर-कार्यालय अवलोकन भ्रमण कार्यक्रम आयोगको कार्यालय कञ्चनपुरको आयोजकत्वमा मिति २०७९/०९/२० र २१ गते सम्पन्न भयो। आयोग मातहतका ८ वटा कार्यालयहरूबाट सम्पादन हुने प्रशासनिक तथा अनुसन्धानात्मक कार्यमा एकरूपता कायम गरी अनुसन्धान प्रक्रियालाई वस्तुपरक र विश्वसनीय बनाउने, कार्यालय-कार्यालयबिचको प्रशासनिक काम कारबाही र तौरतरिकाका बारेमा जानकारी आदान-प्रदान गर्ने, उजुरीको छानबिन र अनुसन्धान प्रक्रियामा लाग्ने गरेको समयका सम्बन्धमा अनुभव आदान-प्रदान गर्ने, कर्मचारी व्यवस्थापन, तथ्यांक व्यवस्थापन, जिन्सी व्यवस्थापन, ल्याब व्यवस्थापन, वार्षिक कार्यक्रम कार्यान्वयनलगायत समग्र कार्यालय व्यवस्थापनको विषयमा के कसरी काम भइरहेको छ, सो सम्बन्धी अनुभव आदानप्रदान गर्ने, अन्तर-कार्यालय कार्यगत सम्बन्ध र समन्वयलाई प्रभावकारी बनाउने, कार्यालयमा पर्ने उजुरीको प्रकृति र प्रवृत्तिबारे विश्लेषण गर्ने, कार्यालयले अवलम्बन गरेका असल अभ्यासका बारे जानकारी आदान-प्रदान गर्ने लगायतका सम्बन्धमा छलफल भएको थियो।

४.३.९ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२औं स्थापना दिवस मिति २०७९।१०।२८ गते एक भव्य कार्यक्रमका साथ सम्पन्न भयो। सो अवसरमा आयोग र मातहतमा कार्यरत कर्मचारीलाई आयोगद्वारा उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार, उत्कृष्ट अख्तियार सेवा पुरस्कार, अख्तियार सेवा पुरस्कार र अख्तियार पुरस्कार गरी चार विधामा पुरस्कार समेत प्रदान गरियो । उक्त दिवसको अवसरमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने समाचार तथा लेख रचनालाई समेत पुरस्कृत गरिएको छ। त्यसै गरी आयोग दिवसको अवसरमा खुला राष्ट्रव्यापी कविता लेखन प्रतियोगिता, विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिता, सन्देशमूलक नारा लेखन प्रतियोगिता, राष्ट्रिय गीत प्रतियोगितालगायत आन्तरिकतर्फ खेलकुद प्रतियोगितासमेत सम्पन्न भएको थियो । आयोगका पदाधिकारी र कर्मचारीबाट आयोग दिवसको अवसरमा रक्तदान कार्यक्रमसमेत सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सर्वोच्च अदालतका का.मु. प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्षलगायत संवैधानिक निकायका प्रमुखहरू, आयोगका आयुक्तहरू, नेपाल राष्ट्र बैंकका गभर्नर, नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरू, सुरक्षा निकायका प्रमुखहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू र सञ्चारकर्मीहरू लगायतको उपस्थिति रहेको थियो।

परिच्छेद- ५
सुझावहरू

५.१ पृष्ठभूमि

आफ्नो संवैधानिक जिम्मेवारी तथा प्रचलित बिभिन्न कानुनबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक निकायहरूको कार्यसम्पादनमा सुधार गर्न र सम्भावित अनियमितता र भ्रष्टाचारको निरोध गर्ने उद्देश्यका लागि हरेक वर्षको वार्षिक प्रतिवेदनमार्फत सुझाव प्रदान गर्दै आइरहेको छ। आयोगद्वारा आफ्नो वार्षिक प्रतिवेदनमार्फत दिइएका सुझावहरूको कार्यान्वयन अवस्था विश्लेषण गर्दा केही पूर्णरूपमा कार्यान्वयन भएका, केही सुझाव आंशिक कार्यान्वयन भएका तथा केही सुझावहरू कार्यान्वयन नभएको सम्बन्धित निकायबाट प्राप्त प्रतिक्रिया र आयोगको अध्ययनबाट देखिन्छ। आयोगले दिएका सुझावहरूलाई सम्बन्धित सबै निकायले गम्भीररूपमा लिई सुझाव कार्यान्वयनमा सहकार्य गर्न सकेमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न सकिन्छ।

५.२ विगतका सुझाव कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०७८/७९ को बत्तिसौं वार्षिक प्रतिवेदनमार्फत आयोगबाट सबै सार्वजनिक निकायहरूका लागि नीति तथा कानुन शीर्षकअन्तर्गत भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, सार्वजनिक सेवा प्रवाह, सुशासन, सदाचार प्रवर्द्धन र नैतिक आचरण, नीतिगत निर्णय, निर्वाचन प्रणाली, सार्वजनिक निकायको दायित्व, अनुदान वितरण, अनुचित कार्य, प्रदेश तथा स्थानीय तहको क्षमता विकास, सार्वजनिक खरिद व्यवस्थापन र आयोजना व्यवस्थापन उपशीर्षकमा वर्गीकरण गरिएको थियो । त्यसैगरी विषयगत सार्वजनिक निकायहरूमध्ये संघीय सरकारका २२ वटा मन्त्रालय, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै स्थानीय तहहरूलाई छुट्टाछुट्टै सुझावहरू दिइएको थियो । आयोगद्वारा प्रदान गरिएका उक्त सुझाव कार्यान्वयनको अवस्था माग गरी उल्लिखित सबै सार्वजनिक निकायहरूलाई पत्राचार भएकोमा सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव कार्यान्वयनसम्बन्धी विवरण यस खण्डमा प्रस्तुत गरिएको छ ।

यसरी प्राप्त विवरणअनुसार नेपाल सरकार, संघीय निकाय एवं कार्यालयहरू, प्रदेश सरकार र स्थानीय तहले सेवा प्रवाहमा सरलीकरण, कानुनको परिपालना, आधुनिक प्रविधिको प्रयोगमा जोड दिई कामकारबाहीमा क्रमशः सुधार गर्दै अगाडि बढेको देखिन्छ। सार्वजनिक निकायको दैनिक कार्यसम्पादनमा विद्युतीय प्रणालीले उचित स्थान पाएकोबाट सुशासनलाई प्रत्यक्ष टेवा पुगेको देखिन्छ। प्रदेश तथा स्थानीय तहले आफ्नो संस्थागत र संरचनागत सबलीकरणका लागि उल्लेख्य प्रयासहरू गरेको समेत देखिन्छ । आगामी दिनमा समेत उक्त प्रयासहरूलाई मूर्तरूप दिई अपेक्षित नतिजा अनुभूति गर्ने अवस्थासम्म पुऱ्याउन निरन्तर लागिरहनुपर्ने आवश्यकता देखिन्छ ।

तथापि केही निकायहरूले आयोगद्वारा प्रदान गरिएका सुझावलाई गम्भीरतापूर्वक नलिएको र आयोगलाई सुझाव कार्यान्वयनको विवरणसमेत उपलब्ध नगराएको देखिएकाले ती निकायहरू आयोगद्वारा दिइएका सुझाव कार्यान्वयनमा गम्भीर नरहेको भन्ने बुझ्न सकिन्छ । सुशासन कायम

गर्दै भ्रष्टाचार नियन्त्रण गर्न तथा सदाचार प्रवर्द्धन गर्न आयोगबाट प्रदान गरिएका सुझावहरू कार्यान्वयनमा सबै निकाय जिम्मेवार बन्नुपर्ने देखिन्छ ।

आयोगद्वारा आर्थिक वर्ष २०७८/७९ को ३२ औं वार्षिक प्रतिवेदनमार्फत प्रदान गरिएका सुझावहरूका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, केन्द्रीय निकाय एवं कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सबै प्रदेश सरकार र विभिन्न स्थानीय तहहरूबाट प्राप्त सुझाव कार्यान्वयनको अवस्थालाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

संघीय सरकार

सम्बन्धित निकाय	सुझावको संक्षिप्त व्यहोरा	सुझाव कार्यान्वयन अवस्थाको संक्षिप्त विवरण
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	• साक्षी र विशेषज्ञ, पीडित र सूचनादाताको सुरक्षा, भ्रष्टाचार नियन्त्रणमा संघ, प्रदेश र स्थानीय तहको भूमिका, भ्रष्टाचारका परिवर्तित स्वरूप र प्रवृत्तिको सम्बोधन, भ्रष्टाचार निवारणका राष्ट्रिय प्रयासहरू तथा अन्तर्राष्ट्रिय अभ्यासहरूको अवलम्बन। • निजी तथा गैरसरकारी क्षेत्रको भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउने, विद्यालयस्तरीय पाठ्यक्रममा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने र सूचना प्रविधि प्रणालीको उच्चतम प्रयोग।	• भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन सम्बन्धमा नेपालका लागि United Nation Office on Drug and Crime बाट दोस्रो स्व-मूल्यांकन प्रतिवेदनसमेत प्राप्त भएको सन्दर्भमा सोको कार्यान्वयनका लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०७९ को प्रारम्भिक मस्यौदा तयार भएको। उक्त प्रारम्भिक मस्यौदा उपर संघीय मन्त्रालय/विभाग/कार्यालय लगायत यस कार्यालयका महाशाखाहरूसँग राय/सुझाव माग गरिएको र प्राप्त हुन आएका राय/सुझाव बमोजिम उक्त मस्यौदा परिमार्जनसमेत गरी मस्यौदालाई अन्तिम रूप दिने कार्य भइरहेको।
	• कर्मचारीको पदस्थापन, सरुवा, थप जिम्मेवारी प्रदान जस्ता कार्य गर्दा स्पष्ट कानुन, मापदण्ड बनाई कार्यान्वयन गर्ने र सेवा सञ्चालन गर्ने मन्त्रालय/निकायलाई जिम्मेवार र उत्तरदायी बनाउने। • कानुनले तोकेबमोजिमभन्दा बढी समयसम्म कुनै पनि कर्मचारीलाई काज तथा कायम मुकायमको	• कर्मचारीको पदस्थापन, कार्य जिम्मेवारी थप जिम्मेवारी प्रदानजस्ता कार्य गर्दा प्रचलित कानुन बमोजिम गर्ने गरिएको। • कानुननले तोकेबमोजिम भन्दा बढी समयसम्म कुनै पनि कर्मचारीलाई काज तथा कायम मुकायमको जिम्मेवारी दिने कार्य नगरिएको। • नागरिक बडापत्रबमोजिम कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई सेवाग्राहीमैत्री भएको सुनिश्चित गरिएको। • जिन्सी निरीक्षण, लिलामी लगायतका कार्यहरू प्रचलित कानुनबमोजिम गर्ने गरिएको।

	जिम्मेवारी नदिने। साथै योग्यता पुगेको कर्मचारी हुँदाहुँदै कनिष्ठ कर्मचारीलाई कायम मुकायम नदिने। • सेवा प्रवाहलाई सेवाग्राहीमैत्री भएको सुनिश्चित गर्ने। • जिन्सी निरीक्षण, लिलामी, कागजात धुल्याउने जस्ता कार्यहरू कार्ययोजना बनाई नियमितरूपमा सम्पादन गर्ने।	
	• सम्पत्ति विवरण अनिवार्यरूपमा सार्वजनिक गर्ने र स्वायत्त एवं सक्षम निकायबाट परीक्षण गर्ने व्यवस्था । • सम्पत्ति विवरणलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण गर्न आवश्यक कानुनी, प्रविधिगत तथा संस्थागत प्रबन्ध मिलाउने। • मन्त्री, संवैधानिक निकायका पदाधिकारी, सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले सार्वजनिक कार्यसम्पादनको क्रममा गरेका महत्वपूर्ण निर्णयहरू नियमितरूपमा सार्वजनिक गरी पारदर्शिता कायम गर्ने।	• राजनीतिक नियुक्ति हुने पदहरूको नियुक्ति भएपश्चात सम्पत्ति विवरण प्राप्त गरी राष्ट्रिय सतर्कता केन्द्रको वेबसाइटमा प्रविष्टि गर्ने गरिएको।सो कार्यको राष्ट्रिय सतर्कता केन्द्रबाट समय समयमा परीक्षण हुने गरेको। • सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पत्ति अभिलेखीकरण तथा संरक्षण गर्ने गरिएको। • कार्यालय र अन्तर्गतका निकायहरूको सम्पूर्ण कर्मचारीको निजामती सेवा नियमावली २०५० मा तोकिएको समयावधिभित्र सम्पत्ति विवरण पेस गर्ने गरिएको। • कार्यालयमा हुने मन्त्रिपरिषद्को बैठक, मन्त्रिपरिषद् समिति बैठक तथा सचिव बैठकको निर्णयहरू तथा अन्तर्गतको निकायबाट कार्यसम्पादनको क्रममा गरेको महत्वपूर्ण निर्णयहरू नियमित रूपमा वेबसाइटमार्फत प्रकाशित गरी पारदर्शिता कायम गर्ने गरिएको।
	• तोकिएका पदाधिकारीले सम्पादन गर्न सक्ने सम्बन्धित कानुनमा स्पष्ट व्यवस्था हुँदाहुँदै सार्वजनिक खरिदलगायतका विषयमा माथिल्लो निकायबाट निर्णय गराउने प्रवृत्तिलाई अन्त्य गर्न नीतिगत निर्णयको स्पष्ट परिभाषा र सीमा निर्धारण गर्न कानुनी व्यवस्था मिलाउने।	• कानुनले दिएको अधिकार क्षेत्रको सीमाभित्र रहेर अख्तियारप्राप्त अधिकारीबाट निर्णय हुने गरेको।

	• संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकारका विषयमा स्थापित विधि, प्रक्रिया र मापदण्ड कायम गरी स्पष्टता, एकरूपता तथा कार्यान्वयन योग्यता सुनिश्चित हुने गरी कानुनको तर्जुमा र कार्यान्वयन गर्ने संयन्त्रको क्षमता विकास र सुदृढीकरण गर्नुपर्ने।	• मिति २०८०/०३/१६ मा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकले कार्य विस्तृतीकरण परिमार्जन, कानुन निर्माण अनुदान वितरण, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह एवं जग्गा प्राप्तिमा सहजता सम्बन्धमा निर्णय गरी उक्त निर्णयहरू कार्यान्वयनको चरणमा रहेको।
	• सार्वजनिक निकायबाट योजनाबद्ध र प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्ने र सोको कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।	• आयोजना, कार्यक्रम तथा सेवाप्रवाहसमेतको अनुगमनलाई प्रभावकारी बनाई नतिजामुखी कार्यसम्पादन गराउने उद्देश्यले नेपाल सरकारका नीति तथा कार्यक्रम बजेट र क्रियाकलापहरूको आबद्धता कायम गरी वार्षिक कार्ययोजना तर्जुमा गर्न र नतिजामुखी अनुगमन प्रणालीलाई संस्थागत गर्न एकीकृत अनलाइन अनुगमन प्रणाली सञ्चालनमा ल्याइएको । उक्त प्रणालीमार्फत सबै मन्त्रालयहरूले नियमित प्रगति प्रतिवेदन पठाउनुपर्ने व्यवस्था गरिएको। मन्त्रालयहरूबाट प्राप्त विवरणसमेतका आधारमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने गरिएको।सम्मानीय प्रधानमन्त्रीज्यूबाट प्रत्यक्ष रूपमा आयोजनाहरूको Virtual तथा भौतिक रूपमा नै अनुगमन तथा निर्देशन हुने गरेको।
	• भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा अन्तरनिकाय समन्वय प्रभावकारी बनाउने।	• यस कार्यालयमा प्राप्त भ्रष्टाचार सम्बन्धि उजुरीहरू सम्बन्धित निकायमा छानबिनका लागि पठाउने र प्राप्त प्रतिवेदनको आधारमा आवश्यक कारबाही अघि बढाउने कार्य भइरहेको। • यस कार्यालयअन्तर्गत रहेका राष्ट्रिय अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण आयोग, सार्वजनिक खरिद कार्यालय लगायत कार्यालयहरूलाई भ्रष्टाचार नियन्त्रण सम्बन्धमा प्रभावकारी कार्य गर्न निर्देशन दिने गरिएको। • यस कार्यालयको आ.व. २०८०/८१ को वार्षिक कार्यक्रममा सबै निकायको सहभागितामा अख्तियारबाट प्राप्त सुझाव कार्यान्वयनसम्बन्धी अन्तरक्रिया कार्यक्रम राखिएको।
	• सार्वजनिक संस्थानहरूले बोनसका अतिरिक्त आफ्ना सेवा, उत्पादन वा कारोबारको निःशुल्क सुविधा उपलब्ध गराउँदै आएको हुँदा नेपाल सरकारले अध्ययन गरी यस्ता व्यवस्था खारेज गर्ने।	• नेपाल सरकारको नीति तथा कार्यक्रम मार्फत नीतिगत व्यवस्था गरिएको।

अर्थ मन्त्रालय	• सार्वजनिक सेवा प्रवाह	• सेवा प्रवाह गर्ने स्थानहरूमा CCTV राखी त्यसको भण्डारण (Storage) लाई कानुनले तोकेको अवधिसम्म सुरक्षित राख्ने व्यवस्था मिलाइको। • सार्वजनिक कारोबारको भुक्तानीलाई विद्युतीय प्रणाली (EFT) बाट गर्ने व्यवस्था मिलाइएको। • २०८० वैशाख १ गते देखि "एकीकृत कार्यालय व्यवस्थापन प्रणाली" कार्यान्वयनमा ल्याइएको। • हेलो सरकार, विगुल संयन्त्रबाट प्राप्त गुनासोहरूलाई समयमै सुनुवाइ/सम्बोधन गर्ने गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• सदाचारिता तथा नैतिक आचरण कायम गर्न अर्थ मन्त्रालय र अन्तर्गत निकायहरूको आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याइएको। • सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा यस मन्त्रालयको सम्पत्ति अभिलेखीकरण गर्ने गरिएको।
	• अनुदान वितरण ।	• अन्तर-सरकारी वित्त परिषद्को मिति २०८०/०१/०८ मा भएको बैठकले नेपालको संविधान र नेपाल सरकारले स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा भएको व्यवस्थाबमोजिम तीन तहका सरकारले अनुदान वितरणमा दोहोरो नपर्ने गरी आयोजना/कार्यक्रम छनौट एवं सञ्चालन गर्ने निर्णय गरेको।
	• झुटा करदाता सिर्जना गरी कम्पनी खडा गर्ने र अधिकतम करको दायित्व छल्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।	• करदाताको बायोमेट्रिक दर्ता प्रणालीलाई अवलम्बन गरिएको। कम्पनीको हकमा सञ्चालकको स्थायी लेखा नम्बर र विवरणसमेत उल्लेख गर्ने व्यवस्था गरिएको । • अनुसन्धानामूलक कर परीक्षण प्रणालीलाई अवलम्बन गरिएको। झुटा तथा नक्कली बिजकको कारोबार गर्ने भनी पहिचान भएका फर्मबाट करिब ९ अर्ब ९३ करोडको झुटा तथा नक्कली बिल लिई कर छली गर्ने १,९८६ वटा करदाताहरू छनौट गरी छानबिन तथा अनुसन्धान सम्पन्न गरी कारबाही प्रक्रिया अघि बढाइएको।
	• गुणस्तरीय अन्तःशुल्क स्टिकर स्वदेशकै सेक्युरिटी प्रेसमा छाप्ने व्यवस्था मिलाउने। नक्कली स्टिकरको प्रयोगलाई नियन्त्रण गरी अन्तःशुल्क चुहावट हुन नदिने।	• हाल नेपाल सरकारको स्वामित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट छपाइ भई आपूर्ति भइरहेका अन्तःशुल्क टिकट प्रयोग भइरहेको। • स्वदेशी मुद्रण उद्योगहरूले पालना गर्नुपर्ने मापदण्ड, २०८० स्वीकृत भइसकेकाले स्वदेशी उद्योगहरूलाई अन्तःशुल्क टिकट छपाइ प्रक्रियामा समावेश गर्न मापदण्डले स्पष्ट व्यवस्था गरेको । • प्रभावकारी बजार अनुगमन भएको। गत आ.व.मा यस प्रयोजनका लागि १८२० पटक बजार अनुगमन भई नक्कली अन्तःशुल्क टिकट प्रयोग भएको पाइएका व्यक्ति तथा फर्महरूलाई अनुसन्धान तथा कारबाहीको दायरामा ल्याइएको। • अन्तःशुल्क टिकटहरू छपाइमा केही नयाँ covert तथा overt security features थप गरी नक्कल गर्न नसकिने गरी

		स्तरोन्नति गरिएको। • IRD app मार्फत QR Code Scan गरी सक्कली र नक्कली टिकट छुट्याउन सकिने प्रविधि अवलम्बन गरिएको।
	• अवैध चोरी पैठारी र भन्सार छलीलाई नियन्त्रण गर्ने।	• प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सीमास्थित भन्सार कार्यालयका प्रमुखहरू सदस्य सचिव रहने गरी हरेक भन्सार कार्यालयमा राजस्व चुहावट नियन्त्रण समितिको नियमित बैठक बस्ने गरेको र यसका आधारमा चोरी पैठारी नियन्त्रमा सहयोग हुन गएको। • चोरी निकासी/पैठारी गरी अवैध रूपमा मुलुकमा भित्र्याउन खोजेका मालवस्तु पक्राउ गरी राजस्व रु ८९,६४,११,२१३।- असुल भएको।
	• न्यून बिजकीकरण गरी भन्सार मूल्यांकन कम गराउने कार्यलाई रोकी यथार्थपरक राजस्व संकलन गर्ने।	• आर्थिक ऐन, २०७९ को भन्सारसम्बन्धी अनुसूची-१ को दफा १८(३) बमोजिम मालवस्तुको स्पष्ट घोषणा गर्ने व्यवस्था गरिएको। • भन्सार विभागको अनुगमन प्रणालीलाई प्रभावकारी बनाई दैनिक रूपमा प्रणाली मार्फत प्रत्यक्ष अनुगमन गरी घोषित मूल्य लगायत मालवस्तुको वास्तविक घोषणा भए/नभएको अनुगमन गर्ने गरिएको।
	• मूल्य अभिवृद्धि कर चुहावट हुन नदिन सबै कारोबारको बिल बिजकको प्रयोगलाई अनिवार्य गर्ने तथा करदाता शिक्षालाई अभियानका रूपमा सञ्चालन गर्ने।	• करदाताले नियमित बिल बिजक जारी गर्ने अवस्थाको सिर्जना गर्न नियमित रूपमा बजार अनुगमन गर्ने गरिएको छ। आ.व. २०७९/८० मा १७,२०० भन्दा बढि करदाताको कारोबार स्थलमा अनुगमन गरी रु. ३ करोड ३१ लाख जरिवानासमेत निर्धारण गरिएको। • निश्चित प्रकृतिको कारोबार गर्ने करदाताहरू-मदिरा, बियर, वाइन, चुरोट उत्पादन गर्ने प्रतिष्ठान तथा बक्स अफिसमा आबद्ध सिनेमा हल, रु. ५ करोडभन्दा बढीको वार्षिक कारोबार गर्ने अन्य सुर्तीजन्य उत्पादक प्रतिष्ठान, इन्टरनेट सेवा प्रदायक, होटल तथा वार्षिक १० करोडभन्दा बढीको कारोबार गर्ने सबै करदाताले अनिवार्य रूपमा आन्तरिक राजस्व विभागले स्वीकृत गरेको विद्युतीय बिजकसम्बन्धी सफ्टवेयरबाट बिजक जारी गर्नुपर्ने व्यवस्था लागू गरिएको। • Real Time Data प्राप्त हुने गरी मू.अ.करमा दर्ता भई वार्षिक रु. ५ करोडभन्दा बढीको कारोबार गर्ने इन्टरनेट सेवा प्रदायक, होटल तथा रेष्टुरेन्ट, वार्षिक रु.१० करोडभन्दा बढिको कारोबार गर्ने डिपार्टमेन्टल स्टोर, मार्ट, फ्लोरिङ तथा फर्निसिङ र वार्षिक रु. ३५ करोडभन्दा बढी (चालु आ.व.२०८०/८१ देखि रु. २५ करोड कायम) को कारोबार गर्ने सबै करदाता र बक्स अफिसमा आबद्ध सिनेमा हलहरूलाई अनिवार्य रूपमा आन्तरिक राजस्व विभागको केन्द्रीय बिजक अनुगमन प्रणाली (CBMS) मा आबद्ध गराउने गरी कार्य गरिएको। २०८० आषाढ सम्ममा २८०५ करदाता उक्त प्रणालीमा आबद्ध

		भइसकेको। • उच्च र लगातार मू.अ.कर क्रेडिट रहेका करदाताको जोखिम र छनोटका आधारमा मौज्दातको भौतिक सम्पुष्टि (Stock Verification) गर्ने गरी मू.अ.करतर्फ चालु वर्षको कारोबार र बिलिङ प्रणालीको अवस्था चालु वर्षमै परीक्षण गर्ने गरी "चालु वर्षको कर परीक्षण" (CYA) गर्ने व्यवस्था गरिएको। आ.व. २०७९/८० मा ६८० भन्दा बढी फर्महरूको CYA सम्पन्न गरिएको। • आ.व.२०७९/८० को फाल्गुनमा विभिन्न सूचना प्रणालीहरूमा उपलब्ध तथ्यांकको उपयोग गरी कारोबार गर्ने तर आय विवरण दाखिला नगर्ने १ लाख २९ हजारभन्दा बढी करदाताको पहिचान गरी मातहतका कार्यालयहरूमा छानबिनका लागि पठाइएकोमा ३० हजारभन्दा बढी करदाताबाट विवरणसमेत प्राप्त भइसकेको। • करदाता शिक्षा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने नीति अनुरूप सबै आन्तरिक राजस्व कार्यालयहरूबाट लक्षित करदाता छनौट गरी करसम्बन्धी विषयहरूमा अन्तरक्रिया तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न वार्षिक लक्ष्यसमेत तोकी नियमित कार्यक्रम सञ्चालन गरिएको। आ.व.२०७९/८० मा ७९३ वटा अन्तरक्रिया तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको। यसैगरी आन्तरिक राजस्व विभाग तथा मातहतका कार्यालयहरूबाट सञ्चार माध्यम तथा अन्य माध्यमहरूको प्रयोग गरी स्वेच्छिक कर परिपालना गर्न अभिप्रेरित गर्ने गरिएको।
	• बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह तथा अचल सम्पत्तिको खरिद गर्ने एवं गैर बैंकिङ सम्पत्तिको लिलाम प्रक्रियामा नेपाल राष्ट्र बैंकको अनुगमन प्रभावकारी बनाउनुपर्ने।	• नेपाल राष्ट्र बैंकको अनुगमन प्रक्रिया प्रभावकारी बनाइएको र कर्जा प्रवाह निर्देशिका तथा अन्य प्रक्रियागत व्यवस्थालाई वस्तुपरक बनाई कार्यान्वयन गरिएको।
	• सबै बैंक वित्तीय संस्था र सहकारीहरूमा रहेका खाताहरूलाई एउटै निकायमार्फत प्राप्त गर्न सकिने गरी एकीकृत खाता प्रणालीको विकास गर्ने।	• सबै बैंक वित्तीय संस्था र सहकारीहरूमा रहेका खाताहरूलाई एउटै निकायमार्फत प्राप्त गर्न सकिने गरी एकीकृत खाता प्रणालीको विकास गर्ने कार्य अगाडि बढाइएको।
	• प्राथमिक र दोस्रो बजारको शेयर कारोबार गर्ने सीडीएस एण्ड क्लियरिङ लिमिटेड, नेपाल स्टक	• उल्लिखित कार्य हुने गरी एकीकृत सफ्टवेयर प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको र यसलाई थप अद्यावधिक र स्तरोन्नति गर्ने कार्य भइरहेको।

	एक्सचेन्ज र ओभर द काउन्टरबाट हुने शेयर कारोबार, प्रोमोटर शेयर विवरण र ब्रोकर कम्पनीबाट भएको कारोबारबाट देखिने गरी एकीकृत सफ्टवेयर प्रणालीको विकास गर्ने।	
	• राजस्व चुहावट नियन्त्रणका लागि प्रविधिको अधिकतम प्रयोग, बैंकिङ प्रणालीमा अनिवार्य रूपमा आबद्धता, छिटो छरितो र व्यावहारिक अनुसन्धान पद्धति अवलम्बन गर्नुपर्ने।	• करदाताका करोबारका अधिकांश विवरणहरू आन्तरिक राजस्व विभाग र भन्सार विभागमा प्रयोग हुने सफ्टवेयरमा अभिलेखीकरण गरिएको छ। • भन्सार कार्यालयबाट जाँचपास हुने तथा आन्तरिक सामान ओसार पसार गर्ने फर्म तथा गाडी समेतको विवरण राजस्व अनुसन्धान विभागको VCTS प्रणालीबाट अनुगमन गर्ने व्यवस्था मिलाइएको। • राजस्व भुक्तानी EFT मार्फत बैंक खातामा भुक्तानी गरिने व्यवस्था मिलाइएको।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	सार्वजनिक सेवा प्रवाह	• निकासी पैठारीको कामलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिएको। फर्म दर्ता, नवीकरण, संशोधन र खारेजी लगायतको काम पनि क्रमशः अनलाइनको माध्ययमबाट गर्ने गरिएको र निकट भविष्यमा पूर्ण रूपमा अनलाइन गरिने। • मन्त्रालय तथा अन्तर्गतका निकायहरूमा Government Integrated Operation Management System (GIOMS) क्रमशः लागू गर्दै लगिएको। • आयोगबाट आवश्यक कारबाहीका लागि लेखी पठाइएको उजुरीहरूको छानबिन गर्ने र सोको निरन्तर अनुगमन गर्दै आइरहेको। • सरकारी कार्यालयले जिन्सी निरीक्षण, लिलामी, कागजात धुल्याउने जस्ता कार्यहरू कार्ययोजना बनाई नियमितरूपमा सम्पादन गर्ने गरेको।
	सुशासन, सदाचार र नैतिक आचरण	• सम्पत्ति विवरण पेस गर्न लगाउने गरिएको। • सार्वजनिक सम्पत्तिको अभिलेख PAMS मा राख्ने गरिएको। • निर्णयहरू नियमितरूपमा सार्वजनिक गरी पारदर्शिता कायम गर्ने गरेको।
	सार्वजनिक निकायको दायित्व	• बजार अनुगमनको काम कारबाहीको विवरण दैनिक रूपमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको वेबसाइटमार्फत सार्वजनिक गर्ने गरिएको। • उपभोक्ताको गुनासो सुनी सम्बोधन गर्न CRMIS Online Portal र टोल फ्रि नं. ११३७ को व्यवस्था गरिएको।
	अनुदानको चामल वितरण र ढुवानीमा अनियमितता हुन नदिन ढुवानी प्रक्रियालाई	• वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम LMBIS मा समावेश भएपश्चात् खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले खुला बोलपत्रको माध्यमबाट नेपाल सरकारले तोकेका

	प्रतिस्पर्धी र पारदर्शी बनाउने साथै केन्द्र र जिल्लास्थित अनुगमन समितिले नियमित अनुगमन गर्ने।	दुर्गम जिल्लाहरूका विभिन्न क्षेत्रहरूमा चामल बिक्री वितरण गर्दै आइरहेको। यसको अनुगमन केन्द्रमा मन्त्रालयस्तर र जिल्लामा सम्बन्धित सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्ला अनुगमन समिति, जिल्ला खाद्य व्यवस्था समितिले र समय समयमा तालुक मन्त्रालयबाट अनुगमन हुने गरेको।
	प्राकृतिक स्रोतमा आधारित उद्योगबाट हुने प्राकृतिक स्रोतको दोहन हुन नदिने व्यवस्था मिलाउने।	• खानी तथा भूगर्भ विभागले खानी अनुगमन गर्ने। • उत्खनन क्षेत्रको सीमांकन गराई मात्र खनिज कार्य सञ्चालन गराइएको। • स्वीकृत क्षमताभन्दा बढी हुने अधिकतम उत्पादनलाई रोक लगाइएको। • खानी सञ्चालनलाई अधिकतम प्रयोग गर्ने Zero Waste Policy लागू गरिएको। • तौलपुलको व्यवस्था लागू हुने अवस्थामा रहेको। • स्थानीय तह र वनसँग सम्बन्धित कार्यालयबाट समेत अनुगमन कार्य गर्न सहकार्य गर्दै आएको।
	स्वदेशी तथा आयातित वस्तुको गुणस्तर परीक्षण कार्यको संस्थागत सुदृढीकरण गर्ने।	• सरकारी तथा गैरसरकारी प्रयोगशालाहरूलाई व्यवस्थित र विश्वसनीय बनाउन प्रत्यायन ऐन, २०७९ कार्यान्वयनको चरणमा रहेको।
	निरन्तर औद्योगिक सुशासनमा ध्यान दिई औद्योगिक क्षेत्र व्यवस्थापन सुदृढीकरण गर्दै लैजाने।	• औद्योगिक क्षेत्रहरूको पूर्वाधार विकास गरी वैज्ञानिक भाडादर कायम गर्ने साथै औद्योगिक क्षेत्रको प्रशासनमा सुशासन कायम गर्ने। • उद्योगहरूलाई आफ्नो स्वीकृत वातावरण अध्ययन प्रतिवेदन अनुरूप वातावरणमा पर्न जाने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्न लगाउने। • मन्त्रालयले औद्योगिक क्षेत्रभित्रका उद्योगहरूले वातावरणीय अध्ययन प्रतिवेदन अनुरूप कार्यहरू गरे, नगरेको अनुगमन गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने र सुधारका उपायहरू सिफारिस गर्ने।
	पेट्रोलियम पदार्थको मूल्य घटबढ हुँदा पम्प तथा डिलरहरूमा रहेको मौज्दातको परिमाण यकिन गरी नयाँ मूल्यमा कारोबार हुनुभन्दा पहिला त्यस्तो मौज्दातमा रहेको परिमाण यथावत मूल्यमा नै कारोबार गर्ने व्यवस्था मिलाउने साथै ग्यास सिलिण्डरको धरौटीलाई व्यवस्थित र पारदर्शी	• मिति २०८०।०३।३१ गतेदेखि पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धन तथा एल.पि. ग्याँस) मा स्वचालित मूल्य लागू गरी पारदर्शी बनाइएको।

	बनाउने।	
	उद्योग, कारखानाबाट फोहोर पानी सिधै खोला/नदीमा मिसाउने कार्यलाई नियन्त्रण गर्ने ।	• उल्लिखित सुझावका सन्दर्भमा वातावरण संरक्षण नियमावली, २०७७ मा रहेका प्रावधानहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
	बहुमूल्य वस्तु आयात तथा खरिद बिक्री गर्दा प्रभावकारी अनुगमन र अभिलेख प्रणाली लागू गर्ने।	• गुणस्तरीय वस्तुको आयात सुनिश्चित गर्न आयातका मापदण्ड निर्धारण गर्न सम्बद्ध निकायहरूसँगको समन्वय र सहकार्य बढाउने।
	नेपाल सरकारले आयातमा रोक लगाएका वस्तुहरू गैरकानुनी तरिकाले आयात र बिक्री वितरण हुनबाट रोक्न निगरानी र अनुगमन कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने।	• मुलुकको बाह्य क्षेत्रको सन्तुलन, विदेशी मुद्राको सञ्चितिको अवस्था र आपूर्ति प्रणालीको अवस्थालाई मध्यनजर गरी आयात-निर्यातलाई प्रभावकारी रूपमा नियमन गर्ने। • व्यापार विचलनको सम्भावना भएका वस्तुको आयात निर्यातलाई व्यवस्थित गर्ने।
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	• विषय क्षेत्रगत योजना एवं आवधिक विकास योजनामा समावेश नभएका सम्भाव्यता अध्ययन एवं प्रतिफलको सुनिश्चितता नभएका आयोजनाहरू वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने प्रवृत्ति रोक्ने	• प्राथमिकता प्राप्त आयोजनाका लागि मात्र मर्जर प्रस्ताव स्वीकृत गरिएको साथै कार्यक्रम तथा बजेटको सीमाभित्र रहेर मात्र आयोजना अगाडि बढाइएको।
	• परामर्श सेवा लिनुपूर्व कार्य प्रकृति तथा मौजुदा जनशक्तिको क्षमता विश्लेषण गरी सार्वजनिक निकायको कार्य प्रकृतिसँग सम्बन्धित नियमित कार्य मौजुदा जनशक्तिबाट नै गराउने तथा मौजुदा जनशक्तिबाट काम हुन नसक्ने अवस्थामा विशेषज्ञ सेवाको आवश्यकता, अवधि, कार्यक्षेत्रगत सर्तहरू तथा लागतसमेतको स्पष्ट पुष्ट्याइँको आधार तयार गरी मात्र मितव्ययी रूपमा परामर्श सेवाबाट कार्य	- धेरै प्रकारका विशेषज्ञ आवश्यक पर्ने, छोटो समय आवश्यक पर्ने विज्ञहरू राख्न र मन्त्रालयको जनशक्तिले सेवा प्रवाहका कामहरू गुणस्तर नियन्त्रण गर्दा आयोजनाहरूको तयरी, विशेष प्रकृतिका कामहरू र FIDIC Engineer का रुपमा काम गर्ने परामर्शदाता रहने सम्झौताहरू मात्र परामर्शदाताबाट कार्य गराइएको।

गर्ने/गराउने।	
• उपलब्ध प्रयोगशाला, जनशक्तिलगायतको स्रोत साधनहरूको पूर्ण रूपमा उपयोग गरी सार्वजनिक निर्माण कार्यको गुणस्तर नियन्त्रण, निर्धारित समयमा कार्य सम्पन्न गराउने लगायतका निर्माण व्यवस्थापनको कार्यमा सुधार गर्नुपर्ने।	• ठूला आयोजनाहरूमा प्रयोगशाला स्थापना गरी गुणस्तर परीक्षण कायम गर्ने गरिएको। •
• भेरिएसन आदेश स्वीकृत नगरी सम्झौतामा उल्लिखित परिमाणभन्दा बढीको भुक्तानी गर्ने गरिएकाले उचित कारणसहित विश्लेषण हुन आवश्यक देखिएका आइटमहरूमा मात्र भेरिएसन आदेश स्वीकृत भएपश्चात भुक्तानी हुनुपर्ने।	• सम्झौता परिमाणभन्दा घटी/बढी काम गराउँदा कानुनबमोजिम तोकिएको अधिकारीबाट भेरिएसन स्वीकृति गराउने गरिएको। भेरिएसनलाई वास्तविक आधारमा मात्र स्वीकृत गर्न निर्देशन दिइएको।
• सार्वजनिक निकाय र निर्माण व्यवसायीबिच विवाद भई मध्यस्थकर्तामार्फत विवाद समाधानका क्रममा तथा विवाद अदालतमा पुगेको अवस्थामा सार्वजनिक निकायको सुस्तता तथा बेवास्ताका कारण सार्वजनिक निकायको विपक्षमा निर्णय हुने गरेकाले समयमै तथ्यपरक प्रमाण संकलन गरी प्रभावकारी प्रस्तुतिसमेत गर्नुपर्ने। अन्यथा कार्यालय वा व्यक्तिको लापरबाहीबाट हुने सरकारी हानि नोक्सानी सम्बन्धित व्यक्तिले नै व्यहोर्नुपर्ने व्यवस्था मिलाउने।	• सार्वजनिक निकाय र निर्माण व्यवसायीबिच विवाद भई मध्यस्थकर्ता मार्फत विवाद समाधानका लागि पर्याप्त प्रमाण जुटाई प्रमाण कागजातसहित कानुन व्यवसायीको समेत परामर्श लिई प्रस्तुत गर्ने गरिएको। फैसलाहरू चित्त नबुझेमा अदालतमा जाने गरिएको।

	• विद्युत खरिद बिक्री सम्झौता (PPA) मा विलम्ब हुँदा उत्पादकहरू लगानी गर्न निरुत्साहित हुने गरेको देखिएकाले समय सारिणी (Time Bound) सहितको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।	• आ.व. २०८४।८५ सम्ममा १५ हजार मेगाबाट विद्युत उत्पाद गर्ने लक्ष्य लिई निर्धारण गरिएको विद्युत उत्पादन सम्मिश्रणको सीमा अनुसार नदी प्रवाह (आर.ओ.आर) प्रकृतिका जलविद्युत आयोजनाहरूको विद्युत खरिद बिक्री गर्ने क्षमताको सीमा सकिएकाले नेपाल विद्युत प्राधिकरण केही वर्ष विद्युत खरिद बिक्री सम्झौता गर्न सक्ने अवस्थामा नभएको कारण विद्युत खरिद बिक्री सम्झौतामा विलम्ब भएको ।
		• २०८४।८५ सम्ममा १५ हजार मेगाबाट विद्युत उत्पादन गर्ने उद्देश्य पुरा गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९।०३।२४ मा विद्युत उत्पादन सम्मिश्रणको पुनरावलोकन भई थप १५ सय मेगाबाट क्षमताका नदी प्रवाह प्रकृतिका जलविद्युत आयोजनाहरूका लागि विद्युत खरिद बिक्री सम्झौता खुला गरिएको ।
	• विद्युत उत्पादनको सर्वेक्षण, उत्पादन अनुमति, उत्पादन क्षमता वृद्धिसम्बन्धी कार्यलाई पारदर्शी मापदण्डको आधारमा मात्र गर्ने। नियमानुसार बुझाउनुपर्ने दस्तुर समयमा नबुझाए पनि क्षमता वृद्धि गर्ने र उजुरी परेपछि मात्र तिर्न बुझाउन बाँकी दस्तुर असुल गर्ने जस्ता कार्य नियन्त्रण गर्ने।	• विद्युत आयोजनको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ को दफा १५(३) र दफा १६(५) मा विद्युत आयोजनाहरूको क्षमता संशोधन सम्बन्धमा भएको व्यवस्थाबमोजिम गर्ने गरिएको ।
	• वैकल्पिक ऊर्जा केन्द्रमार्फत अनुदान लिई दुर्गम एवं ग्रामीण क्षेत्रमा लघु जलविद्युत आयोजना निर्माण उपभोक्ता समितिमार्फत गर्दा आयोजनाहरू समयमै सम्पन्न भई दिगोरूपमा सञ्चालन हुने गरी अनुदानको सदुपयोग गर्न आवश्यक व्यवस्था गर्ने।	• यसमा पूर्णरूपमा ध्यान दिई कार्यक्रम सञ्चालन गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई जिम्मेवार बनाइएको।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	• भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि	• भ्रष्टाचारविरुद्धको कानुनी व्यवस्थालाई भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि अनुकूल बनाउने उद्देश्यले तयार भएका देहायका विधेयक सङ्घीय संसदको राष्ट्रिय सभामा मिति २०७६।१०।०६ मा दर्ता भएकोमा राष्ट्रियसभाबाट पारित भई हाल प्रतिनिधि सभामा विचाराधीन रहेकाः- • अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७६ • भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ • नेपाल कानुन आयोगबाट सूचनादाता संरक्षण र स्वार्थको द्वन्द्व निवारण सम्बन्धी विधेयकको मस्यौदा तयार भइरहेको। • अपराधपीडित संरक्षण ऐन, २०७५ को दफा ६ मा पीडितको गोपनियताको अधिकार र ऐ. ऐनको दफा ४० मा पीडित संरक्षण सुझाव समिति रहने व्यवस्था भएको।
	• सार्वजनिक सेवा प्रवाह	• कर्मचारीको सेवा, सर्तसम्बन्धी प्रचलित कानुनबमोजिम व्यवस्थापन गर्ने गरिएको। • कर्मचारी सरुवा वा बढुवा भएर जाँदा बरबुझारथ गर्ने गरिएको। • प्रचलित कानुनबमोजिम समिति गठन गरी नियमित रूपमा जिन्सी निरीक्षण गर्ने गरिएको। • कार्यविवरण प्रदान गर्ने गरिएको। • सार्वजनिक कारोबारको भुक्तानी विद्युतीय प्रणालीबाट गर्ने गरिएको। • PAMS मा अद्यावधिक गर्ने गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक मिति २०७९।१०।२७ मा प्रतिनिधि सभामा दर्ता भई विचाराधीन रहेको।
	• विषयगत निकायहरू सम्बन्धी सुझावहरू	• मन्त्रालयले उपलब्ध गराउने राय, सुझाव, प्रतिक्रिया दिने समयसीमा यकिन भएको। • नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/महासन्धिबाट सिर्जित दायित्व पूरा गर्न सम्बन्धित निकायलाई जानकारी गराउने, समन्वय गर्ने, सहभागिता जनाउने, विवरण तयार पारी अन्तर्राष्ट्रिय निकायहरूमा पठाउने कार्य निरन्तर रूपमा भइरहेको। • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम अधिकार प्रत्यायोजन भएको अधिकारीले मात्र आर्थिक क्रियाकलाप सञ्चालन गर्ने गरिएको। साथै सो सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट राय सहमति माग भएका बखत सोहीबमोजिम हुने गरी राय सहमति प्रदान गर्ने गरिएको।

कृषि तथा पशुपन्छी मन्त्रालय	• मन्त्रालयबाट सबै किसिमका कार्यक्रमहरू सञ्चालन गर्दा मितव्ययिता, यसको प्रतिफल र लाभग्राहीको अवस्था समेत यकिन गरिएको हुनुपर्ने।	• मन्त्रालयबाट पठाइने ससर्त वित्तीय हस्तान्तरणका कार्यक्रमहरू, मन्त्रालय तथा अन्तर्गत आयोजनाबाट सञ्चालन गरिने कार्यक्रमहरू स्वीकृत कार्यविधि, निर्देशिका, सार्वजनिक खरिद ऐनको अधीनमा रही सञ्चालन हुने गरेको साथै कार्यक्रम आयोजनाको अपेक्षित प्रतिफल प्राप्तिको अवस्था, लाभग्राहीको संख्या र अवस्थासमेत यकिन गरिने गरिएको।
	• नियमित रूपमा आवश्यक पर्ने मल, बीउ लगायत कृषि सागग्री खरिद, भण्डार र वितरणको विषयमा हरेक वर्ष द्विविधा देखिएको हुँदा अनुमानयोग्य बनाउने।	• लागत सहभागिताको आधारमा कृषकहरूलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउने प्रयोजनार्थ हरेक वर्ष अर्थ मन्त्रालयबाट प्राप्त बजेटको आधारमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली, सिजन, स्थानलाई ध्यानमा राख्दै खरिद योजना तयार गरी कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट्र टेडिङ कर्पोरेसन लिमिटेडलाई आपूर्ति गर्न निर्देशन दिने गरिएको। प्राप्त हुने रासायनिक मलको परिमाणलाई कोटा निर्धारण गरी प्रदेश मन्त्रालयलाई जानकारी पठाइने र प्रदेशलाई प्राप्त कोटाबमोजिम स्थानीय तहलाई बाँडफाँड हुने व्यवस्था रहेको छ। सो स्थानीय तहभित्र बिक्रेताको अनुमति पाएका संस्थाहरू मार्फत कृषकहरूलाई कोटाबमोजिम अनुमानित रासायनिक मल वितरण हुँदै आएको छ। आर्थिक वर्ष २०७९/८० मा रासायनिक मलको लागि रु. ३६ अर्ब बजेट व्यवस्था भएकोमा ४,०३,००० मे.टन रासायनिक मल आयात भएको र देशभरमा ३,४२,४६२ मे.टन बिक्री भएको।
	• कृषि उपजको उत्पादक देखि उपभोक्तासम्मको वितरण प्रणाली व्यवस्थित बनाई उत्पादकले लाभ प्राप्त गर्ने सुनिश्चित गर्ने।	• विभिन्न बाली वस्तुहरूको जस्तै धान, गहुँ दूधको न्यूनतम समर्थन मूल्य तोकिने तथा कार्यान्वयन भइरहेको। मन्त्रालय मातहतका विभिन्न निकायबाट कृषि बजार, पशुपन्छी आवश्यकता तथा स्थानीय तहहरूको मागअनुसार निर्माण भई कृषि उपजको वितरण प्रणाली व्यवस्थित बनाउने प्रयास भइरहेको।
	• अनुदानमा ठूला संरचना निर्माण गर्दा आम नागरिकले प्राप्त गर्ने सेवा सुविधा सम्झौताकै चरणमा तय हुनुपर्ने।	• अनुदानमा निर्माण हुने ठूला संरचना निर्माण हुँदा आम नागरिकले प्राप्त गर्ने सेवा सुविधा अनुदानग्राही/संचालक समिति/सञ्चालकसँग सम्झौताकै चरणमा तय हुने गरेको।
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	• राष्ट्रिय राजमार्ग बाहेक स्थानीय सडक तथा पुलहरूको जिम्मेवारी संवैधानिक प्रावधानबमोजिम सम्बन्धित प्रदेश तथा	• नेपालको संविधानले तोकेको क्षेत्राधिकारबमोजिम संघको जिम्मेवारी अन्तर्गत राष्ट्रिय लोकमार्ग मात्र रहेको हुँदा राष्ट्रिय लोक मार्गको संख्या र क्षेत्र पुनरावलोकन गर्दै मिति २०७६/०२/०६ मा ८० वटा राष्ट्रिय लोकमार्गको सूची मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई कार्यान्वयन भइरहेको।

	स्थानीय तहमा हस्तान्तरण गर्ने।	• नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/०४/१९ मा भएको निर्णयमा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेका राजमार्ग तथा रणनीतिक सडक तथा यसका पुल एवं सुनिश्चित भई कार्यक्रममा परेका आयोजना बाहेक अन्य कार्यक्रम तथा आयोजनाहरू सहरी विकास मन्त्रालय अन्तर्गत स्थापना हुने विभागलाई हस्तान्तरण गर्ने" भन्ने विषय उल्लेख भएको। • विगत आर्थिक वर्षहरूमा ब.उ.शि.नं. ३३७०११३७ (सडक पूर्वाधार विकास कार्यक्रम) तथा ब.उ.शि.नं. ३३७०११४३ (तराई मधेस सडक पूर्वाधार विशेष कार्यक्रम) अन्तर्गत समावेश रही सडक विभाग मातहत कार्यान्वयन भएका आयोजना/योजनाहरू आर्थिक वर्ष २०७९/८० मा प्रदेशमा हस्तान्तरण भएको।
	• मन्त्रालय अन्तर्गत हालसम्म ठेक्कापट्टा भई सिर्जना भएको दायित्व र विनियोजन हुने गरेको वार्षिक बजेटबिच तादात्म्यता राखेर मात्र नयाँ योजना अगाडि बढाउने।	• विभाग अन्तर्गत ठेक्कापट्टा भई कार्यान्वयनमा रहेका योजनाहरूको सिर्जित दायित्वलाई समेत मध्यनजर गरी नयाँ कार्यक्रम प्रस्ताव गर्ने गरिएको।
	• हाल कार्यान्वयनमा रहेका ठेक्का सम्पन्न गर्न विशेष पहल गर्ने। रूग्ण आयोजनालाई नियमानुसार पूरा गराउने वा ठेक्का तोडी फरफारक गर्ने।	• कार्यान्वयनमा रहेका ठेक्काहरू समयमै सम्पन्न गर्नेतर्फ विशेष पहल भइरहेको। रुग्ण आयोजनाहरू सम्पन्न गर्न/तोड्न/ फरफारक गर्नेतर्फ कार्य भइरहेको।
	• हालसम्म निर्माण भएका सडक तथा पुलको आवश्यकताअनुसार मर्मत, स्तरोन्नति गरी सम्पत्ति संरक्षण तथा उपयोगमा ल्याउने ।	• राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार कार्यलाई प्रभावकारी बनाउन एक आ.व. भन्दा बढी दायित्व नसर्ने व्यवस्था गरिएको। • पटके मर्मत कार्यको म्याद थप नहुने गरी Model Document जारी गरिएको। आवधिक मर्मत सम्भारका ठेक्काहरू व्यवस्थित बनाउन तथा एकरूपता कायम गर्न आवधिक मर्मतसम्बन्धी मापदण्ड समयसापेक्ष हुने गरी सुधार गरिएको।
	• बारम्बार सडक खन्ने कार्य नियन्त्रण गर्न नयाँ सडक निर्माण तथा मौजुदा सडकहरूको मर्मत तथा स्तरोन्नति गर्दा विद्युत, दूरसंचार,	• जग्गा अधिग्रहण नगरी निर्माण भएका सडकहरू र विशेष गरी सहरी क्षेत्रका सडकहरूको मर्मत तथा स्तरोन्नति गर्दा समय अभाव तथा आवश्यक जग्गा प्राप्तिको लामो प्रक्रियाका कारण तत्काल सम्भव नहुने । दीर्घकालीन समाधानको रूपमा नयाँ निर्माण हुने सडकहरूमा युटिलिटी डक्टको प्रावधान राख्ने व्यवस्था मिलाइने

	खानेपानी, ढल आदि सुविधाका संरचनाहरूको प्रयोगका लागि युटिलिटी डक्ट पनि सँगै निर्माण गर्ने।	व्यहोरा उल्लेख गरी नेपाल टेलिकमसँग अप्टिकल फाइबर बिछ्याउने सम्बन्धी MOU भएको।
	• यातायात व्यवस्था विभाग र प्रदेश सरकारबिचको कार्यगत दोहोरोपना हुने (सवारी चालक अनुमतिपत्र, Electronic Driving License and Vehicle Registration System सञ्चालन आदि) कारणबाट सेवाग्राहीलाई भएको कठिनाइ र सेवाप्रदायकलाई भएको द्विविधा हटाउन आवश्यक व्यवस्था मिलाउने।	• सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) छपाइको कार्य यातायात व्यवस्था विभागबाट मात्र हुँदै आएकोमा यस विभागबाट प्रदेश सरकारलाई गरिएको अनुरोधअनुसार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश सरकारहरूले सवारी चालक अनुमतिपत्र छपाइका लागि स्मार्ट कार्ड र प्रिन्टर खरिद गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको। • यस विभाग र प्रदेश मातहतमा रहेका निकायहरूबाट भइरहेको यातायात क्षेत्रको सेवा प्रवाह, नियमन र नियन्त्रणका कार्यमा प्रभावकारिता एवं एकरूपता ल्याउने उद्देश्यले सबै प्रदेशका यातायात क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालयका मन्त्री र प्रदेश सचिवहरूको समेत सहभागितामा समन्वयात्मक बैठकहरू सम्पन्न भएको । • नेपालको संविधानअनुसार राष्ट्रिय यातायात नीति संघीय सरकारको क्षेत्रधिकारभित्र रहेको तथा अन्तर प्रदेश यातायात व्यवस्थापनसम्बन्धी जिम्मेवारी यस विभाग र मातहतका कार्यालयहरूको रहेको हुँदा दुई वा सो भन्दा बढी प्रदेश भई सञ्चालन हुने वा नेपाल भर सञ्चालन हुने सवारी साधनहरू (यात्रुबाहक/मालबाहक) को बाटो इजाजत पत्र जारी तथा नवीकरण गर्ने र जाँचपास गर्ने कार्य विभाग मातहतका सवारी परीक्षण कार्यालयहरू टेकु, इटहरी, हेटौंडा, बुटवल र अत्तरियालाई नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०८०।०३।२१ को निर्णयबाट प्रत्यायोजित अधिकारबमोजिम अर्को व्यवस्था नभएसम्मका लागि यातायात व्यवस्था कार्यालय (सवारी), कास्की/सुर्खेत र सेवा कार्यालय, बर्दिबास समेतबाट हुँदै आएको।
	• देशभित्रका नदीहरू प्रयोग गरी आन्तरिक जल यातायातका साथै समुद्रसम्मको पहुँचका लागि आवश्यक कानुनी र भौतिक संरचना तयार गर्ने।	• पानी जहाज ऐन, २०२७ लाई विस्थापन गर्न तयार गरिएको नयाँ ऐनको मस्यौदालाई पुनरावलोकन गरी मिति ०७९।०९।१३ मा नयाँ मस्यौदा मन्त्रालयमा पेस भएको। • समुद्रमा नेपाली पानीजहाज सञ्चालनका लागि आवश्यक विभिन्न महासन्धिहरू अनुमोदनका लागि सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका, २०७७ बमोजिम अध्ययन टोली गठन भएकोमा उक्त समितिले Seafarer Identity Document(SID) Convention, २००३ (ILO १८५)

		सम्बन्धमा प्रतिवेदन तयार गरी मिति २०७९।०९।१७ मा मन्त्रालयमा पेस गरेको। • नारायणी र कोशी नदीमा Passenger River Terminal बनाउन विस्तृत परियोजना प्रतिवेदन तयार भएको। • सुनकोशी नदी (अरुण-दोभानबाट १५३ कि.मि, तामाकोशी नदी (सुनकोशी-दोभानबाट माथि ६३.५ कि.मि.समेत, कर्णाली (खक्रौला-खिमडी ११५ कि.मि.) काली गण्डकी (राम्दी-देवघाट ९५ कि.मी.), कोशी (चतरा-तुम्लिङ्गटार ७५ कि.मि.), नारायणी (देवघाट-गण्डक ८५ कि.मि.) लगायतका नदीहरूमा जलमार्गको विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको। • कोशी नदीमा संचालित जलयानहरू नदीको विभिन्न स्थानमा रहेका अवरोधका कारण सञ्चालनमा कठिनाइ भएको गुनासो आएको हुँदा खुवालुङ्ग र अरुण दोभानमा Channeling गर्ने तथा स्पर बनाउने कार्य गरी जल यातायात सञ्चालनलाई थपसहज र सुरक्षित बनाइएको।
रक्षा मन्त्रालय	• नेपाली सेना स्वयं संलग्न भई सञ्चालन गर्ने विकास कार्यबाहेक बोलपत्रमार्फत निर्माण व्यवसायीबाट गराउने आयोजना कार्यान्वयनको कार्यलाई निरुत्साहन गर्ने।	• नेपालको संविधानको धारा २६ (४) मा नेपाली सेनालाई संघीय कानुनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सकिनेछ भन्ने व्वयस्थाअनुसार नेपाल सरकारले नेपाली सेनालाई सुम्पिएको निर्माण कार्य मात्र गर्दै आइरहेको ।
	• विकास आयोजनामा आवश्यक पर्ने विस्फोटक पदार्थको आपूर्ति तथा व्यवस्थापन उपयुक्त समयमा गर्न आवश्यक सहजीकरण गर्ने।	• विकास निर्माणका आयोजनाहरूलाई वार्षिक रूपमा आवश्यक पर्ने विस्फोटक पदार्थको विवरणको आधारमा कच्चा पदार्थ तथा एसेसरिजहरू खरिद गरी नियमानुसार आयोजनाहरूलाई निकासी दिने गरिएको। • विस्फोटक पदार्थ नियम,२०२० (दोस्रो संशोधन) अनुरूप आयोजनाहरूको कार्य निरन्तरताका लागि आयोजना/आयोजनाबिच विस्फोटक पदार्थ सापटी लिन/दिन सहजीकरण गर्दै आइरहेको। • आयोजनाहरूको मागबमोजिम विस्फोटक पदार्थ ढुवानी, सुरक्षा, भण्डारण, खरिद/आयातको लागि सहजीकरण गर्ने गरिएको। • आवश्यकताबमोजिम विकास निर्माणको आधिकारिक संस्था IPPAN का पदाधिकारीहरूसँग बैठक आयोजना गरी विकास आयोजनाहरूलाई सहजीकरण गर्ने गरिएको।
	• सैनिक कल्याणकारी कोषको रकम सेनामा कार्यरत जनशक्ति र	• सैनिक ऐन, २०६३ तथा सैनिक कल्याणकारी कोषको नियमले व्यवस्था गरेबमोजिम सैनिक कल्याणकारी कोषको रकम बहालवाला तथा भूतपूर्व सैनिक व्यक्ति र

	निजका परिवारबाहेक अन्य व्यक्तिलाई लाभ हुने गरी खर्च गर्ने प्रवृत्तिलाई अविलम्ब रोक लगाउने।	तिनका परिवारका लाभका लागि मात्र खर्च गर्ने गरिएको। • नीतिगत व्यवस्थाहरूलाई समयसापेक्ष रूपमा संशोधन/ परिमार्जन गरी लागू गर्ने गरिएको।
वन तथा वातावरण मन्त्रालय	• संघ तथा प्रदेशका वनसम्बन्धी कानुनअनुरूप सबै प्रकारका वन क्षेत्रको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा तथा सीमांकन गरी अनलाइन प्रणालीमा अद्यावधिक गरी प्रकाशित गर्ने ।	• नेपालको National Land Cover Monitoring System स्थापना र सञ्चालनमा रहेको । • वन, बुट्यान, घाँसे मैदान, सीमसार, कृषि, हिउँ, हिमनदी लगायतका ११ भूउपयोग क्षेत्रमा वर्गीकरण गरी सन् २००० देखि २०१९ सम्मका राष्ट्रिय, प्रादेशिक, भौगोलिक क्षेत्र र जिल्लाअनुसारको नक्सा र विवरणहरू तयार भएको। • भू-उपग्रह नक्साहरूको आधारमा वैज्ञानिक विधिबाट तयार पारिएका नक्सा र विवरणहरू http://nepal.spatialapps.net/nlcms वेब पोर्टलमा समेत उपलब्ध हुने व्यवस्था मिलाइएको।
	• वन व्यवस्थापन गरी उत्पादन भएका र वन मुद्दाका क्रममा बरामद भएका वन पैदावार समयमा नै बिक्री वितरण हुन नसकी सरकारी सम्पत्तिको हानि नोक्सानी भइरहेको वर्तमान अवस्थालाई अन्त्य गर्ने ।	• वन मुद्दाका क्रममा बरामद भएका वन पैदावार कतिपय मुद्दामा अदालतको आदेश गराई सुरुवात समयमा नै डिभिजनल वन अधिकृतले लिलाम गराउने र हानि नोक्सानीबाट जोगाउने काम भएको। • वन ऐन, २०७६ मा रहेको वन मुद्दा किनारा लगाउने प्रावधान र समायोजन ऐन,२०७५ अनुसार प्रदेशमा समायोजन भएका डिभिजनल वन अधिकृतको व्यवस्थापकीय तालमेल नमिलेकाले मिलाउने प्रयास भइरहेको। • डिभिजन वन कार्यालयहरूले वन व्यवस्थापन गरी उत्पादन भएका वन पैदावारको तोकिएको कानुन बमोजिम समयमा नै बिक्री गर्ने कार्य प्रदेश सरकार र अन्तर्गतका डिभिजन वन कार्यालय, वन उपभोक्ता समिति, आपूर्ति समितिबाट भइरहेको ।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	• भ्रष्टाचारविरुद्धको प्रयास सम्बन्धमा ।	• वैदेशिक रोजगारमा हुने ठगी/अनियमितता न्यूनीकरणका लागि विभिन्न प्रचार प्रसार सामग्री तयार गरी प्रसारण भएको। • वैदेशिक रोजगारीमा सुशासन प्रवर्द्धन गर्न विभिन्न मापदण्ड, सूचना, प्रविधिहरूको प्रयोग थालनी भएको।
	• सार्वजनिक सेवा प्रवाह ।	• सार्वजनिक सेवा प्रवाहहरूलाई प्रभावकारी बनाउन मन्त्रालय र मातहतका निकायबाट गरिने सेवा प्रवाहलाई अनलाइन मार्फत छिटो छरितो सेवा उपलब्ध गराइएको। • मातहतका कार्यालयमा विचौलियाहरूको प्रवेशलाई रोक लगाउन सहायता कक्षको व्यवस्था गरिएको। • मन्त्रालय र मातहत निकाय तथा ७५३ वटै स्थानीय तह

		लगायत अन्य विभिन्न निकायको पहुँच रहने गरी अनलाइन व्यवस्थापनको लागि NFMIS,FEWIS,NAMESH SYSTEM हरू निर्माण भई कार्यान्वयनमा रहेको। • मन्त्रालय र मातहतका निकायबाट हुने सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन नागरिक बडापत्र र कल सेन्टरको व्यवस्था गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण ।	• मन्त्रालयबाट हुने राजनीतिक नियुक्ति CDIMS मा प्रविष्ट गरिएको। • सार्वजनिक सम्पत्ति PAMS मा अभिलेखीकरण तथा संरक्षण गरिएको।
	• वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र दक्ष जनशक्ति उन्मुख बनाउने।	• वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धमा प्रवाह हुने सेवालाई प्रविधिमैत्री र पारदर्शी बनाउँदै लगिएको छ। सुरक्षित, मर्यादित तथा सीपमूलक रोजगारीको लागि नयाँ गन्तव्य मुलुकहरूको खोजी तथा उनीहरूसँग द्विपक्षीय श्रम समझदारीको पहल भइरहेको। वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई Fair and Ethical Recruitment को Safety Net भित्र ल्याउन मन्त्रालयबाट पैरवी तथा पहल हुने गरेको।
	• विदेशस्थित नेपाली कूटनीतिक नियोगले सम्बन्धित देशबाट कामदारको माग संकलन र वितरणको प्रक्रियालाई व्यवस्थित गरी श्रमिकमैत्री बनाउनुपर्ने।	• विदेशस्थित कूटनीतिक नियोगहरूमा कार्यरत काउन्सिलर (श्रम) तथा सहचारीहरू मार्फत माग संकलन तथा वितरणको कार्यलाई व्यवस्थित बनाउने कार्य भइरहेको। काउन्सिलर (श्रम) र सहचारी नभएका मुलुकहरूमा परराष्ट्र मन्त्रालय अन्तर्गतका कूटनीतिक नियोगहरूमार्फत कार्य भइरहेको ।
	• वैदेशिक रोजगारीमा जाने कामदार ठगिनबाट बच्न कामदारहरूको सम्भाव्य पहुँच भएको स्थानमा सुसूचित गर्न र वैदेशिक रोजगारीका कारण समाजमा घट्ने अप्रिय सामाजिक विकृति र विसंगतिहरूको न्यूनीकरणका लागि सामाजिक जनचेतना अभिवृद्धि गर्ने।	• वैदेशिक रोजगारीमा जानुपूर्व श्रमिकहरूलाई अनिवार्य पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रदान गर्ने गरिएको छ। साथै वैदेशिक रोजगारीका क्रममा हुनसक्ने जोखिम तथा अप्रिय घटना न्यूनीकरणका लागि मन्त्रालय तथा विभागका वेबसाइट मार्फत चेतनाका सामग्री प्रकाशन गर्ने गरिएको छ। सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जान प्रोत्साहन गर्ने गरिएको।
	• वैदेशिक रोजगारीका लागि कतिपय अवस्थामा अनियमित तवरले स्वीकृति दिने	• श्रम स्वीकृति प्रदान गर्ने सम्बन्धमा अनियमितता हुन नदिन मन्त्रालयले पूर्व स्वीकृति, श्रम स्वीकृति तथा पुनः स्वीकृति लगायतका सेवालाई स्वचालित प्रणालीमा लैजान आवश्यक गृहकार्य गरिरहेको छ। साथै श्रमिकले गुनासो

	लगायतका कार्यहरू नियन्त्रण तथा निगरानी गरी कामदारहरूसँग सम्बन्धित कार्यहरूमा गुनासो नआउने व्यवस्था मिलाउने।	राख्न २४ सै घण्टा टोल फ्रि सुविधा समेत सञ्चालन गरिएको।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	• भ्रष्टाचारविरुद्धको पहलकदमी ।	• नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट आधारभूत प्रशासन प्रशिक्षण एवं राजपत्राङ्कित तृतीय श्रेणी र राजपत्राङ्कित द्वितीय श्रेणीको सेवाकालीन प्रशिक्षण तथा राजपत्राङ्कित प्रथम श्रेणीका लागि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी प्रशिक्षण दिइएको। • स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले आ.व. २०७९/८० मा सञ्चालन गरेका ३० कार्यदिने सेवाकालीकन प्रशिक्षण कार्यक्रममा स्थानीय तहका अधिकृतस्तरका कर्मचारी र सहायकस्तरका कर्मचारीहरूका लागि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी प्रशिक्षण दिइएको।
	• सार्वजनिक सेवा प्रवाह ।	• व्यवस्थापन परीक्षण निर्देशिका, २०६७ लाई प्रतिस्थापन गरी व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ जारी भई मन्त्रालय/विभाग/निकायहरूको व्यवस्थापन परीक्षण भइरहेको। • सरुवालाई व्यवस्थित बनाउन मन्त्रालयका सहसचिवको नेतृत्वमा सरुवा व्यवस्थापन कार्यदल गठन गरी उक्त कार्यदलले सरुवा, पदस्थापन, काज लगायतका कर्मचारी प्रशासनसम्बन्धी कार्यलाई व्यवस्थित गराउन अध्ययन गरी प्रतिवेदन पेस गरेको । साथै उक्त प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयनको चरणमा रहेको। • कनिष्ठ कर्मचारीलाई कायममुकायम नदिन तथा निमित्त कार्यालय प्रमुख नतोक्न सम्पूर्ण स्थानीय तहहरूलाई परिपत्र गरिएको। • सार्वजनिक कारोबारको भुक्तानीलाई विद्युतीय प्रणालीबाट गर्ने गरिएको। • जिन्सी निरीक्षण, लिलामी, कागजात धुल्याउने जस्ता कार्यहरू नियमित रूपमा सम्पादन भएको।
	• नीतिगत निर्णय ।	• विभिन्न स्थानीय तहबाट जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्तिका लागि अनुरोध भई आएकोमा प्रचलित कानुन, प्रक्रिया र विधि पालना गरी जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ (क) बमोजिम प्राप्ति गर्न सहमतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने गरिएको।
	• सार्वजनिक निकायको दायित्व	• स्थानीय सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० (नमुना) तयार गरी स्थानीय तहलाई पठाउने क्रममा रहेको। • स्थानीय तहका लागि विभिन्न ५ वटा नमुना कानुन तयार

		भएको। • अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट रायसहितको प्रतिवेदन माग भएकोमा उजुरीको छानबिन गरी रायसहित पठाउने गरिएको। • आयोगबाट प्राप्त उजुरीहरूको सम्बन्धमा समयमा आवश्यक कारबाही गर्ने गरिएको।
	• प्रदेश तथा स्थानीय तहको क्षमता विकास	• स्थानीय तहले निर्माण गर्नुपर्ने नीति तथा कानुनका क्षेत्रगत विषयहरूबारेमा क्षमता विकाससम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमहरू सञ्चालन गरिएको। • आ.व. २०७७/७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) नतिजाको गुणस्तर परीक्षणसमेतको आधारमा स्थानीय तहहरूलाई पृष्ठपोषण दिइएको । आ.व. २०७८/७९ को नतिजाको विश्लेषण गरी प्रतिवेदन तयार भएको। नमुनाको रूपमा १० वटा स्थानीय तहको आ.व. ०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्यांकन (LISA) को नतिजाको गुणस्तर परीक्षण कार्य सम्पन्न भएको । • स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा आएको।
	• विषयगत निकायहरूसम्बन्धी सुझावहरू	• कर्मचारी अभिलेख प्रणाली (PIS) मा अभिलेखीकरणका लागि निजामती कर्मचारीले २०७३ सालदेखि हालसम्म ७ वर्ष अवधिमा प्राप्त गरेका पुरस्कार विवरण राष्ट्रिय किताबखाना (निजामती) मा पठाइएको । • निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, समायोजन ऐन, २०७५ को अधीनमा रहेर मात्र सरुवा, काज खटाउने गर्ने गरिएको । • कर्मचारी सरुवा गर्नुपूर्व अनिवार्य कर्मचारी अभिलेख प्रणाली (PIS) अद्यावधिक गर्ने व्यवस्था मिलाइएको, PIS लाई एकीकृत गरी अभिलेखीकरण र अन्य प्रणालीहरूसँग अन्तर आबद्ध गर्ने गरी कार्य सुरु भएको । • सरुवा, काज, पदस्थापनको पत्र तत्काल राष्ट्रिय किताबखाना (निजामती) मा पठाउने व्यवस्था गरी सरुवा, काज तथा पदस्थापनको अभिलेख अद्यावधिक गरी व्यवस्थित गरिएको। • संघीय निजामती सेवा ऐनको मस्यौदा तयार गरी राय सहमतिका लागि मिति २०७९।१२।१० मा अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको । • यस मन्त्रालयबाट निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणी तथा लोक सेवा आयोगबाट प्रकाशित बढुवा सूचनाअनुसार राजपत्र अनङ्कित द्वितीयदेखि राजपत्राङ्कित

		प्रथम श्रेणीसम्मका निजामती कर्मचारीहरूको बढुवासम्बन्धी कार्य हुने गरेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधनको मस्यौदा सहमतिका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	मन्त्रालयअन्तर्गतका विभिन्न निकायहरूको स्थायी सम्पत्तिको संरक्षण, यस्ता सम्पत्तिको लिज/भाडामा दिनुपर्दा प्रचलित कानुनको पालना हुने व्यवस्था मिलाउने।	• मन्त्रालय अन्तर्गतका निकायहरूलाई आफ्नो स्थायी सम्पत्तिहरूको अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था गरिएको । • हरेक निकायहरूलाई आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र जिन्सी निरीक्षण गर्ने गराउने व्यवस्था गरिएको । • संस्थानको अचल सम्पत्तिको लेखा राखी, त्यसको विवरण मन्त्रालयमा पठाउने व्यवस्था गरिएको । • संस्थाहरूको अनिवार्य लेखापरीक्षण गर्ने व्यवस्था गरिएको। • जग्गा भाडामा तथा लिजमा दिनेसम्बन्धी कार्यनीति २०७८ बमोजिम हुने गरेको।
	• इन्टरनेट सेवा प्रदायक सरकारी तथा निजी संस्थाहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउन स्पष्ट मापदण्ड बनाई लागू गर्ने, त्यसको निरन्तर अनुगमन गर्ने र यस्ता संस्थाबाट कर छली हुनबाट रोक्ने व्यवस्था मिलाउने।	• नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार कोष) विनियमावली २०६८, दूरसञ्चार ऐन २०५३, दूरसञ्चार नियमावली २०५४, Quality Service By Law 2068, विदेशी मुद्रा सिफारिससम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयन गरी इन्टरनेट सेवा प्रदायक सरकारी तथा निजी संस्थाहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउन बनाइएको मापदण्ड, त्यसको निरन्तर अनुगमन र यस्ता संस्थाबाट करछली हुनबाट रोक्ने व्यवस्थाहरू गरिएको।
	• सेक्युरिटी प्रेसले प्रेसका उपकरण खरिद गर्दा प्याकेज मै (पूरै प्लान्ट) खरिद योजना तयार गरी खरिद गर्ने, एउटा मेशीन खरिद गरी लामो अवधि थन्काउने र अन्य Accessory का लागि पटक-पटक खरिद गर्ने कार्य रोक्ने। नयाँ मेशिन आदि खरिद गर्दा लाभ लागत विश्लेषण गरेर मात्र खरिद गर्ने, यस्ता मेशिन उपकरण	• **उपकरण खरिद गर्दा प्याकेजमै खरिद योजना तयार गरी खरिद गर्नेः** केन्द्रलाई बार्षिक रुपमा विनियोजित बजेट बाट सार्वजनिक खरिद ऐन, नियमावलीमा भएको व्यवस्था बमोजिम स्वीकृत खरिद योजना तथा खरिद गुरु योजना बमोजिम खरिद कार्य गर्ने गरिएको छ । एकमुष्ट रुपमा सम्पूर्ण सुरक्षण मुद्रण छापाखानाको लागि स्रोतको सुनिश्चितता भएमा एकै पटक Turnkey मोडलमा बोलपत्र आव्हान गरी कार्य सञ्चालन गर्न सकिने। • **मेशिन खरिद गरी लामो अवधि थन्काउने र अन्य Accessory का लागि पटक पटक खरिद गर्ने कार्य रोक्नेः** उक्त केन्द्रवाट सञ्चालन हुने कार्य अन्य निकायसँग निर्भर हुनुपर्ने प्रकृतिको रहेको छ।

	सञ्चालन गर्ने दक्ष जनशक्तिको सुनिश्चितता भएको हुनुपर्ने।	सम्बन्धित निकायबाट माग प्राप्त भएपश्चात सोसँग सम्बन्धित कच्चापदार्थको व्यवस्थालगायतका अन्य सामग्री व्यवस्था गर्नुपर्ने हुँदा कार्य सञ्चालनको लागि समय लाग्ने देखिन्छ। केन्द्रबाट खरिद भएका मेसिनबाट उत्पादन कार्य सञ्चालनका लागि केन्द्रले आफ्नै पहलमा आन्तरिक राजस्व विभागसँग समन्वय गरी माग प्राप्त गरी खरिद गरिएको प्रेस मेसिन सञ्चालन गर्ने गरी अन्तःशुल्क स्टिकर उत्पादनका लागि हाल बोलपत्र आव्हान गरी कार्य प्रक्रिया अघि बढिरहेको अवस्था छ। मुख्य मेसिन सम्पूर्ण सामग्री उत्पादनका लागि उपयोग हुन्छ भने Accessory कुनै निश्चित सामग्रीको लागि भिन्नभिन्न हुन सक्ने भएको हुँदा केन्द्रलाई प्राप्त हुने मागका आधारमा सो मागको सामग्री उत्पादनका लागि आवश्यक पर्ने Accessory को आवश्यकताको आधारमा खरिद भएमा खरिद गरेर थन्काउने अवस्था नहुने । • **लाभ लागत विश्लेषणको आधारमा खरिद गर्नेः** यस केन्द्रबाट खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम खुला रुपमा बोलपत्र आव्हान गरी बोलपत्रदातालाई बिना भेदभाव खरिद प्रक्रियामा सहभागी हुने व्यवस्था तथा सार्वजनिक खर्चको अधिकतम प्रतिफल प्राप्त हुनेतर्फ ध्यान दिने गरिएको । • **मेसिन उपकरण सञ्चालन गर्ने दक्ष जनशक्तिको सुनिश्चतता भएको हुनुपर्नेः** जनशक्ति व्यवस्थापन सम्बन्धमा यस केन्द्रको लागि आ.व. २०७८।७९ देखि प्रत्येक आ.व. मा ३२ वटा अस्थायी दरबन्दी स्वीकृत हुने गरेको र उक्त दरबन्दीमा पदपूर्तिको लागि कर्मचारी छनौट मापदण्ड २०७९ स्वीकृत भएको । कर्मचारीहरूलाई दक्ष बनाउन तालिम दिने व्यवस्था मेशिनरी उपकरण खरिद गर्दा बोलपत्रमा नै संलग्न गर्ने गरिएको ।
	• सार्वजनिक निकायका लागि खरिद हुने Satellite Bandwidth खरिद गर्दा निश्चित समयमा पुनः टेण्डर आह्वान गर्ने, पुरानै सम्झौताबमोजिम निरन्तरता दिँदा महँगो पर्न जाने हुनाले यस विषयमा दूरसञ्चार	• **नेपाल टेलिभिजनको** स्याटेलाइटको ब्याण्डविथ खरिद गर्ने सम्झौता समय समाप्त भएपछि अर्को टेण्डर प्रक्रिया नसकिएको अवस्थासम्म त्यही स्याटेलाइट अपरेटरमार्फत कम मूल्यमा केही समयको लागि खरिद भएको। टेण्डर डकुमेन्ट तयार गर्दा मन्त्रालयको प्रतिनिधि र नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिनिधिसमेत रहेको कार्यदलबाट स्पेसिफिकेसन बनाउने र मूल्याङ्कन गर्ने कार्य भएको। टेन्डरमार्फत प्राप्त

	प्राधिकरणसँग समेत सहकार्य गर्ने।	स्याटेलाइट ब्याण्डविथको प्रति मेगाहर्ज प्रति महिनाको अमेरिकी डलर १२५० मा सम्झौता गरिएको।
	• सफ्टवेयरहरूको प्रयोग, सुरक्षा र नियन्त्रणको जाँच गर्न निकायगत परीक्षण गर्नुपर्ने।	• जम्मा ४४ वटा निकायको सूचना प्रविधि प्रणाली (GEA) अडिट गरिएको । जम्मा २५२ वटा निकायको ३७६ वटा प्रणालीको सूचना प्रविधि सूरक्षा अडिट (VAPT) गरिएको
	• दूरसञ्चार सेवा प्रदायकहरूबाट रोयल्टी तथा राजस्वबापतको उठाउन बाँकी रहेको बक्यौता रकम अविलम्ब दाखिला गर्न लगाउने।	• मन्त्रालयको आन्तरिक राजस्व लेखा प्रणाली विकास गरी राजस्वको लेखांकन, अभिलेख तथा प्रतिवेदन कार्यलाई व्यवस्थित गर्न तथा निर्वाध रूपमा राजस्व प्राप्तिको व्यवस्था मिलाउन सुझाव एवं सिफारिससहितको अध्ययन प्रतिवेदन प्राप्त भई कार्यान्वयनको क्रममा रहेको। • दूरसञ्चार सेवा प्रदायकहरूबाट रोयल्टी तथा राजस्व उठाउने सम्बन्धी कार्य नेपाल दूरसञ्चार प्राधिकरणबाट हुँदै आएको । आ.व. २०७७/७८ सम्मको म.ले.प. प्रतिवेदनबाट औंल्याइएका सम्पूर्ण फ्रिक्वेन्सी दस्तुर तथा रोयल्टी राजस्व असुलउपर गरी राजस्वमा दाखिला गर्नका लागि नेपाल दूरसञ्चार प्राधिकरणमा लेखी पठाइएको । • मन्त्रालयमा प्राप्त गुनासोको आधारमा विगत १० वर्षको विभिन्न ११ वटा इन्टरनेट सेवा प्रदायकहरूले रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोष कम दाखिला गरी राजस्व चुहावट एवं सरकारी हानि नोक्सानी गरेको सम्बन्धमा छानबिन गराई प्रतिवेदन प्राप्त भएको। उक्त प्रतिवेदनमा प्राप्त सुझाव कार्यान्वयन एवं असुल उपर गर्नुपर्ने राजस्व रकम असुलउपर गरी दाखिला गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा लेखी पठाइएको।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	• गुणस्तरीय स्वास्थ्य सेवामा आमनागरिकको सहज पहुँच सुनिश्चित गर्न पूर्वाधार, जनशक्ति र औषधी उपकरणको प्रभावकारी व्यवस्थापन गर्ने ।	• संवैधानिक दायित्वको रूपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न बढीमा ३० मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सकिने गरी प्रत्येक पालिकामा थप एक/एक आधारभूत अस्पताल भवन निर्माण गर्ने गरी २५ वटा सम्पन्न भएको र ३९७ वटा निर्माणाधीन रहेको छ। यसका लागि जनशक्ति र औषधी उपकरणका लागि अर्थ मन्त्रालयसँग समन्वय भइरहेको।
	• अस्पतालका उपकरणहरूको खरिद, सञ्चालन तथा नियमित मर्मत सम्भार गरी अविछिन्न सेवा प्रवाहको	• अस्पतालको लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सम्पूर्ण कामको जिम्मेवारी र उत्तरदायित्व कार्यालय प्रमुखको हुने गरी निर्देशन दिइएको।

	लागि कार्यालय प्रमुख उत्तरदायी हुने व्यवस्था मिलाउने।	
	• माग विश्लेषणका आधारमा मात्रै उपकरण खरिद गर्ने र खरिद भएका उपकरणलाई अनिवार्य प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।	• स्वास्थ्य उपकरण खरिदमा आवश्यकताका आधारमा मात्रै गर्ने गरी सुनिश्चित गरिएको र खरिद गरिएका सबै उपकरणहरूको पूर्ण सदुपयोग गर्न निर्देशन दिइएको।
	• सहुलियतपूर्ण उपचार, अनुदान, स्वास्थ्य बीमा लगायत विषयका मापदण्ड पालना गर्ने।	• नेपाल सरकार एवं मन्त्रालयबाट स्वीकृत भएका कार्यविधि, मापदण्ड, निर्देशिकाको पूर्णपालना गर्न सरकारी, सामुदायिक र निजी सबै अस्पताललाई सचेत गराइएको र यसको मन्त्रालयको उच्च तहबाट समय समयमा अनुगमन गर्ने गरिएको ।
	• स्वास्थ्य संस्थाहरूको क्षमता विस्तारसँगै दरबन्दी वृद्धि नहुँदा दरबन्दी पुनरावलोकन गरी पर्याप्त स्वास्थ्य जनशक्ति व्यवस्था गर्ने।	• स्वास्थ्य जनशक्तिको दरबन्दी पुनरावलोकन गरी O&M Survey प्रस्ताव गरी अर्थ मन्त्रालयमा सहमतिको लागि अनुरोध भएको र नियमित रूपमा Follow-up सँगै सालवसाली O&M पुनरावलोकन गर्ने कार्य भइरहेको।
	• चिकित्सक तथा स्वास्थ्यकर्मीहरू कार्यालय समयमा समेत निजी स्वास्थ्य संस्थामा काम गर्ने प्रवृत्तिलाई अन्त्य गर्ने।	• कार्यालय समयको पालना अनिवार्य रूपमा गर्न उच्च नीतिगत निर्णयबाटै निर्देशन दिई मन्त्रालयसमेतले निरीक्षण गर्ने गरेको। वीर अस्पतालमा बिहान ८:०० बजेदेखि नै OPD सञ्चालनमा ल्याइएको।
	• सरकारी अस्पतालमा फार्मेसी सेवा अनिवार्य गरी आवश्यक औषधीहरू सहज सहुलियत मूल्यमा उपलब्ध हुने व्यवस्था मिलाउने।	• सरकारी अस्पतालहरू सबैमा फार्मेसी स्थापना भै सञ्चालनमा रहेका र यसका लागि मन्त्रालयबाट Seed Money उपलब्ध गराइएको।
	• निशुल्क वितरण गर्ने औषधी खरिदका लागि वार्षिक माग विश्लेषण गरी बहुवर्षीय विधिबाट पारदर्शी ढंगले खरिद गरी नियमित आपूर्तिको व्यवस्था मिलाउने।	• नेपाल सरकारले निःशुल्क वितरण गर्ने भनेका ९८ प्रकारका औषधीहरूको खरिदसम्बन्धी कारबाही अधिकांश अस्पताल एवं स्वास्थ्य निकायहरू प्रदेश तथा स्थानीय मातहत रहेकाले यिनै निकायहरूबाट हुने गरेको छ। संघीय अस्पतालहरूको हकमा नेपाल औषधी व्यवस्था लिमिटेडबाट खरिद गर्ने कार्य सुरु भई आइन्दा यसैअनुसार गर्न र प्रचलित कानुनको पूर्णपालना गर्ने गरी गर्न स्वास्थ्य सेवा विभागलाई निर्देशन दिइएको।

निर्वाचन आयोग नेपाल	• राजनीतिक दल सञ्चालनको लागि पारदर्शी र वस्तुगत मापदण्ड बनाई राज्यले नै आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउने परिपाटी विकास गर्ने।	• उल्लिखित सुझाव कार्यान्वयनका लागि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ संशोधन तथा परिमार्जन गर्ने गृहकार्य भइरहेको।
	• चन्दा, दान, उपहार आदि लिने/दिने व्यक्ति, फर्म, निकाय, दल तथा सो को स्रोत एवं उपयोगका विवरण सार्वजनिक गरी पारदर्शिता कायम गर्ने।	• उल्लिखित सुझाव कार्यान्वयनका लागि निर्वाचन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा समावेश गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा पठाइएको।
	• निर्वाचनको प्रचारप्रसार, कार्यकर्ता परिचालनजस्ता कार्यमा गरिने खर्चको मापदण्ड र आचारसंहितालाई कडाइका साथ लागू गर्ने।	• निर्वाचनको प्रचारप्रसार, कार्यकर्ता परिचालनजस्ता कार्यमा गरिने खर्चको मापदण्ड र आचारसंहितालाई कडाइका साथ लागू गरिएको।
	• निर्वाचनमा भाग लिने पदाधिकारीले उम्मेदवारी दिंदा नै अनिवार्य सम्पत्ति घोषणा गर्नुपर्ने, निर्वाचनसम्बन्धी आम्दानी र खर्च बैंकिङ प्रणालीसँग अनिवार्य आबद्ध गर्ने ।	• उल्लिखित सुझाव कार्यान्वयनका लागि आंशिक व्यवस्था लागू गरिएको र पूर्ण कार्यान्वयनका लागि निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा समावेश गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाइएको ।
नेपाल ट्रष्टको कार्यालय	• सार्वजनिक सेवा प्रवाह	• निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० बमोजिम कर्मचारीहरूको नियुक्ति तथा पदस्थापन गरी सबै कर्मचारीहरूलाई कार्यविवरणसहित जिम्मेवारी तोकिएको । • नेपाल ट्रष्ट ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम नियुक्त हुनुभएका ट्रष्ट सञ्चालक समितिका सञ्चालक सदस्यहरूलाई समिति बैठकको निर्णयानुसार कार्यकारी सचिवबाट कार्यजिम्मेवारी तोकिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• कार्यालयका सम्पूर्ण कर्मचारीहरूले निजामती सेवा नियमावली, २०५० मा तोकिएको समयावधिभित्र निजामती किताबखानामा सम्पत्ति विवरण पेस गर्ने गरिएको र कार्यालयको सम्पत्तिको अभिलेख PAMS मा राखिएको।

	• सार्वजनिक खरिद व्यवस्थापन	• खरिद इकाइबाट खरिद योजना निर्माण गरी कार्यालयलाई आवश्यक पर्ने मालसामानहरू सार्वजनिक खरिद ऐन, २०६४ तथा खरिद नियमावली, २०६५ मा भएको खरिदसम्बन्धी व्यवस्था बमोजिम खरिद गर्ने गरिएको।
महालेखापरीक्षकको कार्यालय	• सार्वजनिक सेवा प्रवाह	• कर्मचारीहरूको पदस्थापन, कार्य बाँडफाँड, थप जिम्मेवारी कार्य गर्दा स्पष्ट कानुन, मापदण्ड तय भई कार्यान्वयन भएको। • सिसिटिभीको व्यवस्था र निगरानी गरिएको। • नागरिक बडापत्रबमोजिमको सेवाप्रवाह गरिएको। • बरबुझारथको कार्यलाई अनिवार्य र यथार्थपरक बनाइएको। • जिन्सी निरीक्षण, लिलामी, कागजात धुल्याउने जस्ता कार्यहरू कार्ययोजना बनाई सम्पादन गरिएको। • वार्षिक लेखापरीक्षण योजनाअनुसार समयमै लेखापरीक्षण सम्पन्न गरी सम्बन्धित निकायमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएको छ भने समयमै वार्षिक प्रतिवेदन समेत पेस गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पत्ति अभिलेखीकरण तथा संरक्षण गरिएको। • सबै कर्मचारीको सम्पत्ति विवरण अनिवार्य पेस गर्ने गरिएको। • सरकारी लेखापरीक्षकहरूले पालना गर्नुपर्ने आचारसंहिता जारी गरिएको। • लेखापरीक्षण सुरु गर्नुभन्दा पहिले स्वार्थको द्वन्द्व (Conflict of Interest) नरहेको तथा आचारसंहिता पालनाको घोषणा गर्नुपर्ने व्यवस्था गरिएको।
	• नीतिगत निर्णय	• लेखापरीक्षण व्यवस्थापनका लागि क्षेत्रगत मार्गनिर्देशन जारी गरिएको। • सरकारी लेखापरीक्षण मानदण्ड, आचारसंहिता जारी गरिएको। • सार्वजनिक खरिद प्रक्रियामा कानुनी व्यवस्थाको पूर्ण अवलम्बन गरिएको।
	• सार्वजनिक निकायको दायित्व	• नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ बमोजिम संवैधानिक तथा कानुनी दायित्व एंव काम, कर्तव्य र अधिकार पूरा गर्नका लागि संगठन संरचना, कर्मचारी दरबन्दी व्यवस्था गरी सार्वजनिक निकायको दायित्व पूरा गरिएको।
	• सार्वजनिक खरिद व्यवस्थापन	• सार्वजनिक खरिद ऐन, नियमावली साथै सार्वजनिक खरिदसम्बन्धी मापदण्ड, निर्देशन, निर्णयको पालना गरिएको। • सार्वजनिक खरिद कार्य पूर्व स्वीकृत गुरुयोजना मार्फत

		गरिएको। • सार्वजनिक खरिद कार्यमा संलग्न हुने कर्मचारीको नियमित प्रशिक्षण, तालिमद्वारा क्षमता विकास गरिएको। • खरिद इकाइको कार्य र बोलपत्र मूल्यांकन समितिमा असम्बन्धित सेवा समूहका कर्मचारीहरूलाई संलग्न नगराइएको। • परामर्श सेवाबाट प्राप्त प्रतिफल वा रिपोर्ट तुरुन्त कार्यान्वयन गरिएको।
महालेखा नियन्त्रक कार्यालय	• सार्वजनिक सेवा प्रवाह	• सरुवासम्बन्धी मापदण्ड बनाई लागू गरिएको। • कर्मचारीहरूको कार्यविवरण तयार गरिएको। • डिजिटल नागरिक बडापत्र राखी सेवाप्रवाहलाई पारदर्शी बनाइएको। • विद्युत र खानेपानी महसुल भुक्तानी बाहेक अन्य सरकारी कारोबार विद्युतीय माध्यमबाट हुने गरी विद्युतीय भुक्तानी प्रणाली लागू गरिएको। • बरबुझारथ पत्र बनाई संस्थागत संस्मरण तथा अन्य सूचना हस्तान्तरण गर्ने गरिएको। • जिन्सी निरीक्षण तथा लिलाम बिक्रीसम्बन्धी कार्य नियमित रूपमा गर्ने गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पत्तिको अभिलेख राख्न सुरु गरिएको।
	• सार्वजनिक निकायको दायित्व	• रायसहितको प्रतिवेदन माग भएका विषयवस्तुको गहन छानबिन गरी किटानी रायसाथ पठाउने गरिएको। • अनुसन्धान गरी कारबाहीका लागि लेखी आएका विषयमा आवश्यक कारबाही तथा निरन्तर अनुगमन गर्ने गरिएको।
	• प्रदेश तथा स्थानीय तहको क्षमता विकास	• यस कार्यालयबाट प्रदेश तथा स्थानीय तहहरूका लागि समेत लागू हुने गरी सञ्चालनमा ल्याइएका प्रणालीहरूको प्रयोगका लागि सबै प्रदेश र स्थानीय तहका कर्मचारीहरूलाई क्षमता विकास तालिम सञ्चालन गरिएको।
	• सार्वजनिक खरिद व्यवस्थापन	• खरिद कारबाहीलाई यथासम्भव पारदर्शी र प्रतिस्पर्धात्मक बनाउने गरिएको। • खरिद योजना स्वीकृत गराई सोहीबमोजिम खरिद कार्य गर्ने गरिएको • Standard Bidding Document बमोजिम नै खरिद कार्य गर्ने गरिएको। • खरिदसम्बन्धी ज्ञान भएका कर्मचारीहरूलाई नै खरिद इकाइ र बोलपत्र मूल्यांकन समितिमा संलग्न गराइएको।

राष्ट्रिय सतर्कता केन्द्र	• भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि	• भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्नका लागि सार्वजनिक निकायहरूको अनुगमन तथा निगरानी गर्ने, नागरिक बडापत्र कार्यान्वयनको अनुगमन गर्ने, सम्पत्ति विवरण नबुझाउने जनप्रतिनिधिहरू, राजनीतिक नियुक्ति हुने पदाधिकारीहरू र राष्ट्रसेवक कर्मचारीहरूको विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाउने र स्थानीय तहबाट सञ्चालित आयोजनाहरूको प्राविधिक परीक्षण गर्ने लगायतका कार्यहरू गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• सम्पत्ति विवरण नबुझाउनेको विवरण तयार गरी आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बुझाउने गरेको।
राष्ट्रिय तथ्यांक कार्यालय	• सार्वजनिक सेवा प्रवाह	• स्वीकृत रिक्त दरबन्दीमा मात्र नियमानुसार करारमा कर्मचारी राखिएको। • कार्यालय परिसरमा सिसिटिभि जडान गरिएको। • वेबसाइट अद्यावधिक गरिएको। • नागरिक बडापत्रको कार्यान्वयन भएको। • सार्वजनिक कारोबारको भुक्तानीमा EFT गर्ने गरिएको • बरबुझारथ गर्ने गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• PAMS मा सम्पत्ति अभिलेखीकरण र संरक्षण भएको ।
	• नीतिगत निर्णय	• सरकारी जग्गाको संरक्षण भएको ।
	• सार्वजनिक निकायको दायित्व	• छानबिन गर्ने निकायले रायसहितको प्रतिवेदन माग गरेको अवस्थामा पठाउने गरेको।
	सार्वजनिक खरिद व्यवस्थापन	• प्रतिस्पर्धा संकुचित हुने गरी ठूला ठूला प्याकेज नबनाएको र खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी खरिद कार्य गर्ने नगरिएको । • पूर्व स्वीकृत खरिद योजना मार्फत खरिद गर्ने गरिएको • सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको Standard Bidding Documents को पूर्ण परिपालना गरेको। बोलपत्र मूल्यांकन समिति र खरिद इकाइको कार्यमा असम्बन्धित सेवा समूहका कर्मचारीलाई संलग्न नगराइएको।

राष्ट्रिय योजना आयोग	• संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा तथा विकास कार्यसम्बन्धी अनुदानहरू (समानीकरण/ ससर्त/विशेष/समपूरक) बिच प्रभावकारी समन्वय गराई दोहोरोपना हुन नदिने। • सरकारी अनुदान प्राप्त गैरसरकारी संस्थाहरूको अभिलेख व्यवस्थित गरी आम्दानी र खर्चलाई पारदर्शी र जवाफदेही बनाउन आवश्यक प्रबन्ध मिलाउने । • कृषि क्षेत्रमा दिइने अनुदान पारदर्शी र समन्यायिक मापदण्डबमोजिम आम कृषकको पहुँच सुनिश्चित गर्ने गरी अनुदान वितरण प्रणाली लागू गर्ने।	• संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा तथा विकास कार्यसम्बन्धी अनुदानहरू (विशेष/समपूरक) बिच प्रभावकारी समन्वय कायम गरिएको।

प्रदेश सरकार

प्रदेश	सुझावको संक्षिप्त व्यहोरा	सुझाव कार्यान्वयन संक्षिप्त विवरण
कोशी प्रदेश	• सरकारी वा अर्धसरकारी वा सार्वजनिक निकायमा निर्णय गर्ने तहदेखि सेवा प्रदान गर्ने तहसम्मका कार्यको समयबद्ध सेवा प्रवाह प्रणालीको व्यवस्था कार्यान्वयनमा ल्याउने।	• नगरिक बडापत्र, ई-हाजिरी, Office Automation, कार्यविधि, मापदण्ड, निर्देशिका, समीक्षा, सार्वजनिक सुनुवाइ आदिको माध्यमबाट काम कारबाही चुस्त दुरुस्त गर्दै आइएको।
	• सरकारी, सार्वजनिक जग्गामा अतिक्रमण हुन नदिने र भएको अतिक्रमणलाई हटाउने।	• प्रदेश सरकारका मन्त्रालय र मातहत निकायहरूले उपयोग गरिरहेको जग्गाको विवरण संकलन तथा एकीकृत गर्ने पहल गरिएको। सार्वजनिक सम्पत्ति अतिक्रमण हुन नदिएको साथै यस सम्बन्धमा सजगता अपनाइएको ।
	• संघ तथा प्रदेश तहका मन्त्रालय, विभाग, कार्यालय र स्थानीय तहमा भ्रष्टाचार हुन नदिने व्यवस्था मिलाउने मुख्य दायित्व तत्तत् निकायका प्रमुखको हुने गरी सुशासनसम्बन्धी कानुन र अन्य विषयगत कानुनहरू परिमार्जन गर्ने।	• संघ प्रदेश र स्थानीय तहबाट वितरण गरिने कृषि अनुदानलाई व्यवस्थित पारदर्शी र प्रभावकारी बनाई भ्रष्टाचार न्यूनीकरण गर्न प्रदेश सरकारबाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७, नियमावली, २०७८, मापदण्ड, २०७८ तर्जुमा गरी कार्यान्वयनमा रहेको । • अन्य उद्योग र सहकारीतर्फका कानुनसमेत तर्जुमा गरी कार्यान्वयनमा रहेको ।

	• सार्वजनिक निकायले कानुनसम्मत मापदण्ड बिना अनुदान प्रदान नगर्ने, अनुत्पादक क्षेत्रको अनुदानलाई निरुत्साहित गर्ने, बैंकिङ प्रणालीमार्फत मात्र भुक्तानी दिने र अनुदान उपयोगको अनुगमन अनिवार्य गर्ने।	• आर्थिक मामिला तथा योजना मन्त्रालयबाट संविधान र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमका अनुदान मात्र प्रदान गर्ने गरिएको। साथै अन्य अनुदान मापदण्ड बनाई बैकिङ प्रणालीबाट भुक्तानी गर्ने गरिएको।
	• कृषि क्षेत्रमा दिइने अनुदान पारदर्शी र समन्यायिक मापदण्डबमोजिम आम कृषकको पहुँच सुनिश्चित गर्ने गरी अनुदान वितरण प्रणाली लागू गर्ने।	• प्रदेश सरकारबाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७, नियमावली, २०७८, मापदण्ड, २०७८ तर्जुमा गरी कार्यान्वयनमा रहेको।
	• सरकारी अनुदान प्राप्त गैरसरकारी संस्थाहरूको अभिलेख व्यवस्थित गरी आम्दानी र खर्चलाई पारदर्शी र जवाफदेही बनाउन आवश्यक प्रबन्ध मिलाउने ।	• आर्थिक मामिला तथा योजना मन्त्रालयबाट वैदेशिक सहायता पोर्टल निर्माण भई कार्यान्वयनको चरणमा रहेको।
	• प्राकृतिक वा मानवीय विपद्, चरम गरिबी एवं स्वास्थ्य जटिलता लगायतका अवस्थामा आर्थिक सहायता वा अनुदान दिनुपर्दा स्पष्ट मापदण्डका आधारमा मात्र दिने व्यवस्था मिलाउने।	• आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०७९ अनुसार सहायता प्रदान गर्ने गरिएको।
	• विषय क्षेत्रगत योजना एवं आवधिक विकास योजनामा समावेश नभएका सम्भाव्यता अध्ययन एवं प्रतिफलको सुनिश्चितता नभएका आयोजनाहरू वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने प्रवृत्ति बढ्दै गएको र यसले राष्ट्रिय प्राथमिकता र योजनाबद्ध विकासको प्रक्रियालाई नै नकारात्मक असर पुऱ्याउने हुँदा त्यस्ता आयोजना कार्यान्वयनमा नलैजाने।	• प्रदेशस्तरीय आयोजन छनौट तथा वर्गीकरणसम्बन्धी कार्यविधि, २०८० तथा प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको।
	• राष्ट्रिय प्राथमिकतामा नपरेका र वार्षिक बजेट पर्याप्त मात्रामा नभएका आयोजनामा पनि पूर्वसिर्जित दायित्वको विश्लेषण नगरी स्रोत सुनिश्चितता माग गरी थप दायित्व सिर्जना गर्दै ठेक्कापट्टा गर्ने कार्य बन्द गर्ने।	• हालसम्म पनि प्रादेशिक महत्व/प्रादेशिक गौरवका आयोजना एवं प्रादेशिक प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको विवरण यकिन भइनसकेको अवस्था विद्यमान रहेको छ। स्रोत प्राप्तिको अवस्थाको यथार्थ विश्लेषण नगरी, पूर्व सिर्जित दायित्वको भुक्तानी तालिका यकिन नगरी स्रोत सुनिश्चितता माग गर्ने र थप दायित्व सिर्जना गर्दै ठेक्कापट्टा गर्ने कार्यको अन्त्य गर्न सिर्जित दायित्वको विश्लेषण गरी स्रोत सहमति स्थगन तथा खारेज गर्ने कार्य गरिएको।
	• स्वदेशी तथा आयातित वस्तुको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण कार्यको संस्थागत सुदृढीकरण गर्ने।	• खरिदसम्बन्धी कानुनको परिधिभित्र रही सो कार्य गरिएको। स्वास्थ्य उपकरणको हकमा Biomedical Engineer बाट गुणस्तर परीक्षण कार्य गर्ने गरिएको।

	• कृषि उपजको उत्पादकदेखि उपभोक्तासम्मको वितरण प्रणाली व्यवस्थित बनाई उत्पादकले लाभ प्राप्त गर्ने सुनिश्चितता गर्ने ।	• संघीय सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषि विधेयकको मस्यौदामा उक्त विषय समावेश गरिएको।
	• नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आ-आफ्नो तर्फबाट सरकारी/ सार्वजनिक जग्गाहरूको स्पष्ट, पूर्ण तथा कानुनी हैसियत कायम हुने गरी एकीकृत अभिलेख राख्ने व्यवस्था मिलाउने।	• सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट भएको विवरणअनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सरकारी जग्गाहरूको वार्षिक रूपमा एकीकृत विवरण तयार भएको। • प्रदेश सरकार अन्तर्गतका निकायहरूले उपयोग गरिरहेको तर साबिक नेपाल सरकार अन्तर्गतका निकायको नाममा भएको सरकारी जग्गाको विवरण माग गरिएकोमा सबै निकायबाट विवरण प्राप्त हुने क्रममा रहेको।
	• संघ तथा प्रदेशका वनसम्बन्धी कानुनअनुरूप सबै प्रकारका वन क्षेत्रको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा तथा सीमांकन गरी प्राप्त लगत अनलाइन प्रणालीमा अद्यावधिक गरी प्रकाशित गर्नुपर्ने।	• प्रादेशिक वनक्षेत्र मध्ये ४७३४ वटा (४५९३४१.८३ हेक्टर) वन क्षेत्र समुदायमा आधारित वन व्यवस्थापन पद्धति अनुसार सर्वेक्षण, नाप नक्सा र सीमांकन भई व्यवस्थापन भइरहेको। • १९९६ वटा (२००७.९२ हेक्टर) निजी वनको रूपमा सर्वेक्षण, नाप नक्सा र सीमांकन भई व्यवस्थापन भइरहेको। • १ वटा चक्ला वन (३३७५ हेक्टर) र धनकुटाको सल्लेरी राष्ट्रिय वन (४३.७३ हेक्टर) सरकारद्वारा व्यवस्थित वनको रूपमा सर्वेक्षण, नाप नक्सा र सीमांकन भई व्यवस्थापन हुँदै गरेको।
	• वन क्षेत्रभित्र निर्माण कार्य गर्दा हुने वातावरणीय क्षतिको यकिन गरी क्षतिपूर्तिका लागि आवश्यक संरचना निर्माण, संयन्त्र व्यवस्थापन लगायतका अन्य कार्यहरू समयमै गर्ने व्यवस्था सुनिश्चित गर्ने।	• वातावरण संरक्षण ऐन तथा नियमबमोजिम वनक्षेत्रभित्र निर्माण कार्य हुँदै गरेको । • आ.व. २०७८/०७९ मा जम्मा ३४ वटा वातावरणीय परीक्षण प्रतिवेदन मन्त्रालयबाट स्वीकृत भएको। • वन क्षेत्रभित्र निर्माण कार्य गरिंदा वन तथा वातावरण संरक्षणसम्बन्धी ऐन, नियम, निर्देशिका तथा कार्यविधिबमोजिम वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराएर गरिने गरेको।
	• कर्मचारीको पदस्थापन, सरुवा, थप जिम्मेवारी प्रदान जस्ता कार्य गर्दा स्पष्ट कानुन, मापदण्ड बनाई कार्यान्वयन गर्ने र सेवा सञ्चालन गर्ने मन्त्रालय/निकायलाई जिम्मेवार र उत्तरदायी बनाउने।	• प्रदेश निजामती सेवा ऐन, २०८०, जारी तथा नियमावली निर्माणको क्रममा रहेको। प्रदेश सेवामा कार्यरत लेखा समूहका कर्मचारीहरूको पदस्थापन तथा सरुवासम्बन्धी मापदण्ड, २०७८ अनुसार पदस्थापन, सरुवा, कामकाज तथा थप जिम्मेवारी प्रदान गर्ने गरिएको।

	• भ्रष्टारचारविरुद्धको शून्य सहनशीलताको रणनीति कार्यान्वयन गर्न तथा सुशासन अभिवृद्धि गर्न गरिएका क्रियाकलापहरू।	• सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७८ लाई कार्यान्वयन गर्न गराउन र अनलाइन सफ्टवेयर निर्माणको कार्यमा सहयोग गरिएको। • केन्द्रीय विद्युतीय हाजिरी प्रणालीको कार्यान्वयन, OFFICE AUTOMATION को कार्यान्वयन, PAMS को प्रयोग गरिएको।

मधेस प्रदेश	• नीति कानुन पालना सम्बन्धमा	• भ्रष्टाचार नियन्त्रण एवं भ्रष्टाचार निवारणका लागि कानुन, नीति, निर्देशन अवलम्बन गर्न र सोको पूर्ण परिपालना गर्न मातहतका निकायमा निर्देशन/परिपत्र गरिएको। • तालिम प्रदायक संस्थाहरूका तालिम पठ्यक्रमहरूमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समवेश गर्नका लागि पहल गर्न शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई निर्देशन दिएको।
	• सार्वजनिक सेवा प्रवाह	• कार्यालयमा प्रत्येक कर्मचारीलाई नियुक्ति तथा पदस्थापन गर्दा अनिवार्यरूपमा कार्यविवरण प्रदान गर्ने गरेको । • सेवा प्रवाह गर्ने स्थानहरूमा CCTV राखी त्यसको भण्डारणलाई कानुनले तोकेको अवधिसम्म सुरक्षित राख्ने व्यवस्था मिलाइएको। • सरकारी कार्यालयले जिन्सी निरीक्षण, लिलामी, कागजात धुल्याउने जस्ता कार्यहरू कार्ययोजना बनाई नियमितरूपमा सम्पादन गर्ने व्यवस्था मिलाइएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• राजनीतिक नियुक्ति हुने पदहरूमा नियुक्त हुनुअघि र पदाधिकार समाप्त भएपछि सम्पत्ति विवरण अनिवार्यरूपमा सार्वजनिक गर्न कानुनी व्यवस्था मिलाइएको । • मन्त्री, संवैधानिक निकायका पदाधिकारी, सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले सार्वजनिक कार्यसम्पादनको क्रममा गरेका महत्वपूर्ण निर्णयहरू नियमितरूपमा सम्बन्धित निकायको वेबसाइटमा राख्ने व्यवस्था मिलाइएको। • सबै सार्वजनिक निकायले PAMS मा आ-आफ्नो सम्पत्ति अभिलेखीकरण तथा संरक्षण गर्ने गरेको।
	• अनुदान वितरण	• सार्वजनिक निकायले कानुनसम्मत मापदण्डबिना अनुदान प्रदान नगर्ने, अनुत्पादक क्षेत्रको अनुदानलाई निरुत्साहित गर्ने, बैंकिङ प्रणालीमार्फत मात्र भुक्तानी दिने र अनुदान उपयोगको अनुगमन अनिवार्य गर्ने कानुनमा व्यवस्था गरिएको । • संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा तथा विकास कार्यसम्बन्धी अनुदानहरू (समानीकरण/ससर्त/ विशेष/समपूरक) बिच प्रभावकारी समन्वय गराई दोहोरोपना हुन नदिने गरी कानुनी व्यवस्था गरेको।

बागमती प्रदेश	• सार्वजनिक सेवा प्रवाह	• कर्मचारीको सरुवा, पदस्थापन, नियुक्ति जस्ता विषयहरूलाई प्रदेश निजामती सेवा, ऐन एवं स्थानीय सेवा सञ्चालन ऐन, तर्जुमा गरी कानुन आएको। • स्थायी दरबन्दी अपुग भएकाले मन्त्रिपरिषद्बाट अस्थायी दरबन्दी स्वीकृत भएबमोजिम अवस्थामा मात्र करारका कर्मचारी नियुक्ति गरिएको। • सेवा प्रवाह गर्ने स्थानहरूमा CCTV राखिएको। सूचना तथा जानकारीहरू मन्त्रालयको Website/ Email बाट सार्वजनिक गरिदै आएको। • नागरिक बडापत्र छुट्टै नराखी Digital Display Board मा हेर्न सक्ने गरी राखिएको। • कर्मचारी सरुवा भई जाँदा विद्युतीय कागजात, पासवर्ड र अन्य सम्बन्धित सूचनाहरू नयाँ जिम्मेवारी लिने कर्मचारीलाई हस्तान्तरण गर्ने प्रयास गरिएको। • कारोबारको भुक्तानी विद्युतीय प्रणालीबाट नै गर्ने गरिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण	• राजनीतिक नियुक्ति हुने पदहरूको नियुक्त भएपछि र पदाधिकार समाप्त भएपछि सम्पत्ति विवरण अनिवार्य बुझाउन निर्देशन/संकलन/अभिलेखीकरण र सो को जानकारी सम्बन्धित निकायमा समेत गराईँदै आएको। • करारसेवाका कर्मचारीहरूको सम्पत्ति विवरण भरी कार्यालयमा नै दर्ता गरी त्यसको अभिलेख राख्ने कार्य गरिदै आएको र मातहतका मन्त्रालय/कार्यालयहरूलाई समेत गर्न गराउन लगाइएको। • सार्वजनिक सम्पत्ति PAMS मा अभिलेखीकरण गरिएको।
	• सार्वजनिक खरिद व्यवस्थापन	• सार्वजनिक खरिद कार्य पूर्व स्वीकृत गुरुयोजना मार्फत नै गर्ने गरेको। • सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको Standard Bidding Document को पूर्ण परिपालना गरेको। • प्राविधिक उपकरणहरू खरिद गरी भुक्तानी गर्दा, दाखिला एवं जिन्सी अभिलेख राख्दा हरेक उपकरण र सो भित्र रहेका अवयवहरूको सिलसिलेवार नम्बर सांकेतिक पहिचान, उत्पादन नम्बर राखिएको।
गण्डकी प्रदेश	• कर्मचारीको पदस्थापन, सरुवा, थप जिम्मेवारी प्रदान जस्ता कार्य गर्दा स्पष्ट कानुन, मापदण्ड बनाई कार्यान्वयन गर्ने र सेवा सञ्चालन गर्ने मन्त्रालय/निकायलाई जिम्मेवार र उत्तरदायी बनाउने ।	• गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र नियमावली, २०७९ तर्जुमा गरी सोही बमोजिम कर्मचारीको पदस्थापन, सरुवा तथा जिम्मेवारी तोक्ने गरिएको।
	• स्थायी दरबन्दी अपुग भएको अवस्थामा मात्र	• रिक्त पदमा गण्डकी प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति गरिएको, प्रचलित कानुन बमोजिम मात्र अस्थायी र करारका

	स्वीकृत अस्थायी र करार दरबन्दीमा कर्मचारी भर्ना गर्ने व्यवस्था गर्ने।	कर्मचारी भर्ना गरिएको।
	• सार्वजनिक सेवा प्रवाहका क्रममा कर्मचारी, बिचौलिया र डेस्कहरूबाट हुनसक्ने अनियमितता रोक्न तालुक निकाय, मन्त्रालय तथा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूबाट अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाउने ।	• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा तालुक मन्त्रालयबाट नियमित तथा आवधिक अनुगमन तथा निरीक्षण गरी पृष्ठपोषण प्रदान गरिएको।
	• सेवा प्रवाह गर्ने स्थानहरूमा CCTV राखी त्यसको भण्डारण, सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, देशैभरिबाट हुने सेवाप्रवाहमा एकरूपता ल्याउन एकीकृत सार्वजनिक सेवा प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने।	• सेवाग्राहीको भीड हुने प्रदेश मातहतका यातायात, अस्पताल, कृषि लगायतका सेवा प्रवाह गर्ने कार्यालयमा CCTV व्यवस्था गरिएको। सबै सार्वजनिक निकायमा CCTV को अनिवार्य व्यवस्था गर्दै लगिएको।
	• सार्वजनिक कारोबारको भुक्तानीलाई विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था मिलाउने ।	• तलबभत्ता भुक्तानी लगायतका सबै कारोबार विद्युतीय प्रणालीमार्फत् भुक्तानी गर्ने गरिएको। राजस्व संकलनमा अनिवार्य RMIS प्रयोग गर्ने गरिएको।
	• बरबुझारथ सम्बन्धमा	• सरुवा भई जाने कर्मचारीले संस्थागत स्मरण रहने गरी विवरण तयार गरी हालवालालाई बरबुझारथ गर्ने गरी व्यवस्थित गरिएको।
	• जिन्सी निरीक्षण, लिलामी, कागजात धुल्याउने जस्ता कार्यहरू कार्ययोजना बनाई नियमित रूपमा सम्पादन गर्ने।	• वार्षिक रूपमा लिलामी प्रक्रिया सञ्चालन गर्न मातहत निकायलाई निर्देशन गरिएको।
	• राजनीतिक नियुक्ति हुने पदहहरूमा सम्पत्ति विवरण अनिवार्य रूपमा सार्वजनिक गर्न कानुनी व्यवस्था मिलाउने।	• अनिवार्य सम्पत्ति विवरण बुझाउने र दर्ता गर्ने कानुनको पूर्ण पालना गरिएको। तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानुनबमोजिम जरिवाना गर्ने गरिएको।

	• सार्वजनिक नेतृत्व गर्ने उच्चपदस्थ व्यक्ति एवं कानुनबमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्तिले पेस गरेको सम्पत्ति विवरणको स्वायत्त एवं सक्षम निकायबाट परीक्षण गर्ने कानुनी व्यवस्था मिलाउने।	• मन्त्रिपरिषद्का सदस्यहरूको आचारसंहिता बनाई प्रदेश मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने प्रावधान राखिएको र हालसम्मका मन्त्रिपरिषद् सदस्यको सम्पत्ति विवरण सार्वजनिक गर्ने गरिएको।
	• सम्पत्ति विवरणलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण गर्न आवश्यक कानुनी, प्रविधिगत तथा संस्थागत प्रबन्ध मिलाउने।	• राष्ट्रिय किताबखाना (निजामती) मा सम्पत्ति विवरण बुझाउनुपर्ने निजामती सेवाका राष्ट्रसेवकबाहेकका अन्य सार्वजनिक पदाधिकारीको वार्षिक सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन प्रणालीमा राखिएको।
	• सबै सार्वजनिक निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा आ-आफ्नो सम्पत्ति अभिलेखीकरण तथा संरक्षण गर्ने।	• मातहतका सबै निकायमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को अनिवार्य प्रयोग र सम्बद्ध कर्मचारीलाई तालिम प्रदान गरिएको।
	• सार्वजनिक निकायले कानुनसम्मत मापदण्ड बिना अनुदान प्रदान नगर्ने, अनुत्पादक क्षेत्रको अनुदानलाई निरुत्साहित गर्ने, बैंकिङ प्रणालीमार्फत मात्र भुक्तानी दिने र अनुदान उपयोगको अनुगमन अनिवार्य गर्ने।	• कानुनले व्यवस्था गरेबमोजिम स्पष्ट कार्यविधि तथा मापदण्ड बनाई अनुदान वितरण गर्ने गरिएको। अनुदान उपयोगको अनुगमनलाई कार्यविधि तथा मापदण्डमै अनिवार्य बनाइएको।
	• कृषि क्षेत्रमा दिइने अनुदान पारदर्शी र समन्यायिक मापदण्डबमोजिम आम कृषकको पहुँच सुनिश्चित गर्ने गरी अनुदान वितरण प्रणाली लागू गर्ने।	• पारदर्शी र समन्यायिक मापदण्ड बनाई आम कृषको पहुँच सुनिश्चितताका लागि अधिकतम प्रयास गरिएको।
	• व्यावसायिक प्रकृतिका क्रियाकलापमा संलग्न व्यक्ति, फर्म वा कम्पनीलाई अनुदान प्रदान गर्नुपर्दा उक्त	• स्पष्ट कार्यविधि तथा मापदण्ड बनाई कार्यक्रम सञ्चालन गर्ने गरिएको।

	अनुदानबाट समुदायलाई समेत लाभ हुने सुनिश्चित गर्ने।	
	• प्राकृतिक वा मानवीय विपद्, चरम गरिबी एवं स्वास्थ्य जटिलता लगायतका अवस्थामा आर्थिक सहायता वा अनुदान दिनुपर्दा स्पष्ट मापदण्डका आधारमा मात्र दिने व्यवस्था मिलाउने।	• आर्थिक सहायतासम्बन्धी कार्यविधि बनाई सोहीबमोजिम मात्र सहायता वितरण गर्ने गरिएको।
	• खरिदसम्बन्धी कानुनमा हुने गरेको पटक पटकको संशोधनले कार्यान्वयनमा अस्थिरता सिर्जना भई समस्याको आंशिक समाधान (Piece Meal Solution) ले जटिलता कायम नै रहने हुँदा दीर्घकालीन समाधानका लागि सरोकारवाला पक्षहरूसँग राय सुझाव लिई परिमार्जन गर्ने।	• संघीय सार्वजनिक खरिदसम्बन्धी कानुनले दिएको अधिकार प्रयोग गरी प्रदेश सार्वजनिक खरिद नियमावली तर्जुमा गरी लागू गरिएको।
	• सार्वजनिक खरिदसम्बन्धी कानुन कार्यान्वयनमा सहजीकरणका लागि सार्वजनिक खरिद निर्देशिका (Public Procurement Guidelines) तर्जुमा गर्नुपर्ने।	• संघीय सार्वजनिक खरिदसम्बन्धी कानुनले दिएको अधिकार प्रयोग गरी प्रदेश सार्वजनिक खरिद नियमावली तर्जुमा गरी लागू गरिएको।
	• सार्वजनिक खरिद कार्यमा संलग्न हुने कर्मचारीको नियमित प्रशिक्षण, तालिमद्वारा क्षमता विकास गर्ने ।	• सार्वजनिक खरिद अनुगमन कार्यालयसँगको सहकार्यमा नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत् सार्वजनिक खरिद सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिएको।

	• ढुंगा, गिटी, बालुवाजस्ता नदीजन्य निर्माण सामग्रीको उत्खननका क्रममा कानुनी तथा वातावरणीय पक्षको परिपालना र व्यवस्थित उत्खनन गरी दिगो व्यवस्थापनका लागि समन्वय गर्ने।	• ढुंगा, गिटी, बालुवाजस्ता नदीजन्य निर्माण सामग्री उत्खननलाई व्यवस्थित बनाउन कानुन संशोधनका लागि पटकपटक राष्ट्रिय विकास समस्या समाधान समिति तथा नेपाल सरकारमा अनुरोध गरिएको।
	• आ-आफ्नो प्रदेशमा सुशासनको प्रत्याभूतिका लागि सार्वजनिक सेवामा सेवाग्राहीको सन्तुष्टिको स्तर बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने।	• गण्डकी प्रदेश सुशासन ऐन, नियमावली, नमुना कार्यालय छनौट कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिएको।
	• भ्रष्टारचारविरुद्धको शून्य सहनशीलताको रणनीति कार्यान्वयनमा अन्य निकायहरू तथा सरोकारवालासँगको सहकार्य र सहभागितामा भ्रष्टाचार न्यूनीकरणका उपायहरू अवलम्बन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने।	• भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिमा प्रतिबद्ध रही सोहीबमोजिम नीति तथा कार्यक्रम, बजेट तर्जुमा र सोको कार्यान्वयनमा जोड दिइएको।
लुम्बिनी प्रदेश	• सार्वजनिक सेवा प्रवाह ।	• कर्मचारीको पदस्थापन, सरुवा, थप जिम्मेवारी प्रदान जस्ता कार्य गर्दा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधिमार्फत गर्ने गरिएको। • कार्यालयमा प्रत्येक कर्मचारीलाई नियुक्ति तथा पदस्थापन गर्दा अनिवार्यरूपमा कार्यविवरण प्रदान गर्ने कार्य आ.व.२०८०।८१ देखि प्रारम्भ गरिनेछ। • सार्वजनिक सेवा प्रवाहका क्रममा कर्मचारी, बिचौलिया र डेस्कहरूबाट हुनसक्ने अनियमितता रोक्न तालुक निकाय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत अनुगमन भइरहेको। • नागरिक बडापत्रबमोजिम कार्यालयबाट हुने सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाइएको । • सार्वजनिक कारोबारको भुक्तानीलाई विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था मिलाइएको । • जिन्सी निरीक्षण कार्य नियमित रूपमा हुँदै आएको।
	• सुशासन, सदाचार र नैतिक	• उच्चपदस्थ व्यक्ति एवं कानुनबमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्तिले पेस गरेको सम्पत्ति विवरण यस

	आचरण ।	कार्यालयमा सुरक्षित भण्डारण गरिएको। • प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरू नियमितरूपमा वेब साइट मार्फत सार्वजनिक गर्ने गरिएको । • सबै सार्वजनिक निकायले PAMS मा आ-आफ्नो सम्पत्ति अभिलेखीकरण तथा संरक्षण गर्ने गरेको।
	• नीतिगत निर्णय ।	• सरकारी, सार्वजनिक जग्गामा अतिक्रमण हुन नदिने र भएको अतिक्रमणलाई हटाउने काम नियमित भइरहेको। • अभिलेख संरक्षण ऐन, २०७६ जारी भई कार्यान्वयनमा रहेको। • जग्गा खरिद गर्दा प्रयोजन स्पष्ट गरी कानुनबमोजिम अधिग्रहण वा प्रतिस्पर्धात्मक प्रक्रियामार्फत गर्ने व्यवस्था रहेको।
	• सार्वजनिक निकायको दायित्व ।	• सार्वजनिक निकायको नेतृत्वले आफ्नो मातहत र आफूले प्रभाव पार्नसक्ने कर्मचारीहरूले गर्ने खर्च, नतिजा, गुणस्तर र कानुनको पालना सम्बन्धमा उत्तरदायित्व लिने व्यवस्था रहेको। • प्रदेश सुशासन ऐन, २०७६ जारी गरी सुशासनसम्बन्धी कानुनलाई प्रभावकारी बनाउने प्रयास रहेको। • अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आवश्यक कारबाहीका लागि लेखी पठाइएका उजुरीहरूको छानबिन गर्नुका साथै आवश्यकता अनुसार अनुगमन गर्ने गरिएको।
	• प्रदेश तथा स्थानीय तहको क्षमता विकास ।	• साझा अधिकारका विषयमा स्थापित विधि, प्रक्रिया र मापदण्ड कायम गरी स्पष्टता, एकरूपता तथा कार्यान्वयन योग्यता सुनिश्चित हुने गरी कानुनको तर्जुमा र कार्यान्वयन गर्ने संयन्त्रको क्षमता विकास र सुदृढीकरण गर्ने गरिएको। • अनियन्त्रित उत्खननको नियमन र लाभ उपयोगको सुनिश्चितता कायम गर्न सहजीकरणका लागि खानी अन्वेषण तथा व्यवसाय संरक्षण ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याइएको।
	• सार्वजनिक खरिद व्यवस्थापन ।	• सार्वजनिक खरिदसम्बन्धी कानुन कार्यान्वयनमा सहजीकरणका लागि प्रदेश स्तरीय सार्वजनिक खरिद नियमावली तर्जुमा गरी कार्यान्वयन गरिएको। • बोलपत्रसम्बन्धी कागजातहरूलाई नेपाली र अंग्रेजी भाषामा तयार गरी वेबसाइटमा राख्ने व्यवस्था मिलाइएको। • प्रतिस्पर्धा संकुचित हुने गरी ठूला ठूला प्याकेज बनाउने तथा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्ने कार्यलाई निरुत्साहित गरिएको। • सार्वजनिक खरिद कार्यमा संलग्न हुने कर्मचारीको नियमित प्रशिक्षण, तालिमद्वारा क्षमता विकास गर्ने गरिएको। • सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको Standard Bidding Document को परिपालना भएको। • प्रदेशले सफ्टवेयर खरिद गर्दा एकै प्रकारका सफ्टवेयरमा

		दोहोरोपना नआउनेतर्फ सजग रहने गरेको।
	• खानेपानीतर्फ ।	• खानेपानी आयोजनाहरूको निर्माण सम्पन्न पश्चात मर्मत सम्भार र सञ्चालनको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिमा रहने गरी आयोजनाको स्वामित्व नै नेपाल सरकार, सहरी/ग्रामीण खानेपानी तथा सरसफाइ नीतिअनुसार हस्तान्तरण गर्ने गरिएको।
	• वन क्षेत्रभित्र निर्माण कार्य ।	• वन क्षेत्रभित्र कुनै पनि विकास निर्माणका कार्य गर्दा प्रचलित कानुन अनुरूप वातावरण अध्ययन तथा प्रचलित कार्यविधि निर्देशिका पालना गर्ने गराउने गरिएको।
	• वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र दक्ष जनशक्तिउन्मुख बनाउने । • वैदेशिक रोजगारीमा जानेका लागि सामाजिक जनचेतना अभिवृद्धि गर्ने।	• यस प्रदेशका ६ जिल्लाहरू क्रमशः नवलपरासी (पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ, रोल्पा, बर्दिया, बाँके जिल्लामा सुरक्षित आप्रवासन कार्यक्रम लागू भएको। वैदेशिक रोजगारीमा जाने युवाहरूलाई सीपमूलक तालिम प्रदान गरिएको साथै वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप परीक्षण गरी उद्यमशीलता प्रबर्द्धन र स्वरोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिएको।
	• यातायात व्यवस्था विभाग र प्रदेश सरकारबिचको कार्यगत दोहोरोपना हुने कारणबाट सेवाग्राहीलाई भएको कठिनाइ र सेवाप्रदायकलाई भएको द्विविधा हटाउन आवश्यक व्यवस्था मिलाउने।	• यातायात व्यवस्था विभाग र प्रदेश सरकारबिचको कार्यगत दोहोरोपना हुने (सवारी चालक अनुमतिपत्र, Electronic Driving License and Vehicle Registration System सञ्चालन आदि) कारणबाट सेवाग्राहीलाई भएको कठिनाइ र सेवाप्रदायकलाई भएको द्विविधा हटाउन सम्भव भएका हकमा मातहतका कार्यालयबाट सम्बोधन गरी व्यवस्था मिलाइएको, सम्बोधन हुन नसक्ने विषयका लागि विभागसँग समन्वय गरी सेवा प्रदायकलाई भएको द्विविधा हटाउने प्रबन्ध मिलाइएको।
	• सवारीचालक अनुमतिपत्रको ट्रायल परीक्षा सञ्चालन गर्दा सीसीटीभीको प्रयोग, फुटेजको निर्धारित समयसम्म सुरक्षण, उत्तीर्ण र अनुत्तीर्ण हुनेको प्रमाणित अभिलेखनको अनिवार्य व्यवस्था मिलाउने।	• सवारीचालक अनुमतिपत्रको ट्रायल परीक्षा सञ्चालन गर्दा सीसीटीभीको प्रयोग, फुटेजको निर्धारित समयसम्म सुरक्षण, उत्तीर्ण र अनुत्तीर्ण हुनेको प्रमाणित अभिलेखनको अनिवार्य व्यवस्था गरिएको।
	• यातायात कार्यालयमा सवारी साधनको अभिलेख राख्दा सवारी साधनको नम्बरका अतिरिक्त व्यक्तिको नाम, नागरिकताको	• यातायात कार्यालयमा सवारी साधनको अभिलेख राख्दा सवारी साधनको नम्बरका अतिरिक्त व्यक्तिको नाम, नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रसमेतका आधारमा राख्ने व्यवस्था रहेको।

	प्रमाणपत्र/राष्ट्रिय परिचयपत्रसमेतका आधारमा राख्ने व्यवस्था गर्ने।	
कर्णाली प्रदेश	• सार्वजनिक सेवा प्रवाह ।	• कर्मचारीहरूको सरुवा तथा पदस्थापना गर्दा एकीकृत कार्यविधिको आधारमा गर्ने गरिएको । • स्थायी दरबन्दीअनुसार जनशक्ति अपुग भएको अवस्थालाई अस्थायी दरबन्दी मन्त्रिपरिषद्बाट स्वीकृत गराई कार्यान्वयन गरिएको। • स्वीकृत दरबन्दीमा लोकसेवाबाट पदपूर्ति नभएसम्म कर्णाली प्रदेश प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि बनाई सोहीबमोजिम करार सेवामा कर्मचारी भर्ना गरिएको। • प्रदेश मातहतका यातायात कार्यालयहरूमा सेवा प्रवाहलाई अनलाइन प्रणालीमा आबद्ध गरिएको। पुराना कागजातहरूलाई क्रमशः डिजिटाइज्ड गर्दै लगिएको।
	• सुशासन, सदाचार र नैतिक आचरण ।	• राजनीतिक नियुक्ति हुने पदहरूमा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण अनिवार्य पेस गर्ने, विद्युतीय माध्यमबाट अभिलेखीकरण गर्ने, सम्पत्ति विवरण कानुनबमोजिम सार्वजनिकीकरण गर्ने गरिएको। • मन्त्रालय/निकाय/कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरूको सम्पत्ति विवरण राष्ट्रिय किताबखानामा बुझाउने, प्रदेश लोकसेवा आयोगबाट नियुक्त भएको कर्मचारी र करार सेवाका कर्मचारीहरूको सम्पत्ति विवरणलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण गरी यस कार्यालयमा राखे गरिएको। • नियन्त्रण प्रणाली तर्जुमाका लागि दिग्दर्शन तयार गरिएको। • सार्वजनिक सम्पत्तिहरूको PAMS मा अभिलेखीकरण गर्ने गरिएको। • प्रदेश सरकारको सुशासन तथा विकासको सन्दर्भमा ६१ बुँदे निर्देशन जारी गरी सो को कार्ययोजना बनाई कार्यान्वयन गर्दै आएको।
	• अनुदान वितरण ।	• स्वीकृत कार्यविधिबमोजिम अनुदान वितरणसम्बन्धी कार्यक्रम सञ्चालन गरी यस्ता कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने गरिएको।
	• सार्वजनिक खरिद व्यवस्थापन ।	• कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ तर्जुमा गरिएको। • प्राविधिक उपकरणहहरू खरिद गरी दाखिला एवं भुक्तानी गर्दा र जिन्सी अभिलेख राख्दा हरेक उपकरणको स्पेसिफिकेसन उल्लेख गर्ने गरिएको। • प्रतिस्पर्धा संकुचन हुने गरी वा प्रतिस्पर्धा नै नहुने गरी बोलपत्र कार्यको प्याकेजिङ गर्ने, एउटै कार्यलाई

		टुक्राटुक्रा गरी काम गराउने तथा निश्चित व्यवसायीलाई लक्षित गरी बोलपत्र मूल्यांकनका मापदण्ड तयार गर्ने गरेको पाइएकाले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको Standard Bidding Document को पूर्ण परिपालना गर्ने सम्बन्धमा मातहत कार्यालयलाई निर्देशन भएको। • उपभोक्ता समितिसँगको साझेदारीको नाममा कार्य गर्दा प्रतिस्पर्धा नहुने गरी एउटै आयोजनालाई टुक्र्याई सोझै खरिद गर्ने, दररेट विश्लेषणसमेत नगरी खरिद गर्दा मितव्ययी नहुने गरेको पाइएकाले यस प्रकारको खरिद कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा मातहत कार्यालयलाई निर्देशन भएको।
	• आयोजना व्यवस्थापन ।	• क्षेत्रगत योजना र आवधिक योजनामा समावेश नभएका अनुत्पादक कार्यक्रमहरू प्रस्ताव एवं कार्यान्वयन हुने प्रवृत्ति नियन्त्रण गर्न आवश्यक मापदण्ड कार्यान्वयनमा ल्याइएको। • विषय क्षेत्रगत योजना एवं आवधिक विकास योजनामा समावेश नभएका सम्भाव्यता अध्ययन एवं प्रतिफलको सुनिश्चितता नभएका आयोजनाहरू वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने प्रवृत्ति रोक्न योजना छनौट कार्यविधि बनाई व्यवस्थित गर्न खोजिएको, पूर्वसिर्जित दायित्वको विश्लेषण नगरी स्रोत सुनिश्चितता माग गरी थप दायित्व सिर्जना गर्दै ठेक्कापट्टा गर्ने कार्य बन्द गरिएको । • तत्काल कार्यान्वयनमा लैजान स्रोत सुनिश्चितता भई नसकेका आयोजनाहरूको विस्तृत अध्ययन गराई अनावश्यक खर्च गर्ने कार्य नियन्त्रण गरिएको । • उपलब्ध प्रयोगशाला, जनशक्तिलगायतको स्रोत साधनहरूको पूर्णरूपमा उपयोग गरी सार्वजनिक निर्माण कार्यको गुणस्तर नियन्त्रण, निर्धारित समयमा कार्य सम्पन्न गराउने लगायतका निर्माण व्यवस्थापनको कार्यमा सुधार गरिएको। परामर्शदाता मार्फत डिजाइन तथा सुपरीवेक्षण हुने आयोजनाहरूमा परामर्शदाताको त्रुटिका कारण डिजाइन परिवर्तन भई लागत बढ्ने, आयोजनामा ढिलाइ वा संरचनामा क्षति भएको अवस्थामा परामर्शदातालाई क्षतिपूर्तिसहित कारबाही गर्ने सम्बन्धमा मातहत कार्यालयलाई निर्देशन भएको। • निर्माण व्यवसायीलाई मोबिलाइजेसन पेश्की दिएको लामो अवधिसम्म निर्माण कार्य सम्पन्न नहुने र पेश्की फछ्यौंटसमेत नभएको अवस्थामा निर्माण व्यवसायीलाई कारबाही गर्न निर्देशन भएको, परामर्श सेवाको सम्बन्धमा निर्देशन भएको। सिंचाइ, खानेपानीजस्ता संरचनाहरू डिजाइन गर्दा उक्त संरचनाले दिने सेवा अवधि किटान गरी दिगो संरचना निर्माण गर्ने। • डिजाइनका बखत पूर्वानुमान गर्न नसकिने विशेष कारणबाहेक त्यस्ता संरचना क्षति भएमा डिजाइनकर्ता,

		निर्माणकर्ता र सुपरीवेक्षणकर्तालाई जिम्मेवार बनाइएको। आयोजना सम्पन्न भइसकेपछि आवश्यक परीक्षण गरेर मात्र कार्य स्वीकार गर्ने सम्बन्धमा मातहत कार्यालयलाई निर्देशन भएको।
सुदूरपश्चिम प्रदेश	सार्वजनिक सेवा प्रवाह	• कर्मचारीको पदस्थापन, सरूवा, थप जिम्मेवारी प्रदान जस्ता कार्य गर्दा निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ अनुसार गर्ने गरेको। • कार्यालयको सुरक्षा तथा अवाञ्छित क्रियाकलाप निगरानीका लागि सीमित स्थानहरूमा CCTV जडान गरिएको। सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम् प्रयोग गरिएको। नागरिक वडापत्र, डिजिटल डिस्प्ले इत्यादिको प्रयोग गरिएको। • सबै प्रकारका भुक्तानी विद्युतीय प्रणालीबाट गर्ने गरिएको। • सूचना अधिकारी, प्रवक्ता, गुनासो सुन्ने अधिकारी तोकिएको । • प्रदेश लोकसेवा आयोगबाट स्थानीय तथा प्रदेश तहमा रिक्त दरबन्दीमा पदपुर्ति प्रक्रिया आरम्भ भइसकेको। • हेलो सिएम नामक गुनासो सुनुवाई प्रणालीको प्रयोग भएको। • भुमि प्रशासनसम्बन्धी कागजी तथा विद्युतीय अभिलेखहरू अद्यावधिक गर्न तथा सुरक्षित भण्डारणको लागि प्रदेशभित्रका नापी तथा मालपोत कार्यालयलाई सहयोग गरिएको ।
	• सुशासन, सदाचार र नैतिक आचरण	• राजनैतिक पदाधिकारी तथा सचिवालयका कर्मचारी, स्थायी, करार र ज्यालादारीमा रहेका कर्मचारीहरूको सम्पत्ति विवरण तोकिएको समयमा सम्बन्धित निकायमा बुझाएको। • प्रदेश सदाचार नीति एवं मापदण्ड तर्जुमासम्बन्धी कार्य सुरुवात भएको । • कार्यालयहरूमा PLMBIS, CGA, New RMIS, PAMS, E-attendance को प्रयोगबाट अभिलेखांकन, प्रतिवेदन, सूचना प्रवाहमा सहजता भई पारदर्शिता अभिवृद्धि भएको । • सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६, सुदूरपश्चिम प्रदेशको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी मापदण्ड, २०७९ लगायत प्रचलित कानुनको आधारमा मन्त्रालयमा कर्मचारीहरूले गर्ने खर्च, नतिजा, गुणस्तर र कानुनको

		पालना तथा अनुशासन कायम गरी उत्तरदायित्व र सुशासन कायम गरिएको। • प्रदेशको कर तथा गैरकर राजस्व लगाउने तथा उठाउने सम्बन्धमा सुदूरपश्चिम प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन २०७५ तर्जुमा भई लागू गरिएको।

सबै स्थानीय तह

निकाय	सुझावका विषयहरू	सुझाव कार्यान्वयनको अवस्था
सबै स्थानीय तह	• भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि ।	• निजी तथा गैरसरकारी क्षेत्रको भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउनका लागि स्थानीय तह कार्य क्षेत्र रहेका निजी तथा गैरसरकारी संस्थाको नगरसभाबाट बजेट पारित गरिसकेपश्चात कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गरिँदै आएको। • नगर क्षेत्रभित्र रहेका निजी तथा गैरसरकारी संस्थाहरूको प्रोफाइल तयार गरी विवरण राखिएको साथै कार्यप्रगति प्रतिवेदन लिने गरिएको। • स्थानीय पाठ्यक्रममा सदाचार तथा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गरिएको।
	• सार्वजनिक सेवा प्रवाह सुशासन, सदाचार र नैतिक आचरण ।	• प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०७९ बमोजिम स्थानीय सेवाका कर्मचारीको व्यवस्थापन गर्ने गरिएको। • सूचना प्रविधि प्रणालीको प्रयोगलाई बढाउँदै विद्युतीय हाजिरी, SUTRA प्रणाली मार्फत सबै वडाहरूबाट राजस्व संकलनको सुरुवात, घटना दर्ता सबै Online र सामाजिक सुरक्षा भत्तालाई अनिवार्य रूपमा बैंक खातामार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइएको। • कतिपय सेवाहरू (शव वाहन सेवा, एम्बुलेन्स सेवा, सुत्केरी कोशेली सेवा, रोग निवारक औषधीहरू, फोहरमैला संकलन आदि) घरधुरी तहमै घुम्ती सेवा मार्फत पुऱ्याइएको। • स्थानीयस्तरमा बेरोजगारको तथ्यांक यकिन गरी वास्तविक बेरोजगारलाई प्राथमिकताका साथ रोजगारीका अवसर उपलब्ध गराउने गरिएको। • स्थानीयस्तरीय/विद्यालयस्तरीय पाठ्यक्रममा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्दै सूचना प्रविधि प्रणालीको उच्चतम प्रयोग गरिएको। • नागरिक शिक्षा एवं प्रचार प्रसारका सामग्रीहरूको प्रयोग, सार्वजनिक तालिम प्रदायक संस्थाहरूका पाठ्यक्रमहरूमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनात्मक विषयवस्तु समावेश गराइएको। • चौमासिक रूपमा सार्वजनिक सुनुवाइ गर्ने गरिएको। • स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेर मात्र कर संकलन हुँदै आएको, कानुनमा नतोकिएको विषयमा कर असुल नगरिएको।
	• अनुदान वितरण	• सरकारी अनुदान प्राप्त गैरसरकारी संस्थाहरूको अभिलेख व्यवस्थित गरी आम्दानी र खर्चलाई पारदर्शी र जवाफदेही

		बनाउन आवश्यक प्रबन्ध मिलाइएको। • प्राकृतिक वा मानवीय विपद्, चरम गरिबी एवं स्वास्थ्य जटिलता लगायतका अवस्थामा आर्थिक सहायता वा अनुदान दिनुपर्दा स्पष्ट मापदण्डका आधारमा मात्र दिने व्यवस्था मिलाइएको। • कार्यविधि र मापदण्ड बनाएर मात्र खास गरी कृषि तथा पशुपंक्षी कार्यक्रमा अनुदान उपलब्ध गराइएको। • बैंकिङ प्रणाली मार्फत भुक्तानी गर्ने गरिएको र अनुदान उपयोगको अनुगमन गर्ने गरिएको । • नेपाल सरकार, प्रदेश सरकार र यस गाउँपालिकाबाट हुने सेवा र विकाससम्बन्धी अनुदानहरूमा दोहोरोपना हुन नदिने व्यवस्था गरिएको। • कृषि तथा पशुपन्छी क्षेत्रमा दिइने अनुदानको कार्यविधि र मापदण्ड कार्ययोजना बनाई पारदर्शी रुपमा समन्यायिक मापदण्डबमोजिम वितरण गर्ने गरिएको र स्रोत अभावको कारण आम किसानको पहुँच सुनिश्चित गर्न नसकिएको। • प्राकृतिक वा मानवीय विपद आर्थिक अवस्था कमजोर र स्वास्थ्य जटिलता भएकालाई मापदण्ड बनाई आर्थिक सहयोग गरिएको र द्वन्द्व पीडित तथा सहिद परिवारलाई कार्य विधि बनाई औषधी उपचार सहयोग र आय आर्जनका लागि अनुदान उपलब्ध गराइएको ।
	• सार्वजनिक खरिद व्यवस्थापन ।	• ठूला मेसिन तथा औजार खरिद गर्ने र सो को व्यवस्थापन गर्न नसकी उपयोगविहीन हुने अवस्था देखिएको हुँदा ठूला मेसिनरी उपकरण खरिद तथा ठूला पूर्वाधार निर्माण गर्दा लाभ, लागत विश्लेषण र सञ्चालन उपयोग योजना तयार गरी मात्र गर्ने व्यवस्था मिलाइनेछ। • उपभोक्ता समितिसँगको साझेदारीको नाममा कार्य गर्दा प्रतिस्पर्धा नहुने गरी एउटै आयोजनालाई टुक्र्याई सोझै खरिद गर्ने, दररेट विश्लेषणसमेत नगरी खरिद गर्दा मितव्ययी नहुने गरेको पाइएकाले यस प्रकारको खरिद कार्यलाई नियन्त्रण गर्ने गरिएको छ। • सरकारी सार्वजनिक लगानीमा खरिद गरिएका निर्माण कार्य, मालसामान वा परामर्श सेवा उद्देश्यअनुरूप सञ्चालन नगरेमा वा प्रयोगमा नल्याएमा सरकारी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भएको मानिने हुँदा उद्देश्यअनुरूप प्रयोगमा ल्याउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाइएको। • सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेको व्यवस्था अनुकूल हुने गरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइएको। • रु.१ करोडभन्दा ठूलो आयोजनालाई प्याकेज बनाई खरिद कार्य गर्ने गरिएको र खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी खरिद नगरिएको। • सार्वजनिक खरिद गर्दा रु १० करोडभन्दा बढीका आयोजनाको खरिद गुरु योजना र साना आयोजनाहरूको वार्षिक खरिद योजना

		बनाई कार्यान्वयन गर्ने गरिएको। • बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी क्रियाकलापगत बजेट विनियोजन गर्नुपर्नेमा सो नगरी अशवण्डामा ठूलो बजेट राख्ने र निवेदनका आधारमा तोक लगाई आयोजना सञ्चालन तथा भुक्तानी गर्ने कार्य रोकी बजेट तर्जुमाकै चरणमा आयोजना तथा क्रियाकलापमा छुट्याएर बजेट विनियोजन गर्ने व्यवस्था गर्ने गरेको।
	• आयोजना व्यवस्थापन ।	• विकास निर्माण प्रक्रियामा बोलपत्र/शिलबन्दी दरभाउ पत्रको माध्यमबाट गराउने आयोजनाहरूको प्रत्येक आ.व.को प्रथम चौमासिक अवधिभित्र ठेक्का गरी सम्झौता गर्ने कार्य गरिएको। • मोबिलाइजेसन पेश्की सम्झौता अवधिभित्र फछ्यौंट गर्ने गरिएको र पेश्की जम्मा भएको बैंक खाता र खर्च प्रयोजन खुल्ने विवरण माग्ने गरिएको। • स्थानीय आवश्यकतामा आधारित जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने किसिमका आयोजना वार्षिक कार्यक्रममा समावेश गर्ने गरिएको। • ठूला आयोजनाहरूको DPR गरेर मात्र वार्षिक कार्यक्रममा समावेश गर्ने गरिएको। • आयोजनाको लागि बजेट व्यवस्थापन गरेर मात्र ठेक्कापट्टा गर्ने गरिएको। • स्रोत सुनिश्चित भएका तथा संघ तथा प्रदेश सरकारसँग आयोजना प्रस्ताव गर्नका लागि मात्र विस्तृत अध्ययन गर्ने गरिएको।

५.३ भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नका लागि आयोगद्वारा दिइएका सुझावहरू

दिगो आर्थिक र सामाजिक विकाससहितको विकसित मुलुक बन्नका लागि भ्रष्टाचारलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न आवश्यक छ । यसका लागि राज्यका सबै पक्षहरूमा इमान्दारिता र पारदर्शिताको संस्कृति साथै कर्तव्य, जिम्मेवारी, न्याय र समानताको सचेतना आवश्यक छ। सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्न सर्वमान्य तथा स्थापित मापदण्डमा आधारित कार्यसम्पादन, जवाफदेहिता, प्रभावकारी शासन व्यवस्था र सुधारिएको प्रशासनिक प्रणाली अवलम्बन गर्न आवश्यक छ । यसबाट शक्तिको दुरुपयोग र स्वविवेकीय एकाधिकार नियन्त्रण हुन्छ ।

सार्वजनिक स्रोत परिचालन र विकास परियोजनाहरू कार्यान्वयन हुने क्षेत्रहरूका साथै जनतालाई दैनिक सेवा प्रवाह गर्न जिम्मेवार क्षेत्रहरू भ्रष्टाचारको चपेटामा परेका छन्। विशेष गरी राजस्व संकलन, सार्वजनिक खरिद, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगारी, अध्यागमन, यातायात व्यवस्थापन, कार्गो लाइसेन्सिङ जस्ता क्षेत्रमा विभिन्न अनियमितता भएका उजुरीहरू आयोगमा परेका छन् । यस्ता प्रकृतिका भ्रष्टाचारले आर्थिक विकास, पूर्वाधार निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक सुरक्षा र प्राकृतिक स्रोतको संरक्षणमा प्रतिकूल प्रभाव पारेको छ ।

भ्रष्टाचार एक जटिल विषय भएकाले यसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नका लागि सबै तह र क्षेत्रका जिम्मेवार पदाधिकारीहरूको सहयोग, दृढ संकल्प र प्रतिबद्धता आवश्यक हुन्छ । भ्रष्टाचारविरुद्ध लड्न र सदाचार संस्कृतिको विकास गर्न संघ, प्रदेश र स्थानीय तहका राजनैतिक तथा प्रशासनिक नेतृत्वले पारदर्शिता, जवाफदेहिता र उच्च नैतिकता प्रदर्शन गर्न जरुरी हुन्छ ।

प्रस्तुत खण्डमार्फत मुलुकमा दिगो शान्ति, विकास, सुशासन र समृद्धि कायम गर्न विभिन्न सुझावहरू दिइएको छ । यी सुझावहरू भित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूका साथै अन्तर निकाय सहकार्यका लागि सुझावहरू समावेश छन् । यी सुझाव मुलुकमा भ्रष्ट गतिविधिहरूलाई निरुत्साहित गरी नैतिक आचरणको प्रवर्द्धनमार्फत भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने र सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचारलाई नियन्त्रण गरी सुशासनको प्रवर्द्धन गर्नु तथा सार्वजनिक क्षेत्रका निकाय र अधिकारीहरूको जिम्मेवारी र जवाफदेहिता बढाएर सार्वजनिक सेवालाई सरलीकृत र सुधार गर्नु उल्लिखित सुझावहरूका मुख्य उद्देश्यहरू रहेका छन् ।

५.३.१ नीति तथा कानुन

१. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC, २००३) को कार्यान्वयनसम्बन्धी

UNCAC, २००३ को कार्यान्वयनका लागि राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ तथा हालसम्मको प्रगतिको मूल्याङ्कन गर्दै राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८० सहित आगामी कार्यदिशा तय गर्न र भ्रष्टाचारजन्य क्रियाकलापहरूको अनुसन्धान र अभियोजन गर्न निम्न कानुनी र संरचनागत बन्दोबस्त हुनुपर्ने :

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अन्य सम्बद्ध कानुन संशोधन गर्दै निजी तथा गैरसरकारी क्षेत्रको भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउने,
- भ्रष्टाचारसम्बन्धी उजुरीकर्ता, साक्षी, विशेषज्ञ, अनुसन्धानकर्ता, पीडित तथा सूचनादाताको संरक्षण, स्वार्थको द्वन्द्व व्यवस्थापनलगायत नयाँ कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने,
- भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा राष्ट्रिय प्रयासहरू तथा अन्तर्राष्ट्रिय अभ्यासहरूको अनुसरण, समन्वय र सहकार्य गर्ने,

- भ्रष्टाचारको बदलिदो स्वरूप र प्रकृतिसँग जुध्ने गरी संरचना र पद्धति निर्माणका लागि कानुन परिमार्जन गर्दै अनुसन्धान र अभियोजनकारी निकायहरूमा अनुसन्धान र विकास इकाई (R&D Unit) गठन गर्ने,
- कानुनी राज्य स्थापनामा तीनै तहका सरकारको भूमिकालाई सुधारको क्षेत्र/विषय पहिचान गर्ने तथा सूचना प्रविधिको अधिकतम उपयोग बढाउने,

२. शासकीय संरचना सुधार

- नेपालको संविधानअनुसार संघीयता कार्यान्वयनमार्फत शासकीय सुधारका लागि तर्जुमा वा संशोधन गर्न बाँकी रहेका कानुनहरू यथाशीघ्र तर्जुमा वा संशोधन गर्ने,
- तीनै तहका सार्वजनिक निकायले प्रभावकारी सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि कार्यदक्षता, मितव्ययिता र पारदर्शिता कायम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रशासनिक पुनर्संरचनालाई पूर्णता दिने,
- सबै सार्वजनिक निकायले अनियमितता र भ्रष्टाचारको जोखिम मूल्याङ्कन गरी यसविरुद्ध निर्मम रूपमा प्रभावकारी संयन्त्र, प्रविधि, स्रोत र जनशक्ति परिचालन गर्ने,
- सार्वजनिक निकायले नीतिगत निर्णय र विकास निर्माण, वस्तु तथा सेवाको उत्पादन, प्रवर्द्धन र वितरणका चरणहरूमा सरोकारवाला निकाय/व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने,
- कुनै पनि तहमा तोकिएबमोजिमको कार्यसम्पादन गर्दा आधार, कारण, औचित्य, उपलब्धि, दायित्व र जिम्मेवारी स्पष्ट हुने गरी कार्यविधि, मापदण्ड वा निर्देशिका बनाई लागू गर्ने,
- जुन काम वा निर्णय जुन पद वा संस्थाबाट गर्ने भनी तोकिएको छ, उक्त काम वा निर्णय तोकिएकै व्यक्ति, पद वा संस्थाबाट मात्र गराउने, यसरी कार्य भए नभएको विषय सम्बन्धित सुपरीवेक्षण गर्ने निकायले यकिन गराउने प्रणालीको विकास गर्ने,
- सार्वजनिक निकायले भ्रष्टाचारविरुद्ध सजग र संवेदनशील रही नियामक निकायका निर्देशन र सुझावहरू कार्यान्वयन गर्ने,
- सबै सार्वजनिक निकायहरूले सम्पत्ति व्यवस्थापन, आन्तरिक नियन्त्रण, लेखापालनलगायत सम्बद्ध प्रणालीहरू अनिवार्य अवलम्बन गर्दै सोको अनुगमन र प्रतिवेदनसमेत गर्ने ।

३. सार्वजनिक सेवा प्रवाह र सुशासन

- सरकारी निकाय वा पदाधिकारीले दिने सेवा वा गर्ने निर्णयको निश्चित समय सीमा तोक्ने व्यवस्था मिलाउने,
- सेवा सञ्चालन गर्ने निकायले कार्यसम्पादन मूल्यांकन, सरुवा, बढुवा, अनुभव, योग्यतालगायतका विवरणहरू सम्बन्धित किताबखानाको अनलाइन प्रणाली विकास गरी अद्यावधिक गर्ने,
- कर्मचारीहरूको आचरण, समयको परिपालना, पोसाकलगायतका विषयसमेत समेट्ने गरी कार्यसम्पादन मूल्यांकनको मौजुदा व्यवस्थालाई वस्तुपरक, वैज्ञानिक र व्यावहारिक बनाउने,
- व्यवस्थापकीय पदहरूमा कार्यसम्पादन करारलाई अनिवार्य गरी सोको प्रभावकारी कार्यान्वयनका लागि करार अवधिभर सरुवा नगर्ने। कार्यसम्पादन करारलाई कार्यसम्पादन मूल्यांकनसँग आबद्ध गर्ने,
- सबै सरकारी भुक्तानीलाई क्रमशः अनिवार्य विद्युतीय भुक्तानी प्रणालीमा रूपान्तरण गर्ने, गैरविद्युतीय भुक्तानी निरुत्साहित गर्न सदर गर्ने निकायले यसको अनुगमन गर्ने,

- सार्वजनिक सेवा प्रवाहलाई सशक्त बनाउन सेवा प्रदायकहरूको क्षमता विस्तार, प्रविधिको उच्चतम उपयोग, निजी क्षेत्रसँग सहकार्य तथा एकद्वार प्रणाली जस्ता प्रक्रियामार्फत समय, लागत र दुरी घटाउने,
- सम्बन्धित निकाय वा कार्यालयका गुनासो सुन्ने प्रणालीलाई विद्युतीय स्वरूपमा रुपान्तरण गर्ने,
- सेवाग्राहीले पाउने सास्ती रोक्न सेवा प्रवाह गर्ने निकायमा बिचौलियाहरूलाई निषेध गर्दै सेवालाई सरल, चुस्त, पहुँचयोग्य, पारदर्शी र दुरुस्त बनाउने,
- सम्बन्धित मन्त्रालयको मन्त्रीस्तरबाट निर्णय नभएका कुनै पनि योजना बजेट प्रणालीमा समावेश नगर्ने । यसरी छनौट भएका योजनाको प्रभावकारी कार्यान्वयन र अपेक्षित प्रतिफल प्राप्त नभएमा सम्बन्धित विभागीय मन्त्रीलाई पूर्ण रुपमा जिम्मेवार बनाउने प्रणालीको विकास गर्ने,
- सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्ने गराउने, सोका लागि सार्वजनिक निकायबाट भए गरेका काम कारबाहीको नियमानुसार सार्वजनिकीकरण गर्ने,
- सार्वजनिक सेवा बडापत्रबमोजिम उल्लेखित सेवा प्रवाह भए नभएको विषयमा नतिजामूलक अनुगमन मूल्यांकन गर्ने, सम्बन्धित निकायले नागरिक बडापत्रमा रहेको क्षतिपूर्तिको प्रावधानको अनिवार्य कार्यान्वयन गर्ने,
- सार्वजनिक सेवा प्रवाह प्रक्रिया र पद्धति निरन्तर सुधार गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षणलगायतका कार्यहरू गर्ने,
- सार्वजनिक निकाय वा पदाधिकारीहरूले प्रदान गर्ने सेवा वा गर्ने निर्णयको निश्चित समयसीमा तोक्ने व्यवस्था मिलाउने,
- भौतिक एवं अनलाइन टोकन प्रणालीको प्रयोगमा सबै प्रकारका सेवाग्राहीको पहुँच सुनिश्चित गर्ने ।

४. योजना तर्जुमा, बजेट विनियोजन तथा आयोजना व्यवस्थापन

- आयोजना निर्माण गर्नुपूर्व नै वस्तु तथा सेवाको कार्यसम्पन्न पश्चात प्राप्त हुने लाभको यकिन गरी डि.पि.आर./व्यावसायिक योजनाको तर्जुमा र बजेट निर्धारण गर्ने,
- पुल, भवन, सडक निर्माण लगायत जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत नगराउने गरी उपभोक्ता समितिमार्फत गराइने कार्यबारे स्पष्ट कानुनी व्यवस्था गर्ने,
- आयोजना छनौट गर्दा प्रचलित मापदण्ड, आधार र उपलब्धिको यकिन नगरी हचुवाको भरमा राज्य कोषमा ठूलो परिमाणमा दायित्व सिर्जना हुने गरी बजेट प्रस्ताव नगर्ने,
- पर्याप्त सवारी चाप नभएका सडक विस्तार, स्तरोन्नति र प्रतिफल यकिन नभएका विमानस्थल निर्माण तथा स्तरोन्नति, सञ्चालनको मोडालिटी निर्धारण नभएका सभा हल निर्माणजस्ता आयोजनाहरूमा बजेट प्रस्ताव नगर्ने,
- लामो समयसम्म सम्पन्न नभएका रूग्ण ठेक्काहरूलाई चालु आर्थिक वर्षमा नै सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्ने, संघ र प्रदेश सरकारले स्रोत सुनिश्चितता बिना र आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७७ को प्रतिकूल हुने गरी बजेट विनीयोजन भई दायित्व सिर्जना भएको र निर्माण कार्यको भुक्तानी दिन समस्या भइरहेको विषयलाई सम्बोधन गर्ने,
- विगतमा निर्माण भएका तर सञ्चालनमा नआएका आयोजनाहरू तत्काल प्रतिफल प्राप्त हुने गरी सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने,
- निश्चित समय सीमाभित्र प्रतिफल प्राप्त हुने प्राथमिकता प्राप्त आयोजना तथा आयोजना छनौटका प्रचलित विभागीय मापदण्ड र आधारहरूको विश्लेषण गरी राष्ट्रिय योजना आयोगको राष्ट्रिय परियोजना

बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा प्रविष्टि गरेपश्चात् मात्र बजेट विनियोजन गर्ने कार्यलाई कडाइका साथ लागू गर्ने ।

- स्रोतको सुनिश्चितता नभएका, सामान्य सर्भे गरेमा मात्र पुग्ने प्रकृतिका विकास आयोजनाहरूको DPR गर्ने र सोका आधारमा ठूलो हिस्साको सरकारी रकम खर्च गर्ने परिपाटी रहेको देखिएकाले सामान्य सर्भे गरेमा पुग्ने खालका सामान्य प्रकृतिका विकास आयोजनाहरूमा र तत्काल कार्यान्वयनमा लैजान स्रोत सुनिश्चितता भई नसकेका आयोजनाहरूको DPR गरी अनावश्यक खर्च गर्ने कार्यलाई कानुनी कारबाहीको दायरामा ल्याउने,
- आयोजना छनौट गर्दा प्रचलित मापदण्ड, आधार र उपलब्धिको यकिन नगरी हचुवाको भरमा राज्य कोषमा ठूलो परिमाणमा दायित्व सिर्जना हुने गरी बजेट प्रस्ताव नगर्ने,
- वातावरणसँग प्रत्यक्ष रूपमा सरोकार राख्ने विकास निर्माणलगायत अन्य कार्य गर्दा वातावरण संरक्षण सम्बन्धी ऐन/नियमले तोकेबमोजिम अनिवार्य रूपमा प्रारम्भिक वातावरणीय मूल्यांकन र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरेर मात्र कार्य गर्ने,
- लामो समयसम्म सम्पन्न नभएका रुग्ण ठेक्काहरूलाई समयमै सम्पन्न गर्ने गरी आयोजना व्यवस्थापन गर्ने,
- आयोजनाको ठेक्का सम्झौता कार्यान्वयन गर्न लाग्ने वास्तविक समय निर्धारणको आधार तयार गरी लागू गर्ने ।

५. सार्वजनिक खरिद व्यवस्थापन

- सार्वजनिक खरिद कारबाहीमा हुने अनियमिततालाई नियन्त्रण गर्न सार्वजनिक खरिद ऐन, २०६३ ले दिएको अधिकारलाई प्रभावकारी रूपले कार्यान्वयन गर्ने, सार्वजनिक निर्माण तथा संरचना मर्मतको नर्म्समा एकरूपता कायम गर्ने, परामर्श सेवाको नर्म्स तयारीमा मापदण्ड निर्धारण गर्ने र परामर्शदातालाई जिम्मेवार बनाउने गरी ऐन, नियमलाई समय सापेक्ष संशोधन गर्ने,
- आय ठेक्कासम्बन्धी कानुन र कार्यविधि समय सापेक्ष बनाउने,
- ढुंगा, गिट्टी, बालुवाजस्ता नदीजन्य पदार्थको उत्खननका क्रममा वातावरणीय र सुरक्षाको पक्षलाई ध्यान दिए नदिएको, जथाभावी उत्खनन् गरे नगरेको, तथा अपारदर्शी रूपमा मिलेमतोमा ठेक्का लगाए नलगाएको सम्बन्धमा निरन्तर अनुगमन गर्ने गराउने र भ्रष्टाचारजन्य कसुर गरेको देखिएमा आवश्यक कारबाहीका लागि कानुनबमोजिमको प्रक्रिया अगाडि बढाउने,
- परामर्शदातालाई जिम्मेवार बनाउने गरी Professional Liability Insurance को निर्देशिका तयार गर्ने,
- १० वर्ष अगाडि नै सम्पन्न गर्ने गरी खरिद सम्झौता भएका ठेक्काहरूको हालसम्म पनि पटकपटक म्याद थप हुँदै आएकोमा ढिला हुनुको स्पष्ट कारण पहिचान गरी यथाशक्य छिटो सम्पन्न गर्ने गरी कार्य योजना तयार गरी उपयुक्त निर्णय लिनुपर्ने, साथै नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने गरी खरिद सम्झौताको म्याद थप हुने गरेकोमा सो सम्झौतामा मूल्य समायोजनलगायतका विषयमा दाबी भई समयावधि लम्बिने र अदालतबाट फैसला भएमा दाबी भुक्तानी हुने कारणले नेपाल सरकारलाई अझ बढी आर्थिक दायित्व थपिने हुनाले त्यस्तो नहुने गरी विभागीय निर्देशिका तयार गरी लागू गर्ने,
- Slicing & Packaging सम्बन्धी विभागीय निर्देशिका तयार गरी प्रतिस्पर्धालाई संकुचित गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने । एउटै कार्यलाई टुक्राटुक्रा गरी काम गराउने तथा निश्चित व्यवसायीलाई लक्षित गरी बोलपत्र मूल्यांकनको आधार तयार गर्ने परिपाटीलाई कडाइका साथ नियन्त्रण गर्ने,

- परामर्शदातामार्फत तयार भएका अध्ययन प्रतिवेदनहरूको कार्यान्वयनको सन्दर्भमा विभाग र मन्त्रालय स्तरबाट व्यवस्थित अभिलेख राखी अनुगमनसमेत गर्ने,
- आर्थिक वर्षको अन्त्यमा गरिने खरिद कार्यलाई निरुत्साहित गर्ने, हरेक सार्वजनिक खरिदको "औचित्य" र "प्रभावकारिता" पुष्टि हुने गरी तालुक निकायबाट सघन अनुगमन गर्ने, खरिद योजना तयार गरी सोअनुसारको समयसीमाभित्र खरिद प्रक्रिया सम्पन्न गरी सम्झौताको कार्यान्वयन गर्ने,
- खरिद कार्यमा संलग्न सम्बन्धित पदाधिकारीलाई खरिद कानुनले व्यवस्था गरेबमोजिम पूर्ण प्रतिस्पर्धी वातावरण सिर्जना गरे नगरेको विषयमा जिम्मेवार र उत्तरदायी बनाई ऐन नियम पालना नगर्ने उपर कारबाही गर्ने पद्धतिको विकास गर्ने,
- बजेटको सुनिश्चितता, आयोजनाको सर्भे/डिजाइन/लागत Verification, लाभ लागत विश्लेषण, वातावरणीय प्रभाव मूल्यांकन, सम्बन्धित सरोकारवाला निकायहरूबिच समन्वय, जग्गा प्राप्ति, अन्य संरचना हटाउने (Relocation), निर्माण स्थलको तयारीलगायतका सार्वजनिक खरिद कानुनको प्रावधानबमोजिम पूर्वतयारीपश्चात् मात्र बोलपत्र आह्वानसम्बन्धी कार्य गर्ने,
- उपलब्ध प्रयोगशाला, जनशक्तिलगायतका श्रोत साधनहरूको पूर्णरूपमा उपयोग गरी सार्वजनिक निर्माण कार्यको गुणस्तर नियन्त्रण र निर्धारित समयमा कार्य सम्पन्न गराउनेलगायतका निर्माण व्यवस्थापनको कार्यमा सुधार गर्ने,
- परामर्शदातामार्फत डिजाइन तथा सुपरीवेक्षण हुने आयोजनाहरूमा परामर्शदाताको त्रुटिका कारण डिजाइन परिवर्तन भई लागत बढ्ने, आयोजनामा ढिलाई वा संरचनामा क्षति भएको अवस्थामा परामर्शदातालाई जिम्मेवार बनाउने,
- लागत साझेदारी, प्रतिफल तथा सञ्चालन र मर्मत सम्भारको सुनिश्चितता बिना गैरसरकारी संस्था, उपभोक्ता समिति, प्रतिष्ठानलगायतलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूले बजेटमार्फत सोझै अनुदान प्रस्ताव नगर्ने ।

६. सदाचार र नैतिक आचरण प्रवर्द्धन

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले सार्वजनिक जवाफदेहिताको पदमा नियुक्ति हुने पदाधिकारीहरूका लागि सदाचार र नैतिकता प्रवर्द्धन गर्न आवश्यक नीति तर्जुमा गर्ने,
- सार्वजनिक निकायहरूले पेसागत आचरण र अनुशासन पालनाका सन्दर्भमा आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउने,
- सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको नैतिकता र सदाचार संस्कृति प्रवर्द्धनका लागि तालिम एवं अनुशिक्षणको प्रबन्ध मिलाउने तथा सार्वजनिक निकायले नैतिक मूल्य, मान्यता र सदाचार संस्कृति प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने,
- सार्वजनिक पद धारण गरेका व्यक्तिहरूबाट आचारसंहिता उल्लंघन गर्दा हुने परिणामहरू स्पष्ट रूपमा उल्लेख गर्ने,
- नीति नियमको पालना, सुविधा वितरणमा समता, अवसरमा समानता, जिम्मेवारी, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहितालगायतका कार्यहरूलाई प्रोत्साहन गर्ने ।

७. सूचना प्रविधिको उपयोग

- राज्य कोषबाट हुने दोहोरो खर्च न्यूनीकरण गर्न विभिन्न निकायहरूबाट सम्पादन हुने एकै प्रकृतिका कार्यका लागि कुनै एउटा निकायबाट एकीकृत सफ्टवेयर निर्माण गरी सबैले उपयोग तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

- सार्वजनिक निकायहरूमा विद्युतीय माध्यममा रहेका विवरणहरू अन्य निकायहरूबिच पुनः प्रयोग गर्न आवश्यक कानुनी, संस्थागत र प्रविधिगत प्रबन्ध मिलाई कुनै नागरिकको व्यक्तिगत तथा बायोमेट्रिक विवरण एक निकायले मात्र लिई उक्त विवरण अरू निकायले प्रयोग गर्न सकिने गरी आवश्यक व्यवस्था गर्ने,
- सार्वजनिक निकायले सूचना प्रविधिसम्बन्धी प्रणाली विकास, कार्यान्वयन तथा सपोर्ट सेवा कुन हदसम्म आउटसोर्समार्फत गराउने र कुनकुन कार्य आन्तरिक जनशक्तिबाट सम्पादन गराउने भन्ने विषयमा नेपाल सरकारबाट स्पष्ट मापदण्ड बनाई लागू गर्ने,
- सार्वजनिक निकायको लागि निर्माण गरिएको अनुकूलित सफ्टवेयर (Customized Software) को सोर्स कोड (Source Code), डाटाबेस (Database) माथि उक्त निकायको पूर्ण स्वामित्व रहने र आवश्यकताअनुसार परिमार्जन गर्न सकिने व्यवस्था गर्ने,
- सूचना प्रविधिसम्बन्धी उपकरण तथा प्रणालीको नेटवर्क, डाटाबेस, सोर्स कोड, एडमिनिस्ट्रेटिभ भूमिकालगायतका विषयहरूमा आन्तरिक जनशक्तिको मात्र पहुँच हुने व्यवस्थाको सुनिश्चितता गर्ने,
- हरेक उपकरण/प्रणाली खरिद गर्दा सोको सञ्चालनका लागि सहयोगी हुने प्राविधिक कागजातहरू (Database Design, Architecture, User Credentials etc.) र User Manual अनिवार्य रूपमा उपलब्ध हुने व्यवस्था गरी केही परिवर्तन भएमा उक्त कागजातहरूमा समेत आवश्यक परिमार्जन गर्नुपर्ने व्यवस्था गर्ने,
- सार्वजनिक निकायले परामर्शदाता/भेन्डरबाट खरिद गरिएको सफ्टवेयरको सोर्स कोड अपडेट तथा सपोर्ट कार्य आन्तरिक जनशक्तिमार्फत गराई डाटाको गोपनियता, प्राविधिक समस्याको छिटो समाधान तथा मितव्ययी बनाउने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाउने,
- कतिपय निकायहरूमा सफ्टवेयर खरिद/निर्माण गर्ने तर सञ्चालनमा ल्याउन ढिलाइ गर्ने प्रवृत्ति देखिन्छ। सफ्टवेयरको निर्माण गरेपश्चात् सोको कार्यान्वयन अनिवार्य गराउने र कार्यान्वयन भए नभएको विषयमा पारदर्शिता खुल्ने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने,
- सार्वजनिक निकायमा प्रयोगमा रहेका सूचना प्रविधि प्रणालीहरूमा प्रयोगकर्ताले गरेका हरेक कार्यलाई ट्र्याक गर्न मिल्ने गरी Audit Trail को व्यवस्था गर्ने,
- सूचना प्रविधिसम्बन्धी विशेष उपकरणहरू (Specialized Equipment) तथा सफ्टवेयर निर्माण/खरिद कार्यमा एकरूपताको लागि लागत अनुमान तयार गर्ने विषयमा स्पष्ट आवश्यक कानुनी व्यवस्था/मापदण्ड/नर्म्स बनाई अनिवार्य लागू गर्ने,
- सार्वजनिक निकायले निर्माण/खरिद गर्ने सूचना प्रविधिसम्बन्धी उपकरणहरू तथा सफ्टवेयरमा अपनाउनु पर्ने Security Framework/Measures सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गर्ने,
- सरकारी निकायबाट सञ्चालन गरिएका सूचना प्रविधि उपकरणहरू तथा प्रणालीहरूको वार्षिक रूपमा आन्तरिक र बाह्य पक्षबाट अनिवार्य अडिट गर्नुपर्ने गरी कानुनी व्यवस्था गर्ने,
- हरेक निकायले यथार्थपरक विश्लेषण र औचित्यको अध्ययन गरेर मात्र उपयुक्त सूचना प्रणाली/प्रविधिको छनौट, निर्माण, विकास, खरिद र उपयोग गर्ने व्यवस्था मिलाउने,
- विद्युतीय प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि प्रणालीमा कार्यरत कर्मचारी अन्य निकायमा सरुवा भई जाँदा अनिवार्य रूपमा प्रणालीको बरबुझारथ गर्ने तथा अर्को कर्मचारीलाई अनिवार्य रूपमा तालिम दिने व्यवस्था गर्ने,

- सेवाग्राहीहरूको भिड हुने तथा अन्य संवेदनशील निकाय/कार्यालयहरूमा अनिवार्य CCTV राख्ने तथा यसको फोटो/भिडियो भण्डारण अवधि कानुनले तोकेको समयावधिसम्म सुरक्षित राख्ने प्रबन्ध मिलाउने ।

८. निर्वाचन प्रणाली

- राजनीतिक दलहरूले आफ्नो आम्दानी र खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्थाको पालना गर्ने,
- राजनीतिक दलहरूले आर्थिक सहयोग, चन्दा, दान वा उपहार माग्ने, लिनेजस्ता गतिविधि निरुत्साहित गर्दै भ्रष्टाचारको जोखिमलाई कम गर्ने,
- निर्वाचित वा राजनीतिक रुपमा नियुक्त पदाधिकारीले नियमानुसार निर्वाचित हुँदा र राजिनामा दिँदा वा अवकाश लिँदा नियमानुसार अनिवार्य सम्पत्ति विवरण बुझाउने तथा निर्वाचनका बखत भएको खर्चसमेत निर्वाचन आयोगमा बुझाउने,
- भ्रष्टाचारको कसुरमा अदालतमा विचाराधीन रहेको मुद्दाका प्रतिवादीहरू निर्वाचित हुँदा पुनः निलम्बनमा राख्नुपर्ने अवस्थाका कारण समस्या सिर्जना भएको हुँदा भ्रष्टाचार मुद्दा वा फौजदारी अभियोगमा विचाराधीन रहेको अवस्थामा उम्मेदवार हुन नपाउने गरी आवश्यक कानुन संशोधन वा निर्माण गर्नुपर्ने,
- भ्रष्टाचार वा फौजदारी कसुरको अभियोग लागेको व्यक्तिलाई राजनीतिक दलहरूले समेत निलम्बन गर्ने प्रावधानसहित राजनीतिक दलसम्बन्धी कानुन संशोधन परिमार्जन गर्ने,
- तत्काल खरिद गर्नुपर्ने भनी निर्वाचनको बेलामा प्रतिस्पर्धा बिना वस्तु तथा सेवा खरिद गर्दा हुने अत्याधिक खर्च कम गरी सुशासन कायम गर्न निर्वाचनसम्बन्धी कानुनमा नै निर्वाचन मिति तोक्ने गरी अविलम्ब कानुनी व्यवस्था गर्ने ।

९. अनुदान वितरण

- एउटै कार्यका लागि संघ, प्रदेश र स्थानीय तहबाट अनुदान प्रदान गरी दोहोरोपना हुने परिपाटीलाई सुधार गर्न अनुदानहरू बिच प्रभावकारी समन्वय गराई दोहोरोपना हुन नदिने,
- उत्पादनमा आधारित अनुदान प्रणालीलाई प्रोत्साहन गर्दै शतप्रतिशत अनुदान दिने कार्यलाई निरुत्साहित गर्ने तथा लागत साझेदारी हुने गरी मात्र अनुदान दिने व्यवस्था मिलाउने,
- अनुदानलाई आवश्यकता र औचित्यको आधारमा प्राथमिकता प्राप्त क्षेत्र निर्धारण गरेर वस्तुनिष्ठ पारदर्शी बनाउने र अनुदान वितरण बैंकिङ प्रणालीबाट गर्ने व्यवस्था मिलाउने,
- अनुदानबाट निर्मित पूर्वाधार र भौतिक संरचनाको सदुपयोग गरी त्यसबाट बहुसंख्यक नागरिकको लाभ सुनिश्चित गर्न अनुगमन, मूल्यांकन एवं पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाउने,
- सहकारी, निजी कम्पनी, प्रतिष्ठान र संघ/संस्थाहरूलाई सोझै नगदमा अनुदान दिने कार्यलाई बन्द गर्ने,
- व्यक्ति, फर्म वा कम्पनीलाई अनुदान प्रदान गर्दा उक्त अनुदानबाट समुदायलाई समेत लाभ हुने सुनिश्चित गर्ने ।

१०. मानव पुँजी व्यवस्थापन

- तीनै तहका राजनैतिक पदाधिकारीले राज्यकोषबाट सेवा सुविधा दिने गरी अनावश्यक सल्लाहकार नियुक्त गर्ने कार्य बन्द गर्ने,
- सार्वजनिक निकायमा आवश्यकताका आधारमा मात्र सेवा करार गर्ने,
- कर्मचारीहरूको स्पष्ट कार्य विवरण बनाई सोअनुरूप कार्य भए नभएको नियमित अनुगमन गर्ने,

- स्वीकृत दरबन्दी बेगरका कर्मचारी नराख्ने, करारका कर्मचारीको सेवा सर्तको सम्बन्धमा सु-स्पष्ट मापदण्ड बनाई सेवा करार सम्झौता गर्ने,
- सेवा सञ्चालन गर्ने निकायले अनुमानयोग्य पदस्थापन र सरुवा प्रणाली अनिवार्य विकास गरी कार्यान्वयनमा ल्याउने,
- निजामती सेवा ऐनले तोकेको अवधि पूरा नहुँदै कर्मचारीको सरुवा नगर्ने र यसरी सरुवा गर्ने पदाधिकारीलाई विभागीय कारबाहीको सिफारिस गर्ने तथा सोबाट राज्यलाई पर्न जाने अतिरिक्त व्ययभार सरुवा गर्ने पदाधिकारीबाट असुलउपर गर्ने व्यवस्था मिलाउने,
- कर्मचारीको सरुवा, पदस्थापनमा अनियमितता गर्ने प्रवृत्ति देखिएको हुँदा रिक्त दरबन्दीमा नियमित पदपूर्ति तथा व्यवस्थित सरुवा प्रणालीको लागि सेवाको आवश्यकताबमोजिम न्यायपूर्ण र अनुमानयोग्य पदपूर्ति र सरुवा मापदण्ड/प्रणाली स्वीकृत गरी तुरुन्त कार्यान्वयनमा ल्याउने,
- लामो समयदेखि स्थायी पदपूर्ति हुन नसकी करारबाट पदपूर्ति भइरहेका तर औचित्य कायम हुन नसकेका दरबन्दीहरू संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी खारेज गर्ने,
- स्थायी दरबन्दीबाट अपुग हुने र अस्थायी/करार दरबन्दी स्वीकृत भएको अवस्थामा मात्र करार तथा ज्यालादारीमा कर्मचारीहरू भर्ना गर्ने। व्यक्तिलाई करार वा ज्यालादारीमा राख्ने कार्य निरुत्साहित गर्दै सार्वजनिक खरिद ऐन र नियमानुसार सेवा करारलाई प्रोत्साहन गर्ने,
- व्यक्ति वा संस्थालाई करार वा ज्यालादारीबाट काममा लगाउँदा करारनामा वा सम्झौतापत्रमा उल्लेख भएबमोजिमको रकम वा न्यूनतम् ज्याला अनिवार्य प्राप्त हुने व्यवस्था मिलाउने,
- नवप्रवेशी कर्मचारीहरूलाई पदीय जिम्मेवारी र काम कारबाहीको बारेमा अनिवार्य अभिमुखीकरणको व्यवस्था गर्नुपर्ने ।

११. प्राकृतिक स्रोतको उपयोग

- प्राकृतिक श्रोत र साधन, खानी र खनिजजन्य पदार्थको अनुसन्धान, अन्वेषण, उत्खनन्, तथा संरक्षण, आन्तरिक आयको ठेक्का र राजस्व बाँडफाँट सम्बन्धमा संघीयताको भावनाअनुरूप सबै तहका सरकारको भूमिका स्पष्ट हुने गरी नेपाल सरकारले कानुन तर्जुमा र कार्यान्वयन गर्ने,
- आन्तरिक आय सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो स्वामित्वमा रहेका सम्पत्तिहरूको बिक्री, भाडा आदिमार्फत आन्तरिक आय आर्जन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्ने तथा सम्बन्धित विज्ञहरू समेतको परामर्श लिई त्यसबाट वास्तविक आय आर्जन के कति हुन सक्छ सोको यकिन गरेर मात्र बिक्री ठेक्काको न्यूनतम रकम तोकी सम्बन्धित बैठकको निर्णयहरूबाट पारित गर्ने गराउने,
- नदीजन्य पदार्थको उद्योग दर्ता, नियमन, नवीकरण गर्ने जिम्मेवार निकाय तोकेर नियमन गर्ने,
- प्राकृतिक श्रोत र साधनको बिक्री वितरणबापत प्राप्त आय नगर/गाउँ सभा/कार्यपालिकाको निर्णयको आधारमा छुट मिनाहा सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्ने,
- प्रदेश सरकारले जारी गरेको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिअनुसार वातावरणीय अध्ययन गर्ने, कार्य योजना बनाउने, अनुमति दिने, घाट गद्दीको व्यवस्थापन गर्ने, प्रभावकारी अनुगमन गर्ने गराउनेलगायतका प्रावधानहरू पूरा गरी नदीजन्य पदार्थको व्यवस्थापन गर्ने,
- प्रचलित ऐन/नियम/कानुनबमोजिम उठाउनु पर्ने कर/राजस्व/रोयल्टी/दस्तुर तोकिएको समयमै उठाउने,

- प्राकृतिक स्रोत साधन विशेष गरी नदीजन्य पदार्थ र खनिज तथा खानीजन्य पदार्थको उत्खनन् र बिक्री वितरण गर्दा कानुनले तोकेको मापदण्ड पूरा गरेर मात्र आय ठेक्काको कार्य अगाडि बढाउने,
- मापदण्डविपरीतका खानी उद्योगहरू सञ्चालन नगर्ने/नगराउने,
- स्थानीय तहको क्षेत्रभित्र सञ्चालित खानी उद्योगहरूले खानी उत्खनन अनुमतिपत्रमा उल्लेखित सर्त पालना गरे नगरेको अनुगमन गरी सर्त पालना नगरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गर्ने तथा कानुनले तोकेको निकायमा कारबाहीको लागि लेखी पठाउने,
- स्थानीय तहले नदीजन्य पदार्थको बिक्री वितरण गर्दा घाटगद्दी नगरी खोला नदीबाट सोझै बिक्री वितरण गर्ने गरेको देखिएकाले घाटगद्दी, स्टक प्रमाणित गरेर मात्र बिक्री वितरण गर्ने ।

१२. उजुरीको छानबिन, अनुसन्धान, अभियोजन र फैसला कार्यान्वयन सम्बन्धमाः

- अनुसन्धान कार्यलाई छिटोछरितो बनाउन माग भएका जवाफ तथा कागजातहरू पटकपटकको ताकेता बिनै समयमै पठाउने,
- उजुरी सम्बन्धमा तालुक सार्वजनिक निकायबाट स्पष्ट राय प्रतिक्रिया माग गरिएकोमा छानबिन समितिको प्रतिक्रिया मात्र प्राप्त हुने गरेकाले उजुरी सम्बन्धमा सम्बन्धित तालुक निकायको समेत स्पष्ट राय प्रतिक्रिया पठाउने । सार्वजनिक निकायबाट आयोगमा प्राप्त हुने छानबिन प्रतिवेदन अपुरो हुने गरेकाले प्रतिवेदनमा गम्भीरतापूर्वक उक्त विषयको उजुरीका सम्पूर्ण विषयहरूलाई सम्बोधन गरी पठाउने,
- भ्रष्टाचार मुद्दासँग सम्बन्धित साक्षी, पीडित, सूचनादाता, प्रतिवेदक तथा विशेषज्ञ साक्षीहरूको सुरक्षाको सम्बन्धमा उक्त साक्षी, पीडित, सूचनादाता, प्रतिवेदक तथा विशेषज्ञ साक्षीहरू रहने निकायहरूले तिनीहरूको संरक्षणको व्यवस्था गर्ने,
- विभिन्न निकायमा रहेका साक्षीहरूलाई अदालतले खोजेको बखत उपस्थित गराउने तथा विभिन्न निकायबाट माग गरिएका विवरण तोकिएकै समयमा प्राप्त गर्ने कार्यमा सहजीकरणका लागि आयोगसँग सम्पर्क गर्न सम्पर्क व्यक्ति तोक्ने तथा यस्ता सम्पर्क व्यक्तिहरूको विवरण अद्यावधिक गरी सोको जानकारी आयोगलाई समेत गराउने,
- राष्ट्रिय सतर्कता केन्द्रलगायतका निकायहरूबाट आफ्नो क्षेत्राधिकारभित्रको विषयमा आवश्यक कारबाही गरी भ्रष्टाचारजन्य कसुरको हकमा मात्र आयोगमा पठाउने व्यवस्था गर्ने।

५.३.२. विषयगत निकायहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- नेपाल सरकार, मन्त्रिपरिषद्, प्रदेश मन्त्रिपरिषद् एवं गाउँ/नगर कार्यपालिका वा सभाबाट हुने निर्णयहरूलाई नीतिगत निर्णय र अन्य निर्णयअन्तर्गत परिभाषित गरी सो प्रक्रियाबाट हुने भ्रष्टाचारको छानबिन तथा अनुसन्धान सम्बन्धमा स्पष्ट कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- सार्वजनिक निकायहरूमा पदाधिकारीहरू नियुक्ति गर्दा योग्यता, क्षमता, पारदर्शिता, सदाचारिताजस्ता विषयलाई समावेश गरी एकरूपता कायम गर्न निश्चित मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने,
- सार्वजनिक संस्थान, अन्य सरकारी र संगठित संस्था वा निकायहरूले कर्मचारी विनियमावली तर्जुमा नगर्ने तथा मौजुदा विनियमावलीको समसामयिक संशोधन नगरी करारबाट जनशक्ति पदपूर्ति गर्ने गरेको पाइएकाले कर्मचारी विनियमावलीको व्यवस्था गर्ने तथा मौजुदा विनियमावलीलाई समसामयिक बनाएर मात्र कर्मचारी भर्ना गर्ने ।
- राष्ट्रिय सतर्कता केन्द्रबाट हुने प्राविधिक परीक्षणको कार्यलाई क्रमशः विस्तार गर्दै जाने,

- VCTS प्रक्रियाबाट जरिवाना गर्दा राजश्व चुहावट ऐन, २०५२ को व्यवस्थाको पूर्ण रुपमा पालना गर्ने,
- राजस्व अनुसन्धान विभागबाट मालवस्तुसहितको सवारी नियन्त्रणमा लिँदा नियन्त्रणमा लिएको निस्सा वा भरपाई सम्बन्धित व्यक्तिलाई दिने व्यवस्था गर्ने ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन र नियमावलीको कार्यान्वयनका क्रममा देखा परेका द्विविधा सम्बन्धमा माग भई आएका राय, सुझाव र परामर्शहरू समयमा नै उपलब्ध गराउन, खरिद कानुनको कार्यान्वयनमा सहजीकरण गर्न आवश्यकताअनुसार कानुनमा संशोधन वा परिमार्जनको प्रक्रिया अगाडि बढाई सार्वजनिक खरिदसम्बन्धी राय, सुझाव, परामर्शहरू र विशेषज्ञ सेवा समयमा दिन सकिने गरी व्यवस्था मिलाउने,
- सार्वजनिक खरिदसम्बन्धी मौजुदा कानुनमा रहेका क्लिष्टता, जटिलता र अस्पष्टताहरू हटाई खरिद कानुन कार्यान्वयनमा सहजीकरणका लागि सार्वजनिक खरिद म्यानुयल तत्काल तयार गरी प्रकाशन गर्ने,
- सार्वजनिक खरिद कार्यमा प्रयोग हुने विभिन्न फाराम, बोलपत्रसम्बन्धी कागजातहरूलाई नेपाली र अङ्ग्रेजी दुवै भाषामा तयार गरी सार्वजनिक खरिद कार्यलाई सहजीकरण गर्ने,
- सार्वजनिक खरिद गर्दा Provisional sum items मा समावेश गर्नुपर्ने विषयवस्तुको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कार्यविधि नै बनाएर यकिन गर्ने ।
- टेण्डर प्रक्रियामा सहभागी हुनका लागी कानुनले तोकिदिएका अन्य कागजातहरूको अतिरिक्त कम्पनीहरूले कम्पनी दर्ता गर्दाको बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेन्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपीसमेत अनिवार्य रुपमा संलग्न गराउने कानुनी व्यवस्था प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले आवश्यक प्रबन्ध मिलाउने,
- प्रदेश सरकार र स्थानीय तहले समेत अनिवार्य रुपमा संघीय सार्वजनिक खरिद ऐन र नियमावली पालना गर्नुपर्ने गरी सार्वजनिक खरिद ऐनको दफा ७४ मा अविलम्ब संशोधन गर्ने ।

२. अर्थ मन्त्रालय

- संघ र प्रदेश सरकारले स्थानीय तहलाई दिने अनुदान आ.व.को अन्तिमतिर मात्र पठाउने परिपाटीले अनुदान रकमको उपयोग प्रतिफलमुखी भएको नदेखिएको हुँदा सम्झौता भएको आ.व. भित्रै कार्य सम्पन्न हुने गरी अनुदान दिने व्यवस्था मिलाउने,
- नेपाल सरकारको बजेट विनियोजनमा बृहत्तर सार्वजनिक हित र उच्चतम विनियोजन दक्षता सुनिश्चित हुने गरी स्वीकृत मापदण्ड र खर्चको प्राथमिकताको आधारमा मात्र सार्वजनिक साधन स्रोतको परिचालन तथा बजेट विनियोजन गर्ने व्यवस्था मिलाउने,
- परिमाणात्मक बन्देज लगाइएका वस्तुहरूको परिमाण, पैठारी गरिसक्नुपर्ने अवधि तथा इजाजत प्राप्त फर्म/कम्पनीको नाम यकिन भई मालवस्तुको भन्सार जाँच पास नभएको कारण पैठारी अनुमति नलिएका फर्म/कम्पनीबाट समेत यस्ता मालवस्तुहरू आयात भएको भन्सार प्रशासनमा अभिलेखित भएको देखिंदा अब आइन्दा मालवस्तु पैठारी भई भन्सार जाँचपास गर्दा उल्लिखित कागजातको अलावा प्रचलित कानुनले अनिवार्य गरेका सबै कागजपत्रहरूको सुनिश्चितता गरेर मात्र भन्सार जाँचपास गर्ने व्यवस्था गर्ने ।

- अनलाइन भुक्तानी प्रणालीको उच्चतम उपयोगका लागि मौजुदा कानुनमा आवश्यक संशोधनमार्फत प्रणाली सुधार गर्ने,
- बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह तथा लिलाम प्रक्रियामा देखिएको अनियमिततालाई नियन्त्रण गर्ने,
- राजस्व चुहावट नियन्त्रण गर्न प्रभावकारी अनुसन्धान, समन्वय र सूचना प्रणालीको आदानप्रदान गर्ने संयन्त्र विकास गर्ने,
- अनौपचारिक आर्थिक क्रियाकलापलाई करको दायरमा ल्याई राजस्वको आकार फराकिलो बनाउने,
- भन्सार मूल्यांकन प्रणालीलाई वास्तविक कारोबार मूल्यमा आधारित यथार्थपरक बनाउने व्यवस्था मिलाउने,
- सबै सार्वजनिक निकायले PAMS Software मा अनिवार्य रूपमा जिन्सी तथा सबै प्रकृतिका सार्वजनिक सम्पत्तिको विवरण अनिवार्य प्रविष्टि गर्ने व्यवस्था मिलाउने,
- राजस्व व्यवस्थापनसम्बन्धी विभिन्न प्रणालीहरू परामर्शदातासँग मात्रै निर्भर हुँदा राजस्व व्यवस्थापनमा जोखिम हुन सक्ने देखिएकाले क्रमशः आन्तरिक जनशक्ति विकास गर्ने र आफैं प्रणाली सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

- बिटुमिनलगायत पेट्रोलियम पदार्थको गुणस्तरमा विविधता देखिएकाले भन्सार बिन्दुबाटै गुणस्तर नियन्त्रण गर्ने प्रबन्ध मिलाउने,
- उद्योग, कारखानाबाट उत्पादन भएको फोहोर पानी फिल्टर नगरी सिधै खोला/नदीमा मिसाउने कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने,
- स्वदेशी तथा आयातित वस्तुको गुणस्तर सुनिश्चित गर्न विश्वसनीय परीक्षणको व्यवस्था मिलाउने,
- गुणस्तर परीक्षणका लागि गुणस्तर तथा नापतौल विभागको क्षमता अभिवृद्धि गर्ने। प्रयोगशालाहरूको नियमन, मेसिन उपकरणहरूको क्यालिब्रेसन र प्रयोगशालाहरूको Accreditation लाई प्राथमिकता दिने,
- ग्यास सिलिण्डरको धरौटी व्यवस्थित र पारदर्शी बनाउने,
- नेपाल सरकारले आयातमा रोक लगाएका वस्तुहरू गैरकानुनी तरिकाले आयात र बिक्री वितरण हुनबाट रोक्न सुक्ष्म निगरानी र अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने,
- अनुदानको खाद्यान्न ढुवानी र वितरणमा अनियमितता हुन नदिन दुर्गम स्थानमा सम्बन्धित स्थानीय तहमार्फत माग र वितरण गर्ने व्यवस्था मिलाउने,
- प्राकृतिक स्रोत साधनको अनावश्यक दोहन रोक्न प्रभावकारी व्यवस्था मिलाउने,
- जुन निकायले वस्तु वा सेवाको उत्पादनको अनुमति प्रदान गर्ने हो, सोही निकायले नै उक्त वस्तु वा सेवाको प्रारम्भिक गुणस्तर परीक्षणको लागि अनिवार्य अनुगमन गर्ने व्यवस्था मिलाउने,
- सुन, हिरा, मोतीजस्ता बहुमूल्य वस्तु आयात तथा खरिद बिक्री गर्दा प्रभावकारी प्रविधिको प्रयोगमार्फत अनुगमन र अभिलेख व्यवस्थित गर्ने ।

४. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय,

- विद्युत विकास विभागबाट सर्वेक्षण अनुमतिपत्र प्रदान गर्दा विद्युत आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ पूर्ण परिपालना गर्नुका साथै देहायको तथ्य र आधारहरूलाई समेत सम्बोधन हुने गरी विद्युत आयोजनाहरूको सर्वेक्षण अनुमतिपत्र जारी गर्नका लागि व्यवस्था गर्ने :

- सर्वेक्षण अनुमतिपत्रको लागि निवेदनका आधारमा प्रारम्भिक अध्ययन प्रतिवेदन Desk Study Report मा मात्र सीमित नरही प्रस्तावित आयोजनाको स्थलगत अध्ययन प्रतिवेदनसमेतलाई आधार लिई क्षमताको वास्तविकता आंकलन गरेर मात्र सर्वेक्षण अनुमतिपत्र दिने कार्यविधि अवलम्बन गर्ने,
- चार्टड एकाउन्टेट (CA) को प्रतिवेदनका आधारमा मात्र गरिने गरिएको नेटवर्थको मूल्यांकन प्रतिवेदनलाई पुष्टि हुने आधार प्रमाण समावेश गर्ने गरी कार्यविधिको पुनरावलोकन गर्ने,
- सर्वेक्षण अनुमतिपत्र प्रदान गर्दा निवेदक प्रवर्द्धकले सुरु निवेदनमा न्यूनतम् क्षमता देखाई अनुमतिपत्र माग गरी अधिकतम उत्पादन हुने सम्भावना रहँदा रहँदै पनि धरौटी दस्तुर छली न्यूनतम रकम मात्र तिर्ने गरिएबाट सरकारी हानि नोक्सानी हुन सक्ने हुँदा त्यस्तो कार्य यकिन गरेर मात्र सर्वेक्षण अनुमतिपत्र दिने व्यवस्था गरी यस्ता विकृतिजन्य कार्य पूर्णरुपले निरुत्साहन गर्ने कार्यविधि अवलम्बन गर्ने ।

- विद्युत चुहावट नियन्त्रणका लागि नेपाल विद्युत प्राधिकरणबाट हुने अनुगमनलाई प्रभावकारी बनाउने तथा विद्युत महसुल मिनाहा नगर्ने गरी कानुनमा आवश्यक परिमार्जनसमेत गर्ने,
- उद्योग क्षेत्रमा विद्युतको नियमित आपूर्तिका लागि Dedicated Service Mechanism तयार पारी लागू गर्ने तथा उर्जा उत्पादन जस्तो जटिल कार्यमा दक्षता, उपकरण र विज्ञता नहुने भएको हुँदा उपभोक्ता समितिमार्फत कार्य नगर्ने/नगराउने,
- उर्जा, सिंचाइ तथा जलस्रोतको उपयोगमा लगानी, आयोजना निर्माणस्थल, मुअब्जा, वातावरणीय प्रभाव मूल्यांकन, Site Clearance लगायतका कार्यहरू सम्पन्न नगरी ठेक्का सुनिश्चित नगर्ने,
- विद्युत प्राधिकरण मातहत रहेका कर्मचारीहरूको आवास गृहको अनियमित प्रयोग रोकी नियमित र न्यायपूर्ण प्रयोग हुने व्यवस्था मिलाउने,
- परियोजनालाई तोकिएको समयमा सम्पन्न गर्न सम्झौतामा उल्लेख गरिएका सर्तहरूलाई अक्षरशः पालना गरी अन्तर सरकारी निकाय, स्थानीय प्रशासनसँग समन्वयकारी भुमिका निर्वाह गर्दै श्रमिकहरूको स्वास्थ्य सुरक्षामा समेत ध्यान पुऱ्याउने ।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

- विभिन्न मन्त्रालयबाट एउटै विषयमा आर्थिक दायित्व पर्ने गरी पटकपटक बनाइने कानुनको मस्यौदा उपर नियन्त्रण गर्न समन्वयात्मक भूमिका खेल्ने,
- प्रदेश सरकार र स्थानीय सरकारबाट कानुनको निर्माण गर्दा अधिकार क्षेत्र र आर्थिक दायित्वका विषयमा ऐनबाटै निर्देशित हुनुपर्ने विषयलाई आफू अनुकूल र सजिलो बनाउन निर्देशिका, कार्यविधि, आदेश, मापदण्ड बनाउने गरिएकोमा त्यसलाई नियन्त्रण गर्ने कानुनी व्यवस्था गर्ने,
- पारस्परिक कानुनी सहायताका लागि विभिन्न देश र निकायसँग पत्राचार गर्ने, सञ्चार गर्ने तथा जवाफ प्राप्त गर्न समन्वय गर्ने कार्यमा देखिएका समस्या निराकरणका लागि कानुनी र कार्यविधिगत व्यवस्था मिलाउने साथै पारस्परिक कानुनी सहायता ऐनको प्रभावकारी कार्यान्वयनका लागि मित्र राष्ट्रहरूसँग द्विपक्षीय सम्झौता गर्ने ।

६. कृषि तथा पशुपक्षी विकास मन्त्रालय

- कृषि बिउ बिजन, मल, विषादी, कृषि सामग्रीलगायतको सहज वितरणका लागि क्षेत्रगत जिम्मेवारी स्पष्ट हुने गरी आपूर्ति, ढुवानी, वितरण र व्यवस्थापनको तालिका निर्माण गरी सेवालाई अनुमानयोग्य, पारदर्शी र व्यवस्थित बनाउने,

- कृषि क्षेत्रलाई बिचौलियामुक्त बनाउन कृषकलाई उत्पादनको उचित मूल्य प्रदान गर्दै उत्पादन कार्यमा प्रोत्साहन गर्न तथा उपभोक्तालाई सहज, शीघ्र र सहुलियतपूर्ण तरिकाले कृषि उपज वितरण गर्न अनुगमन प्रणालीलाई सुधार गर्ने,
- कृषि अनुदानलाई उत्पादनमा आधारित बनाउदै सम्बन्धित कृषकले मात्र अनुदान प्राप्त गर्ने वातावरणका लागि कानुनमा सुधार गर्ने, अनुदान वितरणमा मापदण्डको पूर्ण कार्यान्वयन गर्ने तथा अनुगमनबाट देखिएका कैफियतलाई कानुनी कारबाहीको दायरामा ल्याउने,
- बीमा कम्पनीले पछिल्लो समय पशु बीमा नगर्ने, बीमा गरे पनि भुक्तानी समयमा नदिने, भुक्तानी दिन आलटाल गर्नेलगायतका गुनासा र उजुरीहरूको संख्या बढेको हुँदा लम्पी स्किनलगायतका महामारीबाट पशुपन्छी व्यवसायलाई सुरक्षित बनाउन पशु बीमालाई व्यवस्थित, अनुमानयोग्य र सरल भुक्तानीका लागि मौजुदा कानुनमा परिमार्जन, संशोधन र सुधार गर्ने,
- कृषि उपजको आयात तथा निर्यातलाई व्यवस्थित बनाउन, कृषि उत्पादनको उचित मूल्य पाउने वातावरण बनाउन र कृषि बीमा समयमै भुक्तानी हुने वातावरण बनाउन समर्थन मूल्यको यथार्थपरक कार्यान्वयन गर्दै उधारोमा कृषकसँग कृषि उपज खरिद गरी बिक्री गर्ने श्रृंखला र प्रवृत्ति नियन्त्रण गर्न आवश्यक कानुनी सुधार गर्ने ।

७. खानेपानी मन्त्रालय

- निर्माण कार्यलाई प्रभावकारी र एकरुपता कायम गर्न अद्यावधिक स्पेसिफिकेसन र नर्म्स तयार गरी लागू गर्ने,
- जनसहभागिता र लागत साझेदारीको अवधारणामा सञ्चालित खानेपानी आयोजनाहरूको सम्बन्धमा उपभोक्ता समितिमार्फत गराउनुपर्ने कार्यको विभागीय कार्यविधि तयार गरी लागू गर्ने,
- मुहान विवाद भएका खानेपानी आयोजनाहरूको सो विवाद समाधान नभई रिजर्भ्वायर ट्याङ्की तथा वितरण प्रणाली निर्माण गरी सार्वजनिक स्रोतको दुरुपयोग हुन नदिन त्यस्तो कार्य गर्ने पदाधिकारीलाई सरकारी हानि नोक्सानीउपर व्यक्तिगत रुपमा जिम्मेवार बनाउने,
- बजेटको व्यवस्था/स्रोत सुनिश्चितता तथा निर्माणस्थलको पूर्वतयारी बिना निर्माण कार्यको खरिद प्रक्रिया अगाडि नबढाउने,
- आयोजनाको ठेक्का सम्झौता कार्यान्वयन गर्न लाग्ने वास्तविक समय निर्धारणको आधार तयार गरी लागू गर्ने,
- मेलम्ची खानेपानी आयोजना आंशिक रुपमा सञ्चालन भएसँगै प्राकृतिक प्रकोपको कारण क्षति भई हालसम्म पनि पुनर्निर्माण नभएकाले तदरुकताका साथ हेडवर्क्स निर्माणलगायतका कार्य सम्पन्न गरी नियमित रुपमा खानेपानी सेवा सञ्चालनको सुनिश्चितता गर्ने।

८. गृह मन्त्रालय

- नेपाल प्रहरी ऐन र नियमावलीमा आवश्यक सुधारको पहल गर्ने, सरुवा/बढुवालाई विवाद, दवाव र प्रभावरहित तथा अनुमानयोग्य बनाउन वस्तुगत मापदण्ड बनाई लागू गर्ने र उक्त मापदण्डको पालना भए नभएको सम्बन्धमा मन्त्रालयबाट प्रभावकारी अनुगमन गर्ने, तालिम/सीप विकासलगायतमा निश्चित मापदण्डमा आधारित समान अवसरको सुनिश्चितता गर्ने,
- प्रहरी कल्याणकारी कोषको रकम गैरनाफामुखी बनाई प्रहरीको कल्याणमा लगाउन यसमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न कार्यविधि परिमार्जनको व्यवस्था मिलाउने,

- बोलपत्रदाताले सामान आपुर्ति गरेपश्चात् Riot Control Gear, Machinary Equipments, Badges, Cloths लगायत बन्दोबस्तीका मालसामानको प्राविधिक Specification र गुणस्तरबमोजिमको भए नभएको निरीक्षण/परीक्षणका लागि विज्ञ सम्मिलित समूहबाट परिक्षण गर्ने व्यवस्था मिलाउने, कतिपय परीक्षणहरू नेपालमा हुन नसक्ने भएकोले सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपाल गुणस्तर तथा नापतौल विभागमा यससम्बन्धी क्षमता विस्तार गर्न मन्त्रालयले पहल गर्ने,
- कसुरमा सूचना प्राप्तिका लागि सुराकी नियुक्ति, परिचालन र अभिलेख सम्बन्धमा स्पष्ट मापदण्ड निर्माण गर्ने र सुराकीलाई दबाब-प्रभावमुक्त बनाउन एवं सुराकी दुरुपयोग हुनबाट रोक्नका लागि प्रभावकारी संयन्त्र विकास गर्ने तथा घुमुवा प्रहरी राख्ने प्रथाको अन्त्य गर्ने,
- त्रिभुवन विमानस्थल प्रयोग भएर हुने सुन तस्करी, मानव तस्करी तथा अन्य प्रतिबन्धित वस्तुहरूको तस्करी तथा चोरी निकासीलगायतका अनियमितताका घटनाहरूलाई पूर्ण रुपमा नियन्त्रण गर्न सुरक्षा प्रबन्ध सुदृढ तुल्याउने, सुरक्षा चेकजाँच तथा सामान चेकजाँचमा अत्याधुनिक प्रविधि तथा उपकरणको व्यवस्था गर्ने,
- त्रिभुवन विमानस्थलमा खटिने सुरक्षाकर्मी सुराकी तथा कर्मचारीहरूको खटनपटन र नियमित अनुगमनका लागि अनुमानयोग्य मापदण्ड बनाउने र कडाईका साथ लागू गर्ने,
- अध्यागमन अधिकृतलाई प्राप्त स्वविवेकीय अधिकारलाई कानुन, मापदण्ड तथा कार्यविधिद्वारा स्पष्ट पारी पारदर्शी कार्यसञ्चालन गर्ने,
- अधिकारको सही प्रयोग गर्न नसक्ने वा नगर्ने कर्मचारीलाई कारवाही गर्न Immigration Officer Audit को व्यवस्था गर्ने तथा अध्यागमन पीडितलाई क्षतिपूर्तिको समेत व्यवस्था गर्ने,
- तस्करी तथा प्रतिबन्धित वस्तुहरूको ओसारपसार रोक्न अन्तर्राष्ट्रिय सीमा सुरक्षालाई व्यवस्थित गर्ने, सीमा क्षेत्रमा निगरानी तथा अनुगमन बढाउने, सीमा क्षेत्रमा CCTV जडान गरी निरन्तर अनुगमन गर्ने, नेपाल प्रहरी र घुमुवाहरूबाट तस्करहरूसँगको साँठगाँठ नहुने अवस्थाको प्रत्याभूति सुनिश्चित गर्ने, सीमा रक्षकहरूको समेत अनुगमन र परीक्षणको व्यवस्था गर्ने ।

९. परराष्ट्र मन्त्रालय

- राहदानी वितरणमा देखिएका समस्या समाधानका लागि मौजुदा सर्भर, यसको उपयोगलगायत मन्त्रालय र मातहतको निकायको नियन्त्रणमा रहने गरी आवश्यक प्रबन्ध गर्ने । सूचना प्रविधिको पूर्ण उपयोगका लागि राहदानी विभागको क्षमता अभिवृद्धि गर्ने तथा बिचौलिया नियन्त्रणको कार्यविधि बनाई लागू गर्ने,
- नेपाली नागरिकले इ-पासपोर्ट बनाउन राहदानी विभाग वा काठमाडौंमा आउनै नपर्ने व्यवस्था गर्न गृह मन्त्रालयसँग समन्वय गरी जिल्ला प्रशासन कार्यालयहरूको संस्थागत विकास गरी अधिकार सम्पन्न बनाउने,
- माग र आपूर्तिको आधारमा खरिद कानुनसमेत पूर्ण पालना गरी निश्चित समयसम्म राहदानीलगायतका महत्वपूर्ण कागजात आपूर्तिको खरिद, भण्डारण र वितरण धान्न सक्ने गुरु योजना बनाई मौज्दात व्यवस्थापन, वितरण र अभिलेखीकरण गर्ने,
- विदेशस्थित नेपाली नियोगहरूमा कामदारको माग प्रमाणित गर्ने, अलपत्र नेपालीको उद्धार गर्ने, भिसा जारी गर्ने कार्यलाई व्यवस्थित बनाउने सम्बन्धमा मौजुदा कार्यविधि तथा निर्देशिकालाई समस्या समाधान गर्न सक्ने गरी संशोधन गर्ने,

- नेपालको पर्यटन, व्यापार, कृषि, जलस्रोत, उद्योग क्षेत्रलगायतलाई कुटनीतिक माध्यमबाट प्रवर्द्धन गर्ने वार्षिक कार्ययोजना बनाई सोहीअनुसार कार्य गर्ने,
- विदेशस्थित नेपाली दुतावास/नियोगहरूबाट हुने कामकारबाहीको निगरानी एवं गुनासो व्यवस्थापनका लागि प्रभावकारी अनुगमन प्रणाली विकास गर्ने,
- विदेशस्थित घरेलु कामदारको हकमा मालिकबाट राखिएको धरौटीलगायतका अन्य रकम हिनामिना हुन नदिन तथा हिंसा/दुःख/पीडा लगायतका समस्यामा समयमै उद्दार गर्न सहयोग पुग्ने गरी यकिन तथ्यांकसहित यस्ता विवरणहरूको अभिलेख राख्ने व्यवस्था मिलाउने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

- सरकारी जग्गा र सार्वजनिक जग्गा संरक्षणको लागि देहायका कार्यहरू गर्नेः
    - सरकारी, सार्वजनिक जग्गा अतिक्रमण गर्ने तथा विभिन्न व्यक्ति तथा निकायको नाममा दर्ता गर्ने गराउने जस्ता कार्यहरू नियन्त्रण गर्न आवश्यक कार्य गर्ने,
    - जिल्ला प्रशासन कार्यालय, स्थानीय तहहरू, जिल्ला प्रहरी कार्यालय जस्ता निकायहरूसँग समन्वय गरी सार्वजनिक जग्गा संरक्षणमा थप जिम्मेवार बन्नुपर्ने,
    - जग्गा दर्ता गर्ने कर्तव्य भएका कार्यालय, पदाधिकारी र त्यस्ता कार्यालयका तालुक कार्यालयले समेत यस्तो संवेदनशील विषयमा विशेष सतर्कता अपनाउन र मातहतका कार्यालयहरूलाई समेत विशेष सतर्कता अपनाउन निर्देशन दिई मातहतका कार्यालय/पदाधिकारीहरूको यस प्रकारको कार्यमा विशेष निगरानीसमेत राख्ने,
- सरकारी जग्गा जमिनहरू र त्यस्ता जग्गा जमिनमा रहेका पोखरी, ताल आदिले चर्चेको जग्गाको सम्बन्धित नापी कार्यालयमा रहेको नक्सा, फिल्ड बुक र मालपोत कार्यालयमा रहेको श्रेस्ता पुर्जाहरूमा उल्लेख भएका विवरणहरू एक आपसमा नमिल्नुको कारण पहिचान गरी सम्बन्धित मन्त्रालय/विभाग/कार्यालयहरूले सरकारी सम्पत्तिहरूको अभिलेख एक अर्कासँग मिल्ने गरी दुरुस्त र एकरूपता कायम गर्ने,
- भूमी प्रशासनको अभिलेखीकरण व्यवस्थित नदेखिएकाले त्यसलाई व्यवस्थित गर्न डिजिटल अभिलेखीकरण गराई Nagarik App सँग जोडी सर्वसाधारणले आफ्नो जग्गाको अभिलेख हेर्न मिल्ने बनाउने,
- यथार्थ कारोबारलाई नै थैली अंक कायम गर्ने प्रणाली स्थापित गर्ने,
- सहकारी सदस्यहरूको बचत सुरक्षण गर्न, सहकारी व्यवस्थापन गर्न तथा सहकारी समस्या समाधान गर्न सहकारीहरूको अनुगमन गर्ने, नेपाल राष्ट्र बैंकले तोकेभन्दा बढी कारोबार गर्ने सहकारीहरूलाई कारोबार सीमाको आधारमा वित्तीय जानकारी इकाईमा अनिवार्य पठाउने व्यवस्था गर्ने तथा दश करोडभन्दा बढी चुक्ता पुँजी हुने सहकारीलाई नेपाल राष्ट्र बैंकबाट अनिवार्य नियमन हुने प्रबन्ध मिलाउने,
- संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत सहकारी विभागको पुनर्संरचना गरी संस्थागत क्षमता सुधारमार्फत विभागलाई सबल र सशक्त बनाउने । सूचना प्रविधिको उपयोगमार्फत सहकारी कारोबारको अनुगमन र निगरानी गर्न सक्ने संयन्त्रको विकास र उपयोग गर्ने,
- भूमिसम्बन्धी ऐन, २०२१ (छैठौं संशोधन, २०७२) को दफा १५ (क.१) मा रहेको प्रावधान मुताबिक हदबन्दी भन्दा बढीको जग्गाका मोही लागेको भए मोही हक व्यवस्थापन गरी छुट्याई बाँकी जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याउने व्यवस्थाबमोजिम कार्य सम्पादन गर्ने एवं उक्त

कार्यका लागि नेपालभर हदबन्दी भन्दा बढी रहेका जग्गाको छानबिन/अनुसन्धान गर्ने । यसरी एकीकृत तथ्यांक तयार गर्ने कार्य अनिवार्य रूपमा एक (१) वर्षभित्र सम्पन्न गर्ने,

- उपत्यका विकास प्राधिकरण तथा नगर विकास समितिबाट अनुमति लिई प्लटिङ गरिएका जग्गाहरूमा मापदण्डअनुरुप सार्वजनिक कायम गरिएको जग्गालाई नेपाल सरकारका नाममा कायम गरी श्रेस्ता तयार भएपछि मात्र प्लटिङअनुरुप जग्गाको कित्ताकाट गर्ने व्यवस्था मिलाउने तथा प्लटिङ परमिट बिना व्यावसायिक रूपमा प्लटिङ गरी जग्गा खरिद-बिक्री गर्दा समेत सरकारी/सार्वजनिक र बाटोलगायत खुला स्थानलाई नेपाल सरकारका नाममा कायम गरी श्रेस्ता तयार गर्ने व्यवस्था मिलाउने,
- भूमिको व्यवस्थित उपयोगका लागि भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गर्ने,
- अनुसन्धानको सिलसिलामा सार्वजनिक निकायका कागजपत्र हराएको, च्यातिएको तथा नष्ट भएको पाइएको हुँदा सार्वजनिक निकायमा बिचौलियाको प्रवेश रोक्ने, कार्यालयका फाइलहरूमा बिचौलियाको पहुँच पुग्न नसक्ने व्यवस्था मिलाउने र सार्वजनिक निकायका कागजपत्र संरक्षणका लागि जिम्मेवार व्यक्ति/पदाधिकारी तोक्ने आवश्यक व्यवस्था मिलाउने,
- सरकारी/सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी विभिन्न समयमा गठन भएका आयोगहरूले सरकारी/सार्वजनिक भनी प्रमाण जुटाएका जग्गाहरू साबिकबमोजिम सरकारकै नाममा कानुनबमोजिम कायम गर्ने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

११.१. भौतिक पूर्वाधारतर्फ

- सडक निर्माणमा ढलानको गुणस्तर नियन्त्रण हुन नसकेकाले सोका लागि आवश्यक प्रबन्ध गर्ने ।
- सार्वजनिक निकायले Design Review को लागि निश्चित समय सीमाभित्र निर्णय गर्नुपर्ने र सोका लागि आवश्यक कार्यविधि बनाई लागू गर्ने,
- कुनै पनि सडकको मर्मत कार्य गर्दा Existing Pavement को मर्मत गरी Overlay गर्ने गरेको र Road Pavement को Level Increase भई सडकको छेउमा Vertical Gap भई सवारी दुर्घटना हुनसक्ने कारणहरूले सडकको Top Level Fix गरी सोहीअनुसारको मर्मत कार्य गर्ने व्यवस्था मिलाउनुका साथै सडक मर्मत कार्य पूर्व Need Assessment गरी मात्र सो कार्य गर्ने व्यवस्था गर्ने,
- सार्वजनिक निकायले QAP (Quality Assurance Plan)/स्पेसिफिकेसनबमोजिमको परीक्षणहरू गरी/गराई उपयुक्त गुणस्तरको कार्य वा सामान मात्र स्वीकार गर्ने र आफू मातहतका सबै निकायमा एकरुपता कायम गर्ने व्यवस्था कडाईका साथ पालना गर्नका लागि आवश्यक भएमा विभागीय कार्यविधि/निर्देशिका तयार गरी लागू गर्ने,
- खरिद गुरुयोजनामा एक थरी उल्लेख गरेर अर्कै खालको प्याकेज बनाई खरिद हुने गरेकोमा गुरुयोजनाअनुसार कार्यन्वयन गर्नमा कुनै कठिनाई भए सो जनाई खरिद गुरुयोजना विधिवत संशोधन गर्ने,
- निर्माण व्यवसायीले मोबिलाइजेसन पेश्की लिने र वर्षौंसम्म निर्माण सम्पन्न नगर्ने, सार्वजनिक निकायले निर्माण व्यवसायीलाई कुनै कारबाही नगर्ने, म्याद थप गर्दै जाने जस्ता कार्यहरू बन्द गरी कानुनले तोकेअनुसारको कारबाही अगाडि बढाउन समयमै पहल गर्ने, अन्यथा सम्बन्धित पदाधिकारीलाई नै कानुनी दायरामा ल्याउने,

- पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्च प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमितरुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था अनिवार्य कार्यान्वयन गर्ने,
- सार्वजनिक निकायले निर्माण गरेका कतिपय संरचनाहरू वर्षौंसम्म स्वीकार नगरी, सोमा भएका त्रुटिहरू समेत नसच्याई निर्माण भएका संरचनाहरूबाट यातायात सञ्चालनमा रोकसमेत नलगाई योजना फरफारकसमेत नगरी अलपत्र रहेको सन्दर्भमा त्यस्ता योजनाहरूको लगत संकलन गरी आवश्यक कारबाही गर्ने,
- पुल निर्माण सुरू गर्न अगावै माटो परीक्षण तथा सर्भेक्षण गरी Design Verification पश्चात मात्र निर्माण सुरु गर्न र Design Revise गर्नुपर्ने अवस्था सिर्जना भएको अवस्थामा Revised Design समेत निर्धारित समयमा नै तयार र स्वीकृत गर्ने ।

११.२. यातायाततर्फ

- संघीय सरकारको यातायात व्यवस्था विभाग र प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयहरू बिच रहेको कार्यगत दोहोरोपनामा कानुनी स्पष्टता कायम गर्दै हटाउने,
- सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कार्यलाई आवेदकको सीप परीक्षणको विधिको रूपमा प्रयोगमा ल्याउन आवश्यक सुधार गर्ने,
- सीसीटीभीको अनिवार्य प्रयोग, सीसीटीभी फुटेजको अनिवार्य सुरक्षण, परीक्षार्थीहरूको क्रमबद्धता एवं प्रत्येक परीक्षार्थीको परीक्षा समय खुलेको विवरण तयारी, परीक्षामा उत्तीर्ण हुने र अनुत्तीर्ण हुनेहरूको प्रमाणित अभिलेखनको व्यवस्था आदि मिलाई सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षालाई बढी विश्वसनीय बनाउने,
- बिचौलियाहरूलाई कार्यालय प्रवेशमा निषेध, नागरिक वडापत्रको उपयोग, हेल्प डेस्कको व्यवस्था, अनलाइन राजस्व भुक्तानी प्रणाली जस्ता उपायहरूको अवलम्बन गरी यातायात सेवा प्राप्तिका लागि बिचौलियाहरूको सहयोग लिनुपर्ने अवस्थाको अन्त्य गर्ने,
- आवश्यक मापदण्ड, अनुगमन संयन्त्र र पद्धतिको निर्माण गरी सवारी साधन चलाउन प्रशिक्षण दिने प्रशिक्षण केन्द्रहरूले प्रशिक्षार्थीहरूबाट लिने शुल्क, चार पाङ्ग्रे सवारी साधनमा प्रशिक्षक र सिकारू चालक दुबैले प्रयोग गर्न मिल्ने Driver side & Passenger Side एक्सिलेरेटर, क्लज र ब्रेक भएको सवारी साधन, प्रशिक्षण कार्यविधिलगायतमा एकरुपता र प्रतिस्पर्धात्मकता सुनिश्चित गर्ने,
- Smart License, Embossed Number Plate, लगायत जाँच गर्न मिल्ने तथा यसबाट RFID को उपयोग गरी सवारीसाधन, चालक र सवारी धनीको विवरण हेर्न मिल्ने गरी प्रमुख राजमार्ग, राजधानी र अन्य सहरमा भौतिक संरचना, प्रविधिलगायतका सुविधाहरू निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने । Embossed Number Plate को विशेषता र महत्त्वसहितको उपयोगको अनिवार्यताका लागि प्रोत्साहन र नियमनसँग आबद्ध गर्ने मापदण्ड बनाई लागू गर्ने ।

१२. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

- महिला, बालबालिका, जेष्ठ नागरिकलगायतका व्यक्तिहरूको सहयोगका लागि स्थापित गैरसरकारी संघ संस्थाहरूले अनिवार्य रुपमा प्रतिवेदन पेस गर्नुपर्ने गरी समाज कल्याण परिषद्को कानुन संशोधन गर्ने,
- बालबालिका, महिला, वृद्ध, वृद्धा, अशक्त वा अपाङ्गता भएका नागरिकको उत्थान, राहत, उद्दार, पुनर्स्थापनालगायतका कार्यका लागि सञ्चालन गरिने विभिन्न उद्दारगृहबाटै मानव बेचबिखन तथा

ओसारपसार, शोषणसमेतका समस्या समाधान गर्ने गरी राष्ट्रिय स्तरको उद्धार, राहत तथा पुनर्स्थापना सञ्चालन केन्द्र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,

- जेष्ठ नागरिक, महिला, बालबालिका वा अपाङ्गता भएका व्यक्तिहरूले समेत सम्मानपूर्वक जीवन निर्वाह गर्न मिल्ने गरी तयार कानुनहरूको कार्यान्वयनको समसामयिक मूल्यांकन गर्दै सुधार गर्ने,
- समाज कल्याण परिषद्ले प्रचलित कानुनबमोजिमको प्रक्रिया अवलम्बन गरी निश्चित अवधि तोकी भाडा सम्झौता गरी स्टल/पसल भाडामा लगाउने व्यवस्था मिलाउने,
- नेपाल बाल संगठनलाई उद्देश्यअनुसार सञ्चालन गर्न आवश्यक पर्ने नीतिगत र कानुनी व्यवस्था गर्ने,
- समाज कल्याण परिषद्बाट गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालन हुने परियोजनाहरूको प्रभावकारी रुपमा नियमन, अनुगमन र सुपरीवेक्षण गर्ने तथा अवश्यकताअनुसार थप कानुनी प्रबन्धसमेत गर्ने ।

१३. युवा तथा खेलकुद मन्त्रालय

- राष्ट्रिय प्रतिष्ठाको विषय जोडिएका अन्तर्राष्ट्रिय खेल प्रतियोगिताहरूमा मापदण्डबमोजिम खेलाडीहरूले पाउने सेवा सुविधा, खेल सामग्रीहरूको वितरणलाई नियमित तथा पारदर्शी बनाउने,
- राष्ट्रिय खेलकुद परिषद्मा दर्ता भएका विभिन्न खेल संघहरूको प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण समयमै गराउने व्यवस्था मिलाउने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम सञ्चालन गर्ने नाउँमा प्रचलित कानुनको उल्लंघन हुने गरी कुनै पनि कार्य नगर्ने । राष्ट्रिय अन्तर्राष्ट्रिय खेलकुदजन्य गतिविधि सञ्चालनका लागि निजी राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्पनी, संघ, संस्था वा व्यक्तिलाई नेपालको विषय क्षेत्रगत कानुनको अधीनमा रही अनुमति प्रदान गर्ने,
- खेलकुदको अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी गराउने गरी चर्को शुल्क उठाई अनियमितता गर्ने, खेलाडीलाई अलपत्र पार्ने तथा मानव तस्करी गर्नेलगायतका गुनासा र उजुरीहरूको संख्या पछिल्लो समयमा वृद्धि भएको हुँदा राष्ट्रिय खेलकुद परिषद्ले आफ्नो वार्षिक क्यालेण्डरमार्फत सहभागी हुनुपर्ने खेल, खेलाडी छनौट मापदण्ड, बुझ्ने वा बुझाउने शुल्क, सहभागिताको तौरतरिका अग्रिम रूपमा जानकारी हुने गरी पारदर्शी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

१४. रक्षा मन्त्रालय

- नेपाली सेना स्वयं संलग्न भई सञ्चालन गर्नैपर्ने विकास निर्माणका कार्यबाहेक नेपाली सेनाबाट बोलपत्र आह्वान गरी तेस्रो संस्था/कम्पनीबाट विकास कार्य गराउने कार्य रोक्ने व्यवस्था मिलाउने,
- नेपाली सेनाबाट हुने रासन खरिदमा अझ बढी पारदर्शिता प्रतिस्पर्धा र गुणस्तर कायम गर्ने,
- सुशासन प्रवर्द्धन गर्नका लागि सेना तथा अन्य कर्मचारीहरूका लागि सञ्चालन गरिने तालिम र अभिमुखीकरणमा सदाचारिता र नैतिकताका विषयलाई समावेश गर्ने,
- सैनिक कल्याणकारी कोषबाट खर्च हुने रकमको पारदर्शिता अपनाई सैनिकहरूको लागि मात्र खर्च हुने व्यवस्था मिलाउने ।

१५. वन तथा वातावरण मन्त्रालय

- सामुदायिक वनको रुपमा डिभिजन वन कार्यालयहरूमा दर्ता भई गठन भएका सामुदायिक वन उपभोक्ता समूहको लेखा, अभिलेख व्यवस्थापन तथा आर्थिक क्रियाकलापहरू व्यवस्थित पार्न वन ऐन, २०७६, वन नियमावली, २०७९, सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि

निर्देशिका, २०७३ तथा सम्बन्धित ऐन कानुनहरूको अक्षरशः परिपालना गर्न आवश्यक व्यवस्था गर्ने,

- सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्ने व्यवस्थाको कार्यान्वयन गर्न गराउन सवडिभिजन वन कार्यालयहरूबाट प्रत्येक सामुदायिक वन उपभोक्ता समूहहरूको नियमित अनुगमन गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहहरूको संस्थागत तथा प्राविधिक क्षमता विकासमा टेवा पुऱ्याउन आवश्यक व्यवस्था मिलाउने,
- सामुदायिक वन उपभोक्ता समूहले वनपैदावरको उपयोग र बिक्रीबाट प्राप्त राजस्व एकद्वार प्रणालीबाट संकलन गरी बाँडफाँट गर्ने,
- सामुदायिक वन क्षेत्रभित्र पर्या-पर्यटन कार्यक्रम सञ्चालन गर्नुपर्दा वन कार्ययोजना स्वीकृत गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने गराउने। साथै आयोजनाहरूले वातावरणीय अध्ययन एवं पूर्णरूपमा जग्गाको भोगाधिकार प्राप्त नगरी वन क्षेत्रभित्र बाटो, मठ-मन्दिर, गुम्बालगायतका भौतिक संरचना निर्माण गर्ने कार्यलाई कडाइका साथ नियन्त्रण गर्ने,
- वनको दिगो व्यवस्थापन गरी वन पैदावारको सहज एवं निरन्तर आपूर्ति तथा राष्ट्रिय अर्थतन्त्रका लागि उल्लेखनीय योगदान पुऱ्याउन आवश्यक व्यवस्था गर्ने,
- वन मुद्दाका कारण वा बेवारिसे अवस्थामा बरामद तथा घाटगद्दीमा मौज्दात काठलाई समयमा नै उचित व्यवस्थापन नगर्दा सरकारी सम्पत्तिको हानि नोक्सानी भइरहेको अवस्थालाई नियन्त्रण गर्न कानुन, कार्यविधिले सम्बोधन गरेबमोजिम शीघ्रतासाथ कार्यान्वयन गर्ने,
- सरकारी वन, सार्वजनिक ऐलानी जग्गा अतिक्रमण गरी बसोबास गर्नेहरूलाई हटाउने तथा सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै वन क्षेत्रको संरक्षणका लागि आवश्यक व्यवस्था गर्ने,
- वन, वन्यजन्तु एवं वातावरणको यथोचित संरक्षण गरी विकास निर्माणका कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउदै वातावरणीय अध्ययन प्रतिवेदनलाई तथ्यपरक एवं गुणस्तरीय पार्दै समयमै स्वीकृत हुने व्यवस्था गर्नका लागि मौजुदा व्यवस्थामा समसामयिक सुधार गर्ने ।

१६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

- सरकारी र सामुदायिक विद्यालयहरूले नेपालको संविधान, शिक्षा ऐन, नियमावली र निःशुल्क शिक्षा सम्बन्धी ऐनविपरीत माध्यमिक तहसम्मका विद्यार्थीहरूबाट भर्ना शुल्क, मासिक शुल्कजस्ता विभिन्न शीर्षकमा शुल्क लिइरहेको भन्ने गुनासो र उजुरीहरू आइरहने हुँदा कानुनविपरीतका शुल्क नलिने व्यवस्था सुनिश्चित गर्ने,
- सहयोगका नाममा रकम लिनुपर्ने अवस्थामा कानुन, कार्यविधि तर्जुमा गरी सहयोग लिने व्यवस्था गर्ने तथा सो रकमको सदुपयोग सुनिश्चित गर्ने,
- सरकारी सामुदायिक विद्यालयको क्षमता विकास र आवश्यक जनशक्ति व्यवस्थापनका लागि नीतिगत व्यवस्था गर्ने,
- शिक्षासम्बन्धी हक र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनमा देखिएका समस्याको दिगो समाधान गर्ने गरी संघीय शिक्षा ऐन र नियमावली तर्जुमा र कार्यान्वयन गर्ने,

- निजी विद्यालयबाट शुल्कको चर्को असुलीका गुनासा सबैतिर रहेको हुँदा स्थानीय तहबाट समेत कार्यान्वयन हुने गरी यस्ता संस्थाहरूको वर्गीकरण पूर्वाधार, विद्यार्थी संख्यालगायतको आधारमा शुल्क निर्धारण गर्ने गरी राष्ट्रिय मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने,
- माध्यमिक तथा उच्चमाध्यमिक तहको विद्यार्थी, रजिष्ट्रेसन नम्बर, शैक्षिक प्रमाणपत्रलगायतका विवरण एकै ठाउँबाट प्राप्त गर्न सकिने एकीकृत तथ्यांक प्रणालीको विकास गर्ने तथा नक्कली शैक्षिक प्रमाणपत्रको जोखिम हटाउन अनलाइनबाट समेत यस्ता प्रमाणपत्रहरू हेर्न, रुजु गर्न मिल्ने व्यवस्था सुनिश्चित गर्ने,
- वैदेशिक अध्ययन अनुमति (No Objection Certificate) प्रदान गर्ने कार्यविधिलाई अनलाइन सेवामार्फत वा सेवाग्राहीको भीड नहुने गरी व्यवस्थापन गर्ने,
- सामुदायिक विद्यालयले खरिद निर्माणसम्बन्धी कार्य गर्दा सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्था पालना गर्ने व्यवस्था सुनिश्चित गर्ने,
- विद्यालय तहको पाठ्यक्रममा भ्रष्टाचार र सुशासनसम्बन्धी विषय समावेश गर्ने तथा निजी क्षेत्र, नागरिक समाज र गैरसरकारी संस्थासँग सहकार्य गरी सुशासन कायम गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने।
- सामुदायिक विद्यालयलाई दिइने विभिन्न प्रकारका अनुदानको उचित उपयोगका लागि पर्याप्त अनुगमनको व्यवस्था मिलाउने ।

१७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

- फ्रि-भिसा फ्रि-टिकटलाई व्यवस्थित गर्न साबिकको मन्त्रालयस्तरीय निर्णयलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै उत्पन्न समस्या एवं उजुरीहरूलाई समयमै सम्बोधन गर्न समयसारिणीसहितको व्यवस्थित कार्यतालिका बनाई थप जनशक्तिको आवश्यकता भएमा नियमानुसार प्रबन्ध गरी फ्रि भिसा फ्रि टिकटको कारणबाट उत्पन्न समस्याको दीर्घकालीन समाधान हुने गरी निराकरण गर्ने,
- सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न लाभग्राहीको मृत्यु भएमा वा लाभ लिन नपाउने अवस्था सिर्जना भएमा घटना दर्ता अद्यावधिक गरी सोको पछिल्लो महिनामा भुक्तानी नहुने व्यवस्था सुनिश्चित गर्ने,
- योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सबै क्षेत्रका श्रमिकको आबद्धता बढाउन आवश्यक प्रबन्ध गर्ने तथा सबै क्षेत्रका श्रमिकहरूले तोकिएको न्यूनतम पारिश्रमिक पाउने अवस्था सुनिश्चित गर्ने,
- वैदेशिक रोजगारलाई थप व्यवस्थित बनाउने, कामदारहरू ठगिन नपाउने अवस्था सुनिश्चित गर्ने र म्यानपावर एजेन्सीहरूलाई थप नियमन गरी व्यवस्थित बनाउने ।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- हिमाल आरोहण खुला, यात्रा अनुमति, पर्यटन दस्तुर, सम्पर्क अधिकृत तोक्ने र प्रमाणपत्र प्रदान गर्ने कार्यलाई पारदर्शी र व्यवस्थित बनाउने,
- सम्पर्क अधिकृत तोक्ने कार्यमा हुन सक्ने आर्थिक चलखेल रोक्न स्पष्ट मापदण्ड बनाई नेपाल सरकारका सबै योग्य कर्मचारीहरूले अवसर पाउने व्यवस्था मिलाउने,
- विमानस्थल निर्माण तथा सञ्चालनका लागि हवाई सेवाको आवश्यकता, चाप, जनसंख्या र स्रोतको सुनिश्चिततालाई समेत ध्यानमा राखी वस्तुनिष्ठ रुपमा सम्भाव्यता अध्ययन गर्ने,

- हवाई दुर्घटना छानबिन समितिका प्रतिवेदनका सिफारिसहरू कार्यान्वयन गर्ने एवं उड्डयन सुरक्षालाई प्राथमिकतामा राखी प्रभावकारी बनाउने,
- ग्राउण्ड ह्याण्डलिङ, क्यासिनो, प्यारागलाइडिङ, तारे होटलहरूको दर्ता तथा सञ्चालन अनुमति/इजाजत, नियमन र व्यवस्थापनलाई पारदर्शी बनाउने,
- मन्त्रालयअन्तर्गतका विभिन्न संगठित संस्था, मठ/मन्दिरहरू आदि सम्पदा/सम्पत्तिको व्यवस्थापन, भेटीसमेतका सबै आम्दानी र खर्चको स्रेस्ता राखी पारदर्शी बनाउने,
- मन्त्रालय र अन्तर्गतका निकायहरूबाट हुने विभिन्न कार्यक्रम, निर्माण, खरिद, सम्झौता, कर्मचारी भर्ना, सरुवा, बढुवा जस्ता कार्यहरूमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न पहल गर्ने,
- विमानस्थलहरू नयाँ निर्माण वा स्तरोन्नति गर्दा यातायातका अन्य माध्यमहरूको उपलव्धता समेत मूल्याङ्कन गरी सञ्चालनमा आउने भएमा मात्र निर्माण वा स्तरोन्नती गर्ने अन्यथा विमानस्थलहरू सञ्चालन हुने सुनिश्चितता नगरी यस्ता कार्य हुन गएमा सम्बन्धित पदाधिकारी नै पूर्ण जिम्मेवार हुने व्यवस्था मिलाउने ।

१९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- २०७४ सालपश्चात कतिपय साबिक गा.वि.स./नगरपालिकाहरूका सम्पूर्ण वडाहरू हालको एउटै पालिकामा नगाभिएका कारण साबिक गा.वि.स./नगरपालिकाहरूबाट सम्पादन भएका कतिपय कार्यहरूको सक्कल आधिकारिक कागजातहरू हाल कहाँ छ भनी यकिन गर्न कठिनाइसमेत हुने गरेकोले साबिक गा.वि.स./नगरपालिकाको कार्य सम्पादन भएका वडा हाल जुन पालिकामा गाभिन गएको छ सोही पालिकामा उक्त अभिलेख कागजातहरू सुरक्षित राख्ने/राख लगाउने,
- नेपाल सरकारबाट तराई मधेश समृद्धि कार्यक्रम जस्ता विपन्न वर्गका लागि आवास निर्माण कार्यको प्रभावकारिता र औचित्यता मूल्यांकन गरी अनुदान उपलब्ध गराउने, घरको न्यूनतम कोठा तथा क्षेत्रफल यकिन गर्न स्पष्ट मापदण्ड बनाउने र सोही आधारमा प्रति घर लागत रकम किटान गरी घर निर्माण वा खरिदका लागि अनुदान उपलब्ध गराउने एवं सोअनुसार कार्यान्वयन भएको सुनिश्चितताका लागि संघीय सरकारबाट समेत अनुगमन गर्ने,
- निजामती अस्पताललाई विशिष्टीकृत अस्पतालको रुपमा विकास गर्ने व्यवस्था मिलाउने र सेवा प्रवाहलाई सर्वसुलभ/शीघ्र बनाउनका लागि कर्मचारीका लागि बिहान र बेलुका सेवा सञ्चालनको व्यवस्था मिलाउने,
- निजामती कर्मचारीले कार्यालय बाहेकको समयमा अध्यापन गर्ने सम्बन्धमा यथाशीघ्र मापदण्ड/कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने,
- स्थानीय तहहरूले समेत सार्वजनिक खरिद नियमावली अनिवार्य रुपमा पालना गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ७४ अविलम्ब संशोधन गर्ने,
- स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत रिक्त भई निमित्त तोक्नु पर्दा निजामती सेवा ऐन, नियमको प्रावधानबमोजिम जेष्ठ कर्मचारीलाई मात्र तोक्ने व्यवस्था मिलाउने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

- आफ्नो सूचना तथा जानकारीमूलक सन्देश वा अन्य विज्ञापनलाई आम जनमानससम्म पहुँच भएका सञ्चार माध्यममार्फत प्रकाशन र प्रसारण गर्दा प्रचलित कानुनको अधीनमा रही निश्चित मापदण्ड वा कार्यविधिबमोजिम मात्र गर्ने गरी सेवा खरिद विधि र पद्धतिमा एकरूपता कायम गर्ने, गराउने,

- प्रत्येक सार्वजनिक निकायबाट निर्माण भएका/गरिएका सफ्टवेयरहरूको विवरण र हालको सञ्चालनको अवस्था तथा अपग्रेड गरेको भए सोको समेत विवरण खुल्ने गरी सबै सफ्टवेयरहरूको केन्द्रीय पोर्टल निर्माण गरी अनिवार्य रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने तथा सार्वजनिक सेवाका सफ्टवेयरहरूको प्रयोग, सुरक्षा र नियन्त्रणको निकायगत परीक्षण गर्ने व्यवस्था मिलाउने,
- इन्टरनेट सेवा प्रदायक सरकारी तथा निजी संस्थाहरूबाट हुन सक्ने कर छलीलाई रोक्ने व्यवस्था मिलाउने,
- दुरसञ्चार सेवा प्रदायकहरूबाट रोयल्टी तथा राजस्वबापतको बक्यौता रकम दाखिला गर्न लगाउने,
- नेपाल टेलिकम, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय सूचना प्रविधि केन्द्र, नेपाल टेलिभिजन, रेडियो नेपालजस्ता प्राविधिक कार्य हुने र ठूलो मात्रामा पटक-पटक एकै प्रकारका सामग्री खरिद गर्नुपर्ने कार्यालयहरूमा PAMS को प्रयोग अनिवार्य रूपमा गर्ने र नेपाल सरकारले अवलम्बन गरेको कार्यविधिअनुरूप खरिद गरिएको सम्पूर्ण उपकरणहरूको Unique Identification झल्कने गरी अभिलेखीकरण गर्ने ।
- नेपाल टेलिभिजनका च्यानलहरू हाल Satellite का अतिरिक्त You Tube, Facebook, OTT लगायत Apps बाट समेत पहुँच पुऱ्याउन सकिने र सोको लागत समेत Satellite का तुलनामा ज्यादै न्यून रहने भएकाले धेरै मुलुकसम्म Coverage पुऱ्याउने भनी ठूलो धनराशि खर्च गरी Satellite प्रविधिलाई मात्र जोड दिइएको सन्दर्भमा सीमित मुलुकमा मात्रै Satellite प्रविधि र अन्य मुलुकमा Web based प्रविधिलाई जोड दिई सेवा सुनिश्चित गरी लागत न्यूनीकरण गर्ने ।

२१. सहरी विकास मन्त्रालय

- निर्माण कार्यलाई प्रभावकारी र एकरुपता कायम गर्न नविनतम् प्रविधिको समुचित प्रयोग हुने गरी अद्यावधिक स्पेसिफिकेसन र नर्म्स तयार गरी नियमानुसार स्वीकृत गराई प्रयोगमा ल्याउने,
- सञ्चालन तथा उपयोगको सुनिश्चितता बिना राज्यकोषमा व्ययभार थपिने गरी अनावश्यक संरचनाहरू निर्माण नै नगर्ने व्यवस्था मिलाउने,
- परामर्श सेवा खरिदमा पूर्वाधार डिजाइन तथा गुरुयोजनाको नाममा हरेक स्थानीय तहमा छुट्टाछुट्टै काम गर्ने, खरिद विधि नै फरक फरक हुने र परामर्शदाताको कार्यक्षेत्र एवं कार्य क्षेत्रगत सर्त (Terms of Reference) स्पष्ट नगरी टुक्रा गरी काम गराउने, नगरपालिका र मन्त्रालयकै विगतका अध्ययनहरूसँग दोहोरोपनासमेतको सम्भावना रहेकाले प्रतिस्पर्धात्मक विधिबाट अत्यावश्यक कामको लागि मात्र परामर्श सेवा खरिद गर्ने,
- परामर्श सेवाबाट प्राप्त अध्ययन प्रतिवेदन, डिजाइन तथा गुरूयोजना तुरुन्त कार्यान्वयनमा जानुपर्ने, तत्काल कार्यान्वयनमा नजाने परामर्श सेवा खरिद सम्झौता नगर्ने,
- भवनहरू निर्माण सम्पन्न भएर प्रयोगमा आउने बित्तिकै चुहिने, चर्किने र अन्य खराबीहरू समेत देखिने गरेकाले निर्माणमा रहेका सबै आयोजनाहरूमा गुणस्तर प्रत्याभूति योजना (Quality Assurance Plan) बनाउने र सोको पूर्ण परिपालना गर्नुपर्ने, निर्माण सम्पन्नताको परीक्षण (Test on Completion) गरेर मात्र कार्य स्वीकार गर्ने,
- सहरी विकास मन्त्रालय र अन्तर्गतका निकायहरूमा स्वीकृत दरबन्दी बिना जथाभावी करार तथा ज्यालादारीमा कर्मचारीहरू भर्ना गर्ने गरेको भनी उजुरी आउने गरेकाले स्थायी दरबन्दीबाट अपुग हुने र अस्थायी/करारमार्फत कर्मचारी भर्ना गर्न स्वीकृत भएको अवस्थामा मात्र यस्ता रिक्त दरबन्दीहरूमा कर्मचारी भर्ना गर्ने,

- Master Plan तयार र स्वीकृत नभई सालबसाली रूपमा बिना ठोस प्रतिफलका आयोजनाहरू कार्यान्वयन नगर्ने,
- आयोजनाको ठेक्का सम्झौतामा कार्यन्वयन गर्न लाग्ने वास्तविक समय निर्धारणको कुनै वैज्ञानिक आधार बिना निर्माण अवधि राख्ने गरिएकाले पनि कतिपय ठेक्काहरू रुग्ण भएको हुँदा त्यस्ता आधार तय गरी निर्माण अवधि निर्धारण गर्ने ।

२२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- सुलभ र शीघ्र स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने व्यवस्थाका लागि अस्पताल, जनशक्ति र पूर्वाधारको वर्गीकरण तथा सूचीकरण गर्ने र सरकारी सहुलियत, उपचार खर्च, अनुदानलगायतका विषयमा कडाइका साथ मापदण्डको पालना गर्ने/गराउने,
- स्वास्थ्यकर्मीहरू कार्यालय समयमा समेत निजी स्वास्थ्य संस्था/पसल/क्लिनिकमा कार्यरत रहेको पाइएकाले यस्तो प्रवृत्तिलाई अन्त्य गर्न आन्तरिक अनुगमन प्रणाली सुदृढ बनाउने,
- स्वास्थ्य उपकरण सम्बन्धमा Push Supply नहुने गरी उपकरण खरिद गर्ने र कुनै कम्पनी लक्षित Specification तयार नगर्ने,
- औषधी व्यवस्था विभागले नेपालमा उत्पादित र आयातित औषधीको गुणस्तरको अनुगमन तथा आयात हुने अत्यावश्यक औषधीको सहज आपूर्तिको व्यवस्था मिलाउने,
- आन्तरिक श्रोत, जनशक्तिको उपलब्धता, सेवा र सुविधाको स्तर र बिरामीको संख्याको आधारमा उपकरण खरिद गर्नुपूर्व नै त्यसको जडान स्थल, सञ्चालन गर्ने जनशक्तिसमेतको सुनिश्चितता गरी सेवा सञ्चालन हुने व्यवस्था गर्ने,
- कोभिड-१९ लगायतका महामारीको समयमा खरिद गरिएका Ventilator, Oxygen Plant लगायतका उपकरणहरूको संरक्षण, संवर्द्धन र हस्तान्तरण समेत गरी उपयोगिता सुनिश्चित गर्ने तथा अस्पतालका उपकरणहरूको नियमित मर्मत सम्भार गरी अविछिन्न सेवा प्रवाहको व्यवस्था मिलाउने,
- अस्पताल, स्वास्थ्य चौकी भवन निर्माण, स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि सङ्घीय/प्रादेशिक सरकारमार्फत स्थानीय तहमा प्रदान गरिने अनुदानहरू बिच प्रभावकारी समन्वय गराई दोहोरापना हुन नदिने,
- अस्पतालमा सञ्चालित फार्मेसीका लागि औषधी खरिद गर्दा पटक पटक सोझै खरिद गर्ने गरिएको पाइएकोले बोलपत्र मार्फत् खरिद गरी औषधीको Expiry Date समेतलाई मध्यनजर गरी लट-लटमा आपूर्ति हुने व्यवस्था मिलाउने,
- शिक्षण अस्पताल तथा अन्य अस्पताललगायतका स्वास्थ्य संस्थाका वेबसाइट चुस्तदुरुस्त तथा अपडेट हुनुको साथै संस्था सम्बन्धित ऐन, कानुन, योजना, नीति, वार्षिक कार्यक्रम तथा बजेटलगायत समिति/बोर्ड बैठकका निर्णयहरू तथा Patient Charter समेत पारदर्शी रुपमा सार्वजनिक गर्ने,
- अस्पतालको सञ्चालन प्रणाली (Hospital Operating System) कार्यान्वयनमा ल्याउने,
- सरकारी तथा निजी अस्पताललगायतका स्वास्थ्य संस्थाको अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने,
- प्रयोगशाला उपकरणहरू खरिद गर्दा परीक्षण तथा Reagent खपतमा शुल्क तय गरी सोही अनुपातमा क्रमिक रुपमा उपकरण आपूर्तिकर्ता/उत्पादकलाई भुक्तानी गर्दै जाने व्यवस्था मिलाउने ।

२३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- प्रदेशबाट सञ्चालन हुने आयोजनाहरूको हकमा तीनै तहबिच समन्वय गरी दोहोरो नपर्ने गरी योजना तर्जुमा गर्ने,
- कृषि विकास अन्तर्गत Hi- Tech नर्सरी निर्माणजस्ता योजना तथा कार्यक्रमका लागि तोकिएको सर्त/मापदण्ड पूरा गरी प्रतिफल दिने र रोजगारीसमेत सिर्जना हुने सुनिश्चित गरी मात्र अनुदान दिने,
- सामुदायिक वन उपभोक्ता समूहबाट बाटो, सिंचाइ कुलो, सामुदायिक वनको भवनजस्ता विकास निर्माणजन्य कार्य गर्दा सार्वजनिक खरिद ऐन/ नियावलीबमोजिम लागत अनुमान तयार गर्ने तथा प्राविधिकबाट मूल्यांकन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्ने,
- सामुदायिक वनले आम्दानी र खर्चको बिल भरपाईहरूको अभिलेख नराख्ने गरेको र आयोगमा वन फँडानीका उजुरीहरू पर्ने गरेकोमा सामुदायिक वनका पदाधिकारीहरूलाई सामुदायिक वन व्यवस्थापनका लागि आवश्यक सचेतना र क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने,
- सामुदायिक वनको रुपमा डिभिजन वन कार्यालयहरूमा दर्ता भई गठन भएका सामुदायिक वन उपभोक्ता समूहको लेखा, अभिलेख व्यवस्थापन तथा आर्थिक क्रियाकलापहरू व्यवस्थित पार्न प्रादेशिक वन ऐन, नियमावलीअनुरुप समूहलाई सशक्तीकरण र नियमन गर्ने,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा भएको व्यवस्थाबमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामका लागि आवश्यक पर्ने नयाँ जनशक्ति प्रदेश लोक सेवा आयोगबाट मात्र पदपूर्ति गर्ने/गराउने,
- यातायात व्यवस्था कार्यालयहरूले सवारी चालक अनुमतिपत्रको ट्रायल परीक्षा सञ्चालन हुने केन्द्रमा परीक्षाका सबै क्षेत्र समेट्ने गरी CCTV जडान गर्ने र न्यूनतम पनि ९० दिनको फुटेज सुरक्षित राख्नुपर्ने मापदण्डको कडाइका साथ कार्यान्वयन गर्ने/गराउने,
- अनुत्पादक क्षेत्रमा वस्तुहरू खरिद गरी वितरण गर्नुको सट्टा उत्पादनमूलक र रोजगारी सिर्जना गर्ने कामहरूमा प्राथमिकता दिने व्यवस्था मिलाउने,
- प्रदेश सरकारले उपभोक्ता समितिमार्फत खरिद कार्य गर्नका लागि आवश्यक कार्यविधि बनाई देहायका विषय समेट्नेः
    - सम्झौताबमोजिम उपभोक्ता समितिबाट व्यहोर्नुपर्ने सहभागिताबापतको रकम अनुपात अनिवार्य तोक्ने र सोको सुनिश्चितता नगरी आयोजना सुरु नगर्ने,
    - उपभोक्ता समितिले सम्झौताबमोजिम काम नगरेको अवस्थामा कानुनी उपचार (जमानत, Retention Money/धरौटी) स्पष्ट व्यवस्था गर्ने,
    - उपभोक्ता समितिबाट पेस हुन आएका बिल भरपाईहरूमा VAT लाग्ने आइटमको समेत भ्याट बिल पेस नहुने गरेको, नक्कली भरपाई/डोर हाजिर बनाई पेस हुने गरेकोमा उपभोक्ता समितिहरूलाई यथार्थ बिलमात्र पेस गर्ने व्यवस्था गर्ने,
    - गुणस्तर परीक्षण प्रतिवेदनहरूमा जिम्मेवार अधिकारीहरूबाट प्रमाणित हुने नगरेको निर्माणको हकमा Lab Test Report हरू Approval बिना बिलसाथ संलग्न मात्रै हुने गरेकोमा अनिवार्य रुपमा जिम्मेवार अधिकारीबाट प्रमाणित हुने व्यवस्था गर्नुपर्ने,
    - सामान्यतया तयारी अवस्थाका लगायत त्रुटि सच्याउने प्रक्रियाबाट उपयोगमा ल्याउने प्रकृतिका काम उपभोक्ता समितिबाट नगराउने एवं निर्माण कार्यमा मेसिनरीको प्रयोगलाई व्यावहारिक रूपमै निरुत्साहित गर्ने,

- कानुनबमोजिम उपभोक्ता समितिले गर्न पाउने काम मात्र उनीहरूबाट गराउने व्यवस्था कडाईका साथ लागू गर्ने ।

- संघीय मन्त्रालयहरूलाई दिइएका मन्त्रालयगत तथा अन्य सुझावहरू प्रदेश मन्त्रालयहरूसँग समेत सम्बन्धित र सान्दर्भिक हुने हुँदा प्रदेश मन्त्रालयहरूले पनि सोहीबमोजिम कार्यान्वयन गर्ने।

२४. **स्थानीय तह**

- स्थानीय तहले स्थानीय माग र आवश्यकताको आधारमा बजेट तथा कार्यक्रम तर्जुमालगायत योजनाको पहिचान, छनौट, कार्यान्वयन र अनुगमनका सम्बन्धमा स्पष्ट कानुन/कार्यविधि बनाई कार्य गर्ने गराउने,
- सार्वजनिक खरिद ऐन/नियमसँग सामञ्जस्य हुने गरी सबै स्थानीय तहले लागत अनुमान र स्फेसिफिकेसन, म्याद थप र भेरिएसन स्वीकृतलगायतका विषय व्यवस्थापनका लागि खरिद नियमावली तयार गरी सोहीअनुसार मात्र कार्य गर्ने गराउने,
- उपभोक्ता समिति तथा टोल सुधार समितिहरूमार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई नियमसंगत बनाउन समिति गठनको कार्यविधिसमेत तर्जुमा गरी समितिका पदाधिकारीहरूलाई जवाफदेही र उत्तरदायी बनाउने,
- स्थानीय तहहरूले स्वीकृत संगठन संरचना तथा दरबन्दी भन्दा बढी कर्मचारीहरू करारमा राख्ने गरेको र अनावश्यक पदहरू (निजी सहायक, सल्लाहकारलगायत) सिर्जना गरी कर्मचारी भर्ना गरेको देखिएकाले स्वीकृत संगठन संरचना तथा दरबन्दीअनुसार मात्र कर्मचारीहरू राख्ने,
- करारमा कर्मचारी राख्ने प्रक्रियालाई व्यवस्थित, पारदर्शी, वस्तुनिष्ठ र योग्यता प्रणालीमा आधारित बनाउन करारमा कर्मचारी भर्नासम्बन्धी कार्यविधि/मापदण्ड बनाएर लागू गर्ने,
- विभिन्न योजना वा ठेक्काहरूमा भेरिएसन आदेश स्वीकृत गर्दा प्रचलित कानुनको परिपालना गर्ने गराउने गरी प्रत्येक योजना वा ठेक्काको लागि छुट्टाछुट्टै भेरिएसन आदेश स्वीकृत गर्ने गराउने,
- उपभोक्ता समितिबाट निर्माण हुने कार्यहरूमा श्रमिकले रकम नपाई ठगिने गरेको धेरै उजुरीहरू दर्ता हुने गरेको देखिएकाले श्रमिकले पाउने पारिश्रमिक अनिवार्य रुपमा बैंकिङ प्रणालीमार्फत भुक्तानी हुने व्यवस्था गर्ने,
- सामुदायिक विद्यालयहरूको लेखा प्रणालीलाई एकीकृत Software पद्धतिको विकास गरी उपयोग गरी गराई अभिलेखांकन गर्ने तथा बजेट शीर्षकका आधारमा आम्दानी र खर्च गर्ने परिपाटी मिलाउने। विद्यालयको अन्तिम लेखा परीक्षण सरकारी संयन्त्रबाट मात्र हुने व्यवस्था मिलाउने,
- विद्यालय संरचना निर्माणमा प्रचलित सार्वजनिक खरिदका प्रक्रिया/विधि अवलम्बन गर्ने गराउने, सोझै विद्यालयको खातामा रकम जम्मे गर्ने गरी बजेट बिनियोजन नगर्ने ।
- सहकारी, संघसंस्था र विद्यालयमा अनुदानमार्फत सार्वजनिक खरिदको कार्य गर्दा कानुनबमोजिम लागत अनुमान, अनुगमन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदनबमोजिम मात्र अन्तिम भुक्तानी गर्ने, यसका लागि उक्त संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने,
- मचान/भ्यू टावरको निर्माण गर्दा सम्बन्धित विषयविज्ञसमेतको संलग्नतामा उक्त संरचनाको औचित्य, आवश्यकता र लाभ लागतसमेत विश्लेषण गरी अति आवश्यक देखेमा मात्र निर्माण कार्य गर्ने,
- स्थानीय तहमार्फत हुने विकास निर्माणको काममा प्रयोग हुने निर्माण सामग्रीको अनिवार्य रुपमा मान्यता प्राप्त ल्याबबाट गुणस्तर परिक्षण गर्ने व्यवस्था मिलाउने,

- अनुदान वितरणको कार्यलाई प्रभावकारी बनाउन उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा मात्र वितरण गर्ने गरी संघ र प्रदेश सरकारबाट जारी भएका अनुदानसम्बन्धी कार्यविधि/मापदण्डसँग सामञ्जस्य हुने गरी अनुदान वितरण र व्यवस्थापन सम्बन्धी कार्यविधि बनाएर मात्र अनुदान वितरणको कार्य गर्ने,
- बैठक, इन्धन, कार्यक्रमलगायतका चालु खर्चमा नियन्त्रण गर्न तथा श्रोतको कुशलतापूर्वक परिचालनमार्फत मितव्ययिता कायम गर्न कार्यसञ्चालनसम्बन्धी निर्देशिका बनाई कार्यान्वयन गर्ने,
- प्रदेश लोक सेवा आयोगको परामर्शका आधारमा निष्पक्षता, विश्वसनीयता र पारदर्शिता कायम गर्न कार्यरत कर्मचारीको स्तरवृद्धि गर्ने,
- जथाभावी रकमान्तर हुने र पुँजीगत शीर्षकबाट चालुमा रकमान्तर हुने गरेको पाइएकाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था (बजेटमा पुँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालुमा रकमान्तर गर्न नपाइने) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था (कार्यपालिकाले वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चिस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने) पूर्ण रूपमा कार्यान्वयन गर्ने,
- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को ठेक्का, राजस्व संकलन तथा उपभोगमा अनिवार्य रुपमा वातावरणीय परीक्षण (प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन) गरेर मात्र पारदर्शी रुपमा प्रतिस्पर्धा गराई ठेक्का लगाउने व्यवस्था मिलाउने तथा आवश्यकता र औचित्य बिना नै कानुन बनाएर कुनै पनि प्रकारको कर/राजस्व छुट मिनाहा दिने व्यवस्थालाई निरुत्साहन गर्ने ।

परिच्छेद- ६
आयोगको रणनीति र आगामी कार्यदिशा

६.१ पृष्ठभूमि

नेपालको संविधानको भाग २१, धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने जिम्मेवारी आयोगलाई सुम्पेको छ । नेपालको संविधानको धारा ५१ (ख) को राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिको खण्ड (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने तथा धारा ५१ (ट) को न्याय र दण्ड व्यवस्थासम्बन्धी नीतिको खण्ड (३) मा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति रहेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचार मानिने कसुर, कसुरको दायरा र उक्त कसुर गरेमा हुने सजाय तथा अनुसन्धान, तहकिकात र अभियोजनसम्बन्धी व्यवस्था गरेको छ । चालु योजनाले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतासहित सदाचारयुक्त समाज निर्माण गर्ने, भ्रष्टाचारविरुद्ध चेतनामूलक, निरोधात्मक एवं दण्डात्मक कामकारबाहीलाई प्रभावकारी बनाउने, सार्वजनिक सेवालाई जवाफदेही एवं पारदर्शी बनाउने र सार्वजनिक, निजी, गैरसरकारी, सहकारी तथा बैंकिङ क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजी क्षेत्रको सेवालाई गुणस्तरीय एवं सेवामूलक बनाउने लगायतका भ्रष्टाचार नियन्त्रणमार्फत सुशासन प्रवर्द्धनसम्बन्धी रणनीतिहरू लिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालको संविधान तथा भ्रष्टाचारसम्बन्धी कानुनले प्रदान गरेको जिम्मेवारी, भ्रष्टाचारविरुद्ध राज्यले अवलम्बन गरेको नीति, चालु आवधिक योजनाको सोच र रणनीतिलगायत अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेतका आधारमा आफ्नो, रणनीति, कार्यदिशा र कार्यक्रम तय गरी कार्यसम्पादन गर्दै आइरहेको छ ।

संघीय संसदद्वारा भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को अनुमोदन भई भ्रष्टाचारविरुद्धको विश्वव्यापी प्रतिबद्धताप्रतिको ऐक्यबद्धता र वैश्विक सहकार्यलाई आत्मसात गरिएको छ । उक्त महासन्धिको कार्यान्वयनको लागि नेपालले राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ र उक्त कार्ययोजनामा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र जिम्मेवारीलाई समेत उल्लेख गरिएको छ। भ्रष्टाचार नियन्त्रणसम्बन्धी उल्लिखित व्यवस्थाहरूबाट आयोगलाई उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासको रणनीति अवलम्बनका लागि कार्यदिशा र मार्गदिशा प्राप्त भएको छ।

६.२ आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१)

संविधान, ऐन, कानुनद्वारा प्रदत्त जिम्मेवारीलाई आयोगले जनताको अपेक्षाअनुसार प्रभावकारी ढंगले पूरा गर्नका लागि संस्थागत प्राथमिकतासहित विगतमा तयार गरिएका रणनीतिको समीक्षा, सम्बद्ध निकायसँगको सहकार्य, सार्वजनिक निकाय, सरोकारवाला तथा विज्ञ समूहको पृष्ठपोषणसमेतका आधारमा संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन गरिरहेको छ। संस्थागत रणनीतिक योजनामार्फत आयोगले भ्रष्टाचारका नवीन एवं परिवर्तित प्रवृत्तिमाथि नियन्त्रण, भ्रष्टाचार नियन्त्रणप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता साथै सार्वजनिक निकायहरूको संस्थागत सुधारका विविध पक्षहरूलाई समेत सम्बोधन गर्ने अपेक्षा लिएको छ। भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण भन्ने विषयलाई संस्थागत रणनीतिक योजनाको दूरदृष्टिको रूपमा राखी राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल र सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिका लागि रणनीति, नीति, कार्यनीति एवं कार्यान्वयन योजना निर्धारण गरिएका छन्। मूलतः यस रणनीतिक योजनामार्फत निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र संस्थागत सुदृढीकरणमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने उद्देश्य लिइएको छ ।

क. उपचारात्मक रणनीति : आयोगद्वारा भ्रष्टाचारजन्य कार्यको वास्तविक पहिचान, अनुसन्धान र अभियोजनमा विशेष महत्व दिइएको छ। यसअन्तर्गत आधुनिक प्रविधिको प्रयोग, भ्रष्टाचारमा निगरानी, भ्रष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचनाको व्यवस्थापन तथा इन्टेलिजेन्स संयन्त्रको सुदृढीकरण र भ्रष्टाचारसम्बन्धी उजुरीहरूको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन कार्यलाई वस्तुपरक, भरपर्दो एवं प्रभावकारी तुल्याउने नीति अवलम्बन गरिएको छ । उजुरीहरूको छानबिन र अनुसन्धान कार्यलाई सुदृढ तुल्याउन र भ्रष्टाचारजन्य कार्यको अनुसन्धानसँग सम्बन्धित दस्तावेजको सुरक्षा तथा अभिलेखीकरणका लागि प्रविधिको अधिकतम उपयोग गर्ने, अनुसन्धान र अभियोजनमा निष्पक्षता, प्रभावकारिता र एकरूपताका लागि अदालतका नजिरको विश्लेषणका अतिरिक्त अध्ययन अनुसन्धान गर्ने, भ्रष्टाचारका सम्भावित क्षेत्र पहिचान एवं विकास आयोजनाहरूको कार्य सम्पादनको अध्ययन तथा अनुसन्धान गरी भ्रष्टाचारजन्य कार्यको रोकथामका उपायहरू अवलम्बन गर्ने, आयोगका कार्यालयहरूबिच सूचना सञ्जालको विकास गर्ने, आयोगको वेबसाइटमा सूचनादाता र उजुरीकर्ताको पहुँच अभिवृद्धि गर्ने तथा आयोग र भ्रष्टाचार नियन्त्रणसम्बद्ध निकायहरूबिच सूचना सञ्जालको विकास गर्ने, आयोगको उजुरी छानबिन र वर्गीकरणका आधार तथा मापदण्ड तयार गरी उजुरीउपर निश्चित समयभित्र अनुसन्धान गर्दै उच्च जोखिमयुक्त र ठूला भ्रष्टाचारजन्य कार्यहरूलाई प्राथमिकतामा राखी अनुसन्धान र तहकिकात गर्ने कार्यनीतिहरू अवलम्बन गरिएको छ ।

ख. निरोधात्मक रणनीति : भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध सबै पक्षहरूलाई जिम्मेवार बनाउन कानुनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं समुचित परिचालन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । जसका लागि विभिन्न निकायहरूसँग समन्वय, साझेदारी तथा सहकार्यमा महत्व दिई सम्बद्ध निकायहरूलाई भ्रष्टाचार न्यूनीकरणका विधि तथा उपायहरू अवलम्बन गर्न प्रोत्साहन, भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनी सुधार, भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना परिमार्जन एवं सार्वजनिक सेवा प्रवाहसम्बन्धी निकायका पदाधिकारीहरूको आचारसंहिताको तर्जुमा र कार्यान्वयनमा विशेष जोड दिइएको छ । सार्वजनिक सेवा प्रवाह, सार्वजनिक निर्माणका ठेक्का तथा खर्च प्रक्रियालगायत प्रशासकीय विधि तथा आवधिक/वार्षिक

योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सुधारका लागि पहलकदमी लिने, भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र पहिचान गरी आयोजना तथा कार्यालयहरूमा निगरानी राख्ने, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, सञ्जालीकरण गर्ने र साझेदारी प्रवर्द्धन गर्दै नवीन ज्ञान र सीप तथा व्यावहारिक अभ्यासहरूलाई अंगीकार गर्ने कार्यनीति लिइएको छ ।

ग. **प्रवर्द्धनात्मक रणनीति :** आयोगद्वारा यस नीतिअन्तर्गत सरोकारवाला पक्षहरूका बिचमा समन्वय, सञ्जाल, ऐक्यबद्धता र चेतना अभिवृद्धि गर्ने कार्यलाई आत्मसात गरिएको छ । यसअन्तर्गत भ्रष्टाचारविरुद्ध विभिन्न पक्षको सहभागिता र प्रतिबद्धता अभिवृद्धि गर्न आवश्यक भएकाले सम्बद्ध पक्षको अभिमुखीकरणका साथै विभिन्न सरोकारवाला निकायबिच संजालीकरणको विकास गर्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गरी भ्रष्टाचारप्रति असहिष्णु विचार तथा प्रवृत्तिलाई सबल तुल्याउने, सदाचारयुक्त व्यवहार र कार्यप्रणाली आत्मसात गर्न प्रोत्साहित गर्ने र यसका लागि सूचना, शिक्षा तथा सञ्चार सामग्रीको तयारी र वितरण गर्ने एवं उपलब्ध प्रचारप्रसारका माध्यमहरूको अधिकाधिक उपयोग गर्ने तथा सामाजिक अभियान सञ्चालन गर्ने कार्यमा विशेष महत्त्व दिइएको छ ।


घ. **आयोगको संस्थागत क्षमता विकास रणनीति :** आयोगद्वारा यस रणनीतिअन्तर्गत संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धिको कार्यलाई बढावा दिइएको छ । यसअन्तर्गत सूचना प्रविधिको उपयोगलाई भरपूर उपयोग गरी स्वचालित कार्यालय सञ्चालन प्रणाली कार्यान्वयन, डिजिटल उपकरणको प्रतिफलमुखी प्रयोग, संगठनात्मक संरचनालाई समयानुकूल सुदृढीकरण, सूचना तथा अभिलेख प्रणाली सुदृढीकरण, भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता विकास एवं अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणाली सुदृढीकरणमा जोड दिइएको छ । भ्रष्टाचार न्यूनीकरण गर्न पहलकदमी लिने सन्दर्भमा आयोगले आफ्नो कानुनी तथा संस्थागत दायरा फराकिलो बनाई भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले व्यवस्था गरेका अवसर र दायित्व पूरा गर्न राष्ट्रिय कानुनलाई समयानुकूल परिमार्जनसहित कार्यान्वयनमा ल्याउन पहल गर्ने कार्यनीति आत्मसात गरिएको छ ।

यस संस्थागत रणनीतिको कार्यान्वयन योजनाले कानुन तथा कार्यप्रणालीमा सुधार, पूर्वाधार तथा क्षमता विकास एवं सञ्चार तथा अनुसन्धानमूलक कार्यहरूलाई प्राथमिकतामा राखेर अगाडि बढेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐन संशोधनका विषयलाई कानुनी सुधारको विषयले आत्मसात गरेको साथै आवश्यक कार्यविधिहरूको तर्जुमा र परिमार्जन तथा कार्यप्रणाली सुधारतर्फ एकीकृत अभिलेख प्रणाली र स्वचालित कार्यालय सञ्चालन प्रणालीको स्थापनामा जोड दिइएको छ । कार्यालय भवन, इन्जिनियरिङ ल्याब, थुनुवा घर र बयान कक्ष निर्माणका कार्यहरूलाई पूर्वाधार विकासको विषयले समेटेको एवं अभिमुखीकरण, विशिष्टीकृत तालिम, वैदेशिक तालिम र अन्तर्राष्ट्रिय सभा सम्मेलनमा सहभागितामा महत्व दिने विषयलाई क्षमता विकासले प्राथमिकताका साथ अगाडि बढाएको छ। डकुमेन्ट्री/श्रव्यदृश्य सामग्री निर्माण र प्रसारणलगायत टेलिभिजन कार्यक्रम तथा सूचना सम्प्रेषणका कार्यक्रम कार्यान्वयनमा प्रभावकारी सञ्चारको विषयले महत्व दिएको छ। अदालतबाट भएका भ्रष्टाचारसम्बन्धी फैसलाको विश्लेषण, भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनको विश्लेषण, भ्रष्टाचारको जोखिम विश्लेषण, सुशासन परीक्षण एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षणलगायतका अध्ययन/अनुसन्धानका कार्यहरूलाई अध्ययन/अनुसन्धानले महत्वका साथ अगाडि बढाएको

छ। यस आर्थिक बर्षमा यो रणनीतिक योजनाको अन्तिम वर्ष भएकाले यसको समग्र समीक्षा गर्दै अर्को पाँच वर्षका लागि नयाँ रणनीतिक योजनाको खाका तयार गर्ने कार्य सुरु गरिएको छ ।

समग्रमा आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) लाई देहायबमोजिमको चित्रमा प्रस्तुत गरिएको छ।

चित्र ६.१: आयोगको संस्थागत रणनीतिक योजना : दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा नीतिहरू



६.३ आयोगको आगामी कार्यदिशा

आयोगले मौजुदा संस्थागत रणनीतिक योजनामा उल्लिखित नीति, रणनीति, कार्यनीति र मुख्य गतिविधिलाई आधार मानी आगामी कार्यदिशा तय गरेको छ । योजनामा क्षमता विकास, सूचना प्रविधि तथा व्यवस्थापन, कानुनी तथा प्रक्रियागत सुधार, सञ्चार तथा ज्ञान हस्तान्तरण, पूर्वाधार निर्माण, प्रतिवेदन तथा अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्यांकन गतिविधिहरू समावेश छन्। आयोगले अनुसन्धान र अभियोजन कार्यमा ध्यान केन्द्रित गर्दै र अन्य निकायहरूसँग समन्वय अभिवृद्धि गर्दै आवश्यक समायोजनसहित यी विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लक्ष्य राखेको छ। आयोगले विगतको अनुभवको आधारमा नयाँ र परिष्कृत रणनीतिक योजनाको खाका तयार गर्दै आगामी दिनहरूमा संविधान र ऐनले दिएका जिम्मेवारीलाई थप प्रभावकारी रुपमा बहन गर्नेछ ।

आगामी दिनमा आयोगले निम्न रणनीतिहरू अवलम्बन गर्नेछ : -

१ आयोगमा दर्ता भएका पुराना उजुरीहरूलाई अभियानको रूपमा फछ्यौंट गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। आयोगबाट निर्णय भएका उजुरीका संलग्न महत्वपूर्ण कागजातहरू संस्थागत स्मरणका लागि प्रविधिको उपयोगमार्फत अभिलेखीकरण गरिनेछ ।

२ अनुसन्धान र अभियोजन प्रणालीलाई वैज्ञानिक, वस्तुनिष्ठ, व्यावहारिक र कानुनसंगत बनाउनका लागि अदालतबाट भएका विभिन्न फैसलासमेतलाई आधार लिई आवश्यक सुधार गरिनेछ ।

३ उजुरीको अनुसन्धानको सिलसिलामा स्थलगत निरीक्षण/नापजाँच गर्दा अनुगमन निरीक्षण टोलीले उपयोग गर्ने गरी इन्जिनियरिङ ल्याब र आयोगबाट भ्रष्टाचारको जोखिम बढी हुने क्षेत्र, व्यक्ति र पदको सूक्ष्म निगरानीका लागि इन्टेलिजेन्स ल्याब तथा ल्याबजन्य उपकरणहरूको प्रयोग बढाउनुका साथै अद्यावधिकसमेत गरिनेछ ।

४ आयोगको काम कारबाहीलाई समयानुकूल बनाउन, संविधान तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप नेपालबाट गरिएका प्रतिबद्धताहरू कार्यान्वयन गर्ने गरी आवश्यक कानुन संशोधनका लागि सम्बन्धित निकायमा समन्वय गरिनेछ । साथै मौजुदा कार्यविधि, मापदण्ड र निर्देशिकाहरूमा समेत आवश्यक संशोधन गरिनेछ।

५ विशेष प्रकृतिको उजुरीको अनुसन्धान गर्ने सन्दर्भमा अनुसन्धान अधिकृतको विषय विज्ञता र कार्यबोझको आधारमा अनुसन्धान अधिकृतहरूको रोष्टर तयार पारिनेछ । यसरी रोष्टरबाट स्वार्थको द्वन्द्व नहुने गरी अनुसन्धान कार्यलाई अगाडि बढाइनेछ ।

६ आयोगले सूचना प्रविधिको उपयोगलाई समयानुकूल बनाउन गर्दै गरेको कार्यलाई थप वैज्ञानिक, व्यवस्थित र प्रभावकारी बनाई कागजरहित शासनको अवधारणा कार्यान्वयन गर्दै लगिनेछ । सूचना प्रणाली (OAS) मार्फत सबै अनुसन्धान अधिकृतहरूले गरेको काम कारबाहीको अनुगमनसमेत गर्दै अनुसन्धानमा शीघ्रता ल्याइनेछ ।

७ तत्काल अनुसन्धान नगर्दा दशी, प्रमाण नष्ट हुने सम्भावना उच्च रहने उजुरीहरूको अनुसन्धान, फिल्ड नापजाँच, निरीक्षण वा अनुगमन तथा स्थलगत मुचुल्का तयार गर्नुपर्ने उजुरीहरूको प्राथमिकीकरण गरी यस्ता उजुरीहरूको अनुसन्धानमा शीघ्रता कायम गरिनेछ ।

८ उजुरीको अनुसन्धान गर्दा समन्वयका बाबजुद कुनै पनि निकायका सक्कल कागजात माग्ने वा जफत गर्ने नगरिएको तर आयोगको बहानामा काम नगर्ने संस्कृति अन्त्य गर्न यसरी विकास निर्माणका क्रियाकलापहरू निर्वाध सञ्चालन गर्ने वातावरणका लागि सञ्चालन गरिने सबै किसिमका प्रवर्द्धनात्मक क्रियाकलापमार्फत सचेतना अभिवृद्धि गरिनेछ ।

९ हाल अभ्यासमा रहेको कर्मचारीहरूको कार्यसम्पादन प्रोत्साहन मापदण्डलाई आयोगको कार्यसँग सामाञ्जस्य गर्दै नतिजामूलक बनाउन आवश्यक संशोधन गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

१० आयोग र मातहतका कार्यालयहरूमा इन्जिनियरिङ ल्याब सञ्चालनका लागि न्यूनतम जनशक्ति, तालिम र उपकरणको व्यवस्था गरिनेछ । आयोगमा परेका उजुरीहरूको जटिलता बोध गरी विभिन्न विषयका विषय विशेषज्ञहरूलाई विशिष्ट प्रकृतिका उजुरीको अनुसन्धानका लागि विशेषज्ञको सेवासमेत लिइनेछ ।

११ वार्षिक बजेट तथा कार्यक्रमबमोजिमका प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दा भ्रष्टाचारको जोखिम, उजुरीको संख्या, कार्यक्रमको प्रभावकारिता, औचित्यता पुष्टि हुने गरी मापदण्ड स्वीकृत गरी कार्य गरिनेछ । यसरी कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारको मितव्ययितासम्बन्धी निर्देशनसमेत पालना गरिनेछ ।

१२ आयोग र मातहतका कुनै पनि कार्यालयमा शून्य बेरुजु रहेकोमा सार्वजनिक प्रशासनमा उदाहरणीय बन्दै नेतृत्वदायी भूमिका निर्वाह गर्न आगामी दिनमा समेत बजेट सदुपयोग, अभिलेखीकरण एवं लेखापालन कार्यलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३ आयोगमा पर्ने उजुरीहरूको आधारमा निरोधात्मक कार्यक्रमअन्तर्गत विभिन्न निकाय, संघ, संगठनसँग योजनाबद्ध तरिकाले छलफल, अन्तर्क्रिया जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१४ आयोग र मातहतका कार्यालयमा कामको प्रकृति, उजुरीको चाप, कार्यक्षेत्र, मौजुदा जनशक्तिलगायतका विषयहरूलाई ध्यानमा राख्दै आयोगको आवश्यकता, प्राथमिकता र औचित्यका आधारसमेत पुष्टि हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।

१५ आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरू सुशासनका संवाहक तथा भ्रष्टाचारविरोधी राजदूतसमेत हुने हुँदा आयोगमा रहँदा आचारसंहिताको कडाइका साथ पालना गर्ने तथा आयोगमा आफ्नो जिम्मेवारी बहन गरी सरुवा, बढुवा भई अन्यत्र जाँदासमेत सच्चरित्र कायम राख्ने विषयमा प्रशिक्षण दिइनेछ ।

१६ भ्रष्टाचारको बदलिंदो स्वरूप र प्रकृतिसँग जुँध्ने गरी आयोगको स्वरूप, संरचना, पद्धति तथा समयानुकूल आयोगको अनुसन्धान र अभियोजन पद्धतिलाई परिमार्जन गर्न सिफारिस गर्ने गरी आयोगमा अनुसन्धान र विकास इकाई (R&D Unit) गठन गरी सञ्चालनमा ल्याइनेछ ।

१७ आयोगको अधिकार प्रत्यायोजन गरिएका प्रमुख जिल्ला अधिकारीहरूसँग कानुनबमोजिम अनुसन्धान गर्ने सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्दै उजुरीको छानबिन र अनुसन्धानको प्रक्रियामा जिल्ला प्रशासन कार्यालयहरूको मौजुदा भूमिकामा स्तरोन्नति गरिनेछ।

१८ विशेषज्ञता र अनुसन्धान कौशल बढाउन कर्मचारीहरूलाई समयोचित तालिम र अभिमुखीकरण प्रदान गरिनेछ। त्यसैगरी अनुसन्धान विधि, प्रक्रिया र पद्धतिमा निरन्तर सुधार गर्न, मनोबल बढाउन एवं तनाव व्यवस्थापन गर्न आवश्यक अन्य प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१९ आयोगले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पालना गर्न आफ्नो विद्यमान कार्ययोजनाको कार्यान्वयनको समीक्षा गरी आफ्ना कार्य-जिम्मेवारीहरूलाई प्राथमिकता दिई सुधारका लागि अतिरिक्त कार्यहरू गर्नेछ ।

२० भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजनमा ज्ञान, सीप, अनुभव, प्रविधि र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरूको सदुपयोग गरी संगठनात्मक संरचनालाई निरन्तर सुधार गरिनेछ ।

२१ आयोगको अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणालीलाई नतिजा प्रणालीसँग जोडेर समयसापेक्ष सुधार गरिनेछ।

२२ विभिन्न भेटघाट, लेखरचना तथा अन्तर्वार्तामार्फत पूर्व पदाधिकारी, विज्ञ, नागरिक समाज र सञ्चारकर्मीबाट प्राप्त सुझाव र प्रतिक्रियासमेतलाई विचार र मनन गरी कार्यान्वयनयोग्य सुझावहरूलाई प्राथमिकताका साथ आवश्यक कार्यान्वयन गरिनेछ ।

२३ विभिन्न समयमा विभिन्न माध्यमबाट आयोगले नेपाल सरकार र विभिन्न निकायहरूलाई दिने गरेको सुझावको कार्यान्वयन अवस्था अध्ययन र विश्लेषण गरी आगामी दिनमा निरोधात्मक रणनीतिलाई सफल, सघन र वैज्ञानिक बनाउन कार्यान्वयनको अवस्थाको उचित सुधार गरिनेछ ।

२४ भ्रष्टाचार नियन्त्रणमा अन्य सार्वजनिक संघ-संस्था, अनुगमन निकाय, नियामक निकाय, अभियोजनकारी निकाय र नागरिक समाजसँग प्रभावकारी समन्वय र साझेदारी कायम गरिनेछ।

२५ ठूला राष्ट्रिय आयोजना, भ्रष्टाचारको उच्च जोखिम भएका आयोजना तथा कार्यालयहरूमा भ्रष्टाचार हुन नदिन तथा संस्थागत सुशासन कायम गर्न निरन्तर अध्ययन र अनुसन्धान गरिनेछ । भ्रष्टाचार र अनियमितता रोकथाम र नियन्त्रणका उपायहरू अवलम्बन गर्न समयमै कार्यसम्पन्न गरी सञ्चालनमा आएका सफल विकास आयोजनाहरूको तुलनात्मक अध्ययन र भ्रष्टाचार जोखिमहरूको पहिचान गरिनेछ। साथै यसरी अध्ययन अनुसन्धानबाट देखिएको वस्तुस्थितिमा सुधारका लागि सम्बन्धित निकाय र नेपाल सरकारलाई सुझाव सिफारिस गरिनेछ ।

२६ भन्सार, कर, उद्योग, वाणिज्य, अध्यागमन, कार्गो, श्रम, यातायात, मालपोत, जिल्ला प्रशासन जस्ता भ्रष्टाचारको उच्च जोखिममा रहेका क्षेत्रमा सेवा प्रवाहलाई थप नागरिकमैत्री बनाउन आयोगबाट विशेष अनुगमनलाई निरन्तरता दिइनेछ।

२७ भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनको नैतिक जिम्मेवारी सबै सार्वजनिक निकायले लिने गरी समन्वय र सहकार्यमा आवश्यक प्रचारात्मक, प्रवर्द्धनात्मक र सचेतनामूलक कार्यक्रम, गोष्ठी, सेमिनार र अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२८ आयोगका गतिविधिलाई अनुसन्धानमा आधारित बनाउन र भ्रष्टाचारका मूल कारणहरू पहिचान गरी त्यसको निवारणका लागि आधारभूत मानक स्थापना गर्न विश्वविद्यालय, अध्ययन प्रतिष्ठान र अनुसन्धानमा संलग्न संस्थानहरूसँग सहकार्य गरिनेछ। भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनको प्रयासमा गर्नुपर्ने सुधारका सम्बन्धमा विश्वविद्यालयका शोधार्थीहरूका लागि शोधवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९ भ्रष्टाचारको माध्यमबाट अवैध सम्पत्ति आर्जनलाई रोक्न, भ्रष्टाचारप्रतिको सामाजिक धारणा परिवर्तन गर्न, भ्रष्टाचार गर्नै हुँदैन भन्ने धारणा विकास गर्न र नैतिक आचरण एवं सुशासन प्रवर्द्धन गर्न शिक्षा र सञ्चार सामग्रीको प्रयोगमार्फत सचेतना कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गरिनेछ ।

